# तेह्रौं योजना

(आर्थिक वर्ष २०७०/७१–२०७२/७३)

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौँ

२०७१ असार

# राष्ट्रिय योजना आयोग

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री सुशील कोइराला | अध्यक्ष |
| प्रा.डा. गोविन्दराज पोखरेल | उपाध्यक्ष |
| श्री लीलामणि पौडेल, मुख्य सचिव, नेपाल सरकार | सदस्य |
| प्रा.डा. गोविन्द नेपाल | सदस्य |
| डा. यज्ञबहादुर कार्की | सदस्य |
| डा. चन्द्रमणि अधिकारी | सदस्य |
| डा. भारतेन्दु मिश्र | सदस्य |
| डा. प्रेमप्रसाद दङ्गाल | सदस्य |
| डा. स्वर्णिम वाग्ले | सदस्य |
| डा. विमला राई पौडेल | सदस्य |
| श्री युवराज भुसाल, सचिव, अर्थ मन्त्रालय | सदस्य |
| डा. सोमलाल सुवेदी | सदस्य–सचिव |

# Abbreviations

| | |
|---|---|
| ABBS | Any Branch Banking System |
| AMP | Aid Management Platform |
| CFL | Cyber Forensic Lab |
| DTAA | Double Taxation Avoidance Agreement |
| EG | E-payment Gateway |
| EMS | Express Mail Service |
| EVI | Economic Vulnerability Index |
| GCI | Government Cloud Infrastructure |
| GEA | Government Enterprises Architecture |
| GI | Geographical Indications |
| GIF | Government Inter-operability Framework |
| GNSS | Global Navigation Satellite Station |
| GPS | Global Positioning System |
| HAI | Human Assets Index |
| HARCC | Health Altitude Research Coordination Center |
| IPC | Integrated Phase Classification |
| IPR | Intellectual Property Rights |
| ITERC | Information Technology Emergency Response Center |
| PKI | Public Key Infrastructure |
| RDC | Root Data Center |
| SAARC | South Asian Association for Regional Cooperation |
| TMC | Threat Monitoring Center |
| UNCAC | United Nations Convention Against Corruption |

# विषयसूची

## परिच्छेद : १
## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | त्रिवर्षीय योजना (आर्थिक वर्ष २०६७/६८-२०६९/७०) को संक्षिप्त समीक्षा | २ |
| | १.२.१ आर्थिक वृद्धि | ३ |
| | १.२.२ समष्टिगत आर्थिक क्षेत्र | ४ |
| १.३ | सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा | ११ |
| १.४ | विकास प्रक्रियामा विद्यमान चुनौती तथा अवसरहरू | १८ |


## परिच्छेद : २
## तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३)


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | २० |
| २.२ | दीर्घकालीन सोच | २० |
| २.३ | उद्देश्य | २० |
| २.४ | लक्ष्य | २० |
| २.५ | रणनीति | २१ |
| २.६ | प्राथमिकता | २३ |
| २.७ | आर्थिक वृद्धि दरको लक्ष्य र स्रोत साधनको व्यवस्था | २३ |
| | २.७.१ आर्थिक वृद्धि दर | २३ |
| | २.७.२ साधन स्रोत बाँडफाँडको आधार | २६ |
| | २.७.३ पूँजी लगानी तथा सीमान्त पूँजी उत्पादन अनुपात | २७ |
| | २.७.४ सरकारी वजेट तथा सरकारी खर्च बेहोर्ने स्रोतहरू | २८ |
| | २.७.५ लगानीवाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव | ३० |
| २.८ | विकासमा विभिन्न क्षेत्रको भूमिका | ३१ |
| | २.८.१ सार्वजनिक क्षेत्र | ३२ |
| | २.८.२ स्थानीय निकाय | ३३ |
| | २.८.३ निजी क्षेत्र | ३३ |
| | २.८.४ सहकारी क्षेत्र | ३४ |
| | २.८.५ गैरसरकारी क्षेत्र | ३५ |


## परिच्छेद : ३
## समष्टिगत आर्थिक नीतिहरु


| | | |
|---|---|---|
| ३.१ | बचत | ३६ |
| ३.२ | सरकारी वित्त | ३८ |
| | ३.२.१ राजस्व | ३८ |
| | ३.२.२ सार्वजनिक खर्च | ४२ |
| | ३.२.३ सार्वजनिक ऋण | ४४ |
| | ३.२.४ वैदेशिक सहायता | ४६ |

३.३ अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध ४८
३.४ वैदेशिक प्रत्यक्ष लगानी ५०
३.५ मौद्रिक नीति ५३
३.५.१ मुद्रा तथा बैंकिङ ५३
३.५.२ कर्जा ५६
३.६ बीमा ५९
३.७ पूँजी बजार ६२
३.८ सार्वजनिक संस्थान ६४
३.९ मूल्य नीति ६७
३.१० विदेशी विनिमय तथा शोधनान्तर ६९
३.११ निजी क्षेत्र ७२
३.१२ सहकारी क्षेत्र ७४

**परिच्छेद : ४**

**क्षेत्रगत विकास नीतिहरु**

४.१ कृषि, सिँचाइ, भूमिसुधार तथा वन ७९
४.१.१ कृषि ७९
४.१.२ सिँचाइ ९२
४.१.३ भूमिसुधार तथा व्यवस्था ९८
४.१.४ खाद्य सुरक्षा तथा पोषण १०३
४.१.५ वन तथा भू-संरक्षण १०६
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ११५
४.२.१ उद्योग ११५
४.२.२ वाणिज्य ११९
४.२.३ आपूर्ति १२४
४.२.४ पर्यटन १२८
४.३ सामाजिक विकास १३३
४.३.१ जनसङ्ख्या १३३
४.३.२ शिक्षा १३५
४.३.३ स्वास्थ्य तथा पोषण १४२
४.३.४ खानेपानी तथा सरसफाइ १४७
४.३.५ संस्कृति १५२
४.३.६ सामाजिक सुरक्षा तथा संरक्षण १५५
४.३.६.१ सामाजिक सुरक्षा १५५
४.३.६.२ ज्येष्ठ नागरिक १५९
४.३.६.३ अपाङ्गता भएका व्यक्तिहरू १६२
४.३.६.४ बालबालिका तथा किशोरकिशोरी १६५
४.४ युवा विकास १६९
४.५ खेलकुद विकास १७२

## परिच्छद : ५
## पूर्वाधार विकास नीतिहरु


| | | |
|---|---|---|
| ५.१ | ऊर्जा | १७५ |
| | ५.१.१ जलविद्युत | १७५ |
| | ५.१.२ नवीकरणीय तथा अन्य ऊर्जा | १८१ |
| ५.२ | यातायात | १८७ |
| | ५.२.१ सडक | १८७ |
| | ५.२.२ हवाई यातायात | १९२ |
| | ५.२.३ रेल तथा अन्य यातायात | १९६ |
| ५.३ | सूचना तथा सञ्चार | १९९ |
| ५.४ | भवन, आवास तथा शहरी विभाग | २०५ |
| | ५.४.१ भवन तथा आवास | २०५ |
| | ५.४.२ शहरी विकास | २०८ |
| ५.५ | स्थानीय पूर्वाधार | २१२ |


## परिच्छेद : ६
## अन्तर सम्बन्धित विकास नीतिहरु


| | | |
|---|---|---|
| ६.१ | गरिबी  निवारण | २१९ |
| ६.२ | मानव संसाधन विकास | २२३ |
| ६.३ | श्रम तथा रोजगारी | २२५ |
| ६.४ | सन्तुलित क्षेत्रीय विकास | २३१ |
| | ६.४.१ सङ्घीयता, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन | २३१ |
| | ६.४.२ प्रादेशिक सन्तुलन | २४० |
| ६.५ | वातावरण तथा जलवायु परिवर्तन | २४३ |
| ६.६ | विपद् व्यवस्थापन | २४९ |
| ६.७ | जल उत्पन्न प्रकोप नियन्त्रण | २५३ |
| ६.८ | विज्ञान सूचना तथा प्रविधि | २५८ |
| | ६.८.१ विज्ञान तथा प्रविधि | २५८ |
| | ६.८.२ सूचना प्रविधि | २६१ |
| ६.९ | लैङ्गिक समानता, समावेशीकरण र मूलप्रवाहीकरण | २६५ |
| | ६.९.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण | २६५ |
| | ६.९.२ समावेशीकरण | २७० |
| ६.१० | सामुदायिक तथा गैरसरकारी संस्थाहरू | २७५ |

## परिच्छेद : ७
## शान्ति, सुशासन तथा मूलप्रवाहीकरण नीतिहरु


| | | |
|---|---|---|
| ७.१ | शान्ति, पुनःनिर्माण तथा पुनःस्थापना | २८१ |
| ७.२ | प्रशासकीय सुशासन | २८४ |
| ७.३ | न्याय व्यवस्था | २८८ |
| ७.४ | वित्तीय सुशासन | २९१ |
| ७.५ | भ्रष्टाचार नियन्त्रण | २९३ |
| ७.६ | नागरिक सहभागिता | २९७ |
| ७.७ | सुरक्षा व्यवस्था | २९९ |
| ७.८ | यातायात व्यवस्था | ३०२ |
| ७.९ | स्वयंसेवक सेवा | ३०६ |
| ७.१० | मानव अधिकार संरक्षण | ३०८ |
| | ७.१०.१ मानव अधिकार | ३०८ |
| | ७.१०.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण | ३११ |


## परिच्छेद : ८
## योजनाप्रक्रिया, तथ्याङ्कीय प्रणाली एवं अनुसन्धान नीतिहरु


| | | |
|---|---|---|
| ८.१ | योजना तर्जुमा | ३१५ |
| ८.२ | योजना कार्यान्वयन | ३१७ |
| ८.३ | अनुगमन तथा मूल्याङ्कन | ३१९ |
| ८.४ | तथ्याङ्कीय प्रणाली | ३२३ |
| ८.५ | अनुसन्धान तथा विकास | ३२७ |

**परिच्छेद : १**

# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको क्रममा वि.सं.२०१३ सालदेखि हालसम्म नौवटा पञ्चवर्षीय योजना तथा तीनवटा त्रिवर्षीय योजना कार्यान्वयन भइसकेका छन् । गत त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) को अवधि २०७० असार मसान्तमा समाप्त भई तेह्रौं योजना कार्यान्वयनमा आएको छ ।

विगतका योजनाहरूमा समयानुकूल विषयहरू प्राथमिकतामा पर्दै आएका छन् । आठौं योजनादेखि आर्थिक उदारीकरणको नीति अवलम्बन गरी निजी क्षेत्रको विकास र गरिबी घटाउने मुद्दालाई महत्त्व दिइयो । त्यसपछिका योजनाहरूमा दिगो, फराकिलो र समावेशी आर्थिक समुन्नतीलाई मुख्य उद्देश्य राखि कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । विगत २० वर्षको अवधिमा गरिबीको रेखामुनि रहेको जनसंख्याको अनुपात ४२ प्रतिशतबाट २३.८ प्रतिशतमा झरेको छ ।

नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता अनुरूप सहस्राब्दी विकासका लक्ष्यहरू हासिल गर्ने र सन् २०२२ सम्ममा राष्ट्रसंघद्वारा परिभाषित "अतिकम विकसित" मुलुकको दर्जाबाट स्तरोन्नति गर्ने आकांक्षाकासाथ यो तेह्रौं योजना तयार गरिएको छ । यसले दीर्घकालमा नेपाललाई मध्य आय भएको विकासशील राष्ट्रहरूको समूहमा पुऱ्याउन मार्ग प्रशस्त गर्ने प्रकृतिका उद्देश्य, लक्ष्य, रणनीतिहरू र प्राथमिकता तय गरेको छ ।

गतिहीन आर्थिक वृद्धिको दुश्चक्र तोड्न राजनीतिक स्थिरतासँगसँगै विकासको अभियानमा दीर्घकालीन राष्ट्रिय सम्मति (national consensus) आवश्यक छ । विगत चार दशकको अवधिमा औसत २ देखि ५ प्रतिशतको वृद्धिलाई ७ देखि १० प्रतिशत पुऱ्याउन उपयुक्त नीतिगत संरचना र प्रचुर लगानीको वातावरण सृजना गर्नुपर्ने चुनौती छ । मुख्यत: पूर्वाधारमा राष्ट्रिय लगानीको प्रभावकारिता बढाउँदै निजी क्षेत्रमैत्री ऐन, कानुन र नियमनहरूमा व्यापक सुधार गरी हरेक नेपालीको श्रम, सीप, पूँजी र ऊर्जालाई उद्यम व्यवसायमा केन्द्रित गर्न जरुरी छ । दोस्रो विश्वयुद्धपछि छोटो समयमा नै मुलुकलाई कायाकल्प गर्न सकेका केही पूर्वी एसियाली मुलुकहरूको अनुकरण गर्ने हो भने पनि उनीहरूले जस्तै दुई तीन दशकसम्म सात प्रतिशतभन्दा बढीको आर्थिक वृद्धिको महत्त्वाकांक्षासहित अघि बढ्नुपर्ने हुन्छ ।

मुलुकका सम्भावनायुक्त क्षेत्रहरूबारे धेरै नेपालीलाई ज्ञान र जानकारी छ । यस कुरामा नेपालीहरू अनभिज्ञ छैनन् । नेपालसँग जैविक तथा सांस्कृतिक रूपमा सम्पन्न अद्वितीय भूदृश्य छ । यसबाट नेपाललाई विश्वकै अग्रणी पर्यटकीय गन्तव्य बनाउन सकिन्छ । दीर्घकालमा हाम्रा ऊर्जाका आवश्यकताहरू स्वच्छ, प्रदूषणरहित, आन्तरिक जलस्रोतबाटै परिपूर्ति हुन सक्दछ । तराई मधेसका उर्वर भूमि र हिमाल पहाडका विविध प्राकृतिक वासस्थलहरूको बलमा कृषिको व्यापक व्यावसायीकरण गर्न सकिन्छ । वर्तमानमा भने ऊर्जाको आपूर्ति सुलभ बनाउन जलविद्युत पूर्वाधार निर्माणलाई थप प्राथमिकतामा राख्नु

पर्दछ । त्यस्तै कृषिमा उत्पादकत्व अभिवृद्धि गर्ने, शिक्षा तथा स्वास्थ्यको पहुँच तथा गुणस्तर सुधार्ने, सुशासनको प्रत्याभूति गर्ने, मानव अधिकार संरक्षण गर्ने, यातायात तथा अन्य पूर्वाधारहरूको व्यापक विकास गर्ने, पर्यटन प्रवर्द्धनद्वारा अर्थतन्त्रलाई गतिशील बनाउने, औद्योगिकीकरणद्वारा आत्मनिर्भरता बढाउने, निर्यात वृद्धि गर्ने तथा प्राकृतिक स्रोत साधनहरू उपयोग गर्दा वातावरणमैत्री कार्य पद्धति र व्यवहारमा ध्यान दिनेजस्ता विषयलाई योजना प्रक्रियामा प्राथमिकतासाथ समेट्नुपर्ने भएको छ । यसरी उच्च आर्थिक वृद्धिसँगसँगै सन्तुलित र समावेशी विकास, जलवायु परिवर्तन र नेपालमा त्यसबाट पर्ने असरको विषय तथा हरित अर्थतन्त्रको अवधारणा ग्रहण गर्नुपर्ने अवस्थाले योजनाबद्ध विकास कार्यलाई थप चुनौतीपूर्ण बनाएको छ ।

ऊर्जा, कृषि र पर्यटनसँगसँगै नेपालको भौगोलिक अवस्थितिको पनि आफ्नै सम्भावना छन् । दुई छिमेकी राष्ट्र भारत र चीनको उच्च आर्थिक विकासबाट नेपालले थप लाभ लिनसक्ने नयाँ ऐतिहासिक अवसर प्राप्त भएको छ । उदीयमान बजारहरूसँगको सामीप्यले भूपरिवेष्टीकरणले हामीलाई पुऱ्याएको अतिरिक्त लागतको आंशिक निराकरण गर्नेछ । यो विषय किन पनि महत्त्वपूर्ण छ भने नेपाल जस्ता भूपरिवेष्टित पहाडी राष्ट्रहरूलाई विश्वबजारसम्म पुऱ्याउने जलमार्ग वा जलमार्गमा आश्रित भारी उद्योगहरूमा प्रतिस्पर्द्धा गर्न कठिन हुने गरेको छ । यस अवस्थामा नेपालले भौतिक ओसारपसार गर्नु नपर्ने दूरसञ्चार, हवाई यातायात, वित्तीय मध्यस्थताजस्ता आधुनिक सेवा क्षेत्रहरूमा ठूलो फड्को मार्न सके ज्ञानमा आधारित नयाँ उद्योगहरू जन्मने र परम्परागत उत्पादनमूलक उद्योगहरूको क्षमता पनि अभिवृद्धि हुने आशा राख्न सकिन्छ ।

## १.२ त्रिवर्षीय योजना (आर्थिक वर्ष २०६७/६८–२०६९/७०) को संक्षिप्त समीक्षा

(समष्टिगत आर्थिक नीति बाहेक अन्य परिच्छेदहरू र क्षेत्रगत विषयहरूको संक्षिप्त समीक्षा सहितको अद्यावधिक स्थिति सम्बन्धित परिच्छेदहरूमा उल्लेख गरिएको छ ।)

सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्यहरू तथा अति कम विकसित मुलुकहरूको उत्थान कार्ययोजना अनुरूपका लक्ष्यहरू प्राप्त गर्न सम्मानजनक र लाभजन्य रोजगारी सृजना गर्ने, आर्थिक असमानता घटाउने, क्षेत्रीय सन्तुलन हासिल गर्ने, सामाजिक समावेशीकरण बढाउँदै आम नेपालीको जीवनस्तरमा सुधार ल्याउने र दिगो आर्थिक वृद्धिमार्फत् योजनाको अन्त्यसम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत २१ मा झार्ने लक्ष्यसहित यो योजना प्रारम्भ गरिएको थियो । योजनाले तय गरेको उक्त लक्ष्य प्राप्त गर्नका लागि रोजगारी केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक वृद्धि हासिल गर्दै गरिबी निवारण र दिगो शान्ति स्थापना गर्ने प्रमुख उद्देश्य लिइएको थियो ।

योजनाले लिएका यी प्रमुख उद्देश्य प्राप्तिका लागि मुख्यत: देहायबमोजिमका ६ वटा रणनीतिहरू अंगीकार गरिएको थियो ।

१. सरकारी, निजी र सामुदायिक/सहकारी सबै क्षेत्रको संयुक्त प्रयासमा रोजगारीमूलक तथा गरिबी निवरण उन्मुख दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।

२. देशको भावी संघीय स्वरूपलाई टेवा पुऱ्याउने र प्रादेशिक आर्थिक वृद्धि समेतलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार तयार गर्ने ।

३. दिगो शान्ति हासिल गर्न समावेशी तथा समन्यायिक विकासलाई जोड दिने ।

४. आर्थिक सामाजिक सेवा सुदृढ गरी राज्यको आर्थिक सामाजिक रूपान्तरणमा सघाउ पुऱ्याउने ।

५. सुशासनको प्रत्याभूति गरेर सेवा प्रवाहलाई प्रभावकारी तुल्याउँदै विकास कार्यलाई नतिजामुखी बनाउने ।

६. निजी तथा सामुदायिक/सहकारी क्षेत्रको विकास र औद्योगीकरण, व्यापार तथा सेवा क्षेत्रलाई राष्ट्रिय विकासको प्रयासमा मूलप्रवाहीकरण गरी आर्थिक वृद्धि र स्थायित्व सुदृढ गर्ने ।

योजनाले प्राथमिकताप्राप्त भनी राखेका क्षेत्रहरूमा भौतिक तथा सामाजिक पूर्वाधारको सन्तुलित विकास, कृषि, पर्यटन, उद्योग, निर्यात व्यापार, रोजगारी सृजना, उपेक्षित समुदायको समावेशीकरण, अत्यावश्यक सेवाहरू (खानेपानी, ऊर्जा, सडक, सञ्चार, खाद्य सुरक्षा, औषधोपचार) को उपलब्धता र निरन्तरता, सुशासन अभिवृद्धि कार्यहरू, वातावरण संरक्षण र जलवायु परिवर्तनका विषय तथा आम जनतालाई प्रत्यक्ष राहत दिने कार्यक्रम र आयोजनाहरूलाई समावेश गरिएको थियो ।

### १.२.१ आर्थिक वृद्धि

यस योजनाले समष्टिगत आर्थिक वृद्धि दर वार्षिक औसत ५.५ प्रतिशत प्रक्षेपण गरेको थियो । यस अन्तर्गत कृषि क्षेत्रको वृद्धि दर ३.९ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धि दर ६.४ प्रतिशत हुने अनुमान थियो तर योजना अवधिमा समष्टिगत आर्थिक वृद्धि दर आधारभूत मूल्यमा वार्षिक औसत ४.० प्रतिशत मात्र भयो । यसमध्ये कृषि क्षेत्रतर्फ ३.४ प्रतिशत र गैरकृषितर्फ ४.२ प्रतिशत वृद्धि भएको छ ।

**तालिका १.१ त्रिवर्षीय योजनाको परिमाणात्मक लक्ष्य तथा उपलब्धि**

(प्रतिशतमा)

| विवरण | २०६६/६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य | उपलब्धि | | | |
|---|---|---|---|---|---|---|
| | | | ०६७/६८ | ०६८/६९ | २०६९/७० | औसत वृद्धि |
| आर्थिक वृद्धि दर | ४.३ | ५.५ | ३.८ | ४.६ | ३.५ | ४.० |
| कृषि क्षेत्रको वृद्धि दर | २.० | ३.९ | ४.५ | ४.६ | १.१ | ३.४ |
| गैरकृषि क्षेत्रको वृद्धि दर | ५.४ | ६.४ | ३.६ | ४.५ | ४.६ | ४.२ |
| गरिबीको रेखामुनि रहेको जनसंख्या | २५.४ | २१.० | २५.२ | २४.४ | २३.८ | ०.५* |
| रोजगारी वृद्धि दर | ३.० | ३.६ | २.९ | २.९ | २.९ | २.९ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, *वार्षिक औसत गरिबी घटेको प्रतिशत अंक ।

आर्थिक वृद्धि दरमा खासगरी कृषि क्षेत्रमा योजना अवधिको पहिलो दुई वर्ष अनुकूल मौसम र अन्य उत्पादन अनुकूल वातावरणले गर्दा अपेक्षाअनुरूप नै लक्ष्य हासिल भए पनि अन्तिम वर्ष रासायनिक मलको अभाव, मौसमको प्रतिकूलता र समयमै पूर्ण बजेट आउन नसक्नाले अपेक्षित वृद्धि हुन सकेन । गैरकृषि क्षेत्रतर्फ वित्तीय मध्यस्थतामा भएको न्यून वृद्धि एवं अन्तिम वर्षको ऋणात्मक वृद्धि, थोक तथा खुद्रा व्यापारमा रहेको न्यून वृद्धि, घर जग्गा वहाल तथा व्यापारिक क्रियाकलापमा देखिएको सुस्तता, निर्माण क्षेत्रमा विद्यमान शिथिलताका साथै स्वास्थ्य क्षेत्रमा समेत निर्धारित उपलब्धि हासिल हुन नसक्दा अपेक्षित वृद्धिको लक्ष्य प्राप्त हुन सकेन ।

## १.२.२ समष्टिगत आर्थिक क्षेत्र

**बचत**

कुल गार्हस्थ बचत कुल गार्हस्थ उत्पादनको तुलनामा ११.२ प्रतिशत पुग्ने लक्ष्य तय गरिएकोमा पहिलो वर्ष लक्ष्य अनुसारको प्रगति हासिल भए तापनि पछिल्ला दुई वर्ष भने यो लक्ष्य प्राप्त हुन सकेन । उक्त अनुपात आर्थिक वर्ष २०६७/६८ मा १४ प्रतिशत रहेता पनि आर्थिक वर्ष २०६९/७० मा १०.१ प्रतिशतमा सीमित हुन पुगेको छ । यसो हुनुमा मुख्य रूपमा उपभोगमा वृद्धि हुनु, सेयर, डिबेन्चर, सरकारी ऋणपत्र लगायतका वित्तीय उपकरणहरूको अपेक्षित स्तरमा विस्तार हुन नसक्नु, मुलुकका दुर्गम तथा ग्रामीण भेगमा अझै पनि पर्याप्त वित्तीय पहुँच पुऱ्याउन नसक्नु, बचत गर्ने बानीमा विकास हुन नसक्नु, बचतका लागि उत्प्रेरित गर्न सक्ने संस्थागत क्षमताको विकास हुन नसक्नु आदि कारणहरू जिम्मेवार देखिन्छन । त्यसैगरी गत त्रिवर्षीय योजनाको आधार वर्ष २०६६/६७ मा कुल गार्हस्थ उत्पादनको ३५.९ प्रतिशत रहेको कुल राष्ट्रिय बचत योजनाको अन्तिम वर्ष २०६९/७० का लागि तय गरिएको ४१.१ प्रतिशत लक्ष्यको तुलनामा ४०.३ प्रतिशत कायम हुन सक्यो ।

### राजस्व

योजनाले औसत वार्षिक राजस्व वृद्धिको लक्ष्य १५.७ प्रतिशत राखेकोमा आर्थिक वर्ष २०६७/६८ मा ११.५ प्रतिशतले बढेको राजस्व त्यस पछिका दुई वर्षमा क्रमशः २३.२ र २१.१ प्रतिशतले वृद्धि भई लक्ष्य भन्दा बढीको प्रगति हासिल हुन सक्यो । योजनाको पहिलो आर्थिक वर्ष २०६७/६८ मा कुल राजस्वको योगदान कुल गार्हस्थ उत्पादनमा १४.५ प्रतिशत रहेकोमा योजनाको अन्तिम आर्थिक वर्ष २०६९/७० मा यो अनुपात १७.३ प्रतिशत पुऱ्याउने लक्ष्यको तुलनामा १७.५ प्रतिशत पुग्न सफल भएको छ ।

### सार्वजनिक खर्च

योजनाको आधार वर्षमा कुल खर्च कुल गार्हस्थ उत्पादनको २१.७६ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष २०६९/७० मा २१ प्रतिशत रहन गयो । योजना अवधिमा कुल सरकारी खर्च आर्थिक वर्ष २०६६/६७ को स्थिर मूल्यमा रू.१० खर्ब २० अर्ब हुने लक्ष्य रहेकोमा रू.८ खर्ब २८ अर्ब मात्र खर्च हुन गएको छ । कुल खर्चको ५७ प्रतिशतभन्दा बढी अंश रहेको चालू खर्च आर्थिक वर्ष २०६६/६७ को स्थिर मूल्यमा रू.५ खर्ब ८४ अर्ब हुने लक्ष्यको तुलनामा रू.५ खर्ब ८७ अर्ब खर्च हुन गएको छ । त्यसै गरी पूँजीगत खर्च तर्फ आर्थिक वर्ष २०६६/६७ को स्थिर मूल्यमा रू.३ खर्ब ६४ अर्ब हुने लक्ष्यको तुलनामा केवल रू.१ खर्ब २८ अर्ब मात्र खर्च हुन सकेको छ । साँवा भुक्तानीतर्फ लक्ष्यभन्दा ५८ प्रतिशतले बढी भई रू.१ खर्व १३ अर्ब खर्च भएको छ । योजना अवधि भित्रका वार्षिक बजेट तथा कार्यक्रम समयमा नै प्रस्तुत हुन नसकेको कारण पूँजीगत खर्चमा संकुचन हुन गएको थियो ।

### सार्वजनिक ऋण

आर्थिक वर्ष २०६६/६७ सम्म कुल तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ३१.९ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष २०६९/७० मा यो अनुपात ३२.७ प्रतिशत पुगेको छ । योजना अवधिमा आन्तरिक ऋण कुल गार्हस्थ उत्पादनको २.२ प्रतिशतमा सीमित राख्ने लक्ष्य रहेकोमा योजना अवधिको अन्तिम वर्षमा १.१ प्रतिशत रहन गएको छ।

### वैदेशिक सहायता

त्रिवर्षीय योजनाको अन्तिम वर्षको २०७० असार मसान्तसम्ममा रू.३ खर्ब २८ अर्व सहयोगका लागि सम्झौता सम्पन्न भएको छ । त्यसमध्ये रू.१ खर्ब ७५ अर्ब ५७ करोड अनुदानतर्फ रहेको छ भने रू.१ खर्ब ५३ अर्ब २५ करोड ऋणतर्फ रहेको छ । सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमा समावेश गराउन जोड दिइएको छ । गैरसरकारी संस्थालाई प्राप्त हुने वैदेशिक सहयोगको परिचालन राष्ट्रिय प्राथमिकता र नीतिअनुरूप तुल्याउन र पारदर्शिता बढाउन अन्तर्राष्ट्रिय सहायता सूचना प्रणालीमा आवद्ध गराउने प्रयास भइरहेको छ ।

**प्रत्यक्ष वैदेशिक लगानी**

यस योजना अवधिमा रू.३७ अर्ब १३ करोड बराबरको वैदेशिक लगानी गर्ने गरी विभिन्न ७५३ वटा आयोजनाहरूले सञ्चालनका लागि स्वीकृति लिएका छन् । त्यस्ता आयोजनाहरूबाट करिब ३६ हजार रोजगारी सृजना हुने अनुमान गरिएकोछ । दक्षिण एसियाका छिमेकी मुलुकहरूसँगको तुलनामा हाम्रो उपलब्धि न्यून रहेता पनि विगतको योजनाअवधिका तुलनामा यस अवधिको प्रगति सुधारोन्मुख रहेको छ । वैदेशिक लगानी आकर्षित गर्ने ध्येयकासाथ लगानी बोर्डको स्थापनाका साथै त्यस्ता लगानीकर्ताहरूको संरक्षणका लागि थप मुलुकहरूसँग लगानी संरक्षण एवं प्रवर्द्धन सम्झौता र दोहोरो कर मुक्ती सम्झौताका कार्यहरू सम्पन्न भएका छन् ।

**मुद्रा तथा बैकिङ**

योजना अवधिमा विस्तृत मुद्रा प्रदायको औसत वार्षिक वृद्धि दर १८.३ प्रतिशत रहने लक्ष्य राखिएकोमा औसत १७.० प्रतिशतले बढेको छ । त्यसैगरी, कुल आन्तरिक कर्जा औसतमा २० प्रतिशतले र निजी क्षेत्रमा जाने कर्जा औसतमा २२.३ प्रतिशतले बढ्ने अनुमान गरिएकोमा योजना अवधिमा कुल आन्तरिक कर्जा १३.६ प्रतिशत र निजी क्षेत्रको कर्जा १५.१ प्रतिशतले मात्र बढेको छ । त्यसैगरी आधार वर्षमा बैंक तथा वित्तीय संस्थाहरूको बचत परिचालन रू.७२९.१ अर्ब रहेकोमा योजनाको पहिलो, दोस्रो र तेस्रो वर्षमा क्रमशः १२.९ प्रतिशत, २२.९ प्रतिशत र १७.४ प्रतिशलले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जाको अनुपात योजनाको आधार वर्षमा २.९ प्रतिशत रहेकोमा २०६९ असारमा  वृद्धि भई ३.८ प्रतिशत कायम भयो ।

विगतमा झैं यस योजना अवधिमा पनि खुला बजार कारोबारलाई मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा उपयोग गर्दै मौद्रिक उद्देश्य हासिल गर्ने क्रममा सरकारी ऋणपत्रहरूको प्राथमिक र दोस्रो बजारको कारोबारले निरन्तरता पायो । त्यसैगरी, बैंक दर योजनाको सुरुमा ६.५ प्रतिशत रहेकोमा तत्कालीन अवस्थामा बैंकिङ क्षेत्रमा रहेको अधिक तरलतालाई सम्बोधन गर्न योजनाको दोस्रो वर्षमा ७ प्रतिशत पुऱ्याइयो । बैंक दरको उपयोगलाई थप प्रभावकारी बनाउने उद्देश्यले यसलाई पुनःपरिभाषित गरी योजनाको तेस्रो वर्षमा ८ प्रतिशत बनाइयो ।

बैंक तथा वित्तीय संस्थाहरूको पूँजी को आधार बढाई वित्तीय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्न-गाभिन उत्प्रेरित गर्ने नीति अनुरूप योजना अवधिमा ४३ बैंक तथा वित्तीय संस्थाहरू गाभिएर १८ बैंक तथा वित्तीय संस्थाहरू बनेका छन् ।

एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ्गले सन् २०११ देखि नेपाललाई विशेष अनुगमन प्रक्रियामा राखेकोमा यस  अवधिमा हासिल गरिएका नीतिगत, संस्थागत तथा व्यावहारिक कार्यान्वयन सम्बन्धी प्रगतिका आधारमा सन् २०१३ को जुलाई पछि सामान्य अनुगमन प्रक्रियामा राख्ने निर्णय गरेको थियो । यस निर्णयबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय छविमा स्तरोन्नति भएको छ ।

## कर्जा तथा लघुवित्त

त्रिवर्षीय योजनाको पहिलो र दोस्रो वर्षमा कृषि र जलविद्युतको लागि पुनर्कर्जा दर ६.५ प्रतिशत र तोकिएका अन्य उत्पादनशील क्षेत्रको लागि ७ प्रतिशत कायम गरिएकोमा योजनाको तेस्रो वर्षमा उक्त दरहरू घटाई ६ प्रतिशतको एकल पुनरकर्जा दर कायम गरिएको थियो । दुग्ध तथा मासुजन्य व्यवसायको प्रवर्द्धनमार्फत् भूमि भएका र नभएका दुबैथरी किसानहरूको लागि रोजगारी र आय-आर्जनको अवसर सृजना गर्न पशुपंक्षी तथा मत्स्यपालन व्यवसायका लागि समेत उपर्युक्त अनुसारको पुनरकर्जा उपलब्ध गराउने व्यवस्था मिलाईएको थियो । त्यसैगरी योजनाको अन्तसम्ममा रूग्ण उद्योग, घरेलु तथा साना उद्योग, निर्यातमूलक व्यवसाय र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गमा प्रवाह गरिने विशेष पुनरकर्जा दरहरूमा भने विगतको १.५ प्रतिशतको दर यथावत् कायम गरी यस्तो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि प्रक्रियागत सरलीकरण गरियो ।

विपन्न वर्गमा कर्जाको पहुँच बढाई आय-आर्जन र रोजगारीको अवसर सृजना गर्ने उद्देश्यले योजनाको तेस्रो वर्षमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले विपन्न वर्गमा लगानी गर्नुपर्ने कर्जा अनुपात क्रमशः ४ प्रतिशत, ३.५ प्रतिशत र ३ प्रतिशत कायम गरी यस्तो अनुपात तीन वर्षसम्म प्रत्येक वर्ष ०.५ प्रतिशत विन्दुले बढाउदै जानुपर्ने नीति लिइएको थियो ।

माध्यमिक तथा उच्च माध्यमिक तह सरहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन, महिलाहरूद्वारा सञ्चालित लघुउद्यम, सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रले न्यूनतम ५० प्रतिशत वा सो भन्दा माथि लगानी गर्ने ५०० किलोवाट क्षमतासम्मको लघु जलविद्युत आयोजना, ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा सहकारी संस्थामार्फत् निर्माण हुने सिँचाई प्रणाली, ग्रामीण क्षेत्रमा तोकिएका कृषि औजार खरिद, तोकिएका मापदण्ड पूरा गरेका ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक अस्पताल, किसानद्वारा अन्नबाली संरक्षणार्थ स्थापना गरिने शीतभण्डार जस्ता क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित तोकिएको रकमसम्मको कर्जालाई विपन्नवर्ग कर्जामा गणना गर्ने व्यवस्थाले निरन्तरता पाएको छ ।

योजना अवधिमा समूहमा आबद्ध भएका ऋणी सदस्यहरूलाई बैंक तथा वित्तीय संस्थाहरूमार्फत् लघुउद्यम वा लघुव्यवसाय सञ्चालन गर्न सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा क्रमशः वृद्धि गरी प्रति समूह सदस्य रू.१ लाखसम्म र स्वीकारयोग्य धितोमा प्रदान गरिने कर्जाको हकमा रू.३ लाखसम्म लघुकर्जा प्रदान गर्न सकिने भएको छ । यस्तो कर्जा प्रवाह गर्दा "घ" वर्गका वित्तीय संस्थाहरूले कुल कर्जाको एक तिहाइसम्म धितो लिई लघुकर्जा प्रवाह गर्न सकिने व्यवस्थाले निरन्तरता पाएको छ । वित्तीय पहुँच एवं वित्तीय समावेशीकरण अभिवृद्धि गर्ने उद्देश्यले वित्तीय पहुँच न्यून रहेका क्षेत्रहरूमा "घ" वर्गको वित्तीय संस्था खोल्न विशेष प्राथमिकता दिइएको छ । सबै प्रकारका वित्तीय संस्थाहरूको ग्रामीण क्षेत्रमा पहुँच अभिवृद्धि गर्न सञ्चालन खर्च कम हुने मोबाइल बैंकिङ तथा शाखारहित बैंकिङलगायत आधुनिक प्रविधिका बैंकिङ सेवालाई प्रोत्साहन गर्ने नीति अवलम्बन भएको छ ।

## बीमा

बीमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको समग्र मूल्यांकन गरी प्राप्त नतिजाको आधारमा बिस्तृत कार्य योजना बनाई बीमाको स्तर वृद्धिसंग सम्बन्धित प्रणालीहरू विकास गर्ने कार्य भइरहेको छ । प्रचलनमा रहेको बीमालेखहरूलाई सरलीकरण गरिनुका साथै नयाँ बीमालेखहरू प्रचलनमा ल्याईएको तथा बीमा दावी भुक्तानी प्रकृयालाई सरल बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू पहिचान गरिएको छ । ग्रामिण क्षेत्र तथा न्यून आय वर्गको बीमा सम्बन्धी आवश्यकता पहिचान गरिनुका साथै तेस्रो पक्ष प्रतिको दायित्व बीमा अनिवार्य गरिएको छ । बीमा क्षेत्रको विद्यमान सेवाहरू परिमार्जन तथा बाली बीमा, पशु बीमा तथा पेसागत दायित्व बीमा लगायतका बीमा सेवाको कार्य क्षेत्रहरू पहिचान, कृषि क्षेत्रको लगानी सुरक्षित गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा कृषि तथा पशुपन्छि बीमा कार्य सुरु गरिएको छ । स्वदेशमा पुनर्बीमा कम्पनी स्थापना गर्न आवश्यक वातावरण तयार गरिनुका साथै पुनर्बीमा सम्बन्धी सुदृढ, पारदर्शी तथा विश्वसनिय व्यवस्था विकासका लागि आकस्मिक बीमा कोषलाई पुनर्बीमा कम्पनीमा परिणत गर्ने प्रकृया सुरु गरिएको छ । स्वास्थ्य बीमा कार्यक्रम परीक्षणको रूपमा लागू गर्न अवधारणा पत्र तयार गरिएको छ ।

## पूँजी बजार

धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ कम्पनीजस्ता धितोपत्र बजारको अति आवश्यक पूर्वाधारहरूको स्थापनालाई प्रोत्साहन गर्न तत्सम्बन्धी नियमन व्यवस्थाहरू विकास गर्ने कार्य भएको छ । यसअन्तर्गत धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा सामूहिक लगानी कोष नियमावली, २०६७, क्रेडिट रेटिङ नियमावली, २०६८ समेत लागू भइसकेको छ । सोही व्यवस्था अनुसार बजारमा सामूहिक लगानी कोष स्थापना भई सकेको छ । निजी क्षेत्रवाट क्रेडिट रेटिङको सेवा दिने कार्य सुरु गरिसकेको छ । त्यस्तै केन्द्रीय निक्षेप सेवा सञ्चालन सम्बन्धी सुरु गरिसकेको अबस्था छ । पूँजी बजार प्रभावकारी नियमन व्यवस्था, पूँजी बजारको स्थिरता तथा समयसापेक्ष बजारको विकासको लागि नेपाल धितोपत्र बोर्डले पाँच वर्षीय पूँजी बजार विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । धितोपत्र व्यवसायीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गरी लगानीकर्ताहरूमा सहज र गुणस्तरीय सेवा प्रदान गर्न धितोपत्र दलालहरूको सङ्ख्या वृद्धि गरिएको छ ।

## सार्वजनिक संस्थान

नेपाल सरकारको पूर्ण स्वामित्वमा ३७ वटा सार्वजनिक संस्थानहरू रहेका छन् । त्यस्ता संस्थानहरू मध्ये १९ संस्थानहरू नाफामा रहेका भए तापनि बांकी १७ संस्थानहरू लगातार घाटामा रहेका र १ संस्थान लामो समयदेखि कारोबार विहीन अवस्थामा रहेको छ । त्यस्ता सार्वजनिक संस्थानहरूको संगठनात्मक सुधारका साथै प्रतिस्पर्धी बनाउने नीतिगत एवं कार्यगत प्रयासहरू भएका छन्, तथापि उपलब्धि सन्तोषजनक हुन सकिरहेको छैन । साथै स्थापनाकालमा तत्कालीन मुलुकको परिस्थित अनुसार आधारभूत वस्तु तथा सेवाको उत्पादन र आपूर्ति एवं रोजगारी सृजनाका लागि औचित्य देखिए

तापनि वदलिंदो खुला अर्थतन्त्र एवं निजी क्षेत्रको विकाससंगै स्थापित कतिपय सार्वजनिक संस्थानहरूले आफ्नो निरन्तरताको लागि औचित्य देखाउन सकेका छैनन् । सार्वजनिक संस्थानको व्यवस्थापिकय सुधार गर्ने क्रममा केही संस्थानहरूमा प्रतिस्पर्द्धाका आधारमा प्रमुख कार्यकारी नियुक्त हुने प्रणालीको सुरुआत गरिएपछि त्यस्ता संस्थानहरूको समग्र कार्य सम्पादन एवं सेवा प्रवाहमा सुधार भएको छ ।

## मूल्य स्थिति

योजना अवधिमा वार्षिक औसत मुद्रास्फीति ७.० प्रतिशतभित्र सीमित रहने लक्ष्य रहेकोमा ९.२ प्रतिशत रहन गएको छ । योजनाको पहिलो वर्ष ९.५ प्रतिशत रहेको वार्षिक मूल्य वृद्धि दोस्रो वर्षमा प्रमुख खाद्य बालीहरूको उत्पादनमा भएको उल्लेखनीय वृद्धिले खाद्यान्नको मूल्यमा गिरावट आई समग्र मूल्य स्तरमा अघिल्लो वर्षको तुलनामा सुधार भई ८.३ प्रतिशतमा सीमित रह्यो । योजनाको तेस्रो वर्षमा भने समग्र मूल्य स्तरमा चाप पर्न गई वार्षिक मूल्य वृद्धि ९.९ प्रतिशत रहन पुग्यो । यसरी मुल्य वृद्धिमा चाप पर्नुमा लगातारको पेट्रोलियम पदार्थमा भएको अन्तर्राष्ट्रिय मूल्य वृद्धि, अमेरिकी डलरको तुलनामा भएको नेपाली मुद्राको अवमूल्यन, तलब तथा ज्याला दरमा वृद्धि तथा वितरण प्रणालीमा आउने असहजता जस्ता कारणहरू जिम्मेवार देखिन्छन् ।

## वैदेशिक व्यापार स्थिति

यस योजनाले देशगत तथा वस्तुगत निर्यात विविधीकरण तथा प्रवर्द्धन गरी शोधनान्तर स्थितिलाई अनुकूल बनाउने लक्ष्य राखेको थियो । योजना अवधिमा वस्तु निर्यात प्रचलित मूल्यमा वार्षिक औसत ८.३ प्रतिशतले बढ्न गएको छ । कुल निर्यातमध्ये भारततर्फको निर्यात योजनाको पहिलो वर्ष ८.४ प्रतिशतले बढेकोमा दोस्रो र तेस्रो वर्ष क्रमशः १४.४ प्रतिशत र २.८ प्रतिशतले बढेको छ । अन्य मुलुकतर्फको निर्यात योजनाको पहिलो वर्ष ०.७ प्रतिशत वृद्धि भएकोमा दोस्रो र तेस्रो वर्षमा केही सुधार आई क्रमशः १७.५ प्रतिशत र ५.२ प्रतिशतले वृद्धि हुन पुगेको छ ।

योजना अवधिमा आयाततर्फ वस्तु आयात प्रचलित मूल्यमा वार्षिक औसत १४.३ प्रतिशतले वृद्धि भएको छ । कुल आयातमध्ये भारततर्फको आयात वृद्धि दर उच्च रहेको छ । योजनाको प्रथम वर्ष प्रचलित मूल्यमा भारतबाट भएको आयात २०.६ प्रतिशत, दोस्रो वर्ष १४.३ प्रतिशत र तेस्रो वर्षमा २२.६ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात योजनाको प्रथम वर्ष १४.६ प्रतिशतले घटेको छ भने दोस्रो र तेस्रो वर्षमा क्रमशः २०.९ र १६.९ प्रतिशतले वृद्धि भएको छ । यसरी निर्यातको न्यून वृद्धि र आयातको उच्च वृद्धिका कारण समग्र व्यापार घाटा योजना अवधिमा वार्षिक औसतमा १५.५ प्रतिशतले बढ्नका साथै त्यस्तो घाटा कुल गार्हस्थ उत्पादनको २६.८ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६७/६८ मा कुल व्यापारमा भारतको अंश ६६.३ प्रतिशत र अन्य मुलुकको अंश ३३.७ प्रतिशत रहेकोमा भारतको अंश दोस्रो र तेस्रो वर्षमा क्रमशः ६५.१ प्रतिशत र ६६.० प्रतिशत रहेको छ ।

### शोधनान्तर स्थिति

योजनाको प्रथम वर्ष कुल गार्हस्थ उत्पादनको ०.९ प्रतिशत रहेको चालू खाता घाटा दोस्रो र तेस्रो वर्षमा क्रमशः ५ प्रतिशत र ३.४ प्रतिशतले बचतमा रह्यो । यसरी योजना अवधिमा चालू खाता बचत औसतमा कुल गार्हस्थ उत्पादनको २.५ प्रतिशत रहन गयो । त्यसैगरी पूँजी खाता कुल गार्हस्थ उत्पादनको अनुपातमा योजनाको अघिल्लो दुई वर्ष १.२ प्रतिशत रहेकोमा अन्तिम वर्षमा ०.६ प्रतिशत मात्र रह्यो । कुल गार्हस्थ उत्पादनसँग वित्तीय खाताको अनुपात योजना अवधिमा क्रमशः ०.२, १.९ र ०.७ प्रतिशत कायम रहन गयो । यसरी योजना अवधिमा शोधनान्तर बचत वार्षिक कुल गार्हस्थ उत्पादनको १ प्रतिशत राख्ने लक्ष्य रहेकोमा योजनाको पहिलो वर्षमा ०.३ प्रतिशत, दोस्रो वर्षमा ८.६ प्रतिशत र तेस्रो वर्षमा ४.१ प्रतिशत रही योजना अवधिको औसत शोधनान्तर बचत कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशत रहेको छ ।

### विदेशी विनिमय सञ्चिति

यस योजनामा विदेशी विनिमय सञ्चिति कम्तीमा पनि ६ महिनाको वस्तु तथा सेवाको आयातलाई धान्न सक्ने स्तरमा कायम राख्ने लक्ष्य राखिएको थियो । योजनाको आधार वर्ष २०६६/६७ को असार मसान्तमा रहेको विदेशी विनिमय सञ्चितिको स्तरले ७.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने स्थिति रहेकोमा योजनाको पहिलो वर्ष ७.३ महिना, दोस्रो वर्ष १०.३ महिना र तेस्रो वर्ष १०.१ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने स्थितिमा पुगेको छ ।

योजना अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग समग्रमा २१.६ प्रतिशतले अवमूल्यन भयो । २०६८ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको तुलनामा १.२ प्रतिशतले वृद्धि भएकोमा २०६८ असार मसान्तको तुलनामा २०६९ असार मसान्तमा यस्तो सञ्चिति ६१.५ प्रतिशतले वृद्धि हुन पुग्यो । त्यसै गरी २०७० असार मसान्तमा यस्तो सञ्चिति २०६९ असार मसान्तको तुलनामा २१.४ प्रतिशतले बढ्न पुग्यो । कुल सञ्चितिमा परिवर्त्य मुद्रा सञ्चितिको अंश २०६८ असार मसान्तमा ८१.१ प्रतिशत रहेकोमा २०६९ असार मसान्तमा ७८.० प्रतिशत र २०७० असार मसान्तमा ७७.६ प्रतिशत रह्यो । योजना अवधिमा परिवर्त्य र अपरिवर्त्य विदेशी मुद्रा सञ्चितिको अंश औसतमा क्रमशः ७८.९ प्रतिशत र २१.१ प्रतिशत रह्यो ।

**तालिका १.२ : त्रिवर्षीय योजनाको समष्टिगत आर्थिक लक्ष्य र उपलब्धि**

| विवरण | त्रिवर्षीय योजनाको लक्ष्य | त्रिवर्षीय योजनाको उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | औसत |
| कुल स्थिर पूँजी लगानी (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | २१.४ | २१.४ | २०.८ | २२.६ | २१.६ |
| निजी क्षेत्र | १६.२ | १६.७ | १६.१ | १८.४ | १७.१ |
| सरकारी क्षेत्र | ५.२ | ४.७ | ४.७ | ४.२ | ४.५ |

| विवरण | त्रिवर्षीय योजनाको लक्ष्य | त्रिवर्षीय योजनाको उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | औसत |
| कुल गार्हस्थ बचत (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | ११.२ | १४.० | ११.० | १०.१ | ११.५ |
| कुल राष्ट्रिय बचत (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | ४१.१ | ३७.० | ३९.५ | ४०.३ | ३९.० |
| राजस्वको वृद्धि दर | १५.७ | ११.५ | २३.२ | २१.१ | १८.५ |
| राजस्व (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | १७.३ | १४.५ | १६.० | १७.५ | १६.१ |
| कुल खर्च (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | २५.८ | २१.६ | २२.२ | २१.० | २१.६ |
| चालू खर्च (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | १४.९ | १५.४ | १५.९ | १४.६ | १५.३ |
| पूँजीगत खर्च (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | ९.१ | ३.५ | ३.४ | ३.२ | ३.३ |
| आन्तरिक ऋण (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | २.२ | ३.१ | २.४ | १.१ | २.१ |
| वैदेशिक अनुदान (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | ४.४ | ३.४ | २.७ | २.१ | २.६ |
| वैदेशिक ऋण (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | २.१ | ०.९ | ०.७ | ०.५ | ०.७ |
| मुद्रास्फीति दर | ७.० | ९.५ | ८.३ | ९.९ | ९.३ |
| विस्तृत मुद्रा प्रदाय वृद्धि दर | १८.३ | १२.२ | २२.७ | १६.४ | १७.१ |
| निजी क्षेत्रमा जाने कर्जा वृद्धि दर | २२.३ | १३.९ | ११.३ | २०.२ | १५.१ |
| कुल आन्तरिक कर्जा वार्षिक वृद्धि दर | २०.० | १४.३ | ९.३ | १७.२ | १३.६ |
| विदेशी मुद्रा सञ्चितिले वस्तु तथा सेवाको आयात धान्न सक्ने महिना | ६ | ७.३ | १०.३ | १०.१ | ९.२ |
| शोधनान्तर बचत (कुल गार्हस्थ उत्पादनको अनुपातमा) | १ | ०.३ | ८.६ | ४.१ | ४.३ |

स्रोत : अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्यांक विभाग ।

## १.३ सहस्राब्दी विकास लक्ष्यको प्रगति समीक्षा

सन् २०१५ सम्ममा हासिल गर्ने प्रतिबद्धता जनाएका सहस्राब्दी विकास लक्ष्यहरूलाई नेपालले दसौं योजनादेखि नै योजना तथा वार्षिक कार्यक्रमहरूमा समावेश गर्दै आएको

छ । सन् २००२ मा यी लक्ष्यहरूको समीक्षा गर्दा प्रगति उत्साहप्रद देखिएको थिएन । सन् २००५ मा गरिएको दोस्रो प्रगति समीक्षाले केही राम्रा पक्ष प्रस्तुत गर्दै गरिबी निवारण, शिक्षा, स्वास्थ्य, खानेपानी र जैविक विविधता संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण प्रगति भएको उल्लेख गरेको थियो । सन् २००९/१० मा गरिएको तेस्रो प्रगति समीक्षाले प्रतिकूल परिस्थितिहरूका बाबजुद पनि उत्साहजनक उपलब्धि हासिल भएको देखाएको थियो । सन् २०१३ मा भएको चौथो प्रगति समीक्षाले पनि लक्ष्य प्राप्तिमा उल्लेख्य प्रगति भएको हुँदा नेपालले अन्तर्राष्ट्रिय समुदायबाट यसका लागि पुरस्कार समेत पाएको छ ।

गरिबीको रेखामुनि रहेको जनसंख्या सन् १९९० मा ४२ प्रतिशत रहेकोमा २०१३ मा यो २३.८ प्रतिशतमा आएको छ । सन् २००५ र सन् २०१३ को बीचमा गरिबी न्यूनीकरणको औसत वार्षिक दर एक प्रतिशत अंक रहेको छ । यो दर कायम रहने हो भने सन् २०१५ सम्ममा २१ प्रतिशतमा झार्ने लक्ष्य प्राप्त गर्न सकिने देखिएको छ । गरिबी घट्ने दर उत्साहजनक भए तापनि गरिबीको रेखाको आसपासमा रहेका जनसंख्या अझै उल्लेख्य रहेको छ ।

सन् २०१५ सम्म दैनिक एक अमेरिकी डलरभन्दा कम आय भएका व्यक्तिको अनुपात १७ प्रतिशतमा राख्ने गन्तव्य हासिल हुने देखिन्छ भने महिला तथा युवा लगायत सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी तथा सम्मानजनक काम हासिल हुन नसक्ने देखिन्छ । ठूलो संख्यामा नेपालबाट श्रमिकहरू विदेशिएको अवस्थाले कृषिमा उत्पादनशीलताको आधार कमजोर भएको छ । युवा तथा महिलाहरूसमेत विदेसिंदाको समग्र सामाजिक मूल्य महंगो पर्ने अवस्था सृजना भएको छ ।

नेपालले भोकमरी घटाउने लक्ष्य प्राप्त गरिसकेको छ । कम तौल भएका बालबालिकाको अनुपात प्रतिहजारमा ३० प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २८.८ प्रतिशत पुगेकोले सारभूत रूपमा लक्ष्य हासिल भइसकेको छ । पुड्कोपन भएका बालबालिकाको अनुपात सन् २००१ मा ५७ प्रतिशतबाट सन् २०११ मा ४१ प्रतिशतमा झरेको छ । बालबालिकामा पुड्कोपन घटाउनमा राम्रो प्रगति भए पनि ३० प्रतिशतको लक्ष्यको तुलनामा ४१ प्रतिशतको उपलब्धि सन्तोषजनक मान्न सकिंदैन ।

सबैलाई प्राथमिक शिक्षाको लक्ष्यतर्फ प्राथमिक तहमा कुल भर्ना दर सन् १९९० मा ६४ प्रतिशत रहेकोमा सन् २०१३ मा ९५.३ प्रतिशत पुगेको एक सुखद पक्ष रहेको छ । बालकहरूको भन्दा बालिकाहरूको खुद भर्ना दर बढी रहेकोले विद्यालयमा स्वागत अभियान तथा बालिकाको लागि छात्रवृत्ति योजनाको सफलता देखिएको छ । सबैलाई प्राथमिक शिक्षा सुनिश्चित गर्न विद्यालयमा भर्ना भएको विद्यार्थी पाँच कक्षासम्म विद्यालयमै रहनुपर्छ । नेपालको टिकाउ दरमा सुधार हुँदै २००५ को ७९.१ प्रतिशतबाट सन् २०१३ मा ८४.२ प्रतिशत पुगेको छ । बीचमै विद्यालय छाड्ने दर कक्षा एकमा ७.७ प्रतिशत र कक्षा पाँचमा ६ प्रतिशत छ भने तिनै कक्षामा दोहोर्‍याउने दर क्रमशः १९.९ र ५.३ प्रतिशत रहेको छ ।

नेपालले प्राथमिक शिक्षासम्बन्धी लक्ष्यका तीन सूचकमध्ये एउटा खुद भर्ना दरमात्र हासिल हुने देखिएको छ र बाँकी दुई सूचक (टिकाउ दर तथा साक्षरता दर) हासिल हुन नसक्ने देखिएको छ । संख्या र व्याप्ति दुवै दृष्टिले प्राथमिक विद्यालयको संजाल बढेको छ । सन्

२००३/०४ को ९१.४ प्रतिशतको तुलनामा सन् २०१३ मा ९४.७ प्रतिशत परिवार आधा घण्टाभित्र नजिकको प्राथमिक विद्यालय पुग्न सक्छन् । नेपाल सरकारले प्राथमिक शिक्षाको कार्यदक्षता र गुणस्तर सुधार गर्न बाल विकास, पूर्व प्राथमिक शिक्षा, विद्यार्थी अनुकूल विद्यालय तथा कक्षा कोठाको वातावरण, प्रधान अध्यापक तथा व्यवस्थापन समितिका सदस्यहरूको क्षमता अभिवृद्धिजस्ता नीतिगत मापदण्ड लागू गरेपछि भर्ना र टिकाउ दर बढाउन सहयोग मिलेको छ । पाठ्यक्रमहरूको नियमित परिमार्जन, निरन्तर मूल्यांकनको सबलीकरण, मातृभाषा, बहुभाषा शिक्षा तथा स्रोत केन्द्रले प्रभावकारिता बढाउन सहयोग गरेका छन् । साक्षरताको दर अति कम भएका दुर्गम क्षेत्र र विपन्न वर्गका बालबालिका विद्यालय जान सकेका छैनन् । त्यस्तै विद्यमान शैक्षिक तथ्यांकीय पद्धतिले विद्यार्थीको उमेर समूहगत भर्नालाई सामाजिक समूह, अपांगता तथा बसोबासको स्थानजस्ता कोटिलाई अलग्गै राख्न नसक्दा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने योजना निर्माण र सञ्चालन गर्नका लागि खास गरी ती बालबालिका को हुन् र कहाँ बस्छन् भन्ने अवस्था आँकलन गर्न नसकिएको अवस्था छ ।

लैंगिक समानता तथा महिला सशक्तीकरणतर्फ प्राथमिक शिक्षामा छात्रा र छात्रको अनुपातमा सन् १९९० देखि उल्लेख्य सुधार आएको छ र सन् २०१५ का लागि निर्धारित गन्तव्य हासिल भइसकेको छ । महिला र पुरुषको अनुपात उच्च माध्यमिक तहमा ०.९१ र उच्च शिक्षामा ०.७१ छ जुन सन् २०१५ सम्ममा समानता प्राप्त गर्न कठिन हुने देखिन्छ । युवा (१५-२४ वर्ष) को साक्षरता प्रतिशत महिलाको ७९.३६ र पुरुषको ९२.९७ गरी युवाको राष्ट्रिय औसत ८७.५ प्रतिशत रहेको छ । १५-४९ वर्ष उमेर समूहमा कहिल्यै विद्यालय नगएका ४० प्रतिशत भन्दा बढी महिलाको तुलनामा त्यस्ता पुरुष जम्मा १४ प्रतिशत छन् । त्यस्तै, काममा संलग्न महिलाहरू प्राय आर्थिक पारिश्रमिक नपाउने काम गर्छन र अवैतनिक पारिवारिक श्रमशक्तिको ७४.८ प्रतिशत महिला नै छन् । सेवा क्षेत्रमा खासगरी प्राथमिक र माध्यमिक तहमा शिक्षकका रूपमा महिलाको रोजगारी उल्लेख्य रूपले बढ्दै गएको छ । राजनीतिक वृत्तमा महिला सहभागिता बढेको छ र निजामती सेवा सन् २००१ देखि २०१३ को बीचमा समग्र राजपत्रांकित तहमा महिलाको प्रतिनिधित्व सात गुनाले बढेर २.४ वाट १६.९ प्रतिशत पुगेको छ तथापि महिला विरुद्धका हिंसा र विविध सामाजिक कुरीतिले महिला सशक्तीकरणको विस्तारमा अवरोध ल्याउने गरेको छ ।

सन् १९९० देखि सन् २०११ बीचमा शिशु मृत्यु दरमा उल्लेखनीय रूपमा घटेर प्रतिहजार जीवित जन्ममा १०८ मृत्युबाट ४६ मा झरेको छ भने पाँच वर्षमुनिका बालबालिकाको मृत्यु दर १६२ बाट ५४ मा झरेको छ । नवजात मृत्यु दर सन् २००१ देखि २००६ सम्ममा प्रति हजार ४३ बाट ३३ मा झरेको थियो तर सन् २००६ देखि सन् २०११ सम्म त्यसभन्दा तल झर्न सकेन तथापि नेपालले सन् २०१५ अघि बाल स्वास्थ्यसंग सम्बन्धित लक्ष्य हासिल गर्ने देखिन्छ । हाल पाँच वर्षमुनिको बालमृत्यु दरलाई प्रतिहजार जीवित जन्ममा ५४ मा झार्ने लक्ष्य सन् २०११ मा नै प्राप्त भइसकेको हुँदा हाल नयाँ गन्तव्य ३८ तोकिएको छ । त्यस्तै नियमित खोप कार्यक्रममार्फत् दादुराको खोप लगाउने एक वर्षमुनिका बालबालिकाको अनुपात सन् १९९० मा ४२ प्रतिशत थियो । यो सन् २०११ मा ८८ पुगेको छ र सन् २०१५ को गन्तव्य ९० प्रतिशतभन्दा बढी हासिल हुने देखिएको

छ । नवजात मृत्यु दर घटाउनु बाल स्वास्थ्यका लक्ष्य प्राप्तिमा आधारभूत कुरा भएकोले मृत्युका कारणहरूः संक्रमण, जन्मँदा चोट लाग्नु, निसासिनु र कम तौल हुनुजस्ता विषयलाई विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

मातृ स्वास्थ्य सुधारतर्फ सन् १९९० मा प्रतिलाख जीवित जन्ममा ८५० रहेको मातृ मृत्यु दर सन् २००६ मा २८१ मा झरेको छ । २०१५ सम्ममा यो दर १३४ मा झार्ने लक्ष्य रहेको छ । प्रसूतिपछिको आन्तरिक रक्तश्राव, प्रि एक्लाम्सिया, एक्लाम्सिया, गर्भपतनले ल्याएका जटिलता, बाधित प्रसव, प्रासविक रक्त विकारजस्ता कारणले नेपालमा मातृमृत्यु हुने गरको देखिएको छ । आधा जति प्रसूति अझै पनि घरैमा गराइने अवस्था रहेको छ । पूर्व प्रसूति, प्रसूति र प्रसूतिपश्चात् तीनवटै अवस्थामा निरन्तर स्याहारको सुनिश्चितता चुनौतीपूर्ण रहेको छ । त्यस्तै परिवार नियोजन सेवाले प्रजनन घटाउने, मातृ तथा नवजात शिशुको स्वास्थ्य राम्रो हुने, जनसंख्या वृद्धि नियन्त्रित हुने हुँदा प्रजनन स्वास्थ्यले मातृ स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्छ । गर्भनिरोधकको प्रयोग सन् २००० मा ३५ प्रतिशतले गरेकोमा सन् २०१३ मा यो दर ४३.२ प्रतिशत पुगेको छ । सन् १९९० देखि २०११ को बीचमा कुल प्रजनन दर ५.३ बाट आधा घटेर २.६ भएको छ । न्यूनतम एक चोटि पूर्व प्रसूति स्याहारमा पुग्ने गर्भवती महिलाको अनुपात सन् २००० मा ४८.५ प्रतिशत रहेकोमा सन् २०११ सम्ममा ८५ प्रतिशत पुगेको छ । पूर्वप्रसूति स्याहार विस्तारको दर राम्रो भए पनि समुदायको नजिकका स्वास्थ्य संस्थाहरूको न्यूनस्तरको सेवा र त्यही सेवामा पनि पहुँच पुग्न नसक्नु चुनौती देखिएका छन् । सुरक्षित गर्भपतन सेवाको सुनिश्चितता र गुणस्तरीय गर्भ निरोधक विधिहरूको उपलब्धि बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

एच.आई.भी. एड्स संक्रमण निश्चित जनसंख्या समूहमा सीमित रहिआएको छ । कामका लागि भारत जाने र त्यहाँ यौनकर्मीहरू कहाँ पुग्ने पुरुषहरू नै विशेष गरी ग्रामीण क्षेत्रमा यो रोग संक्रमण फैलाउने माध्यम बनेका छन् । त्यसका साथै शहरी क्षेत्रमा समेत यौनकर्मीका साथै सुई मार्फत् लागू पदार्थको सेवन गर्ने एवं समलिंगीहरूका कारण समेत यो रोग फैलेको अवस्था छ । समग्र मुलुकमा सन् २०११ मा एड्स भएका १५-४९ वर्ष उमेर समूहका वयस्क ०.३ प्रतिशत थिए जुन सन् २००७ को दरभन्दा कम हो । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले तय गरेको सन् २०१६ का लागि नयाँ गन्तव्य १५-२४ वर्ष उमेर समूहमा ०.०६ को व्याप्ति दर हासिल गर्न न्यूनीकरण दर बढाउनुपर्ने देखिएको छ । सन् २०११/१२ मा एड्स व्याप्ति दर उच्च जोखिम भएका मध्ये सुईबाट लागू पदार्थ लिनेहरूमा, पुरुष समलिंगीहरूमा र महिला यौनकर्मीहरूमा क्रमशः ६.३, ३.८ र १.७ प्रतिशत देखिएको छ ।

औलो १३ वटा उच्च जोखिमयुक्त जिल्लाहरूमा र १८ वटा सामान्य जोखिमयुक्त जिल्लाहरूमा मात्रै सीमित छ । यद्यपि थप ३४ जिल्लामा न्यूनतम संक्रमण दर पाइएको छ । १० वटा जिल्लामा कुनै जोखिम छैन । औलो रोगका घटना दरमा विगत पाँच वर्षमा उतारचढाउ देखिए पनि वार्षिक परजीवीका घटना दर चाहिँ विगत दश वर्षमा उल्लेख्य रूपमा घटेको छ । सन् २०१० मा औलोबाट भएको मृत्युको दर जोखिममा रहेका प्रति लाख मानिसमा ०.०४ थियो जुन सन् २०१२ मा शून्यमा झरेको छ । कीटनाशक उपचार गरिएको झुलभित्र सुत्ने पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत सन् २००५ मा ४८.२

थियो जुन २०१२ मा ९६.८ प्रतिशत पुगी सन् २०१५ सम्म सबैलाई यस्तो सेवा सुविधा पुऱ्याउने गन्तव्यको नजिक रहेको छ ।

कुल जनसंख्याको ४५ प्रतिशत व्यक्तिहरू क्षयरोगबाट संक्रमित छन् भने त्यसको ६० प्रतिशत प्रौढ छन् । हरेक वर्ष ४०,००० व्यक्तिमा सक्रिय क्षयरोग विकास हुन्छ भने ती मध्ये आधा संक्रामक र रोग फैलाउन सक्ने हुन्छन् । सन् १९९० र सन् २०११ बीचको अवधिमा प्रतिलाख व्यक्तिमा क्षयरोगको प्रसार ४६० बाट घटेर २३८ हुन आएको र मृत्यु ४३ बाट २१ मा झरेको छ । क्षयरोग उन्मूलन गर्न कठिन हुने बहुऔषधि प्रतिरोधका घटनाको संख्यासमेत स्थिर रहेको अवस्थामा ९१ प्रतिशतको लक्ष्य प्राप्त गर्नसक्ने अवस्थामा देखिएको छ ।

वातावरणीय दिगोपनाको सुनिश्चितताका लागि तय गरिएको सातौं लक्ष्यअन्तर्गत प्रयासहरू भएका छन् । नेपालको प्रतिव्यक्ति कार्बनडाइअक्साइड उत्सर्जन करिब ०.१ टन छ जुन विश्वको औसत ४.५ टनको तुलनामा अत्यन्त कम हो । ऊर्जा खपततर्फ तरलीकृत पेट्रोलियम ग्यासको प्रयोग सन् २०१० मा १२ प्रतिशत रहेकोमा सन् २०११/१२ मा बढेर १८ प्रतिशत पुगेको छ । आर्थिक विकासलाई बढाउन र वातावरणीय परिवर्तनसंग जुध्न सहायक लघु तथा साना जलविद्युत आयोजनाको निर्माण तथा जैविक ग्यास प्लान्टहरूको स्थापनालाई प्राथमिकता दिइएको छ । त्यस्तै जैविक विविधतातर्फ नेपालले जैविक विविधताको क्षय न्यूनीकरण दरमा उल्लेख्य प्रगति गरेको छ । घोषित संरक्षित क्षेत्रभित्र पर्ने भूभाग सन् १९९० र सन् २०१२ को बीचमा तेब्बर भएको छ ।

सुरक्षित खानेपानी तथा आधारभूत सरसफाइतर्फ सन् २०१२/१३ मा सुरक्षित खानेपानीको स्रोत प्रयोग गर्ने घरपरिवारको अनुपातको राष्ट्रिय औसत ८५ प्रतिशत पुगेको छ जुन सन् २०१५ को सहस्राब्दी विकास लक्ष्यभन्दा बढी हो तर पनि सुरक्षित पाइपको पानीमा पहुँच भने विगत सात वर्षदेखि बढेको छैन । सन् २००० र सन् २०११ बीच राष्ट्रिय सरसफाइ विस्तार दोब्बरभन्दा बढ्दै ३० प्रतिशतबाट ६२ प्रतिशत पुगी २०१५ को लक्ष्य हासिल भइसकेको छ । मुलुकको करिब ८५ प्रतिशत जनतामा आधारभूत पानीको आपूर्ति पहुँच भएपनि आधिकांश शहरी पानी आपूर्ति प्रणाली भने प्रभावकारी छैनन् । त्यस्तै ग्रामीण क्षेत्रमा आपूर्ति टिकाउ हुन सकेको छैन ।

### सहस्राब्दी विकास लक्ष्यका अपूरा कार्य र सन् २०१५ पछिका प्राथमिकताहरु

जनसंख्याको २३.८२ प्रतिशत अर्थात् २७ लाख भन्दा बढी मानिस अझै गरिबीको रेखामुनि रहेको अवस्थामा उनीहरूको अवस्था सुधारका लागि लक्षित कार्यक्रम तयार गर्ने, खाद्य सुरक्षा बढाउने, रोजगारी सृजनाका नयाँ उपाय खोज्ने कार्यमा आगामी क्रियाकलापहरू केन्द्रित हुनुपर्ने देखिएको छ ।

अझै पनि विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा ल्याउन नसकिएको, शिक्षामा समान पहुँच नपुगेको र ८७.५ प्रतिशत मात्रै साक्षरता दर (१५-२४ उमेर समुह) रहेकोले रचनात्मक उपायहरूको प्रयोग गरेर प्राथमिक शिक्षामा विद्यार्थी टिकाउने, गरिब अभिभावकहरूलाई आर्थिक सुरक्षा सुनिश्चित गर्ने र विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन आवश्यक कार्यक्रमहरू ल्याउनुपर्ने

देखिएको छ ।

प्राथमिक तथा माध्यमिक तहमा लैंगिक समानता कायम राख्न र साक्षरता दर बढाउन छात्रालाई प्रोत्साहन दिने, आम साक्षरता कार्यक्रमहरू चलाउने, महिलालाई रोजगारी केन्द्रित अवसर सृजना गर्ने, लैंगिक हिंसाप्रति शून्य सहनशीलताका कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिएको छ । बाल तथा मातृ स्वास्थ्य प्राप्तिको दिशामा अति गरिब र पिछडिएको समुदायमा बढी ध्यान दिनुपर्ने देखिएको छ । एड्स, औलो, क्षयरोगजस्ता रोगहरूको प्रादुर्भाव हुन नदिन र रोकथाम गर्न पर्याप्त जनचेतनामूलक कार्यक्रमसहितका नयाँ गन्तव्य तय गर्नुपर्ने देखिएको छ । बढ्दो जनसंख्याका लागि चाहिने दिगो तथा किफायती ऊर्जा परिपूर्तिका लागि यस क्षेत्रमा पर्याप्त लगानीको आवश्यकता देखिएको छ । नेपाली उत्पादनहरूको भारतीय र समुद्रपारका बजारमा पहुँच पुऱ्याउने, जलवायु परिवर्तनसम्बन्धी प्रयासका लागि तथा मुलुकका प्राकृतिक साधनको कुशल उपयोगका लागि अन्तर्राष्ट्रिय आर्थिक तथा प्राविधिक सहायता आकर्षित गर्ने गरी प्रयास अघि बढाउनुपर्ने देखिएको छ । सन् २०१५ पछिको कार्यसूचीका लागि सुझाइएका आठ विषयहरूमा सुशासन, विभेदको सम्बोधन, व्यवस्थित शहरीकरण, श्रम स्थानान्तरण र विप्रेषणको उपयोग, उत्पादनशील रोजगारी, लैंगिक हिंसाप्रतिको शून्य सहनशीलता, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच र जलवायु परिवर्तनसंगको अनुकूलनका क्षेत्रहरूमा विशेष प्रयास हुनुपर्ने देखिएको छ ।

**तालिका १.३ : सहस्राब्दी विकास लक्ष्य तथा विकासका अन्य सूचकहरु**

| क्र.सं. | सूचकहरु | वर्ष (सन्) | उपलब्धिको स्थिति | सन २०१५ को सहस्राब्दी विकास लक्ष्य | स्रोत |
|---|---|---|---|---|---|
| १ | जनसङ्ख्याको आकार (दश लाखमा) | २०११ | २६.५० | | केन्द्रीय तथ्याङ्क विभाग (के.त.वि.) |
| २ | औसत जनसङ्ख्या वृद्धि दर (प्रतिशतमा) | २०११ | १.३५ | | (के.त.वि.) |
| ३ | अपेक्षित औसत आयु (वर्ष) | २०११ | ६८.८ | | नेपाल मानवविकास प्रतिवेदन, २०१४ |
| ४ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलरमा) | २०१२/१३ | ७१३ | | (के.त.वि.) |
| ५ | कुल गार्हस्थ उत्पादन वृद्धि दर (आधारभूत मूल्यमा) (प्रतिशत) | २०१२/१३ | ३.४६ | | (के.त.वि.) |
| ६ | मुद्रास्फीति वृद्धि दर (प्रतिशत) | २०१२/१३ | ९.९ | | (के.त.वि.) |
| ७ | मानव विकास सूचकाङ्क (मान) | २०११ | ०.४६ | | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, |

| क्र.सं. | सूचकहरु | वर्ष (सन्) | उपलब्धिको स्थिति | सन २०१५ को सहस्राब्दी विकास लक्ष्य | स्रोत |
|---|---|---|---|---|---|
| ८ | राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसङ्ख्या ( प्रतिशत) | २०१२/१३ | २३.८ | २१ | (के.त.वि.) |
| ९ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाहरूको सङ्ख्या प्रतिशत | २०११ | २९ | २९ | नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, २०११ |
| १० | साक्षरता दर (१५-२४ वर्ष उमेर समूह) (प्रतिशत) | २०१२/१३ | ८७.५ | १०० | शिक्षा मन्त्रालय |
| ११ | प्राथमिक शिक्षामा खुद भर्ना दर (प्रतिशत) | २०१२/१३ | ९५.३ | १०० | शिक्षा मन्त्रालय, २०१२/१३ |
| १२ | पाँच वर्षमुनिका बच्चाको मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) | २०११ | ५४ | ५४ | नेपाल जनसङ्ख्या तथा स्वास्थ्य सर्वेक्षण, २०११ |
| १३ | मातृमृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | २००६ | २८१ | १३४ | नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २००६ |
| १४ | १५-४९ वर्ष उमेर समूहमा एच.आई.भी. सङ्क्रमित रोगी (प्रतिशत) | २०११ | ०.३ | ०.३ | राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, २०१२ |
| १५ | मुख्य ऊर्जा स्रोतको रूपमा दाउरा प्रयोग गर्ने व्यक्तिहरूको अनुपात (प्रतिशत) | २०११ | ६४ | | (के.त.वि.) |
| १६ | वनले ढाकेको क्षेत्र (प्रतिशत) | २०१२/१३ | ३९.६ | ४० | वन तथा भुसंरक्षण मन्त्रालय |
| १७ | ग्रामीण तथा शहरी दुवै क्षेत्रमा सुरक्षित पानीको स्रोतमा दिगो रूपमा पहुँच हुने जनसङ्ख्याको अनुपात (प्रतिशत) | २०१२/१३ | ८२.८ | ७३ | (के.त.वि.) |
| १८ | ग्रामीण तथा शहरी दुवै क्षेत्रमा सुरक्षित सरसफाइ (शौचालय) मा दिगो रूपमा पहुँच हुने जनसङ्ख्याको अनुपात (प्रतिशत) | २०१२/१३ | ६२ | ५३ | (के.त.वि.) |

## १.४ विकास प्रक्रियामा विद्यमान चुनौती तथा अवसरहरु

विगतका योजनाहरूको कार्यान्वयनको फलस्वरूप आर्थिक तथा सामाजिक विकासमा सकारात्मक परिवर्तनहरू आएका छन् । तथापि, जनअपेक्षा एवं सरकारले अन्तर्राष्ट्रिय समुदायमा गरेका प्रतिवद्धताहरू अनुरूप सर्वाङ्गिण विकासमा अपेक्षित उपलब्धि अझै हासिल हुन सकिरहेको छैन । यस पृष्ठभूमिमा हाम्रा विकास प्रयासहरूलाई नयाँ गति दिनुपर्ने आवश्यकता छ । यसका प्रमुख चुनौतीहरू र सम्भावित अवसरहरू देहाय अनुसार छन् ।

**विकास प्रक्रियाका विद्यमान चुनौती**

- अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नतिका लागि उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्नु ।
- राजनीतिक स्थिरता र विकासमुखी राजनीतिक संस्कार, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सृजना गर्नु ।
- प्राप्त उपलब्धिको न्यायिक पुनर्वितरणको सुनिश्चित गर्नु ।
- सीमान्तकृत समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास गर्नु ।
- जनअपेक्षा एवं आवश्यकताहरू परिपूर्ति गर्न राज्यले प्रभावकारी सुशासनको प्रत्याभूति गर्नु ।
- विकेन्द्रीकरण तथा निक्षेपणका कार्यलाई अग्रगति दिलाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रवर्द्धन गर्नु, स्थानीयस्तरको सेवा प्रभावकारी बनाउनु र लोकतन्त्रको जनाधारदेखि नै संस्थागत विकास गर्नु ।
- दक्ष जनशक्ति विकास तथा रोजगारीका अवसरमा व्यापक वृद्धि गर्नु ।
- उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि तथा पूँजी र श्रमको उत्पादकत्वमा वृद्धि गर्नु ।
- गुणस्तरिय पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोत व्यवस्थापन, क्षमता अभिवृद्धि र समन्वय कायम गर्नु ।
- खानेपानी र विद्युत संकटको समस्या समाधान गर्नु ।

**विद्यमान अवसर**

- मुलुकको सन्तुलित विकासका लागि जनतामा नयाँ उत्साह र जागरण उत्पन्न हुनु ।
- स्वदेशी तथा विदेशी लगानीका लागि अनुकूल वातावरण सृजना हुनु ।
- जनसांख्यिक संरचनामा सक्रिय जनशक्तिको हिस्सा बढेको सन्दर्भमा देश विकासका लागि आवश्यक मानव पूँजी उपलब्ध देखिनु ।

- देशको भू-धरातलीय बनोट एवं हावापानीको कारणले सांस्कृतिक, जैविक एवं पर्यावरणीय विविधता प्रचुर मात्रामा रहनु ।
- छिमेकी देशहरूमा भएको उच्च आर्थिक वृद्धि दरबाट देशको पर्यटन, व्यापार र लगानीका क्षेत्रमा फाइदा लिन सक्ने अवस्था रहनु ।
- नेपालको अपार प्राकृतिक सम्पदाहरूको उपयोग गरी विकास निर्माण तथा आयआर्जनका लागि लगानीका सम्भावनाहरू बढ्नु ।
- बर्सेनी भित्रिने विप्रेषण रकमलाई लगानी गर्न सक्ने अवस्था रहनुका साथै विदेशमा गएर आर्जन गरेको दक्षतालाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने सम्भावना हुनु ।
- गैरआवासीय नेपालीहरू समेतलाई राष्ट्रको विकासमा परिचालन गर्ने सम्भावना बढ्नु ।
- नेपालको विकास प्रयासमा विकास साझेदारको निरन्तर सहयोग र सद्भाव रहनु ।

**परिच्छेद : २**

# तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१–२०७२/७३)

## २.१ पृष्ठभूमि

नेपाल अझै पनि अतिकम विकसित राष्ट्रको रूपमा रहेको छ भने राजनीतिक प्रतिबद्धता सहित विकास कार्यमा थप प्रभावकारिता ल्याइएमा यसलाई अति कम विकसित राष्ट्रबाट मध्यम आय भएको विकासशील राष्ट्रहरूको सूचीमा स्तरोन्नति गर्न सकिने सम्भावना छ। साथै सहस्राब्दी विकास लक्ष्य तथा दक्षिण एसिया क्षेत्रीय सहयोग संगठन (SAARC) का विकास लक्ष्यहरू हासिल गर्ने, दिगो विकास, मानव अधिकार एवं जलवायु परिवर्तनलगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा प्रतिबद्धता जनाइएका अन्य विषयहरूलाई समेत सम्बोधन गरी हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै गरिबी न्यूनीकरण गर्नेतर्फ यो योजनालाई केन्द्रित गरिएको छ।

## २.२ दीर्घकालीन सोच

वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने।

## २.३ उद्देश्य

देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने।

## २.४ लक्ष्य

योजनाको प्रमुख लक्ष्य गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने रहेको छ। अन्य लक्ष्य देहायबमोजिम निर्धारण गरिएको छ :

**तालिका २.१ : लक्ष्यहरु**

| क्र.सं. | सूचक | आर्थिक वर्ष २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | वार्षिक औसत आर्थिक वृद्धि दर (प्रतिशत) | ३.५ | ६.० |
| २ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | १.१ | ४.५ |
| ३ | गैरकृषि क्षेत्रको वार्षिक औसत वृद्धि दर (प्रतिशत) | ४.६ | ६.७ |
| ४ | वार्षिक औसत रोजगारी वृद्धि दर (प्रतिशत) | २.९ | ३.२ |
| ५ | अपेक्षित आयु (वर्ष) | ६८.८*** | ७१.० |
| ६ | साक्षरता दर (१५–२४ वर्ष) | ८७.५ | ९०.० |
| ७ | जनसङ्ख्या वृद्धि दर (प्रतिशत) | १.३५ | १.३५ |
| ८ | मातृ मृत्यु दर (प्रति लाख) | २८१ | १३४ |
| ९ | खानेपानी सेवा पुगेको जनसङ्ख्याको (प्रतिशत) | ८५ | ९६.२५ |
| १० | सरसफाइ सुविधा पुगेको जनसङ्ख्याको (प्रतिशत) | ६२ | ९०.५ |

| क्र.सं. | सूचक | आर्थिक वर्ष २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य |
|---|---|---|---|
| ११ | प्राथमिक तह (कक्षा १ (५) मा खुद भर्ना दर (प्रतिशत) | ९५.३ | १०० |
| १२ | सडक यातायात जोडिएको जिल्ला सदरमुकाम (सङ्ख्या) | ७३ | ७५* |
| १३ | टेलिफोन, मोबाइलसमेत (प्रतिसय घनत्वमा) | ७१.५ | १०० |
| १४ | विद्युत उत्पादन (जडित क्षमता) (मेगावाट) | ७५८ ** | १४२६ |
| १५ | विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६७.३ | ८७ |
| १६ | सिंचाइ (हेक्टर) | १३,११,००० | १४,८७,२७५ |
| १७ | वन जङ्गलले ढाकेको क्षेत्र (प्रतिशत) | ३९.६ | ४० |
| १८ | सडक यातायातको कूल लम्वाइ (कि.मि.) | २५,१३३ | २८,१३३ |

* हुम्ला जिल्ला सदरमुकामको हकमा चीनको स्वशासित क्षेत्र तिब्बत तर्फवाट जोडिने ।

** जलविद्युतबाट ७०५ मेगावाट, तापीयबाट ५३ मेगावाट गरी जम्मा ७५८ मेगावाट राष्ट्रिय प्रसारण लाइनमा जोडिएको, वैकल्पिक ऊर्जातर्फको ३५ मेगावाट राष्ट्रिय प्रसारण लाइनमा नजोडिएको ।

*** सन् २०११ को स्थिति ।

अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि संयुक्त राष्ट्र संघले प्रति व्यक्ति औसत कुल राष्ट्रिय आय, मानव सम्पत्ती सूचक (HAI) र आर्थिक जोखिम सूचक (EVI) गरी ३ मापदण्डहरू र तिनको सीमा समेत निर्धारण गरेको छ । विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि ३ मध्ये न्यूनतम २ मापदण्डको निर्धारित सीमा पार गर्नु आवश्यक छ । उल्लिखित मापदण्डहरू मध्ये योजना अवधिमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (अमेरिकी डलरमा) ७१३ बाट ९०२ र आर्थिक जोखिम सूचक २७.८५ बाट २६.९५ पुग्ने अनुमान गरिएको छ ।

## २.५ रणनीति

उपर्युक्त उद्देश्य र लक्ष्य हासिल गर्न देहायका रणनीतिहरू अपनाइएका छन् :

१. **विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि गर्ने** : मुलुकको विकासमा सबै क्षेत्रको सक्रीय सहभागिता र योगदान आवश्यक हुन्छ । यस योजना अवधिमा विकास प्रक्रियालाई फलदायी वनाउन सरकारी, निजी र सहकारी तिनवटै क्षेत्रको क्षमताको उपयोग गर्न सहजिकारण, समन्वय र सहकार्यको नीति लिइएकोछ । यसै गरी गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उठाउनको लागि यस योजनामा अर्थतन्त्रका सबै क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा उत्पादनशील रोजगारी सृजना गर्ने कार्यलाई जोड दिइनेछ । आर्थिक विकासका प्रतिफलमा सबैको पहुँच वढाउनुका साथै सबैले आर्थिक वृद्धिमा योगदान दिन सक्ने वातावरण सृजना गर्न क्षमता विकास, पहुँच, अवसरमा वृद्धि र सुरक्षणको व्यवस्था गरी आर्थिक वृद्धि दरलाई समावेशी, फराकिलो र दिगो बनाइनेछ ।

२. **भौतिक पूर्वाधारको विकास गर्ने** : भावी संघीयस्वरूपको विकेन्द्रित शासन व्यवस्था समेतलाई ध्यानमा राखी संभावित प्रदेशहरूको आर्थिक क्षमता वृद्धि गर्ने वातावरण

सृजना गरी अन्तर क्षेत्रीय सन्तुलनको अभिवृद्धि गर्न भौतिक पूर्वाधारको विकास गरिनेछ । यस सन्दर्भमा ठूला जलविद्युत, सडक तथा सिचाई आयोजनाहरूको निर्माणका साथै स्थानीय जनताको पहिचान र सहभागितामा आधारित मझौला तथा स–साना आयोजनाहरू निर्माण गर्न जोड दिईनेछ । साथै पर्यटन पूर्वाधारको विकास र सूचना तथा सञ्चार एवं सूचना प्रविधिको व्यापक विस्तार गरी उत्पादनशील रोजगारी सृजना गर्न जोड दिईनेछ । केन्द्रीय तथा स्थानीय पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न छुट्टाछुट्टै पद्धतिको विकास गरी पूर्वाधारलाई आर्थिक विकासको मेरुदण्डको रूपमा लिइनेछ ।

३. **सामाजिक सेवाका क्षेत्रहरुमा पहुँच, उपयोग र गुणस्तर अभिवृद्धि गर्ने :** गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ जस्ता सामाजिक सेवाका क्षेत्रहरूमा सबैको पहुँच एवं उपयोग अभिवृद्धि गर्न जोड दिइनेछ । यी क्षेत्रबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन यस्ता सेवाको सञ्चालन तथा व्यवस्थापनमा स्थानीय निकाय, निजी क्षेत्र तथा सहकारी क्षेत्र र गैर सरकारी क्षेत्रहरू बीच सहकार्यको व्यवस्था मिलाईनेछ ।

४. **सार्वजनिक तथा अन्य क्षेत्रहरुमा सुशासन अभिवृद्धि गर्ने :** कानुनी राज्यको मूल्य र मान्यतालाई संस्थागत गर्न राज्य संयन्त्रका सवै क्षेत्रमा सहभागिता, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमा शून्य सहनशीलताको अवस्था सृजना गरी सार्वजनिक तथा अन्य क्षेत्रहरूमा सुशासन अभिवृद्धि गरिनेछ । यसका लागि निजी क्षेत्र, नागरिक समाज/गैर सरकारी क्षेत्रहरूलाई विकासका साझेदारको रूपमा उपयोग गरी सुशासनको माध्यमवाट आर्थिक तथा सामाजिक सेवा प्रवाहमा सबै नेपालीहरूको पहुँच बढाइनेछ ।

५. **लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्ने :** समाजमा पछाडि परेका महिला, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, असहाय, अपाङ्गता भएका व्यक्ति, अति गरिब व्यक्ति तथा समूह एवं विकट भौगोलिक क्षेत्रसमेतलाई ध्यानमा राखी यी लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणमा अभिवृद्धि गर्न स्पष्ट नीति, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । समावेशी विकास अवधारणाअनुरूप सवै लक्षित वर्ग र क्षेत्रहरूले विकासका प्रतिफल वितरणमा सहभागी हुने र आर्थिक विकास प्रक्रियामा योगदान दिने वातावरणको सृजना गरिनेछ ।

६. **जलवायु परिवर्तनसँग अनुकूलित हुनेगरी विकास कार्यक्रमहरु सञ्चालन गर्ने :** जलवायु परिवर्तनवाट हाल देखिएका समस्या र भविष्यमा आउन सक्ने नकारात्मक प्रभाव समेतलाई ध्यानमा राखी जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्नु अपरिहार्य भएको छ । जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै जलवायु परिवर्तनका समस्याको न्यूनीकरणका उपायहरूको मार्फत् पर्न सक्ने प्रतिकूल प्रभावलाई सम्वोधन गर्ने गरी वातावरणीय व्यवस्थापनका अवधारणालाई विकेन्द्रीकृत कार्यक्रमहरू मार्फत् स्थानीय स्तरसम्म पुऱ्याउने व्यवस्था गरिनेछ । सरकारी तथा गैरसरकारी निकायहरूबीच

समन्वय कायम गरी प्राकृतिक स्रोत एवं साधनको विवेकशील प्रयोगद्वारा दिगो विकास हासिल गर्नुका साथै जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण एवं अनुकूलित बनाउँदै लगिनेछ ।

## २.६ प्राथमिकता

यस योजनाले देहायबमोजिम प्राथमिकताको क्षेत्र तोकेको छ :

- जलविद्युत तथा अन्य ऊर्जा विकास ।
- कृषि क्षेत्रको उत्पादकत्व वृद्धि, विविधीकरण र व्यावसायीकरण ।
- पर्यटन, उद्योग र व्यापार क्षेत्रको विकास ।
- आधारभूत शिक्षा तथा स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रको विकास ।
- सुशासन प्रवर्द्धन ।
- सडक तथा अन्य भौतिक पूर्वाधार विकास ।
- प्राकृतिक स्रोत र वातावरण संरक्षण ।

उल्लिखित प्राथमिकताहरूको अनुसरणले योजनाको उद्देश्य हासिल गर्न सघाउ पुग्नेछ ।

## २.७ आर्थिक वृद्धि दरको लक्ष्य र स्रोत साधनको व्यवस्था

### २.७.१ आर्थिक वृद्धि दर

देशको विकासका लागि आर्थिक वृद्धि दर बढाउनुपर्ने आवश्यकता र उपलब्ध साधन स्रोतलाई ध्यानमा राखी यस योजनामा आर्थिक वृद्धि दर वार्षिक औसत ६.० प्रतिशत हुने लक्ष्य निर्धारण गरिएको छ। कुल आर्थिक वृद्धिदरमा कृषि क्षेत्रतर्फ ४.५ प्रतिशत र गैर कृषि क्षेत्रतर्फ ६.७ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस योजना अवधिमा मुद्रास्फीतिको वृद्धि दर वार्षिक औसत ७.० प्रतिशत हुने लक्ष्य छ। यस आर्थिक वृद्धि दरबाट देशको प्रतिव्यक्ति आय वार्षिक सरदर ४.६ प्रतिशतको दरले वृद्धि हुनेछ । त्यस्तै रोजगारी प्रतिवर्ष औसत ३.२ प्रतिशतको दरले वृद्धि हुनेछ । हालसम्म गरिबी न्यूनीकरणमा भएको उपलब्धिको प्रवृत्ति, रोजगारी विस्तार तथा लक्षित कार्यक्रमहरूको प्रभावकारिताका आधारमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने लक्ष्य रहेको छ ।

- योजना अवधिमा कृषि क्षेत्रको व्यावसायीकरण निजी क्षेत्रको लगानी आकर्षण गर्ने, सहकारीकरणको प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिंचाइ, कृषि सडक, कृषि ऋण, अनुसन्धान तथा प्रविधि प्रसार, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकासमा जोड दिइनेछ ।

- औद्योगिक वातावरणमा सुधार ल्याउन नयाँ औद्योगिक व्यवसाय ऐन लगायत आवश्यक नीतिगत र प्रक्रियागत सुधार गरिनेछ । औद्योगिक एवं व्यावसायिक पूर्वाधारको विकास, लघु, साना, घरेलु तथा मझौला उद्योगहरूको विस्तार र प्रवर्द्धन, औद्योगिक शान्तिको प्रत्याभूति र खनिजजन्य उद्योगमा विशेष ध्यान पुऱ्याई विद्यमान उद्योगहरूमा वास्तविक क्षमताको पूर्ण उपयोग गर्ने वातावरणको सृजना गरिनेछ ।

- निजी क्षेत्रको संलग्नतामा समेत केही विद्युत आयोजनाहरूको निर्माण सम्पन्न हुने र सरकारी लगायत अन्य स्रोतबाट प्राप्त हुने ऊर्जाबाट विद्युत् क्षेत्रको वृद्धि दर वार्षिक औसत ८.२ प्रतिशत हुने लक्ष्य राखिएको छ । निर्माणतर्फ नयाँ र राष्ट्रिय महत्त्वका पूर्वाधारहरूको निर्माण तथा विस्तार हुने सबै जिल्ला सदरमुकाममा सडक पुग्ने, राष्ट्रिय गौरवका आयोजनाहरूमा लगानी वृद्धि हुने र भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रको संलग्नता अझ अभिवृद्धि हुने अनुमानका आधारमा योजना अवधिमा विद्युत उत्पादनतर्फ वार्षिक औसत वृद्धि दर ५.५ प्रतिशत हुने अनुमान गरिएको छ ।

- पर्यटनका नयाँ स्थलहरू एवं सेवाको विकास गरिनुको साथै पर्यटन विकासका संरचनात्मक बाधा हटाउन नीतिगत एवं संस्थागत सुधारबाट यस क्षेत्रको वार्षिक औसत वृद्धि दर ८.६ प्रतिशत हुने लक्ष्य राखिएको छ ।

- यातायात, भण्डारण तथा सञ्चार क्षेत्रमा सरकारी क्षेत्रबाट उच्च लगानी गरिने र नीतिगत सुधारबाट निजी क्षेत्रको पनि लगानी अभिवृद्धि हुने अपेक्षा गरिए अनुसार यस क्षेत्रको वृद्धि दर वार्षिक औसत ८.४ प्रतिशत हुने लक्ष्य राखिएको छ ।

- लगानीको वातावरणमा सुधार आउने र विप्रेषणमा वृद्धि हुने भएकोले वित्तीय क्षेत्र अन्तर्गत वित्तीय मध्यस्थतातर्फको वृद्धि दर ६.२ प्रतिशत हुने अनुमान छ ।

- घरजग्गा कारोबारमा सुधार आई घरजग्गातर्फ ६.७ प्रतिशतले वृद्धि हुने लक्ष्य राखिएको छ । शिक्षा क्षेत्रमा सरकारी र निजी क्षेत्रको लगानी अभिवृद्धि हुने र स्वास्थ्य क्षेत्रमा समेत लगानी अभिवृद्धि गर्न जोड दिइने भएकोले यी क्षेत्रहरूमा क्रमशः ८.२ प्रतिशत र ७.७ प्रतिशतले उच्च वृद्धि हुने अपेक्षा राखिएको छ । प्रशासनिक क्षेत्रतर्फको वृद्धि ५.९ प्रतिशत हुने अनुमान गरिएको छ भने अन्य सामुदायिक क्षेत्रमा सरकार र निजी क्षेत्रको लगानी विस्तारका कारण यस क्षेत्रको वृद्धि दर ९.५ प्रतिशत हुने लक्ष्य राखिएको छ ।

## तालिका २.२ : तेह्रौं योजनाको कुल गार्हस्थ उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धि लक्ष्य

(२०६९/७० को स्थिर मूल्यमा) रू. करोडमा

| | क्षेत्रहरु | औसत वृद्धि दर | आधार वर्ष २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | **४.५** | **५३,४५१.५** | **५५,७४९.९** | **५८,२५८.७** | **६१,०५५.१** |
| १.१ | कृषि तथा वन | ४.५ | ५२,७८६.९ | ५५,०५६.७ | ५७,५३४.३ | ६०,२९५.९ |
| १.२ | मत्स्यपालन | ४.५ | ६६४.६ | ६९३.२ | ७२४.४ | ७५९.१ |
| **२. गैरकृषि** | | **६.७** | **१०४,३५४.२** | **११०,६९१.३** | **११८,१२६.३** | **१२६,७७८.४** |
| **२.१ उद्योग** | | **५.४** | **२३,९२७.५** | **२५,०९१.०** | **२६,४२४.९** | **२७,९९५.३** |
| २.१.१ | खानी तथा उत्खनन | ४.७ | ९६१.६ | १,००२.९ | १,०४९.१ | १,१०२.६ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ४.७ | १०,०३१.२ | १०,४६२.५ | १०,९४३.८ | ११,५०२.० |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | ८.२ | २,०३६.८ | २,१९३.६ | २,३७१.३ | २,५८२.४ |
| २.१.४ | निर्माण | ५.५ | १०,८९७.९ | ११,४३१.९ | १२,०६०.७ | १२,८०८.४ |
| **२.२ सेवा** | | | **८०,४२६.७** | **८५,६००.३** | **९१,७०१.४** | **९८,७८३.१** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ५.६ | २२,८७४.७ | २३,९०४.१ | २५,२४२.७ | २६,९५९.२ |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | ८.६ | २,९८८.६ | ३,२३६.७ | ३,५१८.२ | ३,८३१.४ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.४ | १४,०५३.७ | १५,१६३.९ | १६,४३७.७ | १७,८८४.२ |
| २.२.४ | वित्तीय मध्यस्थता | ६.२ | ६,२१८.३ | ६,५७२.७ | ६,९७३.७ | ७,४४०.९ |
| २.२.५ | घर जग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ६.७ | १३,८५८.७ | १४,६९०.२ | १५,६८९.२ | १६,८१८.८ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ५.९ | ३,२२३.६ | ३,४००.९ | ३,६०१.६ | ३,८२४.८ |
| २.२.७ | शिक्षा | ८.२ | ९,१७३.६ | ९,८८९.१ | १०,७०९.९ | ११,६२०.३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ७.७ | २,२३२.७ | २,४००.२ | २,५८९.८ | २,७९१.८ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ९.५ | ५,८०२.८ | ६,३४२.५ | ६,९३८.७ | ७,६११.७ |

(२०६९/७० को स्थिर मूल्यमा) रू. करोडमा

| क्षेत्रहरु | औसत वृद्धि दर | आधार वर्ष २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|
| **कुल मूल्य अभिवृद्धि** | **६** | **१५७,८०५.७** | **१६६,४४१.२** | **१७६,३८४.९** | **१८७,८३३.५** |
| वित्तीय मध्यस्थता सेवा अप्रत्यक्षरूपमा | ८.२ | ५,५२०.५ | ५,९६२.१ | ६,४५७.० | ६,९९९.४ |
| **कूल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा)** | **५.९** | **१५२,२८५.२** | **१६०,४७९.१** | **१६९,९२७.९** | **१८०,८३४.१** |
| वस्तुमा अनुदान | ११.१ | १६,९७९.० | १८,८४६.७ | २०,९५७.५ | २३,१५८.१ |
| **कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा)** | **६.४** | **१६९,२६४.२** | **१७९,३२५.८** | **१९०,८८५.४** | **२०३,९९२.२** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

## २.७.२ साधनस्रोत बाँडफाँडको आधार

१. विद्युत, सूचना तथा सञ्चार, ग्रामीण ऊर्जा, सडक तथा अन्य पूर्वाधार विकासमा निजी तथा सहकारी क्षेत्रको लगानी अभिवृद्धि गर्नुका साथै यी क्षेत्रहरूमा सरकारी निजी सहकारी साझेदारी अभिवृद्धि गरी लगानी वृद्धि गरिनेछ ।

२. लगानी मैत्री वातावरण सृजना, उत्पादकत्व अभिवृद्धि तथा गुणस्तरीय वस्तु र सेवाको उत्पादन गर्दै वितरण कार्यहरूलाई प्रभावकारी बनाउने कार्यलाई प्रोत्साहन दिइनेछ ।

३. उच्च आर्थिक वृद्धि दर हासिल गरी विकासको प्रतिफलमा सवै जनताको पहुँच बढाउन र सार्वजनिक सेवालाई सुलभ बनाइ जनताले सहज ढङ्गले प्राप्त गर्नसक्ने अवस्था बनाउन संस्थागत र नीतिगत व्यवस्थामा सुधार र विस्तार गरिनेछ ।

४. राष्ट्रिय एकीकरणलाई बढावा दिने ठूला र राष्ट्रिय महत्त्व एवं गौरवका आयोजनाहरूमा लगानी बढाइनेछ ।

५. समावेशी र फराकिलो आधार भएको एवं दिगो विकासमा सहयोग पुऱ्याउने प्राथमिकताका क्षेत्रहरूमा लगानी बढाइनेछ । भौतिक पूर्वाधार विकास, सेवा प्रवाहमा प्रभावकारिता, सामाजिक सुरक्षा र अन्य आर्थिक गतिविधिमा निजी तथा सहकारी क्षेत्रको लगानी उत्प्रेरित हुने गरी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६. प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी सृजना हुने क्षेत्र, रणनीति र कार्यक्रमहरूमा लगानी केन्द्रित गरिने छ । कुनै पनि आयोजना र प्रविधिको छनौटमा रोजगारी सृजनालाई प्रमुख आधार लिइनेछ ।

७. समन्यायिक आर्थिक विकास गर्ने र खाद्य सुरक्षा एवं जीवनयापनको महत्त्वपूर्ण आधारको रूपमा रहेको कृषि क्षेत्रको विकासलाई विशेष महत्त्व दिई एकीकृत सेवा, बजारीकरण तथा उत्पादकत्व वृद्धि गर्न आवश्यक सिंचाइ सुविधाको विकास र विस्तार, उचित कृषि सामग्रीको समयानुकूल यथेष्ट आपूर्ति, कृषि सडक, कृषि ऋण,

अनुसन्धान, प्रविधि प्रसार, ग्रामीण विद्युतीकरण र बजार संयन्त्रको विकासमा जोड दिइनेछ ।

८. विकास कार्यक्रम तथा दिगो आर्थिक विकास हुने वातावरण तयार गर्नका लागि जनसमुदायलाई परिवर्तनको अनुभूति हुने तथा उपलब्ध सम्भाव्य स्रोतको अधिकतम परिचालन हुन सक्ने क्षेत्रहरूमा लगानी बढाइनेछ ।

९. गरिब तथा सीमान्त समूहको आय वृद्धि हुने तथा सशक्तीकरण गर्ने कार्यक्रम तथा रणनीतिलाई जोड दिई गरिबी न्यूनीकरणमा ठोस योगदान पुऱ्याइनेछ ।

१०. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी जनजाति, मधेसी समुदाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा एकल महिलालाई विकासको प्रक्रिया/प्रतिफलमा सहभागी गराउन जोड दिइनेछ ।

११. स्थानीय स्तरमा जनसमुदायले पहिचान र सञ्चालन गरेका आर्थिक क्रियाकलापको अभिवृद्धि आयोजनाहरूमा वित्तीय जोखिम न्यूनीकरणमा जोड दिदै रोजगारी विस्तार तथा स्थानीय स्रोत साधनको परिचालन गर्न विशेष जोड दिइनेछ ।

## २.७.३ पूँजी लगानी तथा सीमान्त पूँजी उत्पादन अनुपात

योजना अवधिमा लगानीको वातावरणमा सुधार आउने भए तापनि छोटो अवधिमा सीमान्त पूँजी उत्पादन अनुपातमा खास परिवर्तन नहुने अपेक्षा रहेको छ तापनि यस अवधिमा सीमान्त पूँजी उत्पादन अनुपात ४.९ हुने अनुमान गरिएको छ । यस आधारमा योजना अवधिमा प्रक्षेपित आर्थिक वृद्धि दर हासिल गर्न २०६९/७० को स्थिर मूल्यमा कुल स्थिर पूँजी लगानी रू. १४ खर्ब ७१ अर्ब ५७ करोड हुने अनुमान गरिएको छ यसमध्ये सरकारी क्षेत्रवाट कुल स्थिर पूँजी निर्माण रू.४ खर्ब ६४ अर्ब १ करोड हुनेछ भने निजीबाट रू. १० खर्ब ०७ अर्ब ५६ करोड हुने प्रक्षेपण गरिएको छ ।

**तालिका २.३ : पूँजी लगानीको लक्ष्य**

(२०६९/७० को स्थिर मूल्यमा) रू. करोडमा

| क्र.सं. | लगानीका क्षेत्रहरु | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | सार्वजनिक | | निजी | | योजना अवधिको जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **१. कृषि** | | | **७,०१७.३** | **१५.१** | **१५,७९३.४** | **१५.७** | **२२,८१०.७** | **१५.५** |
| १.१ | कृषि तथा वन | ३ | ६,९३०.१ | १४.९ | १५,५९७.० | १५.५ | २२,५२७.१ | १५.३ |
| १.२ | मत्स्यपालन | ३ | ८७.३ | ०.२ | १९६.४ | ०.२ | २८३.६ | ०.२ |
| **२. गैरकृषि** | | | ३९,३८३.७ | ८४.९ | ८४,९६२.४ | ८४.३ | १२४,३४६.० | ८४.५ |
| **२.१ उद्योग** | | | **७,१९१.६** | **१५.५** | **१६,६९०.५** | **१६.६** | **२३,८८२.२** | **१६.२** |
| २.१.१ | खानी तथा उत्खनन | ५ | २४.८ | ०.१ | ६८०.१ | ०.७ | ७०४.९ | ०.५ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ५ | २५९.२ | ०.६ | ७,०९४.६ | ७.० | ७,३५३.८ | ५.० |

(२०६९/७० को स्थिर मूल्यमा) रू. करोडमा

| क्र.सं. | लगानीका क्षेत्रहरु | अनुमानित सीमान्त पूँजी उत्पादन अनुपात | सार्वजनिक | | निजी | | योजना अवधिको जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | २२ | ६,९०७.६ | १४.९ | ५,०९४.८ | ५.१ | १२,००२.४ | ८.२ |
| २.१.४ | निर्माण | २ | ०.० | ०.० | ३,८२१.० | ३.८ | ३,८२१.० | २.६ |
| **२.२. सेवा** | | | **३२,१९२.०** | **६९.४** | **६८,२७१.८** | **६७.८** | **१००,४६३.९** | **६८.३** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.८ | १४८.७ | ०.३ | ११,२८७.९ | ११.२ | ११,४३६.६ | ७.८ |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | ७ | ५६५.६ | १.२ | ५,३३३.७ | ५.३ | ५,८९९.४ | ४.० |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.७ | १०,२२२.४ | २२.० | २३,१०३.२ | २२.९ | ३३,३२५.६ | २२.६ |
| २.२.४ | वित्तीय मध्यस्थता | ५.५ | ९३५.२ | २.० | ५,७८९.२ | ५.७ | ६,७२४.४ | ४.६ |
| २.२.५ | घर जग्गा, बहाल तथा व्यापारिक क्रियाकलाप | ५.५ | ०.० | ०.० | १६,२८०.४ | १६.२ | १६,२८०.४ | ११.१ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४ | २,४०५.० | ५.२ | ०.० | ०.० | २,४०५.० | १.६ |
| २.२.७ | शिक्षा | ३.५ | ४,७३४.९ | १०.२ | ३,८२८.५ | ३.८ | ८,५६३.४ | ५.८ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.९ | ३,९७५.७ | ८.६ | ९९९.९ | १.० | ४,९७५.७ | ३.४ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ६ | ९,२०४.४ | १९.८ | १,६४९.० | १.६ | १०,८५३.४ | ७.४ |
| **कुल मूल्य अभिवृद्धि** | | **४.९** | **४६,४०१.०** | **१००.०** | **१००,७५५.८** | **१००.०** | **१४७,१५६.८** | **१००.०** |

## २.७.४ सरकारी बजेट तथा सरकारी खर्च बेहोर्ने स्रोतहरु

योजना अवधिमा आर्थिक वर्ष २०६९/७० को स्थिर मूल्यमा कुल रू. ११ खर्ब ३३ अर्ब २३ करोड राजस्व सङ्कलन हुने अनुमान गरिएको छ। राजस्व प्रक्षेपण गर्दा स्थिर मूल्यमा वार्षिक औसत १३.८ प्रतिशतले वृद्धि हुने र राजस्व कुल गार्हस्थ उत्पादनको अनुपात आर्थिक वर्ष २०६९/७० मा १७.० प्रतिशत रहने अनुमानका आधारमा योजनाको अन्तिम वर्ष २०७२/७३ मा २१.१ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।

सरकारी खर्चतर्फ योजना अवधिमा आर्थिक वर्ष २०६९/७० को स्थिर मूल्यमा कुल बजेट रू. १६ खर्ब १६ अर्ब ७५ करोड हुने अनुमान गरिएको छ। चालू खर्च रू. १० खर्ब ३९ अर्ब २९ करोड हुने अनुमान गरिएको छ। आर्थिक वर्ष२०६९/७० मा चालू खर्च कुल गार्हस्थ उत्पादनको अनुपात १६.४ प्रतिशत रहने अनुमान रहेकोमा योजना अवधिमा चालू

खर्च कुल गार्हस्थ उत्पादनको १८.६ प्रतिशतमा रहने अनुमान छ। पूँजीगत खर्चतर्फ योजना अवधिमा रू. ३ खर्ब २९अर्ब ९८ करोड हुने प्रक्षेपण गरिएको छ। आर्थिक वर्ष २०६९/७० मा पूँजीगत खर्च कुल गार्हस्थ उत्पादनको ३.९ प्रतिशत रहेकोमा यसलाई वृद्धि गरी योजना अवधिमा ६.४ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

वैदेशिक सहायतातर्फ योजना अवधिमा आर्थिक वर्ष २०६९/७० को स्थिर मूल्यमा कुल रू. ३ खर्ब ४१ अर्ब ५९ करोड परिचालन गरिने अनुमान रहेको छ। यस मध्ये वैदेशिक अनुदान तर्फ रू. १ खर्ब ८९ अर्ब ४६ करोड र वैदेशिक ऋण तर्फ रू. १ खर्ब ५२ अर्ब १३ करोड परिचालन गरिने अनुमान छ। कुल गार्हस्थ उत्पादनको अनुपातमा आर्थिक वर्ष २०६९/७० मा कुल वैदेशिक सहायताको अनुपात ४.३ बाट योजनाको अन्तिम वर्षमा ५.९ पुग्ने अनुमान रहेको छ।

आर्थिक वर्ष २०६९/७० मा आन्तरिक ऋण कुल गार्हस्थ उत्पादनको २.२३ प्रतिशत रहने अनुमान रहेकोमा योजनाको अन्तिम वर्षमा २.२५ प्रतिशत रहने अनुमान गरिएको छ। यस योजनामा समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने गरी वजेटको प्रक्षेपण गरिएको छ।

**तालिका २.४ : सरकारी बजेटको प्रक्षेपण**
**(आर्थिक वर्ष २०६९/७० को स्थिर मूल्यमा)**

रू. करोडमा

| क्र.सं. | विवरण | आधार वर्ष २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | तेह्रौं योजनाको जम्मा | औसत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **१** | **कुल बजेट** | **३५८६३.८** | **४८४५२.३** | **५३६००.६** | **५९६२२.४** | **१६१६७५.३** | **१३.८** |
| **२** | **कुल राजस्व** | **२९७९४.२** | **३३०७१.०** | **३७५५८.७** | **४२६९३.२** | **११३३२२.९** | **१३.८** |
| **३** | **वैदेशिक अनुदान** | **३५२३.०** | **५९१२.८** | **६२१६.६** | **६८१६.१** | **१८९४५.५** | **१३.२** |
| **४** | **कुल खर्च** | **३०२०५.४** | **४०६४८.६** | **४५५६५.०** | **५०७१२.७** | **१३६९२६.३** | **१३.७** |
| - | चालू खर्च | २४७४५.५ | ३१५८९.७ | ३४६४९.६ | ३७६८९.४ | १०३९२८.७ | १०.५ |
| - | पूँजीगत खर्च | ५४५९.८ | ९०५८.९ | १०९१५.४ | १३०२३.३ | ३२९९७.६ | २५.३ |
| **५** | **बजेट बचत (-घाटा)** | **-३१११.८** | **-१६६४.८** | **-१७८९.७** | **-१२०३.४** | **-४६५७.९** | **१२.१** |
| **६** | **वित्तीय व्यवस्था** | **२४८१.६** | **१६६४.७** | **१७८९.७** | **१२०३.४** | **४६५७.८** | **१२.१** |
| **७** | **खुद ऋण लगानी** | **११७९.७** | **२५६०.८** | **२५५०.४** | **२८६९.२** | **५७२०.२** | **२१.९** |
| - | आन्तरिक ऋण लगानी | १२५५.२ | २९९०.७ | २९६९.७ | ३२७७.३ | ६९७७.५ | १७.४ |
| - | आन्तरिक ऋण फिर्ता प्राप्ति | ७५.५ | ४२९.९ | ४१९.३ | ४०८.१ | १२५७.३ | (२.५ |

| क्र.सं. | विवरण | आधार वर्ष २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | तेह्रौं योजनाको जम्मा | औसत वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **८** | **खुद सेयर लगानी** | **८९०.२** | **११२१.५** | **११७९.१** | **१४२८.५** | **३०४३.३** | **१८.४** |
| - | आन्तरिक सेयर लगानी | ५३५.७ | ८८७.९ | ९१७.१ | १०६१.२ | २१८०.३ | २२.५ |
| - | वैदेशिक सेयर लगानी | ३५४.५ | २३३.६ | २६२.० | ३६७.३ | ८६३.० | ९.४ |
| **९** | **खुद वैदेशिक ऋण** | **-२२२.१** | **-३००३.१** | **-३०९६.३** | **-२९७९.५** | **-१०२५१.१** | **४३.९** |
| - | वैदेशिक ऋण साँवा भुक्तानी | १४१९.० | १९६२.६ | २००८.९ | २१६३.२ | ४९६२.५ | १०.९ |
| - | वैदेशिक ऋण | ११९६.९ | ४९६५.७ | ५१०५.२ | ५१४२.७ | १५२१३.६ | २५.८ |
| **१०** | **खुद आन्तरिक ऋण** | **१८९.७** | **-२३४३.९** | **-२४२२.९** | **-२५२१.६** | **-८१४८.३** | **३.१** |
| - | आन्तरिक ऋण साँवा भुक्तानी | २०९४.० | १७२९.० | १८७७.९ | २०४०.७ | ४७८७.७ | १०.८ |
| - | आन्तरिक ऋण | १९०४.३ | ४०७२.९ | ४३००.८ | ४५६२.३ | १२९३६.० | ६.३ |

स्रोत : अर्थ मन्त्रालय ।

## २.७.५ लगानीबाट समष्टिगत अर्थतन्त्रमा पर्ने प्रभाव

यस योजनामा उच्च, फराकिलो तथा दिगो आर्थिक वृद्धि गर्नको लागि आवश्यक लगानीको वातावरण सृजना भई रोजगारी विस्तार हुनुका साथै आर्थिक स्थायित्व कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । देशको समष्टिगत आर्थिक परिसूचकहरूमा, सरकारको कुल राजस्व परिचालन आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ उत्पादनको १७.० प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्ष आर्थिक वर्ष २०७२/७३ मा २१.१ प्रतिशत पुग्ने अनुमान छ। सरकारको कुल बजेट आर्थिक वर्ष २०६९/७० मा कुल गार्हस्थ उत्पादनको २३.८ प्रतिशत रहेकोमा योजनाको अन्तिम वर्षमा २९.५ प्रतिशत पुग्नेछ । चालू खर्च १६.४ प्रतिशतबाट बढेर १८.६ प्रतिशत पुग्ने र पूँजीगत खर्च ३.९ प्रतिशतबाट बढेर ६.४ प्रतिशत पुग्ने अनुमान गरिएको छ । त्यस्तै वैदेशिक सहायता ४.३ प्रतिशतबाट बढेर ५.९ प्रतिशत पुग्ने र आन्तरिक ऋण २.२५ प्रतिशत पुग्ने अनुमान छ । कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल स्थिर पूँजी लगानी २१.२ प्रतिशतबाट वृद्धि भई २७.९ प्रतिशत पुग्ने अनुमान छ ।

**तालिका २.५ : तेह्रौं योजनाको प्रक्षेपित लगानी, सरकारी खर्च र यसका स्रोतहरु**

(कुल गार्हस्थ उत्पादनको अनुपातमा)

| क्र. सं. | विवरण | आर्थिक वर्ष २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य (२०७२/७३ मा) |
|---|---|---|---|
| **१** | **कुल लगानी (मौज्दात परिवर्तन समेत)** | **३६.९** | **४०.८४** |
| **२** | **कुल स्थिर पूँजी लगानी** | **२२.६** | **२७.८९** |
| - | निजी क्षेत्र | **१८.४** | १९.१६ |
| - | सार्वजनिक क्षेत्र | **४.२** | ८.७३** |
| **३** | **मौज्दातमा परिवर्तन** | **१४.३** | **१२.९४** |

| क्र. सं. | विवरण | आर्थिक वर्ष २०६९/७० को स्थिति | तेह्रौं योजनाको लक्ष्य (२०७२/७३ मा) |
|---|---|---|---|
| ४ | **कुल राष्ट्रिय बचत** | **४०.३** | **४१.०** |
| ५ | **वैदेशिक सहायता** | **२.८** | **५.९१** |
| - | अनुदान | २.१ | ३.३७ |
| - | ऋण | ०.७ | २.५४ |
| ६ | **कुल बजेट** | २१.२ | **२९.४७** |
| ७ | **कुल राजस्व** | **१७.६** | **२१.१** |
| ८ | **वैदेशिक अनुदान** | **२.१** | **३.३७** |
| ९ | **कुल खर्च** | **१७.८** | **२५.०६** |
| - | चालू खर्च | १४.६ | १८.६३ |
| - | पूँजीगत खर्च | ३.२ | ६.४४ |
| १० | **वजेट बचत (-) घाटा (+)** | १.८ | ०.५९ |
| ११ | **वित्तीय व्यवस्था** | १.५ | ०.५९ |
| १२ | **खुद ऋण लगानी** | **०.७०** | **१.४२** |
| — | आन्तरिक ऋण लगानी | ०.७४ | १.६२ |
| — | आन्तरिक ऋण फिर्ता प्राप्ति | ०.०४ | ०.२ |
| १३ | **खुद सेयर लगानी** | **०.५३** | **०.७१** |
| — | आन्तरिक सेयर लगानी | ०.३२ | ०.५२ |
| — | वैदेशिक सेयर लगानी | ०.२१ | ०.१८ |
| १४ | **खुद वैदेशिक ऋण** | ०.१३ | **१.४७** |
| — | वैदेशिक ऋण साँवा भुक्तानी | ०.८४ | १.०७ |
| — | वैदेशिक ऋण | ०.७१ | २.५४ |
| १५ | **खुद आन्तरिक ऋण** | ०.११ | **१.२५** |
| — | आन्तरिक ऋण साँवा भुक्तानी | १.२४ | १.०१ |
| — | आन्तरिक ऋण | १.१३ | २.२५ |

स्रोत : अर्थ मन्त्रालय ।

** सार्वजनिक संस्थानहरूको लगानीसमेत जोडिएको तथा यो योजना अवधिमा सरकारी लगानी निजी क्षेत्रलाई प्रश्रय पुग्ने पूर्वाधारहरूको विकासमा केन्द्रित हुने हुँदा सरकारी लगानीको वृद्धि दर बढी अनुमान गरिएको ।

## २.८ विकासमा विभिन्न क्षेत्रको भूमिका

जनसहभागिता बिना गरिएको विकास प्रयासले अपनत्व पाउन सक्दैन । यसर्थ जनताको स्वस्फूर्त सहभागिता अनिवार्य र अपरिहार्य हुन्छ । उनीहरूको बढ्दो इच्छा आकाङ्क्षालाई सम्बोधन गर्न सरकारको सीमित स्रोत र साधन पर्याप्त नहुने हुँदा राष्ट्रको सम्पूर्ण विकासको जिम्मेवारी प्राथमिक रूपमा सरकारकै भए पनि मुलुकको विकास प्रयासमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय लगायत सामुदायिक संस्थाहरूलाई समेत सरकारको साझेदारको रूपमा हेरिनु पर्दछ । यी क्षेत्रहरूको विकास र यिनको भूमिका तथा काम, कर्तव्य स्पष्ट हुनु जरुरी छ ।

### २.८.१ सार्वजनिक क्षेत्र

सरकार मुलुकको विकासको प्रमुख संयन्त्र हो । यसर्थ निजी क्षेत्र तथा अन्य गैर सरकारी क्षेत्रहरूको समेत सहकार्यमा सरकारले अगुवाको भूमिका खेल्नु पर्ने हुन्छ । विकासमा मुख्य लगानी निजी क्षेत्रकै भएता पनि मुलुकको समुन्नतिका लागि सरकारले सबै निकायहरूको परिचालन गर्न वातावरण निर्माण गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा सरकारको भूमिका देहाय बमोजिम रहनेछ :

१. मुलुकको शान्ति सुरक्षाको व्यवस्थापन गर्ने र निष्पक्ष न्याय प्रणालीको अनुभूति जनतालाई दिलाउने ।

२. दीर्घकालीन विकासको अवधारणा बमोजिम दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने ।

३. निजी क्षेत्रको विकास र लगानी अभिवृद्धि गर्न आवश्यक नीतिगत, संस्थागत र कानुनी व्यवस्था गर्ने र निजी क्षेत्र आकर्षित नहुने क्षेत्रको भौतिक सामाजिक पूर्वाधार विकास गर्ने ।

४. वैदेशिक रोजगारमा जाने युवाहरूलाई मुलुकभित्रै परिचालन गर्न रोजगारीका अवसर सृजना गर्ने ।

५. वैदेशिक रोजगारमा गएर फर्केका युवाहरूद्वारा हुनसक्ने लगानीका लागि सुरक्षित वातावरण तयार गर्ने तथा सामाजिक न्याय र क्षेत्रीय सन्तुलन कायम गर्दै विकासको प्रतिफल सर्वसाधारणमा पुऱ्याउन आवश्यक नीतिगत र कार्यगत पहल गर्ने ।

६. निर्माणका कार्यक्रमहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कन र दिशा निर्दिष्ट गराउने ।

७. सरकारी कार्यालय तथा स्थानीय निकाय एवं गैरसरकारी संस्थाबाट सञ्चालित विकास कार्यक्रमहरूको समन्वय, अनुगमन तथा मुल्याङ्कन गर्दै अद्यावधिक विवरण सम्बद्ध विषयगत निकायहरूले दुरुस्त राख्ने ।

८. सुशासन अभिवृद्धि गरी जनतालाई पुऱ्याइने सेवा तथा सुविधा समयमै न्यायोचित रूपमा पाउन सक्ने अवस्था सृजना गर्ने ।

९. स्थानीय स्तरका विकास र निर्माणका कार्यहरू व्यवस्थित रूपमा सम्पादन गर्न योजना तर्जुमा, प्राथमिकीकरण तथा जनसहभागिता परिचालनद्वारा कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन कार्यलाई स्वस्फूर्त रूपमा सम्पादन गर्न आवश्यक क्षमताको विकास गर्ने ।

### २.८.२ स्थानीय निकाय

स्थानीय निकायहरूले समग्र पद्धतिको उपपद्धतिको रूपमा कार्य गर्न सक्दछन् । आधारभूत सेवाप्रवाह र पहुँच अभिवृद्धिमा स्थानीय निकायहरूले प्रभावकारी भूमिका खेल्नु पर्दछ । केन्द्रीय सरकारको प्रतिस्पर्धी नभई परिपूरक भूमिकामा रहेर स्थानीय निकायले कार्य गर्नु पर्नेछ । यस सन्दर्भमा स्थानीय निकायको भूमिका देहाय वमोजिम हुनेछ :

१. स्थानीय स्वायत्त शासन ऐन २०५५ ले तोके वमोजिम स्थानीयस्तरमा सेवाको पहुँच वृद्धि गरी सेवा सुनिश्चित गर्ने ।

२. तेह्रौं योजनाको दीर्घकालीन नीति र प्राथमिकता वमोजिम आफ्नो कार्यक्रम तर्जुमा गर्ने ।

३. स्थानीय पूर्वाधार विकास गर्ने र विकास कार्यक्रमहरूको अभिलेख राख्ने ।

४. स्थानीय आर्थिक विकासका क्रियाकलाप सञ्चालन गर्ने ।

५. स्थानीय स्तरमा रोजगारी सृजना र आय आर्जन वृद्धि गर्ने ।

६. स्थानीय सुशासन कायम गरी सहभागितामा आधारित समावेशी स्थानीय विकास पद्धति अवलम्बन गर्ने ।

७. सामाजिक परिचालन, सामुदायिक सशक्तीकरण र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

८. स्थानीय स्रोत परिचालन, राजस्व वृद्धि र वित्तीय जोखिम न्यूनीकरण गर्ने ।

९. केन्द्रीय निकायहरू, निजी क्षेत्र र गैर सरकारी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने ।

१०. स्थानीय लोकतन्त्रको सुदृढीकरण गर्ने ।

### २.८.३ निजी क्षेत्र

विश्वव्यापी रूपमा सन् १९८० को दशकमा देखापरेको आर्थिक उदारीकरणको लहरसँगै नेपाल सन् १९९० मा प्रजातन्त्रको पुन:स्थापनापछि आठौं योजनादेखि देशको आर्थिक सामाजिक क्षेत्रको विकासको लागि निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिंदै आएको हो । उदारीकरणको नीति अवलम्बनका प्रारम्भिक दिनहरूमा सकारात्मक प्रगतिको लक्षण देखिए पनि यस उपलब्धिलाई दीर्घकालीन बनाउन सकिएन । यस क्रममा सरकारी स्वामित्वमा रहेका अधिकांश बैंक, वित्तीय संस्था लगायत सार्वजनिक संस्थाहरूलाई निजीकरण गर्दै आर्थिक क्षेत्रको मेरुदण्डका रूपमा विकास गर्ने नीतिहरू अवलम्बन गरिए पनि लगानी मैत्री वातावरणको कमी तथा पूर्वाधारको अपर्याप्तताले गर्दा नेपालको निजी क्षेत्र अपेक्षित रूपमा अगाडि बढ्न सकेको छैन । मूलतः औद्योगिक असुरक्षा, ऊर्जा सङ्कट, उद्यमी र कामदारबीचको सुमधुर सम्बन्धमा ह्रास र समग्रमा राजनीतिक अस्थिरता यसका कारक हुन् ।

यस सन्दर्भमा निजी क्षेत्रको भूमिका निम्नानुसार हुनेछ :

१. विश्वव्यापीकरण र उदारीकरणको वर्तमान विश्व अर्थव्यवस्थामा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता वृद्धि गर्ने ।

२. उपभोक्ताहरूको हितलाई ध्यानमा राखी मूल्य र मान्यताको आधारमा व्यवसाय सञ्चालन गर्ने ।

३. निजी क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम तर्जुमामा सरकारलाई सहयोग पुऱ्याउने ।

४. सार्वजनिक निजी साझेदारी अवधारणाअनुरूप कार्य गर्न सहयोग पुऱ्याउने ।

५. लगानीकर्ता र श्रमिकहरूबीच राम्रो सम्बन्ध विकास गर्ने र बालश्रम निराकरणमा सहयोग पुऱ्याउने ।

६. वस्तु र सेवाहरूको गुणस्तर अभिवृद्धि गर्न र सुलभरूपमा वस्तु र सेवा उपलब्ध गराउन सहयोग पुऱ्याउने ।

७. बजारमुखी अर्थ व्यवस्थाको अवधारणा अनुरूप कार्य गराउन सहयोग पुऱ्याउँदै संगठित सामाजिक उत्तरदायित्व निर्वाह गर्ने ।

८. सरकारले नियमित रूपमा गर्ने बजार अनुगमन कार्यमा सहयोगी भूमिका निभाउने ।

९. गरिबी निवारण र भौतिक तथा सामाजिक पूर्वाधार क्षेत्रमा लगानी वृद्धि गर्न सहयोग पुऱ्याउने ।

१०. वातावरण मैत्री कार्य तथा संरचनाको माध्यमबाट दिगो विकासमा सहयोग पुऱ्याउने ।

### २.८.४ सहकारी क्षेत्र

अर्थतन्त्रमा सहकारी क्षेत्रको भूमिका निम्नानुसार हुनेछ :

१. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रूपमा परिचालन गर्ने गरी सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख स्तम्भका रूपमा स्थापित गर्ने ।

२. शहरी तथा ग्रामीण क्षेत्रमा स्वरोजगारी तथा रोजगारी सृजना गर्दै गरिबी घटाउने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने ।

३. विपन्न, महिला तथा अन्य लक्षित वर्गको जीवन स्तर उकास्नका लागि रोजगारी तथा स्वरोजगारीमा पहुँच अभिवृद्धि गर्ने ।

४. सहकारी क्षेत्रका उद्योग, व्यवसाय उत्पादनमूलक क्रियाकलापहरू मार्फत आर्थिक वृद्धि तथा राष्ट्रिय विकासमा योगदान पुर्‍याउने ।

५. ग्रामीण क्षेत्रमा आफ्ना सदस्यहरूलाई बचत परिचालनमा सहभागी गराई वित्तीय

### २.८.५ गैरसरकारी संस्थाहरु

नेपालको विकास प्रयासको पछिल्लो चरणमा गैरसरकारी संस्थाहरूको योगदान महत्त्वपूर्ण रहिआएको छ । यस तेह्रौं योजनाको कार्यान्वयनमा सहयोग पु¥याउन गैरसरकारी संस्थाहरूको भूमिका देहाय बमोजिम हुनेछ :

१. तेह्रौं योजनाले निर्दिष्ट गरेका प्राथमिकीकरणका क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गरी आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवन स्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउन मद्दत गर्ने ।

२. सामाजिक सुधार, मानवीय विकास, जनचेतना जागरण, सीप अभिवृद्धिलगायत महिला सशक्तीकरण, अपाङ्ग, दलित र जनजातिको मूलप्रवाहीकरण एवं असहायको सुरक्षाजस्ता कार्यहरू गर्ने, गराउने ।

३. उत्पादनशील रोजगारी अभिवृद्धि कार्यमा सहयोग पु¥याउन सामाजिक परिचालनद्वारा सिप विकास र रोजगार सृजनाका कार्यक्रम सञ्चालन गर्ने ।

४. गरिबी निवारण, सामाजिक चेतना अभिवृद्धि, वातावरण संरक्षणलगायत विकास निर्माण एवं आय आर्जन वृद्धि र सामाजिक परिचालनजस्ता कार्यहरू स्थानीय निकायसंगको सहकार्यमा सञ्चालन गर्ने ।

५. नियमित कार्यमा उत्तरदायित्व तथा पारदर्शिता कायम गर्ने ।

## परिच्छेद : ३
# समष्टिगत आर्थिक नीति

## ३.१ बचत

### १. पृष्ठभूमि

उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धिको मूल आधारशीलाको रूपमा रहेको लगानी परिचालन गर्न बचतमा वृद्धि हुनु अपरिहार्य हुन्छ । नेपालमा विगत पाँच वर्षको औसत कुल राष्ट्रिय बचत कुल गार्हस्थ उत्पादनको ३८ प्रतिशतसम्म भएता पनि कुल गार्हस्थ बचत कुल गार्हस्थ उत्पादनको ११ प्रतिशत मात्र छ । पछिल्ला वर्षहरूमा विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारण कुल गार्हस्थ उत्पादनमा कुल राष्ट्रिय बचतको अनुपात उच्च रहेको छ । साथै यसले राजस्व वृद्धिमा टेवा पुऱ्याउँदै वैदेशिक मुद्रा संचितीलाई लगभग एक वर्षको आयात धान्न सक्ने स्थितिमा पुऱ्याए पनि विप्रेषणको अधिकांश रकम आयातित उपभोगमा खर्च भैरहेको छ ।

### २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजनाको सुरु आर्थिक वर्ष २०६७/६८ मा कुल गार्हस्थ उत्पादनको १४.० प्रतिशत रहेको कुल गार्हस्थ बचत योजनाको अन्तिम वर्षमा उल्लेख्य ह्रास आई १०.१ प्रतिशतमा सीमित हुन पुगेको छ । योजना अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ बचत कुल गार्हस्थ उत्पादनको ११.२ प्रतिशत पुग्ने लक्ष्य तय गरिएकोमा पहिलो वर्ष लक्ष्य हासिल भए तापनि तत्पश्चात्का वर्षहरूमा लक्ष्य प्राप्त हुन सकेन, जसको मूल कारण उपभोगमा भएको वृद्धि नै हो । त्यसैगरी, आधार वर्ष २०६७/६८ मा कुल गार्हस्थ उत्पादनको ३७.० प्रतिशत रहेको कुल राष्ट्रिय बचत योजनाको अन्तिम वर्ष २०६९/७० मा ४०.३ प्रतिशत कायम भएको छ जुन त्रिवर्षीय योजनाले निर्धारण गरेको लक्ष्य ४१.१ को तुलनामा कम हुनु हो । विप्रेषण आप्रवाहमा भएको वृद्धिसँगै खुद ट्रान्सफरमा उल्लेख्य वृद्धि भए तापनि खुद साधन आयमा ह्रास आएको एवं कुल उपभोगमा वृद्धि भएकोले कुल राष्ट्रिय बचतको लक्ष्य प्राप्त हुन नसकेको हो ।

### ३. समस्या तथा चुनौतीहरु

बढ्दो उपभोग प्रवृत्तिका साथै सेयर, डिबेन्चर, सरकारी ऋणपत्र लगायतका वित्तीय उपकरणहरूको अपेक्षित स्तरमा विस्तार हुन नसक्नु, ग्रामीण भेगमा अझै पनि आवश्यक वित्तीय पहुँच पुग्न नसक्नु, बचत गर्ने बानी विकसित हुन नसक्नु, बचतका लागि उत्प्रेरित गर्न सक्ने संस्थागत विकास पर्याप्त नहुनु, स-साना बचतकर्तालाई बैंक तथा वित्तीय संस्थाहरूले प्रोत्साहित गर्न नसक्नु र बचतलाई लगानी गरी प्रतिफल लिने क्षेत्रहरू प्राप्त हुन नसक्नु जस्ता कारणहरू नै बचत परिचालनका समस्या तथा चुनौतीका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

राष्ट्रिय बचत परिचालनको माध्यमबाट थप स्वदेशी लगानी अभिवृद्धि गरी दिगो आर्थिक विकास हासिल गर्न टेवा पुऱ्याउने ।

## ५. उद्देश्य

जनताको बचत गर्ने क्षमता अभिवृद्धि गरी कुल गार्हस्थ बचत वृद्धि गर्न सर्वसाधारणको उपभोग प्रवृत्तिमा क्रमिक परिर्वतन ल्याउने ।

## ६. रणनीति

१. विभिन्न अवसरहरूलाई बढाएर जनतालाई बचततर्फ उत्प्रेरित गर्ने ।

२. वित्तीय बजारको समूचित विकास गरी बचत परिचालनमा वृद्धि गर्ने ।

३. सर्वसाधारणको वित्तीय पहुँचमा अभिवृद्धि गरी लगानी अभिवृद्धिमा प्रोत्साहित गर्ने ।

## ७. कार्यनीति

१. जनतामा बैंकिङ बानीको विकास गर्न चेतनाको विकास, बैंकिङ शिक्षालगायत वित्तीय साक्षरता कार्यक्रम ल्याइनेछ। (१)

२. वित्तीय बजारको विकासका लागि सेयर, ऋणपत्र तथा अन्य बजारयोग्य उपकरणहरूको कारोबार काठमाडौंका अतिरिक्त अलावा अन्य मुख्य शहरहरूबाट समेत हुने व्यवस्था मिलाइनेछ । (२)

३. वित्तीय उपकरणले ओगटेको बजारको दायरालाई अझ विस्तार गरिनेछ । साथै सामुहिक कोष (Mutual Fund) योजनालाई थप विकास गरिनेछ । (२)

४. सम्झौतीत बचत परिचालन गर्ने कर्मचारी सञ्चय कोषको सक्षमता अभिवृद्धि गरी थप लगानी योग्य कोष परिचालन गरिनेछ । (२)

५. सम्झौतीत बचत परिचालन गर्ने नागरिक लगानी कोषलाई थप सुदृढ बनाइ निजी क्षेत्रको सहभागितामा विस्तार गरिनेछ तथा यस्तै प्रकृतिका नयाँ कोषहरूको स्थापना गर्दै लगिनेछ । (२)

६. जनतामा वित्तीय पहुँच वृद्धि गर्न बैंक, वित्तीय तथा लघुवित्त संस्थालाई ग्रामीण स्तरमा सेवा पुऱ्याउन अभिप्रेरित गरिनेछ । (३)

७. वैदेशिक रोजगारीपत्रमा लगानी बढाउन प्रोत्साहित उन्मुख कार्यक्रम सञ्चालन गरिनेछ । (३)

## ८. अपेक्षित उपलब्धि

योजनाको अन्तिम वर्षसम्ममा कुल गार्हस्थ बचत कुल गार्हस्थ उत्पादनको १३.० तथा कुल राष्ट्रिय बचत कुल गार्हस्थ उत्पादनको ४१.० प्रतिशत पुगेको हुनेछ ।

## ३.२ सरकारी वित्त

### ३.२.१ राजस्व

#### १. पृष्ठभूमि

राजस्व परिचालनलाई फराकिलो र उच्च बनाई सुदृढ सार्वजनिक वित्त प्रणालीको विकास गर्नु राजस्व नीतिको मूल उद्देश्य रहेको छ । सरकारी खर्चको बढ्दो मागलाई आन्तरिक स्रोतबाट पूरा गर्न सकेमा वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न सकिने हुन्छ ।

#### २. अद्यावधिक स्थिति

आर्थिक वर्ष २०६९/७० मा कुल सरकारी खर्चको ८३.३ प्रतिशत अंश बेहोर्न सफल राजस्वको संकलन लक्ष्यको तुलनामा सन्तोषजनक रूपमा भैरहेको छ । त्यसरी संकलित राजस्व कुल गार्हस्थ उत्पादनको १७.५ प्रतिशत पुग्नुका साथै पछिल्लो तीन वर्षको औसत वृद्धि दर १८.५ प्रतिशत रहेको छ । कुल राजस्व मध्ये मूल्य अभिवृद्धि करको अंश झण्डै एकतृतीयांश रहेको छ भने पछिल्ला वर्षहरूमा आयकरबाट उठ्ने राजस्व भन्सार महशुललाई उछिनेकोले आन्तरिक राजस्व संकलनको आधार बलियो हुँदै गएको छ ।

आन्तरिक राजस्व वृद्धि हुँदै जानुमा आर्थिक वर्ष २०६६।०६७ लाई “कर सहभागिता” वर्षको रूपमा लिई करको दायरा विस्तार गरिएबाट गत योजना अवधिमा परेको सकारात्मक प्रभाव एवं गत योजना अवधिलाई “कर कार्यान्वयन अभियान” वर्षको रूपमा लिई करको दायरा विस्तार र कानुनी कारवाहीले भूमिका खेलेको अवस्था छ । त्यसैगरी कर प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग बढाईएको (Online registration, e-filing nufotsf e-system कार्यान्वयनमा आएको), पूराना बक्यौता तालिकीकरण गरी प्राथमिकताका साथ असूली गर्ने कार्यलाई अघि बढाइएकोकारणले समेत राजस्व संकलनमा वृद्धि भएको छ । साथै स्वयम् कर निर्धारण प्रणालीमा भएको विस्तार, जोखिममा आधारित प्रशासनिक निगरानी, कर्मचारीहरूलाई वस्तु वर्गीकरण सम्बन्धी अन्तर्राष्ट्रिय स्तरको तालिम उपलब्ध गराइनुका साथै वस्तु वर्गीकरण र मुल्यांकनमा कार्यालयहरूलाई विशेष सजग गराई भन्सार मूल्यांकन प्रणाली सुधारमा ध्यान दिई वास्तविक कारोबार मूल्यलाई स्थापित गर्ने प्रयास गरिएको छ । नेपाल विश्व व्यापार संगठनको सदस्य भएपछि उक्त संगठन र विश्व समुदाय समक्ष गरेका प्रतिबद्वता अनुरूप भन्सार सम्बन्धी कानुनमा सुधार र राजस्वका दरहरूमा समेत परिमार्जन भएको छ ।

#### ३. समस्या तथा चुनौतीहरु

राजस्व प्रशासनमा अझै दीर्घकालीन सोच सहितको राजस्व सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन गर्ने स्थायी संस्थागत संयन्त्रको स्थापना हुन नसक्नु, करको आधार फराकिलो बनाउन नसकिनु, उद्धेश्यगत तादम्यता अनुकूल भारित लक्ष्य निर्धारण गर्न नसकिनु, कर सम्बन्धी अनुसन्धान कार्यलाई गहिराइमा पुऱ्याउन नसक्नु, कर राजस्वमा प्रत्यक्ष करको योगदान बढाउन नसक्नु, कर शिक्षालाई प्रभावकारी बनाउन नसक्दा स्वेच्छिक कर परिपालनको अभाव रहनु, राजस्व बक्यौता प्रत्येक वर्ष बढ्दै जानु, राजस्व छुटलाई

व्यवस्थित गर्न नसकिनु, कर कानुनहरूलाई अन्तर्राष्ट्रिय अभ्यास एवं नवीनतम प्रविधि अनुरूप परिवर्तन गर्न नसकिनु, करको दायरामा नआउने वा आएर पनि न्यून सहभागिता जनाउने वा कर दायित्व पूरा गर्न नचाहने वर्गमाथि पर्याप्त छानबिन तथा अनुसन्धान गरी कडा कारवाही गर्न नसकिनु, यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् । साथै भन्सार मूल्यांकनलाई यथार्थपरक बनाउन नसकिनु, चोरी पैठारी नियन्त्रण हुन नसक्दा कर चुहावट र छलिलाई नियन्त्रण गर्न कठिन हुनु, संयुक्त सीमा व्यवस्थापनको अवधारणा अनुरूप भन्सार प्रशासनलाई रूपान्तरण गर्न नसकिनु, राजस्व प्रशासनमा पूर्ण रूपमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु, दीर्घकालीन राजस्व नीति बन्न नसक्दा कर कानुनहरूमा हरेक वर्ष राजस्व छुटका प्रावधानहरू समावेश हुँदै जानु आदि समेत समस्याको रूपमा रहेका छन् ।

राजस्व परिचालन गर्ने सन्दर्भमा करदाता मैत्री कर प्रशासन बनाउने, कर परिचालनको लागत घटाउने, व्यावसायिक लागत (cost of doing business) घटाउने, राजस्व चुहावट नियन्त्रण गर्ने, राजस्व प्रशासनका कार्यालयहरूलाई विद्युतीय माध्यमसँग आबद्ध गरी सुशासन कायम गर्ने, समन्वय कायम गर्ने, वास्तविक कारोबार मूल्यको आधारमा भन्सार मूल्यांकन प्रणालीलाई रूपान्तरण गर्ने, सम्पत्ति शुद्धीकरण निवारण ऐनलाई कार्यान्वयनमा ल्याउने, अनौपचारिक अर्थतन्त्रलाई वाञ्छित सीमामा ल्याउने, राजस्व प्रशासनलाई स्वायत्त निकायको रूपमा रूपान्तरण गर्ने, कर शिक्षालाई प्रभावकारी बनाउने र कर परिपालनाको लागि सबै नागरिकहरूलाई प्रेरित गरी आफुले तिरेको करको वास्तविक उपयोगको प्रत्याभूति दिने जस्ता राजस्व प्रशासनले सामना गर्नुपरेका चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

सघन, स्वच्छ र पारदर्शी आर्थिक क्रियाकलापको जगमा व्यापक आन्तरिक स्रोत परिचालन गर्ने ।

## ५. उद्देश्य

स्वैच्छिक कर सहभागिता बढाउन गुणस्तरीय सेवा तथा कर कानुनको समयसापेक्ष परिमार्जन एवं कार्यान्वयन सुनिश्चित गरी व्यापार सहजीकरणको वातावरण निर्माण गर्दै कर प्रणालीको कार्यकुशलता तथा प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. कर नीति तथा कर कानुनको कडाईका साथ कार्यान्वयनमा जोड दिने ।

२. स्वैच्छिक कर सहभागिताको माध्यमबाट करको आधार र दायरा विस्तार गर्ने ।

३. राजस्व प्रशासनको वर्तमान सङ्गठनात्मक संरचनामा पुनरवलोकन गरी सङ्गठन प्रणालीलाई आधुनिक प्रविधियुक्त बनाउने र सक्षम मानव संसाधन परिचालन गर्ने ।

४. भन्सार प्रशासनको आधुनिकीकरण, ऐन, नियमको परिपालना गराई वैधानिक व्यापारलाई सहजीकरण गर्दै राजस्व परिचालनमा योगदान दिने ।

५. राजस्व चुहावट नियन्त्रण प्रभावकारी बनाउने र आर्थिक अपराध मुक्त आर्थिक क्रियाकलापको विकासमा योगदान पुऱ्याउने ।

६. गैरकर राजस्वका दरहरूलाई समसामयिक लागतप्रभावी र पारदर्शी बनाइ राजस्व सङ्कलनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्ने ।

७. कर व्यवस्थापनमा उद्देश्यगत तादम्यता मिलाउने ।

**७. कार्यनीति**

१. कर नीति तथा कर कानुन र कार्यप्रक्रियाहरूलाई समयानुकुल र अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुधार एवं परिमार्जन गरी कार्यान्वयन गरिनेछ । (१)

२. अधिकतम राजस्व सङ्कलनको लागि अनुसन्धान तथा राजस्व प्रक्षेपण प्रणालीको कार्यान्वयन र जोखिम व्यवस्थापन प्रणाली विकासको लागि कर सूचना सञ्जालको विकास गरिनेछ । (१)

३. राजस्व परिचालनमा निजी क्षेत्रसँगको सहकार्य अभिवृद्धि गर्न र स्वैच्छिक कर तिर्ने वातावरण बनाउन व्यावसायिक लागत कम गर्ने नीतितर्फ जोड दिइनेछ । (१)

४. करका बारेमा चेतना फैलाउन माध्यमिक तहको पाठ्यक्रममा नेपालको कर प्रणालीका बारेमा जानकारीमूलक विषय समावेश गरिनेछ । (२)

५. राजस्व प्रशासनमा सूचना, सञ्चार तथा प्रविधि सञ्जालको विकास तथा विस्तार गरी पूर्णतया विद्युतीय शासन प्रणालीको कार्यान्वयन गरिनेछ । (३)

६. अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम सूचना, सञ्चार तथा प्रविधि प्रणालीको व्यवस्थापन तथा नियमित परीक्षण गरिनेछ । (३)

७. करसम्बन्धी पेसा वैशिष्टयता विकास गर्न मानव संसाधन विकास नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै प्रशासनिक लागत न्यूनीकरण गरिनेछ । (३)

८. नेपालको कर प्रणालीलाई समसामयिक सुधार गर्न विज्ञसमेत सम्मिलित एक उच्चस्तरीय कर प्रणाली पुनरवलोकन आयोग गठन गरिनेछ । (३)

९. भन्सार प्रशासनलाई राजस्व जोखिम, सामजिक सुरक्षा र व्यापार सहजीकरण गर्ने सशक्त निकायका रूपमा रूपान्तरण गर्न भन्सार विभागको सङ्गठनात्मक संरचनामा समयानुकुल परिवर्तन गरिनेछ । (३)

१०. राजस्व प्रशासन तालिम केन्द्रको स्तरोन्नति गरिनेछ र सो केन्द्रमा अभिलेख इकाई स्थापना गरिनेछ । (३)

११. नेपाललाई प्रत्यक्ष फाइदा पुग्ने तथा लगानी प्रोत्साहन हुने मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता (DTAA) गर्ने कार्यलाई निरन्तरता दिइनेछ । (३)

१२. राजस्व अपचलन र तस्करीको सामना गर्न उच्च जोखिमका क्षेत्रमा राजस्व सशस्त्र प्रहरीको परिचालन गरिनेछ । (४)

१३. पैठारी गर्दा न्यूनतम हस्तक्षेप गरी शीघ्र जाँचपास गर्ने परिस्थिति सृजना गर्न जोखिममा आधारित जाँचपास पछिको परीक्षण कार्यान्वयन गर्न भन्सार विभागको क्षमतामा अभिवृद्धि गरिनेछ । (४)

१४. राजस्व चुहावट नियन्त्रण गर्न प्रवर्द्धनात्मक उपाय, निरोधात्मक उपाय र उपचारात्मक उपायका विधिहरू अवलम्बन गरिनेछ । (५)

१५. व्यापार विचलन हुने खालका अनधिकृत रूपमा पैठारी वा निकासी हुने बस्तुउपर नियन्त्रण गरिनेछ । (५)

१६. मालसामान ढुवानीका साधनहरूमा भौगोलिक अवस्थिति प्रणाली ९न्एक० मा आधारित अनुगमन उपकरण राख्न अनिवार्य गरिनेछ । (५)

१७. राजस्व चुहावट नियन्त्रण, विदेशी विनिमय अपचलन र सम्पत्ति शुद्धीकरण अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन वैज्ञानिक सूचना प्रणालीमा आधारित अनुसन्धान प्रक्रियामा जोड दिइनेछ । (५)

१८. सम्पत्ति शुद्धीकरणका विरुद्धमा अन्तर्राष्ट्रिय रूपमा गरिएका प्रतिबद्धताहरूलाई क्रमशः कार्यान्वयन गरिनेछ । (५)

१९. राजस्व छुटलाई व्यवस्थित वनाउन छुटका आधार र मापदण्ड तयार गरी लागू गरिनेछ । (५)

२०. गैरकर राजस्वका नयाँ क्षेत्रहरूको पहिचान, विभिन्न क्षेत्रहरूको विद्यमान करका दरहरूको पुनरवलोकन र रैकर राजस्व सङ्कलन प्रक्रियालाई सरल र व्यवस्थित बनाउन अध्ययन गरिनेछ । (६)

२१. कर परिचालनको उद्धेश्यगत भार तयार गरी करदातालगायतका नागरिकहरूलाई जानकारी गराइनेछ । (७)

### ८. अपेक्षित उपलब्धि

राजस्व कुल गार्हस्थ उत्पादनको अनुपातमा २१.१ प्रतिशत पुगेको हुने, कर विवरण तथा आय विवरण पेश नगर्ने करदाताहरूको हालको सङ्ख्यामा २५ प्रतिशतले घटेको हुने, कर प्रणालीलाई विद्युतीय प्रणालीमा विकास गरेको हुने, कर सहभागिता लागत तथा प्रशासनिक लागत घटेको हुनेछ ।

### ३.२.२ सार्वजनिक खर्च

#### १. पृष्ठभूमि

सार्वजनिक खर्चलाई प्रभावकारी उपयोग गर्दै यसलाई पारदर्शी, विश्वसनीय, जवाफदेहीपूर्ण र पूर्वानुमानयोग्य बनाउँदै लैजानु राज्यको दायित्व एवं आजको आवश्यकता हो । विगत केही वर्षदेखि राजस्व परिचालन उत्साहजनक रूपमा वृद्धि हुँदै आए पनि अझै पनि चालू खर्च प्रक्षेपित लक्ष्यभन्दा निकै बढी र पूँजीगत खर्चको अनुपात निकै कम हुँदै आएको अवस्था छ । साथै सार्वजनिक खर्चलाई नतिजासँग आबद्ध गरी सम्बद्ध निकायलाई जिम्मेवार बनाउन कठिनाई भैरहेको छ । ऊर्जाको उत्पादन तथा वितरण, सडक सञ्जालको विस्तारजस्ता क्षेत्रहरूमा गरिने सार्वजनिक खर्चले अन्य सम्बन्धित क्षेत्रहरूमा निजी क्षेत्रको लगानी पनि भित्रिने (crowding-in) प्रबल सम्भावना रहन्छ ।

#### २. अद्यावधिक स्थिति

कुल सरकारी वार्षिक विनियोजित रकम कुल गार्हस्थ उत्पादनको तुलनामा करिब २५ प्रतिशतको हाराहारीमा हुँदै आएता पनि यथार्थ खर्च लक्ष्य अनुरूप हुन सकेको छैन । गत त्रिवर्षीय योजना अवधिमा त्यस्तो खर्चलाई २५.८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा यस अवधिको औसत खर्च केवल २१.६ प्रतिशतमा सीमित रहन पुगेको छ ।

कुल खर्चमध्ये पनि ठूलो हिस्सा (करिब ५७ प्रतिशत) चालू खर्च रहेको छ । यस्तो खर्च लक्ष्यको तुलनामा सन्तोषजनक रूपमा नै भैरहेको देखिन्छ । तर कुल खर्चको करिब १५ प्रतिशतको हाराहारीमा खर्च भैरहेको पूँजीगत तर्फको खर्च पछिल्ला वर्षहरूमा लक्ष्यको तुलनामा निकै न्यून भैरहेको अवस्था गत योजना अवधिको प्रगति समिक्षाले समेत देखाउँछ । जसअनुसार त्यस्तो खर्च आर्थिक वर्ष २०६६।६७ को स्थिर मूल्यमा योजना अवधिमा रू.३ खर्ब ६४ अर्ब हुने लक्ष्य राखिएकोमा केवल रू.१ खर्ब २८ अर्ब मात्र खर्च हुन पुगेको छ । साँवा भुक्तानीतर्फ भने लक्ष्यको तुलनामा प्रगती सन्तोषजनक नै रहेको छ । योजना अवधि भित्रका वार्षिक बजेट तथा कार्यक्रम समयमा नै प्रस्तुत हुन नसकेको कारण पूँजीगत खर्चमा संकुचन हुन गएको थियो ।

#### ३. समस्या तथा चुनौतीहरु

उपलब्ध सीमित स्रोत र साधनको विनियोजन दक्षता एवं कार्यान्वयन प्रभावकारिताको कमीले सार्वजनिक खर्चको अधिकतम उपयोग एवं लाभ हासिल गर्न नसक्नु सार्वजनिक खर्च व्यवस्थापनको मुख्य समस्याको रूपमा रहेको छ । साथै, आर्थिक वर्ष सुरु हुन पूर्व बजेट तथा कार्यक्रम स्वीकृत गर्ने प्रणालीलाई स्थापित गर्न नसक्नु, आर्थिक वर्षको सुरुआती समयबाटै विकास निर्माणका कार्यहरू सञ्चालन गरी वर्षभरीको सम्पूर्ण समयावधिलाई पूर्ण उपयोग गर्न नसक्नु, प्राथमिकताका आधारमा ठूला एवं आर्थिक/सामाजिक दृष्टिकोणले महत्त्वपूर्ण रहेका पूर्वाधारमा लगानी केन्द्रित गर्न नसक्नु र स-साना एवं छरिएका कार्यक्रममा रकम विनियोजित हुनु, आर्थिक एवं प्राविधिक विश्लेषण पश्चात् कार्यान्वयनका लागि सम्भाव्य परियोजनाहरूको सूची (project bank)

को अभावमा तदर्थवादमा रहेर आयोजनाहरूको छनौट एवं कार्यान्वयन हुनु, खर्च क्षमता विश्लेषण गरी बजेट विनियोजन गर्नु भन्दा बजेट विनियोजन गरेर खर्च गर्नुपर्ने प्रवृत्ति समेतले गर्दा खर्च क्षमतामा सुधार हुन नसक्नु सार्वजनिक खर्च व्यवस्थापनमा रहेका समस्या तथा चुनौतीहरू हुन् ।

## ४. दीर्घकालीन सोच

उच्च आर्थिक वृद्धि हासिल गर्न मद्दत पुग्नेगरी सार्वजनिक स्रोत र साधनको प्रयोग गर्ने ।

## ५. उद्देश्य

१. प्राथमिकताको आधारमा शासकीय क्षमता अभिवद्धि गरी सरकारी साधन स्रोतको समुचित उपयोग गर्ने ।

२. सार्वजनिक खर्च प्रक्षेपणलाई भरपर्दो तुल्याउने ।

## ६. रणनीति

१. बजेट विनियोजन प्रक्रियालाई कुशल बनाउने ।

२. सार्वजनिक खर्च व्यवस्थालाई विश्वसनीय, जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै सञ्चालन कुशलता हासिल गर्ने ।

३. राष्ट्रिय महत्त्व र गौरवका आयोजनाहरूको छनौटका आधार तयार गरी तीनको लागि स्रोत र कार्यान्वयनलाई सुनिश्चितता गर्ने ।

४. नतिजासँग आबद्ध हुने गरी अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ।

## ७. कार्यनीति

वित्तीय उत्तरदायित्व तथा बजेट व्यवस्थापन सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

१. गैर बजेटरी निकासालाई निरुत्साहित गरिनेछ । (१)

२. बजेटको विनियोजित अंश अनिवार्य रूपमा निकासा हुने व्यवस्था गरिनेछ । (१)

३. अनुदान वितरण प्रणालीलाई उत्पादनशील र पारदर्शीरूपमा उपयोग गर्न राष्ट्रिय अनुदान नीति तर्जुमा गरिनेछ । (२)

४. सार्वजनिक खर्चलाई एकल खाता कोष प्रणालीमा आबद्ध गरी कोष व्यवस्थापन र लेखाङ्कन प्रतिवेदनलाई व्यवस्थित गरिनेछ । (२)

५. योगदानमूलक निवृत्तिभरण व्यवस्था लागू गरिनेछ । (२)

६. सार्वजनिक खर्च व्यवस्थालाई विश्वसनीय, जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै अर्ध वित्तीय दायित्वहरूलाई अनुशासित बनाइनेछ । (२)

७. राष्ट्रिय महत्त्व र गौरवका विकास आयोजनाहरूको छनौटको आधार तयार गरिनेछ । (३)

८. बजेट निकासा प्रणालीलाई सरल गरिनेछ । (४)

९. नतिजासँग आबद्ध हुने अनुगमन र बजेट प्रणालीमा जोड दिइनेछ । (४)

**८. अपेक्षित उपलब्धि**

समयमा बजेटको निकासा भई उत्पादनमुखी तथा लागत प्रभावी आयोजनाहरू कार्यान्वयन भएको हुनेछ । मध्यमकालीन खर्च संरचनाको निरन्तरता सहित वित्तीय उरदायित्व सम्बन्धी ऐन तर्जुमा भएको हुनेछ । सूचना प्रणालीमा आधारित बजेट तर्जुमा र कार्यक्रम स्वीकृतीको व्यवस्थाका साथै विनियोजन अनुरूपको पूँजीगत खर्च एवं निर्धारित सीमाभित्र चालू खर्च रहेको हुनेछ । योगदानमूलक निवृत्तिभरण सम्बन्धी कानुन तर्जुमा भई कार्यान्वयन हुनुका साथै अनुदान नीति तर्जुमा बेरुजु समेत घटेको हुनेछ ।

## ३.२.३ सार्वजनिक ऋण

**१. पृष्ठभूमि**

विगत केही वर्षदेखि राजस्व सङ्कलनको वार्षिक वृद्धि दर उत्साहजनक रहेको तर पूँजीगत खर्चका लागि विनियोजन गरिएको रकम खर्च हुन नसकेकाले सार्वजनिक ऋण परिचालनमा कमी हुँदै गएको भए तापनि सार्वजनिक ऋण नेपाल सरकारको न्यून वित्त परिपूर्ति गर्ने प्रमुख औजारको रूपमा रही आएको छ । वैदेशिक ऋण परिचालनमा अपेक्षित क्रियाशीलता आउन नसकेकोले आन्तरिक ऋण नै बजेट घाटा पूर्तिको महत्त्वपूर्ण स्रोतको रूपमा देखिएको छ । तर सरकारी खर्च व्यवस्थापनले आर्थिक स्थायित्व कायम गर्दै, निजी क्षेत्रको लगानी एवं निर्यात अभिवृद्धिका लागि पर्याप्त अवसर सुनिश्चित गर्न आन्तरिक र बाह्य दुवै ऋणहरूको उचित परिचालन र कुशल व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । सामाजिक तथा आर्थिक विकासका लागि साधन जुटाउन आन्तरिक एबम् बाह्य ऋण समेत परिचालन गर्ने गरिएको भए तापनि ऋण व्यवस्थापन नीति लागू गरी कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

**२. अद्यावधिक स्थिति**

कुल तिर्न बाँकी सार्वजनिक ऋणको अंक हरेक वर्ष क्रमशः वृद्धि हुँदै गएको देखिएता पनि कुल गार्हस्थ उत्पादनको तुलनामा त्यस्तो ऋणको अंश पछिल्ला वर्षहरूमा स्थिर प्रायः रहेको छ । गत त्रिवर्षीय योजनाको आधार वर्ष २०६६/६७ मा कुल गार्हस्थ उत्पादनको ३१.९ प्रतिशत रहेको सार्वजनिक ऋण योजना अवधिको अन्तिम वर्ष २०६९/७० मा ३२.१ प्रतिशत रहेको छ । साथै आन्तरिक ऋण कुल गार्हस्थ उत्पादनको २.२ प्रतिशतमा सीमित राख्ने लक्ष्य लिंईदै आईएकोमा गत योजना अवधिको औसत अनुपात २.१ रहनुका साथै आर्थिक वर्ष २०६९/७० मा केवल १.१ प्रतिशत रहन गएको छ । समग्रमा, सार्वजनिक ऋणको बोझ सापेक्षिक रूपमा कम हुने क्रममा देखिन्छ ।

## ३. समस्या तथा चुनौतीहरु

नेपालमा सार्वजनिक ऋण लगानीका लागि प्राथमिकता क्षेत्र तोक्न सकिएको छैन । यसरी क्षेत्र तोक्न नसक्दा सार्वजनिक ऋण व्यवस्थापन प्रभावकारी र नतिजामूलक बनाउन सकिएको छैन । यस क्षेत्रमा उपयोग क्षमतामा कमी हुनु, प्रतिबद्धता प्राप्त द्विपक्षीय/बहुपक्षीय ऋण प्राप्ति र सोधभर्ना लिन नसक्नु, कूल आन्तरिक ऋणमा एक वर्षसम्म भुक्तानी अवधि भएको ट्रेजरी विलको अंश धेरै हुनु, अल्पकालीन अवधिको ऋण दायित्व धेरै भइ पुनर्निष्कासनको समयमा ब्याज दर सम्बन्धी जोखिम बढेर जानु, समग्र ऋण दायित्वमा बाह्य क्षेत्रको ऋण दायित्व ६० प्रतिशतभन्दा बढी रहेको कारण बाह्य क्षेत्रको ऋणमा विदेशी विनिमयसम्बन्धी जोखिम बढी हुनु सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धमा स्पष्ट नीति तथा कानुनी व्यवस्था नहुनु आदि समस्याहरू विद्यमान छन् ।

प्राप्त आन्तरिक तथा बाह्य ऋणको एकीकृत उपलब्धि विश्लेषण गर्न सकिएको छैन । ऋणको उच्चतम उपयोग गरी राजस्व र खर्च बीच सन्तुलन कायम गर्दै ऋण भार बहन गर्न सक्ने क्षमताको विकास गर्ने, ऋणको संरचना र मिश्रण बारे विश्लेषण र व्यवस्थापन गर्ने, बढ्दो सार्वजनिक खर्चको सन्दर्भमा ऋणलाई उपयुक्त सीमाभित्र राख्ने एवं ऋणको जोखिम व्यवस्थापन कार्य चुनौतीपूर्ण रहेको छ ।

## ४. दीर्घकालीन सोच

पूँजी निर्माणमा योगदान पुग्ने गरी सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने ।

## ५. उद्देश्य

देशको विकास तथा पूँजी निर्माणमा योगदान पुग्ने गरी आन्तरिक तथा बाह्य ऋणको उपयुक्त र प्रभावकारी परिचालन गर्दै दीर्घकालीन रूपमा राष्ट्रिय ऋण भार कम गर्ने र राष्ट्रको ऋणलाई कुशल रूपमा व्यवस्थापन गर्ने ।

## ६. रणनीति

१. सार्वजनिक ऋणलाई निश्चित सीमाभित्र राख्ने ।

२. ठूला पूर्वाधार विकास र बाध्यात्मक अबस्थामा बाहेक व्यापारिक शर्तमा बाह्य क्षेत्रबाट ऋण नलिने र सरकारबाहेकका कुनै पनि निकायले लिने वैदेशिक ऋणमा सरकार जमानतमा नबस्ने ।

३. राज्य कोषको अवस्थालाई बिचार गरी बचत रकमलाई ऋण भुक्तानीमा प्रयोग गर्ने कार्यलाई प्राथमिकता दिने ।

### ७. कार्यनीति

१. समष्टिगत आर्थिक स्थायित्व कायम गर्न आन्तरिक ऋणको मात्रालाई उचित सीमाभित्र राखिनेछ । (१)

२. अधिविकर्ष नियन्त्रण गर्ने र यसलाई बजेट घाटापूर्ति गर्ने स्रोतको रूपमा उपयोग नगर्ने नीति लिइनेछ । (१)

३. ट्रेजरी बिललाई सरकारको नगद प्रवाहको अवस्था बमोजिम अल्पकालीन सार्वजनिक ऋण परिचालनका लागि मात्र प्रयोग गरिनेछ । (१)

४. सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ । (१)

५. बढी प्रतिफल दिने र राष्ट्रिय पूँजी निर्माणमा योगदान गर्ने ठूला पूर्वाधार आयोजनाहरूमा बाहेक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट व्यापारिक ऋण लिइने छैन । (२)

६. सामान्यत: सार्वजनिक संस्थान र सरकार बाहेकका अन्य कुनै पनि निकायहरूले लिने ऋणमा सरकार जमानतदाताको रूपमा बस्ने छैन । (२)

७. ऋण व्यवस्थापनमा वित्तीय अनुशासनलाई उच्च महत्त्व दिइनेछ । (३)

### ८. अपेक्षित उपलब्धि

सार्वजनिक ऋणलाई कुल गार्हस्थ उत्पादनको ३३ प्रतिशतमा सीमित राखी सरकारी कुल खर्चमा आन्तरिक ऋणको अंश योजनाको अन्तिम वर्षसम्म २.५ प्रतिशतमा सीमित रहनेछ ।

## ३.२.४ वैदेशिक सहायता

### १. पृष्ठभूमि

समग्र विकासमा अन्तर्राष्ट्रिय सहायताको महत्त्वपूर्ण भूमिका रहदै आएको छ । वार्षिक विनियोजित बजेट कुल गार्हस्थ उत्पादनको करिब २५ प्रतिशत र यथार्थ खर्च करिब २१.६ प्रतिशत रहँदै आएको सन्दर्भमा कुल विनियोजनमा वैदेशिक सहायताको उल्लेख्य हिस्सा रहेता पनि यथार्थ खर्चमा केवल १५.८ प्रतिशत योगदान रहेको छ र यो अनुपात पछिल्ला वर्षहरूमा क्रमश: घट्दो क्रममा रहेको छ ।

### २. अद्यावधिक स्थिति

वैदेशिक सहायता परिचालन गर्न सुरु गरिएको ६ दशकभन्दा बढी भइसक्दा पनि कुल राष्ट्रिय बजेटको एक तृतीयांशसम्म वैदेशिक सहायताबाट बेहोर्नुपर्ने बाध्यता रहेको छ । निरन्तरको वैदेशिक व्यापार घाटा पूर्ति गर्न पनि वैदेशिक सहायता परिचालन गरिरहनु पर्ने बाध्यता छ । एकातिर सहायता प्राप्त गर्ने कुरा विश्वव्यापीरूपमा प्रतिस्पर्धी बन्दै गएको छ । सहायता परिचालनबाट प्राप्त नतिजा/उपलब्धि स्थापित गर्न नसकिने हो भने

सहायताको परिचालनमा पनि क्रमशः कमी आउने सम्भावना देखिदैछ भने अर्को तर्फ सहायता माथि सधै भर परिरहने दुष्चक्रबाट उम्कनुपर्ने चुनौती छ । पछिल्लो विकास सहायता प्रतिवेदन अनुसार नेपाललाई प्राप्त हुने करिब ७० प्रतिशत वैदेशिक सहायतामात्र सरकारी बजेट प्रणालीमा समेट्न सकिएको छ । गैह्रसरकारी संस्थाहरू मार्फत् प्राप्त हुने वैदेशिक सहायताको यथार्थ हिसाब उपलब्ध छैन । त्यसैगरी दातृमुलुक तथा संघसंस्थाहरूबाट सोझै परिचालन भैरहेको करिब ३० प्रतिशत सहायताबाट सञ्चालित कार्यक्रम र सरकारले सञ्चालन गर्ने कार्यक्रम बीचको दोहोरोपन हटाई समन्वय कायम गर्न सकिएको छैन ।

## ३. समस्या तथा चुनौती

नेपाललाई प्राप्त हुने सबै प्रकारका बैदेशिक सहयोग बजेट प्रणालीभित्र आउन नसक्नु, सहयोग रकम खर्च गर्ने क्षमता कम रहेको, आयोजना व्यवस्थापनमा समस्याहरू रहेको खास गरी बारम्बार हुने कर्मचारीहरूको सरुवा, सोधभर्ना समयमै लिन नसक्नु, समयमै ठेक्कापट्टा हुन नसक्नु, आयोजना/कार्यक्रमका लागि सम्झौता हुनुपूर्व पर्याप्त तयारी नहुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

अन्तर्राष्ट्रिय सहयोगको ठूलो अंश स–साना आयोजना/कार्यक्रमहरूमा खर्च हुन नदिई सहायताको खण्डीकरण रोक्नुपर्ने चुनौती रहेको छ । परियोजना तर्जुमा तहमा हाम्रो क्षमता अझै पनि विकसित हुन नसकेको कारणले अधिकांश रूपमा दातामै भर पर्नु पर्ने स्थिति रहेको छ । सन् २००५ मा पेरिस घोषणापत्रमा व्यक्त गरिएका प्रतिवद्धताहरूलाई पनि हाम्रा राष्ट्रिय नीति तथा कार्यक्रम र व्यवहारमा आन्तरिकिरण गर्नु पर्ने र मुलुकको वस्तुगत अवस्था एवं प्राथमिकता र आवश्यकताका आयोजनाहरूमा वैदेशिक सहायतालाई केन्द्रित गर्ने कार्य झन् ठूलो चुनौतीको रूपमा रहेको छ ।

## ४. दीर्घकालीन सोच

वैदेशिक सहायता माथिको निर्भरतालाई क्रमशः कम गर्ने ।

## ५. उद्देश्य

१. राष्ट्रिय विकास योजना र राष्ट्रिय प्राथमिकता अनुरूप आवश्यक पर्ने वैदेशिक सहयोगको अधिकतम परिचालन गर्ने ।

२. मुलुकलाई आत्मनिर्भर र दिगो विकासका निम्ति प्राप्त वैदेशिक सहायताको अधिकतम उपयोग र उचित व्यवस्थापन गरी विकास प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. वैदेशिक सहायतालाई राष्ट्रिय बजेटमार्फत् परिचालन गर्न थप जोड दिने ।

२. बाह्य ऋणको बोझ कम गर्दै प्राप्त ऋण सहयोगलाई आर्थिक पूर्वाधार विकास, उत्पादनशील क्षेत्र र रोजगारी सृजना गर्ने क्षेत्रमा उपयोग गर्ने ।

३. वैदेशिक सहायताको परिचालन, व्यवस्थापन र समन्वयमा अझ बढी प्रभावकारिता ल्याउने ।

### ७. कार्यनीति

१. नेपाललाई प्राप्त हुने सबै प्रकारको अन्तर्राष्ट्रिय सहयोगलाई अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापनसम्बन्धी सूचना प्रणाली (AMP) मा आबद्ध गरिनेछ । (१)

२. वैदेशिक सहायतालाई वजेट प्रणालीभित्र ल्याई परिचालन गर्ने व्यवस्था मिलाइनेछ । (१)

३. परिमार्जित वैदेशिक सहायता नीति लागू गरिनेछ । यसमा वैदेशिक सहायतालाई आर्थिक पूर्वाधारहरूमा खासगरी सडक, ऊर्जा, कृषि जस्ता क्षेत्रको उपयोग गर्ने गरी व्यवस्था गरिनेछ । (२)

४. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले प्राप्त गर्ने सहयोगको विवरणलाई पारदर्शी र उत्तरदायी तुल्याउन अर्थ मन्त्रालयले सम्बन्धित सरोकारवालाहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ । (३)

### ८. अपेक्षित उपलब्धि

योजना अवधिमा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालित भएको हुने र सबै प्रकारका सहायता राष्ट्रिय प्रणाली मार्फत् परिचालित भएका हुनेछन् ।

## ३.३ अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध

### १. पृष्ठभूमि

विश्वव्यापीकरणको प्रभावबाट कुनै पनि देशको आर्थिक र सामाजिक पक्ष मुक्त रहन नसक्ने र यसबाट उत्पन्न हुने चुनौतीको सामना र प्राप्त उपलब्धिको उपयोग गर्नुपर्ने आवश्यकता छ । नेपाल संयुक्त राष्ट्र सङ्घ, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय व्यापार सङ्गठन, बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बंगालको खाडी सम्बन्धी पहल र कोलम्बो प्लानजस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घ संस्थाहरूको क्रियाशील सदस्य रही आएको छ । नेपाल आबद्ध भएका यी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय संगठनहरूमा अझ बढी आर्थिक र अन्य फाइदाहरू लिनसक्ने देखिन्छ । हाल आएर विकासका लागि आर्थिक कूटनीतिलाई अवलम्बन गर्ने कार्य पनि अपरिहार्य देखिएको छ ।

### २. अद्यावधिक स्थिति

सीमित मात्रामा विदेश स्थित नेपाली राजदुतावास र अन्य कूटनीतिक निकायहरू मार्फत् अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तार गर्नमा केही प्रयासहरू भैरहेका छन् । केही अघिसम्म विदेश स्थित नेपाली राजदुतावासहरूबाट शुद्ध कूटनीतिक क्रियाकलापहरू भैरहेकोमा

हालैका दिनहरूमा वाणिज्य महादुत तथा श्रम सहचारीहरू मार्फत् वैदेशिक व्यापारको विस्तार र विविधिकरण गर्ने, मुलुकमा वैदेशिक लगानी प्रवर्द्धन गर्ने, विभिन्न वैदेशिक गन्तव्य मुलुकहरूमा गरेको नेपाली श्रमिकहरूको हक हित संरक्षण गरी सीप र दक्षता अनुसारका रोजगारीका अवसर जुटाउने, क्षेत्रीय तथा प्रादेशिक सम्बन्ध विस्तार र पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरू भैरहेका छन् ।

### ३. समस्या तथा चुनौतीहरु

नेपाली राजदूतावास र अन्य कूटनीतिक निकाय तथा प्रतिनिधिहरूबाट भएका प्रयासहरू पर्याप्त हुन सकेका छैनन् । निजी क्षेत्रसंगको सहकार्यलाई पनि प्राथमिकताका साथ अगाडि बढाउन सकिएको छैन । त्यसैगरी, आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखी समन्वयात्मक रूपमा काम गर्ने स्थायी संयन्त्र पनि रहेको छैन । खास गरी पर्यटन, कृषि र ऊर्जाको क्षेत्रमा आउन ईच्छुक वैदेशिक लगानीकर्ता तथा विदेशमा बसोवास गरेका नेपाली मूलका व्यक्तिहरूलाई सोचेजति आकर्षित गर्न सकिएको छैन ।

### ४. दीर्घकालीन सोच

नेपालको अन्तरराष्ट्रिय पहिचानलाई अझ प्रगाढ बनाउँदै अधिकाधिक आर्थिक फाइदा लिने ।

### ५. उद्देश्य

अन्तर्राष्ट्रिय क्षेत्रीय र द्विपक्षीय सम्बन्धहरू सुदृढ गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

### ६. रणनीति

१. छिमेकी मुलुक, अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्घ संस्थासँगको सम्बन्धबाट आर्थिक तथा अन्य लाभ लिने ।

२. आर्थिक कूटनीतिलाई सबल तुल्याई आर्थिक विकासमा टेवा पुऱ्याउने ।

### ७. कार्यनीति

१. छिमेकी मुलुकहरूको द्रुत आर्थिक विकासलाई दृष्टिगत गर्दै तथा परम्परागत सम्बन्धलाई सुदृढ गर्दै नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउन उपयुक्त नीति अवलम्बन गरिनेछ । (१)

२. नेपालको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध सुदृढ गर्न गैरआवासीय नेपालीहरूको भूमिका प्रभावकारी बनाइनेछ । (१)

३. वैदेशिक प्रत्यक्ष लगानीलाई प्राथमिकता प्राप्त क्षेत्रहरूमा भित्र्याउन आवश्यक नीति अवलम्बन गरिनेछ । (१)

४. नेपालको हितका विषयमा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्बन्ध तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनलाई क्रियाशील र सुदृढ गर्न परराष्ट्र नीति तथा आर्थिक कूटनीतिलाई प्रमुख माध्यमको रूपमा प्रयोग गरिनेछ । (२)

५. आर्थिक कूटनीतिको माध्यमबाट व्यापार, लगानी, प्रविधि हस्तान्तरण, पर्यटनको प्रवर्द्धन, मानव संसाधन विकास, वैदेशिक रोजगारी प्रवर्द्धन आदिका लागि परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगको भूमिकालाई अझ प्रभावकारी बनाई परिचालन गरिनेछ । (२)

६. आर्थिक कूटनीतिको प्रभावकारी कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली दूतावास एवं नियोगमा थप दरबन्दी र स्रोत साधन उपलब्ध गराई क्षमता अभिवृद्धि गरिनेछ । (२)

### ८. अपेक्षित उपलब्धि

नेपालका कूटनीतिक नियोगहरूको सुदृढीकरणबाट नेपालको आर्थिक कूटनीतिको अभ्यास प्रभावकारी र परिणाममुखी हुने, देशमा गैरआवासीय नेपालीको लगानी वृद्धि भएको हुने र छिमेकी मुलुकहरूमा भइरहेको द्रुत आर्थिक विकासले सृजना गरेका अवसरको लाभ देशले लिएको हुनेछ ।

## ३.४ वैदेशिक प्रत्यक्ष लगानी

### १. पृष्ठभूमि

पूर्वाधार क्षेत्रको विकास र विस्तार गर्न, आधुनिक प्रविधि, व्यवस्थापकीय एवं प्राविधिक सीप भित्र्याई औद्योगिक विकासको माध्यमबाट नेपाली वस्तु र सेवाको अन्तर्राष्ट्रिय बजारमा पहुँच बढाउँदै व्यापार घाटा न्यूनीकरण गर्न तथा उच्च आर्थिक वृद्धि दर हासिल गर्दै थप रोजगारी सृजनाद्वारा गरिबी न्यूनीकरण गर्न नेपाललाई विदेशी लगानीको आवश्यकता रहेको छ । नेपाल व्यवसाय मञ्चको अवधारणा कार्यान्वयनमा आई व्यापारिक समुदाय र नीति निर्माताहरूबीच सहज जानकारी तथा सूचना आदानप्रदान भई सार्वजनिक निजी क्षेत्र बीच निरन्तर संवाद भइरहेको छ । लगानी बोर्ड क्रियाशील हुँदा ठूला लगानीकर्ताहरूको कारोबार लागत र प्रक्रिया सहज र सरल भइसकेको छ । लगानीकर्ताहरूको संरक्षणका लागि थप मुलुकहरूसँग द्विपक्षीय लगानी संरक्षण एवं प्रवर्द्धन सम्झौता र दोहोरो कर उन्मुक्ति सम्झौता गर्ने प्रक्रियाहरू अघि बढीरहेका छन् ।

### २. अद्यावधिक स्थिति

उद्योग मन्त्रालय अन्तर्गत उद्योग विभागले वैदेशिक लगानीसम्बन्धी प्रशासनिक कार्य गरिरहेको छ । हालसम्म विभिन्न ७५ भन्दा बढी मुलुकहरूबाट करिब एक खर्ब १० अर्ब बरावरको लगानी भइसकेको छ । उदारीकरणलाई मूर्तरूप दिने सिलसिलामा लगानी आप्रवाह गर्ने दिशामा अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा पूँजीगत खाता परिवर्त्य बनाइएको छ । विदेशमा लगानी प्रतिबन्ध गर्ने ऐन २०२१, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण

ऐन २०४९, औद्योगिक व्यवसाय ऐन २०४९ लाई हालको विकसित अन्तर्राष्ट्रिय पूँजीबजारको प्रवृत्ति बमोजिम बनाउने गरी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिको मस्यौदा अन्तिम चरणमा रहेको छ । कम्पनी दर्ता सम्बन्धी सबै कामकारवाहीहरूलाई विद्युतीय पोर्टल मार्फत् २४सै घण्टा सञ्चालन हुने व्यवस्था मिलाईए पछि खास गरी विदेशी लगानीकर्ताहरूलाई व्यवसाय सुरु गर्दा लाग्ने समय र लागतमा कमी आउनुका साथै प्रशासनीक झमेलाहरूबाट मुक्ती मिलेको छ ।

निर्यात प्रवर्द्धन तथा वैदेशिक लगानी आकर्षित गरी औद्योगिक क्षेत्रको विकास गर्ने ध्येय बोकेका विशेष आर्थिक क्षेत्रहरूको स्थापनाको कार्यलाई तीव्रता दिइएको छ भने भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालनको लागि तयारी अवस्थामा छ । लगानी बोर्ड ऐन, २०६८ बमोजिम ठूला उद्योग तथा पूर्वाधारहरूमा लगानी गर्न चाहने लगानीकर्ताहरूलाई सहज तरिकाले लगानी गर्नसक्ने वातावरण सृजना गर्न लगानी वोर्डको स्थापना गरी कार्यान्वयनमा रहेको छ ।

## ३. समस्या तथा चुनौतीहरु

लामो समयदेखिको राजनीतिक अस्थिरता, कमजोर श्रम सम्बन्ध, औद्योगिक पूर्वाधार तथा ऊर्जाको पर्याप्त व्यवस्था हुन नसक्नु, कमजोर लगानी मैत्री वातावरण र कानुनी जटिलताहरूले लगानी आप्रवाहमा उत्साहजनक अवस्था छैन । लगानी मैत्री नीतिगत स्थायित्व कायम गर्दै तुलनात्मक लाभका क्षेत्रमा थप लगानी आकर्षित गर्नु चुनौतीको रूपमा रहेको छ । यद्यपि तीव्र आर्थिक वृद्धि गरिरहेको छिमेकी मुलुकहरू भारत र चीनको बीचमा रहेको नेपालमा लगानी उत्साहित गर्नका लागि अवसरहरू पनि विद्यमान रहेका छन् । सोका लागि छिमेकी मुलुकहरूको अतिरिक्त अन्य विकसित एवं व्यापारिक तथा लगानी विस्तारका सम्भावना रहेका मुलुकहरूसंग दोहोरो कर मुक्ति, लगानी सुरक्षित गर्ने द्विपक्षीय तथा बहुपक्षीय संझौताहरू र प्रतिवद्धता समेतबाट मुलुकले प्रशस्त फाईदा लिने सम्भावना हुँदाहुँदैपनि राष्ट्रिय सहमती बन्न नसक्नु समस्याको रूपमा रहेको छ । क्षेत्रीय एवं विश्व व्यापार संगठनको सदस्य भई उदार अर्थप्रणाली लागू गरेको, विद्युतीय सेवाप्रवाह स्थापना गरिरहेको, लगानी मैत्री हुनेगरी कानुनी प्रावधानहरू संशोधन र तर्जुमा गर्ने प्रयासहरू भैरहेको सन्दर्भमा वैदेशिक लगानीको आप्रवाहमा वृद्धि हुने प्रशस्तै संभावनाहरू रहेता पनि त्यस्ता प्रयासहरूलाई द्रुत गतिमा सम्पन्न गर्नु चुनौतीकै रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

लगानी मैत्री वातावरणको सृजना गरी पूँजी, प्रविधि र सीप हस्तान्तरण हुने गरी विदेशी लगानीलाई विशेष प्रवर्द्धन गर्ने ।

## ५. उद्देश्य

१. लगानीको बढ्दो आवश्यकता र सीमित गार्हस्थ बचतबीचको बढ्दो असमानतालाई विदेशी पूँजी लगानीको माध्यमबाट परिपूर्ति गर्ने ।

२. विदेशी पूँजीसँगै आधुनिक प्रविधि, व्यवस्थापकीय कौशल र प्राविधिक सीपसमेत भित्र्याई भौतिक पूर्वाधारहरूको विकास गर्दै उत्पादकत्व वृद्धिको माध्यमबाट देशको प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

३. स्थानीय स्रोत, सीप र साधनलाई विदेशी लगानीसँग आबद्ध गरी सन्तुलित क्षेत्रीय विकास गर्ने ।

**६. रणनीति**

१. विदेशी लगानी भित्र्याउन लगानी मैत्री वातावरणको सृजना गर्ने ।

२. सुमधुर श्रम सम्बन्ध कायम गर्ने ।

३. निकासीमूलक उद्योगमा विशेष सुविधा दिई विदेशी लगानी आकर्षित गर्ने ।

४. प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आर्थिक कूटनीतिलाई उपयोग गर्ने ।

५. विदेशी लगानीका व्यवसायलाई पारदर्शी बनाउने ।

**७. कार्यनीति**

१. ठूला परियोजनाका लगानीहरूलाई लगानी बोर्डमार्फत् द्रुतगतिमा प्रवर्द्धन गर्दै लगिनेछ । (१)

२. गैरआवासीय नेपालीले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने व्यवस्थालाई सुदृढ बनाइनेछ । (१)

३. विदेशी पूँजी लगानी खुला नगरिएका औद्योगिक व्यवसायमा पनि प्रविधि हस्तान्तरण गर्न सकिने गरी कानुनी व्यवस्था मिलाइनेछ । (१)

४. सेवा उद्योगमा विश्व व्यापार सङ्गठनमा गरिएको प्रतिबद्धता अनुरूप विदेशी लगानीको अंश, सीमा तथा प्रक्रिया तोकी सो बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । (१)

५. त्रिपक्षीय श्रम सम्बन्धलाई प्रभावकारी बनाई उद्योग र मजदुरबीच देखिने समस्याहरूको समाधान गर्दै लगिनेछ । (२)

६. विशेष आर्थिक क्षेत्र र निर्यात प्रवर्द्धन क्षेत्रमा बन्द हडताल गर्न नपाउने गरी कानुनी व्यवस्था मिलाइनेछ । (२)

७. श्रमसम्बन्धी कानुनलाई लचिलो बनाउनुका साथै श्रम अदालतको सङ्ख्या विस्तार गरी श्रम विवाद छिटो टुङ्ग्याउने प्रबन्ध मिलाइनेछ । (२)

८. निकासीमूलक उद्योगको लागि पूर्वाधार सेवा तथा सुविधा सहितको विशेष आर्थिक क्षेत्र/निर्यात प्रवर्द्धन क्षेत्रको विकास र विस्तारमा जोड दिइनेछ । (३)

९. नेपालका विदेशस्थित नियोगहरूलाई आर्थिक कूटनीतिमा सक्रिय बनाइनुका साथै विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा हुने बहसमा वैदेशिक लगानी र प्रविधिलाई मुलुकको प्राथमिकतामा राखिनेछ । (४)

१०. नेपालमा बढी मात्रामा विदेशी लगानी गर्दै आएका मुलुकहरू मध्ये द्विपक्षीय लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता र दोहोरो कर उन्मुक्तिसम्बन्धी सम्झौता गर्न बाँकी रहेका मुलुकसँग प्राथमिकताका साथ त्यस्ता सम्झौताहरू गरिनेछ। (४)

११. विदेशी पूँजी लगानीको परिधिभित्र संस्थागत अप्रत्यक्ष विदेशी लगानीलाई समेत समावेश गरिने व्यवस्था गरिनेछ । (५)

१२. संस्थागत लगानीकर्ताको लागि दोस्रो बजार पनि खुल्ला गर्दै लगिनेछ । (५)

### ८. अपेक्षित उपलब्धि

थप वैदेशिक लगानीसँगै उत्पादन वृद्धि र रोजगारी विस्तार हुनुका साथै आयात प्रतिस्थापन तथा निर्यात वृद्धि हुनेछ ।

## ३.५ मौद्रिक नीति

## ३.५.१ मुद्रा तथा बैंकिङ्ग

### १. पृष्ठभूमि

मुलुकको दिगो आर्थिक विकासको लागि मूल्य तथा शोधनान्तर स्थायित्व कायम गर्नुका साथै समग्र वित्तीय क्षेत्रको स्थायित्व तथा सुरक्षित, स्वस्थ र प्रभावकारी भुक्तानी प्रणालीको विकास गर्ने गरी मौद्रिक नीतिको अवलम्बन गरिआईएको छ । मूल्य तथा बाह्य क्षेत्र स्थायित्व कायम गर्ने, आर्थिक वृद्धिमा सहयोग पुग्ने गरी आवश्यक तरलताको व्यवस्थापन गर्ने, वित्तीय क्षेत्रको सुदृढीकरण तथा स्थायित्व कायम गरी मूलकभर वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने जस्ता कार्यहरूको प्रयास जारी छ । मौद्रिक तथ्याङ्कको दायरा फराकिलो बनाई वित्तीय क्षेत्रको तरलता मापन बढी यथार्थपरक बनाउने उद्देश्यले मौद्रिक सर्वेक्षणको दायरामा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूको अतिरिक्त विकास बैंक र वित्त कम्पनीहरू समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण तयार पार्न थालिएको छ । वाणिज्य बैंकहरूको कर्जाको ब्याज दर निर्धारणलाई पारदर्शी बनाई निक्षेप र कर्जाको ब्याज दर अन्तर फरकलाई कम गर्दै लैजाने उपायको रूपमा आधार ब्याज दर लागू गरिएको छ । भारतसँग रहेको नेपालको स्थिर विनीमय दरको सवल र दुर्बल पक्षहरूको दीर्घकालीन पुनरवलोकन गर्दै जानुपर्ने देखिन्छ ।

### २. अद्यावधिक स्थिति

खुला बजार कारोबारलाई मौद्रिक नीतिको प्रभावकारी उपकरणको रूपमा उपयोग गर्दै मौद्रिक उद्देश्य हासिल गर्ने क्रममा सरकारी ऋणपत्रहरूको प्राथमिक र दोस्रो बजारको कारोबारलाई निरन्तरता दिइएको छ । तोकिएका क्षेत्रको कर्जा विस्तारमा अभिवृद्धि गर्ने

उद्देश्यले बढीमा ६ महिना अवधिको लागि असल कर्जाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराइने पुनर्कर्जाको दायरा फराकिलो बनाउनुको साथै तरलताको अवस्था र बैंक ब्याज दरको स्थितिको नियमित समीक्षा गरी पुर्नकर्जाका दरहरू समेतमा समयानुकुल परिमार्जन गर्दै आईएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको नियमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउँदै सुशासन र स्थायित्व कायम गर्ने दिशामा महत्त्वपूर्ण कार्यहरू भएका छन् । बैंक तथा वित्तीय संस्थाहरूको वासलातमा गुणात्मक सुधार गर्नुको साथै सुशासन समेत अभिवृद्धि गर्ने उद्देश्यले स्थलगत र गैर-स्थलगत निरीक्षण तथा सुपरिवेक्षण, पूर्व-सचेतता प्रणाली, शीघ्र सुधारात्मक कारबाही, जोखिममा आधारित सुपरीवेक्षण, दबाब परीक्षण, आकस्मिकता योजना, अन्वेषणात्मक विश्लेषण लगायत समष्टिगत विवेकशील नियमनलाई आवश्यकता अनुसार परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ । त्यसैगरी, वाणिज्य बैंकहरूको पूँजीकोष पर्याप्तता सम्बन्धमा BASEL-II को प्रावधानलाई निरन्तरता दिइएको छ । बैंक तथा वित्तीय संस्थाहरूको पूँजीको आधार बढाई वित्तीय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई एक-आपसमा गाभ्न-गाभिन उत्प्रेरित गर्ने नीति अवलम्बन गरिएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

मौद्रिक नीतिको प्रयासका बावजुद गैर-मौद्रिक कारणहरूले गर्दा मुद्रास्फीति दर अपेक्षित स्तरभन्दा केही माथि रहन गएको छ । बढ्दो आयात, निर्यातमा सुस्तता र विप्रेषण आयमा बढ्दो निर्भरताको स्थिति रहेकोले मौद्रिक नीतिको प्रयासबाट बाह्य क्षेत्र स्थायित्व कायम गर्न सकिने अबस्था छैन । राजनीतिक अस्थिरता लम्बिदै जानु, लगानी मैत्री वातावरणको अभावसंगै हुनु, बैंक तथा वित्तीय संस्थाहरू कर्जा लगानीको परम्परागत क्षेत्रबाट पर्यटन, जलविद्युत र ज्ञानलगायत नयाँ क्षेत्रतर्फ प्रवेश गर्न उन्मुख हुन नसक्नुजस्ता कारणहरूले आर्थिक वृद्धि दर उच्च तुल्याउनेतर्फ वित्तीय सेवा पूर्णतः उन्मुख गराउन सकिएको छैन । सरकारको पूँजीगत खर्चमा शिथिलता आएको कारण बैंकिङ क्षेत्रको सरकार माथिको दाबीको वृद्धि कम हुँदै जानुलगायत कारणहरूले कुल आन्तरिक कर्जाको वृद्धि दर लक्ष्य भन्दा कम हुन गएको हो । संभावित वित्तीय संकट (financial sector crisis) ले बास्तविक अर्थतन्त्रमा पार्न सक्ने नकारात्मक असरहरूसँग जुध्न नेपाल राष्ट्र बैंकमा सुपरिवेक्षण तथा व्यवस्थापकीय क्षमताको सुदृढीकरण गर्न आवश्यक देखिन्छ । आधुनिक बैंकिंग सेवाहरूमा बहुसंख्यक ग्रामीण जनताको पहुँच बढाउने हेतुले राष्ट्र बैंकले दिएको प्रोत्साहन जायज भए तापनि समग्र कर्जाको गुणस्तरबारे सजग रहनुपर्ने चुनौती छ ।

### ४. दीर्घकालीन सोच

आधुनिक, प्रभावकारी एवं स्वथ्य वित्तीय क्षेत्र विकासमार्फत् दिगो आर्थिक वृद्धि एवं समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न सघाउ पुऱ्याउने ।

## ५. उद्देश्य

१. सन्तुलित मौद्रिक तथा वित्तीय नीतिमार्फत् मूल्य, शोधनान्तर र वित्तीय क्षेत्रको स्थायित्व सुनिश्चित गर्ने ।

२. बैंकिङ सेवाको पहुँच अभिवृद्धि गर्नुका साथै उपलब्ध वित्तीय साधनलाई आर्थिक क्रियाकलाप विस्तार हुने प्रकारले प्रवाहित गर्न अनुकूल वातावरण तयार गर्ने ।

३. सुरक्षित र प्रभावकारी भुक्तानी प्रणालीको विकास गरी वित्तीय प्रणाली माथिको जनविश्वास अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. मौद्रिक नीतिलाई प्रभावकारी बनाई मूल्य स्थिरता, शोधनान्तर बचत र वित्तीय क्षेत्र स्थायित्व हासिल गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

२. मौद्रिक नीतिको प्रभावकारिता थप सुदृढ गर्न नवीनतम मौद्रिक सिद्धान्त र प्रयोगका सम्बन्धमा अध्ययन गरी मौद्रिक नीतिको आन्तरिक लक्ष्य र कार्यान्वयनमा पुनरवलोकन गर्ने ।

३. ग्रामीण क्षेत्रमा वित्तीय संस्थाहरूको प्रोत्साहन गर्ने तथा पूर्वाधार विकास गर्ने ।

४. बैंक तथा वित्तीय संस्थाहरूको नियमन, निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाई वित्तीय क्षेत्रलाई स्वस्थ र प्रतिस्पर्धी बनाउने ।

## ७. कार्यनीति

१. वित्तीय क्षेत्रको स्थायित्व एवं दिगो विकासका लागि वित्तीय क्षेत्र रणनीति तर्जुमा गरिनेछ । (१)

२. खुला बजार कारोबारलाई मौद्रिक नीतिको मुख्य औजारको रूपमा लिइनेछ । (२)

३. नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न तथा वित्तीय क्षेत्रलाई गतिशील बनाउन ऐन, नियमहरूमा आवश्यक सुधार गरिनेछ । (२)

४. मुलुकको दिगो आर्थिक विकासको लागि उत्पादनशील पुनर्कर्जा कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाइनेछ । (२)

५. ग्रामीण क्षेत्रमा वित्तीय पहुँच बढाउन विद्यमान नीतिगत व्यवस्थामा आवश्यक परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । (३)

६. इजाजतपत्र सम्बन्धी नीतिगत व्यवस्था मार्फत् वित्तीय पहुँच र समावेशीकरणलाई व्यापक बनाउने कार्यलाई निरन्तरता दिइनेछ । यसका लागि दुर्गम एवं पिछडिएका क्षेत्रहरूमा बैंकिङ तथा वित्तीय सेवाको पहुँचलाई प्रोत्साहित गरिनेछ । (४)

७. विपन्न वर्गमा जाने कर्जालाई समय-सापेक्ष रूपमा परिमार्जन गर्दै लगिनेछ । (४)

८. उत्पादनमूलक र राष्ट्रिय प्राथमिकताका क्षेत्रमा एकल ऋण सीमा बढाउदै लगिनेछ। (४)

९. बैक तथा वित्तीय संस्थाको रेटिङ गरी वास्तविक स्थिति सार्वजनिक गरिनेछ। (४)

१०. बैंक तथा वित्तीय संस्थाहरू गाभ्ने तथा गाभिने कार्यलाई प्रोत्साहित गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। (४)

११. लघुवित्त संस्थाहरूको सुपरिवेक्षण र अनुगमन गर्नको लागि संस्थागत व्यवस्था गरिनेछ। (४)

१२. लघु वित्त संस्थालाई सबल र प्रभावकारी बनाउन साक्षरता कार्यक्रम, कृषि प्रसार तथा पशु सेवा प्रसार कार्यक्रम, गरिबी निवारण कार्यक्रम, वातावरण संरक्षण तथा सीप विकासका कार्यक्रम समेत समन्वय गरी अगाडि बढाईने छ। (४)

१३. योजना अवधिमा ७५ जिल्लामा नै लघुवित्त संस्था विस्तार गरिनेछ। (४)

१४. Networking Business, Derivatives Market का साथै अन्य मुद्रा तथा वित्तीय बजार प्रणालीलाइ कानुनी दायरामा ल्याउन र अवैध क्रियाकलापलाई रोक्न आवश्यक कानुन र नियमनको व्यवस्था गरिनेछ। (४)

**८. अपेक्षित उपलब्धि**

मुद्रास्फीति दर वार्षिक औसत ७.० प्रतिशतमा सीमित हुने, विस्तृत मुद्राप्रदायको वृद्धि दर वार्षिक औसत १४.५ प्रतिशत रहने, निजी क्षेत्रमा जाने कर्जा औसत १७.५ प्रतिशतले बढेको हुने, कुल आन्तरिक कर्जा वार्षिक औसत १६.० प्रतिशतले बढेको हुने र विदेशी मुद्रा सञ्चितिले कम्तीमा ६ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अबस्था रहको हुनेछ।

## ३.५.२ कर्जा

### १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा लगानी अनुत्पादक क्षेत्रबाट कृषि लगायतका उत्पादन क्षेत्रतर्फ केन्द्रित गर्न बैंक तथा वित्तीय संस्थाहरूले कृषि क्षेत्रको लगानीलाई बढाउदै आगामी दश वर्षभित्र कुल कर्जा तथा लगानीको २०.० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ। तोकिएका क्षेत्रमा कर्जा विस्तार अभिवृद्धि गर्ने उद्देश्यले बढीमा ६ महिनाका लागि असल कर्जाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूलाई उपलब्ध गराइने पुनर्कर्जाको दायरा फराकिलो बनाई पुनर्कर्जा दर घटाइँदै लगिएको छ। सो अनुसार यस्तो दायरामा कृषि लगायत तोकिएका अन्य क्षेत्रहरूलाई समेत समावेश गरिएको छ। महिला उद्यमी र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू समेत यसबाट लाभान्वित हुने व्यवस्था गरिएको छ।

## २. अद्यावधिक स्थिति

कृषि र जलविद्युत क्षेत्रमा दिईने पुनः कर्जाको एकल दर कायम गरिएको छ । दुग्ध तथा मासुजन्य व्यवसायको प्रवर्द्धन मार्फत् भूमि भएका र नभएका दुवैथरी किसानहरूको लागि रोजगारी र आय-आर्जनको अवसर सृजना गर्न पशुपंक्षी तथा मत्स्य पालन व्यवसायका लागि समेत उपर्युक्त अनुसारको पुनर्कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ । रूग्ण उद्योग, घरेलु तथा साना उद्योग, निर्यातमूलक व्यवसाय र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गमा प्रवाह गरिने विशेष पुनर्कर्जा व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि प्रक्रियागत सरलीकरण गरिएको छ ।

विपन्न वर्गमा कर्जाको पहुँच बढाई आय-आर्जन र रोजगारीको अवसर सृजना गर्ने उद्देश्यले मौद्रिक नीति मार्फत् वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले विपन्न वर्गमा लगानी गर्नु पर्ने कर्जा अनुपात निश्चित गर्नुका साथै त्यस्तो अनुपातलाई प्रत्येक वर्ष क्रमशः बढाउँदै लैजाने नीतिगत व्यवस्था गरिएको छ । लघुवित्तीय संस्थाहरूले विपन्न वर्गमा प्रवाह गर्ने गरी प्राप्त सापटी रकमलाई बैंक तथा वित्तीय संस्थाहरूबाट ब्याज आर्जनमा उपयोग गर्न नपाइने विद्यमान व्यवस्थाको कडाईका साथ कार्यान्वयन गरिएको छ । समूहमा आबद्ध भएका ऋणी सदस्यहरूलाई बैंक तथा वित्तीय संस्थाहरूमार्फत् लघुउद्यम वा लघुव्यवसाय सञ्चालन गर्न सामूहिक जमानी र स्वीकारयोग्य धितोमा प्रदान गरिने लघु कर्जाको सीमा क्रमशः वृद्धि गरिएको छ । यस्तो कर्जा प्रवाह गर्दा “घ” वर्गका वित्तीय संस्थाहरूले कुल कर्जाको एक तिहाईसम्म धितो लिई लघुकर्जा प्रवाह गर्न सकिने व्यवस्था छ ।

वित्तीय पहुँच एवं वित्तीय समावेशीकरण अभिवृद्धि गर्ने उद्देश्यले हालसम्म वित्तीय पहुँच न्यून रहेका क्षेत्रहरूमा “घ” वर्गको वित्तीय संस्था खोल्न विशेष प्राथमिकता दिइएको छ । सबै प्रकारका वित्तीय संस्थाहरूको ग्रामीण क्षेत्रमा पहुँच अभिवृद्धि गर्न सञ्चालन खर्च कम हुने मोबाइल बैंकिङ तथा शाखारहित बैंकिङलगायत आधुनिक प्रविधिका बैंकिङ सेवालाई प्रोत्साहित हुने नीति अवलम्बन गरिएको छ । बैंक तथा वित्तीय संस्थाहरूलाई वाणिज्य बैंक र राष्ट्रिय स्तरका विकास बैंकहरू न्यून रहेका तोकिएका जिल्लाहरूमा कम्तीमा एक शाखा र अन्यत्र एक शाखा गरी दुईवटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात् मात्र काठमाडौं उपत्यकाभित्र एक शाखा खोल्न दिने नीतिगत व्यवस्था गरिएको छ । त्यसैगरी, वित्तीय सेवाको पहुँच कम भएका जिल्लाहरूमा कार्यक्षेत्र कायम हुने गरी स्थापना हुने “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई प्राथमिक पूँजीको ५ गुणासम्म निक्षेप सङ्कलन गर्न पाउने नीतिगत व्यवस्था गरिएको छ । वित्तीय साक्षरता र जनजागरणसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

समावेशी एवं सन्तुलित रूपमा बैंकिङ्ग सेवा प्रवाहको विकास र प्रवर्द्धन गर्ने कार्य अझै चुनौतीपूर्ण रहेको छ । बैंक तथा वित्तीय संस्थाबाट दिईने कर्जालाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्न सकिएको छैन, जस्को कारणले कर्जा फिर्ता दर न्यून हुन गई बैंक तथा वित्तीय संस्थाको Non-Performing Assets घटाउने कार्य चुनौतीको रूपमा रहेको छ । शहर

केन्द्रित बैंक तथा वित्तीय संस्थाहरूमा ग्रामिण जनता र उद्यमी एवं कृषकहरूको सहज पहुँच स्थापित गर्न सकिएको छैन भने प्राप्त हुने सीमित कर्जामा पनि उच्च लागत बेहोर्न बाध्य भैरहको अवस्था छ । ऋण प्राप्त गर्दा पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड पूरा गर्न सक्ने ज्ञान, सीप र क्षमताको अभाव रहेको छ । साथै कर्जा सुरक्षणको लागि प्राप्त कर्जाबाट गरिएको कार्यको बीमाको भरपर्दो व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

## ४. दीर्घकालीन सोच

निजी क्षेत्रमा कर्जाको प्रवाह वृद्धि गर्दै देशका ग्रामीण तथा विपन्न क्षेत्रमा वित्तीय स्रोतको कुशल परिचालन र सेवाको सहज पहुँच सुनिश्चित गर्ने ।

## ५. उद्देश्य

निजी क्षेत्रको विस्तार र ग्रामीण क्षेत्रमा समावेशीकरणलाई जोड दिँदै वित्तीय पहुँच अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. निजी व्यवसायहरूको स्थापना तथा विस्तारका लागि कर्जाको पहुँच सहज बनाउने ।

२. दुर्गम तथा पिछडिएको क्षेत्रमा विपन्नवर्ग कर्जा कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिने ।

३. लघुवित्त संस्थाहरूको कारोबारको दायरा योजनाबद्ध रूपमा फराकिलो बनाउँदै लैजाने ।

४. सहकारी तथा गैर-सरकारी संस्थाहरूलाई कृषि, ग्रामीण कर्जा तथा लघुवित्तको कारोबारमा अझ बढी सहभागी बनाउँदै जाने ।

## ७. कार्यनीति

१. निजी व्यवसाय, कृषि तथा पशुपालन गर्ने उद्यमीहरूलाई बैंक तथा वित्तीय संस्थाहरूले उक्त परियोजनाकै धितोमा कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गरिनेछ । (१)

२. विपन्न वर्ग कर्जा कार्यक्रमको दायरा फराकिलो बनाउनुको साथै यस्तो अनुपातलाई आवश्यकता अनुसार पुनरवलोकन गर्दै लगिनेछ । (१)

३. ग्रामीण बचत तथा ऋण सहकारी संस्थाहरू गठन गर्न प्रोत्साहन गरिनेछ । (१)

४. लघुवित्त परिचालन र प्रयोगको दायरा फराकिलो बनाई यसको उपयोग उत्पादकीय क्षेत्रमा गराउन विद्यमान नीतिगत व्यवस्थामा पुनरवलोकन गरिनेछ । (२)

५. ग्रामीण तथा दुर्गम क्षेत्रमा बैंक शाखा विस्तारलाई प्रोत्साहन गरिनेछ । (२)

६. लघुवित्त कोष स्थापना गरी सो कोषलाई अन्य कोषहरूसँग समन्वय गर्दै सहुलियत ब्याज दरमा थोक र खुद्रा ऋण प्रवाहमा पहुँच वृद्धि गरिनेछ । (२)

७. लघुवित्त सेवा प्रदायक संस्थाहरूको वित्तीय साधनको अभाव कम गर्ने प्रयोजनको लागि सञ्चालित ग्रामीण स्वावलम्बन कोषलाई थोक कर्जाको आपूर्ति व्यवस्था मिलाउने गरी एउटा छुट्टै कोषको रूपमा अगाडि बढाइनेछ । (३)

८. वैदेशिक रोजगारीमा जाने युवा वर्गलाई लक्षित गरी लघुवित्त कार्यक्रम तर्जुमा गरिनेछ । (३)

### ८. अपेक्षित उपलब्धि

कृषि लगायत उत्पादनमूलक क्षेत्रमा कर्जा तथा लगानी विस्तार भएको हुने, ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुँच अभिवृद्धि भएको हुने र महिला, विपन्न र दलित वर्गका जनताको रोजगारी तथा आय-आर्जनको अवसरमा वृद्धि भई उनीहरूको जीवनस्तर सुध्रिने र ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहुँच अभिवृद्धि भएको हुनेछ ।

## ३.६ बीमा

### १. पृष्ठभूमि

विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणको परिणामस्वरूप नेपालको बीमा क्षेत्रले केही गति लिन थालेको छ । त्रिवर्षीय  योजना अवधिमा बीमा व्यवसायले तीव्रता पाएको हुदा बीमक (जीवन तथा निर्जीवन बीमा कम्पनी) बीमित (बीमा सेवा प्रापक), बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमाशुल्क, बीमा क्षेत्रले गरेको लगानी, राष्ट्रिय अर्थतन्त्रमा बीमाले पुऱ्याएको योगदान, बीमा उद्योगले सृजना गरेको रोजगारीको प्रत्यक्ष तथा परोक्ष अवसरहरू, आदिमा उल्लेख्य वृद्धि भएको छ । बीमा नियमन निकायहरूको अन्तर्राष्ट्रिय तथा अन्तरक्षेत्रीय सङ्गठनहरूमा बीमा समितिको भूमिकामा वृद्धि हुनुका साथै बीमा सेवामा दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय वर्गको पहुँच र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप यस संस्थाको गुणस्तर वृद्धि गर्नु आवश्यकता भएको छ ।

### २. अद्यावधिक स्थिति

बीमा सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको समग्र मूल्यांकन गरी प्राप्त नतिजाको आधारमा बिस्तृत कार्य योजना बनाई बीमाको स्तर वृद्धिसंग सम्बन्धित प्रणालीहरू विकास गर्ने कार्य भइरहेको । प्रचलनमा रहेको बीमालेख (बीमा करार) हरूलाई सरलीकरण गरिनुका साथै नयाँ बीमालेखहरू प्रचलनमा ल्याईएको तथा बीमा दावी भुक्तानी प्रकृयालाई सरल बनाउन अवलम्बन गर्नुपर्ने उपायहरू पहिचान गरिएको छ । ग्रामिण क्षेत्र तथा न्यून आय वर्गको बीमा सम्बन्धी आवश्यकता पहिचान गरिनुका साथै तेस्रो पक्ष प्रतिको दायित्व बीमा अनिवार्य गरिएको छ । बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रमहरू सञ्चालन गरिएको छ । प्रचलित बीमा ऐन, २०४९ लाई प्रतिस्थापन गर्नका लागि नयाँ बीमा ऐनको मस्यौदा तयार गरिनुका साथै बीमा

व्यवसायसंग सम्बन्धित निर्देशनहरू जारी गरिएको छ । बीमा क्षेत्रको विद्यमान सेवाहरू परिमार्जन तथा बाली बीमा, पशु बीमा तथा पेसागत दायित्व बीमा लगायतका बीमा सेवाको कार्य क्षेत्रहरू पहिचान, कृषि क्षेत्रको लगानी सुरक्षित गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा कृषि तथा पशुपन्छि बीमा कार्य सुरु गरिएको छ । स्वदेशमा पुनर्बीमा कम्पनी स्थापना गर्न आवश्यक वातावरण तयार गरिनुका साथै पुनर्बीमा सम्बन्धी सुदृढ, पारदर्शी तथा विश्वसनिय व्यवस्था विकासका लागि आकस्मिक बीमा कोषलाई पुनर्बीमा कम्पनीमा परिणत गर्ने प्रकृया सुरु गरिएको छ । स्वास्थ्य बीमा कार्यक्रम परीक्षणको रूपमा लागू गर्न अवधारणा पत्र तयार गरिएको छ ।

## ३. समस्या र चुनौतीहरू

बीमा सम्बन्धी जनचेतनाको कमी, आवश्यकता अनुरूपको दक्ष जनशक्तिको अभाव, समाजको ठूलो हिस्सामा बचतगर्ने क्षमताको कमी तथा बीमकहरूसंग रहेको रकम लगानीको लागि उपयुक्त अवसरहरू पर्याप्त मात्रामा उपलब्ध नहुनु बीमा व्यवसायमा अस्वस्थ्य प्रतिस्पर्धा हुनु, देश भित्र पुनर्बीमाको स्थापना नहुनु र विभिन्न निकाय तथा विदेशी संस्थाहरू लगायत अन्य निकायहरूबाट बीमालाई प्राथमिकता नदिनु जस्ता समस्याहरू बीमा क्षेत्रमा विद्यमान रहेका छन् ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बीमा सेवाको गुणस्तर वृद्धि गर्नु, निर्जीवन बीमालाई सामाजिक तथा प्राकृतिक जोखिम भूकम्प, हिम नदीको प्रकोपबाट उत्पन्न हुन सक्ने आर्थिक क्षति व्यवस्थापन गर्ने सशक्त संयन्त्रको रूपमा स्थापित गर्नु, जीवन बीमालाई आर्थिक सुरक्षाका साथै दीर्घकालीन बचत र लगानीको उत्तम माध्यमको रूपमा स्थापित गरी छरिएर रहेको बचतलाई परिचालन गर्दै राष्ट्र निर्माणको लागि आवश्यक पूँजी निर्माण गर्ने दिगो आधारको रूपमा विकास गर्नु र यस सेवालाई दुर्गम ग्रामिण क्षेत्र तथा समाजका न्यून आय भएका वर्ग लगायत सबै तहसम्म पुर्‍याउनु आजको प्रमुख चुनौती हो ।

## ४. दीर्घकालीन सोच

आर्थिक एवं सामाजिक क्रियाकलापका साथै दैवी प्रकोप तथा अन्य चुनौतीहरूबाट उत्पन्न हुने जोखिमहरू विरुद्ध सुरक्षा प्रदान गर्दै नेपाली बीमा क्षेत्रलाई अन्तरराष्ट्रिय बीमा बजारसंग तुलनायोग्य बनाउने ।

## ५. उद्देश्य

१. अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकताअनुरूप बीमा सेवाको स्तर अभिवृद्धि गर्ने ।

२. दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहसम्म बीमा सेवाको पहुँच पुर्‍याउने ।

३. बीमितको हित संरक्षणका लागि आवश्यक आधारहरू तर्जुमा गरी बीमा व्यवसायको विश्वसनीयता अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. दुर्गम ग्रामीण क्षेत्र र न्यून आय भएका वर्गलगायत समाजका सबै तहको लागि उपयुक्त बीमा सेवाहरूको विकास गरिनेछ ।

२. बीमितको हित संरक्षण सुनिश्चित गर्न विश्वसनीय संयन्त्रहरूको विकास गरिनेछ ।

३. बीमाको दायरालाई कृषि तथा पशु विकासलगायत विभिन्न उत्पादनशील क्षेत्रमा विस्तार गर्ने ।

## ७. कार्यनीति

१. दुर्गम ग्रामीण क्षेत्र तथा न्यून आय भएको वर्गको आवश्यकता पहिचान भएअनुरूप उपयुक्त लघु बीमा सेवाहरूको विकास गरिनेछ । (१)

२. बीमासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा नेपालको बीमा क्षेत्रको मूल्याङकन गरी तयार पारिएको विस्तृत कार्य योजनाबमोजिम बीमाको स्तर वृद्धिसँग सम्बन्धित प्रणालीहरू विकसित गर्दै लगिनेछ । (२)

३. बीमा क्षेत्रमा विद्यमान सेवाहरूमा परिमार्जन तथा नयाँ क्षेत्रहरूको पहिचान गरी विस्तार गरिनेछ । (२)

४. कृषिमा बीमा नीतिमा व्यापकता दिई, रोग विरुद्धका औषधिहरू सजिलै उपलब्ध गरिनेछ । (२)

५. बीमा दाबी सरलीकरणका लागि प्रभावकारी वैकल्पिक संयन्त्रको विकास गरिनेछ । (३)

६. स्वदेशमा पूनर्बीमासम्बन्धी सुदृढ, पारदर्शी तथा विश्वसनीय व्यवस्थाको विकास गरिनेछ । (३)

७. बीमकहरू एक आपसमा गाभिने, स्वामित्व हस्तान्तरण वा ग्रहण गर्ने, खारेजी हुने अवस्थामा समेत बीमित, कर्मचारी, मध्यस्थकर्ता तथा लगानीकर्ताहरूको हित सुनिश्चित गरिने व्यवस्था गरिनेछ । (३)

८. बीमकको आर्थिक व्यावसायिक क्षमता कायम राख्न solvency margin लगायतका विषयहरूका कार्यविधिहरू तर्जुमा गरी लागू गरिनेछ । (३)

९. स्वास्थ्य बीमा, बाली बीमा, पशु बीमा तथा लघु कर्जा बीमाको विकास गरिनेछ । (३)

## ८. अपेक्षित उपलब्धि

अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय आवश्यकता अनुरूप बीमा सेवाको स्तर अभिवृद्धि भएको हुने, दुर्गम ग्रामीण क्षेत्र तथा समाजका न्यून आय भएका वर्गलगायत सबै तहको बीमा सेवा (लघुबीमा समेत) मा पहुँच पुगेको हुने र बीमा उद्योगले कर्मचारी, बीमा

अभिकर्ता र सर्भेयरको रूपमा करिब एक लाख दश हजार व्यक्तिलाई रोजगारीको अवसर प्रदान गरेको हुनेछ ।

## ३.७ पूँजी बजार

### १. पृष्ठभूमि

देशमा छरिएर रहेको स-साना बचतलाई एकीकृत गरी दीर्घकालीन लगानीका लागि आवश्यक पूँजी उत्पादनशील क्षेत्रमा पुऱ्याउने कार्यमा पूँजीबजारको महत्त्वपूर्ण भूमिका रहन्छ । हाल पूँजीबजार विकासको सन्दर्भमा वास्तविक क्षेत्रका उद्योगहरूको उपस्थितिको अवस्था न्यून रहेको भए तापनि जलबिद्युत तथा अन्य क्षेत्रका संगठित संस्थाहरूको प्रवेश क्रमशः बढ्दै गइरहेको छ भने बजारको विकासका लागि चाहिने आधारभूत पूर्वाधारहरू समेत स्थापना भैरहेका छन् । विशेष गरी राजधानीभन्दा बाहिर रहेका लगानीकर्ताहरूको पूँजीबजारमा सहभागिताका लागि पहुँच नपुगेको तथा जनमानसमा लगानी सम्बन्धी ज्ञान तथा सीपको कमी रहेको अवस्थामा उनीहरूको बजार पहुँचमा वृद्धि ल्याउनु र पूँजी परिचालनको दायरालाई देशव्यापी बनाउनु आजको आवश्यकता रहेको छ ।

### २. अद्यावधिक स्थिति

धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ कम्पनी जस्ता धितोपत्र बजारको अति आवश्यक पूर्वाधारहरूको स्थापनालाई प्रोत्साहन गर्न तत्सम्बन्धी नियमन व्यवस्थाहरू विकास गर्ने कार्य भएको छ । यसअन्तर्गत धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ तथा सामूहिक लगानी कोष नियमावली, २०६७, क्रेडिट रेटिङ नियमावली, २०६८ समेत लागू भइसकेको छ । सोही व्यवस्था अनुसार बजारमा सामूहिक लगानी कोष स्थापना भई सकेका छ । निजी क्षेत्रवाट क्रेडिट रेटिङको सेवा दिने कार्य सुरु गरिसकेको छ । त्यस्तै केन्द्रीय निक्षेप सेवा सञ्चालन सम्बन्धी सुरु गरिसकेको अवस्था छ। पूँजीबजार प्रभावकारी नियमन व्यवस्था, पूँजीबजारको स्थिरता तथा समयसापेक्ष बजारको विकासको लागि नेपाल धितोपत्र बोर्डले पाँच वर्षीय पूँजीबजार विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । धितोपत्र व्यवसायीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गरी लगानीकर्ताहरूमा सहज र गुणस्तरीय सेवा प्रदान गर्न धितोपत्र दलालहरूको सङ्ख्या वृद्धि गरिएको छ ।

### ३. दीर्घकालीन सोच

आमजनताको बचतलाई लगानीमा रूपान्तरण गर्न सक्षम एवं गतिशील पूँजीबजारको विकास गर्ने ।

### ४. उद्देश्य

पूँजीबजारमा लगानीकर्ताहरूको पहुँच एवं विश्वसनीयतामा अभिवृद्धि गरी लगानी विविधीकरणमार्फत् पूँजी बजारलाई विस्तार गर्दै लगिनेछ ।

## ५. रणनीति

१. पूँजीबजार सम्बन्धमा लागनीकर्ताहरूको सचेतनामा अभिवृद्धि गरी धितोपत्रका औजारहरूमा लगानीको लागि प्रोत्साहन गर्ने ।

२. पूँजीबजारमा संस्थागत लगानीकर्ता एवं गैर वित्तीय क्षेत्रको प्रवेशमा अभिवृद्धि गराई पूँजी परिचालनमा अभिवृद्धि गर्ने ।

३. प्रभावकारी नियमन तथा बजार व्यवसायीहरूको क्षमता अभिवृद्धि गरी पूँजीबजारको विश्वसनीयतामा अभिवृद्धि गर्ने ।

४. धितोपत्रको दोस्रो बजार सेवालाई देशव्यापी बनाउने ।

## ६. कार्यनीति

१. धितोपत्रमा गरिने लगानीलाई प्रोत्साहन गर्न देशका विभिन्न भागमा चेतना अभिवृद्धिसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । (१)

२. धितोपत्र विनिमय बजारको कारोबार प्रणालीलाई पूर्ण रूपमा स्वचालित हुने बनाउन तथा अनलाईन ट्रेडिङको व्यवस्था मिलाउन निजीक्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ । (१)

३. गैरआवासीय नेपालीहरूका लागि धितोपत्रमा लगानी गर्ने व्यवस्था मिलाउन आवश्यक व्यवस्था गरिनेछ । (१)

४. पूँजीबजारसम्बन्धी लगानी शिक्षा प्रदान गर्न तालिम प्रतिष्ठान स्थापनार्थ आवश्यक कार्यबाही अगाडि बढाइनेछ । (१)

५. सामूहिक लगानी योजनामा सर्वसाधारण तथा संस्थागत लगानीकर्ताहरूको प्रवेश बढाउन कोषअन्तर्गत योजना सञ्चालनलाई प्रोत्साहन गरी यस सम्बन्धी चेतना अभिवृद्धि गरिनेछ । (२)

६. वस्तु बजारको नियमनका लागि आवश्यक कानुन तर्जुमा गरी पूर्वाधार तयार गरिनेछ । (३)

७. क्रेडिट रेटिङ सेवालाई बढी विश्वसनीय बनाउन त्यस संस्थाको नियमन प्रभावकारी बनाइनेछ । (३)

८. धितोपत्रको अभौतिकीकरण, राफसाफ तथा हस्तान्तरण कार्यलाई प्रभावकारी बनाउन केन्द्रीय निक्षेप कम्पनीको कामकारबाहीलाई प्रभावकारीरूपमा अगाडि बढाइनेछ । (३)

९. धितोपत्र व्यवसायीहरूको कार्यक्षेत्र विस्तार गरी तिनको नियमनलाई प्रभावकारी बनाइनेछ । (४)

१०. पूँजीबजारको विकेन्द्रीकरण गरी सम्पूर्ण जनताको पहुँचमा पुऱ्याइनेछ । (४)

### ७. अपेक्षित उपलब्धि

धितोपत्र बजारले पूर्ण स्वचालित सेवा प्रदान गरी देशका विभिन्न भागबाट अनलाइन कारोबार भई बजारको विस्तार भएकोहुने, क्रेडिट रेटिङ सेवापूर्णरुमा क्रियाशील रही धितोपत्र बजारको विश्वसनीयतामा अभिवृद्धि भएको हुने, सामूहिक लगानी योजनाको विस्तार भई धितोपत्र बजारमा पूँजी परिचालन बढ्नेछ र लगानीकर्ताहरूले दक्ष लगानी सेवा प्राप्त गर्ने, सूचीकृत संस्थाहरूको संस्थागत सुशासन तथा सूचना प्रवाहको स्तरमासुधार भएको हुने र धितोपत्र अभौतिकरूपमा हस्तान्तरण भई कारोबार प्रक्रिया सरल र विश्वसनीय भएको हुनेछ ।

## ३.८ सार्वजनिक संस्थान

### १. पृष्ठभूमि

सार्वजनिक सेवा प्रवाह तथा बजार नियमनका लागि सरकार आफैले सञ्चालन गर्नुपर्ने प्रकृतिका संस्थानहरूमा बाहेक निजी क्षेत्रको व्यावसायिक दक्षता भएको क्षेत्रमा रहेका सरकारी लगानी क्रमशः न्यूनीकरण गर्दै लग्नु आवश्यक छ । सरकार आफैले सञ्चालन गुर्नपर्ने सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धा तथा व्यावसायिकता अभिवृद्धि गर्दै समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यका साथ ती संस्थानहरूको नीति निर्धारण, पुनसंरचना, अनुगमन तथा मूल्याङकन गर्ने उद्देश्यले सार्वजनिक संस्थान निर्देशन बोर्ड गठन भएको छ । बोर्डले आफ्नो कार्य प्रारम्भ गरिसकेको सन्दर्भमा अबका दिनहरूमा सार्वजनिक संस्थानहरू व्यावसायिक योजना सहित उत्तरदायी, सक्षम र कुशल व्यवस्थापन पद्धतिअनुरूप सञ्चालन हुने अपेक्षा गर्न सकिन्छ ।

### २. अद्यावधिक स्थिति

तत्कालिन अवस्थामा अत्यावश्यक वस्तु तथा सेवा आपूर्तिको व्यवस्था मिलाउनुका साथै रोजगारी सृजना गर्ने समेत ध्ययले स्थापित सार्वजनिक संस्थानहरू मध्ये कतिपयले पछिल्लो समयमा आफ्नो पूर्ण औचित्य देखाउन नसकेको अवस्था छ, यद्यपि पूर्ण रूपमा यस्ता संस्थानहरूको औचित्य अन्त्य भइसकेको अवस्था भने छैन । नेपाल सरकारको पूर्ण स्वामित्वमा ३७ वटा सार्वजनिक संस्थानहरू रहेका छन् । त्यस्ता संस्थानहरू मध्ये १९ संस्थानहरू नाफामा रहेका भएता पनि बांकी १७ संस्थानहरू लगातार घाटामा र एक संस्थान लामो समयदेखि कारोबारविहीन अवस्थामा रहेको छ । त्यस्ता सार्वजनिक संस्थानहरूको संगठनात्मक सुधारका साथै प्रतिस्पर्धी बनाउने नीतिगत एवं कार्यगत प्रयासहरू भएका छन्, तथापि उपलब्धि सन्तोषजनक हुन सकिरहेको छैन । साथै, स्थापनाकालमा तत्कालीन मुलुकको परिस्थित अनुसार आधारभुत वस्तु तथा सेवाको उत्पादन र आपूर्ति एवं रोजगारी सृजनाका लागि औचित्य देखिएता पनि बदलिंदो खुला अर्थतन्त्र एवं निजी क्षेत्रको विकाससंगै स्थापित कतिपय सार्वजनिक संस्थानहरूले आफ्नो निरन्तरताको लागि औचित्य देखाउन सकेका छैनन् । सार्वजनिक संस्थानको व्यवस्थापकीय सुधार गर्ने क्रममा केही संस्थानहरूमा प्रतिस्पर्धाका आधारमा प्रमुख

कार्यकारी नियुक्त हुने प्रणालीको सुरुआत गरिएपछि त्यस्ता संस्थानहरूको समग्र कार्यसम्पादन एवं सेवा प्रवाहमा सुधार भएको छ ।

## ३. समस्या तथा चुनौतीहरू

विभिन्न मन्त्रालयहरू अन्तर्गत छरिएर रहेका संस्थानहरूको बीचमा एकै मापदण्ड अझै लागू नहुनु, जनशक्ति व्यवस्थापन पक्ष कमजोर रहनु, दीर्घकालीन व्यावसायिक योजना तथा त्यसको सफल कार्यान्वयनको अभाव हुनु, वित्तीय कार्यकुशलता कमजोर रहनाले नाफाको तुलनामा दायित्व बढ्दै जानु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

संस्थानहरूको उद्देश्य अनुरूप सञ्चालन प्रक्रियामा तालमेल मिलाई संस्थानहरूको कार्यगत दक्षतामा अभिवृद्धि गर्नु, दीर्घकालीन व्यावसायिक कार्ययोजना तयार गरी सोको सफल कार्यान्वयन गर्नु, संस्थानहरूबाट सरकारमाथि परेको वित्तीय तथा व्यवस्थापकीय भार न्यूनीकरण गर्नु तथा सरकारी संस्थान सञ्चालनको सन्दर्भमा व्यावसायिक क्रियाकलापमा सरकारको भूमिका क्रमशः कम गर्दै निजी क्षेत्रको सहभागिता बढाउनका लागि स्पष्ट राष्ट्रिय नीति र त्यसको सफल कार्यान्वयनका कार्यहरू अझै चुनौतीपूर्ण नै छन् ।

## ४. दीर्घकालीन सोच

सरकारी स्वामित्व र संलग्नतामा सञ्चालन नगरिनहुने संस्थानहरूमा सीमित रहेर त्यस्ता संस्थानहरूलाई पूर्ण व्यावसायिक अवधारणा अनुसार आम जनताले उपभोग गर्दै आएका सेवा र वस्तु प्रतिस्पर्धि मूल्यमा सहज रूपमा उपलब्ध गराउन सक्षम बनाउने ।

## ५. उद्देश्य

१. राज्यले सञ्चालन नगरी नहुने क्षेत्रमा मात्रै सार्वजनिक संस्थानको सञ्चालन गर्ने नीति लिई सार्वजनिक संस्थानलाई वढी व्यवस्थित र संस्थागत रूपमा विकास गरी सेवा प्रवाहको लक्ष्य हासिल गर्ने ।

२. निजी तथा अन्य क्षेत्र सक्षम र तत्पर नभएको तथा राज्य आफैले दायित्व वहन गर्न अनिवार्य भएका क्षेत्रमा मात्र सार्वजनिक संस्थानलाई उपयोग गर्ने ।

## ६. रणनीति

१. राज्यले सञ्चालन नगरी नहुने क्षेत्रमा सञ्चालित महत्त्वपूर्ण सार्वजनिक संस्थानहरूमा मात्र सरकारी लगानी केन्द्रित गर्ने र त्यस्ता संस्थानहरूमा कुशल व्यवस्थापन सहित व्यवसायिकता अभिवृद्धि गरिनेछ ।

२. सवै संस्थानहरूलाई सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६८ मा व्यवस्था भए बमाजिम सञ्चालन गरिने र संस्थानवाट कर्मचारीहरूलाई दिइने सेवा सुविधामा एकरूपता ल्याइनेछ ।

३. संस्थानको आर्थिक कारोबारमा व्यवस्थापनलाई उत्तरदायी वनाई सार्वजनिक संस्थानमा वित्तीय सुशासन कायम गर्ने रणनीति अवलम्बन गरिनेछ ।

४. निजी क्षेत्र सक्षम भइसकेको क्षेत्रमा सञ्चालित तथा सरकारले सञ्चालन गर्न आवश्यक नठानेका व्यवसायिक तथा व्यापारिक प्रकृतिका सार्वजनिक संस्थानहरूको निजीकरण वा क्रमश: लगानी विनिवेश गरिनेछ ।

## ७. कार्यनीति

१. सार्वजनिक संस्थान विकास समिति, आयोग तथा प्रतिष्ठानहरूमा कर्मचारी भर्ना गर्दा लोक सेवा आयोगको सिफारिसमा मात्र गर्ने व्यवस्था मिलाउन नीतिगत व्यवस्था गरिनेछ । (१)

२. दायित्व वहन गर्ने स्रोतको प्रावधान नराखी सृजना गरिएका दायित्वहरू सरकारी कोषवाट बेहोरिने छैन । (१)

३. सार्वजनिक संस्थानहरूको दक्षता तथा व्यावसायिकता अभिवृद्दि गर्ने कार्यमा सघाउ पुऱ्याउन संस्थानमा कार्यकारी प्रमुख तथा सञ्चालकहरू नियुक्ति गर्दा सार्वजनिक संस्थान निर्देशन बोर्डले खुल्ला प्रतियोगिता मार्फत् योग्य तथा व्यावसायिक दक्षता भएको व्यक्तिलाई मात्र नियुक्ति गरिनेछ । (२)

४. कार्य सम्पादन करारका आधारमा सार्वजनिक संस्थान निर्देशन बोर्ड, कार्यकारी प्रमुख नियुक्ति सिफारिस समितिको सिफारिसमा मात्रै सार्वजनिक संस्थानमा महाप्रबन्धक तथा कार्यकारी प्रमुख नियुक्ति गरिनेछ । (२)

५. संस्थानहरूमा कर्मचारीहरूलाई दिइने सेवा सुविधामा एकरूपता ल्याई संस्थानको आर्थिक दायित्वमा व्यवस्थापनलाई उत्तरदायी बनाउने तथा तोकिएको समयावधिभित्रै लेखा परीक्षण कार्य सम्पन्न गराई संस्थानहरूमा वित्तीय सुशासन कायम गरिनेछ । (३)

६. नाफा र कार्य सम्पादनसँग आबद्ध गरी सार्वजनिक संस्थानको सञ्चालन र सुदृढीकरण हुने गरी मात्र बोनस तथा अन्य सुविधा प्रदान गरिनेछ । (४)

७. लगानी विनिवेश भइसकेका संस्थानहरूको हालको अवस्था तथा प्रभावको अध्ययन गरी संस्थानहरूको लगानीको विनिवेश कार्यलाई प्रभावकारी बनाउन विनिवेशको कार्यविधि बनाई राज्यले सञ्चालन गर्न आवश्यक नठानेका सार्वजनिक संस्थानहरूको विनिवेश गर्दै लगिनेछ । (४)

## ८. अपेक्षित उपलब्धि

संस्थानहरूमा उच्च व्यवस्थापकको नियुक्तिमा राजनीतिक हस्तक्षेपको अन्त्य भै योग्यता, दक्षता र क्षमताको आधारमा खुल्ला प्रतिस्पर्धावाट नियुक्ति हुने, सार्वजनिक संस्थानहरूको उत्पादकत्व बढेको हुने, संस्थानहरूको वित्तीय दायित्व कम भएको हुने, संस्थानहरूतर्फ सरकारी दायित्वमा न्यूनीकरण आउने, सरकारी क्षेत्रको संलग्नता आवश्यक नभएको

क्षेत्रमा सञ्चालित सार्वजनिक संस्थानको पहिचान भै त्यस्ता संस्थानको विनिवेश प्रक्रिया अघि बढेको हुने र संस्थान सञ्चालनमा निजी क्षेत्रको सहभागिता बढेको हुनेछ ।

## ३.९ मूल्य नीति

### १. पृष्ठभूमि

मूल्य स्थितिलाई माग एवं लागत तथा आपूर्तिजन्य पक्षले प्रभाव पार्ने गर्दछ । उत्पादनका साधनहरूको मूल्यमा आउने परिवर्तन, कच्चा पदार्थको उपलब्धताको अवस्था, सरकारले अवलम्बन गर्ने आर्थिक नीति, बाह्य मुलुकमा हुने मूल्यवृद्धि, प्रतिस्पर्धात्मक बजारको अवस्था, विभिन्न प्राकृतिक विपत्तिको अवस्था आदिले मूल्यमा प्रभाव पारिहेको हुन्छ । साथै, मौद्रिक योगाङ्कहरूमा हुने परिवर्तनको असर समष्टिगत मागमा पर्ने भएकोले यस्तो प्रभाव मूल्यमा समेत पर्दछ । नेपालको मूल्य स्थितिमा माग पक्षको भन्दा आपूर्ति पक्ष र संरचनात्मक पक्ष, खासगरी पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा आउने उतार-चढाव र भारतको मूल्य स्थितिले असर पार्ने गरेको छ । मौद्रिक नीतिले प्रमुख उद्देश्य मूल्य स्थिरता कायम गर्ने भए पनि आपूर्ति पक्षबाट मूल्य स्थिरतामा बढी चाप पर्ने गरेको हालका वर्षहरूमा मौद्रिक उपकरणहरूको प्रयोगबाट मूल्य स्थिरता कायम राख्ने काम जटिल बन्दै गईरहेको छ ।

### २. अद्यावधिक स्थिति

मुद्रा विस्तारलाई उपयुक्त सीमामा राख्ने प्रयासहरू भैरहेका छन् । मूल्य वृद्धि घटाई जनताको क्रय शक्ति घट्न नदिने प्रयास गर्दा गर्दै पनि ग्यास र अन्य पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय स्तरमा हुने मूल्य वृद्धिको सोझो असर नेपालमा पर्नका अतिरिक्त स्वदेशमा विद्युत आपूर्तिको अभावको कारणले महँगो मूल्यमा आयातित पेट्रोलियम पदार्थलाई उत्पादनको प्रत्यक्ष साधनको रूपमा प्रयोग गर्नुपर्ने बाध्यताले गर्दा स्वदेशी वस्तु तथा सेवाको उत्पादन लागत स्वतः वृद्धि हुने सँगसँगै बजार मूल्य बढ्न गएको अवस्था छ ।

ढुवानी तथा बिक्रीवितरणमा हुने मिलेमतो, ट्रेडयूनियनको दवावका साथै सरकारले पनि तदर्थरूपमा गर्ने पारिश्रमिक तथा ज्याला वृद्धि र आयातित गैह्रखाद्य वस्तुहरूको बढ्दो उपयोगले त्यस्ता वस्तुको मूल्य वृद्धि हुन गएको छ । स्वदेशी कृषि उत्पादन अझै पनि मनसुनमा भर परेको अवस्थामा मौसम प्रतिकुल समयमा उत्पादन न्यून हुन गई स्वतः त्यस्ता वस्तुको मूल्यमा चाप पर्ने गरेको छ । साथै पछिल्ला केही वर्षमा भएको निरन्तर एवं उच्च दरको स्वदेशी मूद्राको अवमूल्यनका कारण आयातित वस्तु तथा सेवाको मूल्य वृद्धि हुन गई सर्वसाधारणको क्रयशक्तिमा असर परेको देखिन्छ ।

### ३. समस्या तथा चुनौतीहरु

आर्थिक वृद्धिलाई गतिशील तुल्याउने एवं आम सर्वसाधारणको क्रयशक्तिमा ह्रास आउन नदिने गरी मुद्रा स्फीति दरलाई निश्चित सीमाभित्र राख्नु यस क्षेत्रको मुख्य चुनौतीको रूपमा रहेको छ । त्यसैगरी कृषिक्षेत्रलाई मौसमी प्रतिकूलताबाट मुक्त गर्न र आधुनिक कृषि प्रविधिको प्रयोगबाट यसको उत्पादन वृद्धि एवं सहज आपूर्तिको प्रबन्ध गर्नु, र

ढुवानी तथा बिक्रीवितरणमा देखिएको मिलेमतोलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण छ । वित्त नीति र मौद्रिक नीति बीचमा उपयुक्त सन्तुलन कायम गर्दै आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मुद्रा बजारलाई व्यवस्थित गर्नुपर्ने चुनौती छ ।

**४. दीर्घकालीन सोच**

मूल्य वृद्धिलाई वाञ्छित सीमाभित्र राख्ने ।

**५. उद्देश्य**

उच्च मूल्य वृद्धिलाई नियन्त्रण गरी आम जनताको क्रयशक्तिमा सुधार ल्याउने र नेपालले निर्यात गर्ने वस्तु एवं सेवाहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउने ।

**६. रणनीति**

१. उपयुक्त मौद्रिक तथा वित्तीय नीतिको तर्जुमा तथा कार्यान्वयन गरी माग-सृजित मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्ने ।

२. बैंक कर्जाको उत्पादनशील क्षेत्रमा उपयोग, पूँजीको उपलब्धता, प्रतिस्पर्धात्मक बजार संयन्त्रको विकास एवं बजार अनुगमन र आपूर्ति व्यवस्थापनको माध्यमबाट मूल्य स्थिरता कायम गर्ने ।

**७. कार्यनीति**

१. मौद्रिक विस्तारलाई वाञ्छित सीमा भित्र राखिनेछ । (१)

२. बजार मूल्य र तरलताको स्थितिलाई ध्यान दिई मौद्रिक नीतिमा समय-समयमा आवश्यकता अनुसार परिमार्जन गरिनेछ । (१)

३. वित्त नीति तथा विदेशी विनिमय दरसम्बन्धी नीति तर्जुमा गर्दा मूल्यमा पर्ने असरलाई ध्यान दिईनेछ । (१)

४. मूल्य सूचकाङ्क (price index) लाई परिमार्जित गरी मूल्य स्थितिको नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ । (१)

५. आपूर्ति व्यवस्थापनमा सुधार गर्ने, बजारको अनुगमन र नियमनद्वारा अवाञ्छित क्रियाकलापलाई नियन्त्रण गर्ने र मौद्रिक तथा वित्तीय नीतिमा सन्तुलन र समन्वय कायम गरी मूल्य वृद्धिलाई नियन्त्रण गरिनेछ । (२)

६. मूल्य वृद्धिलाई वाञ्छित सीमामा राख्न विशेष गरी कृषि क्षेत्रमा बिचौलियाको प्रभावलाई हटाई प्रतिस्पर्धी बनाउन सहकारी बजार र प्रत्यक्ष बजारका माध्यमबाट उत्पादक र उपभोक्ताबीच सोझो सम्बन्ध स्थापित गरिनेछ । (२)

७. बजारमा थोक पसल र खुद्रा पसल स्पष्ट रूपमा छुट्टिने गरी व्यवस्था मिलाईनेछ । (२)

८. बजार कार्टेलिङ, होर्डिङ र यातायात सिन्डिकेटलाई नियमन गरी निरुत्साहित गरिनेछ । (२)

९. बजार सूचना प्रणालीलाई सुदृढ गरी व्यापक प्रचार-प्रसारमा ध्यान दिईनेछ । कृषि उपज तथा अन्य वस्तुका मूल्यका बारेमा जानकारी उपलब्ध गराउन विभिन्न ठाउँहरूमा बजार सूचना केन्द्रको व्यवस्था गरिनेछ । (२)

१०. उपभोक्ता जागरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

११. पेट्रोलियम पदार्थको मूल्यलाई अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार समायोजन गरिनेछ । (२)

१२. आवश्यक वस्तुहरूको भण्डारण क्षमतामा वृद्धि गर्नुका साथै आपूर्ति व्यवस्थित गरिनेछ । (२)

१३. सार्वजनिक वितरण प्रणालीलाई सुदृढ गरिनेछ । (२)

### ८. अपेक्षित उपलब्धि

वार्षिक औसत मूल्य वृद्धि दर ७ प्रतिशतमा सीमित रहने ।

## ३.१० विदेशी विनिमय तथा शोधनान्तर

### १. पृष्ठभूमि

वस्तु निर्यातको वृद्धि दर कम र यसको आधार साँघुरो रहेको तर आयातको आधार बृहत् हुनुका साथै वृद्धि दर उच्च रहेको कारण मुलुकमा व्यापार घाटा क्रमशः बढ्दै गएको छ । नयाँ निर्यात योग्य वस्तुहरूको पहिचान, विकास र प्रवर्द्धन हुन नसक्दा नेपालले अन्तर्राष्ट्रिय व्यापारबाट हालसम्म खासै फाइदा लिन सकेको देखिँदैन । एकातर्फ नेपालले परम्परागत रूपमा निर्यात गर्दै आएका वस्तुहरूको उत्पादनमा ह्रास आएको छ भने अर्कोतर्फ पेट्रोलियम पदार्थ, सुन र विलासिताका वस्तुहरूको आयातमा अत्यधिक वृद्धि हुँदै गएको छ । आयातको वृद्धिदरसँगै भारतसँग बढ्दै गएको व्यापार घाटाका कारण मुलुकले भारतीय मुद्राको माग व्यवस्थापन गर्न अमेरिकी डलर अन्तर्राष्ट्रिय बजारमा बिक्री गरी भारतीय मुद्राको खरिद गर्ने क्रम पनि क्रमशः बढ्दो छ । व्यापार उदारीकरणको माध्यमबाट निर्यात विस्तार गर्ने नीति लिइए तापनि मुख्यतः आन्तरिक आपूर्तिजन्य अवरोधहरूका कारण अपेक्षित प्रतिफल हासिल गर्न सकिएको छैन ।

### २. अद्यावधिक स्थिति

आन्तरिक उत्पादन न्यून रहन गई स्वदेशी आवश्यकताका वस्तु तथा सेवाहरूको आन्तरिक आपूर्ति कम भईरहेको परिस्थितिमा विश्व बजारमा प्रतिस्पर्धीरूपले निर्यात गर्न सक्ने वस्तु तथा सेवाहरूको कमी रहेको छ । मुलुकको सम्पूर्ण निर्यातबाट प्राप्त हुने आम्दानीले समेत पेट्रोलियम पदार्थको आयात समेत धान्न नसकिने अवस्था छ । एकातर्फ पूँजी निर्माण गरी आर्थिक विकासमा योगदान पुऱ्याउन आवश्यक मेशिनरी तथा

उपकरणहरूको आयात गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ बढ्दो विलासिताका सामानहरूको उपयोग प्रवृत्तिलाई निरुत्साहित गर्न सकिएको छैन । उच्च मूल्य अभिवृद्धि हुने वस्तु तथा सेवाको उत्पादन बढाउन नसक्नु एवं उत्पादित वस्तु तथा सेवाको अधिकतम मूल्य प्राप्त गर्ने गरी अन्तराष्ट्रिय बजारमा पहुँच पुग्न सकेको छैन ।

विश्व व्यापार संगठनसँगको आबद्धता र अन्य क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौताहरूबाट प्राप्त हुने अवसरहरूको पूर्ण सदुपयोग गर्न सकिएको छैन । निरन्तरको व्यापार घाटालाई धान्न चालू खाताको आम्दानीको उपयोग गर्नुपर्ने र भारतसँगको व्यापारिक निर्भरताको कारणले पटक पटक अमेरिकी डलर बिक्री गरी भारतीय रूपैया खरिद गर्नुपर्ने बाध्यता छ ।

### ३. समस्या तथा चुनौतीहरु

मूलतः विप्रेषण आप्रवाहमा भर परिरहेको देशको शोधनान्तर स्थितिलाई दिगो बनाउने कार्य चुनौतीपूर्ण बन्दै गएको

छ ।

### ४. दीर्घकालीन सोच

शोधनान्तर स्थितिलाई सन्तुलित बनाउने ।

### ५. उद्देश्य

देशगत तथा वस्तुगत निर्यात विविधीकरण तथा प्रवर्द्धन गरी बाह्य खर्चहरूलाई दक्षता र प्रतिफलमुखी बनाउँदै विप्रेषण तथा अन्य आय वृद्धि गरी शोधनान्तर स्थितिलाई दिगो बनाउने र विदेशी विनिमय सञ्चितिलाई न्यूनतम ८ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा राख्ने ।

### ६. रणनीति

१. बढी तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको उत्पादन अभिवृद्धि गर्दै वस्तुगत र देशगत विविधीकरणमार्फत् निर्यात अभिवृद्धि गर्ने ।

२. आन्तरिक उत्पादन अभिवृद्धि मार्फत् आयात प्रतिस्थापन गरी बढ्दो व्यापार घाटा कम गर्दै जाने ।

३. भारतलगायत अन्य मुलुकबाट आउने विप्रेषण आप्रवाहलाई बढी भन्दा बढी औपचारिक प्रणालीको माध्यमबाट भित्र्याउने व्यवस्था गर्ने ।

४. विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने ।

५. विदेशी मुद्रामा हुने सेवा खर्चलाई मितव्ययी तुल्याउने ।

६. पर्यटन लगायत अन्य सेवाक्षेत्रको निर्यात प्रवर्द्धन र उत्पादकत्वमा अभिवृद्धि गरी विदेशी मुद्रा आर्जनमा थप योगदान पुऱ्याउने ।

**७. कार्यनीति**

१. राष्ट्रिय रणनीतिहरूमा पहिचान गरिएका प्रतिस्पर्धात्मक लाभका वस्तु तथा सेवाको उत्पादन बढाउन स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ । (१)

२. आन्तरिक रूपमा उत्पादन गर्न सकिने बढी तुलानात्मक लाभ भएका वस्तु तथा सेवाहरूको उत्पादन अभिवृद्धिमार्फत् आयात प्रतिस्थापन गरिनेछ । (१)

३. विश्व व्यापार सङ्गठन, दक्षिण एसियाली स्वतन्त्र व्यापार व्यवस्था र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायता सम्बन्धी बंगालको खाडीको पहल लगायतका संस्थाहरू एवं भारत र चीन लगायतका छिमेकी मुलुकहरूले वैदेशिक लगानी आकर्षित गर्न गरेका प्रयासहरूको समेत सिंहावलोकन गरी विद्यमान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र विदेशी लगानी तथा एकद्वार नीतिमा संशोधन गरिनेछ । (१)

४. दीर्घकालमा पनि प्रतिस्पर्धी हुनसक्ने र आयात प्रतिस्थापन गर्ने उद्योगहरूलाई प्रोत्साहित गरिनेछ । (२)

५. भारतीय मुद्राको बढ्दो मागलाई ध्यानमा राखी भारतबाट हुने आयातलाई बैंकिङ माध्यमबाट गर्न प्रोत्साहित गर्ने तथा भारतीय बजारमा अत्यधिक माग भएका वस्तुहरूको पहिचान गरी तिनीहरूको निकासी प्रवर्द्धन गरिनेछ । (२)

६. छिमेकी मुलुक तथा अन्य देशहरूबाट रकम विप्रेषण गर्दा संस्थागत माध्यमको प्रयोग गर्न आकर्षित गरिनेछ । (३)

७. विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने प्रकारको नीति, नियम तथा कार्यक्रम तर्जुमा गरिनेछ । (४)

८. गैर-आवासीय नेपालीहरूलाई नेपालमा थप लगानी गर्न प्रोत्साहन गरिनेछ । (४)

९. शिक्षा, पर्यटन, बीमा जस्ता क्षेत्रमा हुने विदेशी मुद्राको खर्चमा मितव्ययीता कायम गरिनेछ । (५)

१०. मुलुकभित्रै गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुने वातावरण बनाउँदै शिक्षा तथा स्वास्थ्यको लागि रकम बाहिरिने क्रमलाई घटाउँदै लगिनेछ । (५)

११. भारतसँगको विनिमय दरलाई पुनरवलोकन पुनरवलोकन गरिनेछ । (५)

१२. पर्यटन उद्योगलाई बढी सक्षम बनाई यसलाई विदेशी विनियम आर्जनको भरपर्दो आधारको रूपमा विकास गरिनेछ । (६)

### ८. अपेक्षित उपलब्धि

विदेशी विनिमय सञ्चिति कम्तिमा पनि आठ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा कायम रहेको हुने र शोधनान्तर बचत धनात्मक भएको हुनेछ ।

## ३.११ निजी क्षेत्र

### १. पृष्ठभूमि

स्थानीय उत्पादन बढाई विश्व बजारमा प्रतिस्पर्धा गर्न निजी क्षेत्रलाई सो अनुरूप सुदृढीकरण गर्न नसक्दा वैदेशिक व्यापार घाटा बढ्दै गैरहेको छ । निजी क्षेत्रको विकासको व्यावसायिकतालाई जोड दिई राजनीति क्षेत्रको संरक्षण खोज्ने प्रवृत्तिको अन्त्य गर्नु यस क्षेत्रको विकासको लागि ठुलो चुनौती रहेको छ । यस सन्दर्भमा भारत र चीनले गरेको आर्थिक वृद्धि र उपलब्ध बजारको संभाव्यतालाई अवसरको रूपमा लिई निजी क्षेत्रको विकास र विस्तारमा देखिएका व्यवधानहरू हटाउँदै अगाडि बढ्नु आवश्यक देखिएको छ ।

### २. अद्यावधिक स्थिति

मुलुकले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेदेखि नै निजी क्षेत्रलाई उत्पादन, वितरण र रोजगारी सृजनाको क्षेत्रमा साझेदार बनाउने प्रयासलाई निरन्तरता दिईएको छ । त्यसै गरी नेपाल व्यवसाय मञ्चको स्थापनासँगै सरकार र निजी क्षेत्रबीच गर्न सकिने सहकार्यका सम्बन्धमा नियमति रूपमा सम्वादको व्यवस्था मिलाईएको छ । ठूला ठूला पूर्वाधार निर्माण लगायतका क्षेत्रमा सरकारी निजी सहकार्यलाई व्यवहारमै रूपान्तरण गर्नका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्ने तर्फ कार्य भैरहेको छ । निजी क्षेत्रलाई व्यवसायिक वातावरण उपलब्ध गराउने उद्देश्यले विद्युतीय ईजाजतपत्र र कम्पनी दर्ता देखि खारेजी प्रक्रिया सरल गरिएको छ । एकद्वार प्रणालीबाट लगानीकर्तालाई सेवा प्रवाह गर्ने एवं मुलुकमा लगानीको वातावरण सृजना गरी निजी क्षेत्रलाई स्वस्फुर्त रूपमा अगाडि बढ्न मद्दत पुऱ्याउने समेत उद्देश्यले प्रधानमन्त्रीको अध्यक्षतामा लगानी बोर्डको स्थापना गरिएको छ भने सरकारद्वारा नयाँ सार्वजनिक निजी साझेदारीसम्बन्धी नीतिगत व्यवस्थाबारे पहल भैरहेको छ । निजी क्षेत्रबाट निर्माण एवं सञ्चालन हुने उद्योगलाई आवश्यक पूर्वाधार निर्माणको कार्य सरकारी लगानीमा गराउने नीति लिइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

सरकारले निजी क्षेत्रलाई आफ्नो सहकर्मीको रूपमा स्वीकार गरिसकेको छ । तर पनि राजनीतिक संक्रमणले गर्दा निजी क्षेत्र सरकारसँग पूर्ण आश्वस्त हुन सकेको अनुभूति भएको छैन । अन्य विकासोन्मुख मुलुकहरूको तुलनामा गैर कृषि क्षेत्रमा संलग्न निजी क्षेत्र पनि परिपक्व भइसकेको छैन । निजी उद्यमीहरूको ठूलो संख्या खुद्रा व्यापार, होटल तथा रेष्टुरेण्टमा आबद्ध छन् भने ज्यादै सानो अंशमात्र उत्पादनमूलक उद्योगमा संलग्न छ । सयजनाभन्दा बढीलाई रोजगारी दिने उद्यमी ज्यादै कम र पाँचजनाको हाराहारीमा रोजगारी दिने उद्यमी तथा व्यवसायीको संख्या अत्यधिक देखिन्छ । बहुसंख्यक निजी व्यवसायी मध्यमाञ्चल विकास क्षेत्र अझ खासगरी काठमाडौं उपत्यकामा सक्रिय

पाइन्छ । यसरी व्यवसायीहरूको उपस्थिति भौगोलिक पक्षबाट पनि सन्तुलित छैन ।

निजी क्षेत्र तत्काल लाभ हुने क्षेत्रमा बढी आकर्षित भई दीर्घकालीन लाभ प्राप्त हुने पूर्वाधार निर्माण एवं औद्योगिक क्षेत्रको विकासमा कम केन्द्रित भएको अवस्था छ । एकातर्फ निजी क्षेत्रमा पर्याप्त पूँजीको कमी छ भने अर्कोतर्फ निजी क्षेत्र पूर्ण रूपमा संस्थागत व्यवसायिक संस्कारमा आईनसकेको र जवाफदेही निर्वाह गर्ने संस्कार विकसित भैनसकेको अवस्था छ । निजी लगानी आकर्षित गर्ने क्रममा ऊर्जा संकट अर्को बाधकको रूपमा रहेको छ । त्यसैगरी औद्योगिक व्यवसायीक ऐनलाई नियमित रूपमा अद्यावधिक गर्न सकिएको छैन । ट्रेड युनियनलाई व्यवस्थित गरी उत्तरदायी बनाउने गरी श्रम सम्बन्धमा सुधार गर्न पनि बाँकी छ ।

## ४. दीर्घकालीन सोच

निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख संवाहकका रूपमा स्थापित गर्ने ।

## ५. उद्देश्य

निजी क्षेत्रको विकास र सरकारसँगको सहकार्यमा मुलुकको आर्थिक विकास र रोजगारी सृजनाको लागि निजी क्षेत्रको लगानी बढाउने ।

## ६. रणनीति

१. लगानी मैत्री वातावरण सृजना गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने ।

२. लचिलो श्रम सम्बन्ध कायम गर्ने ।

३. औद्योगिक सुरक्षाको वातावरण सृजना गर्ने ।

४. राष्ट्रिय प्राथमिकता प्राप्त भौतिक पूर्वाधार क्षेत्रको विकासको लागि निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।

५. संस्थागत सामाजिक उत्तरदायित्वलाई प्रोत्साहित गर्ने ।

## ७. कार्यनीति

१. निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न सहयोग पुग्ने गरी वित्त तथा मौद्रिक नीतिहरू तर्जुमा गरिनेछ । (१)

२. अर्थतन्त्रमा निजी क्षेत्रको उत्तरदायित्व र भूमिका स्पष्ट गरिनेछ । (१)

३. निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न स्थानीय तहमा रहेका सहकारी र फाइनान्सको प्रभावकारीरूपमा परिचालन गरिनेछ । (१)

४. श्रम सुरक्षालाई ध्यान दिई सामाजिक सुरक्षासहितको लचिलो श्रम नीति अपनाइनेछ । (२)

५. औद्योगिक सुरक्षाबल गठन गरी औद्योगिक क्षेत्रमा योगदानका आधारमा सुरक्षा प्रणाली अवलम्बन गरिनेछ । (३)

६. औद्योगिक नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । (४)

७. निजी क्षेत्रको नियमनकारी संस्थाको विकास गरिनेछ । (४)

८. उद्योगको सञ्चालन गर्न पाउने क्षेत्रको पहिचान गरी बाह्रै महिना उपलब्ध हुनेगरी विद्युत आपूर्ति लगायतका अन्य सेवा उपलब्ध गराइनेछ । (४)

९. लगानी उत्प्रेरित गर्न आवश्यक पूर्वाधार क्षमता विस्तार गरिनेछ । (४)

१०. लगानी बोर्डको कार्यलाई प्रभावकारीरूपमा अगाडि बढाइनेछ । (४)

### ८. अपेक्षित उपलब्धि

निजी क्षेत्रको लगानी, क्षमता र उत्तरदायित्वमा अभिवृद्धि भएको हुने र उक्त क्षेत्रको भूमिका अर्थतन्त्रमा बढेको हुनेछ ।

## ३.१२ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ (२) ले "सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट मुलुकमा अर्थतन्त्रको विकास गर्ने" भन्ने नीतिगत व्यवस्था गरेको छ । मुलुकको अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने विभिन्न उत्पादन क्षेत्रहरूमध्ये सहकारी क्षेत्र पनि पर्दछ । सहकारी क्षेत्रलाई योजनाबद्ध रूपमा उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनुपर्ने  देखिन्छ । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक तथा सामाजिक रूपान्तरण गरी सम्वृद्ध समाजको निर्माण गर्न सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । यसै पृष्ठभूमिमा सहकारी क्षेत्र सम्बन्धी योजना तर्जुमा गर्नुपर्ने देखिएको छ ।

### २. अद्यावधिक स्थिति

सहकारी क्षेत्रको विस्तारका लागि भएका प्रयासहरूले गर्दा आर्थिक वर्ष २०६९/७० को अन्त्यसम्ममा करिव २६,५०० प्रारम्भिक तहका सहकारी संस्था, ६६ जिल्ला सहकारी सङ्घ, १५७ विषयगत जिल्ला सहकारी सङ्घ, १७ वटा विषयगत केन्द्रीय सङ्घ, एउटा राष्ट्रिय सहकारी बैंक र सबैभन्दा माथिल्लो तहमा एक राष्ट्रिय सहकारी सङ्घ गरी जम्मा २४२ वटा जिल्ला, केन्द्रीय तथा राष्ट्रिय सहकारी संघहरू रहेका छन् । सहकारीमा ४० लाख भन्दा बढी व्यक्ति सदस्य रहेका छन् । महिला सहभागिता ४२ प्रतिशत रहेको, सहकारीको व्यवस्थापनमा महिलाको पहुँच २२ प्रतिशत पुगेको र महिलामात्र सदस्य रही सञ्चालित सहकारी  २,६०० पुगेको स्थिति छ । कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान ३ प्रतिशत पुगेको अनुमान छ भने ५० हजारभन्दा बढीलाई प्रत्यक्ष र ७ लाख भन्दा बढी लाई अप्रत्यक्ष

रोजगारीको अवसर जुटेको छ । शहरी क्षेत्रमा सहकारीको बाहुल्य रहे पनि सबै जिल्लामा सहकारी संस्थाको विस्तार भएको छ । सहकारी विभागबाट मापदण्डका आधारमा सहकारी सङ्घसंस्थाको अनुगमन र नियमन गर्ने प्रणाली शुरूवात भएको छ । सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना भएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

सहकारी ऐन नियममा समय सापेक्ष परिमार्जन हुन नसक्नु, आर्थिक आयामका धेरै क्षेत्रमा सहकारी पद्धतिको व्यवसायलाई प्रोत्साहन गर्ने नीतिको अभाव हुनु, आमनागरिकमा सहकारीको उपयोग र उपादेयताका बारेमा पर्याप्त जानकारी नहुनु र उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउन नसकिनु जस्ता समस्या छन् । सहकारी क्षेत्रको सुशासनको अवस्था सन्तोषजनक छैन । आफ्ना सदस्यहरूको हितमा काम गर्नुपर्ने कतिपय सहकारी संस्थाले सदस्यहरूको भन्दा सीमित तथा सम्भ्रान्त समूहको हितमा काम गर्ने प्रवृत्तिले समग्र सहकारी क्षेत्रको विकास र विश्वासमा आघात पुगेको छ । त्यसैगरी उत्पादनशील क्षेत्रमा कार्य गरी सदस्यहरूलाई आत्मनिर्भर बनाउने भन्दा सेवा व्यापारमा केन्द्रित हुन गएकाले यस क्षेत्रबाट अपेक्षित रोजगारीका अवसरहरू समेत सृजना गर्न नसकिएको अवस्था छ ।

सहकारी विभागको संस्थागत सुदृढीकरण हुन नसकेको र सबै जिल्लामा सहकारी कार्यालय नभएकोले सहकारीसम्बन्धी सेवा उपलब्धतामा कठिनाई परेको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी सङ्घसंस्थाका लागि समयसापेक्ष कानुनी व्यवस्था एवं अनुगमनको प्रभावकारी संरचनाको कमी भएबाट सहकारी मार्फत् हुने वित्तीय कारोबारलाई व्यवस्थित र भरपर्दो बनाउन सकिएको छैन ।

## ४. दीर्घकालीन सोच

सहकारिताको माध्यमबाट स्थानीय स्रोत, श्रम, सीप र पूँजीको अधिकतम परिचालन गर्ने ।

## ५. उद्देश्य

१. सहकारीमा आधारित उद्योग व्यवसायको विकास र विस्तार गरी मुलुकको दिगो र समतामूलक आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने ।

२. सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्ने ।

## ६. रणनीति

१. सहकारी सङ्घसंस्थाको संस्थागत विकास र सहकारीसम्बन्धी जनचेतना विस्तारमा टेवा पुऱ्याउने ।

२. उत्पादन तथा सेवामा आधारित अन्य व्यवसायमा पनि सहकारी पद्धतिलाई क्रियाशील तुल्याउने ।

३. महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्धतिको व्यवसायमा पहुँच बढाउने ।

४. अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने ।

५. सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनको लागि स्थानीय निकाय र विकास साझेदारको सहयोग समेत परिचालन गर्ने ।

६. सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवं उपयुक्त सङ्गठन संरचनाको निर्माण गर्ने ।

**७. कार्यनीति**

१. सहकारीसम्बन्धी औपचारिक र अनौपचारिक शिक्षाको प्रवर्द्धन गरिनेछ । (१)

२. सहकारी व्यवस्थापनको दक्षता अभिवृद्धिका लागि तालिमलाई अनिवार्य गरिँदै लगिनेछ । (१)

३. सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ । (१)

४. सहकारी माध्यमबाट सबै किसिम र स्तरका उद्योग व्यवसाय स्थापना गर्न सकिने गरी क्षेत्रगत नीति, कानुन र संरचनामा परिमार्जन गरिनेछ । (२)

५. कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिको लागि कृषकको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई प्रोत्साहन गरिनेछ । (२)

६. सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पूँजी र सीपमूलक तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । (३)

७. ग्रामीण तहमा उत्पादन तथा उपभोक्ता सहकारीलाई विभिन्न महशूलमा छुट सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ। (३)

८. सहकारी उद्योग व्यवसायको विकास र विस्तारका लागि पूँजी माथिको पहुँच पुऱ्याउन सहकारी विकास कोषमार्फत् सहुलियतपूर्ण ऋण तथा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ । (३)

९. सदस्यको योगदानमा आधारित निक्षेप सुरक्षण कोषको व्यवस्था गरी निक्षेप सुरक्षाको व्यवस्था मिलाइनेछ । वित्तीय सहकारीको व्यवस्थापनलाई प्रभावकारी र अनुशासित बनाउन सम्बन्धित केन्द्रीय सङ्घहरूमा स्थिरीकरण कोषको व्यवस्था गरिनेछ । (४)

१०. विषय र भौगोलिक निकटताका आधारमा “एक सदस्य एक सहकारी” को नीतिमार्फत् अस्वस्थ प्रतिस्पर्धा न्यून गरिनेछ। लागत लाभ र सुदृढ व्यवस्थापनका लागि सहकारी संस्थाको एकीकरणको कार्यलाई प्रोत्साहन गरिनेछ। (४)

११. सहकारीताको प्रवर्द्धनका कार्यमा स्थानीय तहमा सरकारी तथा स्थानीय निकाय र सहकारी सङ्घसंस्था बीचमा सहकार्य र समन्वयको वातावरण बनाउन प्रभावकारी संयन्त्रको विकास गरिनेछ। (५)

१२. सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि दीर्घकालीन रणनीतिक योजना तर्जुमा गरिनेछ। (६)

१३. कृषि सहकारीको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानमा सहकारी बजार केन्द्रको विकास गरिनेछ। (६)

१४. सहकारीमा आबद्ध कृषकलाई सहुलियत कर्जाको लागि कृषि सहकारी संस्थाको स्वामित्वमा रहेको साना किसान विकास बैंक मार्फत् न्यून पूँजी परिचालनमा सहयोग उपलब्ध गराइनेछ। (६)

१५. बचत तथा ऋणको कारोबार गर्ने सहकारी बैंक र सङ्घसंस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्न ऐन नियमको तर्जुमा गरिनेछ। (६)

१६. सहकारी मैत्री कर प्रणालीको विकास गरिनेछ। (६)

## ८. मुख्य कार्यक्रमहरु

- **ऐन नियममा सुधारः** सहकारी ऐन नियमहरूमा समसामयिक सुधार, राष्ट्रिय सहकारी वैंक ऐनको तर्जुमा तथा राष्ट्रिय सहकारी विकास वोर्ड ऐनमा आवश्यक परिमार्जन गरिनेछ।

- **संस्थागत सुधारः** सहकारी कार्यालय नभएका जिल्लाहरूमा क्रमशः सहकारी कार्यालयको स्थापना, सहकारी विभाग र अर्न्तगतका कार्यालयहरूको संगठन र व्यवस्थापन सर्भेक्षण, साझा यातायात, साझा प्रकाशन, साझा पसल, साझा भण्डारलाई पूर्ण रूपमा सहकारीकरण, सहकारी बचत सुरक्षण कोष र सहकारी ऋण सुरक्षण कोषको स्थापना तथा सञ्चालनको व्यवस्था गरिनेछ।

- **सहकारी सुशासनः** सहकारी संस्थाहरू विशेषतः वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूको सघन अनुगमन गरी वित्तीय अनुशासन कायम, सहकारी क्षेत्रबाट गरिने लगानीको यथार्थता र पारदर्शिता कायम गर्न सहकारी कर्जा सूचना केन्द्र स्थापना, सहकारी लेखांकन तथा लेखापरिक्षण मापदण्ड तयारीका साथै सहकारी संघसंस्थामा नियमन, सुशासन र पारदर्शिता कायम गरिनेछ।

- **पूँजीगत अनुदानः** लक्षित वर्ग र समूहका बीच गठन हुने सहकारी संघ संस्थाहरूको दिगो विकास र व्यावसायिक विस्तारका लागि बीउ पूँजी प्रदान, सहकारी मार्फत् कृषि एवं पशुजन्य र साना उद्योगको स्थापना तथा विकासको लागि पूँजीगत

अनुदान, ग्रामीण तथा विपन्न समुदायमा सहकारी ब्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पूँजी वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूवाट कर्जा लगानी गर्ने संयन्त्रको विकास र पशु तथा बाली बीमा सेवा सञ्चालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **क्षमता अभिवृद्धिः** राष्ट्रिय सहकारी संघ र केन्द्रीय सहकारी संघहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन, सहकारी तालिम सञ्चालन पद्धतिमा सुधार, सहकारी सूचनाको उपयोगमा सर्वसाधारणको पहुँच विस्तारको लागि केन्द्रीय सहकारी सूचना इकाईको निर्माण, सहकारी पद्धतिका विकास र विस्तारका लागि विभिन्न तहको शैक्षिक पाठ्यक्रममा समावेश र सूचना, शिक्षा तथा सञ्चार सामग्री आदि प्रकाशन गरिनेछ ।

- **विविधः** गरिव घरपरिवारको पहिचानको लागि परिचय पत्र वितरण, सरकार-सहकारी र निजी क्षेत्रको लागत साझेदारीमा विभिन्न उद्योग सञ्चालन, सहकारी मार्फत् गरिबी निवारणसम्बन्धी लक्षित कार्यक्रमहरू सञ्चालन गरी रोजगारी सृजना तथा ग्रामीण युवा स्वरोजगार कार्यक्रमहरूसञ्चालन गरिनेछ ।

## ९. अपेक्षित उपलब्धिहरु

सहकारीको उपादेयताको वारेमा जनचेतना वृद्धि भएको हुने, सहकारी क्षेत्रमा तालिम प्राप्त जनशक्तिका सङ्ख्यामा वृद्धि भएको हुने, नियमन कार्य प्रभावकारी र व्यवस्थापनमा सुधार आई सहकारी क्षेत्रमा सुशासन कायम भएको हुने, सहकारी क्षेत्रमा प्रत्यक्ष रोजगार र स्वरोजगारीको सङ्ख्यामा वृद्धि भएको हुने र महिला, दलित, गरिब एवं पछि परेको समुदायका व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन योगदान पुगेको हुनेछ । साथै २०६९/७० मा केन्द्र र जिल्लास्तरका सहकारीहरूको संख्या २४२ रहेकोमा ३३० पुगेको हुने, प्रारम्भिक सहकारीहरूको संख्या २६,५०० बाट ३५,००० पुगेको हुने र सहकारीमा आबद्ध संख्या ४० लाखबाट बढेर ५० लाख पुगेको हुनेछ । यसैगरी यस क्षेत्रमा सेयर पूँजी ४५ अर्ब, वचत संकलन १७० अर्ब र ऋण लगानी १७० अर्ब पुगेको हुनेछ ।

## परिच्छेद : ४
# क्षेत्रगत विकास नीतिहरु

## ४.१ कृषि, सिंचाइ, भूमिसुधार तथा वन

### ४.१.१ कृषि

**१. पृष्ठभूमि**

देशको कूल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रवाट प्राप्त हुने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ । नेपालको अन्तरिम संविधान, २०६३ ले खाद्य संप्रभुतालाई मौलिक हक भित्र राखी राज्यले किसानलाई प्रोत्साहित गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सृजना गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ भन्ने नीतिमा उल्लेख भए वाट यस क्षेत्रको महत्त्व अझै उजागर भएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा खाद्यान्न तथा खाद्य पदार्थमा भएको मूल्यवृद्धि तथा अपर्याप्त आपूर्ति, आर्थिक रूपले सकृय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा वढ्दै गई रहेको श्रम शक्तिको अभाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा वढ्दो उपयोग तथा जलवायु परिवर्तनको नकारात्मक प्रभाव जस्ता कारणहरूले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल गर्नु चुनौतीपूर्ण रहेको छ । त्यसैगरी उत्पादनका सामाग्रीहरूको पर्याप्त आपूर्ति नहुनु, ग्रामीण तथा भौतिक पूर्वाधारहरूको अपर्याप्तता, साना, खण्डित र अव्यवस्थित भू-उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, उत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र वजारमुखी हुन नसक्नु, जीवनाशक विषादी र भेटेरिनरी औषधिको सुरक्षित प्रयोगबारे पर्याप्त जानकारी नहुनु, अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानवाट विकास भएका प्रविधिहरू पर्याप्त मात्रामा विस्तार हुन नसक्नु जस्ता समस्याहरू विद्यमान छन् ।

देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बीउ विजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी युवा तथा सिमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता तथा नेपालले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धी, सम्झौता, प्रतिवद्धता, सहस्राब्दी विकास लक्ष्यहरू, राष्ट्रिय नीतिहरूमा गरेका प्रतिवद्धतालाई मध्यनजर राख्दै कृषि तथा पशु पंक्षीजन्य उत्पादन एवं व्यापारमा प्रतिस्पर्धा, व्यवसायिकरण, यान्त्रिकरण, विविधिकरणमा जोड दिनुका साथै आर्थिक तथा सामाजिक रूपमा पछि परेका वर्गहरूलाई समेत प्राथमिकता दिई सरकारी निजी साझेदारीको अवधारणा अंगिकार गर्दै कृषि पेसालाई सम्मानजनक बनाई आय तथा रोजगारी सृजना, गरिबी न्यूनीकरण, सुधारात्मक व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र आर्थिक रूपान्तरणमा कृषि क्षेत्रको योगदान बढाउन यस योजनाको प्रयासहरू केन्द्रित हुनेछन् ।

साथै, कृषि क्षेत्रको समग्र विकासको लागि २० वर्षको लक्ष्य राखि कृषि विकास रणनीति तयार गर्ने कार्य अन्तिम अवस्थामा पुगेको छ । सो रणनीतिको मर्मअनुसार कृषि विकासका नीति तथा कार्यक्रमहरूलाई आगामी योजनाहरूमा समावेश गर्दै लगिने छ ।

## २. अद्यावधिक स्थिति

विगत तीन वर्षीय योजनामा कृषि क्षेत्रमा वार्षिक औसत वृद्धि दरको लक्ष्य ३.९ प्रतिशत हुने अनुमान गरिएकोमा योजनाको अन्तमा औसत वृद्धि दर ३.६ प्रतिशत हासिल भएको छ । योजनाको पहिलो वर्ष आ.ब. २०६७/०६८ मा कृषि क्षेत्रको वार्षिक वृद्धि दर ३.९ प्रतिशत, दोस्रो वर्ष आ.ब. २०६८/०६९ मा वार्षिक वृद्धि दर ५.० प्रतिशत र अन्तिम वर्ष आ.ब. २०६९/७० मा वार्षिक वृद्धि दर १.३ प्रतिशत मात्र भएको छ ।

त्रिवर्षीय योजना (आ.व.२०६६/६७-२०६९/७०) मा खाद्यान्न बालीको वार्षिक उत्पादन ९५६१ हजार मे.टन पुर्‍याउने लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्ष (आ.ब. २०६९/७०) मा ८७३८ हजार मे. टन उत्पादन भई लक्ष्य अनुरूपको प्रगति हासिल हुन सकेको छैन । दलहन बालीको वार्षिक उत्पादन लक्ष्य २७७ हजार मे.टन पुर्‍याउने रहेकोमा लक्ष्य भन्दा बढी प्रगति भई योजनाको अन्तिम वर्ष (आ.ब. २०६९/७०) मा ३५७ हजार मे.टन उत्पादन भएको छ । त्यसैगरी नगदेबाली तर्फ आलुको वार्षिक उत्पादन २७५५ हजार मे.टन पुर्‍याउने लक्ष्य रहेकोमा आ.ब.२०६९/७० सम्ममा २६४५ हजार मे.टन उत्पादन भएको छ । त्यसैगरि, उखुबाली र तेलहन बालीको वार्षिक उत्पादन लक्ष्य क्रमशः ३२३८ र १९० हजार मे.टन रहेकोमा आ.ब. २०६९/७० मा क्रमशः २९३० र १७९ हजार मे.टन उत्पादन भएको छ । फलफूल उत्पादन तर्फ ७७५ हजार मे.टन वार्षिक उत्पादन गर्ने लक्ष्य रहेकोमा आ.ब. २०६९/७० मा १०५० हजार मे.टन उत्पादन भएको छ ।

मसला बाली तर्फ अलैंची, लसुन, अदुवा, बेसार र खुर्सानी बालीको आवधिक योजनाको लक्ष्य बराबर नै आ.ब. २०६९/७० मा क्रमशः ८ हजार, ५७ हजार, २ लाख २८ हजार, ४९ हजार र ३१ हजार मे.टन उत्पादन भएको छ । तरकारीको वार्षिक उत्पादन ३६०१ हजार मे.टन पुर्‍याउने लक्ष्य रहेकोमा आ.ब. २०६९/७० मा ३४०९ हजार मे.टन उत्पादन भएको छ । कफिबालीमा रोग तथा कीराको प्रकोप बढ्न गएको र तिनको उचित व्यवस्थापन हुन नसक्दा योजना अवधिको वार्षिक उत्पादन लक्ष्य १२०० मे.टन रहेकोमा ४६० मे.टन मात्र उत्पादन भएको छ । त्यसै गरि चियाको वार्षिक उत्पादन लक्ष्य २५ हजार मे.टन हासिल हुन नसकि १९ हजार मे.टन मात्र उत्पादन भएको छ । महको उत्पादनतर्फ वार्षिक १३०० मे.टन लक्ष्य रहेकोमा लक्ष्यभन्दा बढी प्रगति भई आ.व. २०६९/७० मा १६२५ मे.टन उत्पादन भएको छ । त्यसै गरि रेशम कोयाको वार्षिक उत्पादन लक्ष्य ६० मे.टन रहेकोमा योजनाको अन्तिम वर्ष ४० मे.टन मात्र उत्पादन भएको छ । माछा उत्पादन तर्फ वार्षिक ५६ हजार मे.टन लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्षमा ५७.२५ हजार मे.टन उत्पादन भई लक्ष्य भन्दा केही बढी प्रगति हाँसिल भएको छ ।

पशुजन्य उत्पादन तर्फ दुग्धको वार्षिक उत्पादन लक्ष्य १७७४ हजार मे.टन रहेकोमा योजनाको अन्तिम वर्षको वार्षिक उत्पादन १६८१ हजार मे.टन भएको छ । त्यसैगरी

वार्षिक २८७ हजार मे.टन मासु उत्पादन गर्ने लक्ष्य रहेकोमा आ.व. २०६९/७० मा २९५ हजार मे.टन उत्पादन भएको छ । अण्डा उत्पादन तर्फ वार्षिक ९३ करोड गोटा उत्पादन लक्ष्य रहेकोमा आ.व. २०६९/७० मा ८३ करोड ८९ लाख गोटा उत्पादन भएको छ ।

समग्रमा, योजनाको अन्तिम वर्ष (आ.व. २०६९/७०) मा दलहन, फलफूल, मासु र माछाको उत्पादन योजनाको लक्ष्य भन्दा बढी प्रगति हासिल भएको छ भने अलैंची, लसुन, अदुवा, बेसार र खुर्सानीको उत्पादन योजनाको लक्ष्य अनुरूप भएको छ । तर अधिकांश कृषि र पशुजन्य उत्पादन जस्तैः खाद्यान्न बाली, आलु, उखु, तेलहन, चिया, तरकारी, कफी, मह, रेशम कोया, दुग्ध र अण्डाको उत्पादन लक्ष्य अनुरूप हुन सकेको छैन । योजना अवधिको पहिलो दुई वर्ष अनुकूल मौसम र अन्य कारणहरूबाट अपेक्षित लक्ष्य हासिल भए तापनि आ.व. २०६८/६९ मा रसायनिक मलको अभाव, मौसमको प्रतिकूलता र समयमै पूर्ण बजेट आउन नसक्दा योजनाको अन्तिम वर्षमा कृषिजन्य वस्तुहरूको उत्पादनमा कमी आई अपेक्षित वृद्धि दरमा कमि भएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

सम्बन्धित ऐन नियमहरू समयसापेक्ष नहुनु र भएका ऐन नियमको कार्यान्वयन कमजोर हुनु, सरकारी लगानी न्यून रहनु र कृषक तथा व्यवसायीहरूले सर्वसुलभ रूपमा ऋण र प्राविधिक सहयोग समयानुकूल पाउन नसक्नु प्रमुख समस्याको रूपमा रहेको छ । कृषि तथा पशुजन्य वस्तु उत्पादन वृद्धि तर्फ साना, खण्डित र अव्यवस्थित भू उपयोग हुनु, दोहोरो भू-स्वामित्वको स्थिति रहनु, कृषि तथा पशुजन्य उत्पादनका आधारभुत सामग्रीको पर्याप्त आपूर्ति नहुनु, उत्पादनको उपयुक्त बजार तथा मूल्य पाउन नसक्नु, कृषि तथा पशु सेवा प्रसार सम्बन्धी कार्यमा केन्द्र र जिल्लास्तरको समन्वयमा कमी हुनु, आवश्यक प्रविधि, जनशक्ति, सामग्री, प्रसार सेवा सहज र सर्वसुलभ नहुनु जस्ता समस्या रहेका छन् । कृषि व्यावसायीकरण र व्यापारतर्फ उत्पादनको लागत, गुणस्तर तथा समग्र प्रवृत्ति प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, निर्यात संभाव्यता भएका बाली र वस्तुहरू तथा सो को माग सम्बन्धी अनुसन्धानमा कमी हुनु, माग अनुरूप उत्पादन विविधिकरण गरी बजारमा पुऱ्याउन नसक्नु, विविध क्षेत्रमा आवश्यक वैज्ञानिक तथा अन्य जनशक्तिको व्यवस्थापन कमजोर हुनु, प्रयोगशाला लगायत अनुसन्धानका पूर्वाधारहरूको कमी हुनु जस्ता समस्या विद्यमान छन् ।

जलवायु परिवर्तनका असर कम गर्ने, सिंचाइ सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिको लागि चाप घटाउने, किटनाशक विषादिको अनुपयुक्त र असुरक्षित प्रयोगबाट वातावरण र जनस्वास्थमा नकारात्मक प्रभाव घटाउने, उपलब्ध कृषि प्रविधिहरू पर्याप्त रूपमा कृषकको थलोमा पुऱ्याउने, रासायानिक मल आयात र वितरण व्यवस्था सुनिश्चत तुल्याउने, युवा जनशक्तिलाई कृषि पेसामा आकर्षित गर्ने, कृषि उपजको प्रशोधन प्रविधिको विकास र विस्तार गर्ने, कृषि एवं पशुजन्य उत्पादन, वितरण, आयात एवं निर्यातमा गुणस्तर एवं स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउने, कृषि उत्पादकत्व बढाउन कृषक समुह र सहकारीको संस्थागत विकास, व्यावसायिक दक्षता, स्रोत परिचालन र कारोबारमा गुणत्मक विकास गर्ने, सीमान्तकृत, गरिब, महिला, जनजाति, दलित, मधेसी, मुस्लिम र दुर्गम क्षेत्रका कृषकहरूको कृषि तथा पशु सेवा

कार्यक्रममा पहुँच वृद्धि गर्ने, कृषि सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षामा पहुँच बढाउने जस्ता चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितताको लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमवाट जीवनस्तरमा सुधार ल्याउने ।

### ५. उद्देश्य

१. कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

२. कृषि तथा पशुपंक्षी जन्य उत्पादनलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने ।

३. वातावरण मैत्री एवं जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि कृषि प्रविधिहरूको विकास र विस्तार गर्ने ।

४. कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने

### ६. रणनीति

१. कृषि तथा पशु पंक्षीजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण तथा गुणस्तरीय उत्पादनको लागि गुणस्तरीय उत्पादन सामग्रीहरू, उन्नत प्रविधि एवं कृषि पूर्वाधार र सुलभ कृषि कर्जाको व्यवस्था गर्ने ।

२. कृषि तथा पशु पंक्षीजन्य उत्पादनमा अनुदानको दायरा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने दिशामा प्रतिस्पर्धात्मक क्षमता वढाउने ।

३. कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धि बनाउन गुणस्तर मापदण्ड निर्धारण गर्ने

४. कृषकहरूलाई कम आयातन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषि तथा पशुजन्य उद्योगको विकासमा जोड दिने ।

५. गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउदै बजारीकरणलाई प्रवर्द्धन गर्ने ।

६. कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरण मैत्री कृषि प्रविधिहरूको विकास एवं विस्तार गर्ने ।

७. कृषिलाई सम्मानजनक र आकर्षक पेसाको रूपमा विकास गरी युवाजनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षण गर्ने ।

८. अनुसन्धानवाट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैह्रसरकारी संस्थाहरू बीच अन्तरनिकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख वनाउने ।

९. यान्त्रीकरणको माध्यमबाट गरी लाभ-लागत अनुपात वृद्धि गरी कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउने ।

**७. कार्यनीति**

१. कृषकहरूलाई प्राविधिक सेवा र गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषि कर्जाको आपूर्ति सुलभ गराइनेछ । (१)

२. कृषक मैत्री आधुनिक प्रविधिको प्रयोगद्वारा व्यावसायिक उत्पादनमा जोड दिइनेछ । (१)

३. भूमिगत तथा सतह सिचांइ र बर्षाको पानी संकलन तथा सिंचाइका उपयुक्त प्रविधिहरूको प्रयोग गरी वर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउने प्रकृया अगाडि बढाइनेछ । (१)

४. कृषि सडक, बिजुली, सञ्चार, गोदामघर, शीतभण्डार, संकलन केन्द्र, थोक बजार र बाह्य क्षेत्रमा बजार सञ्जाल विकास र विस्तार गरिनेछ । (१)

५. ग्रामीण क्षेत्रमा कृषि तथा पशुजन्य वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि सडक, विद्युत, सञ्चार, गोदाम घर, शीतघर संकलन केन्द्र, थोक बजार जस्ता अत्यावश्यक पूर्वाधार विकासमा जोड दिँदै कृषि तथा पशु पंक्षी बजार सूचनाको पँहुच बढाइनेछ । (१)

६. उन्नत पशु नस्लको उपलब्धता बढाउन स्रोत केन्द्रहरूको विकास गरी गुणस्तरयुक्त बीउ नस्ल उपलब्ध गराइनेछ । डेरी फार्मलाई प्रोत्साहन गर्न र मिल्क होलिडेको अन्त्यको लागि धुलो दुध कारखाना स्थापनाको कार्य प्रारम्भ गरिनेछ । (१)

७. कृषि क्षेत्रको व्यावसायीकरण, गुणस्तर परीक्षण, अनुगमन र नियमनको क्षेत्रमा उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, युवा, उद्यमी, प्राविधिक तथा विज्ञहरूको क्षमता विकास गर्दै लगिनेछ । (१)

८. सम्भाव्य क्षेत्रहरूमा मुख्य खाद्यान्नबाली र कम आयतन भएका उच्च मूल्यका उपजहरूको छनौट गरी उत्पादन वृद्धि गर्न प्रोत्साहित गरिनेछ । (१)

९. ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक समूह र उद्यमीहरूलाई आकर्षित गरी लगानीको वातावरण मिलाइनेछ । (१)

१०. खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्य पोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै स्थानीय, स्रोत, साधन, श्रम र प्रविधिको प्रयोग भई उत्पादन गर्न सकिने कृषि र पशुपंक्षीजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपिन र पौष्टिक तत्व तथा उपयोगबारे विशेष चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । (१)

११. कृषिमा महिलाको बढ्दो भूमिकालाई प्रभावकारी बनाउन महिला कृषक लक्षित विशेष कार्यक्रम लागू गरिनेछ । (१)

१२. वैदेशिक व्यापार घाटा न्यून गर्ने गरी प्राथमिकताका आधारमा छानिएका बाली तथा पशु वस्तुको व्यवसायिक उत्पादन प्रवर्द्धन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । (२)

१३. पशु नस्ल सुधार अभियान, कृत्रिम गर्भाधान अभियान तथा पशु आहार राष्ट्रिय अभियान जस्ता कार्यक्रममा सरकारी तथा निजी फार्म केन्द्रलाई स्रोत केन्द्रको रूपमा सुदृढीकरण गरी स्तरीय बीउ र नस्ल उत्पादनलाई प्राथमिकता दिइनेछ । (२)

१४. सुधारिएका तथा वर्णशंकर प्रजातिका प्रमाणित बीउ र उन्नत नस्लका पशुपंक्षी उत्पादन गर्ने सरकारी तथा निजी फार्म केन्द्रलाई स्रोत केन्द्रको रूपमा सुदृढीकरण गरी स्तरीय बीउ र नस्ल उत्पादनलाई प्राथमिकता दिइनेछ । (४)

१५. उत्पादन सामग्रीहरूको सहज आपूर्तिको व्यवस्था गरी कृषि तथा पशु बीमा, सहुलियतपूर्ण कृषि ऋण, कृषि तथा पशुजन्य उद्योगको उपकरण खरिदमा अनुदान र व्यापारमा कर सुविधा उपलब्ध गराई लागत घटाई प्रतिस्पर्धी वनाइनेछ । (२)

१६. मत्स्य पालन कार्यक्रमलाई मध्य पहाडमा विस्तार गरिनुका साथै तराईमा उपलब्ध जलाशय, घोल, पोखरीमा साना भूमिहीन तथा सीमान्तकृत कृषकहरूलाई लक्षित गरी समूह र सहकारीतामा आधारित मत्स्यपालनका कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक रूपमा मत्स्यपालन गर्ने व्यक्ति, कृषक समुह, सहकारीलाई पोखरी निर्माणमा लाग्ने लागतको अनुदानको व्यवस्था गरिनेछ । (२)

१७. संक्रामक पशु रोगबाट हुने नोक्सानीलाई न्यूनीकरण गरी पशुजन्य उत्पादनको लागत घटाइनेछ । (२)

१८. नेपाल व्यापार एकीकृत रणनीति, २०१० ले निर्धारण गरेका निर्यातयोग्य बाली/वस्तुहरूको प्रवर्द्धन गरिनेछ । (३)

१९. तुलनात्मक लाभका आधारमा उच्च उत्पादन सम्भाव्य कृषि उपजहरूको छनौट एवं उत्पादन वृद्धिमा जोड दिइ त्यस्ता वस्तुहरूको बौद्धिक अधिकार (patent right) सुरक्षित गरी प्रतिस्पर्धी बनाइनेछ । (३)

२०. अन्तर्राष्ट्रिय बजारमा खपत हुने उच्च मूल्यका वस्तु र बालीहरूको प्राङ्गारिक खेतीलाई प्रोत्साहित गर्न उत्पादनको ब्रान्ड प्रबर्द्धन तथा प्रमाणीकरणको व्यवस्था मिलाइनेछ । (३)

२१. खाद्य प्रशोधन उद्योगलाई लक्षित गरी गुणस्तर लगायतका प्राविधिक समस्या समाधानका लागि ट्रायल परिक्षण तथा अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ । (४)

२२. स्थानीय स्तरसम्म कृषि तथा पशुपन्छी बजार सूचनाको पँहुच बढाइनेछ । (५)

२३. कृषक समूह, निजी उद्यमी र सहकारी क्षेत्रको संलग्नता बढाउँदै व्यवसायिक उत्पादन हुने क्षेत्रलाई एकीकृत पकेट क्षेत्र घोषणा गरी कृषकलाई एकीकृत सेवा सुलभ र सहज रूपमा प्रदान गरिनेछ । (५)

२४. राष्ट्रिय खाद्य प्रयोगशालाको सुदृढीकरण गरी अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त प्रयोगशालाको रूपमा विकास गरिनेछ । (५)

२५. अन्तराष्ट्रिय ऐन, नियम, सन्धि, महासन्धिसँग सामञ्जस्यता कायम गरेर कृषि तथा पशुजन्य वस्तु एवं सेवा सुविधा नियमनमा समसामयिक परिमार्जन गरी मापदण्ड तथा गुणस्तरमा सुधार ल्याइनेछ । (५)

२६. जीवनाशक विषादी, भेटेरिनरी औषधि, एन्टिबायोटिक, हर्मोनको सही उपयोग गर्न र यसका नकारात्मक असरबाट बच्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । (५)

२७. विषादीबाट मानव स्वास्थ्यमा हुने दूरगामी दुस्प्रभावलाई न्यून गर्न जैविक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गर्दै एकीकृत शत्रुजीव व्यवस्थापन प्रबिधि अपनाई रसायनिक विषादीको प्रयोग कम गर्दै लगिनेछ । (५)

२८. काठमाण्डौ लगायतका मुख्य शहरमा रहेको अव्यवस्थित मासुजन्य, तरकारी तथा अन्य खाद्य सामाग्री बिक्री स्थलहरूको उचित व्यवस्थापन गरी स्वस्थ खाद्य वस्तु उपलब्धताको सूनिश्चित गरिनेछ । यसको लागि अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी रूपमा अवलम्बन गरिने छ । (५)

२९. अखाद्य वस्तुको उत्पादन तथा बजारीकरणलाई निरुत्साहित गर्न नियमन कार्यलाई प्रभावकारी बनाईनेछ । विषादी र जि.एम.ओ. वाट पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । प्रांगारीक खेती कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । (५)

३०. कृषि अनुसन्धान तथा विकाससंग सम्बन्धित प्रयोगशालाहरूलाई सुदृढीकरण गरिनेछ । (५)

३१. जलवायु परिवर्तनबाट नकारात्मक असर अनुकुलन र न्यूनीकरण गर्न आवश्यक अध्ययन अनुसन्धान सञ्चालन गरी असर न्यूनीकरण गर्ने प्रविधि तथा अभ्यासहरूलाई प्रबर्द्धन गरिनेछ । (६)

३२. कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र उपयोग गरिनेछ । स्थानीय पशुपंक्षी संरक्षणका निमित्त सञ्चालन गरिएका प्रयासमा विशेष अनुदानको व्यवस्था गरिनेछ । (६)

३३. स्वदेशी ज्ञान र आनुवांशिक/प्राकृतिक स्रोतको संरक्षण र सदुपयोग गर्न उपयुक्त प्रविधि तथा पूर्वाधारको विकास गरिनेछ । (६)

३४. कृषि व्यवसाय सञ्चालन गर्न पूँजीगत अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराई कृषि उद्यम सञ्चालनको लागि आवश्यक उद्यम विकास र सीपमूलक तालिम दिनुको साथै उत्कृष्ट युवा कृषकहरूलाई सम्मान गरिनेछ (७)

३५. युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्ने गरी विशेष युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । उत्कृष्ट कृषकहरूलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारबाट सम्मान गर्ने व्यवस्था गरिनेछ । (७)

३६. प्राविधिकहरू र कृषक/कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न जोड दिइनेछ । (७)

३७. स्वदेशमा पाइने जडिबुटिबाट बोट बिरुवा तथा पशुपंक्षीहरूको उपचार गर्ने प्रविधि विकास गरिनेछ । (८)

३८. कृषि क्षेत्रको आवश्यकता अनुसार आधारभूत, व्यवहारिक र अनुशरणीय अध्ययन, अनुसन्धानकार्यलाई प्राथमिकताका साथ अघि वढाइनेछ । (८)

३९. प्राथमिकताका आधारमा खाद्यान्न तथा नगदेबालीको वर्णशंकर जातको विकासको लागि अनुसन्धान र बीउ उत्पादन कार्यक्रमलाई प्राथमिकता दिइनेछ । (८)

४०. कृषि अनुसन्धान कार्यक्रमहरूलाई विश्व व्यापार संगठन एवं क्षेत्रीय स्तरका व्यापार सम्झौताहरूबाट प्राप्त अवसरको अधिकतम लाभ लिनेतर्फ उन्मुख गरिनेछ । (८)

४१. नेपाल कृषि अनुसन्धान परिषद र मातहतका अनुसन्धान केन्द्रहरूबाट सिफारिस भएका नतिजाका आधारमा स्थानीय स्तरमा कृषि प्रसारका कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ । (८)

४२. कृषि अनुसन्धान, शिक्षा र प्रसारविच प्रभावकारी समन्वयको व्यवस्था गरिनेछ । (८)

४३. स्थानीय निकाय मातहत रहने गरी प्रत्येक गाँउ विकास समितिमा एक/एक जना कृषि तथा पशु सेवा प्राविधिकको व्यवस्था गरिनेछ । (८)

४४. नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गत अनुसन्धानमा आधारित मानित विश्वविद्यालय स्थापनाको लागि पहल गरिनेछ । (८)

४५. स्थानीय निकायहरूसँगको सहकार्यमा कृषकहरूलाई कृषि तथा पशुसेवासँग सम्बन्धित सम्पूर्ण सेवाहरू स्थानीय स्तरमा नै उपलब्ध गराइनेछ । (८)

४६. कृषि तथा पशु सेवा सम्बन्धी कार्यक्रममा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था तथा स्थानीय निकायहरूको आपसी समन्वय एवं सहकार्यलाई प्रभावकारी बनाइनेछ । (८)

४७. साना, सीमान्तकृत तथा भूमिहीन किसानहरूलाई व्यावसायिक खेतीतर्फ उत्प्रेरित गर्न जग्गा भाडामा लिने किसानलाई भाडाको रकम र ऋणमा अनुदानको व्यवस्था गरिनेछ । (८)

४८. कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभावलाई सम्बोधन गर्न यान्त्रीकरण सम्बन्धी नीति निमार्ण गरी कार्यान्वयनमा ल्याइनेछ । (९)

## ८. प्रमुख कार्यक्रमहरु

### कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि उत्पादन सामग्रीहरू रासायनिक मल प्राङ्गारिक मल, उन्नत बीउ बिजन, सिंचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बीमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

- ७५ वटै जिल्लाजिल्लामा  समूहमा आधारित साना सिचाई निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारीत साना सिंचाई पूर्वाधार निर्माण, मध्य पहाडी जिल्ला जिल्लाहरूमा प्लाष्टिक पोखरी निर्माण तथा धनुषा, महोत्तरी, सर्लाही, सिराहा, चितवन, पर्सा, बारा, रौतहट र सप्तरी जिल्लाजिल्लामा  डिप टयुववेल जडान, पम्पहाउस निर्माण तथा मर्मत सम्भार, पम्पहाउसमा विद्युतीकरण, स्यालो टयुववेल जडान गरी सिंचित क्षेत्र विस्तार गरिनेछ ।

- विभिन्न बाली उत्पादन तथा पशुपालन व्यवसायमा साना तथा सीमान्तकृत समुदायलााई लक्षित गरी सहकारी खेती स्कीम सञ्चालन गरिनेछ ।

- कृषि यान्त्रिकरण कार्यक्रम मार्फत कृषि यन्त्र औजार उपकरणमा अनुदान दिईनेछ र कृषि सहकारीसंगको सहकार्यमा सामुदायिक वीउ विजन प्रशोधन तथा वितरण कार्यलाई सहजिकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना गरिनेछ ।

- मध्य पहाडी जिल्लाहरूमा वृहत्तर मकै तथा भटमास उत्पादन आयोजना मार्फत बाली उत्पादन, बीउ, ढुवानी अनुदान तथा उपकरण खरिद सहयोग प्रदान गरिनेछ ।

- अभियानमुखी तलहन बाली  उत्पादन कार्यक्रम र अभियानमुखी कोदो उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

- व्यावसायिक बीज वृद्धि सहयोग तथा सुदृढीकरण आयोजना अन्तर्गत कृषक समूह तथा सहकारीहरूलाई बीउ भण्डारण घर, उपकरण खरिद सहयोग, थ्रेसिङ्ग फ्लोर निर्माण तथा बीउ विजन आत्म निर्भर कोष स्थापनामा सहयोग गरिनेछ ।

- उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापनमा सघाउन मसिना तथा वास्नादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

- जुट, उखु, रबर जस्ता औद्योगिक बालीहरूको खेती प्रवर्द्धन कायर्यक्रम सञ्चालन गरिनेछ ।

- तरकारीखेती, मत्स्यपालन, पशुपालन, डेरी, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्ने उद्देश्यले युवालक्षित कार्यक्रम संचालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।

- व्यावसायिक कीट विकास कार्यक्रम मार्फत मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।

- बीउ आलु उत्पादक कृषक समूहहरूलाई विषेश सहयोगी कार्यक्रम (बीउ कोष तथा प्याकेजिङ सहयोग), आलु बीउ उत्पादक कृषकहरूलाई आलु दाना ( पीबीएस) मा ५० प्रतिशत अनुदान, रष्टिक स्टोर निर्माण तथा पुनर्निर्माणमा सहयोग तथा आलुको बीउ (टिपिएस) वितरण तथा उत्पादन प्रदर्शन सञ्चालन गरिनेछ ।

- सेरी एण्ड डेरीको अवधारणा तथा रेशम खेतीको सम्भाव्यता र माग बमोजिम किम्बु क्षेत्र विस्तार गरिनेछ ।

- स्याउ उत्पादन राम्रो हुने मनाङ्ग, मुस्ताङ्ग, जुम्ला, हुम्ला, डोल्पा, मुगु, कालिकोट, वाजुरा र रुकुम जिल्लाहरूमा स्याउ आत्मनिर्भर कार्यक्रम सञ्चालन गरी स्याउ बोट हुर्काउन प्रतिबोट रू.१०० रूपैयाँ अनुदान सहयोग गर्ने तथा बजारीकरणमा सहयोग गरिनेछ ।

- विभिन्न व्यावसायिक सम्भावना भएका फलफूल, पुष्प, आलंकारिक बिरुवा र तरकारीका बिरुवा तथा बेर्ना र मत्स्य बीज उत्पादन तथा बिक्री वितरण गरिनेछ ।

- पूर्वी तराई जिल्लाहरूमा आँप क्षेत्र विस्तार गरिनेछ ।

- हिमाली तथा मध्यपहाडी जिल्लाहरूमा किवी फल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

- चिया तथा कफी क्षेत्र विस्तार गरिनेछ । चिया तथा कफि प्रशोधन उद्योग स्थापनामा प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ ।

- अनारको जर्म प्लाज्म संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

- जैतुन नर्सरी स्थापना, वगैचा व्यवस्थापन तथा प्रशोधनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष राष्ट्रियस्तरमा राष्ट्रपति उत्कृष्ठ कृषक पुरस्कार तथा क्षेत्रीयस्तर र जिल्लास्तरमा उत्कृष्ठ कृषक पुरस्कार वितरण गरिनेछ ।

- बाली, पशुधन तथा मत्स्य बीमा सम्बन्धी सचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ ।
- तराईमा अभियानमुखी मत्स्य उत्पादन र मध्य पहाडमा मत्स्य उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।
- गुणस्तरीय मत्स्य दाना उत्पादनको लागि प्लेट दाना मेशिन र पानीमा अक्सिजनको मात्रा  बढाउन एरेटर वितरण गरिनेछ ।
- महिला एवं लक्षित समुदायलाई समुहमा आबद्ध गरी कृषि भूमि, प्रविधि, औजार र ऋणमा पहुँच बढाउने तथा घोल तथा सानापोखरीमा मत्स्य पालन अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल व्यापार एकीकृत रणनीतिले तोकेका निर्यातयोग्य बाली तथा वस्तुहरूको गुणस्तरीय उत्पादनमा सघाउ पुर्‍याइनेछ ।

**पशुजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि**

- दुध तथा मासुको उत्पादन र गुणस्तर सुधार गर्न पशु नस्ल सुधार अभियान कार्यक्रम अन्तर्गत गाईभैंसीमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु आहारा राष्ट्रिय अभियान कार्यक्रम मार्फत जै, बर्सिम, स्टाइलो टियोसेन्टी, भेच, ज्वाइन्ट भेचर आदि जातका उन्नत घाँसको क्षेत्र विस्तार तथा आहाराको समिश्रण प्रविधि मार्फत पशुजन्य वस्तु उत्पादन लागत घटाइनेछ ।
- पाँचवटै विकास क्षेत्रमा पशुवस्तुको स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण गरिनेछ ।
- विभिन्न सरकारी फार्महरूमा रहेका याकरनाक, चौंरी, मुर्रा भैंसी, जसी, होल्सटीन र क्रस गाई, भेडा, बाख्रा र बंगुरहरूका न्युक्लियस बथानको व्यवस्थापन गरी याक नाक, बाच्छा बाच्छी, मुर्रा नस्लका पाडापाडी, भेडाका पाठा पाठी, बाख्राका पाठापाठी, बंगुरका पाठा पाठी उत्पादन तथा वितरण गरिनेछ ।
- न्यूह्याम्पशायर र अष्टोलर्प नस्लका कुखुराका माउ पालन पोषण गरी चल्ला उत्पादन तथा वितरण गरिनेछ ।
- स्वच्छ तथा स्वस्थ दुध उत्पादन र वितरण सम्बन्धी नीतिगत व्यवस्था गर्नुका साथै सचेतनामूलक सन्देश प्रचार प्रसार गरिनेछ ।
- व्यावसायिक पशु फार्महरूमा पालिएका गाईहरूमा कृत्रिम गर्भाधान गरी बाच्छी नै जन्माउन सकिने सेक्स्ड सिमेन (sexed semen) आयात गरी वितरण गरिनेछ ।

**कृषि तथा पशुजन्य वस्तुको ब्यवसायीकरण र बजारीकरण**

- स्थानीय निकाय, सहकारी तथा निजी संस्थासंगको साझेदारीमा नगरपालिका तथा नगरोन्मुख क्षेत्रमा पशु वधशाला र वधस्थल निर्माण गरिनेछ ।

- दुग्ध सहकारी संस्थाहरूसंगको सहकार्यमा दुग्ध उद्योग प्रवर्द्धन कार्यक्रम तथा चिस्यान केन्द्र स्थापना गरिनेछ ।

- दुग्ध विकास बोर्ड र पशुपंक्षी बजार निर्देशनालय मार्फत अटोमेटिक मिल्क एनालाइजर लगायत दुग्ध उत्पादनसंग सम्बन्धित मेशिनरी, औजार, तथा उपकरण वितरण गरिनेछ । शीतभण्डार र शीतघर निर्माणमा लागत सहभागिताको आधारमा अनुदान दिइनेछ ।

- विभिन्न कृषि उपजको मूल्य श्रृंखलामा आधारित भई कृषक समूह र सहकारी उद्यमी तथा निजी व्यवसायीहरूको व्यवसायिक योजनाहरूलाई बैदेशिक सहायतामा सञ्चालित आयोजनाहरू मार्फत प्रतिस्पर्धी अनुदान दिने व्यवस्था गरिनेछ ।

- कालीमाटी फलपूल  तथा तरकारी थोक बजारको पुर्ननिर्माण र चोभारमा फलफूल तथा पुष्प बजारको निर्माण गरिनेछ ।

- सार्वजनिक निजी साझेदारीमा एक गाँउ एक उत्पादन तथा एक जिल्ला एक उत्पादन कार्यक्रम सञ्चालन हुनेछ ।

- पोस्ट हाभस्ट निर्देशनालय मार्फत वातानुकूलित भ्यान खरिद, सुन्तलाको प्रशोधन तथा प्याक हाउस स्थापना र आलु बीउको लागि शून्यशक्ति भण्डारण संरचना स्थापना को लागि कृषक समूह र सहकारीलाई अनुदान दिइनेछ ।

**कृषि सूचना तथा सञ्चार एवं प्रसार र तालिम**

- नियमित रूपमा विभिन्न प्रकाशनद्वारा कृषि प्रविधिबारे आम कृषक तथा सरोकारवालाहरूलाई जानकारी दिइनेछ ।

- नेपाल टेलिभिजनसंगको सहकार्यमा प्रत्येक दिन कृषि कार्यक्रम उत्पादन तथा प्रसारण गरिनेछ । रेडियो नेपाल र स्थानीय एफ.एम. हरूसँगको सहकार्यमा कृषि कार्यक्रम उत्पादन तथा प्रसारण गरिनेछ ।

- कृषक तथा प्राविधिकहरूको प्राविधिक तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्न प्राविधक तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ ।

- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि तथा पशुपालन सम्वन्धि आभारभूत ज्ञान र सीप अभिवृद्धि गराउन तालिम कार्क्रमहरू सञ्चालन गर्दै लगिनेछ ।

- कार्यक्रम सञ्चालन निर्देशिका नर्मस हरू समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

**कृषि क्षेत्रको अनुसन्धान तथा सर्वेक्षण**

- राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष मार्फत कृषि प्रविधि सम्बन्धी अनुसन्धान र विकासको लागि प्रतिस्पधी पुरक अनुदान प्रदान गरिनेछ ।
- कृषि तथा पशु विज्ञान सम्बन्धी स्नातकोत्तर र विद्यावारिधिको शोधकार्यका लागि शोधार्थीहरूलाई अनुदान उपलब्ध गराइनेछ ।
- कृषि तथा पशुपंक्षी सम्बन्धी तथ्यांकहरू नियमित रूपमा संकलन तथा प्रकाशन गरिनेछ । आयोजना लागू हुने जिल्लाहरूको आधारभूत तथ्याङ्क संकलन तथा व्यवस्थापन गरिनेछ ।
- कृषि उपज मूल्य संकलन तथा लाभलागत अध्ययन गरिनेछ ।

**मानव तथा पशु रोग व्यवस्थापन एवं विपद् व्यवस्थापन तथा सचेतना**

- राजमार्गस्थित होटल रेस्टुरेन्टमा खाद्य स्वच्छता स्तरीकरण लोगो वितरण कार्यक्रम मेची महाकाली अभियान सञ्चालन गरिनेछ ।
- निर्यात तथा आयातित कृषिजन्य खाद्य पदार्थको गुणस्तर नियमन, परिक्षण तथा प्रमाणिकरण गरिनेछ ।
- विषादी न्यूनीकरण अभियान कार्यक्रम तथा तरकारी बालीमा विषादिको अवशेष तथा जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारी दिईनेछ ।
- पशुपंक्षीका रोग रोकथाम, नियन्त्रण तथा उन्मूलन गर्न पशु स्वास्थ्य आपत्कालीन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- उच्च प्याथोजेनिक संक्रामक रोग नियन्त्रण तयारी तथा व्यवस्थापन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगबारे जनचेतना फैलाईनेछ ।
- बर्डफ्लु रोग सर्भिलेन्स सञ्चालन तथा रोग भित्रिन नदिन पशु क्वारेन्टाइन कार्यालयहरूको क्षमता अभिवृद्धी गरी निगरानी बढाईनेछ ।

- पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरूको स्थलगत रूपमा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी आम कृषकलाई जानकारी दिने उद्देश्य अनुरूप नियमित रूपमा पशुपंक्षी उपचार शिविर सञ्चालन गरिनेछ ।

**९. अपेक्षित उपलब्धिहरु**

त्रिवर्षीय योजना अवधिको आधार वर्ष २०६९/७० मा वार्षिक खाद्यान्न उत्पादन ८७ लाख ३८ हजार मे.टन रहेकोमा अन्तिम वर्ष २०७२/७३ मा वार्षिक उत्पादन एक करोड आठ लाख ८१ हजार मे.टन पुगेको हुनेछ । आधार वर्ष २०६९/७० मा तरकारी बालीको वार्षिक उत्पादन ३४ लाख नौ हजार मे.टन बाट योजनाको अन्तिम वर्ष २०७२/७३ मा ३६ लाख ३५ हजार पुऱ्याइको हुनेछ । त्यसै गरि फलफूल १० लाख ५० हजार मे.टन बाट १२ लाख ६० हजार मे.टन उत्पादन भएको हुनेछ । आधार वर्षमा वार्षिक दुध उत्पादन १६ लाख २३ हजार मे.टन रहेकोमा योजना अवधिको अन्तिम वर्षमा १७ लाख ५९ हजार मे.टन पुगेको हुनेछ । त्यसै गरि मासु र अण्डाको वार्षिक उत्पादन क्रमशः दुई लाख ८८ हजार मे.टन बाट तीन लाख २४ हजार मे.टन र ८० करोड १४ लाख गोटाबाट ९२ करोड २७ लाख गोटा पुगेको हुनेछ । योजनाको आधार वर्ष २०६९/७० मा वार्षिक मत्स्य उत्पादन ५७ हजार दुई सय ५० मे.टन हुने गरेको अवस्थाबाट योजना अवधि समाप्त हुने वर्ष २०७२/७३ मा ७७ हजार मे.टन पुगेको हुनेछ ।

## ४.१.२ सिंचाइ

**१. पृष्ठभूमि**

नेपालको कुल क्षेत्रफलमध्ये करिब २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिन भएको अनुमान रहेकोमा विकट भौगोलिक बनावट तथा जमीनको अवस्थितिका कारण करिब १७ लाख ६६ हजार हेक्टरमा मात्र सिंचाइ सुविधा पुऱ्याउन सकिने संभावना छ । नेपालमा सिंचाइ सुविधा विकास र विस्तारको क्षेत्रमा परापूर्वकालदेखि किसान आफैंले र खासगरी योजनावद्ध विकासको थालनी पछि सरकारले लगानी गर्दै आएको छ । योजनावद्ध विकासको थालनीपछि देशमा उपलब्ध नदीनाला, भूमिगत एवं वर्षात्को पानीको उपयोग गरी साना, मझौला तथा ठूला सिंचाइ संरचनाहरू निर्माण गरिएका छन् । यी संरचनाको निर्माणबाट कृषि उत्पादनमा उल्लेख्य टेवा पुगेको छ ।

**२. अद्यावधिक स्थिति**

यस क्षेत्रमा विगतमा भएका विभिन्न प्रयासहरूको परिणामस्वरूप हालसम्म करिव १३ लाख ३२ हजार हेक्टर कृषि क्षेत्रमा मात्र सिंचाइ सुविधा पुगे पनि त्यसको करिब ३६ प्रतिशत क्षेत्रमा मात्र बाह्रै महिना सिंचाइ सेवा उपलब्ध हुन्छ । त्रिवर्षीय योजना अवधि ( २०६७/०६८-२०६९/७०) मा सतह सिचाइतर्फ २४,७०० हेक्टर क्षेत्रफलमा सिंचाइ पुऱ्याउने लक्ष्य रहेकोमा १७,६३२ हेक्टरमा मात्र सुविधा विस्तार हुन सकेको, भूमिगत सिचाइतर्फ १,२३,७०० हेक्टर क्षेत्रफलमा सिंचाइ पुऱ्याउने लक्ष्य रहेकोमा ५९,८६० हेक्टरमा मात्र भएको, नयाँ प्रविधिमा आधारित सिंचाइतर्फ १,७०० हेक्टर क्षेत्रफलमा

सिंचाइ पुऱ्याउने लक्ष्य रहेकोमा १,५५३ हेक्टरमा मात्र भएको र कृषक कुलो सुधारतर्फ ५०,६०० हेक्टर क्षेत्रफलको लक्ष्य रहेकोमा ३६,६७८ हेक्टरमा मात्र भएकोले योजना अवधिमा जम्मा १,१५,७२३ हेक्टर क्षेत्रमा सिचाई पूर्वाधार विकास विस्तार भएको छ । मुलुकको सम्पूर्ण कृषियोग्य भूमिको उत्पादकत्वमा योगदान पुग्ने गरी बाह्रै महिना दिगो एवं भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले सिंचाइ नीति समेत कार्यान्वयनमा ल्याइएको छ ।

यस अवधिमा बबइ सिंचाइ आयोजनाको बबइ पश्चिमतर्फ सिचाइका लागि साइफन निर्माणको कार्य सम्पन्न भई पानी सञ्चालन हुनुका साथै रानी-जमरा-कुलरिया सिचाइ आयोजनाको इन्टेक निर्माण तथा सिक्टा सिचाइ आयोजनाको मूल नहरको ३५ कि.मि. सम्मको निर्माणमा उल्लेखनीय प्रगति भएको छ । यसैगरी सरकारबाट निर्मित मर्मत संभारमा रहेका सिचाइ प्रणालीहरूमा दिगो व्यवस्थापन कार्यक्रम सञ्चालन गरी प्रणालीहरूको सुदृढीकरण एवं जलउपभोक्ता संस्थाको क्षमता अभिवृद्धि, नारायणी सिचाइ आयोजनाको क्रमबद्ध पुनर्स्थापना तथा कन्काई सिचाइ प्रणालीको बाँध र मूल नहर बाहेकको वितरण प्रणाली, सुनसरी मोरङ्ग सिचाइ आयोजनाको सीतागञ्ज शाखा, नारायणी सिचाइ प्रणालीको ब्लक नं ८ र महाकाली सिंचाइ आयोजनाको प्रथम चरणमा विकसित प्रणालीहरू गरी कुल २३,१०० हेक्टरको व्यवस्थापनका लागि जलउपभोक्ता संस्थालाई हस्तान्तरण भई सोही अनुसार पुनर्स्थापन गर्ने कार्य भएको छ । यस अबधिमा भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत अध्ययन सम्पन्न भई सुरुङ्ग निर्माण कार्यको प्रक्रिया सुरु गरिएको छ । सुनकोशी-मरिन, कालीगण्डकी-तिनाउ, कालीगण्डकी-नवलपरासी, त्रिशुली-चितवन र माडी (दाङ्ग) डाईभर्सन आयोजनाहरूको पूर्वसंभाव्यता अध्ययन सम्पन्न भई कालीगण्डकी-तिनाउ डाईभर्सन आयोजनाको विस्तृत संभाव्यता अध्ययन थालनी हुनाका साथै भौगर्भिक अवस्थाको अध्ययन सम्पन्न भएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

पर्याप्त साधन र स्रोतको अभाव रहनु, निर्मित संरचनाहरूको मर्मत सम्भार नहुनु, सिंचाइ शुल्कको व्यवस्थापन हुन नसक्नु र संस्थागत क्षमताको सबलीकरण हुन नसक्नु र समन्वयको अभाव हुनु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन् । साथै, सिंचाइ पूर्वाधार विकास क्षेत्रमा जग्गा प्राप्ति तथा मुआब्जा निर्धारण, हस्तांतरित सिंचाइ प्रणालीहरूको दिगोपनाको सुनिश्चितता तथा सिंचाइ प्रणालीको बहुपक्षीय उपयोग गर्नुजस्ता चुनौतीहरू देखिएका छन् ।

### ४. दीर्घकालीन सोच

कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याइ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**५. उद्देश्य**

देशमा उपलब्ध जलस्रोतको समुचित उपयोग गरी सिंचाइ क्षेत्रको बहुउद्देश्यीय तथा दिगो विकासद्वारा कृषिक्षेत्रको विकासमा सहयोग पुऱ्याउने ।

**६. रणनीति**

१. तत्काल प्रतिफल दिने तथा रोजगारी सृजना गर्ने साना तथा मझौला सतह र भूमिगत सिंचाइ आयोजनाहरूको प्राथमिकतापूर्वक कार्यान्वयन गर्ने ।

२. बहुउद्देश्यीय जलाशययुक्त एवं अन्तर जलाधार जलस्थानान्तरण जलस्रोत आयोजनाअन्तर्गत सञ्चालन हुने सिंचाइका कार्यक्रममार्फत् वर्षैभरि सिंचाइ सुविधा पुऱ्याउने ।

३. कार्यक्रम सञ्चालन गर्दा सरोकारवाला निकायहरू एवं अन्तर-सम्बन्धित कार्यक्रमबीच समन्वय कायम गर्ने ।

४. सम्पन्न भइसकेका प्रणालीहरूको नियमित तथा आवधिक मर्मतसंभार गरी व्यवस्थापन र सञ्चालनलाई दिगो, दक्ष र प्रभावकारी बनाउन आवश्यकताअनुसार उपभोक्ता समितिलाई समेत सक्षम बनाउने ।

५. सिंचाइ संरचनाहरूको विकास एवं सञ्चालन गर्दा वातावरण मैत्री, जलवायु परिर्वतन अनुकूलित, सहभागितामूलक हुने र रोजगारी अभिवृद्धि गर्ने गरी अध्ययन, अनुसन्धान, डिजाईन एवं कार्यान्वयन गर्ने ।

६. सिंचाइ सेवालाई दिगो भरपर्दो बनाउन मर्मत तथा सञ्चालन लागत सम्बन्धित जल उपभोक्ताबाट असुली गर्ने गरी आयोजना सञ्चालन गर्ने ।

७. सिंचाइ विकास कार्यक्रम सञ्चालन गर्दा अन्य सम्बन्धित निकायसँग समन्वय गरी स्थानीय तहमा रहेका वातावरण मैत्री तालतलैया, पोखरी, सिमसार तथा मूलहरूको संरक्षण, सम्वर्द्धन हुने गरी सञ्चालन गर्ने ।

**७. कार्यनीति**

१. भूमिगत जल सिंचाइ आयोजनाका कार्यक्रमहरू तथा कम समयमा सम्पन्न हुनसक्ने सतह तथा भूमिगत जल सिंचाइ आयोजनाहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (१)

२. सिंचाइ सुविधा उपलब्ध गराउन बाँकी रहेका क्षेत्रहरूमा सिंचाइ गुरुयोजना तयार गरी सोको आधारमा प्राथमिकता निर्धारण गरी कार्यक्रम अगाडि बढाइनेछ । (१)

३. वर्षैभरि सिंचाइ सुविधा दिने आयोजनाहरू समयमै सम्पन्न गर्न जोड दिइनेछ साथै अन्य उपयुक्त पूर्व संभाव्यता भएका डाईभर्सन आयोजनाहरूको समेत प्राथमिकताका आधारमा थप अध्ययन गरिनेछ । (२)

४. ठूला तथा मझौला सिंचाइ आयोजना (बहुउद्देश्यीय आयोजनासमेत) विकासका लागि लगानी योजना तयार गरिनेछ । (२)

५. सिंचाइ विकासका कार्य अगाडि बढाउँदा सडक पहुँचसम्बन्धी कार्यक्रम पनि सँगसँगै अगाडि बढाइनेछ । (३)

६. सिंचाइ कार्यक्रमहरू सञ्चालन गर्दा जलवायु विज्ञान, कृषि एवं जलाधार संरक्षणका निकायहरूसँग समन्वय गरिनेछ। (३)

७. उपभोक्ता समितिमार्फत् आयोजना कार्यान्वयन गर्दा ठूला उपकरणहरू प्रयोग गर्न निरुत्साहित गरिनेछ । (३)

८. सम्पन्न भई सकेका सिंचाइ आयोजनाहरूको आवश्यक मर्मत संभारका लागि जनसहभागितासमेत परिचालन गरी आवश्यक कार्यक्रम सञ्चालन गरी दिगो एवं अझ बढी प्रभावकारी बनाइनेछ । (४)

९. भरपर्दो सिंचाइ सुविधा उपलब्ध हुने सिंचाइ प्रणालीहरूबाट उचित सिंचाइ सेवा शुल्क नियमित रूपमा सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइनेछ । (४)

१०. सिंचाइ विकास र व्यावस्थापनको लागि सिंचाइ विभाग तथा जल उपभोक्ता संस्थाहरूको संस्थागत विकास र सुदृढीकरण गर्रिदै लगिनेछ । (४)

११. सिंचाइको विकास, व्यवस्थापन तथा नियमनको लागि सिंचाइ ऐन तर्जुमा गरी लागू गरिनुका साथै सिंचाइ नीति तथा नियमावलीको समयसापेक्ष परिमार्जन गरिँदै लगिनेछ । (४)

१२. आयोजना छनौट गर्दा समावेशीकरणको अवधारणा अनुरूप पिछडिएका क्षेत्र एवं वर्गलाई प्राथमिकता दिइनेछ । (५)

१३. जनसहभागिताका सिंचाइ आयोजनाहरू सञ्चालन गर्दा उपभोक्ताबाट विद्यमान सिंचाइ नीति अनुसार जग्गा प्राप्त गरी आयोजना सञ्चालन गरिनेछ । (५)

१४. सिंचाइसम्बन्धी आयोजनाहरूको तर्जुमा, कार्यान्वयन तथा सञ्चालन गर्दा वातावरण संरक्षण, जलवायु परिवर्तन तथा प्रकोप जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ । (५)

१५. सिंचाइको विकासका लागि सिंचाइ विकास कोषको अवधारणालाई क्रमशः कार्यान्वयनमा ल्याइनेछ । (५)

१६. सिंचाइ सेवा शुल्क व्यवस्थापनलाई प्रभावकारी बनाउन कानुनी व्यवस्था गरिनेछ । (६)

१७. सिंचाइ आयोजना सञ्चालन तथा विकासका लागि कार्यविधि तयार गरी सिंचाइ कोषको स्थापना तथा सञ्चालन गरिनेछ । (६)

१८. सिंचाइ आयोजनाहरूको डिजाइन तथा कार्यान्वयनमा स्थानीय श्रम, सीप तथा निर्माण सामग्रीको प्रयोगमा जोड दिनुका साथै सिंचाई सम्बन्धी सूचना व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ । (६)

१९. साना सिंचाइको विकासका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । (६)

२०. सिंचाइ विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहमा रहेका वातावरण मैत्री तालतलैया, पोखरी, सिमसार तथा मूलहरूको संरक्षण तथा सम्वर्द्धनको कार्यमा सम्बन्धित निकायसँग समन्वय गरिनेछ । (७)

**८. प्रमुख कार्यक्रमहरु**

- **सिक्टा सिचाइ आयोजनाः** बाँके जिल्लाको ४२,७७६ हेक्टर कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउन आर्थिक वर्ष २०५९/६० देखि निर्माण कार्य सुरु भएको यस आयोजनाको यस योजना अवधिमा मूल नहरको ३५ कि.मि. सम्मको निर्माण सम्पन्न गर्नुका साथै हेड वर्क्सको गेटहरूको जडान कार्य समेत सम्पन्न गरिने, मूल नहरको अन्तिम १५ कि.मि.र सिधिनिया शाखा नहरहरूको निर्माण सुरु गरी ४,५०० हेक्टरमा सिचाइ सुविधा उपलब्ध गराइने लक्ष्य रहेको छ ।

- **रानी जमरा कुलरिया सिचाइ आयोजनाः** कैलाली जिल्लाको २०,३०० हेक्टर जमिनमा सिचाइ सुबिधा व्यबस्थित गर्न कृषकहरूबाटै परापूर्वकालदेखि संचालित यस योजनाको निर्माण/पुर्नस्थापना, सिंचित क्षेत्र बचाउ कार्य, मूल नहरको ५.६ कि.मि., फिडर नहरको  ८ कि.मि., शाखा नहरको नियन्त्रण संरचना  र ६१ कि.मि. कृषि सडकको स्तरोन्नतिको कार्य सम्पन्न हुनेछ ।

- **भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाः** भेरी नदीको ४० क्यूमेक पानी बवई नदीमा ल्याई बर्दिया र बाँके जिल्लाका ५१,००० हेक्टर कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने तथा ४८ मेगावाट विद्युत उत्पादनका लागि डाइभर्सन संरचना, १२ कि.मि. लामो सुरुङ्ग तथा अन्य संरचनाहरू निर्माण गर्ने कार्य अघि बढेको छ । योजना अवधिमा ६ कि.मि. सुरुङ्ग निर्माण गरी दोस्रो चरण अन्तर्गतको हेडवर्क्स र पावर हाउस निर्माणको प्रक्रिया अगाडि बढाउने लक्ष्य लिइएको छ ।

- **बबई सिचाइ आयोजनाः** बर्दिया जिल्लाको ३६,००० हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउन बाँध, पूर्वतर्फ सिचाइका लागि मूलनहर र केही शाखा प्रशाखाहरूको निर्माण संपन्न भइ १३,६८० हेक्टरमा सिंचाइ सेवा उपलब्ध भैरहेको, बबई पश्चिमतर्फ सिचाइका लागि साईफन निर्माणको कार्य सम्पन्न भएको र योजना अवधिमा बबईपश्चिमतर्फ मूल नहर निर्माण/सुधारका साथै ढोढरी लिंक नहर विस्तार गरी करिब ६,३०० हेक्टर कृषक व्यवस्थित सिचाइ प्रणालीमा सिचाइ सेवा ब्यवस्थित रूपमा उपलब्ध गराइनेछ ।

- **सुनसरी मोरङ्ग सिचाइ आयोजना (तेस्रो चरण)** : सुनसरी र मोरङ्ग जिल्लाको करिब ६८,००० हेक्टरमा सिचाइ सुविधा पुऱ्याउन हेडवर्क्स, मूलनहर, शाखा प्रशाखा नहरहरू निर्माण भै तीन चरणमा ३९,५०० हेक्टरमा कमाण्ड क्षेत्र विकासको कार्य सम्पन्न भइसकेको छ । योजना अवधिमा सम्पूर्ण सिचाइ प्रणालीको सञ्चालन,आवश्यक मर्मत सुधार, जलउपभोक्ता संस्थाहरूको संस्थागत विकास र जीर्ण भएका संरचनाहरूको निर्माण तथा सुदृढीकरण कार्यहरू गरिने छन् ।

- **महाकाली सिचाइ आयोजना (तेस्रो चरण)** : कैलाली र कञ्चनपुर जिल्लाको करिब ३३,५२० हेक्टरमा सिचाइ सुविधा पुऱ्याउन हालसम्म ३ कि.मि. मूलनहरको माटोको काम सम्पन्न भै ३ देखि १२.७ कि.मि.सम्मको जग्गा अधिग्रहण गर्ने कार्य र ३ कि.मि. भित्र सिचाई संरचनाहरूको निर्माणको कार्य भैरहेको छ । योजना अवधिमा मूल नहरको १२.७ कि.मि. सम्मको निर्माणका साथै १२ वटा शाखा नहरहरू (कूल ३२ कि.मि.) को निर्माण सम्पन्न गर्ने र करिब १,००० हेक्टर जमिनमा थप सिचाइ सेवा उपलब्ध गराउने लक्ष्य लिईएको छ ।

- **बागमती सिचाइ आयोजना** : सर्लाही र रौतहट जिल्लाको करिब ४५,६०० हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिचाइ सुविधा उपलब्ध गराउन आर्थिक वर्ष २०३५/३६ देखि कार्यक्रम सञ्चालित रहेकोमा योजना अवधिमा विकसित कमाण्ड क्षेत्रको नहर सञ्चालनको लागि आवश्यक मर्मत संभार, १,५०० हेक्टरमा नहर नहरीहरू निर्माण, निरीक्षण, सडक ग्राभेलीङ्ग, कमाण्ड क्षेत्र बचावट कार्यहरू, पश्चिमी मूलनहरमा सिल्ट इजेक्टर निर्माण तथा संपूर्ण आयोजनाको कमाण्ड क्षेत्र डिजीटाइजेसन गर्ने कार्य गरिनेछ ।

- **मझौला सिचाइ आयोजना**: आर्थिक वर्ष २०६१/६२ देखि सुरु गरिएको यस आयोजनाबाट हालसम्म २२३ मझौला सिचाई आयोजनाहरू सम्पन्न भइ करिब ३३ हजार हेक्टरमा सिचाइ सेवाको विस्तार तथा कृषक व्यवस्थित सिचाइ प्रणालीहरूको पुनर्स्थापना गरी व्यवस्थित सिचाइ सुविधा उपलब्ध गराइएकोमा योजना अवधिमा करिब १ सय आयोजनाहरू सम्पन्न गरी करिब ६ हजार हेक्टरमा थप तथा ११ हजार हेक्टरमा व्यवस्थित सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।

- **नयाँ प्रविधिमा आधारित सिचाइ आयोजना**: आ. व. २०६०/६१ देखि सीमान्तकृत कृषकहरूलाई लक्षित गरी थोपा, फोहोरा, पोखरी आदिमा आधारित सिचाइ प्रविधिबाट हालसम्म करिब २५० आयोजनाहरू संपन्न भै ३,८५५ हेक्टर जमिनमा सिचाइ सुविधा उपलब्ध भएको छ । योजना अवधिमा १५० वटा आयोजनाबाट थप करिव १,७०० हेक्टर जमिनमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ ।

- **भूमिगत स्यालो तथा डीप ट्यूबवेल सिचाइ आयोजना**: यस कार्यक्रमबाट हालसम्म ४७,४५० गोटा स्यालो ट्युववेल जडान गरी करिब १,११,४१३ हेक्टरमा सिचाइ सुविधा उपलब्ध गराइएको छ । योजना अबधिमा ३०,९४५ वटा स्यालो टयूववेल निर्माण गरी ७७,४०० हेक्टर जमिनमा थप सिचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ । योजना अवधिमा १०० वटा डिप ट्यूबवेलहरू जडान गर्नुका साथै योजना अवधिमा

डीप तथा स्यालो ट्युववेल सिचाइ आयोजना (राहत), समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना, सिचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, मर्मत संभार आयोजना, वृहत सरकारी सिचाइ आयोजना पुर्नस्थापना, सिंचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम र जलसाधन योजना तयारी सुविधा आयोजनासमेत कार्यान्वयनमा रहनेछन् ।

### ९. अपेक्षित उपलब्धि

सतह सिंचाइ आयोजनाहरूबाट १८,०००, भूमिगत सिंचाइ आयोजनाहरूबाट ८९,८५० र नयाँ प्रविधिमा आधारित सिचाइ आयोजनाबाट १७०० गरी जम्मा १,०९,५५० हे. क्षेत्रमा सिंचाइ सेवा पुगेको हुनेछ । कृषकहरूबाट संचालित सिचाइ प्रणालीहरूको सुधारबाट ४६,८०० हे. सिंचित हुनेछ । साथै, ३,२६,००० हेक्टर विद्यमान सिचाइ प्रणालीको व्यवस्थापन, ११,८०० हेक्टर सिचाइ प्रणाली हस्तान्तरण र ८,२०० हेक्टर बृहत सिंचाइ आयोजनाको पुनःनिर्माण  र सुधार लगायत योजना अवधिमा कुल १४,८७,२७५ हेक्टरमा सिंचाइ सुविधा पुगेको हुनेछ ।

## ४.१.३ भूमिसुधार तथा व्यवस्था

### १. पृष्ठभूमि

भूमि प्रशासन, जग्गाको नक्शांकन, अभिलेख प्रणाली, भूमिहीनका लागि भूमि व्यवस्था, मुक्त कमैया र हलियाहरूको लागि विशेष कार्यक्रम र देशको समग्र भूमिको व्यवस्थित तथ्यांक राख्ने कार्य भएको छ । परिवर्तित सन्दर्भमा देशको भूमि प्रशासन आधुनिकीकरण, भूमिको तथ्यांकलाई वैज्ञानिक तथा सूचना प्रविधिमा आधारित बनाउने प्रयास सरकारको प्राथमिकतामा रहेका छन् ।

### २. अद्यावधिक स्थिति

नापनक्सातर्फ केही गाउँब्लकहरू बाहेक देशभरको कित्तानापी कार्य सम्पन्न भएको छ । गाउँब्लक नापी तथा द्वन्द्वको क्रममा ध्वस्त भएका अछाम र अर्घाखाँची जिल्लाको भूमिलगत पुनर्स्थापना कार्य प्रारम्भ गरिएको छ । कित्तानापी कार्यमा नवीनतम डिजिटल प्रविधिको थालनी भएको छ । देशभरको स्थलरूप नक्साको डिजिटल डाटावेस तयार भएको छ । विभिन्न माननापका स्थलरूप तथा भूमिस्रोत नक्साहरू उत्पादन भई विकास निर्माणका कार्यहरूमा उपयोग भइरहेका छन् । सम्पूर्ण गाउँ विकास समिति र नगरपालिकाहरूको नक्साहरू तयार गरिएको छ । नापनक्शाका लागि अत्यावश्यक पर्ने विभिन्न प्रकारका नियन्त्रण विन्दूहरूको संजाल देशभर स्थापना गरी निरन्तर रूपमा अद्यावधिक तथा मर्मत संभार गर्ने कार्य भैरहेको छ । देशमा भौगोलिक सूचना पूर्वाधार तयार गर्नका लागि आयोजना स्थापना गरिएको छं ।

भूमि व्यवस्थापन क्षेत्रमा महिला, दलित, जनजाति, पिछडिएका वर्गको पहुँच बढाउन उनीहरूको नाममा लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत देखि ४० प्रतिशतसम्म र शहिद परिवारको नाममा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा

शतप्रतिशत छुट दिने व्यवस्था गरिएको छ । खोटाङ्ग, सोलुखुम्बु, मुगु र अर्घाखाँची जिल्लाको क्षतिग्रस्त स्रेस्ता फिल्डमा नै गई तयार गर्ने कार्य सम्पन्न भएको छ ।

८२ वटा मालपोत कार्यालयको मोठ तथा रोक्काको विवरण, ५२ वटा नापी कार्यालयहरूमा रहेको कित्ता नापी नक्साको डिजिटाइजेशन कार्य, १६ वटा नापी कार्यालयमा रहेको प्लट रजिष्टरको विवरण कम्प्युटर प्रविष्टि, ७० वटा नापी कार्यालयमा फिल्डबुकको इमेज सहितको सन्दर्भ तथ्यांक तयार गर्ने कार्य भइसकेको छ । ४५ वटा मालपोत कार्यालयहरूमा कम्प्यूटर मार्फत् जग्गाधनी प्रमाणपुर्जाको प्रिन्ट सहितको सेवा प्रवाह, २० वटा मालपोत कार्यालयमा नियमित अद्यावधिकको कार्य भैरहेको छ भने उपत्यकाका ३ वटा नापी कार्यालयमा कम्प्यूटर प्रविधि मार्फत् सेवा प्रवाह भईरहेको छ । साथै २९ वटा नापी कार्यालयहरूमा फिल्डबुकको प्रतिलिपि कम्प्यूटर मार्फत् उपलब्ध गराउने कार्य भैरहेको छ ।

हालसम्ममा २३,८५७ मुक्त कमैया परिवारलाई जग्गा उपलब्ध गराईएको र करिव १३,७४४ मुक्त कमैयालाई विभिन्न प्रकारको सीपमूलक र व्यावसायिक तालिम प्रदान गरिएको छ । मुक्त हलियाहरूको लगत संकलन गर्ने कार्य सम्पन्न गरिएको छ । जम्मा १९,०५९ मुक्त हलिया परिवारमध्ये ७,७८१ परिवारलाई प्रमाणीकरण र ४,४९४ परिवारलाई परिचयपत्र वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

भूमि प्रशासनको परम्परागत सोच, व्यवहार र कार्यसंस्कृति सुधार हुन नसक्नु, भूमिसम्बन्धी अभिलेखहरू व्यवस्थित नहुनु, भूमिसम्बन्धी नीति बारम्बार परिवर्तन भैरहनु, नापनक्शा कार्यमा जटिलता कायम नै रहनु, भूमि व्यवस्थापनमा राजनीतिले प्रभाव पार्नु, जनशक्तिको विकास र प्रभावकारी व्यवस्थापन हुन नसक्नु, क्षतिग्रस्त भवन तथा भूमि लगत पुनःस्थापन भैनसक्नु तथा भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन् ।

भूमि प्रशासनको व्यवहार र कार्यशैलीमा सुधार ल्याउनु, भूमिसम्बन्धी एकीकृत कानुनको निर्माण गर्नु, सूचना प्रविधियुक्त केन्द्रीय भू-अभिलेख प्रणालीको विकास गर्नु, आधुनिक प्रविधिको उपयोग गरी स्तरीय र विश्वसनीय नक्सा, तथ्याङ्क तथा भू-सूचना तयार गर्नु, पुनःस्थापना हुन बाँकी मुक्त कमैया, मुक्त हलिया परिवारलाई पुनःस्थापना गर्नु, मूल्याङ्कन प्रणालीमा सुधार गरी घर जग्गाको वास्तविक मूल्य कायम गर्नु र लिखत दर्ता प्रणालीलाई वैज्ञानिक र विश्वसनीय बनाउनु जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

भूमिको न्यायपूर्ण, महत्तम उपयोग र आधुनिक व्यवस्थापनबाट उत्पादकत्व र सामाजिक न्यायका लागि योगदान पुऱ्याउने ।

## ५. उद्देश्य

१. भूमि तथा भूमि स्रोतको अधिकतम उपयोगको वातावरण सृजना गर्ने ।

२. सामाजिक तथा आर्थिक रूपले पछाडि परेका वर्गको भूमिमा पहुँच बढाउने ।

३. भूमि प्रशासनसम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी तथा प्रभावकारी तुल्याउने ।

४. विकास तथा पूर्वाधार निर्माणका लागि आवश्यक नापनक्सा, सेवा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउने ।

## ६. रणनीति

१. राष्ट्रिय भूमि नीति तर्जुमा गर्ने तथा राष्ट्रिय भू-उपयोग नीति, २०६९ कार्यान्वयन गर्ने ।

२. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

३. वैज्ञानिक भूमिसुधारसम्बन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी आर्थिक सामाजिकरूपले पछाडि परेका गरिब भूमिहीनलगायत वर्गको भूमिमा पहुँच बढाउने ।

४. भूमि प्रशासनको विद्यमान प्रविधिलाई कम्प्युटरमा आधारित भू-सूचना प्रणालीमा रूपान्तरण गर्ने ।

५. गाउँ-ब्लक क्षेत्र तथा द्वन्द्वबाट क्षति भएका नापनक्सा एवं श्रेस्ता पुनःनिर्माण गर्ने ।

६. भौगोलिक सूचनाको सहज उपलब्धताका लागि पूर्वाधार एवं जनशक्तिको विकास गर्ने ।

## ७. कार्यनीति

१. राष्ट्रिय भूमि नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (१)

२. विद्यमान ऐन नियममा परिमार्जन गरी भू-उपयोग नीति कार्यान्वयन गरिनेछ । (१)

३. अनधिकृत, अनियन्त्रित तथा अव्यवस्थित बस्ती विकासमा रोक लगाइनेछ । (१)

४. जग्गाको मूल्याङ्कनको वर्तमान प्रणालीमा सुधार गरी वैज्ञानिक र व्यावहारिकतामा आधारित मूल्यनीति अख्तियार गरिनेछ । (१)

५. सरकारी, सार्वजनिक एवं गुठी जग्गाहरूको केन्द्रीय लगत तयार गरिनेछ । (२)

६. स्थानीय निकायहरूसँग समन्वय गरी सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षण गरिनेछ । (२)

७. भूमिमाथिको दोहोरो स्वामित्व हटाईनेछ । (३)

८. महिला, दलित, लोपोन्मुख जाति, शहीद परिवार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका नाममा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा छुट दिइनेछ । (३)

९. मुक्त कमैया तथा मुक्त हलियाहरूको पुनःस्थापना गर्ने कार्य सम्पन्न गरिनेछ । (३)

१०. नापी तथा मालपोत कार्यालयहरूलाई सञ्जालीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गरिनेछ । (४)

११. नापी र मालपोत कार्यालयहरूमा कम्प्युटर प्रणालीको विस्तार गरी सेवा प्रवाह गरिनेछ । (४)

१२. द्वन्द्वबाट क्षतिग्रस्त भएका मालपोत तथा नापी कार्यालयहरूको श्रेस्ता पुनःस्थापना गर्ने कार्य सम्पन्न गरिनेछ । (५)

१३. नाप नक्सा सम्पन्न गर्न बाँकी गाउँ-ब्लकहरूको नापनक्सा गर्ने कार्य सम्पन्न गरिनेछ । (५)

१४. नवीनतम प्रविधिको उपयोग गरी नक्शा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गरिनेछ । (६)

१५. नापनक्सा तथा भूमि व्यवस्थापनको क्षेत्रमा समयानुकूल हुनेगरी जनशक्ति एवं क्षमता विकास गरिनेछ । (६)

**८. प्रमुख कार्यक्रमहरु**

- **भू-सूचना तथा अभिलेख कार्यक्रम :** यसअन्तर्गत कम्प्युटरमा आधारित भू-सूचना प्रणालीको स्थापना गर्ने, एकद्वार प्रणालीबाट छिटो, छरितो, सरल र प्रभावकारी जग्गा प्रशासन सम्बन्धी सेवा/सूचना उपलब्ध गराउन कित्ता नापी फिल्डबुक स्क्यानिङ गरी सुरक्षित राख्ने कार्यलाई निरन्तरता दिने, नापी कार्यालयहरूमा रहेको नक्साको विवरणहरूको डाटाबेस तयार गर्ने जस्ता कार्यहरू गरिनेछ ।

- **मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम :** यसअन्तर्गत मालपोत कार्यालयहरूको भवन निर्माण तथा मर्मत, कम्पाउण्डवाल निर्माण, स्रेस्ता वाइन्डिङ्ग तथा सुधार जस्ता कार्यहरू सञ्चालन गरिनेछ ।

- **राष्ट्रिय भू-उपयोग आयोजनाः** यसअन्तर्गत भौगोलिक विशेषता, जमीनको गुण, उर्वराशक्ति, क्षमता अनुरूप भूमिलाई वर्गीकरण गरी कृषि उत्पादन वृद्धि, विशिष्टीकरण र विविधीकरण गर्ने, जैविक विविधता संरक्षण, सम्वर्द्धन र विकास गर्ने, वातावरण र बसोबास, भौतिक पूर्वाधारबीच दिगो सन्तुलन कायम गर्नका लागि उपयोगको आधारमा जमीनको वर्गीकरण गरी स्वमित्व प्रमाणपत्र जारी गर्न नमूना परीक्षण जस्ता कार्यहरू गरिनेछ ।

- **भूमिसुधार कार्यक्रम, मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापन कार्यक्रमः** यसअन्तर्गत मुक्त कमैयाहरूलाई पुनःस्थापना गर्न र ती परिवारहरूलाई सीपमूलक एवं व्यावसायिक तालिम प्रदान गरी स्वरोजगार र आत्मनिर्भर बनाउने र पुनःस्थापना गर्न बाँकी रहेका मुक्त कमैयाको पुनःस्थापना सम्पन्न गर्ने । साथै मुक्त हलिया परिवारहरूको पुनःस्थापना गर्ने र बधुवाँ मजदुर निषेध सम्बन्धी कानुन निर्माण लगायतका कार्यहरू सञ्चालन गरिनेछ ।

- **कित्तानापी कार्यक्रमः** यसअन्तर्गत नाप नक्सा हुन बाँकी रहेका गाउँब्लक क्षेत्रको नापजाँच गरी जग्गाधनी प्रमाण पूर्जा वितरण गर्ने, अछाम र अर्घाखाँची जिल्लामा द्वन्द्वबाट क्षति भएको भूमिलगत पुनर्स्थापन गर्ने, आधुनिक प्रविधि अवलम्बन गरी नगर तथा नगरोन्मुख क्षेत्रमा माग अनुरूप पुनः नापी सञ्चालन गर्ने, नापी कार्यालयहरूको भौतिक पूर्वाधार र जनशक्तिको क्षमता विकासका कार्यहरू सञ्चालन गरिनेछ ।

- **स्थलरुप नापी कार्यक्रमः** यसअन्तर्गत दूर सम्वेदन प्रविधि अवलम्बन गरी स्थलरूप आधार नक्शा/डाटाहरू अद्यावधिक गर्ने, प्रशासनिक तथा बिषयगत नक्साहरू, विभिन्न प्रकारका भौगोलिक सूचनाहरूको उत्पादन गरी भौतिक पूर्वाधार विकास निर्माण एवं अध्ययन अनुसन्धानका लागि सर्वसुलभ रूपमा उपलब्ध गराउने, नगर तथा नगरोन्मुख क्षेत्रको १:५,००० को माननापमा स्थलरूप डाटा तयार गर्ने, राष्ट्रिय एटलस तयार गर्ने, राष्ट्रिय भौगोलिक सूचना नीति तर्जुमा गर्ने, नाप नक्साको लागि देश सुहाउँदो रिफरेन्स प्रणाली, प्रक्षेपण प्रणाली तथा नियामक प्रणाली विकास गर्ने कार्य गरिनेछन् ।

- **खगोल तथा भू-मापन कार्यक्रमः** यसअन्तर्गत नाप नक्सा, विभिन्न भौतिक पूर्वाधार विकास निर्माण तथा अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने आधार नियन्त्रण विन्दूहरूको देशभर स्थापित राष्ट्रिय सञ्जाललाई सुदृढीकरण गर्ने, जमीनमा स्थापना गरिएका उच्च दर्जाका नियन्त्रण विन्दू/स्तम्भहरूको मर्मत संभार एवं संरक्षण गर्ने, GNSS को आधार संरचना तयार गरी सर्भेक्षण गर्ने, जियोडेटिक डाटाहरूको समुचित व्यवस्थापन गरी सर्वसुलभ बनाउने, सगरमाथाको उचाई मापन/अध्ययन अनुसन्धानसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **भूमि व्यवस्थापन प्रशिक्षण कार्यक्रमः यस** अन्तर्गत जनशक्तिहरूको दक्षता अभिवृद्धि तथा क्षमता विकासका लागि सिनियर, जुनियर नापी तालिम तथा अन्य विशेष प्रकारका छोटो तथा लामो अवधिका तालिम तथा अध्ययन कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

- गुठी जग्गालाई रैकरमा परिणत गर्ने र भू-उपयोगलाई व्यवस्थित गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

### ९. अपेक्षित उपलब्धिहरु

योजना अवधिमा ९० वटा मालपोत/भूमिसुधार कार्यालयहरूमा स्रेस्ता, लिखत बाइण्डिङ सम्पन्न भएको हुने, ३५३ गाउँ विकास समितिहरूमा भू-उपयोग नक्सा/डाटा तयार भएको हुने, ११५ नगरोन्मुख गाउँ विकास समितिहरूको भू-उपयोग वर्गीकरण भएको हुने, ९,५०० हेक्टर गाउँब्लक क्षेत्रको कित्ता नापी कार्य सम्पन्न भएको हुने, द्वन्द्वबाट क्षतिग्रस्त भएका दुई जिल्ला (अछाम र अर्घाखांची)को भूमिलगत पुनर्स्थापना भएको हुने, टिकापुर, जुम्ला र कैलालीका द्वन्द्वबाट क्षतिग्रस्त भएका जग्गा धनी श्रेस्ता पुनर्स्थापना भएको हुने, दूर संवेदन विधिबाट ९० वटा सीटमा स्थलरूप नक्सा/डाटावेस अद्यावधिक भएको हुने, नगरपालिका क्षेत्रको ३० वटा सीटमा १:५००० को माननापमा नक्सा तयार भएको हुने, २५० विन्दुको जियोडेटिक सर्वे, नेटवर्क सुदृढीकरण, नष्ट भएका नियन्त्रण विन्दुहरूको पुनर्स्थापना र मर्मत संभार भएको हुने, १२० स्थानमा भू-आकर्षण नापी गरिएको हुने, १०५ कि.मि. मा समतलन सर्भेक्षण भएको हुने, ८२ वटा मालपोत कार्यालयहरूमा छुट डाटा अद्यावधिक एवं डाटा शुद्धीकरण भएको हुने, १९,०५९ मुक्त हलियाहरूको पुनर्स्थापना भएको हुने र २५२ मुक्त हलियाहरूलाई सीप विकास तथा दक्षता अभिवृद्धि तालिम सञ्चालन भएको हुनेछ ।

## ४.१.४ खाद्य सुरक्षा तथा पोषण

### १. पृष्ठभूमि

मानव विकास सूचकांकमा परिलक्षित हुने र अन्तर्राष्ट्रिय स्तरमा महत्त्व दिइएको सहस्राब्दी विकास लक्ष्यहरूमा खाद्य तथा पोषण सुरक्षाको अवस्था प्रतिबिम्बित हुने सूचकहरू तय गरिएको पाईन्छ । विश्व खाद्य सम्मेलन १९९६ ले खाद्य सुरक्षालाई परिभाषित गरेअनुसार प्रत्येक व्यक्तिको स्वस्थ र सक्रिय जीवनयापनको लागि आफ्नो आवश्यकता र चाहना अनुरूप सधैं पर्याप्त, स्वच्छ र पोषणयुक्त खाना माथिको भौतिक र आर्थिक पहुँच भएको अवस्था खाद्य सुरक्षा हो ।

### २. अद्यावधिक स्थिति

आधार वर्ष २०६९/७० मा प्रति व्यक्ति सरदर वार्षिक उपलब्धता खाद्यान्न तर्फ ३२५ के.जी., दालबाली १३.२९ के.जी., फलफूल ३१.३ के.जी., तरकारी १०७ के.जी., आलु ७४.९ के.जी. रहेको छ । त्यस्तै प्रति व्यक्ति माछा २.१ के.जी., दूध ६१.९ लिटर, मासु ११ के.जी. र अण्डा ३०.८ गोटा उपलब्धता रहेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

नेपालको सन्दर्भमा खाद्य सुरक्षाको अपेक्षाकृत सफलता हासिल गर्न खाद्य सुरक्षाका मुख्य चार स्तम्भहरू खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थिरतामा समयानुकूल सुधार हुन आवश्यक देखिन्छ । बहुसंख्यक जिल्लाहरूमा खाद्य न्यूनताको अवस्था रहनु र झन्डै ४१ प्रतिशत जनसंख्याले दैनिक निर्धारित क्यालोरीको न्यूनतम मात्रा उपभोग गर्नबाट वञ्चित रहेको अवस्थाले यसको गाम्भिर्यलाई दर्शाउँछ । नेपालको अन्तरिम संविधान, २०६३ ले खाद्य

सम्प्रभुतालाई मौलिक हकको रूपमा स्वीकार गरेको सन्दर्भमा नागरिकको खाद्य सुरक्षा सुनिश्चित गर्ने तर्फ यस योजनाको प्राथमिकता रहनेछ । खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नका लागि खाद्य सुरक्षाका दृष्टिले जोखिममा रहेका समूह र क्षेत्रको पहिचान हुनु जरुरी छ ।

हरेक जिल्लामा लगाइने प्रमुख पाँच बालीहरू (धान, गहुँ, मकै, कोदो, जौ) को उत्पादन र त्यसबाट प्राप्त हुने उपभोग योग्य खाद्य पदार्थको उपलब्धता र त्यस जिल्लामा बसोबास गर्ने जनसंख्याको लागि आवश्यक खाद्य पदार्थको आधारमा जिल्लाहरूलाई वर्गीकरण गर्दा आ.व. २०६९/७० मा ३८ जिल्लाहरूमा खाद्य न्यूनता रहेको देखिन्छ । तसर्थ, खाद्य सुरक्षाका दृष्टिकोणबाट जोखिममा रहेका समूह र क्षेत्रको आयस्तर बढाई खाद्य वस्तुमा पहुँच बढाउने, खाद्य वस्तुमा आत्मनिर्भर हुने, स्वस्थकर खानपान तथा सो को लागि व्यवहार परिवर्तन केन्द्रित कार्यक्रम सञ्चालन गरिनुपर्ने आवश्यकता भएको छ । अनियन्त्रित रूपमा जीवनाशक विषादी तथा भेटेरिनरी औषधि को प्रयोग हुन थालेको सन्दर्भमा खाद्य तथा गुण नियन्त्रणका लागि जनचेतना, अनुगमन तथा प्रयोगशाला विश्लेषण कार्यमा व्यापकता ल्याउनु चुनौती बनेको छ ।

### ४. दीर्घकालीन सोच

खाद्य तथा पोषण सुरक्षाका सवै पक्षहरूलाई सबल पार्दै नागरिकको खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्ने ।

### ५. उद्देश्य

१. खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्न कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आधारभूत खाद्य वस्तुहरूको आपूर्ति बढाई खाद्य तथा पोषण उपभोग स्थितिमा सुधार ल्याउने ।

२. खाद्य असुरक्षाको जोखिममा रहेका क्षेत्र र समूहहरूको पहिचान गरी गुणस्तरयुक्त खाद्यवस्तुमा पहुँच बढाउँदै खाद्य सुरक्षाको सुनिश्चिता प्रदान गर्ने ।

### ६. रणनीति

१. राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा नीति तर्जुमा गरी खाद्य वस्तुको उपलब्धता बढाउन कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्वमा सुधार ल्याई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता कायम गर्ने ।

२. खाद्य असुरक्षाको दृष्टिकोणले महत्त्वपूर्ण ठानिएका क्षेत्रहरूमा स्थानिय सम्भाव्यता भएका उच्चमूल्यका वस्तुहरू उत्पादन गरी आयस्तर बढाउन र खाद्यवस्तु तथा पोषणको महत्त्व, ज्ञान, शीप र जनचेतना बढाउन लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

३. कृषि जैविक विविधताको संरक्षण, संबर्द्धन र सदुपयोग, जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास र विस्तार गरी खाद्य बस्तुको उपलब्धता, उपयोगमा स्थिरता र निरन्तरता कायम गरी खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

४. खाद्यवस्तुको स्वच्छता तथा स्वस्थता सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाउने ।

## ७. कार्यनीति

१. खाद्य सम्प्रभूता ऐन र राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा कार्ययोजना तर्जुमाका साथै खाद्य कानुनलाई अद्यावधिक गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (१)

२. पशुजन्य उत्पादनको वृद्धि गर्न विशेष सुविधा उपलब्ध गराई पोसिलो खाद्यवस्तुमा पहुँच बढाइनेछ । (१)

३. नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीलाई सस्थागत गरी प्रभावकारी रूपमा सचांलन गरिनेछ । (१)

४. प्रत्येक जिल्लामा IPC को आधारमा खाद्य तथा पोषण सुरक्षा योजनाहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि खाद्य तथा पोषण सुरक्षा जिल्ला समन्वय समिति एवं जिल्ला स्तरीय खाद्य सुरक्षा संजाललाई परिचालन गरिनेछ । (१)

५. अन्तर-मन्त्रालय समन्वय तथा केन्द्र, क्षेत्र र जिल्लाबिच समन्वय संरचना निर्माण गरी आवश्यकता अनुसार खाद्यान्न स्टक राख्ने व्यवस्था गरिनेछ । (१)

६. खाद्य संकट व्यबस्थापनको दिगोपन र प्रभावकारिताको लागि "खाद्य सुरक्षाका लागि उत्पादन वृद्धि" नीति अख्तियार गरी लागू गरिनेछ । (१)

७. खाद्य तथा पोषण असुरक्षित क्षेत्रहरूमा स्थानीय स्तरमा सम्भाव्य कृषि वस्तुहरूको उत्पादन र उपयोगमा जोड दिई खाद्य असुरक्षाको जोखिममा रहेका घरपरिवारमा सुधारिएको गोठेमल, कम्पोष्ट मल, गहुँत व्यवस्थापन जस्ता कार्यमा विशेष सहुलियत उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ । (१)

८. खाद्य असुरक्षित क्षेत्रमा सम्भाव्यताका आधारमा स्थानीयस्तरमा उत्पादन हुनसक्ने उच्च मूल्यका कृषि उपज उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरी आयस्तर बढाउन प्राथमिकता दिइनेछ । (१)

९. खाद्यान्न असुरक्षित क्षेत्रमा कृषि तथा फलफूल खेती, पशुपालन आदि जस्ता कार्यहरू व्यावसायिक रूपमा सञ्चालन गरी यस्ता उत्पादनलाई प्रशोधन र मूल्य अभिवृद्धि गर्न खोलिने कृषि जन्य उद्योगहरूलाई विशेष सुविधा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । (१)

१०. खाद्य असुरक्षित क्षेत्रमा उत्पादन हुने स्थानीय बालीनालीका प्रजातिहरूको संरक्षण तथा संवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

११. खाद्य असुरक्षित क्षेत्रको हावापानी सुहाउँदो कृषि प्रविधिको विकास र विस्तारको साथै सिंचाइको समुचित व्यवस्था गरिनेछ । (२)

१२. खाद्य असुरक्षित क्षेत्रको मौसम अनुकुल हुने किसिमका बालीनालीको विकास र विस्तार गरिनेछ । (२)

१३. ग्रामीण क्षेत्रमा कृषि मैत्री भौतिक पूर्वाधारको विकास र शहरी क्षेत्र र शहर नजिकका ग्रामीण क्षेत्रमा पौष्टिक तत्वयुक्त तरकारी एवं उच्चमूल्यका कृषि वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ। (२)

१४. स्थानीय स्तरमा उत्पादन हुने बाली तथा खाद्यवस्तुका विभिन्न परिकारको विकास तथा प्रवर्द्धन गरिनेछ। (२)

१५. प्रत्येक जिल्लामा कृषि तथा खाद्य सुरक्षा समन्वय समिति र जिल्ला खाद्य सुरक्षा संजाल मार्फत खाद्य तथा पोषण स्थितिको अनुगमन गरिनेछ। (२)

१६. खाद्य वस्तुको गुणस्तरको परीक्षण, प्रमाणीकरण तथा नियमन प्रकृयालाई प्रभावकारी बनाउन प्रयोगशाला सेवालाई सुदृढ गरिनेछ। (२)

### ८. प्रमुख कार्यक्रमहरु

- राष्ट्रिय खाद्य तथा पोषण उपभोग स्थितिर खाद्य आवश्यकता तथा उपलब्धता बारे अध्ययन सर्भेक्षण गरिनेछ।
- खाद्य बजार, खाद्य वस्तु तथा खाद्य उद्योगको अनुगमन गरी स्वस्थ र स्वच्छ खाद्यवस्तुको उपलब्धताको सुनिश्चित गरिनेछ।
- नीति विश्लेषण एवं अनुसन्धान, नीति कार्यान्वयन तथा प्रभावकारिता सम्बन्धी अध्ययन, खाद्य तथा पोषण सूरक्षा प्रदान गर्न उपयुक्त सुरक्षा कवचको पहिचान सम्बन्धमा अध्ययन गरिनेछ।

### ९. अपेक्षित उपलब्धि

कृषि अनुसन्धान, प्रसार प्रविधि र सामग्रीको समनवयात्मक प्रयास तथा व्यापक उपयोगबाट आवधिक योजनाको आधार वर्षमा भएको प्रतिव्यक्ति प्रतिवर्ष खाद्यवस्तु उपलब्धता सम्बन्धमा खाद्यान्न, तरकारी, फलफूल, माछा, दुध, मासु र अण्डा क्रमशः ३२५ के.जी., १०७ के.जी., ३१.३ के.जी., २.४ के.जी., ६१.९ लिटर, ११ के.जी., र ३०.८ गोटा बाट योजना अवधिको अन्तिम वर्ष २०७२/७३ मा क्रमशः ३८९ के.जी., ११३ के.जी., ३६.१ के.जी., ३.११ के.जी., ६४.४ लिटर, ११.८७ के.जी. र ३३.८ गोटा पुगेको हुनेछ।

## ४.१.५ वन तथा भू-संरक्षण

### १. पृष्ठभूमि

वनले नेपालको कूल भूभागको ३९.६ प्रतिशत क्षेत्रफल ओगटेको छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि नभई नहुने घाँस-दाउरा-काठ, जडीबुटी, अन्य गैरकाष्ठ वन पैदावार र वातावरणीय सेवा जस्ता अत्यावश्यक सेवाहरू वन क्षेत्रबाट उपलब्ध हुँदै आएको छ। वन क्षेत्रले कृषि, उद्योग, जलस्रोत, वातावरण र जैविक विविधता संरक्षणका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ। नेपालका संरक्षित

क्षेत्रहरू पर्यटन विकासको आधार स्तम्भको रूपमा देखिएका छन् । यसैगरी वनजन्य स्रोतको व्यावसायीकरणबाट गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउन र जलवायु परिवर्तनका असरहरूमा कमी ल्याई मानव एवं पारिस्थितिकीय प्रणालीलाई बदलिंदो परिस्थितिसँग अनुकूलन गर्न सहयोग पुऱ्याउन वन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्नसक्ने देखिन्छ । यसै परिपेक्ष्यमा "समृद्धिका लागि वन" भन्ने मूलध्येयका साथ जनसहभागितामूलक तथा विकेन्द्रित व्यवस्थापन प्रणाली अवलम्वन गरी समग्र वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत् वनको उत्पादकत्वमा वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा दिगो योगदान पुर्‍याउनुका साथै स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउनेतर्फ योजनाका नीति तथा कार्यक्रमहरू निर्देशित छन् ।

## २. अद्यावधिक स्थिति

त्रिवर्षीय योजनाको अन्त्यसम्ममा ७४ जिल्लाहरूका जिल्ला वन कार्ययोजना अद्यावधिक गरिएको छ । करिव १८ हजार सामुदायिक वन उपभोक्ता समूहहरूले झण्डै १७ लाख हेक्टर वन क्षेत्र व्यवस्थापन गर्दै करिव २२ लाख घरधुरीलाई प्रत्यक्ष फाइदा पुऱ्याएका छन् । यसबाट सामुदायिक विकास, गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण तथा वन क्षेत्रको सुशासनलाई संस्थागत गर्न सहयोग पुगेको छ । गरिबीको रेखामुनि रहेका समुदायलाई प्रदान गरिने कवुलियती वन कार्यक्रम मार्फत् ६,९३४ गोटा कबुलियती वन समूहमा आबद्ध ६५,९९७ घरधुरीलाई ४०,८९८ हेक्टर वन क्षेत्र उपलब्ध गराई जीविकोपार्जनमा उल्लेखनीय सहयोग पुऱ्याउनुका साथै वनको हैसियतमा समेत सुधार हुँदै आएको छ । तराईका ९ जिल्लाहरूमा २० साझेदारी वन कार्ययोजना स्वीकृत भई ५४,०७२ हेक्टर वन व्यवस्थापन गर्ने कार्य सुरु भएको छ । यसैगरी २५ जिल्लामा "जिल्ला वन क्षेत्र रणनीतिक योजना" तयार भै कार्यान्वयनमा रहेका छन् ।

जैविक विविधता स्रोतहरूको व्यवस्थित संरक्षण गर्ने सन्दर्भमा ३४,००३.४२ वर्ग किलो मिटर क्षेत्रफलमा (कुल भूभागको २३.२३ प्रतिशत) २० वटा संरक्षित क्षेत्र स्थापना गरी व्यवस्थापन गरिएको छ । विभिन्न १२ वटा मध्यवर्ती क्षेत्रको ५,७२,२६७ हेक्टर क्षेत्रफल मध्ये ६७७ वटा मध्यवर्ति सामुदायिक वनको रूपमा कुल १,९८,५५० हेक्टर वनक्षेत्र व्यवस्थापन भएको छ । मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम कार्यान्वयनबाट दुर्लभ तथा संरक्षित वन्यजन्तुहरूको संरक्षण, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण हुनुको साथै ६,२७,००० स्थानीय व्यक्तिहरूको जीवनस्तरमा सुधार हुँदै आएको छ । सन् २०२० सम्ममा बाघको संख्या दोब्बर पार्ने उद्देश्यले बाघ संरक्षण विशेष कार्यक्रम सञ्चालनमा रहेको छ । हालसम्म ९ वटा सिमसारहरू रामसार सूचीमा सूचीकृत भएका छन् । रामसार सूचीमा रहेका घोडाघोडी ताल (कैलाली) र कोशिटप्पु (सुनसरी) को व्यवस्थापन योजना तयारी भै कार्यान्वयनको चरणमा रहेका छन् ।

भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न ५६ जिल्लाहरूमा २,०२० वटा उप-जलाधार क्षेत्रको पहिचान गरी ३४३ वटा उप-जलाधार क्षेत्रको जलाधार व्यवस्थापन योजना तयार गरी ३१६ वटा उप-जलाधार क्षेत्रहरूमा कार्ययोजना कार्यान्वयन भएको छ । बेसिन एप्रोच मार्फत् सेवा विस्तार गर्ने आधार तयार भएको छ । वन क्षेत्रको नयां रणनीति तर्जुमा गर्ने कार्य सुरु गरिएको छ । चुरे क्षेत्रको भू-भौगोलिक

सम्वेदनशीलता र जैविक विविधताको महत्त्वलाई आत्मसात गर्दै उक्त क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापनका लागि चुरे संरक्षण रणनीति तयार भएको छ । रेड फरेष्ट्री तथा जलवायु परिवर्तन एकाइ स्थापना भै बहुसरोकारवालाहरूको समेत संग्लनतामा रेड प्रक्रियामा सहभागी हुन रणनीतिक प्रतिवेदन (RPP) कार्यान्वयनको चरणमा रहेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

वन क्षेत्रको एक जटिल राष्ट्रिय समस्याका रूपमा वन अतिक्रमण रहेको छ । हालसम्म तराई तथा भित्रीमधेशका विभिन्न स्थानहरूमा करिब १ लाख हेक्टर वन क्षेत्र अतिक्मण भएको देखिन्छ । काष्ठ तथा गैरकाष्ठ वन पैदावारको अबैध संकलन तथा चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरण, अनियन्त्रित ढुंगा-गिट्टि-वालुवा संकलन तथा निकासी, वन क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् । विभिन्न विकास तथा पूर्वाधार निर्माणमा वन क्षेत्र नै प्रयोग गरी हुने वन क्षेत्रको भूउपयोग परिवर्तन कम गरी संरक्षण र विकासको बीचमा तालमेल गर्न नसक्नु, वनमा आधारित लघु उद्यमको अपेक्षा अनुसारको सफलता हासिल हुन नसक्नु, बढ्दो मानव वन्यजन्तु द्वन्द्व र समयानुकूल संगठनात्मक संरचना परिवर्तन हुन नसक्नु वन क्षेत्रका थप समस्याका रूपमा रहेका छन् ।

वन क्षेत्रलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा आत्मसात गराउनु, यसलाई राष्ट्रिय उत्पादनमूलक क्षेत्र बनाई आर्थिक उन्नतिको बलियो आधार बनाउनु, संरक्षित क्षेत्रका लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्नु, राज्यका सबै निकाय, राजनीतिक दल तथा सरोकारवालाहरूको तर्फबाट वन अतिक्रमण नियन्त्रण, वन संरक्षण र व्यवस्थापनका लागि साझा प्रतिबद्धता प्राप्त गर्नु, तराई र भित्री मधेशका सबै खाले वनहरूको दिगो व्यवस्थापन गरी उपादकत्वमा वृद्धि गर्नु, वन क्षेत्र संरक्षण र व्यवस्थापनका लागि आवश्यक पर्ने भौतिक संरचना तथा पूर्वाधारहरूको पर्याप्त व्यवस्था गर्नु, नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप राष्ट्रिय स्तरमा आन्तरिकीकरण र कार्यान्वयन गर्नु, वनको व्यावसायिक उपयोग गरी आय र रोजगारी वृद्धि गर्नु र वन पैदावारको मागअनुरूप आपूर्तिको व्यवस्थापन गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

वन, वनस्पति, वन्यजन्तु, र जैविक विविधता लगायतका स्रोतहरूको जनसहभागितामूलक तथा विकेन्द्रीत व्यवस्थापन प्रणाली अनुसार संरक्षण र व्यवस्थापन गर्ने ।

### ५. उद्देश्य

१. दिगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।

२. वनजनित क्रियाकलापहरूको प्रवर्द्धनबाट आय आर्जन तथा रोजगारीका अवसरहरू सृजना गर्ने ।

३. वन, जैविक बिविधता तथा जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन गरी वातावरणीय सेवा सुनिश्चित गर्ने ।

## ६. रणनीति

१. कूल भू-भागको न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्ने ।

२. वन क्षेत्रको स्रोत संरक्षण, दिगो व्यवस्थापन एवं अत्युत्तम रूपमा सदुपयोग गर्ने ।

३. वन क्षेत्रको दिगो व्यवस्थापनबाट प्राप्त हुने वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यावसायीकरणबाट वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सृजना र जीविकोपार्जनमा सुधार गर्ने ।

४. वन क्षेत्रको समुचित संरक्षण र विकासको लागि प्रवर्द्धनात्मक एवं सहयोगी वातावरणको सृजना गर्ने ।

५. वन क्षेत्रमा सुशासन कायम गर्ने ।

## ७. कार्यनीति

१. कुल भू-भागको कम्तीमा ४० प्रतिशत वन क्षेत्र कायम गर्न आवश्यक सुरक्षात्मक, संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्य गरिनेछ । (१)

२. सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापनलाई विकास र विस्तार गरिनेछ । सामुदायिक तथा कवुलियति वनलाई लक्षित गरी परिक्षणको रूपमा केही जिल्लामा सामुदायिक सेवा केन्द्र सञ्चालन गरिनेछ । (१)

३. राष्ट्रिय प्राथमिकता प्राप्त पूर्वाधार विकास निर्माण कार्यको कारणबाट क्षति हुने वन क्षेत्रको परिमाणात्मक अनुपातमा थप वृक्षरोपण र व्यवस्थापन गरिनेछ । (१)

४. वन अतिक्रमण, अवैध कटानी, चोरी शिकार तथा वन डढेलोलाई नियन्त्रण गर्न सहभागितामूलक र समन्वयात्मक संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ । (१)

५. वन क्षेत्र लगायत सार्वजनिक, सामुदायिक एवं निजी क्षेत्रहरूमा सबै सरोकारवालाहरूको सहभागितामा बृहत् वृक्षारोपण गरिनेछ । (१)

६. मानव र वन्यजन्तुबीचको द्वन्द्व सम्बोधन गर्न दीर्घकालीन रणनीति बनाई कार्यान्वयनमा ल्याइनेछ । (१)

७. नेपाल-भारत, नेपाल-चीन सिमानामा पर्ने जैविक मार्गहरूको संरक्षण गरी दुर्लभ वन्यजन्तुको स्वतन्त्र आवागमन सहज बनाउन एवं जैविक विविधताको संरक्षण गर्न आवश्यक समन्वय गरिनेछ । (१)

८. दिगो र वैज्ञानिक वन व्यवस्थापन पद्धतिको माध्यमबाट वनको व्यवस्थापन गरिनेछ । (२)

९. बृहत् जलाधार व्यवस्थापन अवधारणा अनुरूप जलाधारहरूको व्यवस्थापन गरिनेछ । (२)

१०. जैविक विविधता, पर्यावरणीय सेवा तथा जलवायु परिवर्तनलाई प्रभावकारी रूपमा सम्बोधन गर्न भू-परिधि क्षेत्र, जैविक मार्ग आदिको पहिचान, वर्गीकरण र उपयुक्त व्यवस्थापन गरिनेछ । (२)

११. वन तथा प्राकृतिक सम्पदाको भू-परिधिस्तरमा संरक्षण तथा व्यवस्थापन गरिनेछ । (२)

१२. स्थानीय आवश्यकता र आर्थिक संभावनाका आधारमा वनस्रोत सम्बद्ध सूचना सङ्कलन तथा प्रविधि विकास एवं विस्तार गर्दै लगिनेछ । (२)

१३. राष्ट्रिय भू-उपयोग नीति अनुरूप चुरे क्षेत्रको एकीकृत पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्दै स्थानीय समुदायकै तराई तथा मधेश क्षेत्रको भूमिको संरक्षण एवं दिगो व्यवस्थापन गरी उत्पादकत्व वृद्धि गरिनेछ । (२)

१४. नेपालका वनस्पतिहरूको पहिचान, व्यवस्थापन तथा स्व-स्थानीय र पर-स्थानीय संरक्षण, अध्ययन अनुसन्धान र अभिलेखीकरण कार्यलाई निरन्तरता दिइनेछ । (२)

१५. दुर्लभ तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तुको संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । (२)

१६. जैविक सुरक्षा, व्यापारिक महत्त्वका जडीबुटी जन्य वनस्पतिको गुणस्तरको विश्लेषण, फाइटोस्यानेटरी प्रमाणीकरणलगायत ट्रेडसपोर्ट कार्यको सदुपयोगको लागि प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ । (२)

१७. वन पैदावार तथा सम्पदामा आधारित उद्योग व्यवसायको विकास तथा विस्तारका लागि सार्वजनिक-सामुदायिक-निजी-सहकारी क्षेत्रको साझेदारीका माध्यमबाट लगानी प्रवर्द्धन गरिनेछ । (३)

१८. स्थानीय समुदाय कै सहभागितामा वन उद्यम प्रवर्द्धनसंग सम्बन्धित कानुनी जटिलताको समाधान गर्दै निजी जग्गामा भएको वन पैदावार उपयोग, बिक्री वितरण र ओसारपसारमा सरलीकरण गरिनेछ । (३)

१९. दिगो विकास र पर्यावरणीय सन्तुलन कायम गर्न वन तथा संरक्षित क्षेत्रहरूको व्यवस्थापन पद्धतिलाई वैज्ञानिक तथा सहभागितामूलक बनाउदै लगिनेछ । (३)

२०. वनस्रोतमा आश्रित गरिब, महिला, तथा विपन्न वर्गको जीविकोपार्जन सुधारका लागि क्षमता अभिवृद्धि तथा सशक्तीकरण र हरित रोजगारीमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

२१. जडीबुटी खेती, एक सामुदायिक वन एक उद्यम तथा अन्य वन उद्यम विकासका विशेष कार्यक्रमको माध्यमबाट ग्रामीण क्षेत्रमा स्थानीय युवा र महिला लक्षित थप रोजगारी सृजना गरिनेछ । (३)

२२. सामुदायिक वनबाट प्राप्त आम्दानीको कम्तीमा ३५ प्रतिशत हिस्सा विपन्न वर्गको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्ने कार्यमा लगानी गरिनेछ र सो प्रावधानको उचित अनुगमनको व्यवस्था गरिनेछ । (३)

२३. उच्च मूल्यका वनस्पति र जडीबुटीहरूको पहिचान, दिगो सङ्कलन, प्रविधि विकास, व्यावसायीकरण र बजारीकरण गर्न समुदाय तथा निजीक्षेत्रलाई प्रोत्साहन गरिनेछ । (३)

२४. जलवायु परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ । (३)

२५. पारिस्थितिकीय सेवाहरूवाट प्राप्तहुने आयस्रोतलाई वनको वास्तविक व्यवस्थापनमा योगदान पुऱ्याउने सरोकारवालाहरू सम्म वितरण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ । (३)

२६. दिगो तथा वैज्ञानिक वन व्यवस्थापनको रणनीतिक खाका तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (४)

२७. कार्वन संश्लेषण तथा सञ्चितिबाट जलवायुमा हुने प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलन गर्न वनक्षेत्रले पुऱ्याएको योगदान बापत रेड अवधारणाबाट थप आर्थिक स्रोत जुटाउने कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पर्ने प्रक्रिया र संयन्त्र निर्माण गर्ने प्रकृया अगाडि बढाईनेछ । (४)

२८. वनक्षेत्रमा सरोकारवालाहरूको सहभागिता र निजी क्षेत्रको लगानी समेत बढाउनका लागि वन विकास बैंक/संयन्त्र निर्माण गरिनेछ । (४)

२९. भौतिक पूर्वाधार निर्माण गर्दा वन, वातावरण तथा जैविक विविधताको संरक्षण र वातावरणीय प्रभावको प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईनेछ । (४)

३०. कार्यक्रमहरू सञ्चालन गर्दा पारदर्शी, सहभागितामूलक र जवाफदेहीपूर्ण तरिकाबाट सञ्चालन गरिनेछ । (५)

३१. वनक्षेत्रका सरकारी संरचनाबाट स्थानीय समुदायलाई पुऱ्याउनु पर्ने सेवालाई सामुदायिक तथा निजी क्षेत्रसँग सहकार्य तथा सेवाकरारको माध्यमबाट उपलब्ध गराइनेछ । (५)

३२. वन पैदावारको सहज आपूर्तिको व्यवस्था मिलाउनुका साथै वन पैदावार प्राधिकरण स्थापना गर्न आवश्यक ऐन तर्जुमा गरी संरचना तयार गरिनेछ । (५)

३३. वनको सर्वेक्षण कार्य सम्पन्न गरिनेछ । (५)

३४. वन, वन्यजन्तु, वनस्पति र जलाधारसम्बन्धी समस्या समाधानका लागि प्रविधिको विकास गर्न अनुसन्धान गरी त्यसको नतिजा प्रचार प्रसार गरिनेछ । (५)

## ८. प्रमुख कार्यक्रमहरु

- **सामुदायिक वन विकास कार्यक्रमः** यस कार्यक्रम अन्तरगत समुदायमा आधारित वन व्यवस्थापनमार्फत् सामुदायिक वन, वन संरक्षण, जीविकोपार्जनमा सुधार र सुशासनमुखी कार्यक्रम तथा दिगो वन व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **निजी वन विकास कार्यक्रमः** वन क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्दै निजी जग्गामा वृक्षारोपण गरी ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनतालाई वन पैदावारमा आत्मनिर्भर बनाउन, आधारभूत वन पैदावारका लागि वन क्षेत्रमा पर्ने चाप कम गर्न र वन पैदावारको व्यावसायीकरणबाट आय आर्जनका साथै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन यो कार्यक्रम लक्षित हुनेछ ।

- **राष्ट्रिय वन विकास तथा दिगो वन व्यवस्थापन कार्यक्रमः** जिल्लाको समग्र रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, सरकारद्वारा व्यवस्थित वनको संरक्षण र व्यवस्थापन, वन डढेलो व्यवस्थापन, वन संरक्षणको लागि कानुन परिपालनाका गतिविधिहरू र वन स्रोत संरक्षणजन्य कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस अन्तरगत वन स्रोतको पहिचान, तथ्याङ्क संकलन तथा वन सुरक्षाका कार्यक्रम सञ्चालन गरिनेछ । वैज्ञानिक वन व्यवस्थापनसम्बन्धी कार्यलाई विस्तार गरिनेछ ।

- **राष्ट्रपति चुरे तराई मधेस कार्यक्रमः** वातावरणीय रूपमा सम्वेदनशील चुरे क्षेत्रको वन विनास तथा भू-क्षय रोकथाम गर्न चुरे क्षेत्रका २६ जिल्लाहरूमा कृषि विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायतका निकायहरूमार्फत् एकीकृत रूपमा सञ्चालनमा रहने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- **बहुसरोकारवाला वन कार्यक्रमः** नेपालको वन क्षेत्रलाई सम्वृद्धिको आधार, दिगो वन व्यवस्थापन, समावेशी आर्थिक विकास, गरिबी न्यूनीकरण र जलवायु परिवर्तनको सामना गर्ने कार्यमा योगदान बढाउने लक्ष्य लिएको यस कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

- **कवुलियती वन तथा पशु विकास कार्यक्रमः** यो कार्यक्रम गरिबीको रेखामुनि रहेका समूहको जीवीकोपार्जनका अवसरहरू बढाउन तथा विपन्न वर्गको आर्थिक, सामाजिक र मानवीय क्षमता बढाउन परिलक्षित छ । यस अन्तर्गत गरिब धुरी पहिचान, समूह गठन, कबुलियती वनको कार्ययोजना तयारी र कार्यान्वयन, वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन, समूहको क्षमता अभिवृद्धि र सशक्तीकरण र स्थानीय वन तथा पशुस्रोतमा आधारित आय आर्जन कार्यक्रमहरू सञ्चालन गरिनेछ । कवुलियती वनका राम्रा अभ्यासहरूलाई अन्य वन व्यवस्थापन पद्धतिहरूमा समेत आवद्ध गरिनेछ ।

- **भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमः** वन र कृषि प्रणालीमा प्रभावकारी सामन्जस्यल्याई खाद्य उत्पादनमा योगदान पुऱ्याउने, भू-क्षय, बाढी, पहिरो, मरुभूमीकरण, जलवायु परिवर्तनको नकारात्मक असर र अन्य वातावरणीय

असन्तुलनबाट देशको भू-भागलाई संरक्षण गर्ने, उप–जलाधारमा आधारित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने, एकीकृत कार्यक्रम सञ्चालन गरी ग्रामीण कृषि प्रणालीका अंगहरूबीच सन्तुलन एवं समन्वय कायम गर्ने, जलाधारको माथिल्लो तथा तल्लो तटीय क्षेत्रबीचको अन्तरसम्बन्धलाई आत्मसात गर्ने उद्देश्यले यो कार्यक्रम बृहत जलाधार उपागममा आधारित भई सञ्चालन गरिनेछ ।

- **वन सम्वर्द्धन तथा वृक्ष सुधार कार्यक्रमः** वन व्यवस्थापनमा वैज्ञानिक सोच, कार्ययोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि वनको वैज्ञानिक, वातावरणीय, व्यवस्थापकीय, पारिस्थितिकीय तथा आनुवांशिक पक्षहरूको व्यवस्थापन र नमुना प्रदर्शन जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् । नमुना प्रदर्शनको नतिजा सार्वजनिक गर्दै राम्रा नतिजाहरूको अनुसरण गर्दै वैज्ञानिक वन व्यवस्थापनको क्षेत्र विस्तार गरिनेछ ।

- **वनस्पति स्रोत अनुसन्धान, संरक्षण तथा विकास कार्यक्रमः** वनस्पतिजन्य स्रोतहरूको अध्ययन, अनुसन्धान, फ्लोरा अफ नेपालको प्रकाशन, हर्बेरियम संरक्षण, उद्यान व्यवस्थापन, प्रयोगशााला स्थापना र व्यवस्थापन, टिस्सुकल्चर तथा जडीबुटी प्रविधि विकास र प्रसारण जस्ता गतिबिधिहरू यस कार्यक्रम अन्तरगत सञ्चालन गरिनेछ ।

- **जडीबुटी विकास कार्यक्रमः** वनजन्य स्रोत बिशेष गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावारलाई ग्रामीण क्षेत्रमा उद्यम, रोजगारी तथा आयका स्रोतको रूपमा विकास गर्न सकिने सम्भावना र अवसरको आधारमा बिशेष कार्यक्रमहरू तयार गरी समुदायमा आधारित कार्यक्रमको सञ्चालन गरिनेछ ।

- **वासस्थान/पारस्थितीकीय प्रणाली र वन्यजन्तु संरक्षण कार्यक्रमः** संरक्षित क्षेत्रको संरक्षण, व्यवस्थापन र उपयोग गर्दा समुदायको आवश्यकता र समस्यालाई पनि सम्बोधन गर्न आवश्यक रहेको र समुदायमा आधारित संरक्षणका प्रयासहरू बाट सफलता समेत प्राप्त भएको छ । यस अन्तरगत वासस्थान, पारस्थितिकीय प्रणाली र वन्यजन्तु संरक्षणका कार्यहरू विस्तार गर्नुका साथै वन्यजन्तु प्रजनन् तथा अनुसन्धान केन्द्रलाई निरन्तरता दिईनेछ । मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तु चोरी निकासी एवं अवैध व्यापार नियन्त्रणका लागि आवश्यक रणनीति बनाईनेछ ।

- **जैविक विविधता कार्यक्रमः** जैविक विविधता संरक्षणलाई समन्वयात्मक रूपले अघि वढाउन तर्जुमा गरिएको जैविक विविधता रणनीतिको कार्यान्वयनका साथै जैविक विविधतासंग सम्वन्धित नीतिगत पक्षको संयोजन गर्ने, जैविक विविधतासम्बन्धी द्विपक्षीय सहयोग प्रवर्द्धन गर्ने, सम्वन्धित महासन्धि तथा अनुवन्ध, अभिसन्धिको अनुमोदन गर्ने प्रक्रियाको सहजीकरण लगायतका प्राबधानहरूको कार्यान्वयन गरिनेछ ।

- **वन अनुसन्धान तथा प्रचार प्रसार कार्यक्रमः** वन स्रोतको सर्वेक्षण तथा नक्साङ्कन, वन अनुसन्धान, प्रविधि विकास तथा हस्तान्तरण, प्रदर्शनीस्थल निर्माण आदि कार्यक्रमहरूको साथै कार्यमूलक अनुसन्धान, सन्चार र प्रसार, आम प्रचारप्रसारका गतिबिधिहरू सञ्चालन गरिनेछ ।

- **रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमः** वन स्रोतको विनास र क्षयीकरणबाट हुने हरित गृह ग्याँसको उत्सर्जन कटौती गर्न, वन विनास रोकथाम र हैसियत बिग्रेको वनको गुणस्तर अभिवृद्धि गरी वन व्यवस्थापनबाट कार्बन सञ्चितिमा वृद्धि गर्न र भएको वन क्षेत्रको संरक्षणमार्फत् अधिकतम कार्वन सञ्चिति गरी आर्थिक लाभ प्राप्त गर्न रेड पूर्व तयारी कार्यक्रम सञ्चालनमा रहेको छ ।

- **संरक्षित वन विकास कार्यक्रमः** देशका अति संवेदनशील एवं महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्र तथा जैविक मार्गहरूको दीर्घकालीन संरक्षणका लागि, एकीकृत रूपमा संरक्षण, व्यवस्थापन एवं विकास तथा समुदायको जीविकोपार्जनको लागि जनसहभागिता समेत परिचालन हुनुकासाथै उपभोक्ताहरूलाई उक्त क्षेत्रहरूको व्यवस्थापनबाट प्राप्त हुने लाभको वितरण गर्ने वातावरण सृजना गर्न, स्थलगत बिशिष्टताको आधारमा व्यवस्थापकीय पद्धतिहरूको विकासतर्फ यो कार्यक्रम परिलक्षित छ ।

- **भू-परिधिस्तरीय कार्यक्रमः** यो कार्यक्रम अन्तरगत भूपरिधि स्तरका संरक्षणका कार्यक्रमहरू कार्यान्वयन गर्ने, तराई भू-परिधि कार्यक्रमको रणनीति तथा कार्यान्वयन योजना (२००४–२०१४) लाई निरन्तरता दिने र राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण तथा प्राथमिकता प्राप्त भू-परिधीय क्षेत्रहरूको पहिचान गरिनेछ । भू-परिधीय सहयोग एकाइको स्थापना गरी सीमापार समन्वय कार्यक्रमहरू सञ्चालन, वनस्पति तथा वन्यजन्तुको अवैध व्यापार रोकथाम, वातावरणीय सेवाबाट प्राप्त आर्थिक स्रोतको व्यवस्थापन, भू-परिधीय स्तरका सबल तथा सफल कार्यक्रमको रूपमा रहेका एकीकृत योजना तर्जुमा, वित्तीय संयन्त्रको निर्माण र जैविकमार्ग व्यवस्थापनसम्बन्धी कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

- **जलवायु परिवर्तन समानुकूलनका लागि नमूना कार्यक्रमः** "जलवायु परिवर्तन लगानी कोष" अन्तरगतको "रणनीतिक जलवायु परिवर्तन कोष" मातहत रहेको "जलवायु परिवर्तन समानुकुलनका लागि नमूना कार्यक्रम" अन्तरगत स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय पहलहरूको आधारमा पर्वतीय क्षेत्रका जलाधारहरूमा जलवायु परिवर्तन समानुकूल निर्माण र लोपोन्मुख प्रजातिहरूको समानुकूलन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन हुनेछन् । पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन विधिहरू अवलम्बन गरी स्थानीय समुदाय र पारिस्थितिकीय प्रणालीको जोखिमलाई न्यूनीकरण गर्दै अनुकूलन क्षमतालाई अभिवृद्धि गरिनेछ ।

## ९. अपेक्षित उपलब्धि

देशको कुल भू-भागको ४० प्रतिशत वनक्षेत्र कायम गर्न सकारात्मक नीतिगत र संरचनात्मक व्यवस्था भएको हुनेछ । नयाँ राष्ट्रिय वन रणनीति र जिल्ला वन क्षेत्रगत योजना तयार भई लागू भएका हुनेछन् । वन संगठनको सुदृढीकरण, सशस्त्र वन रक्षकहरू आवश्यक ज्ञान, सीप र अत्याधुनिक हातहतियार सहित परिचालन र भौतिक पूर्वाधारमा सुधार भएको हुनेछ । नयां वन क्षेत्र अतिक्रमण हुन नदिनुका साथै भएका अतिक्रमण नियन्त्रण गरी १३,००० हेक्टर वन पुनःस्थापना भएको हुनेछ । ४,८०० वटा सबै

किसिमका वन व्यवस्थापनका कार्ययोजनाहरू परिमार्जन भएका हुनेछन् । सामुदायिक तथा कबुलियती वन कार्यक्रमबाट थप १८,००० गरिब तथा पिछडिएका घरधुरीहरू लाभान्वित भएका हुनेछन् । साझेदारी वन कार्यक्रम सञ्चालनवाट थप ७५,००० हेक्टर वन क्षेत्र दिगो व्यवस्थापन भएको हुनेछ । वन व्यवस्थापनमार्फत् विपन्न वर्गका महिला, दलित, जनजाति तथा पछाडि परेका समुदायका थप ७०,००० घरधुरीलाई आयआर्जनको अवसर उपलब्ध भएको हुनेछ । वन क्षेत्रका विभिन्न कार्यक्रम सञ्चालनबाट वार्षिक थप ४२,७६,३०० श्रमदिन रोजगारी सृजना भएको हुनेछ ।

वनजन्य उद्योग/व्यवसायमा निजी क्षेत्रको सहभागिता तथा लगानी वृद्धि भएको हुनेछ । ४५ लाख ७५ हजार घनफिट काठ र ६,१०० चट्टा दाउरा उत्पादन भई आपूर्ति सरल भएको हुनेछ । अवैध कटानी, आगलागी तथा चोरी शिकारको चपेटामा परेका वन जंगल तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका भू-परिधीय क्षेत्र, जैविक मार्गको संरक्षण भएको हुनेछ । संरक्षित क्षेत्रको प्रभावकारी व्यवस्थापनबाट वन, वन्यजन्तु र जैविक विविधताको दिगो संरक्षण भएको हुनेछ । चुरे संरक्षणका लागि राज्यको उच्चतम प्रतिबद्धता प्राप्त हुनुको साथै राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमले चुरेको एकीकृत संरक्षणमा उल्लेख्य योगदान पुर्‍याएको हुनेछ । ३,०६७ हेक्टर भूमिको उत्पादकत्व संरक्षण भएको हुनेछ । थप ४० वटा उच्च जोखिमका भूक्षय स्थलको उपचार भई संरक्षित भएको हुनेछ । वन सर्वेक्षण भई नक्शाङ्कन तथा भौगोलिक क्षेत्र अनुसारको वनस्रोतको आँकलन भएको हुनेछ । वनक्षेत्रसँग सम्वन्धित विषयहरूमा अध्ययन तथा अनुसन्धान गरी नयाँ प्रविधि विकास र सोको प्रचार प्रसार भएको हुनेछ ।

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ४.२.१ उद्योग

#### १. पृष्ठभूमि

कृषि क्षेत्रमा रहेको निर्भरतालाई कम गर्दै विद्यमान बेरोजगारी, अर्द्धबेरोजगारी तथा गरिबी कम गर्न औद्योगिकीकरणको भूमिका महत्त्वपूर्ण छ । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, सीप, साधन, स्रोत तथा सम्भावनाको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । औद्योगिक क्षेत्रमा निजी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्न औद्योगिक पूर्वाधार निर्माण गर्दै लैजाने, मौजुदा औद्योगिक पूर्वाधारहरूको प्रभावकारी उपयोग गर्ने, निर्यात प्रवर्द्धनमा जोड दिन विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालन गर्ने र लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनको माध्यमबाट समृद्धिको विस्तार गर्नुपर्नेछ ।

#### २. अद्यावधिक स्थिति

सरकारी-निजी साझेदारीको अवधारणा अनुरूप उद्योग र लगानी प्रवर्द्धनसँग जोडिएका समस्याहरूको समाधान गर्दै लैजाने उद्देश्यले गठन गरिएको नेपाल व्यवसाय मञ्चको संस्थागत सुदृढीकरणको कार्यले गति लिएको छ । रुग्ण उद्योग सम्बन्धमा गठित

उच्चस्तरीय कार्यदलले प्रस्तुत गरेको प्रतिवेदन कार्यान्वयनको क्रममा छ । बन्द भएका उद्योगहरूको पुनः सञ्चालन वा वैकल्पिक व्यवस्थापनका लागि पहलहरू भैरहेका छन् । औद्योगिक सुरक्षा बल गठन भएको छ ।

भैरहवामा विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । सिमेन्ट उद्योग स्थापना स्थलसम्म औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पहुँच सडक निर्माण र विद्युत प्रसारण लाइन विस्तार गर्ने कार्य भैरहेको छ । औद्योगिक व्यवसाय ऐन, २०४९ लाई औद्योगिक नीति, २०६७ अनुकूल हुने गरी परिमार्जन गर्न नयाँ औद्योगिक व्यवसाय ऐन र नियमावलीको तर्जुमा कार्य अघि बढीरहेको छ । नयाँ वैदेशिक लगानी नीति तथा ऐनको मस्यौदा तयार भएको छ । महिला उद्यमशीलता कोष सञ्चालन कार्यविधि २०६९ तथा प्रविधि विकास कोष निर्देशिका २०७० स्वीकृत हुनुका साथै ती कोषहरूमा सरकारका तर्फबाट आवश्यक रकम जम्मा भइसकेको छ । वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ लाई परिमार्जन गर्ने कार्य भैरहेको छ । बौद्धिक सम्पत्ति अधिकार नीति तयारीको क्रममा रहेको छ भने राष्ट्रिय बौद्धिक सम्पत्ति संरक्षण कार्यालय स्थापना हुने क्रममा छ । त्यस्तै, बौद्धिक सम्पत्ति विधेयकको मस्यौदा तयार गर्ने कार्य भैरहेको छ । लघु तथा साना उद्यम विकास कोष निर्देशिका २०६९ परिमार्जनसहित स्वीकृत भएको छ । विशेष आर्थिक क्षेत्र विकास समिति गठन आदेश, २०६९ जारी भएको छ । लघुउद्यम विकास कार्यक्रम क्रमशः विस्थापित गरी यसको आन्तरिकीकरण गर्ने पाँचवर्षे रणनीतिपत्र (२०७०/७१-२०७४/७५) अनुरूप गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

संक्रमणकालमा औद्योगिक सुरक्षा प्रत्याभूत गरी स्वदेशी निजी तथा वैदेशिक लगानी आकर्षित हुने वातावरण तयार गर्न नसक्नु, विद्युत आपूर्ति नहुनु, प्रतिष्ठानस्तरमा ट्रेड युनियनको संख्यासंगै अस्वस्थ प्रतिस्पर्धा बढ्दै जानु, संचालित उद्योगहरूलाई उत्पादन तथा उत्पादकत्वको दृष्टिले प्रतिस्पर्धी बनाउन नसकिनु, पूर्वाधार विकासका लागि लगानीको कमी हुनु, लगानीको वातावरण सृजना हुन नसक्नु, दक्ष जनशक्तिको कमी हुनु, वस्तुहरूको विविधीकरण गर्न नसक्नु, नयाँ प्रविधिको अबलम्बन गर्ने क्षमतामा कमी हुनु, श्रम नीति उद्योग-मैत्री हुन नसक्नु, ग्रामीण औद्योगिक पूर्वाधारको अपर्याप्तता हुनु, उद्यमीहरूको लघु वित्तसम्मको पहुँचमा कमी र बजारसँगको कमजोर अग्रसम्बन्ध आदि समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

लगानी तथा रोजगारीमुखी औद्योगिक वातावरण तयार गरी नयाँ उद्योगहरूलाई प्रोत्साहन गर्नु, मौजुदा उद्योगलाई रुग्ण हुनबाट जोगाउनु, रुग्ण उद्योगलाई पुनर्स्थापना गर्नु, विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणले सृजना गर्दै ल्याएको प्रतिस्पर्धात्मक वातावरणको सामना गर्नु, उत्पादनमा गुणस्तर कायम गर्नु, उत्पादनहरूलाई गुणस्तरीय बनाउनु, विश्व व्यापार संगठन तथा विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थामा भएको प्रवेशले सृजना गरेको दायित्व पूरा गर्नु, सूचना तथा आधुनिक सञ्चार प्रविधिको विकाससँग आत्मसात् गर्नसक्ने क्षमता अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

## ४. दीर्घकालीन सोच

बाह्य (विश्व तथा क्षेत्रीय) अर्थतन्त्रसंग प्रतिस्पर्धा गर्नसक्ने वातावरण सृजना गरी राष्ट्रमा उद्योग क्षेत्रको भूमिका वृद्धि गर्ने ।

## ५. उद्देश्य

१. उद्यमशीलता अभिवृद्धिमार्फत् अर्थतन्त्रलाई टेवा पुर्‍याउने ।

२. औद्योगिक उत्पादनलाई उच्च गुणस्तरयुक्त एवं प्रतिस्पर्धात्मक बनाइ औद्योगिक वस्तुको निर्यात बढाउने ।

३. औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्दै लैजाने ।

४. सन्तुलित क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

## ६. रणनीति

१. उद्योगहरूलाई आवश्यक साधन स्रोतमा पहुँच, ऊर्जा तथा अन्य भौतिक पूर्वाधारको व्यवस्था तथा नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।

२. स्थानीय स्रोतएवं सीपको उपयोग र बजारसँगको सम्बन्ध विस्तार गरी सन्तुलित क्षेत्रीय विकासलाई बढावा दिने गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

३. लगानी मैत्री वातावरण सृजना गर्न आवश्यक नीति तथा ऐनको परिमार्जन र तर्जुमा गरी कार्यान्वयन गर्ने ।

४. गैर आवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहन गर्ने ।

५. बौद्धिक सम्पत्तिको अधिकार संरक्षणको प्रणालीगत व्यवस्था गर्ने ।

६. पिछडिएका गरिब समूहमा उद्यमशीलता सृजना गरी लाभमूलक स्वरोजगारी सृजना गर्न जोड दिने ।

## ७. कार्यनीति

१. विशेष आर्थिक क्षेत्रलाई कार्यान्वयनमा ल्याइनेछ । (१)

२. औद्योगिक क्षेत्रहरूको व्यवस्थापनमा सुधार ल्याइनेछ । (१)

३. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ । (१)

४. एकल बिन्दु सेवा केन्द्रको स्थापना गरिनेछ । (१)

५. सीमेन्ट उद्योगसम्मको पहुँच सडक तथा विद्युत प्रसारण लाईन विस्तार कार्यलाई निरन्तरता दिइनेछ । (१)

६. उत्पादन प्रक्रियामा अग्र-पृष्ठ सम्बन्ध मजबुत बनाउन उत्पादनमूलक उद्योगहरूमा करार, करार खेती, कृषिमा आधारित उद्योगको श्रृङ्खला निर्माण एवं अन्तर्सम्बन्धित उद्योगको कारोबारजस्ता व्यवस्थापकीय विकल्पहरूको अवलम्बन गरिनेछ । (१)

७. पेट्रोलियमलगायत खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू अघि बढाइनेछन् । (१)

८. रुग्ण उद्योगलाई विशेष सहुलियत प्रदान गरी सञ्चालन गरिनेछ । (१)

९. सामुदायिक तथा सहकारी संस्थाको अग्रसरतामा लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिनेछ । (२)

१०. गरिबका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकायहरूको समन्वय तथा क्षमता विकास गर्दै लगिनेछ । (२)

११. उपयुक्त प्रविधिको पहुँच तथा मूल्य शृङ्खला सम्बन्ध विकासको आधारमा लक्षित समूहका लघुउद्यमको स्तर वृद्धि गरिनेछ । (२)

१२. लघुउद्यम, घरेलु तथा साना उद्योग कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ । (२)

१३. एक गाउँ एक उत्पादनसम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ । (२)

१४. रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाउन कामदारहरूको सामाजिक सुरक्षासम्बन्धी विश्वव्यापी अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ । (३)

१५. आफ्नै प्रयासमा वातावरण मैत्री प्रविधि एवं ऊर्जा बचत गर्ने उद्योगहरूलाई प्राविधिक आर्थिक सहयोग पुऱ्याइनेछ। (३)

१६. निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु उद्यम विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष, महिला उद्यमी विकास कोष र गैर व्यावसायिक/गैर व्यापारिक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको स्थापना तथा सञ्चालन गरिनेछ । (३)

१७. गैर आवासीय नेपाली र नेपालीमूलका विदेशीले नेपालमा गरेको लगानीलाई विदेशी लगानी सरहको व्यवहार एवं सुविधा उपलब्ध गराइनेछ । (४)

१८. बौद्धिक सम्पत्तिको व्यवस्थित लेखाजोखा गरी अभिलेखबद्ध गर्दै संरक्षण र सम्वर्द्धन गर्न औद्योगिक बौद्धिक सम्पत्ति कार्यालय स्थापना र सञ्चालन गरिनेछ । (५)

१९. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ । (६)

२०. उत्पादनशील स्वरोजगारी सृजनाका लागि पिछडिएका गरिब लक्षित समूहका लागि प्रशिक्षण तथा आर्थिक टेवा दिन विशेष कोष खडा गरिनेछ । (६)

२१. निकासीजन्य वस्तुहरूको गुणस्तर परीक्षणका लागि गुणस्तर तथा नापतौल विभागको प्रयोगशालालाई स्तरोन्नति गरिनेछ । (६)

### ८. प्रमुख कार्यक्रमहरु

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र विकास तथा सञ्चालन, निर्माणाधीन उद्योगसम्म विद्युत प्रसारण लाईन विस्तार, खानीस्थल पहुँच सडक), घरेलु तथा साना उद्योग विकास कार्यक्रम र नेपाल व्यापार एकीकृत रणनीति २०१० (उद्योग कार्यक्रम) लाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गरिनेछ । त्यस्तै औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम, वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (ऊर्जा कार्यक्रम समेत), खनिज अन्वेषण तथा विकास कार्यक्रम, भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान र पेट्रोलियम अन्वेषण परियोजना जस्ता कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

### ९. अपेक्षित उपलब्धि

उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुने, औद्योगिक क्षेत्रमा वार्षिक ५० हजारका दरले १ लाख ५० हजार रोजगारी सृजना भएको हुने, आधुनिक प्रविधिको अधिकतम प्रयोगसँगै गुणस्तरीय वस्तुहरू उत्पादनद्वारा निर्यात बढ्न गई व्यापार घाटा कम भएको हुने तथा औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन भएको हुनेछ ।

## ४.२.२ वाणिज्य

### १. पृष्ठभूमि

नेपालको विश्व व्यापार सङ्गठनमा प्रवेश, दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौता र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहायता सम्बन्धी बंगालको खाडीको पहल लगायतका क्षेत्रीय व्यापार प्रणालीसँगको आबद्धता, द्विपक्षीय व्यापार क्षेत्रको विस्तार एवं व्यापार सहजीकरणमार्फत् प्रतिस्पर्धात्मक क्षमता र तुलनात्मक लाभको खोजी, आन्तरिक उत्पादन अभिवृद्धि, बजार तथा वस्तु विविधीकरण तथा व्यापार सन्तुलन कायम राख्ने प्रयास भइरहेको छ । सोहीअनुरूप वाणिज्य नीति, २०६५ का साथै नेपाल व्यापार एकीकृत रणनीति, २०१० तयार गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाल व्यापार एकीकृत रणनीति, २०१० ले पहिचान गरेका वस्तुहरूको उत्पादन वृद्धि, मूल्य अभिवृद्धिका साथै निर्यात प्रवर्द्धनका कार्यक्रमहरू सरकारी तथा निजी क्षेत्र समेतको समन्वयमा सञ्चालनमा रहेका छन् । वस्तु व्यापारका अतिरिक्त सेवा क्षेत्रको उदारीकरणका कारण प्रत्यक्ष वैदेशिक लगानी आकर्षित भई यसबाट आय तथा रोजगारीका अवसरहरूमा पनि वृद्धि हुने आधार तयार भएको छ । विश्व व्यापार संगठनको सदस्यता प्राप्तिसँगै एकातिर मुलुकले खुला र विशाल अन्तर्राष्ट्रिय बजारमा सहज पहुँचको अवसर प्राप्त गरेको छ भने अर्कातिर सो संगठनले अतिकम विकसित राष्ट्रको व्यापार क्षमता अभिवृद्धिका लागि उपलब्ध गराउने आर्थिक तथा प्राविधिक सहायताबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारलाई सुदृढ

बनाउने महत्त्वपूर्ण अवसरबाट पनि लाभान्वित हुने परिस्थिति सृजना भएको छ । यस्ता प्रयास तथा अवसरहरूका बावजुद पनि अन्तर्राष्ट्रिय व्यापार घाटा विकराल रूपमा बढिरहेको स्थितिमा सुधार गरी यसलाई न्यूनीकरण गर्न विशेष ध्यान केन्द्रित गर्ने गरी यस योजना तर्जुमा भएको छ ।

## २. अद्यावधिक स्थिति

नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका १९ वटा वस्तु र सेवाहरूको उत्पादन वृद्धि, मूल्य अभिवृद्धि साथै निर्यात प्रवर्द्धनका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सरकारी तथा निजी क्षेत्र समेतको समन्वयमा सम्पन्न भएका छन् । विश्व व्यापार संगठनको अल्प विकसित राष्ट्रको हैसियतले पूरा गर्नुपर्ने व्यापार नीति समीक्षाको कार्य सम्पन्न गरिएको छ । विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूको व्यापार नीति तथा अभ्यासको आवधिक रूपमा समीक्षा तथा पुनरवलोकन गरी तिनबाट द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सञ्चालनमा परेको प्रभावलाई आंकलन र विश्लेषण गर्ने कार्य सम्पन्न भएको छ । विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दा नेपालले गरेका प्रतिवद्धताहरू पूरा गर्ने क्रममा वाणिज्य क्षेत्रसंग सम्बन्धित विभिन्न नीति, ऐन, नियमावली एवं संरचनाहरू व्यापार मैत्री बनाउने क्रम जारी छ । नेपाल र संयुक्त राज्य अमेरिकाबीच व्यापार तथा लगानी सम्झौता सम्पन्न भई कार्य अगाडि बढीरहेको छ । नेपाल चीन सीमा क्षेत्रको तातोपानी भन्सार नाकास्थित सुख्खा बन्दरगाह निर्माण कार्य सुरु भएको छ ।

वाणिज्य नीति, २०६५ ले वाणिज्य क्षेत्रको समग्र विकासका लागि विस्तृत नीति तथा कार्यक्रमहरू अघि सारेको छ । सो नीतिले विशेष केन्द्रित क्षेत्र र जोड दिइएको क्षेत्र अन्तर्गत गरी झण्डै डेढ दर्जन जति वस्तुलाई निर्यात सम्भाव्य वस्तुका रूपमा पहिचान गरी तिनको प्रवर्द्धनमा जोड दिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

शान्ति सुरक्षाको कमजोर अवस्था, औद्योगिक असुरक्षा, बन्द हडताल,असहज श्रम सम्बन्ध र ऊर्जाको न्यून उपलब्धताका कारण लगानी एवं व्यापार-मैत्री वातावरण सृजना हुन नसक्नु, निकासीजन्य उद्योगहरूलाई उत्पादनमूलक अन्य आर्थिक क्षेत्रहरू (कृषि, वन, पर्यटन आदि) सँग एकीकृत गर्न नसक्नु, अधिकांश निर्यातयोग्य वस्तुहरू आयातित कच्चा पदार्थमा आधारित हुनु, निकासीलाई टेवा पुग्ने गरी पर्याप्त मात्रामा भौतिक पूर्वाधारको विकास हुन नसक्नु एवं भएका पूर्वाधारहरू पनि पूर्ण उपयोगमा आउन नसक्नु, प्रमुख निकासीजन्य उत्पादनहरूको निश्चित मापदण्ड अनुसारको गुणस्तर कायम हुन नसक्नु, निकासी प्रवर्द्धनका लागि थप विशेष वस्तु र विशेष बजारको पहिचान गर्न नसक्नु, सीमित वस्तु तथा बजारमा नेपाली उत्पादन केन्द्रित हुनु, सेवा व्यापार र बौद्धिक सम्पत्ति व्यापार प्रवर्द्धनमा विभिन्न नीतिगत र संस्थागत कमजोरी रहनु, कृषि तथा वनस्पतिजन्य वस्तुहरूको निर्यात कम हुनु आदि व्यापार क्षेत्रका मूलभूत समस्याहरू हुन् । कूटनीतिक नियोगहरूलाई निर्यात प्रवर्द्धन गर्न प्रभावकारी रूपमा परिचालन गर्न नसकिएको एवं आन्तरिक व्यापार प्रवर्द्धन कार्य प्रभावकारी हुन नीतिगत र संरचनात्मक व्यवस्था तथा समन्वयमा कठिनाई रहेको छ ।

क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापार प्रणालीको आबद्धतावाट सिर्जित व्यापार उदारीकरणको दायित्व पूरा गर्न आवश्यक नीतिगत, कानुनी र संरचनागत सुधारका कार्यहरू निर्धारित समयमै पूरा गर्ने, निकासीजन्य उत्पादनमा निश्चित गुणस्तर कायम गर्दै अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको साख गिर्न नदिई विश्वसनीयता आर्जन गर्ने, तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका निकासीयोग्य उत्पादनहरूको अग्र र पृष्ठ सम्बन्ध सुदृढ गर्दै त्यस्ता वस्तुको विकास र विविधीकरण गरी नेपाली उत्पादनलाई विश्व बजारमा स्थापित गर्ने, छिमेकी मुलुकहरूसँग कारोवार लागत घटाई निकासी प्रवर्द्धन गर्न भौतिक एवं व्यापारसम्बन्धी पूर्वाधारको विकास गर्ने तथा द्विपक्षीय र बहुपक्षीय व्यापारमा नेपालको हित अधिकतम कायम हुने गरी वार्ता गर्ने क्षमता विकास गर्ने र समग्रमा निरन्तरताको बढ्दो अन्तर्राष्ट्रिय व्यापार घाटालाई कम गर्दै लैजाने विषयहरू चुनौतीका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

विश्वव्यापीकरणबाट सिर्जित अवसरको उपयोग र चुनौतीहरूलाई उचित सम्बोधन गर्दै प्रतिस्पर्धात्मक वाणिज्य क्षेत्रको विकास गर्ने ।

### ५. उद्देश्य

१. आन्तरिक ब्यापार तथा अन्तर्राष्ट्रिय निर्यात व्यापार प्रवर्द्धन गर्ने ।

२. तुलनात्मक लाभका वस्तु तथा सेवाको मूल्य र गुणस्तरलाई प्रतिस्पर्धी बनाइ व्यापार घाटा कम गर्ने ।

३. स्थानीय कच्चा पदार्थ, स्रोत, साधन र सीप बढी प्रयोग हुने वस्तुको निकासी प्रवर्द्धनमार्फत् प्राप्त हुने लाभलाई ग्रामीण तहसम्म विस्तार गर्ने ।

### ६. रणनीति

१. व्यापारलाई राष्ट्रिय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न क्षेत्रगत नीतिहरूको तर्जुमा र कार्यान्वयन गर्दा व्यापार क्षेत्रको विकासका लागि सहयोग पुग्ने गरी समन्वयात्मक रूपमा कार्य गर्ने ।

२. वाणिज्य क्षेत्रको विकासमा सरकारी, सहकारी तथा निजी क्षेत्रको सहभागितालाई प्रवर्द्धन गर्ने ।

३. निरपेक्ष लाभ, तुलनात्मक र प्रतिस्पर्धी लाभ भएका वस्तु तथा सेवाको विकास र प्रवर्द्धन गर्ने ।

४. वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यात हुने वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी मूल्य अभिवृद्धिर मूल्य शृङ्खला व्यवस्थापनमा उच्च जोड दिँदै निर्यात प्रवर्द्धन गर्ने ।

५. आर्थिक कूटनीतिमार्फत् व्यापारका लागि सहायताको परिचालन गरी व्यापार सहजीकरण, व्यापार पूर्वाधार सुदृढीकरण तथा व्यापार क्षमता विस्तार गर्ने ।

**७. कार्यनीति**

- सेवा व्यापारको प्रवर्द्धन गरी निर्यात क्षमता अभिवृद्धिबाट अधिकतम लाभ हासिल गर्न अन्तरमन्त्रालय समन्वय सुदृढीकरण गरिनेछ । (१)
- प्रक्रियागत सरलीकरण र संस्थागत सुधारमार्फत् व्यापारको कारोबार लागत घटाउन विशेष जोड दिइनेछ। (१)
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई व्यापारसम्बन्धी अध्ययन, अनुसन्धान, निकासी प्रवर्द्धन, वस्तु विकास र जनशक्ति विकाससम्बन्धी कार्य गर्ने गरी स्वायत्त संस्थाको रूपमा व्यापार प्रवर्द्धन प्रतिष्ठानको रूपमा विकास गर्ने कार्य प्राथमिकतासाथ अगाडि बढाइनेछ । (१)
- औद्योगिक एवं वैदेशिक व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले निजी क्षेत्रसँगको सहभागितामा एउटा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गरिनेछ । (२)
- आयात एवं निर्यातयोग्य वस्तुहरूको ढुवानी बन्द कन्टेनरमा गर्ने व्यवस्था मिलाइनेछ । (२)
- व्यापारसँग सम्बन्धित विभिन्न निकायहरूबीच प्रभावकारी समन्वय गर्दै व्यापारका समकालीन मुद्दाहरूमा अनुसन्धान तथा विकासमा जोड दिइनेछ । (२)
- परम्परागत सीप र कौशल भएका वस्तु तथा सेवाको उत्पादनलाई संरक्षण र प्रवर्द्धन गरिनेछ । (३)
- प्रतिस्पर्धा प्रवर्द्धनसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवं अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ । (३)
- देशमा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधिजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइनेछ । (३)
- पहिचान भइसकेका सेवा क्षेत्रको विकास र विस्तार गरी सेवा व्यापारलाई वाणिज्य क्षेत्रको अभिन्न अङ्गको रूपमा विस्तार गरिनेछ । (४)
- निर्यात व्यापार अभिवृद्धि गर्न निरपेक्ष, तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका निर्यातजन्य वस्तु तथा सेवाहरूलाई प्रोत्साहन, सुविधा तथा सहुलियत प्रदान गरिनेछ । (४)
- तेस्रो मुलुकमा निर्यात गरी आर्जन हुने विदेशी मुद्रामा दिइदै आएको नगद प्रोत्साहन लगायत सरकारबाट उपलब्ध हुने सेवा सुविधामा सुधार गरी निर्यात प्रवर्द्धनमा निजी क्षेत्रको भूमिकालाई थप प्रभावकारी बनाइनेछ । (४)

- वाणिज्य नीति र नेपाल व्यापार एकीकृत रणनीतिले पहिचान गरेका निर्यातजन्य वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउँदै निर्यात अभिवृद्धि गर्न ती वस्तुको उत्पादकत्व वृद्धि र मूल्य अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । (४)

- वाणिज्य नीति, २०६५ र नेपाल व्यापार एकीकृत रणनीति–२०१० मा सम सामयिक सुधार गरिनेछ । (४)

- अन्तर्राष्ट्रिय बजारमा स्थापित नेपाली वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गर्दै अधिकतम लाभ हासिल गर्न थप बजार विस्तार र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । (४)

- अन्तर्राष्ट्रिय व्यापारिक नाकाहरूसम्मको व्यापारिक आवागमनलाई सहज बनाइ आयात निर्यातलाई सहजीकरण गर्न सीमाक्षेत्रमा भौतिक तथा संस्थागत पूर्वाधारहरूको विकास तथा भैरहेका पूर्वाधारहरूको सुधार गरिनेछ । (४)

- व्यापारका लागि सहयोगको प्रभावकारी परिचालन र कार्यान्वयनका लागि व्यापार क्षेत्रमा क्षेत्रगत अवधारणको अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ । (४)

- नेपालका विदेशस्थित कूटनीतिक नियोगलाई व्यापार प्रवर्द्धन गर्न थप क्रियाशील बनाइनेछ । (५)

**८. प्रमुख कार्यक्रमहरु**

- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट व्यापारसम्बन्धी सूचना, तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन, स्वदेशी तथा विदेशी क्रेता विक्रेताको व्यापारिक मेला, गोष्ठी र वस्तु विकास तथा तालिम सञ्चालन गर्ने, वैदेशिक व्यापार सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने कार्यहरू सञ्चालन गरिनेछ । साथै व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको भूमिकालाई निर्यात प्रवर्द्धन तथा वाणिज्यसम्बन्धी अध्ययन अनुसन्धानमा थप क्रियाशील बनाइनेछ ।

- व्यापार, सूचना तथा निर्यात सहयोग आयोजना अन्तर्गत निकासी वृद्धि गर्न बस्तु विकास, गुणस्तर सुधार र उत्पादन वृद्धिका लागि निजी क्षेत्र समेतको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने ।

- नेपाल व्यापार एकीकृत रणनीति कार्यान्वयनको अन्तर मन्त्रालय समन्वय गर्ने । नेपाली वस्तु र सेवाहरूको विश्वव्यापी ब्राण्डिङ्ग, ट्रेडमार्क र भौगोलिक परिचायक (geographical indications) स्थापित गरी तिनको विशेष प्रवर्द्धन गरिने ।

- तातोपानी भन्सार निरीक्षण स्टेशन कार्यक्रम अन्तर्गत आन्तरिक कन्टेनर डिपो निर्माण तथा सञ्चालन गर्नुका साथै आयात/निर्यात लागत र समय घटाउने ।

- नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत भैरहवा र वीरगञ्ज आन्तरिक कन्टेनर डिपो स्तरोन्नति, व्यापारिक पोर्टल र एकद्वार प्रणाली कार्यान्वयन,

मुग्लिन नारायणघाट सडक स्तरोन्नति र काठमाण्डौमा कन्टेनर फ्रेट स्टेशन निर्माण गर्ने ।

### ९. अपेक्षित उपलब्धि

योजना अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ उत्पादनसँग वस्तु निकासीको अनुपात ६ प्रतिशत र वस्तु तथा सेवा निकासीको अनुपात १२ प्रतिशत पुगेको हुने, साथै व्यापार घाटा कूल गार्हस्थ उत्पादनको २० प्रतिशतमा झरेको हुने, नेपाल एकीकृत व्यापार रणनीतिले पहिचान गरेका निर्यातयोग्य वस्तुहरूको निर्यात कम्तीमा एक अर्व पुगेको हुने ।

## ४.२.३ आपूर्ति

### १. पृष्ठभूमि

जनतालाई दैनिक अत्यावश्यकीय वस्तु तथा सेवाहरू उचित, गुणस्तर र प्रतिस्पर्धी मूल्यमा भरपर्दो तरिकाले उपलब्ध गराउन, उपभोक्ता हित संरक्षण गर्न, बजारमा वस्तु तथा सेवाको कृत्रिम अभाव, अस्वाभाविक मूल्य वृद्धि, कार्टेलिङ्ग आदि हुन नदिन सरकारको समन्वयकर्ता, सहजकर्ता अनुगमनकर्ताको भूमिका रहेको छ । वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग र जिल्ला अनुगमन समितिमार्फत् समन्वयात्मक ढङ्गबाट बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको छ। यातायातको पहुँच भएका सुगम जिल्लाहरूमा बजार संयन्त्रमार्फत् आवश्यक वस्तु तथा सेवाहरू आपूर्ति भइरहेको छ भने उच्च हिमाली, पहाडी तथा दुर्गम जिल्लाहरूमा नेपाल सरकारले ढुवानी अनुदान दिएर खाद्यान्न, नूनलगायत अत्यावश्यक वस्तुहरू आपूर्ति गर्दै आएको छ ।

बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौता र बजार विस्तारका क्रममा उपभोक्ताको छनोटको अवसर थप फराकिलो बनेको छ । सरकारी, सहकारी/सामुदायिक र निजी क्षेत्रको समन्वय र सहकार्यमा आपूर्ति व्यवस्थालाई चुस्त, उत्तरदायी, प्रभावकारी, भरपर्दो र सहज बनाउने राम्रो अवसर प्राप्त भएको छ। उपभोक्तामा बढेको चेतना र सूचनाको सहज पहुँचको कारणबाट वस्तु तथा सेवा छनौटको तरिका, प्राप्ति र भुक्तानीको माध्यममा सरलता आएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले जनताको खाद्यसम्प्रभुताको हक स्थापित गरेको छ । खासगरी सूचना प्रविधिको क्षेत्रमा आएको आमूल परिवर्तनले उपभोक्ताहरूको स्वास्थ्यसम्बन्धी चेतनामा वृद्धि भएको छ । आपूर्ति व्यवस्थालाई सहज, प्रभावकारी र विश्वसनीय बनाउन नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको क्रमलाई तीव्रता दिईएको छ।

### २. अद्यावधिक स्थिति

जनतालाई सहज रूपमा खाद्यान्न लगायत अन्य अत्यावश्यक वस्तुको आपूर्ति गर्न नेपाल सरकारले विभिन्न नीतिगत, संस्थागत र प्रक्रियागत व्यवस्थाहरू गरेको छ । नीतिगत सुधारतर्फ उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ लाई संशोधन गर्ने प्रक्रिया सुरु गरिएको छ। सार्वजनिक वितरण प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउने उद्देश्यले एकीकृत सेवा केन्द्र सञ्चालन निर्देशिका, २०६५ जारी गरिएको छ।

प्रतिस्पर्धा प्रवर्द्धन नियमावली, २०६६ कार्यान्वयनमा ल्याइएको छ साथै आपूर्ति नीति, २०६९ जारी भएको छ । उपभोक्ता हित संरक्षण नीतिको मस्यौदा तयारी भएको छ । त्यसैगरी बजार अनुगमन मार्फत् वस्तु तथा सेवाको गुणस्तरीयता र मूल्य एवं आपूर्ति व्यवस्थित गर्न संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ जारी भएको छ । वाणिज्य तथा आपूर्ति क्षेत्रमा गर्नुपर्ने सुधार सम्बन्धमा श्वेतपत्र, २०६८ जारी भइ सोही बमोजिम कार्य अघि बढाइएको छ । विगत केही वर्षयता मुलुकमा देखा पर्न थालेको खाद्यान्नको न्यून आपूर्ति तथा उच्च मूल्यवृद्धिलाई विचार गरी देशमा अत्यावश्यक उपभोग्य वस्तुको अभाव हुन नदिन केही खाद्यवस्तुको निकासीमा प्रतिबन्ध लगाइएको छ ।

संस्थागत सुधारतर्फ आपूर्ति व्यवस्थापन, बजार अनुगमन एवं उपभोक्ता हित संरक्षणलाई प्रभावकारी बनाउन विद्यमान वाणिज्य विभागलाई पुनःसंरचना गरी वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग गठन गरिएको छ । विभिन्न जिल्लाहरूमा बजार अनुगमन गर्न बजार निरीक्षण अधिकृत नियुक्त गर्ने प्रक्रिया थालनी भएको छ । पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि विभिन्न स्थानहरूमा नयाँ डिपोहरू निर्माण गर्ने र मौजुदा डिपोहरूको मर्मत संभार र स्तरोन्नति गर्ने कार्य अगाडि बढाइएको छ । रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइप लाइन निर्माणको सम्भाव्यता अध्ययन कार्य पूरा भएको छ । खाद्यान्न तथा नुन ढुवानी गरिँदै आएका जिल्लाहरूलाई यातायातको पहुँच लगायत विभिन्न सूचकहरूका आधारमा क्रमशः विस्थापित गर्ने सम्बन्धमा अध्ययन भइरहेको छ ।

विश्व खाद्य कार्यक्रमलगायत बहुपक्षीय तथा क्षेत्रीय विकास साझेदारहरूले खाद्य सुरक्षा चासो र सहयोग बढाएका छन् । उपभोक्ता, अधिकारकर्मी, संघ संस्था र सामुदायिक क्षेत्र तथा नागरिक समाज समेत वस्तुको मूल्य, गुणस्तर तथा उपलब्धता प्रति सचेत भएका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

सरकारी, निजी र सामुदायिक क्षेत्रसमेतको विभिन्न प्रयासहरूको वावजुद पनि उपभोग्य वस्तु तथा सेवाको आपूर्ति प्रणाली अपेक्षाअनुरूप सुदृढ र प्रभावकारी हुन नसकेको, कृषि भूमिमा अव्यवस्थित शहरीकरण, व्यावसायिक र वैज्ञानिक कृषि प्रणाली अपनाउन नसकिएको, सिंचाइ, बीउबिजन, कृषि सामग्री आदिको अपर्याप्तता, वैदेशिक रोजगारीको कारण कृषि क्षेत्रमा श्रमिकको कमी रहेको लगायतका कारणले नेपालको खाद्यान्न उत्पादन र उत्पादकत्वमा कमी आउनु प्रमुख समस्याका रूपमा रहेको छ । कृत्रिम अभाव सृजना गरी अस्वाभाविक मूल्यवृद्धि एवं कार्टेलिङ गर्ने प्रवृत्तिमा अपेक्षानुरूप नियन्त्रण एवं सुधार हुन नसक्नु, वस्तु तथा सेवा आपूर्ति व्यवस्था, गुणस्तर र मूल्यको नियमित र प्रभावकारी अनुगमन हुन नसक्नु, कर्णालीलगायत दुर्गम जिल्लाहरूमा ढुवानी अनुदानमा खाद्यान्न उपलब्ध गराइँदै आएको भए तापनि यसले अभावग्रस्त सबै क्षेत्र र जनतालाई समेट्न नसक्नुजस्ता समस्याहरू अझै रहेका छन् । विश्व खाद्य कार्यक्रमलगायत बहुपक्षीय तथा क्षेत्रीय विकास साझेदारहरूले खाद्य सुरक्षा कार्यक्रममा चासो र सहयोग बढाएका भए पनि एकीकृत आपूर्ति र वितरण प्रणाली नहुनु, दुर्गम क्षेत्रमा दिइने ढुवानी अनुदान पुनरवलोकन नहुनु, पेट्रोलियम पदार्थको आपूर्ति सहज र नियमित नहुनु यस क्षेत्रका प्रमुख चुनौतीका रूपमा रहेको छ ।

## ४. दीर्घकालीन सोच

मुलुकभर गुणस्तरयुक्त वस्तु तथा सेवाहरू सहज र सर्वसुलभ ढङ्गले आपूर्ति हुने वातावरण मिलाउने र उपभोक्ताको हक हितको संरक्षण गर्ने ।

## ५. उद्देश्य

१. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहजरूपमा आपूर्ति हुने व्यवस्था मिलाउने र सर्वसाधारण उपभोक्ताको हित संरक्षण गर्ने ।

२. कृत्रिम अभाव, कालोबजारी र अस्वाभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्ने ।

## ६. रणनीति

१. कृत्रिम अभाव तथा कालो बजारी र अस्वाभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्न नियमित बजार अनुगमन गरी आवश्यकतानुसार बजार हस्तक्षेप गर्ने ।

२. दुर्गम, हिमाली र पहाडी क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्था मिलाउन सहुलियतपूर्ण पसलहरूको व्यवस्थालगायत अन्य व्यवस्था गर्न विभिन्न निकायहरूबीचमा प्रभावकारी सञ्जाल र समन्वय सुदृढ गर्ने ।

३. स्थानीयस्तरमा खाद्यान्न आपूर्ति बढाउन उत्पादन वृद्धि तथा व्यावसायिक खेती सञ्चालनसम्बन्धी कार्यक्रम विस्तार गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

४. खाद्य सुरक्षाको प्रत्याभूति बढाउन संस्थागत सुधार, खाद्य भण्डारण तथा उत्पादन वृद्धिसम्बन्धी कार्यलाई विशेष रूपमा अघि बढाउने ।

५. पेट्रोलियम पदार्थको सहज आपूर्तिको व्यवस्था मिलाइने ।

## ७. कार्यनीति

१. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहजरूपमा आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्न आपूर्ति नीति, २०६९ को कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । साथै, आन्तरिक व्यापार नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

२. संयुक्त बजार अनुगमन तथा निरीक्षण कार्यलाई सघनतासाथ सञ्चालन गरिनेछ । (१)

३. निरीक्षण अधिकृतलाई अनुगमन स्थलमा नै कार्वाही गर्ने  अधिकारका लागि कानुनी व्यवस्था मिलाइनेछ । (१)

४. उपभोक्ताको हकहितलाई थप सुनिश्चित तुल्याउन उपभोक्ता इजलासको व्यवस्था गर्ने प्रक्रिया अघि बढाइनेछ । (१)

५. अत्यावश्यक उपभोग्य वस्तुको मूल्यमा हुने अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न बजार सिद्धान्त प्रतिकूल नहुने गरी विशेष परिस्थितिमा आधारमूल्य तोक्नेतर्फ आवश्यक कदम चालिनेछ । (१)

६. प्रमुख उपभोग्य वस्तुको मूल्यसूची नियमित रूपमा प्रकाशित हुने व्यवस्था वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट मिलाइनेछ । (१)

७. उपभोक्ता जागरण कार्यक्रमलाई देशभर अभियानको रूपमा सञ्चालन गरिनेछ । (१)

८. चामल, दाल, गहुँ, पिठो, तेल, नूनलगायत अत्यावश्यक उपभोग्य वस्तुको सहज र नियमित आपूर्ति सुनिश्चित गर्न विशेष जोड दिइनेछ । (२)

९. दुर्गम क्षेत्र लगायत देशभर गुणस्तरीय र आयोडिनयुक्त नूनको आपूर्तिलाई सुनिश्चित तुल्याउन नियमित ढुवानी, भण्डारण र अनुगमनको व्यवस्था मिलाइनेछ । (२)

१०. विगतमा दुर्गम क्षेत्र भनी वर्गीकृत जिल्ला तथा क्षेत्रलाई सडक यातायात, विद्युत तथा सञ्चार सेवा र अन्य पूर्वाधार सेवाको पहुँच एवं उपलब्धताको आधारमा पुनरवलोकन गरी विकट क्षेत्रमामात्र खाद्यान्न तथा नून ढुवानीमा सरकारी अनुदान केन्द्रित गर्दै लगिनेछ । (२)

११. गरिबीको रेखामुनि रहेका दुर्गम तथा खाद्य न्यूनता भएका जिल्लाका जनतालाई तोकिएबमोजिम सहुलियत दरमा खाद्यान्न उपलब्ध गराइनेछ । (२)

१२. दुर्गम क्षेत्रमा स्थानीय खाद्य उत्पादन प्रवर्द्धन गरी खाद्यान्नमाथिको परनिर्भरता हटाउन कृषि विकास मन्त्रालयमार्फत् विशेष कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र सहयोग गरिनेछ । (३)

१३. दुर्गम क्षेत्रमा स्थानीय उत्पादन नै उपभोग गर्ने बानीको विकास गर्न खाद्य आहार परिवर्तनसम्बन्धी जनचेतनामूलक कार्यक्रम खाद्यान्न आदानप्रदान कार्यक्रमलाई निजी एवं सरकारी क्षेत्रसमेतको सहभागितामा सञ्चालन गरिनेछ । (३)

१४. आधुनिक गोदाम घर निर्माण, मर्मतसम्भार गरी खाद्य भण्डारण क्षमता अभिवृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न विशेष जोड दिइनेछ । साथै, छिट्टै बिग्रने वस्तुका सम्बन्धमा उपलब्धताको आधारमा कृषि विकास मन्त्रालय, निजी क्षेत्रसँग समन्वय गरी शीत भण्डारहरू स्थापना गरिनेछ । (४)

१५. नेपाल आयल निगमको परम्परागत संरचनामा सुधार गरी यसको कार्यलाई समयसापेक्ष, जवाफदेही र प्रभावकारी बनाईनेछ । (५)

१६. पेट्रोलियम पदार्थको मूल्य निर्धारणमा अन्तर्राष्ट्रिय परल/खरिद मूल्यसँग स्वतः समायोजन गर्ने प्रणालीको विकास र सोको प्रभावकारी कार्यान्वयन गरिनेछ । (५)

१७. नेपालमा विद्यमान ऊर्जा संकटले पेट्रोलियम पदार्थको खपतमा भएको वृद्धिलाई व्यवस्थित तथा आपूर्तिमा सहजता अभिवृद्धि गर्न पहिलो चरणमा रक्सौल-अम्लेखगञ्ज खण्डमा पेट्रोलियम पदार्थको पाइपलाइन निर्माण अघि बढाइनेछ । (५)

१८. अन्तर्राष्ट्रिय स्तरमा पेट्रोलियम पदार्थ र एल.पि. ग्याँसको मूल्यमा घटबढ भएको अवस्थामा पेट्रोलियम पदार्थको मूल्यलाई स्थिर राखी आपूर्ति व्यवस्था सहज बनाइ राख्न उपयुक्त व्यवस्था गरिनेछ । (५)

१९. नेपालका चिनी उद्योगबाट उत्पादन हुने इथानोल पेट्रोलियम पदार्थमा मिसावट गरी विक्री वितरणमा ल्याउने सम्बन्धमा संभाव्यता अध्ययन गरिनेछ । (५)

२०. नेपाल आयल निगमको हालको मौज्दात क्षमता अभिवृद्धि गर्न निगम अन्तर्गतको थानकोट, पोखरा र भैरहवामा पेट्रोलको मौज्दात क्षमता वृद्धि गरिनेछ । (५)

### ८. प्रमुख कार्यक्रमहरु

योजना अवधिमा नेपाल खाद्य संस्थान अन्तर्गत खाद्यान्न ढुवानी अनुदान, साल्ट ट्रेडिङ्ग अन्तर्गत कण्ठरोग नियन्त्रण कार्यक्रम **र** वाणिज्य विभाग अन्तर्गत उपभोक्ता हीत संरक्षणका लागि बजार अनुगमन कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

### ९. अपेक्षित उपलब्धि

दुर्गम क्षेत्रमा कम्तिमा ४५ हजार मे.टन (प्रत्येक वर्ष न्यूनतम १५ हजार मे.टन) खाद्यान्न र १ लाख ५० हजार क्विन्टल  (प्रति वर्ष न्यूनतम ५० हजार क्विन्टल) आयोडिनयुक्त नून ढुवानी भएको हुने, खाद्यान्न ढुवानी अनुदान दिने जिल्लाहरूको सङ्ख्या पुनवरालोकन भई कार्यान्वयन भएको हुने, राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५,००० मे.टन तथा सार्क खाद्य सुरक्षा बैंकको प्रतिबद्धताबमोजिम ८,००० मे.टन खाद्यान्न सुरक्षित भएको हुनेछ ।

## ४.२.४ पर्यटन

### १. पृष्ठभूमि

भू-बनोटका कारणले सिर्जित विश्वकै अद्बितीय प्राकृतिक तथा जैविक सम्पदाहरू र ऐतिहासिक, धार्मिक, सास्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रवर्द्धनबाट पर्यटन क्षेत्रको विकास र विस्तार गरी प्राप्त प्रतिफललाई न्यायोचित तरिकाले ग्रामीण तहसम्म पुऱ्याउनको लागि पर्यटन क्षेत्रको विविधीकरण र विस्तार गरिनु पर्दछ । यसका लागि नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान तथा पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधारको रूपमा विकास गर्दै आमनागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य छ ।

## २. अद्यावधिक स्थिति

पर्यटन पूर्वाधार, पर्यटन प्रवर्द्धन र पर्यटकीय गतिविधिहरूको विविधिकरण तथा विस्तार गर्ने नीति लिइए अनुसार मुलुकका विभिन्न क्षेत्रहरूमा पर्यटन पूर्वाधार निर्माणका कार्यहरू भैरहेका छन् । पर्यटकीय मेला, उत्सव, महोत्सव मार्फत् आन्तरिक पर्यटन प्रर्वद्धन गरिनुका साथै पर्यटनलाई ग्रामीण स्तरसम्म पुऱ्याउन होमस्टे कार्यक्रम मार्फत् जनचेतना, क्षमता अभिवृद्धि र तालिमहरू प्रदान गरिएको थियो । विश्व पर्यटन क्षेत्रको पुनःस्थापना र मुलुकभित्रैको बढ्दो पर्यटन मैत्री वातावरणले गत आवधिक योजना अवधिमा २२.१ प्रतिशतले पर्यटक आगमनमा वृद्धि भै कूल वार्षिक पर्यटक आगमन संख्या करिब ८ लाख पुग्न गएको छ ।

मुलुकको पर्यटकीय सम्भावनाहरूलाई उजागर गर्न र संतुलित रूपमा पर्यटकीय सम्पदाहरूको पहिचान, विकास र प्रवर्द्धन गर्न ७५ वटै जिल्लाहरू समेट्ने गरी १८ वटा पर्यटकीय क्षेत्रहरू घोषणा गरी पुर्वाधार विकास र प्रर्वद्धनात्मक कार्यहरू अघि बढाइएको छ । पर्यटकलाई स्वस्थ मनोरन्जन उपलब्ध गराउने उद्देश्यका साथ सञ्चालनमा रहेका क्यासिनोलाई व्यवस्थित तथा मर्यादित रूपले सञ्चालन गर्न नियमावली कार्यान्वयनमा रहेको छ । पर्यटकीय उपजको विविधीकरण र विस्तार गर्न शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन तथा कृषि पर्यटन प्रर्वद्धनसम्बन्धी अध्ययन अवलोकन लगायत विविध कार्यक्रमहरू सञ्चालन भएका छन् । पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत नयां गन्तव्य स्थलहरू सम्मको पदयात्रा मार्ग निर्माण सुधार, यात्रु निवास निर्माण, पर्यटक सूचना केन्द्र स्थापना लगायतका कार्यहरू अघि बढाइएको छ । जनशक्ति उत्पादनतर्फ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट आतिथ्यता व्यवस्थापनमा स्नानकोत्तरको कक्षा सञ्चालन प्रारम्भ गरिनुका साथै पर्यटन तथा होटल व्यवस्थापनसम्बन्धी विभिन्न स्तरका १७०० जनाभन्दा बढी जनशक्ति उत्पादन गरिएका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

बढ्दो शहरीकरण र भूमिको उच्च मूल्य वृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण तथा निजी स्वामित्व र निजी प्रयोगमा ल्याउने क्रियाकलाप वृद्धि हुनु, पर्याप्त पर्यटक सूचनाको अभाव, भरपर्दो हवाईसेवाको कमी, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु, नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास र प्रर्वद्धन गर्न नसकिनु प्रमुख समस्याहरू रहेका छन् । यसैगरी पर्यटकीय पूर्वाधार विकास र विविधीकरण मार्फत् प्राप्त लाभलाई ग्रामीण क्षेत्रमा पुऱ्याउनु, पर्यटकीय सम्पदाहरूको संरक्षण तथा प्रवर्द्धन गर्नु, विगतमा रहेको राजनीतिक संक्रमण, बन्द हड्ताल आदिबाट मुलुकको पर्यटकीय क्षेत्रमा परेको नकारात्मक सन्देशलाई हटाउँदै विश्व पर्यटन बजारमा नेपाललाई उत्कृष्ट गन्तव्य मूलुकको रूपमा उतार्नु, पर्यटन क्षेत्रले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे यकीन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

नेपाललाई विश्वकै आकर्षक पर्यटन स्थलहरूमध्येको बनाउने ।

## ५. उद्देश्य

१. नेपाललाई विश्व पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटन प्रर्वद्धनमार्फत् सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।

## ६. रणनीति

१. पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने ।

२. नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने ।

३. पर्यटकीय स्थलको र उपजको विविधीकरण र विस्तार गरी ग्रामीण पर्यटनमार्फत् थप रोजगारीका अवसरहरूको सृजना गर्ने ।

४. मुलुकमा सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका निम्ति आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

५. पर्यटन प्रवर्द्धन गर्न छिमेकी तथा नयाँ पर्यटन उद्गम मुलुकहरूलाई केन्द्रित गरी व्यापकरूपमा प्रचार प्रसार र प्रवर्द्धन गर्ने ।

६. पर्यटकहरूलाई उपलब्ध गराइने सेवा सुविधाको पर्याप्तता र गुणस्तरीयताको सुनिश्चितता गर्दै दिगो पर्यटन विकास गर्ने ।

## ७. कार्यनीति

१. पर्यटकीय सेवा सुविधा विकास र विस्तारका लागि निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ । (१)

२. नेपाल वायुसेवा निगमको व्यवस्थापन सुधार गर्ने क्रममा रणनीतिक साझेदारको खोजी लगायत नयाँ विमानहरू थप र लिजमा लिने व्यवस्था मिलाई राष्ट्रिय ध्वजा बाहकलाई अन्तर्राष्ट्रिय पर्यटन उद्गम विन्दुसम्म सिधा हवाई सम्पर्क गर्न सक्षम बनाइनेछ । (१)

३. प्रमुख पर्यटकीय स्थलहरूसम्म पहुँच सहज बनाउन केबुल कारलगायत एकीकृत पर्यटकीय र मनोरञ्जनस्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ । (१)

४. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, समुदाय र निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गर्न पर्यटन क्षेत्रबाट प्राप्त आयको ३० प्रतिशत रकम तत् तत् क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्ने नीति प्रभावकारी रूपमा लागू गरिनेछ । (१)

५. पर्वतारोहणलाई व्यवस्थित र वातावरण मैत्री बनाई पर्वतीय क्षेत्रलाई उत्कृष्ट पर्यटन गन्तव्यस्थलको रूपमा विकास गरिनेछ । (२)

६. पर्यटन उद्योगलाई हरित वृद्धिको प्रमुख क्षेत्रको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरिनेछ । (२)

७. साहसिक एवं मनोरञ्जनात्मक क्रियाकलाप, परम्परागत, प्राकृतिक उपचार तथा स्पा, पर्या-पर्यटन, क्यासिनो/गेमिङ क्लब, एकीकृत मनोरञ्जन स्थललगायत पर्यटकीय उपज/क्रियाकलापहरूलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन र प्रवर्द्धनका लागि आवश्यक कानुनी आधार तयार गरी लागू गरिनेछ । (२)

८. पर्यटकीय रूपमा संभाव्य ग्रामीण क्षेत्रमा सामुदायिक होमस्टे सञ्चालन गर्न ग्रामीण समुदायलाई सामुदायिक भवन, पदयात्रामार्ग निर्माणलगायत पूर्वाधार विकासमा टेवा/सहयोग गरिनेछ । (३)

९. खास खास पर्यटकीय उपजमा केन्द्रित भई पर्यटन क्षेत्रहरूको विविधीकरण गरिनेछ । (३)

१०. मुलुकभित्र यात्रा गर्ने नेपालीलाई आन्तरिक पर्यटकको मान्यता दिन पर्यटन, यातायात व्यवस्थालगायत सम्बद्ध विभिन्न ऐन, नियम तथा नियमावलीहरूमा आवश्यक संशोधन गर्ने कार्य अघि बढाइनेछ । (४)

११. चीन र भारत केन्द्रित गरी निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनको कार्ययोजना तयार गरी अभियानका रूपमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (५)

१२. अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरू आदि तथा आर्थिक रूपमा नवउदीयमान राष्ट्रबाट पर्यटक आकर्षित गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (५)

१३. नेपाललाई आकर्षक गन्तव्यको रूपमा स्थापित गर्न आर्थिक कूटनीति तथा नेपाली डायसपोरालाई परिचालन गरिनेछ । (५)

१४. मनोरञ्जनस्थल, होटललगायत पर्यटकीय पूर्वाधारमा आन्तरिक तथा वैदेशिक लगानी प्रवर्द्धन हुने वातावरण सृजना गरिनेछ । (६)

१५. प्रति पर्यटक खर्च वृद्धिका लागि पर्यटकको बसाई अबधि लम्ब्याउने र यसका लागि नयाँ गन्तव्यहरूको पहिचान तथा सेवा, सुविधामा लगानीलगायत सुरक्षाको प्रत्याभूति दिने वातावरण निर्माण गरिनेछ । (६)

१६. पर्यटन व्यवसायले प्रदान गर्ने सेवा सुविधामा गुणस्तरीयता सुनिश्चित गर्न पर्यटन उद्योगको अनुगमनलाई प्रभावकारी बनाइनेछ । (६)

१७. मुलुकभर स्थापना भएका होटल, ट्राभल, ट्रेकिङ र होमस्टेलगायत पर्यटन उद्योगहरूको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ । (६)

१८. दुर्गम क्षेत्रमा उडान गर्ने वायुसेवाहरूले त्यस क्षेत्रमा गरेको उडान सङ्ख्याको आधारमा विशेष सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ । (६)

## ८. प्रमुख कार्यक्रमहरु

- घोषित पर्यटकीय क्षेत्रहरूमा गुरुयोजना बमोजिम एकीकृत पर्यटन सेवा केन्द्र तथा पर्यटकीय पूर्वाधार विकास गर्ने ।
- निजी क्षेत्रको सहकार्यमा नेपाल पर्यटन बोर्ड मार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पर्यटकीय प्रवर्द्धन कार्य गर्ने ।
- अन्तराष्ट्रिय रूपमा पर्यटकीय प्रवर्द्धन गर्न कूटनीतिक नियोगहरूमार्फत् कार्यक्रमहरू सञ्चालन गर्ने ।
- पर्यटन दूरदृष्टि, २०२० को लक्ष्य प्राप्तीका लागि रणनीतिक योजना तर्जुमा गर्ने ।
- पर्यटकीय क्षेत्रहरूमा सन् २०२० सम्म भ्रमण वर्ष अभियानको कार्यक्रम सञ्चालन गर्ने ।
- साहसिक पर्यटनलाई पर्यटकीय उपजको रूपमा विकास गर्न स्की, आइसक्लाइमिङ, प्याराग्लाइडिङ, बन्जि जम्पिङ जस्ता क्रियाकलापहरूलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
- नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सुदृढीकरण गर्ने ।
- पर्वतीय पर्यटन, पर्यटन उद्योग व्यवस्थापन, पर्वतीय प्रशिक्षण प्रतिष्ठानको पूर्वाधार विकास गर्ने ।
- पर्यटन क्षेत्रको सुधार र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित ऐन, नियमहरूमा समसामयिक सुधार तथा आवश्यक नयाँ नियमावलीको तर्जुमा गर्ने ।
- पशुपति, लुम्बिनी लगायतका राष्ट्रिय गौरबका आयोजनाहरूको समयबद्ध रूपमा पूर्वाधार विकास गर्ने ।
- बुहत्तर जनकपुर क्षेत्र विकास लगायत महत्त्वपूर्ण धार्मिक सांस्कृतिक स्थलहरूको क्षेत्रगत गुरुयोजना तयार गरी पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्ने ।

## ९. अपेक्षित उपलब्धि

सन्तुलित पर्यटकीय पूर्वाधारहरूको निर्माण र सुधार भै पर्यटकीय क्षेत्रमा पहुँच र पर्यटकीय सेवा सुविधामा विस्तार भएको हुने, पर्यटन क्षेत्रको विविधिकरण भएको हुने, सबै पर्यटकीय क्षेत्रहरूमा एकीकृत पर्यटकीय सेवा केन्द्रको निर्माण र सञ्चालन भएको हुने, योजनाको अन्तिम वर्ष कुल पर्यटक आगमन संख्या ११ लाख पुगेको हुने, प्रति

पर्यटक प्रतिदिन खर्च कम्तिमा ५० अमेरिकी डलर पुगेको हुने तथा औसत पर्यटक बसाई अवधि १४ दिन पुगेको हुनेछ ।

## ४.३ सामाजिक विकास

### ४.३.१ जनसङ्ख्या

#### १. पृष्ठभूमि

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ भने औसत वार्षिक जनसङ्ख्या वृद्धि दर १.३५ प्रतिशत रहेको छ । यही वृद्धि दर कायम रहेमा आगामी ५२ वर्षमा नेपालको जनसङ्ख्या दोब्बर हुनेछ । विद्यमान जनसङ्ख्याको उमेरगत संरचना अनुरूपको जनसाङ्ख्यिक लाभांश (१५-५९ वर्ष उमेर समूहका)लाई दृष्टिगत गरी जनसङ्ख्या व्यवस्थापनका कार्यक्रममार्फत् देशको आर्थिक तथा सामाजिक विकासका गतिविधिहरू सञ्चालन गर्न सकिने देखिन्छ ।

#### २. अद्यावधिक स्थिति

आ.ब. २०६९/७० को अन्त्यसम्ममा जनसंख्या नीति मस्यौदा अन्तिम चरणमा रहेको, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (सन् २०११) को नतिजा प्रकाशन भएको, नेपाल किशोर किशोरी तथा युवा सर्वेक्षण सम्पन्न भै प्रतिवेदन प्रकाशन भएको, तीनवटा केन्द्रीय स्तरका सरकारी अस्पतालहरूमा ज्येष्ठ नागरिक कक्ष स्थापना भई सञ्चालनमा आएको र सो मार्फत् ज्येष्ठ नागरिक ऐनले व्यवस्था गरे अनुरूपको स्वास्थ्य सुविधा उपलब्ध गराइएको छ । यसैगरी १५ वटा सरकारी अस्पतालहरूमा लैङ्गिक हिंसा पीडितहरूका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन भै सेवा प्रवाह भैरहेको, ८ वटा अस्पतालहरूमा सामाजिक सेवा ईकाई स्थापना गरी सामाजिक वन्चितीकरणमा रहेका व्यक्ति तथा समुदायलाई प्रभावकारी तथा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको कूल जन्म दरमा ह्रास र अनुपस्थित जनसंख्यामा उल्लेख्य वृद्धि भै जनसंख्या वृद्धि दर १.३५ प्रतिशत कायम हुन आएको, सवै जिल्लाहरूको जिल्ला पार्श्वचित्र तयार भै प्रकाशन भएको, जिल्लास्तरमा जनसंख्या व्यवस्थापनका विशिष्ट समस्या पहिचान भै सम्वोधनका कार्यक्रम तयारीको क्रममा रहेको, जनसंख्यासम्बन्धी विविध जानकारी सहितको जिल्ला तहसम्मको विवरण अनलाईन उपलव्ध हुने गरी ई पप इन्फो (E-pop info) सञ्चालनमा रहेको, जनसंख्या व्यवस्थापन सूचना प्रणाली स्थापनाको कार्य सुरु भएको र स्वास्थ्य क्षेत्रको वातावरण परिवर्तनको रणनीति तयार भैरहेको स्थिति छ ।

#### ३. समस्या तथा चुनौतीहरु

शहरीकरण र बसाइँसराइको प्रवृत्ति तीव्ररूपमा बढ्दै जानु, जनसङ्ख्या व्यवस्थापनमा मानव संसाधन विकासको दृष्टिले गर्नुपर्ने कार्यहरू अझै पनि एकीकृत र समन्वयात्मक रूपमा हुन नसक्नु, जनसङ्ख्याको वृद्धि दरको अनुपातमा रोजगारीका अवसरहरूको वृद्धि

हुन नसक्नु तथा आश्रित जनसङ्ख्याको बढ्दो प्रवृति, कम साक्षरता दर जस्ता कारणहरूले गर्दा मानवीय पूँजी निर्माणमा समस्या रहेका छन् ।

### ४. दीर्घकालीन सोच

जनसङ्ख्या व्यवस्थापनमार्फत् सर्वसाधारण जनताको जीवनस्तर गुणस्तरीय बनाउने ।

### ५. उद्देश्य

जनसङ्ख्या व्यवस्थापनबाट उत्पादनशील र स्तरीय जीवन यापनको वातावरण तयार गर्ने ।

### ६. रणनीति

१. जनचेतना अभिवृद्धि गर्दै प्रजनन स्वास्थ्यलाई आधारभूत मानव अधिकारको रूपमा स्थापित गर्ने ।

२. जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी बनाउन लक्षित समुदायहरूका लागि कार्यक्रम सञ्चालन गर्ने ।

३. विकास कार्यक्रम र जनसङ्ख्या बीच सामञ्जस्यता कायम गर्ने ।

### ७. कार्यनीति

१. परिवार नियोजनका साधनको प्रयोग, जनसङ्ख्या शिक्षा र चेतनाको अभिवृद्धिबाट जनसङ्ख्या वृद्धि दरलाई व्यवस्थापन गरिनेछ । (१)

२. लक्षित समूहहरूको पहिचान गरी सानो र गुणस्तरीय परिवार प्रवर्द्धन गर्न सघनरूपमा सचेतना, प्रजनन, मातृशिशु एवं परिवार नियोजन सेवाहरू उपलब्ध गराइनेछ । (१)

३. जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूमा महिला र पुरुषको समान सहभागिता अभिवृद्धि गरिनेछ । (२)

४. जनसङ्ख्यासम्बन्धी राष्ट्रिय नीति निर्माण गरिनेछ । (२)

५. जनसाङ्ख्यिक लाभांशलाई उपयोग गर्दै युवा शक्तिलाई देश विकासमा परिचालन गरिनेछ । (३)

६. विदेशी नागरिकहरूको आप्रवास, तिनको सङ्ख्या र विशेषता समेतका आधारमा आप्रवास प्रवृत्तिलाई नियमन गरिनेछ । (३)

७. ग्रामीण तथा पिछडिएका क्षेत्रहरूमा विशेषतः लोपोन्मुख कुसुण्डा, राउटे जस्ता समुदायका निमित्त एकीकृत बस्ती विकास गर्दै जनसङ्ख्याको क्षेत्रीय वितरणमा सन्तुलन ल्याइनेछ । (३)

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बसाइँसराईको प्रवृत्ति, सघनता र कारणसमेत पत्ता लगाउन राष्ट्रिय रूपमा बसाइँसराइ सर्वेक्षण गरिनेछ । (३)

९. केन्द्रीय अस्पतालदेखि अञ्चल अस्पतालसम्म जेरीयाट्रिक वार्डहरूलाई विस्तार गरिनेछ । (३)

### ८. प्रमुख कार्यक्रमहरु

- स्थानीयस्तरमा जनसंख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- मुलुकका सबै अस्पतालहरूमा क्रमशः ५० प्रतिशत निःशुल्क सेवासहितको ज्येष्ठ नागरिक कक्ष स्थापना तथा सञ्चालन गर्ने ।
- जनसंख्यासम्बन्धी अध्ययन अनुसन्धानलाई निरन्तरता दिने ।
- लैङ्गिक हिंसा पीडितहरूकालागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन गर्ने ।
- अस्पतालहरूमा स्थापित सामाजिक सेवा ईकाई मार्फत् वन्चितीकरणमा रहेका जनसंख्यालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने ।
- जनसंख्या व्यवस्थापनसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी वनाउने ।
- आवधिक रूपमा जनसंख्या प्रक्षेपणको तयारी तथा प्रकाशन गर्ने ।
- जनसंख्या व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने ।
- व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्ने ।

### ९. अपेक्षित उपलब्धि

योजना अवधिमा परिवार नियोजन साधन प्रयोगकर्ता ६७ प्रतिशत पुगेको हुने, कुल प्रजनन दर (१५-४९ वर्षको महिला) २.४ मा झरेको हुने र अपेक्षित आयु ७१ वर्ष पुगेको हुनेछ ।

## ४.३.२ शिक्षा

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिंदै माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । देशबाट निरक्षरता उन्मूलन गर्दै गुणस्तरयुक्त शिक्षामा पहुँच अभिवृद्धि गर्ने, सबैका लागि शिक्षा भन्ने सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने र सन् २०२२ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रहरूबाट स्तरोन्नति गर्ने दीर्घकालीन सोच

हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका प्रयासहरू केन्द्रित  छन् । सरकारका साथै निजीक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय एवं समुदायलाई समेत सहभागी र उत्तरदायी बनाई समग्र शैक्षिक प्रणाली, प्रक्रिया र क्रियाकलापलाई सुशासनका सिद्धान्त अनुरूप सञ्चालन गर्दै सेवा प्रवाहलाई छिटो, छरितो तथा प्रभावकारी बनाउने प्रयास भैरहेको छ । हालसम्मका प्रयासहरूबाट तयार भएका पूर्वाधार एवं अवसरको उपयोग गर्दै एक्काइसौं शताब्दीका चुनौतीहरूको सामना गर्न सक्ने समावेशी, समन्यायिक र गुणस्तरयुक्त शैक्षिक प्रणालीको विकास गरी सक्षम, कर्तव्यनिष्ठ तथा उत्पादनशील जनशक्ति उत्पादन गर्ने सोच लिएर शिक्षा क्षेत्रको योजना तर्जुमा गरिएको छ ।

## २. अद्यावधिक स्थिति

आर्थिक वर्ष २०६७/६८ देखि ०६९/७० सम्म सञ्चालित साक्षरता कार्यक्रमबाट २० लाख ३३ हजार ५७१ जना साक्षर भएका छन् । ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर ६५.९ प्रतिशत (महिला ५३.१ र पुरुष ७४.७) रहेको छ । यसैगरी १५-२४ उमेर समूहको साक्षरता दर ८७.५ प्रतिशत पुगेको छ । हालसम्ममा पूर्वप्राथमिक विद्यालय तथा बाल विकास केन्द्रको संख्या ३४,१७४ पुगेको छ । देशभरमा ३४,२९८ प्राथमिक, १४,४४७ निम्न माध्यमिक, ८,४१६ माध्यमिक र ३,५९६ उच्च माध्यमिक विद्यालयहरू रहेका छन् । विद्यार्थी भर्नातर्फ प्राथमिक तहको खूद भर्ना दर ९५.३ प्रतिशत, आधारभूत तहमा ८७ प्रतिशत, माध्यमिक तह  कक्षा ९–१० मा ५४.३ र कक्षा ९–१२ मा ३१ प्रतिशत पुगेको छ । प्राथमिक, आधारभूत र माध्यमिक तहमा लैंगिक अनुपात समदरमा पुगेको छ । सामुदायिक विद्यालयमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत क्रमश ३७.५ प्रतिशत, २०.१ प्रतिशत र १३.१ प्रतिशत पुगेको छ । सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दीका आधारमा शिक्षक/विद्यार्थी अनुपात प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयमा क्रमशः ४०: १ , ६०: १ र ३६: १ रहेको छ  । विद्यार्थी टिकाउ दर ८४.१ प्रतिशत विद्यार्थी कक्षा ५ सम्म र ६९.४ प्रतिशत कक्षा ८ सम्म पुगेको देखिन्छ । कक्षा ५ पूरा गर्ने दर  ७५ प्रतिशत र कक्षा ८ पूरा गर्ने दर ६०.८ प्रतिशत रहेको छ । यसैगरी प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ । करीव २३ लाख विद्यार्थीले वार्षिक रूपमा छात्रवृत्ति प्राप्त गर्ने गरेका छन् । विभिन्न २२ मातृभाषामा कक्षा पाँचसम्मका पाठ्यसामग्री विकास भएका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

सबै तहका शिक्षामा भर्ना भई छाड्ने र दोहोर्‍याउनेको संख्या उल्लेख्य छ भने निरन्तरता पाएकाहरूको पनि उपलब्धि सन्तोषजनक छैन । विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने, साक्षरता अभियानलाई सशक्तीकरण र सीप विकाससंग आवद्ध गर्ने, शिक्षकहरूको दरबन्दी तथा वितरणलाई औचित्यपूर्ण बनाउने र पुनःमिलान गर्ने, गुणस्तरका दृष्टिले सामुदायिक र संस्थागत विद्यालयहरू बीचको अन्तर कम गर्ने, संस्थागत विद्यालयहरूको नियमनका लागि नीतिगत, कानुनी र संस्थागत आधारहरू तयार गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूमा समावेशी एवं समन्यायिक पहुँच सुनिश्चित गर्ने, उच्च शिक्षामा नीतिगत, व्यवस्थापकीय सुधारका साथै पाठ्यक्रम र गुणस्तरमा सुधार गर्ने र शैक्षिक तथ्यांक र सूचनालाई

अद्यावधिक, व्यवस्थित, विश्वसनीय बनाउने कार्यमा अपेक्षाकृत प्रगति हुन नसक्नु जस्ता चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

सबै नेपालीलाई गुणस्तरीय शिक्षा सुनिश्चित गरी सक्षम, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।

### ५. उद्देश्य

१. सबै तह र विषयको शिक्षामा समान पहुँच विस्तार गर्ने ।

२. सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवं समसामयिक बनाउने ।

३. शैक्षिक पद्धतिलाई सृजनात्मक, व्यवहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने ।

४. समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहितामा अभिवृद्धि गर्ने ।

### ६. रणनीति

१. प्रारम्भिक बालविकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने ।
२. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
३. प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने ।
४. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउँदै नियमनका पूर्वाधार विकास र अवसरहरूको विविधीकरण गर्ने ।
५. साक्षरतालाई उत्पादकत्वसँग आबद्ध गरी अभियानको रूपमा सञ्चालन गर्ने ।
६. विपन्न, सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
७. सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
८. लगानीको प्रतिफल सुनिश्चित गर्दै जवाफदेहिता पद्धतिको विकास गर्ने ।

### ७. कार्यनीति

१. बालविकास केन्द्रहरूको नक्शाङ्कन गरी विस्तार गर्नुका साथै पूर्वाधारहरूका सम्बन्धमा तयार गरिएको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइनेछ । (१)

२. प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन र नियमित अनुगमनको लागि स्थानीय निकाय, समुदाय र गैरसरकारी संस्थासँग सहकार्य गरिनेछ । (१)

३. निःशुल्क अनिवार्य आधारभुत शिक्षामा पहुँच विस्तार गर्न वैकल्पिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित र समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिनेछ । (२)

४. प्रमुख नतिजाहरूमा स्रोत विनियोजन गर्दै विद्यालय क्षेत्र सुधार कार्यक्रम (कक्षा १-१२) को कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ । (२)

५. माध्यमिक शिक्षा (९-१२) मा समतामूलक पहुँच सुनिश्चित गर्न नक्शाङ्कनको आधारमा विद्यालय विस्तार गरी क्रमशः निःशुल्क गरिनेछ र विज्ञान शिक्षामा सबै वर्ग, समुदाय र क्षेत्रका विद्यार्थीहरूको पहुँच वृद्धि गरिनेछ । (२)

६. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइडलाई कम गर्दै लगिनेछ । (२)

७. शिक्षक पुनर्मिलानका साथै विद्यार्थी र शिक्षक सङ्ख्यामा समायोजन गरिनेछ । (२)

८. मातृभाषाका पाठ्यसामग्री तथा शिक्षकहरूको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अवसरहरूमा विस्तार गरिनेछ । (२)

९. शैक्षिक संरचनाहरूको सबै प्रकारका विपद्को जोखिम विश्लेषण गरी भौतिक पूर्वाधार विस्तार गरिनेछ । साथै, पाठचक्रममा जलवायु परिवर्तन र विपद् जोखिम व्यबस्थापनसम्बन्धी सामग्री समावेश गरी कर्मचारी, शिक्षक र विद्यार्थीहरूको जोखिम व्यबस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ । (२)

१०. निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरिनेछ । (३)

११. कक्षा ९ देखि आरम्भ भएको प्राविधिक तथा व्यावसायिक शिक्षासहितको दुईधारको माध्यमिक शिक्षालाई परीक्षणबाट प्राप्त नतिजाका आधारमा विस्तार गरिनेछ । (३)

१२. अनौपचारिक क्षेत्रमा विद्यमान सीपहरूको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि कार्यविधि, प्रक्रिया र संयन्त्रहरूलाई सुदृढ गरिनेछ । साथै वैदेशिक रोजगारीमा जाने कामदारहरूको सीप परीक्षण र प्रमाणित गर्ने व्यवस्था मिलाइनेछ । (३)

१३. राष्ट्रिय व्यवसायिक योग्यताको रूपरेखा तयार गरी विभिन्न विधा र तहका विद्यार्थीहरूलाई उच्च शिक्षासम्म अध्ययन गर्ने अवसर प्रदान गरिनेछ । (३)

१४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति, कार्यक्रम र लगानीलाई समन्वय गर्न संस्थागत तथा वित्तीय औजारको विकास र प्रयोग गरिनेछ । (३)

१५. उच्च तथा प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई सामाजिकीकरण गर्न र सेवा प्रवाह पद्धतिको अनुभव दिलाउन स्वयंसेवक रूपमा अध्ययनसँग सम्बन्धित कार्यक्षेत्रमा तोकिए बमोजिमको अवधिका लागि खटाइनेछ । (३)

१६. एकीकृत उच्च शिक्षा नीति र उच्चशिक्षा ऐन जारी गरी उच्चशिक्षामा विविधीकरण, गुणस्तरमा सुनिश्चितता र प्रभावकारी नियमन गरिनेछ । (४)

१७. विदेशी शिक्षण संस्थाहरूसँग आवद्ध भई सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूलाई नियमन गरिनेछ । (४)

१८. मानित विश्वविद्यालय र खुला विश्वविद्यालयको अवधारणालाई प्रोत्साहित गर्नुका साथै कानुनी संरचनामा सुधार गरी कार्यान्वयन गरिनेछ। (४)

१९. अनुसन्धानलाई उच्चशिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्दै लगिनेछ। (४)

२०. शिक्षक नियुक्तिमा योग्यतम व्यक्तिहरूलाई आकर्षित गरी अझै प्रतिष्पर्धी बनाउन हालको न्यूनतम शैक्षिक योग्यतालाई पुनराबलोकन गरिनेछ। (४)

२१. गुणस्तरीय संस्थागत विद्यार्थीहरूलाई सामाजिक उत्तरदायित्वको रूपमा सामुदायिक विद्यालयहरूलाई पठन पाठन र व्यवस्थापन सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम बनाउन सहकार्य गर्ने व्यवस्था मिलाइनेछ। (४)

२२. शिक्षा क्षेत्रमा संलग्न सुपरिवेक्षण, अनुगमन तथा नियमन गर्ने कर्मचारी, पदाधिकारी, शिक्षक तथा सामुदायिक र संस्थागत विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नतिजा प्रति जिम्मेवार गराउन आवश्यक कार्यविधि अवलम्बन गरिनेछ। (४)

२३. साक्षर नेपाल अभियानलाई प्रभावकारी बनाउन सबै सरोकारवालाहरूलाई परिचालन गरिनेछ। (५)

२४. साक्षरता र साक्षरोत्तर कार्यक्रम मार्फत् कम्तीमा ६० वर्षमुनिका सबैलाई साक्षर बनाइनेछ। (५)

२५. पुस्तकालय सञ्चालन, क्षमता अभिवृद्धि तथा व्यवस्थापनका लागि एकीकृत नीतिगत व्यवस्था गरिनेछ। (५)

२६. सबै तहको शिक्षामा महिला, आदिवासी जनजाति, मधेसी, दलित, विशेष आवश्यकता भएका व्यक्ति लगायत लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्ति लगायत विकल्पहरूको विस्तार गरिनेछ। (६)

२७. निश्चित मापदण्डका आधारमा चिकित्साशास्त्र, इञ्जिनियरिङ, कृषि, विज्ञान र प्रविधि आदि विषयमा उच्च शिक्षा अध्ययनकालागि सहुलियत ऋण उपलब्ध गराइनेछ। (६)

२८. गुरुकूल, गोम्पा र मदरसाबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूलाई राष्ट्रिय प्रणालीमा समाहित गर्न मापदण्ड र पूर्वाधारको सुधार गरिनेछ। (६)

२९. विद्यालय जान नसक्ने सीमान्तकृत र लोपोन्मुख जातजातिका लागि घुम्ती शिक्षा प्रणालीको विस्तार गर्दै विद्यालय शिक्षा पूरा गर्ने दरमा वृद्धि गरिनेछ। (६)

३०. विद्यालयमा जातजाति, भाषा, लिङ्ग, धर्म, एच.आइ.भी. सङ्क्रमित लगायत कुनै पनि आधारमा गरिने विभेदलाई पूर्णतः निषेध गरिनेछ। (६)

३१. विद्यालयमा बाल मैत्री वातावरण सृजना गरी भर्ना दर, विद्यार्थी उत्तीर्ण दरमा वृद्धि तथा कक्षा दोहोर्‍याउने दर र स्कूल छाड्ने दरलाई कम गरिनेछ। (७)

३२. विद्यार्थी केन्द्रित सिकाइ विधिमा जोड दिँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउन न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयनमा ल्याइनेछ । (७)

३३. सिकाइ उपलब्धिमा समेत समतालाई सुनिश्चित गर्न विद्यालयहरूबीच साझेदारीलाई प्रोत्साहन गर्दै सामुदायिक विद्यालयको सिकाइ उपलब्धिमा सुधार गरिनेछ । (७)

३४. सबै तहका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न पेसागत विकास तालिमका अवसरहरू प्रदान गरिनेछ । (७)

३५. शिक्षामा उत्कृष्ट नतिजा हासिल गरेका प्रतिभाहरूलाई शिक्षण पेसामा आकर्षण गरिनेछ । (७)

३६. शैक्षिक व्यबस्थापनमा संलग्न कर्मचारी, शिक्षकका पेसागत संघ सङ्गठनहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागि आचारसंहिता लागू गरिनेछ । (८)

३७. क्षमता अभिवृद्धिका कार्यक्रमलाई नतिजासँग आबद्ध गरी शिक्षा प्रणालीको दक्षता र प्रभावकारिता अभिवृद्धिमा पुग्ने योगदानका आधारमा सञ्चालन गरिनेछ । (८)

३८. केन्द्रदेखि समुदाय र विद्यालय तहसम्मको अनुगमन प्रणालीलाई सक्षम र जिम्मेवार बनाइनेछ र कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आवद्ध गरिनेछ । (८)

३९. निजी क्षेत्रका विद्यालय, प्राविधिक शिक्षालय, अनुसन्धान केन्द्र, मानित तथा खुला विश्वविद्यालयको स्थापना एवं सम्बन्धनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । (८)

४०. सम्पत्ति व्यवस्थापन र पूर्वाधार मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ । सार्वजनिक खर्च अनुगमन तथा सेवा प्रवाह सर्वेक्षण र अन्य सहभागितामूलक औजारहरूको प्रयोग गरी वित्तीय सुशासन कायम गरिनेछ । (८)

४१. विद्यमान शैक्षिक प्रशासनको संस्थागत संरचनालाई पुनरवलोकन गरी आवश्यकता अनुसार समायोजन र सुधारका कार्यक्रमहरू ल्याइनेछ । (८)

४२. शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइनेछ । (८)

## ८. प्रमुख कार्यक्रमहरु

- **बालविकास कार्यक्रमः** समुदाय र विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा र बालविकास केन्द्रहरूको संस्थागत विकास, पहुँचमा विस्तार, सहजकर्ता र व्यवस्थापन समितिको क्षमता विकास र गुणस्तर सुधार,आर्थिक एवं सामाजिक रूपमा अति विपन्न वर्गका बालबालिकाहरूको पहुँच विस्तारका लागि स्थानीय निकायसंग साझेदारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **आधारभूत शिक्षाः** आधारभूत शिक्षालाई सर्वसुलभ गराउनका लागि अनिवार्य आधारभूत शिक्षाको अवसर विस्तार, गुणस्तरमा सुधार, सिकाइ उपलब्धिमा सुधार, न्यूनतम सिकाइ वातावरणको निर्माण तथा सुधार, प्रोत्साहनमूलक कार्यक्रमहरू, बहुभाषिक र बहुकक्षा शिक्षा कार्यक्रम विस्तार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, पाठ्यक्रम, पाठ्यसामग्री र निर्देशिकाहरूको सुधार, स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सुदृढीकरण, विद्यार्थी उपलब्धि परीक्षण, निःशुल्क पाठ्यपुस्तक वितरण, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट कक्षा शिक्षणको अवसर विस्तार, लैङ्गिक समविकास तथा समावेशीकरण कार्यक्रम, शिक्षक व्यवस्थापन, स्थानीय निकायसँगको सहकार्यमा शैक्षिक कार्यक्रम कार्यान्वयन, गुणस्तर सुधारका लागि सार्वजनिक र निजी विद्यालयहरूबीच सहकार्य लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

- **माध्यमिक शिक्षा :** माध्यमिक तहको शिक्षामा पहुँच विस्तार, गुणस्तर तथा सान्दर्भिकतामा सुधार, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विस्तार, विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता तथा स्थानीय स्रोत र साधनको परिचालन, संस्थागत विद्यालयको नियमन, एकीकृत माध्यमिक शिक्षाका पूर्वाधारहरूको सुदृढीकरण, सिकाइ वातावरणको निर्माण, व्यवस्थापकीय सुधार, शिक्षामा समतामूलक र समावेशी पहुँच विस्तारका लागि लक्षित समूहका विद्यार्थीलाई छात्रवृत्ति, छात्रावास, आवासीय शिक्षा, अनुदान र निःशुल्क पाठ्यपुस्तक वितरणजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ । पाठ्यक्रम, पाठ्यसामग्री, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट शिक्षण, पुस्तकालय तथा विज्ञान प्रयोगशाला लगायत भौतिक पूर्वाधार विकास र परीक्षा प्रणाली सुधार जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **अनौपचारिक शिक्षा :** साक्षर नेपाल अभियान कार्यक्रम, खुला शिक्षा तथा दूर सिकाइ, गृहिणी शिक्षा, किसान, मजदूर तथा विपन्न समुदाय लक्षित शैक्षिक कार्यक्रमहरू जस्ता वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन एवं विस्तार गर्ने, निरन्तर शिक्षा, प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने, बैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबीच सहसम्बन्ध स्थापना गर्ने, वैकल्पिक शिक्षा तथा खुला शिक्षा प्रदायक विद्यालयहरूको क्षमता विकास गर्ने, शैक्षिक उपलब्धि कमजोर रहेका समुदाय, दलित, लोपोन्मुख जनजाति, महिलावर्ग लक्षित सीप विकासका लागि साक्षरता कार्यक्रम र नवसाक्षरहरूलाई निरन्तर शिक्षा लगायत आयआर्जन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम :** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि, बजारमुखी तथा भौचरमा आधारित छोटो अवधिको तालिम तालिमका लागि सहयोग तथा पूर्व सिकाइलाई मान्यता दिने, प्राविधिक एस.एल.सी. र सोभन्दा माथिल्लो तहमा पहुँच वृद्धिका साथै लक्षित वर्गलाई केन्द्रित गरी सीपमूलक रोजगारोन्मुख शिक्षाको विकास र विस्तारका लागि कार्यक्रम सञ्चालन गर्ने ।

- **उच्च शिक्षा** : उच्च शिक्षामा पहुँच विस्तारका लागि छात्रवृत्ति, कानुनी, नीतिगत र संस्थागत ढाँचाको विकास, विद्यार्थी सहुलियत ऋण, भौतिक पूर्वाधार विकास, उच्च शिक्षा र सामुदायिक विकासबीच सम्बन्ध विस्तार, मानित तथा खुलाविश्वविद्यालय स्थापना, प्रौद्योगिक विश्वविद्यालय, संस्कृत शिक्षा लगायत उच्च शिक्षाको पाठ्यक्रम र परीक्षा प्रणालीमा सुधार, गुणस्तर निर्धारण संयन्त्र विकास, अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण र अनुसन्धानमूलक कार्यहरू सञ्चालन गरिनेछ ।

- **शैक्षिक व्यवस्थापन** : शैक्षिक सेवा प्रवाहलाई चुस्त, समयसापेक्ष, नतिजामूलक र प्रभावकारी बनाउनका लागि शैक्षिक व्यवस्थापनको सुदृढीकरण, शैक्षिक विकेन्द्रीकरणमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली र सूचना प्रणालीको सुदृढीकरण, नीतिगत र प्रक्रियागत ढाँचामा सुधार, जनशक्तिको क्षमता विकास, सेवा प्रवाहका लागि मापदण्डहरूको विकास, संस्थागत विद्यालयको नियमन संयन्त्र विकास, सार्वजनिक पुस्तकालयको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको कार्ययोजना र कार्यान्वयन गरिनेछ । शिक्षाका नयाँ बन्ने भौतिक संरचनाहरू अपांग र किशोरी मैत्री बनाइने र पूराना संरचनालाई क्रमिक रूपमा सुधार गरिनेछ ।

### ९. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५ वर्षमाथिको साक्षरता दर ७५ प्रतिशत, १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९५ प्रतिशत, कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ६४ प्रतिशत र आधारभूत तहमा (कक्षा १-५) खुद भर्ना दर १०० प्रतिशत पुगेको हुनेछ । आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ९० प्रतिशत हुनेछ । माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ४० प्रतिशत पुगेको हुनेछ । उच्च शिक्षाको स्पष्ट नीति र छाता ऐन आइसकेको हुनेछ । सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसएलसी) उत्तीर्ण हुनेको प्रतिशत बढेको हुनेछ ।

## ४.३.३ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रूपमा स्थापित गरेको छ । तदनुसार समावेशीकरण र समन्यायको आधारमा सबै भौगोलिक क्षेत्र, वर्ग, लिङ्ग, जातजातिका जनताको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाइ जनस्वास्थ्यमा सुधार ल्याउनु राज्यको दायित्व हो । यसलाई आत्मसात गर्दै नेपाल सरकारले स्वास्थ्य क्षेत्रको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइरहेको छ । नेपाल सरकार, वाह्य विकास साझेदार, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाहमा भइरहेको प्रयासबाट आम जनताको पहुँच र स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि भई स्वास्थ्यसम्बन्धी सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ ।

## २. अद्यावधिक स्थिति

समग्र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि स्वास्थ्य ऐन तर्जुमाको क्रममा रहेको छ । खोप सेवालाई नियमित, व्यवस्थित र दिगो बनाउनका लागि नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति २०६९, राष्ट्रिय स्वास्थ्य सञ्चार नीति २०६९, स्वास्थ्य क्षेत्रको ४ वर्षे मानव संशाधन रणनीति योजना र विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका २०६९ कार्यान्वयनमा ल्याइएको छ । स्वास्थ्य संस्था स्थापना र सञ्चालन निर्देशिका २०७० कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय स्वास्थ्य वीमा नीति तयार भै स्वीकृत भएको छ । स्वास्थ्यसम्बन्धी सूचकहरूमा सुधार आए अनुरूप अपेक्षित आयु ६८.८ पुगेको छ भने ५ वर्ष मुनिको वाल मृत्यु दर ५४ (प्रति हजार), शिशु मृत्यु दर ४६ (प्रति हजार) मा झरेको छ । सन् २०१० देखि मुलुकबाट कुष्ठरोग उन्मुलन भएको घोषणा समेत गरिएको छ। सहश्राव्दी विकास लक्ष्य ५ को मातृ मृत्यु दरमा उल्लेख्य कमी ल्याउन सफल भएकोमा अन्तर्राष्ट्रियस्तरबाट "MDG Achievement Award" र सहस्राब्दी विकास लक्ष्य ४ को बालमृत्यु दरमा उल्लेखनीय कमी ल्याउन सफल भएकोमा "Motivational Award" प्राप्त गरेको छ । सन् २०१२ को जुनमा जेनेभामा भएको "Global Leaders Council for Reproductive Health" को अन्तर्राष्ट्रिय सम्मेलनले प्रजनन् स्वास्थ्य क्षेत्रमा उल्लेख प्रगति हासिल गरेकोमा "Resolve Award" बाट समेत नेपाललाई सम्मान गरेको छ ।

## ३. समस्या तथा चुनौतीहरु

समग्रमा नीतिगत, संस्थागत, कार्यक्रमगत, सेवा प्रवाह, जनशक्ति, औषधि उपकरण आदिको व्यवस्थाबाट स्वास्थ्य सेवा प्रदान गर्दागर्दै पनि स्वास्थ्य संस्थाहरूमा गुणस्तरीय सेवा प्रदानका लागि आवश्यक मानवीय, भौतिक स्रोतसाधन र औषधि उपकरणको व्यवस्थापन एवं सुपरीवेक्षण तथा अनुगमन, आवश्यक औषधिको नियमित आपूर्ति प्रभावकारी नहुनु प्रमुख समस्याको रूपमा देखिएको छ । यस कारणले दुर्गम स्थानहरू, गरिबीको रेखामुनि रहेका र पिछडिएका वर्गको स्वास्थ्यमा अपेक्षाकृत रूपमा सुधार ल्याउन सकिएको देखिँदैन । साथै सांस्कृतिक, लैंगिक एवं सामाजिक तथा भौगोलिक व्यावधानले गर्दा स्वास्थ्य सेवा समतामूलक ढंगबाट प्रदान गर्न सकिएको छैन । नियम कानुनमा सान्दर्भिक सुधार ल्याउनु, आवश्यक स्रोतको व्यवस्थापन र परिचालन गर्नु, निजी क्षेत्रलाइ नियमन गर्नु, भौगोलिक विविधताका आधारमा आवश्यक स्वास्थ्य सेवा प्रदान गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गरी जनताको स्वास्थ्यमा सुधार गर्ने ।

## ५. उद्देश्य

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच र उपयोग बढाउने ।

## ६. रणनीति

१. निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरमा वृद्धि गर्ने । यसका लागि कानुन तथा नीतिमा समसामयिक सुधार गर्ने ।

२. प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनःस्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न मानव संशाधन, भौतिक संरचना र औषधि-उपकरणलाई स्वास्थ्य संस्थाको स्तरअनुसार व्यवस्थापन गरी प्रभावकारी सेवा प्रदान गर्न स्वास्थ्य संस्थाको क्षमता विकास गर्ने ।

३. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सहकारी तथा विकासका साझेदारहरूसंग सहकार्य अभिवृद्धि गर्ने ।

४. स्वास्थ्य सेवाबारे जनचेतना अभिवृद्धि गर्न समुदाय, नागरिक समाजलाई समेत परिचालन गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्ने ।

## ७. कार्यनीति

१. निःशुल्क आधारभूत स्वास्थ्य र सुरक्षित मातृत्व एवं प्रसूति सेवालाई अभियानका रूपमा देशका सबै क्षेत्र र तहमा पुऱ्याइनेछ । (१)

२. हेल्थपोष्टमा निःशुल्क पाइने औषधिको संख्या क्रमशः वृद्धि गर्नुका साथै वितरण प्रणालीलाई सुदृढ गरिनेछ । (१)

३. विशेष सेवासहितको मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई विस्तार गरी प्रभावकारी बनाइनेछ । (१)

४. औषधिको गुणस्तर परीक्षण गर्न संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । (१)

५. जवाफदेही प्रणालीको माध्यमबाट दुर्गम र पिछडिएका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहन गरिनेछ । (१)

६. स्वास्थ्य क्षेत्रका जनशक्ति र महिला स्वास्थ्य स्वयंसेवकको क्षमता विकास र स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको स्तर अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । (१)

७. स्वास्थ्य, सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, ग्रामीण तथा शहरी स्वास्थ्यको प्रवर्द्धन तथा विस्तार गरी स्वास्थ्य सेवालाई समावेशी र समन्यायिक बनाइनेछ । (१)

८. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउन बर्तमान नियम कानुन र नीतिमा सुधार गरिनेछ । (१)

९. स्वास्थ्यका नयाँ बन्ने संरचना अपांग र किशोरी मैत्री बनाइने र भैरहेका संरचनाहरू क्रमिक रूपमा सुधार गरिनेछ । (१)

१०. स्वास्थ्य क्षेत्र व्यवस्थापन, गुणस्तरीय सेवा, विकेन्द्रित व्यवस्थापन, सुशासन एवं जवाफदेहिता अभिवृद्धि गरिनेछ । (१)

११. जनसंख्या, विरामीको चाप तथा भौगोलिक अवस्थितिको आधारमा आवश्यक स्रोतसाधन सहित स्वास्थ्य संस्थाको स्थापना र स्तरोन्नति गरिनेछ । (२)

१२. मानव संशाधन, भौतिक संरचना, स्वास्थ्य संस्थाको क्षमता विकास एवं औषधि र उपकरण स्वास्थ्य संस्थाको स्तर अनुसार पुनरवलोकन गरी आवश्यकतानुसार थप व्यवस्थापन गरिनेछ । (२)

१३. गुणस्तरीय, प्रभावकारी र सेवाग्राही मैत्री स्वास्थ्य सेवा प्रदान गर्नको लागि सबै किसिमका स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीलाई क्रमबद्ध रूपमा कार्यमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ । (२)

१४. प्रतिरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र पुनस्थापनामूलक सेवाहरूलाई प्राथमिक स्वास्थ्य सेवाको रूपमा सञ्चालन गरिनेछ । (२)

१५. वैकल्पिक चिकित्साको विकास एवं औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण र औषधि वा औषधि उत्पादनमा लागूपदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिई असुरक्षित तथा न्यून गुणस्तरका औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय र सेवन प्रकिया व्यवस्थित गरिनेछ । (२)

१६. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, होमियोप्याथी, युनानी, अकुपञ्चर र आम्ची सेवाको एकीकृत विकास एवं विस्तार गरी सर्वसुलभ बनाइनेछ । (२)

१७. बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन र अनुगमन गरिनेछ । (२)

१८. दुर्घटनालाई दृष्टिगत गर्दै मुख्य लोकमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरूको आपत्कालीन सेवाको क्षमतामा वृद्धि गरिनेछ । (२)

१९. स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विद्यालयहरूमा समेत विस्तार गरिनेछ । (२)

२०. जडीबुटी खेतीलाई प्रोत्साहन गरी यसको प्रयोग, औषधि उत्पादन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । (२)

२१. दुर्गम तथा पिछडिएका क्षेत्रमा स्वास्थ्यकर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहन गरिनेछ । (२)

२२. निजी तथा सामुदायिक अस्पताल सञ्चालनसम्बन्धी निश्चित मापदण्ड लागू गरिनेछ । (३)

२३. स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई समुदाय तथा विद्यालयहरूसम्म विस्तार गर्न एवं स्वास्थ्य सूचना प्रवाह गर्न र स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन सार्वजनिक, निजी, गैरसरकारी, सामुदायिक क्षेत्र, युवा, धामी/झाक्री, पण्डित तथा नागरिक समाजसंगको सहकार्य प्रभावकारी गरिनेछ। (३)

२४. वाह्य विकास साझेदारसंग समन्वय गरी वैदेशिक सहयोगको प्रभावकारिता वृद्धि गरिनेछ। (३)

२५. विशेषज्ञ सेवा नपुगेका स्थानमा मेडिकल कलेजसँग समन्वय गरी यस्ता सेवा पहुँचमा वृद्धि गरिनेछ। (३)

२६. स्वास्थ्य र पोषणसम्बन्धी उपलब्ध सेवाहरूबारे समुदायसम्म स्पष्ट सूचना प्रवाह गरिनेछ। (४)

२७. यौनिक एवं प्रजनन् स्वास्थ्य, एच.आई.भी./एड्स, धुमपान, खानेपानी, मद्यपान र लागू औषध एवं क्यान्सर, हृदय रोग, मृगौला, मानसिक स्वास्थ्य, अपांगता, सुस्त श्रवण, मुख एवं आँखा स्वास्थ्य जस्ता सर्ने र नसर्ने रोगसम्बन्धी व्यापक सचेतना र परामर्श कार्यहरू गरिनेछ। (४)

२८. सार्वजनिक उत्तरदायित्वलाई अभिवृद्धि गर्न एवं जनचासो बढाउन सहभागितामूलक योजना तर्जुमा, सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ। (४)

२९. अनुगमनसंग सम्बन्धित जनशक्तिको क्षमता विकास गरिनेछ। (५)

३०. स्वास्थ्य संस्थाको कार्य सम्पादन (नियमित र गुणस्तरीय सेवा), औषधि उपकरणको व्यवस्थापन लगायत समग्र अनुगमन तथा समीक्षा गर्ने र अनुगमनबाट प्राप्त सुझावहरू कार्यान्वयन गरिनेछ। (५)

३१. स्थानीयदेखि केन्द्रीय तहसम्म नतिजामूलक अनुगमन एवं मूल्याङ्कन गर्ने ब्यबस्था प्रभावकारी गरिनेछ। (५)

३२. स्वास्थ्य क्षेत्रको अध्ययन र अनुसन्धान प्रणालीको थप विकास तथा विस्तार गरिनेछ। (५)

**८. प्रमुख कार्यक्रमहरु**

- **सेवा प्रबाहसम्बन्धी कार्यक्रमहरुः** यस अन्तर्गत परिवार नियोजन, सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, बाल स्वास्थ्य, क्षयरोग नियन्त्रण, यौनरोग र एच.आइ.भी/एड्स नियन्त्रण, कुष्ठरोग नियन्त्रण, औलो, कालाजार एवं प्राकृतिक प्रकोप व्यवस्थापन, मुख स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य, आंखा सेवा, वातावरणीय स्वास्थ्य, आयुर्वेद तथा पूरक चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- **संस्था तथा प्रणाली सुदृढीकरण र सुशासनसम्बन्धी कार्यक्रमः** यस अन्तर्गत स्वास्थ्य संस्था व्यवस्थापन विकेन्द्रीकरण,स्वास्थ्य सेवामा भौतिक सम्पत्ति सरक्षण, एकीकृत

स्वास्थ्य सूचना प्रणाली, औषधि व्यवस्थापन, अत्यावश्यक मानव संसाधन विकास, सेवाकालीन तालिम तथा बृत्ति विकास, स्वास्थ्य शिक्षा र जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्वास्थ्य अनुसन्धान, प्रयोगशाला, एक्सरे/इमेजिङ र रक्त सञ्चार सेवा, स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, खरिद व्यबस्थापन सुधार, बित्तीय व्यबस्थापन सुधार, सामाजिक लेखापरिक्षण र पारदर्शिता अभिवृद्धिजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

- **सार्वजनिक निजी साझेदारी तथा विकेन्द्रीकरणमा आधारित कार्यक्रमः** यस अन्तर्गत सार्वजनिक, सामुदायिक, निजी क्षेत्रको सहभागितामा आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकारलाई स्थापित र सुदृढ गर्दै कार्यक्रमहरू सञ्चालन गरिनेछन् । साथै केन्द्रदेखि जिल्लास्तरसम्म समन्वय समिति गठन गरी समन्वयात्मक रूपमा स्वास्थ्यसम्बन्धी विकेन्द्रीकरणमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **स्वास्थ्य क्षेत्रको बित्तीय स्रोत लगानीसम्बन्धी कार्यक्रमः** यस अन्तर्गत राष्ट्रिय स्वास्थ्य लेखा र स्वास्थ्य क्षेत्रको वित्तीय क्षेत्र रणनीति तर्जुमा गरी लागू गरिनेछन् । साथै स्वास्थ्य वीमा जस्ता लगानीका विभिन्न स्रोतहरू पहिचान गरी दक्षतापूर्वक सञ्चालन गरिनेछ ।

- **विशेष स्वास्थ्य सेवा कार्यक्रमहरुः** यस अन्तर्गत गरिब, असहाय, अपांगता भएका व्यक्ति, द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट शारीरिक तथा मानसिक रूपले पीडित व्यक्ति एवम् लैंगिक हिंसावाट पीडित व्यक्तिहरूलाई लक्षित गरी सामाजिक सुरक्षाका विविध कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

### ९. अपेक्षित अपलब्धि

योजना अवधिमा मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) घटेर १३४ पुगेको हुने, पाँच वर्ष मुनिको बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) घटेर ३८ पुगेको हुने, शिशु मृत्यु दर (प्रति हजार जीवित जन्ममा) घटेर ३२ पुगेको हुने, नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्ममा) घटेर १६ पुगेको हुने, एच.आइ.भी. संक्रमण/रोकथाम दर (१५ देखि ४९ वर्ष) वर्तमानकै अवस्थामा रोकेर पछाडि फर्किएको हुने, ८५ प्रतिशत क्षयरोग बिरामीहरू पत्ता लागेको हुने र क्षयरोग बिरामी उपचार भएकाहरूको संख्या ९० प्रतिशत पुगेको हुनेछ ।

## ४.३.४ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवालाई न्यूनतम मानवीय आवश्यकताका रूपमा लिई यसलाई प्राथमिकतामा राखिएको छ । परिणामतः सरकारी तथा अन्य निकायको प्रयासका कारण यस क्षेत्रमा उत्साहप्रद उपलब्धि हासिल भएको छ । सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई खानेपानी सेवा र ५३ प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ । राष्ट्रिय जल योजना, २००५ अनुसार

सन् २०१७ सम्म शतप्रतिशत जनसंख्यालाई आधारभूत स्तरको खानेपानी सेवा र सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ । सरकारी क्षेत्रको प्रयासबाट मात्र उक्त लक्ष्य हासिल गर्न नसकिने भएकोले सरकार, स्थानीय निकाय, निजी क्षैत्र, समुदाय, उपभोक्ता तथा गैरसरकारी संघसंस्थाहरूले एकीकृत तथा समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक देखिएको छ । साथै कार्यक्रम सञ्चालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एकआपसमा आवद्ध गरी कार्यान्वयनमा लैजानुपर्ने अवस्था रहेको छ ।

## २. अद्यावधिक स्थिति

खानेपानी र सरसफाइको क्षेत्रमा धेरै निकायहरू क्रियाशील छन् । निर्धारित समयभित्र सहस्राब्दी विकास लक्ष्य तथा राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा यसबाट टेवा पुग्न गएको छ । खानेपानीको गुणस्तर तथा सेवास्तरवृद्धि गर्न शहरी तथा अर्द्ध शहरी क्षेत्रमा उपभोक्ताहरूसमेतको सहलगानीमा आयोजनाहरू कार्यान्वयन गरिएको छ । सम्बद्ध निकाय र सरोकारवालाहरू सँगको सहकार्यमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरी खुल्ला दिसामुक्त क्षेत्र विकास गर्दै लैजान एकल सरसफाइ कार्यक्रम सुरु गरिएको छ । खानेपानी र सरसफाइ एकीकृत रूपमा विस्तार गर्न निर्माणाधीन र नयाँ खानेपानी आयोजनाहरूमा पूर्ण सरसफाइ कार्यक्रम आबद्ध गरिएको छ ।

त्रिवर्षीय योजना अवधिसम्ममा करिब ८५.८ प्रतिशत जनसंख्यालाई आधारभूत तहको खानेपानी सेवा र ११.०६ प्रतिशत जनसंख्यालाई सुरक्षित खानेपानी पुगेको छ । यसैगरी सरसफाइतर्फ ६२ प्रतिशत जनतामा आधारभूत तहको सरसफाई सेवा पुगेको छ । यस अवधिमा सरसफाइलाई स्वास्थ्य र प्रतिष्ठाको विषय बनाउन सामाजिक अभियानका लागि जनस्तरमा व्यापक चेतना विस्तार भएको देखिन्छ । नेपाल खानेपानी संस्थानको उपत्यका भित्रको सम्पत्ति र दायित्व काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएको र सेवा सञ्चालनको जिम्मेवारी काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई दिइएको छ । मेलम्ची खानेपानी आयोजनाको बाँकी काम सन् २०१६ सम्म सक्ने गरी ठेक्का सम्झौता भएको छ ।

सन् २०१७ सम्ममा सबैलाई आधारभूत खानेपानी एवं सरसफाइ सेवामा पहुंच पुऱ्याउने राष्ट्रिय लक्ष्य पूरा गर्न अझै घनीभूत प्रयास गर्नुपर्ने स्थिति रहेको छ । सेवा उपलब्ध भएको जनसंख्याको प्रतिशततर्फ पनि ग्रामीण तथा शहरी क्षेत्रबीचमा र खानेपानी तथा सरसफाइ बीचमा अझै ठूलो अन्तर छ । खानेपानी सुविधा उपलब्ध गराउन बाँकी रहेका स्थानहरू प्रायशः न्यून जनघनत्व भएका र तुलनात्मक रूपमा बढी दुर्गम भएकाले सेवा विस्तार महँगो हुने हुँदा अनुसन्धानात्मक कार्यद्वारा उपयुक्त र सस्तो लागतको प्रविधि विकास गरी कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ ।

## ३. समस्या तथा चुनौतीहरु

खानेपानी तथा सरसफाइका आयोजनाहरूमा धेरै निकायहरूको संलग्नता रही आ-आफ्नै कार्यढाँचामा काम गर्दा समन्वयको कमी रहनु, धेरै आयोजनाहरूमा स्रोत छरिन पुग्नु, पर्याप्त बजेटको अभावमा पूराना आयोजनाहरूको नियमित मर्मत संभार र समयोचित सुधार तथा विस्तारका कार्य गर्न नसकिनु, बनजंगल विनाश र जलवायु परिवर्तनका कारण भइरहेका स्रोतहरू सुक्दै जानु यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

मागअनुसार दिगो र पर्याप्त मात्रामा नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउनु, सरसफाइ सेवामा सबैको पहुँच पुऱ्याउनु, काठमाडौ लगायतका ठूला शहरहरू तथा ग्रामीण र दुर्गम स्थानमा छरिएर रहेका बस्तीहरूमा माग अनुसारको खानेपानी सुविधा उपलब्ध गराउनु, सम्पन्न प्रणालीहरूको उचित मर्मत सम्भार, सुधार विस्तार तथा पुनर्निर्माण गरी सेवा पुनःस्थापन गर्नु, उपलब्ध स्रोतहरूको सही उपयोग गरी समतामूलक एवं व्यावसायिक तवरले वितरण गर्नु र खानेपानी तथा सरसफाइ क्षेत्रमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय कायम गरेर कार्यान्वयनमा एकरूपता ल्याई दोहोरोपना हटाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ४. दीर्घकालीन सोच

सुरक्षित तथा नियमित खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराई जनस्वास्थ्यमा सुधार गर्ने ।

## ५. उद्देश्य

सबै जनतालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने ।

## ६. रणनीति

१. राष्ट्रिय खानेपानी मापदण्ड २०६२ र सोको कार्य योजनाअनुरूप खानेपानी तथा सरसफाइ सेवामा पहुँच, गुणस्तर र सेवास्तर क्रमिकरूपमा वृद्धि गर्ने ।

२. खानेपानीको स्रोत उपलब्ध नभएका सुक्खाग्रस्त स्थानहरूमा वैकल्पिक स्रोतको रूपमा वर्षातको पानी सङ्कलन र उपयोग, सोलार वा विद्युतीय पम्पिङ, हाइड्रोलिक र्‍याम जस्ता प्रविधिहरू सञ्चालन गर्ने ।

३. खानेपानी तथा सरसफाई कार्यक्रममा क्रमशः क्षेत्रगत अवधारणा अवलम्बन गर्ने ।

४. खानेपानी तथा सरसफाइ संरचनाहरूको निर्माणमा स्थानीय स्रोत साधनको उपयोग प्रवर्द्धन गर्दै वातावरण मैत्री एवं जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्था गर्ने ।

## ७. कार्यनीति

१. सम्पन्न आयोजनाहरूबाट प्राप्त हुने प्रतिफल सुनिश्चित गर्न मर्मतसंभार कार्यलाई प्राथमिकता दिईनेछ । (१)

२. खानेपानीको नियमित आपूर्ति तथा सेवास्तर सुनिश्चित गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ । (१)

३. शहरी तथा अर्द्धशहरी खानेपानी प्रणाली निर्माण तथा सुदृढीकरण गर्दा लागत उठ्ती प्रणाली अवलम्बन गरिनेछ । (१)

४. ग्रामीण क्षेत्रमा सञ्चालन खर्च बेहोर्न सक्ने क्षमताको आधारमा खानेपानी सेवा विस्तार गरिनेछ । (१)

५. घरेलु शौचालय निर्माणलाई समेत खानेपानी आयोजनासँग आबद्ध गरी पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । (१)

६. खुला दिसामुक्त अभियानलाई अझै विस्तार गरी खुला दिसामुक्त घोषणापश्चात्का पूर्ण सरसफाइ कार्यक्रम सघनीकरण गरिनेछ (१)

७. खानेपानी तथा सरसफाइ सेवालाई अभियानका रूपमा सञ्चालन गर्न विभिन्न तहमा रहेका खानेपानी सरसफाइ तथा स्वच्छता समितिलाई थप सक्रिय बनाइनेछ । (१)

८. खानेपानी तथा सरसफाइका क्षेत्रमा निर्धारित राष्ट्रिय लक्ष्य पूरा गर्न खानेपानी तथा सरसफाई सहस्राब्दी विकास लक्ष्य द्रुत खाकालाई प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ । (१)

९. खानेपानी वितरण प्रणालीलाई मुख्य वितरण लाइन र घरेलु वितरण प्रणालीको रूपमा छुट्टाछुट्टै व्यवस्था गरिनेछ । (२)

१०. परम्परागत खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ । (२)

११. शहरी/अर्द्धशहरी घनाबस्ती भएका स्थानहरूमा प्रशोधन प्रणाली सहितको स्यानिटरी ढल निर्माण गरी प्रशोधन पश्चात्को पानी मात्र नदीमा पठाउने व्यवस्था गरिनेछ । (२)

१२. खानेपानी तथा सरसफाइ क्षेत्रमा क्रियाशील सबै सरकारी र गैरसरकारी निकायले जिल्लाको गुरूयोजनाभित्रका आयोजनाहरूलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । (३)

१३. बृहत् खानेपानी तथा सरसफाइ आयोजनाहरूको व्यवस्थापन उपभोक्ता संस्थाबाट हुन कठिनाइ भएको अवस्थामा व्यवस्थापन करारमा दिने नीति अवलम्बन गरिनेछ । (३)

१४. खानेपानी तथा सरसफाइ कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा एक बजेट एक कार्यक्रम र एक प्रतिवेदन प्रणालीको थालनी गरिनेछ । (३)

१५. खानेपानी तथा सरसफाइ संरचनाहरूको निर्माण र उपयोगमा सह-लगानीलगायत स्थानीय स्रोत साधनको प्रवर्द्धन गरिनेछ । (३)

१६. खानेपानी तथा सरसफाइ निर्माण र उपयोगमा वातावरण मैत्री एवं जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- **आधारभूत खानेपानी सेवा उपलव्ध गराउने कार्यक्रमहरुः** यस अन्तर्गत क्रमागत रूपमा सञ्चालन भैरहेका खानेपानी आयोजनाहरू निर्माण एवं विस्तार गर्ने, सुख्खा क्षेत्रमा सञ्चालन गरिने खानेपानी आयोजना निर्माण गर्ने, वर्षातको पानी संकलन र उपयोग जस्ता वैकल्पिक स्रोत परिचालन गर्ने, उपभोक्ताहरूको सहलगानीमा सञ्चालन गरिने खानेपानी आयोजना विस्तार गर्ने र ग्रामीण खानेपानीजस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **खानेपानी सेवास्तर तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरुः** यस अन्तर्गत मेलम्ची खानेपानी आयोजना, साना शहरी खानेपानी कार्यक्रम, खानेपानी सहलगानी कार्यक्रम, खानेपानी गुणस्तर सुधार कार्यक्रम, आर्सेनिक न्युनीकरण तथा निराकरण कार्यक्रम र प्रदूषणको जोखिम कम गर्ने पानी सुरक्षा योजना जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

- **मर्मत सुधार, पुनर्निर्माण तथा पुनःस्थापन गर्ने कार्यक्रमहरुः** यस अन्तर्गत सम्पन्न आयोजना मर्मत सुधार, पूनर्निर्माण तथा सेवा पुनर्स्थापना, डीप टयुबवेल तथा इलेक्ट्रो-मेकानिकल उपकरण पुनर्स्थापना र जलाधार तथा स्रोत संरक्षण, भूमिगत जल भण्डार पूनर्भरण जस्ता जलवायु परिवर्तनको प्रभाव कम गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **सरसफाई सुविधा र सेवास्तर अभिवृद्धि गर्ने कार्यक्रमहरुः** यस अन्तर्गत देशव्यापी अभियानको रूपमा सञ्चालन गरिने एकल (stand alone) पूर्ण सरसफाइ, खानेपानी आयोजनामा आबद्ध सरसफाइ कार्यक्रम, काठमाण्डौ उपत्यका ढल सुधार आयोजना, बागमती सुधार आयोजना, स्यानिटरी ढल निर्माण कार्यक्रम र जनचेतना अभिवृद्धि जस्ता कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **क्षमता अभिवृद्धि तथा संस्थागत सुधार गर्ने कार्यक्रमहरुः** यस अन्तर्गत खानेपानी तथा ढल निकास विभागको क्षमता अभिवृद्धि तथा संस्थागत सुधार, सूचना व्यवस्थापन, खानेपानी सेवा नियमन तथा अनुगमन र स्थानीय निकाय, उपभोक्ता समिति, सामुदायिक/गै.स.सं. र सम्बद्ध निकाय तथा आयोजनाका कर्मचारीहरूको सीप, ज्ञान तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछन् ।

## ९. अपेक्षित उपलब्धि

आधारभुत खानेपानी सेवा पुगेको जनसंख्या ९५ प्रतिशत पुगेको हुने, उच्च/मध्यमस्तरको खानेपानी सेवा पुगेको जनसंख्या १५ प्रतिशत पुगेको हुने, सरसफाइ सेवा ९२ प्रतिशत जनसंख्यामा पुगेको हुनेछ ।

## ४.३.५ संस्कृति

### १. पृष्ठभूमि

सांस्कृतिक सम्पदाहरू, धार्मिक, ऐतिहासिक तथा पूरातात्विक स्थलहरूको अध्ययन, अनुसन्धान, अन्वेषण, सर्वेक्षण, उत्खनन, संरक्षण र सम्वर्द्धनका साथै सांस्कृतिक प्रचलन, भाषा, कला, भेषभूषा र संस्कृतिको संरक्षण एवं जगेर्ना गर्ने कार्य भैआएको छ । स्वीकृत गुरुयोजनाबमोजिम पशुपति, लुम्बिनी, बृहत्तर जनकपुर विकास क्षेत्रलगायतका अन्य महत्त्वपूर्ण धार्मिक, पूरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण गरी धार्मिक पर्यटनको विकास गर्ने दृष्टिकोणले कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विश्व सम्पदा सूचीमा परेका स्थलहरूको उचित संरक्षण र व्यवस्थापन गरी  त्यस्ता क्षेत्रहरूको विकास र विस्तार गर्न मद्दत पुग्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन् । बौद्धिक सम्पत्ति संरक्षण, प्रतिलिपि अधिकारको नियमन जस्ता कार्यलाई विशेष प्राथमिकताकासाथ सञ्चालन गर्ने प्रयास भैरहेको छ ।

### २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजना अवधिभरमा साँस्कृतिक सम्पदाहरूको अध्ययन अनुसन्धान, पहिचान, संरक्षण र प्रर्वद्धन गरी यी सम्पदाहरूको माध्यमबाट पर्यटन क्षेत्रलाई सहयोग पुर्याउने उद्देश्यका साथ राष्ट्रिय संस्कृति नीति, २०६७ लागू भएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको संरक्षणका लागि कार्यक्रमहरू सञ्चालनमा रहेका र ७२ जिल्लाको पूरातात्विक सम्पदाहरूको सूचीकरण भई संरक्षण एवं सम्वर्द्धनका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । नारायणहिटी दरबार संग्रहालय क्षेत्रको विकासका लागि गुरुयोजना तयारीको क्रममा रहेको छ । स्थानीय निकाय र समुदायको सहभागितामा जातीय संग्रहालयहरू स्थापना गर्नको लागि कार्ययोजनाकासाथ कार्यक्रम अगाडि बढाइएको छ । बौद्धिक सम्पत्ति सम्बन्धी विश्व निकाय (WIPO) सँग समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन प्रयास गरिएका छन् । विभिन्न मुलुकहरूसंग सांस्कृतिक आदानप्रदान र सो मार्फत पर्यटन प्रवर्द्धन गर्न द्विपक्षीय समझदारी गर्ने कार्य अगाडि बढाइएको छ । देश भित्रका विभिन्न जाति, समुदाय, वर्गहरूमा रहेका अमूर्त साँस्कृतिक सम्पदाहरूको बृहत एवं वैज्ञानिक सूचीकरण गर्ने सम्बन्धमा १० जिल्लाको सूचीकरण गरिएको छ । गत त्रिवर्षीय योजना अवधिमा पूरातात्विक स्थल संरक्षण, विश्व सम्पदा स्थल संरक्षण र व्यवस्थापन गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन भएका छन् ।

### ३. समस्या तथा चुनौतीहरु

लुम्विनी विकास कोष, पशुपती क्षेत्र विकास कोष र वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को स्वीकृत गुरुयोजना अनुसारका कार्यहरू समयमै सम्पन्न गर्न पर्याप्त बजेट नहुनु, पूरातात्विक स्थलहरूको सोही तवरबाट संरक्षण र सम्वर्द्धन गर्न नसक्नु, राष्ट्रिय अभिलेखालय र राष्ट्रिय संग्रहालयको स्तरवृद्धि हुन नसकी अन्तर्राष्ट्रिय मान्यता अनुसार केन्द्रीयस्तरको काम सम्पादन हुन नसक्नु, विश्व सम्पदा सूचीमा सूचीकृत स्थलहरूमा मापदण्ड अनुसार  निर्माण  कार्य प्रभावकारी हुन नसक्नु, सम्पदा संरक्षणमा स्थानीय

निकाय, व्यक्ति, संघ, संस्थाहरूबीच सहकार्य, समन्वय र सहभागिता अपेक्षित रूपमा बढ्न नसक्नु, वौद्धिक सम्पति चोरीका घटनाहरूमा वृद्धि हुनु र दक्ष जनशक्तिको कमी हुनु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

विश्वसम्पदा सूचीमा परेका धरोहरहरूको दिगो संरक्षण गर्नु, पूरातात्विक स्थलहरूमाथिको अतिक्रमण नियन्त्रण गर्नु, विभिन्न विधामा गठन हुने रोयल्टी संकलन संस्थाको दिगोपना र स्थायित्व कायम राख्नु, कार्यरत निकायहरू बीच समन्वय बढाउनु, संघ, सस्थाहरूलाई सहभागितामूलक संरक्षण कार्यमा उत्साहित गर्नुका साथै नेपाल अमूर्त साँस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि, २००३ को पक्ष राष्ट्रको हैसियतले पालना गर्नुपर्ने दायित्वहरू पूरा गनु प्रमुख चुनौतीका रूपमा रहेका छन ।

## ४. दीर्घकालीन सोच

राष्ट्रिय साँस्कृतिक धरोहरलगायत विभिन्न जाति र समुदायका परम्परागत सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै नेपाललाई साँस्कृतिक एकताको सूत्रमा आबद्ध गर्ने ।

## ५. उद्देश्य

१. सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्ने ।

२. भाषा, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला जस्ता क्षेत्रको विकास गर्ने ।

३. समाजमा सामाजिक, सांस्कृतिक सद्भाव एवं एकता कायम गर्ने ।

४. सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने ।

५. साहित्य, कला, सङ्गीत, चलचित्र, सूचना प्रविधि एवं ज्ञान-विज्ञानको क्षेत्रका वास्तविक स्रष्टा एवं तत्सम्बन्धी अधिकारका धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्ने ।

## ६. रणनीति

१. ऐतिहासिक, पूरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण, विकास र प्रवर्द्धन गर्ने ।

२. सामाजिक, सांस्कृतिक, धार्मिक सहिष्णुता, राष्ट्रिय एकता अभिवृद्धि हुने गरी सबै सम्प्रदायको धार्मिक र सांस्कृतिक मूल्य मान्यताहरूको सम्मान गर्ने वातावरण सृजना गर्ने ।

३. सबै सम्प्रदायहरूले एकअर्काका धार्मिक र सांस्कृतिक सम्पदाहरूप्रति सम्मान दर्शाउने र आफ्नो धार्मिक, सांस्कृतिक सम्पदाको आफै संरक्षण र प्रवर्द्धन गराउने वातावरण तयार गर्ने ।

४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान कार्यक्रम सञ्चालन गर्ने ।

५. संस्कृति क्षेत्रमा राष्ट्रले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, सन्धि, सम्झौता तथा अनुमोदनलाई प्रभावकारी कार्यान्वयन गर्न यथोचितरूपमा लगानी अभिवृद्धि गर्ने ।

**७. कार्यनीति**

१. विश्व सम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र सम्वर्द्धन गर्नुका साथै अन्य सम्भावित स्थललाई समेत विश्व सम्पदा सूचीमा समावेश गराउन प्रयास गरिनेछ । (१)

२. सांस्कृतिक तथा पूरातात्विक क्षेत्रमा भएका जनशक्तिको यथोचित उपयोग तथा आवश्यक थप जनशक्तिको विकास गरिनेछ । (१)

३. देशभित्रै प्राथमिकस्तरको पूरातात्विक प्रयोगशाला स्थापना गरिनेछ । (१)

४. मूर्त-अमूर्त धार्मिक तथा सांस्कृतिक सम्पदा र उत्पादनहरूको सूचीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरी सम्बद्ध निकाय एवं समुदायलाई नै व्यवस्थापनको जिम्मा दिने गरी स्थानीय स्तरमा हस्तान्तरण गर्दै लगिनेछ । (१)

५. धार्मिक र सांस्कृतिक उत्थानका लागि स्थानीय स्तरमा आफै संरक्षण तथा प्रवर्द्धन गर्ने हेतुले कार्यक्रम सञ्चालन गरिनेछ । (२)

६. मूर्त तथा अमूर्त सम्पदाहरूको सुरक्षाको प्रभावकारी व्यवस्था गरिनेछ । साथै यस क्षेत्रबाट हुने आम्दानीलाई व्यवस्थित र विस्तार गर्दै आयमा आधारित लगानीलाई विशेष जोड दिइनेछ । (३)

७. लोपोन्मुख भाषा तथा लोक संस्कृतिलाई संरक्षण गरिनेछ । (३)

८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार, अन्य पुरस्कार तथा सम्मान कार्यक्रमलाई संस्थागत तथा व्यवस्थित गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ । (४)

९. पशुपतिनाथ, लुम्बिनी र बृहत्तर जनकपुर जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्र एवं विषयहरूको अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसार तथा प्रवर्द्धन कार्यलाई विशेष जोड दिइनेछ । (५)

**८. प्रमुख कार्यक्रमहरु**

- राष्ट्रभरिका अमूर्त सम्पदाहरूको सूचीकरण गर्ने ।
- राष्ट्रिय महत्त्वका मूर्त सम्पदाहरूको अध्ययन, अनुसन्धान, उत्खनन, संरक्षण र विकास गर्ने ।
- विभिन्न संग्रहालय, सांस्कृतिक सम्पदा, प्रयोगशाला तथा अभिलेखालयहरूको संस्थागत क्षमता अभिवृद्धि एवं आधुनिकीकरण गर्ने ।

- विभिन्न जातजाति, भाषा, भाषीको मौलिक एवं परम्परागत संस्कृति एवं रीतिरिवाजको जगेर्ना एवं संरक्षण गर्ने ।
- नवप्रतिभा लक्षित प्रेरणामूलक कार्यक्रम सञ्चालन एवं सम्मान गर्ने ।
- लोपोन्मुख एवं पिछडिएको वर्गको भाषा, साहित्य, कला, संस्कृतिको अध्ययन अनुसन्धान गर्ने ।
- राष्ट्रिय भाषाहरूको शब्दकोष निर्माण तथा लब्ध प्रतिष्ठित लेखक तथा साहित्यकारहरूको लेख रचनाको प्रबर्द्धन गर्ने ।
- प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकाय र कर्मचारीहरूको क्षमता वृद्धि कार्यक्रम गर्ने ।
- पूरातात्विक स्थलहरूको उत्खनन, संरक्षण र सम्वर्द्धन गर्ने ।
- विश्व सम्पदा सूचीमा सूचीकृत स्मारकहरूको संरक्षण तथा जीर्णोद्वार गर्ने ।

**९. अपेक्षित उपलब्धि**

देशभित्रका सम्पूर्ण जाति, समुदायहरूको संस्कृतिको वैज्ञानिक तरिकाबाट सूचीकरण र लोपोन्मुख सांस्कृतिक सम्पदाहरूको जर्गेना भएको हुने, पूरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षणमा स्थानीय निकायहरूको स्वामित्व वृद्धि हुने, सांस्कृतिक समावेशीकरण तथा पूरातात्विक एवं ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण, पुनर्निर्माण एवं जिर्णोद्धार हुने, विभिन्न भाषा, धर्म, सांस्कृतिक सम्पदाहरू, परम्पराहरू तथा साहित्य, कला, रीतिरिवाजहरूको संरक्षण र प्रचार प्रसार हुने, साथै प्रतिलिपि अधिकारको संरक्षण भएको हुनेछ ।

## ४.३.६ सामाजिक सुरक्षा तथा संरक्षण

### ४.३.६.१ सामाजिक सुरक्षा

**१. पृष्ठभूमि**

हालका वर्षहरूमा सामाजिक सुरक्षणसम्बन्धी कार्यक्रमहरूमा सरकारको लगानी उल्लेखनीय रूपमा वृद्धि भएको छ । यी कार्यक्रमहरूलाई नियमन गर्ने, एकीकरण गर्ने र सुदृढीकरण गर्नेतर्फ अझै व्यवस्थित रूपमा कार्य अघि बढाउन बाँकी रहेको छ । साथै दीर्घकालीन सोच र स्पष्ट नीतिगत, संस्थागत र वित्तीय रणनीति समेत तयार गरी कार्यक्रमको दिगोपनालाई समेत ध्यान दिनुपर्ने स्थिति रहेको छ । विभिन्न क्षेत्रगत मन्त्रालयहरूका पृथक संयन्त्र मार्फत् कार्यान्वयन भैरहेका यी छरिएका कार्यक्रमहरूको उपादेयता, प्रभावकारिता र पर्याप्तताको बारेमा स्पष्ट लेखाजोखासहित कार्यक्रमलाई थप परिमार्जन गरी विस्तार गर्नुपर्ने स्थिति विद्यमान छ ।

## २. अद्यावधिक स्थिति

ज्येष्ठ नागरिक, एकल महिला, लोपोन्मुख जाति, अशक्त, अपाङ्गता भएका व्यक्ति, कर्णाली अञ्चलका सबै जातजाति र अन्य अञ्चलका दलित समुदायका पाँच वर्ष मुनिका बालबालिका आदिलाई सामाजिक सुरक्षा भत्ता स्थानीय निकायमार्फत् वितरण गर्ने गरिएको छ । प्रचलित नीतिगत व्यवस्था अनुरूप ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति लगायत सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राही व्यक्तिहरूको संख्या आ.व ०६७/६८ मा ११ लाख ५५ हजार रहेकोमा आर्थिक वर्ष ०६९/७० मा करिब २१ लाख पुगेको  छ । शिक्षा, स्वास्थ्य, जस्ता अन्य क्षेत्रगत मन्त्रालयहरूबाट समेत लक्षित समूह, वर्ग र क्षेत्रका व्यक्तिहरूलाई केन्द्रित गरी सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । गरिब घर परिवार पहिचान गर्न कञ्चनपुर र डडेलधुराको प्रत्येक घर परिवारको आर्थिक तथा सामाजिक विवरण संकलन र घरपरिवार तहमा गरिबीको पहिचान गरी मन्त्रालयको एकीकृत पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नहुनु, गाउँ विकास समितिमा धेरै संख्यामा सचिवको दरबन्दी रिक्त रहनु, लाभग्राही व्यक्तिसम्बन्धी तथ्याङ्क अद्यावधिक नहुनु, सामाजिक सुरक्षा भत्ताको वितरणमा पारदर्शिता नहुदा विभिन्न प्रश्नहरू उठनु, भत्ता वितरण प्रक्रियाको सुपर्यवेक्षण तथा अनुगमन प्रभावकारी हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन् ।

विभिन्न निकायबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई अभिलेखीकरण गरी एकीकृत एबम् समन्वित रूपमा सञ्चालन गर्नु, ती कार्यक्रमहरूको अनुगमनलाई प्रभावकारी बनाउनु, लाभग्राही वर्गको भरपर्दो तथ्यांक तयार तथा अद्यावधिक गर्नु र सामाजिक सुरक्षा भत्ता बैंकमार्फत् भुक्तानी गर्न थालिएकोमा लाभग्राही व्यक्तिको बैंकसम्मको निकट पहुँच सुनिश्चित गर्नु प्रमुख चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति भई सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने ।

## ५. उद्देश्य

१. सामाजिक संरक्षणको माध्यमबाट गरिबी न्यूनीकरण, मानव विकास र सामाजिक न्यायमा सहयोग पुऱ्याउने ।

२. सबै नागरिकहरूका लागि न्यूनतम सामाजिक संरक्षण प्रदान गर्न पूर्वाधार तयार गर्ने ।

## ६. रणनीति

१. बढी जोखिमको सामना गरिरहेका समुदायहरूलाई पहिले सम्बोधन गर्ने ।

२. विद्यमान कार्यक्रमहरूको एकीकरण, सुदृढीकरण तथा सुधार गर्ने र सरकारका प्रयासहरू न्यूनतम सामाजिक संरक्षणको धरातल तयार गर्नमा केन्द्रित रहने ।

३. स्वैच्छिक एवं योगदानमूलक प्रणालीहरूलाई प्रोत्साहित गर्ने ।

## ७. कार्यनीति

१. अत्यन्त जोखिममा रहेका लोपोन्मुख एवं सीमान्तकृत समुदायहरू, एच.आइ.भी. एड्सबाट प्रभावित बालबालिका र आमाबाबु दुवै गुमाएका बालबालिकालाई क्रमश: कार्यक्रमहरूको सञ्जालभित्र ल्याइनेछ । (१)

२. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई सामाजिक, आर्थिक सशक्तीकरण, सामाजिक न्यायको प्रवर्द्धन र मानव विकासका कार्यक्रमहरूसँग आबद्ध गरी सहक्रियात्मक बनाउनेतर्फ जोड दिइनेछ । (१)

३. छरिएर रहेका विभिन्न सामाजिक संरक्षण सम्बन्धी कार्यक्रमको अभिलेखीकरण गरी एकद्वार प्रणालीको लागि आवश्यक अध्ययन गरिनेछ । (२)

४. सामाजिक संरक्षणसम्बन्धी राष्ट्रिय प्रारूपलाई अन्तिम रूप दिनुका साथै सामाजिक संरक्षण धरातललाई परिभाषित गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (२)

५. नेपाल सरकारबाट निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतलाई प्रदान गरिने निवृत्तिभरण प्रणालीको पुनरवलोकन गरी सुधार गरिनेछ । (२)

६. विद्यमान पोषणसम्बन्धी कार्यक्रमहरूलाई बहुक्षेत्रीय पोषण योजनाले परिलक्षित गरेको उद्देश्य हासिल गर्नेगरी समायोजन र सुदृढीकरण गरिनेछ । (२)

७. बढ्दो सामाजिक सुरक्षा खर्चलाई धान्नका लागि वित्तीय संभावना र स्रोतहरूको रणनीति तयार गरी सामाजिक संरक्षणसम्बन्धी राष्ट्रिय प्रारूपमा समावेश गरिनेछ । (२)

८. सामाजिक सुरक्षाका विषयमा संस्थागत सामाजिक उत्तरदायित्वको मान्यता अनुरूप निजी क्षेत्रलाई पनि पर्याप्त योगदान गर्न प्रोन्साहित गरिनेछ । (२)

९. सामाजिक सुरक्षा कोषको सुदृढीकरण गरी औपचारिक र अनौपचारिक क्षेत्रलाई लक्षित गरी योगदानमूलक सामाजिक बीमाका कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ । (३)

१०. सामाजिक स्वास्थ्य बीमाका कार्यक्रमहरूलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । (३)

११. कृषि र पशुपालनको क्षेत्रमा नवप्रवर्तनशील बीमाका कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (३)

१२. आवश्यक उत्प्रेरक प्रणाली र सेवाहरूको विकास गरी सामाजिक बीमाका कार्यक्रमहरू सञ्चालन गर्न निजी क्षेत्र र सहकारीलाई प्रोत्साहन गरिनेछ । (३)

## ८. प्रमुख कार्यक्रमहरु

- विद्यमान सामाजिक सुरक्षाका विभिन्न क्रियाकलापहरूलाई एकैठाउँमा अभिलेखीकरण गर्ने ।
- पञ्जीकरण र सामाजिक सुरक्षाका लागि तयार पारिएको एकीकृत व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने ।
- व्यक्तिगत घटना दर्तासम्बन्धी जनशक्तिको क्षमता विकास गर्ने ।
- सामाजिक सुरक्षा भत्ता थप नगरपालिका तथा गाउँ विकास समितिहरूमा समेत बैंकमार्फत् वितरण गर्ने ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको एकीकृत पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र स्थानीय निकायसँग सञ्जालीकरण गर्ने ।
- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको केन्द्रीकृत अनुगमन गर्ने प्रणालीको विकास र कार्यान्वयन गर्ने ।
- गरिब घरपरिवारको पहिचान तथा परिचयपत्र वितरण गरी स्वास्थ्य बीमा लगायत अन्य सेवा प्रवाहसँग आबद्ध गराउने ।
- घरपरिवारको आर्थिक सामाजिक विवरण दर्ता गर्ने ।
- विपन्न सीमान्तकृत तथा जोखिममा रहेका व्यक्ति, समुदाय र क्षेत्रका लागि न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- समुदायमा आधारित सामाजिक सुरक्षाका कार्यक्रमहरूको विस्तार, अनुगमन, अभिलेखीकरण र प्रकाशन गर्ने ।

## ९. अपेक्षित उपलब्धि

पञ्जीकरण र सामाजिक सुरक्षाको एकीकृत व्यवस्थापन सूचना प्रणाली स्थापना भएको हुने, सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा तर्जुमा भएको हुने, गरिब घरधुरीको तथ्याङ्क सबै स्थानीय निकायमा अद्यावधिक भएको हुने, सामाजिक सुरक्षाको कार्यान्वयनको केन्द्रीकृत अनुगमन प्रणालीको विकास भएको हुने, गाउँ विकास समितिमा बैंङ्क वा शाखाविहीन बैंङ्कबाट सुरक्षा भत्ता वितरण विस्तार भएको हुने, समुदायमा

आधारित सामाजिक सुरक्षा प्रणालीहरूको पहिचान र विस्तार भएको हुने, सामाजिक स्वास्थ्य बीमा अभियान सम्पन्न भएको हुने, सामाजिक क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि भएको हुने ।

### ४.३.६.२ ज्येष्ठ नागरिक

#### १. पृष्ठभूमि

ज्येष्ठ नागरिकहरूको आधारभूत हक अधिकारको संरक्षण गरी उनीहरूलाई सम्मानपूर्वक जीवनयापन गर्न, उनीहरूको उन्नति र संरक्षणका साथै सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनका लागि ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ र नियमावली, २०६५ जारी भएको छ । सरोकारवाला निकायहरूबीच समन्वयका लागि उच्चस्तरीय केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको स्थापना तथा सबै जिल्लामा हेरचाहका लागि जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भई सकेको छ ।

#### २. अद्यावधिक स्थिति

ज्येष्ठ नागरिकहरूको भरपर्दो तथ्यांक नभएको हुँदा हाल तथ्यांक संकलन कार्य भैरहेको छ। ज्येष्ठ नागरिकका भावना सम्बोधन हुने गरी विद्यमान सामाजिक सुरक्षाका प्रावधानहरूको पुनरवलोकन तथा विस्तारका लागि राष्ट्रिय योजना आयोग र सरोकारवाला मन्त्रालयहरूको सहयोगमा पहल भईरहेको छ भने सार्वजनिक सेवामा ज्येष्ठ नागरिकहरूलाई विशेष सुविधा दिन आवश्यक कदम चालिएका छन् । साथै ज्येष्ठ नागरिक आवास गृहहरूलाई मर्यादित, स्तरीय, समयानुकूल तथा ज्येष्ठ नागरिक मैत्री बनाउन ज्येष्ठ नागरिक आवास गृह सञ्चालन तथा पूर्वाधारसम्बन्धी निर्देशिका २०७० तयारीको क्रममा रहेको छ ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रीको अध्यक्षतामा केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति र जिल्ला तहमा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भई ज्येष्ठ नागरिकहरूको हकहित संरक्षणका लागि क्रियाशील छन् । त्यसैगरी ज्येष्ठ नागरिकहरूको स्याहार तथा हेरचाहका लागि प्रशिक्षण तथा निर्देशिका निर्माण कार्य भईरहेको छ । सबै क्षेत्रका असहाय ज्येष्ठ नागरिकलाई आश्रय प्रदान गर्न पाँच विकास क्षेत्रमा १/१ वटा नमूना ज्येष्ठ नागरिक आश्रम स्थापना भई सञ्चालनमा छन् भने विगतमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत् सञ्चालन गरिएको ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रमलाई स्वास्थ्य मन्त्रालय अन्तरगत निरन्तरता दिइएको छ । त्यसैगरी ज्येष्ठ नागरिक प्रति नयाँ पुस्तामा सकारात्मक भावना जगाउन अन्तरपुस्ता सौहार्दता कार्यक्रम सञ्चालन गरिएको छ भने ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीपलाई हस्तान्तरण गरी उपयोग गर्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । साथै गैरसरकारी क्षेत्रबाट संचालित ज्येष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम तथा ज्येष्ठ नागरिक आश्रमलाई व्यवस्थित गर्न नियमितरूपमा सहयोग उपलब्ध हुँदै आएको छ । निजीक्षेत्रबाट सञ्चालित आश्रमहरूको समेत संस्थागत सुधार एवं अनुगमन कार्य भैरहेको छ ।

## ३. समस्या तथा चुनौतीहरु

ज्येष्ठ नागरिक सम्बन्धी विद्यमान नीति, योजना, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय घोषणा, प्रतिवद्धता तथा ज्येष्ठ नागरिकका आवश्यकता अनुरूप कार्यक्रम आशातितरूपमा सञ्चालन गर्न नसकिनु, ज्येष्ठ नागरिकका पक्षमा विभिन्न तहमा भएका निर्णय तथा कानुनले प्रत्याभूत गरेका विषयलाई समेत पूर्ण रूपमा कार्यान्वयन र अनुगमन गर्न नसकिनु, स्रोत तथा साधनको अभाव रहनु, ज्येष्ठ नागरिकको स्वास्थ्य, रेखदेख, सुरक्षा र पुनर्स्थापनाका लागि उपयोगी कार्यक्रम सञ्चालन गर्न नसक्दा उनीहरू असन्तुष्ट रहनु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम नियमन र समन्वय पर्याप्त हुन नसक्नु ,समुदायमा सकारात्मक भावनाको अपेक्षित विकास हुन नसक्नु, ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवको उपयोग गर्ने कार्यक्रमहरूलाई व्यापकता दिन नसक्नु, र वृद्धाश्रम, ज्येष्ठ नागरिक दिवासेवा केन्द्र तथा क्लबहरूको सञ्चालन व्यवस्थित हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

ज्येष्ठ नागरिकहरूको आधारभूत हक अधिकारको संरक्षण गर्दै उनीहरूका लागि सम्मानजनक र सन्तुष्टिपूर्ण जीवनयापनको अवसर सुनिश्चित गर्ने ।

## ५. उद्देश्य

ज्येष्ठ नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि अनुकूल सेवा र सुविधाहरू विस्तार गर्ने ।

## ६. रणनीति

१. आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूमा ज्येष्ठ नागरिकहरूको पहुँच विस्तार गर्ने ।

२. विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकका लागि लक्षित गरी राहत, बासस्थान, स्वास्थ्य सेवाजस्ता विशेष कार्यक्रम सञ्चालन गर्ने ।

३. ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई अधिकतम सदुपयोग गर्ने ।

## ७. कार्यनीति

१. ज्येष्ठ नागरिकलाई उपलब्ध गराइने भत्ता रकम बैंकिङ प्रणालीमार्फत् भुक्तानी गर्दै जाने व्यवस्था गरिनेछ । (१)

२. ज्येष्ठ नागरिकहरूको लागि राज्यबाट प्रदान गर्ने यातायात, स्वास्थ्यजस्ता सेवा सुविधामा अग्राधिकार दिने र यस्तो अग्राधिकारको सुविधा उपलब्ध गराउन निजी क्षेत्रलाई पनि प्रोत्साहित र निर्देशित गरिनेछ । (१)

३. अस्पतालहरूमा ज्येष्ठ नागरिकहरूको सुविधामा पहुँच वृद्धि गर्नका लागि उपचार शुल्कमा छुट र निश्चित सङ्ख्यामा शैय्या छुट्टयाउने व्यवस्था मिलाइनेछ । (१)

४. परित्यक्त, हिंसापीडित, शारीरिक एवं मानसिकरूपले अशक्त भएका तथा विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरूकालागि लक्षित गरी विशेष राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । (२)

५. बृद्धाश्रम सञ्चालनसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन र अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । (२)

६. गैरसरकारी संस्थाहरूलाई ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । (२)

७. सार्वजनिक प्रयोगका साधन र भौतिक संरचनाहरूलाई क्रमशः ज्येष्ठ नागरिक मैत्री बनाइनेछ । (२)

८. वृद्धाश्रम बनाउने र सञ्चालन गर्ने कार्यमा निजीक्षेत्रको लगानीलाई प्रोत्साहन गरिनेछ र निजी क्षेत्र सञ्चालित वृद्धाश्रममा असहाय वृद्धवृद्धाहरूको लागि सहुलियत दरमा आरक्षणको व्यवस्था गरिनेछ । (२)

९. ज्ञान, सीप र अनुभवको उपयोगका लागि अवसरहरू सृजना गरिनेछ । (३)

१०. स्थानीय स्तरमा तर्जुमा गरिने आयोजना र कार्यक्रमहरूमा ज्येष्ठ नागरिकहरूसँग सल्लाह, सुझाव लिने व्यवस्था गरिनेछ । (३)

११. ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवलाई अधिकतम सदुपयोग गरी वृद्धवृद्धाको आवश्कता र महत्त्वबारे जागरण फैलाउने विषयलाई विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गर्ने । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- सार्वजनिक सेवा विशेषगरी यातायात, सञ्चार र स्वास्थ्यमा ज्येष्ठ नागरिकहरूलाई विशेष सुविधा दिने ।
- पाँच विकास क्षेत्रमा रहेका १/१ वटा नमूना ज्येष्ठ नागरिक आश्रम तथा वृद्धाश्रमहरूको अनुगमन गरी सुदृढीकरण तथा सञ्चालन गर्ने ।
- गैरसरकारी क्षेत्रबाट सञ्चालित ज्येष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम तथा ज्येष्ठ नागरिक आश्रमलाई मापदण्ड अनुकूल बनाउने ।
- अन्तरपुस्ता सौहार्द्रता कायम गर्नका लागि विद्यालय स्तरीय पाठ्यक्रममा समावेश गर्ने र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नमूनाको रूपमा ३ वटा ज्येष्ठ नागरिक ग्राम निर्माण गर्ने ।
- ज्येष्ठ नागरिकहरूको तथ्यांक संकलन तथा प्रोफाइल अद्यावधिक गर्ने ।

- पशुपति वृद्धाश्रमको सुदृढीकरण तथा व्यवस्थापन गर्ने ।
- वृद्धाश्रम निर्माण र सञ्चालन कार्यमा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्ने ।

**९. अपेक्षित उपलब्धि**

ज्येष्ठ नागरिकहरूले राहतस्वरूप विशेष सुविधा प्राप्त गरी सम्मानपूर्वक जीवन यापन गरेको हुने, ज्येष्ठ नागरिकहरूको तथ्यांक अद्यावधिक भएको हुने र सरकारद्वारा उपलव्ध गराइएको सेवा सुविधाहरूमा ज्येष्ठ नागरिकहरूको पहुँच सहज हुने, वृद्धाश्रमहरूको सेवा प्रवाहमा सुधार भएको हुने ।

## ४.३.६.३ अपाङ्गता भएका व्यक्तिहरु

**१. पृष्ठभूमि**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेख २००६ लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्नका लागि समुदायमा आधारित पुनःर्स्थापना कार्यक्रम, विशेष शिक्षा, समाहित शिक्षा, निःशुल्क सहायक सामग्री, अपाङ्गतासम्बन्धी चेतनामूलक श्रव्य दृश्य सामग्री, समावेशीकरण, अपाङ्गता भएका व्यक्तिहरूको संस्थागत विकास अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायत विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालनमा छन् ।

**२. अद्यावधिक स्थिति**

अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार प्रवर्द्धन तथा उपभोगमा सहज तुल्याउन अपाङ्ग संरक्षण तथा कल्याण ऐन, नियमावली, राष्ट्रिय नीति र कार्ययोजना समेत तयार गरी नेपाल सरकारले कार्यान्वयनमा ल्याएको छ । अपाङ्गताको परिभाषा र वर्गीकरण गरी ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयबाट अपाङ्गता परिचय पत्र प्रदान गर्ने व्यवस्था गर्नुका साथै अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थामार्फत् समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत स्वास्थ्य, शिक्षा, जीविकोपार्जन तथा सामाजिकीकरण सञ्चालन भइरहेका छन् । अपाङ्गता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नीति तथा कार्यक्रम एवं सोअनुरूप उपलब्ध गराइने सेवा तथा सुविधा र त्यसको उपभोग गर्ने प्रक्रिया सहितको सरल पुस्तिका "अपाङ्गता स्रोत पुस्तिका" तयार पारी मुलुकका सबै गाउँ विकास समिति तथा नगरपालिकाहरू एवं सरोकारवाला निकायहरूमा वितरण गरिएको छ । अपाङ्गता भएका महिलाहरूको लागि काठमाडौंमा आवासीय छात्रावास तथा पुनःस्थापना कार्यक्रम सुरुआत गरिएको छ । मध्यमाञ्चलमा अपाङ्गता पुनर्स्थापना केन्द्र स्थापनाको क्रममा रहेको छ । साथै निजामती सेवामा आरक्षणको व्यवस्था गरिएको छ भने निजी क्षेत्रका उद्योग, प्रतिष्ठान तथा कलकारखानाहरूमा रोजगारीका लागि ५ प्रतिशत कोटा छुट्याउने कानुनी व्यवस्थाका साथै आयकरको छुटमा सहुलियत प्रदान गरेको अवस्था छ । अपाङ्गता भएका व्यक्तिका लागि अस्पतालमा निश्चित शैया सुनिश्चित गरिनु पर्ने र यात्रा गर्दा सवारी साधनको भाडा दरमा ५० प्रतिशत छुट तथा सिट आरक्षणको समेत कानुनी व्यवस्था रहेको छ । अपाङ्गता भएका

व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्रीहरूमा भन्सार छुटको व्यवस्था तथा घर जग्गा रजिष्ट्रेशन दस्तुर छुटजस्ता सेवा सुविधाहरू प्रदान गरिंदै आएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध सुविधा न्यून रहनु, उपलब्धिहरूको वितरणमा समस्या रहनु र असाध्य रोग जस्तै हेमोफेलीया, कुष्ठरोग, मानसिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन नहुनु, रोजगार स्वरोजगारका पर्याप्त प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन नहुनु यसका प्रमुख समस्या हुन् । राज्यद्वारा प्रदान गरिने सेवा सुविधाहरू सबै अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुऱ्याउन नसकिनु, अपाङ्गता भएका व्यक्तिहरूको हितका लागि आवश्यक पर्ने सेवा विस्तार गर्न नसकिनु र कानुनी प्रावधानको समेत प्रभावकारी अनुगमन हुन नसक्नु जस्ता अन्य समस्या रहेका छन् । अपाङ्गतासम्बन्धी सचेतनामा कमी हुनु, सार्वजनिक स्थल, सवारी साधन तथा सेवाहरूलाई अपाङ्ग मैत्री बनाउने, अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगारमूलक सीप प्रदान गरी आत्मनिर्भर बनाउने, अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सेवा सुविधा र कृत्रिम साधनहरूको उत्पादन र वितरण प्रभावकारी बनाउने जस्ता कार्यहरू चुनौतीपूर्ण रहेका छन् ।

### ४. दीर्घकालीन सोच

अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिकरूपमा समेत स्वावलम्बी बनाउने ।

### ५. उद्देश्य

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानपूर्ण र अवरोधमुक्त वातावरणमा स्वाभिमान र आत्मनिर्भर बनाउनका लागि समान अवसर तथा सेवा सुविधाहरूमा पहुँच बढाउदै सशक्तीकरण गर्ने ।

### ६. रणनीति

१. समुदायमा आधारित पुनःस्थापना कार्यक्रमका माध्यमबाट मूलप्रवाहीकरण गर्न जोड दिने ।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिकरूपले सशक्त बनाई रोजगारीमा पहुँच र स्वरोजगारीका अवसर प्राप्त हुने वातावरणको निर्माण गर्ने ।

### ७. कार्यनीति

१. समुदायमा आधारित पुनःस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । (१)

२. अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सामानहरू स्वदेशमै उत्पादन गर्ने र तिनमा सबैको पहुँच विस्तार गरिनेछ । (१)

३. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सचेतनामूलक कार्यहरू सञ्चालन गरिनेछ । (१)

४. नयाँ निर्माण तथा पुनर्निर्माण हुने सरकारी भवन,सार्वजनिक स्थलका सेवा, सडक यातायात, शिक्षालगायत पूर्वाधार संरचना तथा सुविधालाई अपाङ्गता मैत्री बनाउँदै लगिनेछ । (१)

५. अपाङ्गता स्रोत केन्द्रहरूको स्थापना गर्दै वारिस नभएका व्यक्तिहरूका लागि गैरसरकारी संघसस्था/निजी क्षेत्रको साझेदारीमा पुनःस्थापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिनेछ । (१)

६. अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकूद तथा मनोरञ्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

७. साङ्केतिक भाषाको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । (१)

८. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदानगरी रोजगारी अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सृजना गरिनेछ । (२)

९. अपाङ्गता भएका व्यक्तिहरूलाई सहज सेवासुविधा पुऱ्याउन अपाङ्ग मैत्री भौतिक संरचना बनाउने र भैरहेका संरचनाहरूको सुधार गरिनेछ । (२)

**८. प्रमुख कार्यक्रमहरु**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ र इन्चोन रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- शारीरिक तथा मानसिक रूपमा कमजोर र अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत आवश्यकता सुनिश्चित गर्नको लागि शिक्षा, रोजगार, स्वास्थ्य जस्ता क्षेत्रमा अपाङ्गताको संबेदनशीलता र प्रकार हेरी सहुलियतमा वा निःशुल्क सेवा पुऱ्याउने र सोको अनुगमन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई रेफरल सर्भिस लगायत आवश्यक सूचना तथा जानकारीहरू उपलब्ध गराउनका लागि सशक्तीकरण तथा सूचना केन्द्र (हेल्पडेस्क) सञ्चालन गर्ने।
- सबै विकास क्षेत्रमा साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपयोगी हुने सहायता सामग्री वितरण कार्य सुचारु गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक निजी र गैर सरकारी क्षेत्रमा रोजगारीका लागि प्राथमिकता दिन प्रेरित गर्ने तथा यस्ता कार्यहरूको अनुगमन गरी अभिलेख व्यवस्थापन गर्ने ।

- निजी तथा गैरसरकारी संस्थाको सहकार्यमा अपाङ्गता भएका व्यक्तिका लागि दिवा सेवा तथा आवासीय पुनःस्र्थापना केन्द्रको स्थापना र सञ्चालन हुने ।

### ९. अपेक्षित उपलब्धि

कानुनी, संस्थागत, भौतिक पूर्वाधारहरूको विस्तार भई अपाङ्गता मैत्री र अवरोधमुक्त वातावरण निर्माण भएको हुने, बेवारिसे अपाङ्गता भएका महिला तथा पुरुषका लागि निजी तथा गैरसरकारी संस्थासमेतको साझेदारीमा पुनःस्र्थापना केन्द्रको स्थापना भएको हुने, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहयोगी सामग्रीहरूको उत्पादन तथा उपलब्धतामा वृद्धि भएको हुनेछ ।

## ४.३.६.४ बालबालिका तथा किशोरकिशोरी

### १. पृष्ठभूमि

बालबालिका तथा किशोरकिशोरीहरूको अधिकारको संरक्षण र प्रवर्द्धन गर्न नेपाल सरकारले आवश्यक कानुन र नीति तर्जुमा गरी सरोकारवाला निकायको समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । साथै बालबालिका तथा किशोरकिशोरीहरू विरुद्धका सबै प्रकारका शोषण, भेदभाव र दुर्व्यवहार नियन्त्रण गरी शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गर्न सरकारले बालबालिका तथा किशोरकिशोरीसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका विभिन्न घोषणा तथा प्रतिबद्धताअनुसारको प्रावधानहरू कार्यान्वयन गरी उनीहरूको जीवनस्तर सुधार गर्नेतर्फ उन्मुख हुनेगरी योजना तयार गरेको छ । एकीकृत बालसंरक्षण प्रणालीको विकासका साथै बालश्रम न्यूनीकरण, सडक बालबालिकाको व्यवस्थापन, बाल विवाहको रोकथाम लगायत विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, हिंसा र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण र बालअधिकार उपभोगको सुनिश्चितताका लागि यो योजना केन्द्रित रहेको छ ।

### २. अद्यावधिक स्थिति

वि.सं. २०६८ को जनगणना अनुसार देशको कूल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिका तथा किशोरकिशोरी ४४.४ प्रतिशत रहेका छन् भने १०-१९ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीको जनसंख्या २४.१९ प्रतिशत रहेको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ र नियम २०५१ को कार्यान्वयनवाट समेत बालबालिकाको समग्र विकासमा सकारात्मक नतिजा प्राप्त हुन थालेका छन् । बालबालिकाको हकहित र अधिकारलाई प्राथमिकताकासाथ कार्यान्वयनमा ल्याउन बालअधिकारका मुख्य विषयहरू बाल बचावट, संरक्षण, विकास र अर्थपूर्ण सहभागिताका लागि बालबालिकाका लागि १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) कार्यान्वयन भैरहेको छ । यसैगरी किशोरकिशोरीको हक अधिकार सुनिश्चित गरी विकास प्रक्रियामा उनीहरूको सहभागिता अभिवृद्धि गर्ने ध्येयले किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन हुने अवस्थामा रहेको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ लागू गरिएका छन् । देशभरी सञ्चालनमा रहेका आवासीय बालगृहमा आश्रित बालबालिकाको संरक्षण तथा मापदण्ड कार्यान्वयनका लागि केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिबाट प्रभावकारी अनुगमन तथा पृष्ठपोषण गरिएको छ । गरिब र दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको छ भने अपाङ्गता हुनेहरूका लागि शिक्षा, स्वास्थ्य, तालिम, सीप विकास, सचेतना, तथा समुदायमा आधारित पुनःस्थापना कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । नेपाल प्रहरीमा महिला तथा बालबालिका सेवा निर्देशनालय र प्रत्येक जिल्ला प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रहरू गठन गरी सेवा सञ्चालन गरिएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

राज्यले बालबालिका र किशोरकिशोरीको अधिकारलाई प्रत्याभूति गराउने प्रयासको बावजुद पनि केही बालबालिका र किशोरकिशोरी आधारभूत अधिकार उपभोगबाट बञ्चित हुनु, बालबालिका र किशोरकिशोरीसम्बन्धी कार्यहरूमा समन्वय र सहकार्य प्रभावकारी रूपमा हुन नसक्नु, बालबालिका र किशोरकिशोरीको संरक्षण, सामाजिक सुरक्षा र यौन शोषण, दुर्व्यवहारसम्बन्धी विद्यमान् कानुनको कार्यान्वयन पक्ष फितलो रहनु, बालन्याय प्रणाली र बाल मैत्री स्थानीय निकायको पनि अपेक्षाकृत सुदृढीकरण र विस्तार  हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन् ।

साथै, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका, ग्रामीण तथा दुर्गम क्षेत्र र गरिबीको मारमा परेका परिवारका बालबालिका तथा किशोर किशोरीको शिक्षा, स्वास्थ्य लगायतका पोषण सेवामा पहुँच र सामाजिक सुरक्षाको स्थितिमा आशातित रूपमा सुधार हुन नसक्नु, बालश्रमिक, द्वन्द्व प्रभावित, एच.आई.भी.एड्स प्रभावित तथा संक्रमित, बेचबिखनबाट पीडित, सडक बालबालिका, सुस्त मनस्थिति भएका र लागूऔषधका दुर्व्यसनी तथा जोखिममा रहेका बालबालिकाको लागि सामाजिक सुरक्षा, संरक्षण र पुनःस्थापना गर्नु चुनौतीपूर्ण रहेको छ ।

### ४. दीर्घकालीन सोच

सबै समुदायका बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरी समग्र व्यक्तित्वको विकास गर्न सक्ने बाल मैत्री वातावरण सृजना गर्ने ।

### ५. उद्देश्य

१. बालबालिकाको समग्र अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने ।

२. बालबालिका तथा किशोरकिशोरी उपर हुने सवै प्रकारका हिंसा र दुर्व्यवहारहरूलाई उन्मूलन गर्ने ।

३. सबै किसिमको बालश्रमको उन्मूलन गर्ने ।

## ६. रणनीति

१. बालबालिका तथा किशोरकिशोरीहरू विरुद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार र भेदभाव र बहिष्करणको नियन्त्रण गरी बालबालिकालाई उनीहरूको अधिकारको प्रत्याभूति गर्ने ।

२. गर्भावस्थादेखि जन्म पछिसम्म आवश्यक स्याहार तथा पोषण व्यवस्थाको सुनिश्चितता गर्ने ।

३. बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

## ७. कार्यनीति

१. आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोरकिशोरीहरूलाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो बीचार अभिव्यक्त गर्न पाउने अवसर दिई विकास र सामुदायिक तहको निर्णय प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गरिनेछ । (१)

२. सबै किसिमका बाल अधिकारहरू र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि कानुनी एवं संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ । (१)

३. बेचबिखनमा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनःर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू लागू गरिनेछ । (१)

४. बालबालिकाहरूको जन्म दर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिनेछ । (१)

५. अन्तर्देशीय तथा आन्तरिक धर्मपुत्र धर्मपुत्री व्यवस्थापन सम्बन्धी  कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ । (१)

६. बालगृहहरूलाई आवासीय बाल गृहहरूको सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०६९ अनुकूल बनाईनेछ । (१)

७. गर्भावस्थामा शिशु र आमाको सुरक्षाका लागि पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । (२)

८. सबै बालबालिकाहरूलाई आधारभूत शिक्षा प्रदान गरी तिनलाई विद्यालयमा टिकाई राख्न स्थानीय निकाय र समुदायसँग  प्रभावकारी सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

९. बालबालिका तथा किशोरकिशोरीहरूलाई उनीहरूसँग सम्बन्धित विषयहरूमा शैक्षिक संस्थाहरूमा परामर्श दिने प्रणालीको थालनी गरिनेछ । (३)

१०. बाल संरक्षण समिति र बाल क्लब सञ्चालन र परिचालनका लागि बाल क्लबहरूलाई सहयोग पुऱ्याइनेछ । (३)

११. किशोरकिशोरीहरूका लागि जीवन उपयोगी सीप प्रदान गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । (३)

## ८. प्रमुख कार्यक्रमहरु

### कानुन तथा नीतिगत सुधार कार्यक्रम

बालबालिका तथा किशोरकिशोरीसँग सम्बन्धित रहेका कानुन तथा नीतिगत दस्तावेजहरूको समयानुसार पुनरवलोकन गर्ने तथा सडक बालबालिका उद्धार तथा पुनर्स्थापना सम्बन्धी रणनीति तयार गर्ने ।

### बालबालिकाको संरक्षण र बालअधिकार सम्बर्द्धनसम्बन्धी कार्यक्रम

- हराएका बालबालिकाको खोजी तथा पुनःर्स्थापना, जोखिममा रहेका बालबालिकाको आपत्कालीन सेवा, उद्धार एवं पुर्नस्थापना, बालअधिकार उल्लंघनका घटनाबाट प्रभावित बालबालिकाको तत्काल उद्धार तथा संरक्षणका लागि बालहेल्प लाइन निःशुल्क फोन १०९८ सहितको एकीकृत सेवाको प्रभावकारी सञ्चालन तथा विस्तार, आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण तथा अनुगमन, सरोकारवालाहरूलाई उत्तरदायी बनाउन बालबालिकासम्बन्धी जानकारी तथा सूचनाहरूको प्रवाह र जनचेतना अभिवृद्धि गर्ने ।

- बालकल्याण समिति कोषको स्थापना गरी जोखिममा परेका र सीमान्तकृत बालबालिकाको उद्धार, संरक्षण र बालअधिकार सम्बर्द्धन जस्ता कार्यक्रम सञ्चालन गर्ने । मानसिक समस्या भएका र सुस्त मनस्थिति भई परिवारबाट त्यागिएका बालबालिकाको संरक्षणका लागि सुस्त मनस्थिति केन्द्रको स्थापना तथा सञ्चालन, सबै जिल्लामा भौतिक पूर्वाधार सहितको बालइजलासको क्रमशः स्थापना, विद्यालय बाहिर रहेका बालबालिका तथा किशोरकिशोरीको अनौपचारिक शिक्षा तथा सीप र रोजगारमूलक तालिम कार्यक्रम, बालबालिका माथि हुने शारीरिक, मानसिक सजाय तथा दुर्व्यवहारबारे तत्काल उजुरी एवं सम्बोधन गर्ने प्रणाली विकास गर्ने ।

- इन्टरनेटका माध्यमबाट हुने बालदुर्व्यवहार तथा बालशोषण एवं बाल अश्लिल सामग्रीहरूबाट बालबालिकाको संरक्षणका लागि आवश्यक कानुनी व्यवस्था गर्ने तथा यस सम्बन्धी बालबालिकाहरूलाई सचेत गर्ने ।

### अन्य कार्यक्रमहरुः

- बालबालिकालाई आमाबाबुको हेरचाहमा हुर्कन पाउने अधिकार प्रर्वद्धन गर्न चेतनामूलक पारिवारिक सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

- आन्तरिक धर्मपुत्र धर्मपुत्रीसम्बन्धी व्यवस्थालाई व्यवस्थित बनाउन

नीति/कार्यविधिको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

- बालबालिका र किशोरकिशोरीको अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धनको क्षेत्रमा कार्यरत संस्था तथा निकायहरूको क्षमता अभिवृद्धि गर्ने
- बालबालिकासम्बन्धी कार्य गर्ने संस्थाहरूबीच समन्वय र बाल कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन कार्यक्रम, बालबालिकासम्बन्धी सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण तथा विस्तार कार्यक्रम सञ्चालन गरिने ।

### ९. अपेक्षित उपलब्धि

बालबालिका तथा किशोरकिशोरीमा हुने शारीरिक हिंसा र श्रममा आबद्ध बालबालिका (५-१७ वर्ष) को संख्यामा कमी आएको हुने, विद्यालय तथा समुदायमा बालबालिका बिरुद्ध हुने हिंसा, दुर्व्यवहार र शारीरिक मानसिक सजाँयमा कमी आएको हुने, बालबालिकासँग सम्बन्धित सबै निकाय तथा संघसंस्था बीच सूचना, जानकारी, तथ्यांकको आदानप्रदान गरी एकीकृत रूपमा सूचनाको उपलब्धता सुनिश्चित हुने, राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि राष्ट्रिय र स्थानीय संयन्त्रहरूको सुदृढीकरण भएको हुने, बाल अधिकारसम्बन्धी महासन्धि र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरूप बालबालिकाको सर्वोतम हित सुनिश्चित भई दुर्व्यवहार र भेदभावमा कमी आएको हुने, शिक्षा, बाल विकास, स्वास्थ्य पोषण र अन्य सम्बन्धित क्षेत्रमा बाल मैत्री वातावरणको प्रवर्द्धन हुने, बाल हेल्पलाईन सुदृढ हुनुका साथै थप ५ जिल्लामा समेत यस्तो सेवा सञ्चालन हुने एवं स्रोतकेन्द्रको स्थापना हुने ।

## ४.४ युवा विकास

### १. पृष्ठभूमि

नेपालमा कूल जनसङ्ख्याको ४०.३५ प्रतिशत युवाहरू रहेका छन् । राष्ट्रिय युवा नीति २०६६ कार्यान्वयनमा आईसकेको छ । युवासँग सम्बन्धित कृषि, पर्यटन, गैर-काष्ठ वनजन्य उत्पादन क्षेत्रमा लघु उद्यम अथवा लघु व्यवसाय विकास, रोजगारी र स्वरोजगार, एच.आइ.भी एड्स, लैङ्गिग हिंसा, लागू पदार्थ दुर्व्यसन तथा अन्य सामाजिक कुरीतिहरू विरुद्ध सचेतना कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

### २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजना अवधिमा २,००० युवालाई युवा साझेदारी कार्यक्रम मार्फत् प्रशिक्षित गर्ने कार्यक्रम रहेकोमा २५,५५४ जनालाई प्रशिक्षित गरिएको, यसैगरी ४,००० युवालाई मानव तस्करी तथा बेचबिखन नियन्त्रण कार्यमा सचेतना अभिवृद्धि गराउने कार्यक्रम रहेकोमा २,७५३ लाई सहभागी गराइएको र विशेष प्राथमिकता समूहका ४,००० युवालाई स्वरोजगार तथा रोजगारसम्बन्धी सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा ३,९९० युवालाई तालिम दिइएको छ । यी कार्यक्रमबाट युवाहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास र रोजगारी स्थितिमा सुधार आएको अनुमान गरिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृत्ति तीव्र रहनु, आवश्यक सामाजिक, आर्थिक सेवाहरूको उपलब्धता र पहुँच न्यून हुनु, सकारात्मक सोच, व्यावहारिक र व्यावसायिक शिक्षा प्रदान गर्न नसक्नु, दुर्व्यसन, अपराध र अन्य असामाजिक कार्यबाट युवाहरूलाई मुक्त गर्न नसक्नु जस्ता समस्याहरू विद्यमान छन् । यसैगरी प्रत्येक वर्ष श्रम बजारमा आउने युवा जनशक्तिको अनुपातमा वजारमा रोजगारी सृजना गरी स्वदेशमै युवा जनशक्तिलाई उत्पादनमूलक क्रियाकलापमा आवद्ध गराउनु नै प्रमुख चुनौतीको रूपमा रहेको छ ।

## ४. दीर्घकालीन सोच

युवाको आधारभूत अधिकारको प्रत्याभूति गर्दै उनीहरूमा उद्यमशीलता, सिर्जनशीलता एवं सकारात्मक सोचका साथै सीप र क्षमता अभिवृद्धि गर्ने ।

## ५. उद्देश्य

युवाहरूलाई सृजनात्मक तथा उत्पादनमूलक क्रियाकलापहरूमा संलग्न गराई मुलुकको सर्वाङ्गिण विकासमा योगदान पुऱ्याउने ।

## ६. रणनीति

१. सामाजिक, आर्थिक उद्यमशीलताको विकासकालागि युवाहरूको क्षमता अभिवृद्धि गर्ने ।

२. स्वरोजगार, स्वदेशी श्रम बजारमा सिर्जित आय आर्जनका अवसर एवं राष्ट्रिय विकासका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी गराउने ।

३. राष्ट्रिय विकासको नेतृत्व लिनसक्ने गरी युवाहरूलाई सशक्तीकरण गर्ने ।

## ७. कार्यनीति

१. १६-२५ वर्ष उमेर समूहका युवाहरूलाई शिक्षा, क्षमता अभिवृद्धिमार्फत् उद्यमशीलता प्रवर्द्धन गरिनेछ । (१)

२. २६-४० वर्ष उमेर समूहका युवाहरूलाई रोजगारी, स्वरोजगारी सृजना तथा उद्यमशीलता वृद्धि गर्ने लक्षित तालिम तथा प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

३. स्वदेशी रोजगारी सृजना गरी वेरोजगार युवाका समस्यालाई क्रमिकरूपमा समाधान गर्दै लगिनेछ । (२)

४. दुर्व्यसन एवं कुलत जस्ता असामाजिक क्रियाकलापबाट युवाहरूलाई मुक्त गर्न सम्बन्धित क्षेत्रगत निकायहरू र गैर-सरकारी संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

५. समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछूत, जातीय विभेद, लैंगिक हिंसा तथा अमानवीय कार्यहरूको अन्त्यका लागि युवा परिचालन गर्न सम्बन्धित क्षेत्रगत निकायहरू, गैरसरकारी संस्थाहरूसँगको सहकार्य तथा समन्वयमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । (२)

६. विकास कार्यक्रम र विपद् व्यवस्थापनमा युवा शक्तिलाई परिचालन गरिनेछ ।

७. राष्ट्रिय युवा परिषद्को गठन गरिनेछ । (३)

८. राष्ट्रिय विकासको नेतृत्व र नीति निर्माणको तहमा युवालाई पुऱ्याउन तिनलाई नेतृत्व र नीति निर्माणसम्बन्धी विषयहरूमा क्षमता अभिवृद्धि गरिनेछ । (३)

९. आन्तरिक र अन्तर्राष्ट्रिय युवा अनुभव आदान-प्रदान कार्यक्रमलाई निरन्तरता दिइनेछ । (३)

**८. प्रमुख कार्यक्रम**

योजना अवधिमा युवा विकासका क्षेत्रमा देहाय अनुसारका कार्यक्रमहरू सञ्चालन गरिनेछन् :

- राष्ट्रिय युवा नीति, २०६६ अनुरूप एकीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- एकीकृत युवा लक्षित कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय युवा परिषद्को स्थापना गर्ने ।
- १६-२५ वर्ष उमेर समूहका युवाहरूलाई शिक्षा तथा सीपमूलक जीवनोपयोगी तालिम दिने ।
- २६-४० वर्ष उमेर समूहका युवाहरूलाई रोजगारी, स्वरोजगारी सृजना तथा उद्यमशीलता वृद्धि गर्न आधुनिक तथा व्यावसायिक कृषि (बेमौसमी तथा अर्गानिक तरकारी खेती, च्याउ खेती आदि), पशुपालन (कुखुरा पालन, बाख्रा पालन, दुग्ध व्यवसाय आदि), कम्प्युटर, मोवाइल, टेलिभिजन जस्ता उपकरण मर्मत, हाउस वाइरिङ, ब्युटिसियन, प्लम्बिङ, लगायतका अन्य विषयहरूमा एकीकृत तालिम दिने ।
- गैर-सरकारी संस्थाहरूसंग समेतको सहकार्यमा दुर्व्यसन, लैङ्गिक हिंसा, एच.आई.भी./एड्स, सामाजिक कुरीति विरुद्धको सचेतना, वातावरण, प्राकृतिक प्रकोप आदिसँग सम्बन्धित शिक्षामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- युवा सूचना केन्द्रहरूमा सूचना प्रविधिसम्बन्धी ज्ञान भएका स्थानीय युवाहरूलाई स्वयंसेवकको रूपमा खटाई थप जनशक्तिको विकास गर्ने ।
- अपाङ्गता भएका युवाहरूका लागि विभिन्न प्रकारका सहयोग सामग्रीहरू वितरण गर्ने ।

### ९. अपेक्षित उपलब्धि

यस योजना अवधिभरमा ४५ जिल्लाका युवा सूचना केन्द्रको सुदृढीकरण भएको हुने, १०,९५० युवाले विभिन्न तालिम प्राप्त गरेको हुने, ६०,०५० युवालाई विभिन्न कार्यक्रम मार्फत् चेतनशील गराइएको हुने, २,९७५ युवाहरूले नेतृत्व विकास तालिम पाएको हुने, अपांगता भएका ६०० युवाले सहयोग सामग्रीहरू प्राप्त गरेको हुने र कुल २३ युवा तथा संस्थाहरू सम्मानित भएका हुनेछन् ।

## ४.५ खेलकूद विकास

### १. पृष्ठभूमि

खेलकूदलाई स्वस्थ तथा अनुशासित व्यक्ति तथा समाज सृजना गर्ने माध्यमका रूपमा लिन सकिने हुँदा यसलाई योजनावद्ध रूपमा केन्द्रदेखि गाउँस्तरसम्म विकास र विस्तार गरिनु उपयुक्त हुन्छ । यस तथ्यलाई मनन गरी खेलकूदसम्बन्धी भौतिक पूर्वाधारको विकास तथा अन्य नीतिगत तथा संस्थागत व्यवस्था गर्नेतर्फ यस योजना केन्द्रित हुनेछ ।

### २. अद्यावधिक स्थिति

राष्ट्रिय खेलकूद नीति २०६७ कार्यान्वयनबाट खेलकूद क्षेत्रको विकासमा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । हालसम्म ५३ जिल्लामा कभर्डहल निर्माण, १२६ वटा विभिन्न राष्ट्रिय खेल सङ्घ सञ्चालनमा रहनुका साथै खेलकूद एकेडेमीको स्थापना गर्ने कार्य सुरु भएको छ । धरान, पोखरा, धनगढी र नेपालगंजमा आधारभूत संरचना तयार भएको र खेलकूद प्रतियोगितामा महिला सहभागितासमेत उत्साहप्रद रहेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

"स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद" को मूल मर्म बमोजिम रणनीतिक ढङ्गबाट खेलकूदको विकास गर्ने प्रणालीगत परिपाटीमा कमी हुनु, खेलकूद सम्बद्ध निकायहरूबीच आपसी सहयोग समन्वय र सहकार्यको अभाव रहनु, राष्ट्रियस्तरमा र अन्तर्राष्ट्रियस्तरका खेलकूद गतिविधिहरू सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको विकास हुन नसक्नु र खेलकूद विकासका लागि निजी क्षेत्रलाई प्रभावकारी रूपमा समेट्न नसकिनु जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

खेलकूदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा बढाउँदै मुलुकमा स्वस्थ, अनुशासित र मर्यादित नागरिक तयार गर्ने ।

### ५. उद्देश्य

१. खेलकूदलाई जीवनको अभिन्न अङ्गको रूपमा विकास एवं विस्तार गरी स्वस्थ र अनुशासित नागरिक तयार गर्ने ।

२. अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा संलग्नता र सफलता हासिल गरी राष्ट्रको पहिचान एवं गौरव बढाउने ।

**६. रणनीति**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूदका कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालनका साथै सहभागिता बढाउने ।

२. खेलकूदको विकासका लागि भौतिक पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धन गर्ने ।

३. स्काउटिङ कार्यक्रमलाई विस्तार तथा व्यवस्थित गर्ने ।

**७. कार्यनीति**

१. सबैका लागि खेलकूदको अवधारणाअनुरूप खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिनेछ । (१)

२. खेलकूदका हरेक क्षेत्र र स्तरमा महिला सहभागिता बढाउन विविध खेलकूद गतिविधि सञ्चालन गरिनेछ । (१)

३. विद्यालय, विश्वविद्यालय र सार्वजनिक संस्थालाई खेलकूद प्रतियोगिताहरू सञ्चालन गर्न प्रेरित गरिनेछ । (१)

४. अन्तर्राष्ट्रियस्तरमा खेलकूदका कार्यक्रम तथा प्रतियोगिताहरूमा सहभागितालाई प्रोत्साहन गरिनेछ । (१)

५. पर्यटकीय, पर्वतीय, परम्परागत तथा साहसिक खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिनेछ । (१)

६. विद्यमान भौतिक पूर्वाधारको संरक्षण, सम्वर्द्धन तथा विकास गर्दै थप भौतिक पूर्वाधारको निर्माण गरिनेछ । (२)

७. विभिन्न दातृनिकाय र मित्रराष्ट्रहरूसमेतको सहयोग जुटाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको भौतिक पूर्वाधार निर्माण गरिनेछ । (२)

८. विश्वविद्यालयस्तरमा खेलकूदसम्बन्धी पूर्वाधार निर्माण गरी खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिनेछ । (२)

९. स्काउटिङ कार्यक्रमलाई व्यापकरूपमा विस्तार गर्न अधिकाधिक सहभागितामा वृद्धि गरी स्वयंसेवा र स्काउटिङलाई विस्तार तथा व्यवस्थित गरिनेछ । (३)

## ८. प्रमुख कार्यक्रमहरू

- विद्यमान खेलकूदसम्बन्धी नीति परिमार्जन तथा खेलकूद संहिता तयार गर्ने ।
- विद्यालय एवं क्याम्पसहरूमा विभिन्न खेलहरूको प्रतियोगिता सञ्चालन गरिनेछ । साथै विद्यालयस्तरमा विशेष (अपांगता भएका व्यक्ति) खेलकूद प्रतियोगिता सञ्चालन गरिने ।
- विद्यालयका खेलाडीहरूलाई विशेष खेलकूद सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।
- परम्परागत, पर्यटकीय, साहसिक तथा पर्वतीय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने ।
- खेलकूदमा महिला सहभागिता बढाउन विशेष प्रशिक्षण सञ्चालन गर्ने ।
- विद्यालय, विश्वविद्यालय र सार्वजनिक संस्थालाई खेलकूद प्रतियोगिताहरू सञ्चालन गर्ने ।
- खेलाडी र प्रशिक्षकहरूको क्षमता विकास गर्ने ।
- अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक प्राप्त गर्ने खेलाडीलाई पुरस्कार तथा प्रोत्साहन एबम् जीवनयापनका अवसरहरूको विस्तार गर्ने ।
- अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न रंगशाला तथा बहुउद्देश्यीय कभर्डहलको निर्माण गर्ने ।
- एउटा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान सहित ७ वटा क्रिकेट मैदानको निर्माण गर्ने ।
- क्षेत्रीय रंगशालाहरूमा थप भौतिक पूर्वाधारहरू निर्माण तथा सुदृढीकरण गर्ने ।
- हाई अल्टिच्युड ट्रेनिङ्ग सेन्टरको स्थापना गर्ने ।
- स्काउटसम्बन्धी पूर्वाधार निर्माण तथा सुदृढीकरण गर्ने ।
- विद्यालय तहसम्म स्काउटका कार्यक्रमहरू विस्तार गर्ने ।

## ९. अपेक्षित उपलब्धि

योजना अवधिमा अन्तर्राष्ट्रिय स्तरको एक रंगशाला निर्माण कार्य प्रारम्भ गर्ने, राष्ट्रिय र क्षेत्रीयस्तरका ५ रंगशालाको स्तरोन्नति भएको हुने, ७ वटा क्रिकेट मैदानहरूको निर्माण भएको हुने, ३० वटा जिल्लास्तरीय सेमी कभर्डहल निर्माण भएको हुने, विभिन्न खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना भएको हुने, सक्रीय स्काउटहरूको संख्या करिब ९००० पुगेको हुनेछ ।

परिच्छेदः ५

# पूर्वाधार विकास

## ५.१ ऊर्जा

### ५.१.१ जलविद्युत

#### १. पृष्ठभूमि

नेपालको निमित्त जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवं भरपर्दो संभाव्य स्रोत हो । ऊर्जा राष्ट्रिय विकासको मेरुदण्ड र आधुनिक जीवन शैलीको अपरिहार्य आवश्यकता भएकाले नेपालले पछिल्ला आवधिक योजनाहरूमा जलविद्युत विकासलाई उच्च प्राथमिकता दिदै आएको छ । जलविद्युत विकासमा पूंजीसघन प्रविधिको प्रयोग हुने हुनाले यस क्षेत्रमा सरकारी, निजी र सामुदायिक लगानी आकर्षण गर्ने प्रयास भैरहेको छ । साथै वैदेशिक लगानी भित्र्याउन पनि प्रयत्न भैरहेका छन् । खास गरेर विद्युत ऐन, २०४९ तथा जलविद्युतसम्बन्धी अन्य नीतिहरू र आवधिक योजना समेतबाट जलविद्युतको उत्पादन तथा वितरणमा निजी क्षेत्र र समुदाय समेतलाई संलग्न गराउन विभिन्न प्रवर्द्धनात्मक तथा प्रोत्साहनात्मक व्यवस्थाहरू गरिएका छन् । यसरी राष्ट्रिय एवं वैदेशिक लगानीको वातावरण तयार गर्दै जाँदा पनि मुलुकले प्राविधिक हिसावले जडान गर्न सकिने क्षमताको करिब २ प्रतिशतसम्म पनि विद्युत जडान गर्न नसकेकोले थप नीतिगत सुधार, संस्थागत सुदृढीकरण, प्रभावकारी कार्यान्वयन र समयवद्ध नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्वन आवश्यक देखिएको छ । विद्यमान ऊर्जा सङ्कट समाधान गर्न एकातिर प्रभावकारी अल्पकालीन कार्यक्रम तय गरी कार्यान्वयन गर्नु आवश्यक छ भने अर्कातिर ऊर्जा माग र आपूर्तिबीच निरन्तर सन्तुलन कायम गर्न समयवद्ध रूपमा न्यून लागतका आयोजनाहरू सम्पन्न गर्नु पनि आवश्यक देखिएको छ ।

#### २. अद्यावधिक स्थिति

त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) को अन्त्यसम्ममा राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध जलविद्युत उत्पादन केन्द्रहरूको जडित क्षमता ७०५ मेगावाट पुगेको छ । जसमा नेपाल विद्युत प्राधिकरणको तर्फबाट उत्पादित ४७३ मेगावाट र निजी क्षेत्रबाट उत्पादित २३२ मेगावाट रहेको छ । तापीय विद्युत ५३ मेगावाट सहित राष्ट्रिय प्रसारण लाइनमा आबद्ध विद्युतको जडित कुल क्षमता ७५८ मेगावाट पुगेको छ । देशका ५९ जिल्लाहरू राष्ट्रिय प्रसारण लाइनमा आबद्ध भएका छन् । गत योजना अवधिमा थप १८४ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा ६४ मेगावाट मात्र उत्पादन हुन सकेको छ भने करिब ९०० गाउँ विकास समितिमा विद्युत विस्तार भई थप ७ लाख परिवार विद्युत सेवाको पहुँचमा पुगेका छन् । राष्ट्रिय प्रसारण लाइनबाट करिब ५८ प्रतिशतले र अन्य स्रोतबाट ९ प्रतिशतले गरि कूल जनसंख्याको ६७ प्रतिशतसम्म विद्युत सेवा प्राप्त गरेका छन् । पहुँच बढ्दै गरे तापनि सेवामा नियमितता नहुँदा प्रतिव्यक्ति बिजुली उपभोग न्यून रहेको छ ।

## ३. समस्या तथा चुनौतीहरु

आयोजनाहरू निर्धारित समयमा सम्पन्न नहुनु र लागत बढ्दै जानु, आयोजना सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायहरूबीच समन्वय हुन नसक्नु, नियामक तथा वितरण निकाय नेपाल विद्युत प्राधिकरणको संस्थागत क्षमता कमजोर रहनु यस क्षेत्रले भोगिरहेका प्रमुख समस्या हुन् भने राष्ट्रव्यापी प्रसारण लाइन क्षमताको अभाव, कमजोर वितरण व्यवस्थापन, नदीको बहावमा आधारित जलविद्युत उत्पादन पद्धतिको कारण सुक्खा याममा जडित क्षमता अनुसारको विद्युत उत्पादन नहुनु, निजी क्षेत्रबाट समेत प्रतिबद्धताअनुसार समयमा विद्युत उत्पादन हुन नसक्नु, सरकारी क्षेत्रबाट समेत लक्षित समयभित्र आयोजना सम्पन्न हुन नसक्नु तथा अत्यधिक विद्युत चुहावट भएका कारण मागअनुसार विद्युत ऊर्जा आपूर्ति हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् । साथै, निजीक्षेत्रबाट तत्काल विद्युत उत्पादन हुन सक्ने क्षेत्रमा आन्तरिक प्रसारण लाइनको निर्माण नहुनु, जग्गा प्राप्ति र मुआब्जाका मुद्दाहरू समयमा समाधान गर्न नसकिनु, कतिपय विषयमा नीतिगत निरन्तरता नहुनु जस्ता कारणहरूले जलविद्युत उत्पादनमा निजी क्षेत्रको योगदान सीमित हुन पुगेको छ

## ४. दीर्घकालीन सोच

देशको सर्वाङगीण विकासका लागि पर्याप्त जलविद्युत विकास गरी सन् २०२७ सम्ममा जलविद्युतमा आत्मनिर्भर हुनुको साथै जलविद्युतलाई निर्यात गर्ने ।

## ५. उद्देश्य

जलविद्युत उत्पादनलाई प्रोत्साहन गरी भरपर्दो एवं स्तरीय विद्युत सेवामा आम जनताको पहुँच बढाउने ।

## ६. रणनीति

१. लगानी मैत्री वातावरण मार्फत् सार्वजनिक, निजी, सामुदायिक र सहकारी लगानी वृद्धि गरी विद्यमान विद्युत क्षमता वृद्धि गर्ने ।

२. विद्युतको प्रसारण, वितरण व्यवस्था विस्तार तथा थप सुदृढ गर्ने ।

३. बृहत् तथा बहुउद्देश्यीय जलविद्युत् आयोजनाको विकासका लागि वैदेशिक लगानी तथा सहयोग प्रवर्द्धन गरी आन्तरिक आवश्यकता पूरा गर्दै निर्यात समेत गर्ने ।

४. ऊर्जाको माग व्यवस्थापनमा सुधार तथा ऊर्जा दक्षता प्रवर्द्धन एवं अभिवृद्धि गर्ने ।

## ७. कार्यनीति

१. जलविद्युतको आन्तरिक उत्पादन वृद्धिका लागि आन्तरिक प्रसारण लाईनको निर्माणलाई तीव्रता दिइनेछ । (१)

२. आन्तरिक खपतको निम्ति विद्युत् उत्पादन तथा प्रसारण लाइन निर्माण गर्न सरकारी क्षेत्रको लगानी वृद्धि गरिनेछ । आन्तरिक प्रसारण लाईन निर्माण कार्यमा देखिएका समस्याहरू योजना अवधिभित्र समाधान गरिनेछ । (१)

३. मझौला तथा ठूला जलविद्युत परियोजनाहरूमा स्थानीय समुदायहरूलाई समेत सेयर लगानी गर्ने अवसर उपलब्ध गराउने व्यवस्था विस्तार गरिनेछ । (१)

४. साना तथा मझौला आयोजनामा सरकारी तथा स्वदेशी निजी क्षेत्रको पूँजी परिचालन गरिनेछ । (१)

५. जनताको जलविद्युतको अवधारणालाई विगतको अनुभवको आधारमा थप परिमार्जन गरी कार्यान्वयन गरिनेछ । (१)

६. स्वदेशी निजी लगानी बढाउन विद्युत् खरिद दर पुनरवलोकन गरिनुका साथै यस योजना अवधिमा निर्माण सम्पन्न गर्ने आयोजनाहरूलाई बिद्युत खरिद मूल्यका आधारमा विशेष प्रोत्साहन एवं निर्माण सामग्रीमा कर सहुलियत दिइनेछ । (१)

७. नेपालको जलविद्युत उत्पादन क्षमता एकिन गर्न अध्ययन सम्पन्न गरिनेछ । (१)

८. निजी क्षेत्रलाई विद्युत विकाससँग सम्वन्धित सरकारी सेवा छिटो छरितो रूपमा उपलब्ध गराउन समन्वय एवं सहजीकरण गर्न एक संयन्त्र निर्माण गरिनेछ । (१)

९. विद्युत उत्पादन, वितरण र उपयोग प्रणालीमा दक्षता प्रवर्द्धन गरिनेछ । (२)

१०. सार्वजनिक-निजी साझेदारी नीतिका माध्यमबाट प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाईआकर्षित गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ । (२)

११. सबैका लागि दिगो ऊर्जाको अवधारणा अनुरूप ऊर्जामा सर्वसुलभ पहुँच, ऊर्जा प्रवर्द्धन र दक्षता अभिवृद्धि गर्न कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ । (२)

१२. प्रसारण लाईन तथा वितरण कम्पनीको गठन गरी प्रसारण लाईनको निर्माण कार्यमा व्यापकता ल्याइनेछ । (२)

१३. विद्युत चुहावट नियन्त्रण गर्न आवश्यक कानुनी व्यवस्था तथा प्राविधिक एवं प्रशासनिक उपायहरू अवलम्बन गरिनेछ । (२)

१४. नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीहरूद्वारा निर्माण प्रक्रियामा गएका आयोजनाहरूको निर्माण कार्यमा तीव्रता दिइनेछ । (२)

१५. विद्युत चुहावट तथा विद्युतबाट हुने दुर्घटनालाई कम गर्न शहरी क्षेत्रमा भूमिगत वितरण लाइनको निर्माणका लागि आवश्यक कार्य गरिनेछ । (२)

१६. जलाशययुक्त आयोजनाहरूको विकासलाई पूर्ण प्राथमिकताकासाथ अगाडि बढाईनेछ र यसकालागि छुट्टै विद्युत खरिद दर तय गरिनेछ । नयाँ आयोजनाहरूको छनौट एवं निर्माण गर्दा कम्तीमा पनि ३० प्रतिशत जलाशययुक्त आयोजनाहरूको विकासलाई प्राथमिकता दिइनेछ । (३)

१७. विद्युत सेवालाई ग्रामीण क्षेत्रसम्म पुर्‍याइने नीति अनुरूप ग्रामीण विद्युतीकरणलाई विस्तार गरिनेछ । (३)

१८. पञ्चेश्वर तथा सप्तकोशी जलविद्युत आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ । (३)

१९. जल विद्युत आयोजना विकास गर्दा अनिवार्य रूपमा जलवायु परिवर्तनको असरलाई ध्यान दिइनेछ । (३)

२०. ठूला नदीहरूको जलाधार क्षेत्र संरक्षणमा जोड दिइनेछ । (३)

२१. विद्युत उत्पादन, वितरण  र उपयोगमा दक्षता प्रवर्द्धन एवं अभिवृद्धि गरिनेछ । (४)

२२. ऊर्जा दक्षता प्रवर्द्धनको लागि आवश्यक नीतिगत तथा संस्थागत संरचनाको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ । (४)

२३. सबैका लागि दिगो ऊर्जाको अवधारणा अनुरूप उपयुक्त ऊर्जा मिश्रण तथा ऊर्जा दक्षता प्रवर्द्धनका लागि कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ । (४)

२४. निर्माणाधीन आयोजनाहरू तोकिएको गुणस्तर र लागतमा निर्धारित समयावधि भित्रै सम्पन्न गरिनेछ । (४)

२५. ग्रामीण विद्युतीकरण विस्तारको लागि ग्रामीण विद्युतीकरण कोषको स्थापना गरिनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- **माथिल्लो तामाकोशी जलविद्युत आयोजनाः** दोलखा जिल्लामा निर्माणधीन ४५६ मेगावाट क्षमताको राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न गरिनेछ ।

- **बुढी गण्डकी जलाशययुक्त जलविद्युत आयोजनाः** ६०० मेगावाट क्षमताको राष्ट्रिय गौरवको बुढी गण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण कार्यलाई अगाडि बढाउन आयोजना अध्ययन कार्यसम्पन्न गरी निर्माण अवधारणा तयार गरिनुका साथै स्रोत व्यवस्थापन कार्य समेत गरिनेछ ।

- **नलसिंहगाड जलाशययुक्त जलविद्युत आयोजनाः** ४१० मेगावाट क्षमताको नलसिङगाड जलाशययुक्त आयोजना निर्माण तथा सञ्चालनका लागि आयोजना अध्ययन कार्य सम्पन्न गरी निर्माण अवधारणा तयार गरिनुका साथै स्रोत व्यवस्थापनका कार्य समेत गरिनेछ ।

- **पश्चिम सेती जलविद्युत आयोजनाः** ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत आयोजनालाई सार्वजनिक निजी साझेदारीको अवधारणाबाट अगाडि बढाइनेछ । यस क्रममा प्रसारण लाइन विकास र जग्गा प्राप्तिको कार्य प्रारम्भ गरिनेछ ।

- **तनहुँ जलविद्युत आयोजनाः** तनहूँ जिल्लामा निर्माण हुन लागेको १४० मेगावाटको तनहुँ जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण पूर्वका कार्यहरू सम्पन्न गरी मुख्य संरचनाहरूको निर्माण कार्य सुरु गरिनेछ ।

- **जलविद्युत आयोजनाहरुको अध्ययनः** जलाशययुक्त आयोजनाहरूको गुरु योजना तयार पारिनेछ । ठूला जलाशययुक्त आयोजनाहरू सुनकोशी २ (११०० मे.वा.), सुनकोशी ३ (५३० मे.वा.),आ''धी खोला (१८० मे.वा.), उत्तर गंगा (३०० मे.वा.), दुधकोशी (३०० मे.वा.), कालिगण्डकी - २ (६६० मे. वा.), नौमुरे (२४० मे.वा.) को विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य सम्पन्न गर्नुको साथै निर्माणको मोडालिटी तयारगरी क्रमश: कार्यान्वयन गरिनेछ । माथिल्लो अरुण (३३५ मे.वा.), कर्णाली चिसापानी (१०,८०० मे वा) अरुण ४ (३०० मे.वा.), सिम्बुवा खोला(५३ मे.वा.), दूधकोशी ४ (४९ मे.वा), बेनी–काली गण्डकी (५० मे.वा.), संखुवाखोला १ (३० मे.वा.), इखुवा र कावेली जलबिद्युत् आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य सम्पन्न गरिनेछ ।

- **निर्माणाधीन आयोजनाहरु :** कुलेखानी तेस्रो (१४ मे.वा.) र चमेलिया (३० मे.वा.) को निर्माण सम्पन्न गरिनेछ । ६० मेगावाट क्षमताको त्रिशुली तेस्रो "ए" जलविद्युत आयोजना र राहुघाट (३२ मे.वा.) जलविद्युत आयोजनालाई निर्माण सम्पन्न हुने चरणमा पुऱ्याइनेछ । माथिल्लो त्रिशुली-३ बी (४० मे.वा.) र माथिल्लो मोदी (४२ मे. वा.) जलविद्युत आयोजनाहरू सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप अघि बढाइनेछ । अछामको बुढीगंगा जल बिद्युत आयोजना (२० मे. वा.) र ८७ मे. वा. को तामाकोशी-५ जलविद्युत आयोजनाको निर्माण कार्य अगाडि बढाइनेछ ।

- **जनताको विद्युत जनताकै लगानी अन्तर्गतका कार्यक्रमहरु :** 'जनताको विद्युत जनताकै लगानी' अवधारणामा रोल्पाको माडी जलबिद्युत आयोजना (१२ मे. वा.) र ताप्लेजुङ्ग जिल्लाको मैवाखोला (१३.५मे.वा.) जलविद्युत आयोजनाहरूको निर्माण सुरु गरिनेछ । साथै चेपे (१५ मे.वा.), संखुवाखोला (२५ मे.वा.), डोटीगाडलगायत कूल ३०० मे.वा. क्षेमताको जलविद्युत आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

- **प्रसारण लाइन आयोजनाहरु :** विद्युत प्रसारण लाइनको राष्ट्रव्यापी सञ्जाल निर्माणको गुरुयोजना तयार गरिनेछ । नेपाल र भारतबीच बिद्युत व्यापार प्रयोजनको लागि नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रको संयुक्त लगानीमा नेपाल भारतबीच ढल्केवर-वथनाहा-मुजफरपुर ४०० के.भी. क्षमताको क्रसबोर्डर प्रसारण लाइन आर्थिक वर्ष२०७०/७१ मा सुरु गरी आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न गरिनेछ भने बुटवल-सुनौली- गोरखपुर, दुहवी - जोगबनी-पूर्णिया क्रसबोर्डर लाईनहरू निर्माण सम्बन्धी अध्ययन लगायतका आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । उच्च क्षमताको पूर्वपश्चिम ४०० के.भी. साथै २२० के.भी. प्रसारण लाईन निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाइनेछ । निजी क्षेत्रबाट विकास गरिने जल विद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति प्रसारण गर्न कालीगण्डकी प्रसारण कोरिडोर, मर्स्याङ्दी

कोरिडोर, कोशी कोरिडोर, सोलु कोरिडोर, कावेली कोरिडोर लगायतका प्रसारण लाईनहरूको निर्माण कार्यलाई प्राथमिकताका आधारमा तीव्रता दिइनेछ ।

- **अन्य कार्यक्रमहरु :** (क) जल तथा ऊर्जाको अधिकतम दोहनको लागि जल तथा ऊर्जा विकास दुरदृष्टि तयार गरी लागू गरिनेछ । नेपालको संघीय स्वरूपमा जलस्रोतको व्यवस्थापन सम्बन्धी अध्ययन सुरु गरिनेछ । नेपालको कुल सम्भाव्य जलविद्युत क्षमता निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरिनेछ । जलविद्युत उत्पादन कार्यलाई विद्युत खपत हुने स्थान, पर्यटकीय स्थल र औद्योगिक क्षेत्रहरूको अवस्थितिका आधारमा विकास गरिनेछ । (ख) वर्तमान ऊर्जा सङ्कट न्यूनीकरण गर्न सबैखाले ऊर्जा स्रोतको पहिचान गरी कार्यान्वयन गरिनेछ । (ग) जलविद्युत आयोजनाहरूको अनुमतिपत्र प्रदान गर्ने प्रक्रियालाई वैज्ञानिक र पारदर्शी बनाइनेछ । जलविद्युत आयोजनाको अनुमतिपत्र लिई सन्तोषजनक प्रगति नगर्ने प्रवर्द्धकहरूको अनुमतिपत्र रद्ध गरी त्यस्ता आयोजनाहरू नेपाल सरकार वा प्रतिस्पर्धाको माध्यमबाट वा उपयुक्त प्रवर्द्धकमार्फत् विकास गरिइनेछ । (घ) नेपाल सरकारले अध्ययन गरी प्रतिस्पर्धा मार्फत् निजी क्षेत्रलाई प्रदान गरिएका ६ वटा जलविद्युत आयोजनाहरू ( कुल जडित क्षमता २१०.५ मेगावाट) आर्थिक वर्ष०६८/६९ मा प्रबर्द्धकहरूसंग सम्पन्न सम्झौताका सर्तअनुसार आवश्यक प्रसारण लाइनको व्यवस्था लगायत अन्य आवश्यक व्यवस्था गरी निर्माण गराइने छन् । थप आयोजनाहरू प्रतिस्पर्धाबाट निजी क्षेत्रलाई प्रदान गर्न आयोजनाहरूको अध्ययन कार्य अघि बढाइनेछ । (ङ) लगानी वोर्डमार्फत् कार्यान्वयन हुने माथिल्लो कर्णाली जलविद्युत आयोजना (९०० मे वा), अरुण तेस्रो (९०० मे वा), माथिल्लो मर्स्याङ्दी २ (६०० मे वा) र तामाकोशी ३ ( ६५० मे वा) को आयोजना विकास सम्झौता एवं वित्तीय व्यवस्था गरी निर्माण कार्य आरम्भ गरिनेछ । (च) सबैका लागि दिगो ऊर्जाको अवधारणा अनुरूप ऊर्जामा सर्वसुलभ पहुँच, नविकरणीय ऊर्जा प्रवर्द्धन र दक्षता अभिवृद्धिको कार्ययोजना तयार गरिनेछ, जसअन्तर्गत सन् २०३० सम्मका लक्ष्यहरू, लक्ष्य प्राप्तिका लागि कार्यान्वयन गर्नुपर्ने प्राथमिकताका कार्यहरू, संयोजन तथा अनुगमनका प्रक्रियाहरू तथा लगानीका आवश्यकताहरू तय गरिनेछ ।

## ९. अपेक्षित उपलब्धि

थप ६६८ मेगाबाट क्षमताका जल विद्युत आयोजनाहरूको निर्माण कार्य सम्पन्न गर्ने, ५८४ मेगावाट क्षमताको निर्माण कार्य सुरु गर्ने, ४०० कि.मि. नयाँ प्रसारण लाइन निर्माण गर्ने, विद्युत चुहावट २१ प्रतिशतमा सीमित गर्ने, प्रतिव्यक्ति विद्युत उपभोग १४० कि.वा.घण्टामा पुऱ्याउने, राष्ट्रिय विद्युतप्रणालीबाट विद्युत सेवा प्राप्त गर्ने जनसंख्या अनुपात ९ प्रतिशत अंकले वृद्धि गरी ६७ प्रतिशत पुऱ्याउने, ३,००० गाउँ विकास समितिमा विद्युत सेवाको पहुँच पुऱ्याउने, १,५०० कि.मि. ३३ के.भि. प्रसारण लाइन र ४,५०० कि.मि. ११ के.भि. प्रसारण लाइन विस्तार गरिने, राष्ट्रिय प्रसारण लाइनबाट बिद्युत सेवा पुग्ने थप घरधुरी संख्या ७ लाख ५० हजार पुऱ्याउने, प्रतिव्यक्ति विद्युत खपत १४० कि.वा. घण्टा पुऱ्याउने र ऊर्जा दक्षता प्रबर्द्धनको लागि नीतिगत तथा संस्थागत संरचनाको व्यबस्था गरिएको हुनेछ ।

## ५.१.२ नवीकरणीय तथा अन्य ऊर्जा

### १. पृष्ठभूमि

नेपालले सहस्राब्दी विकास लक्ष्य, दिगो विकास, जलवायु परिवर्तनका असर न्यूनीकरण, लैङ्गिक समानता, सबैका लागि दिगो ऊर्जाको अवधारणा लगायत अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धताहरू जनाएको छ । हरित अथर्तन्त्रलाई प्रवर्द्धन गर्दै नवीकरणीय ऊर्जा विकासमार्फत् स्थानीय आवश्यकता र वातावरण सन्तुलन स्थापित गर्नसक्ने देखिन्छ । नेपाल सरकारले दशौं योजनादेखि वैकल्पिक तथा नवीकरणीय ऊर्जालाई विशेष महत्त्व दिदै आएको छ । नेपालको अधिकांश भूभाग ग्रामीण भएकोले त्यहा विद्युत सेवामा आवद्ध गर्न कठिनाई रहँदै आएको छ ।

नेपालमा अधिकांश ग्रामीण बस्ती छरिएर रहेकोले राष्ट्रिय विद्युत प्रसारण लाइन पुऱ्याउन कठिन भएका क्षेत्रहरूमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन गरी सेवा पुऱ्याउनु आवश्यक देखिन्छ ।  ग्रामीण जनता परम्परागत ऊर्जा स्रोतमा निर्भर रहनुपरिरहेको र प्रायगरी महिला र बालिकाहरूले बनजन्य तथा अन्य इन्धनहरू संकलन तथा व्यवस्थापनको बोझ उठाउनु परिरहेको हुँदा पनि जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्न गएको छ । नेपालको घरायसी ऊर्जा सम्मिश्रणमा दाउरानै मुख्य स्रोत रहेको छ । खाना पकाउन र अन्य घरायसी काममा ६४ प्रतिशत भन्दा बढी दाउरा बालिन्छ भने यो अंश ग्रामीण भेगमा झण्डै ७४ प्रतिशत र शहरमा करिब ३० प्रतिशत मात्र रहेको छ । सरकारको उच्च प्राथमिकतामा रहेको यस क्षेत्रलाई सहजीकरण गर्न विभिन्न नीति तथा रणनीतिहरू पनि तर्जुमा भएको र विभिन्न सरोकारवाला र विकास साझेदारहरू पनि यस क्षेत्रमा उत्साहजनकरूपमा सहाभागिता जनाइ रहेका छन् ।

### २. अद्यावधिक स्थिति

हालसम्म लघु जलविद्युतबाट २६.२७ मेगावाट, सौर्यबाट १० मेगावाट, वायुबाट १८ किलोवाट र जैविक ऊर्जाबाट ४३ किलोवाट गरी जम्मा ३६ मेगावाट विद्युत उत्पादन भएको छ भने ९९ वटा सौर्य खानेपानी आयोजना सञ्चालन, २ लाख ८४ हजार घरायसी, संस्थागत तथा सामुदायिक बायोग्यास प्लान्ट जडान, २२७२ वटा सौर्य ड्रायर/कुकर जडान, ९८१९ वटा सुधारिएको पानी घट्ट, ७ लाख ५३ हजार वटा सुधारिएका चुलोहरू जडान तथा १,००० टन प्रतिवर्षका दरले बायोब्रिकेटहरू प्रवर्द्धन भएका छन् । हालसम्म ९ जिल्लाहरूमा वायु ऊर्जा तथ्याङ्क संकलन तथा ऊर्जा नक्शाङ्कन, र ३ जिल्लामा तथ्याङ्क संकलन जारी छ । घुम्ती कोषका माध्यमबाट कुल ७२ लघु जलविद्युतमा १४४ वटा उद्यमहरूको व्यवसायीक योजना निर्माण भई ९० प्रतिशत अनुदान प्रदान भइसकेको साथै ६५ वटा उद्यम सञ्चालनमा रहेका छन् ।

सबै जिल्ला विकास समितिमा ऊर्जा तथा वातावरण इकाई एवं शाखा स्थापना भई सञ्चालनमा छन् । सबैको लागि दिगो ऊर्जा अवधारणा अनुरूप नवीकरणीय ऊर्जालाई विशेष जोड दिइएको छ । नेपालले स्वच्छ विकास संयन्त्रअन्तर्गत बायोग्यास कार्यक्रमबाट आम्दानी प्राप्त गर्न सुरु भएको छ भने लघु जलविद्युत स्वच्छ विकास संयन्त्र आयोजनाको

रूपमा दर्ता भईसकेको र सुधारिएको चुलो तथा सुधारिएको पानीघट्ट कार्यक्रमहरू स्वच्छ विकास संयन्त्रको रूपमा दर्ता हुने प्रक्रियामा रहेका छन् । साथै जलवायु परिवर्तन तथा लैंगिक मुद्दाहरूलाई समेटी तीन जिल्ला विकास समितिहरूलाई जिल्ला जलवायु तथा ऊर्जा योजना तयार गर्न सहयोग गरिएको छ । नेपालमा स्वच्छ विकास संयन्त्रलाई एकीकृत तथा दीर्घकालीन रूपमा विकास गर्न तथा जलवायु परिवर्तन तथा लैंगिक मुद्दाहरूलाई समेटने गरी नवीकरणीय ऊर्जा योजना तयार गर्न सहयोग पुऱ्याउनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रअन्तर्गत जलवायु तथा कार्बन इकाई पनि स्थापना भएको छ। यी कार्यहरूबाट ग्रामीण, विपन्न वर्ग र महिलाहरूको ऊर्जामा पहुँच वृद्धि गरी उनीहरूको जीविकोपार्जनमा वृद्धि गर्ने तथा लैङ्गिक समानता र सामाजिक समावेशिताको अवधारणालाई मूलप्रवाहीकरण गर्नेतर्फ कार्यहरू अघि बढाइएकोछ। नवीकरणीय ऊर्जाको माध्यमबाट हालसम्म करिब १३ प्रतिशत जनतालाई विद्युत सेवा उपलब्ध भएको छ।

## ३. समस्या तथा चुनौतीहरु

जनताको न्यून आर्थिक स्थितिका कारण अत्यधिक अनुदान माग, कार्यक्रमको प्रभावकारिताको अनुगमन हुन नसक्नु, सञ्चालित कार्यक्रमहरूको मर्मत सम्भार, माग र आपूर्तिबीच सन्तुलन नहुनु, लक्षित समूह पहिचान हुन नसक्नु जस्ता समस्या छन् । कार्यक्रमको दिगोपना, प्रविधि हस्तांतरण, राष्ट्रिय प्रसारण लाइन पुगेपछि नवीकरणीय ऊर्जाका कार्यक्रम ओझेलमा पर्ने, उपभोक्तालाई सहज रूपमा वित्तको व्यवस्था हुन नसक्नुजस्ता प्रमुख चुनौती रहेका छन्।

## ४. दीर्घकालीन सोच

आगामी २० वर्षभित्र कूल ऊर्जा खपतमध्ये १० प्रतिशत र विद्युतको पहुँच पुग्ने जनसंख्यामध्ये ३० प्रतिशतलाई नवीकरणीय ऊर्जाबाट विद्युत उपलब्ध गराउने ।

## ५. उद्देश्य

परम्परागत र आयातित ऊर्जा माथिको निर्भरतालाई कम गर्ने र राष्ट्रिय विद्युत प्रसारण लाइन पुग्न नसक्ने क्षेत्रमा वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा विकासमा जोड दिने ।

## ६. रणनीति

१. नवीकरणीय ऊर्जाको अनुसन्धान, विकास एवं प्रविधि हस्तान्तरण र उपकरण स्वदेशमै उत्पादनमा जोड दिने ।

२. नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकासका लागि आन्तरिक तथा बाह्य स्रोतको साथै कार्बन व्यापारबाट प्राप्त स्रोत परिचालन गर्ने ।

३. ऊर्जा किफायत/दक्षता अभिवृद्धिका लागि नवीकरणीय ऊर्जाको अनुसन्धान, विकास तथा व्यवस्थापन गर्ने ।

## ७. कार्यनीति

१. ग्रामीण क्षेत्रमा लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको प्रवर्द्धन, विकास एवं विस्तार गरिनेछ । (१)

२. स्थानीय निकायहरूको नवीकरणीय ऊर्जा सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, प्रवर्द्धन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्रियाकलापहरूमा आवश्यक क्षमता अभिवृद्धि गरिनेछ । (१)

३. घरायसी ऊर्जाको रूपमा दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवं विस्तार गरिनेछ । (२)

४. सम्भाव्य ठाँउमा वायु ऊर्जाबाट विद्युत् उत्पादन तथा तराईमा सिँचाइका लागि पानी तान्न सौर्यपम्प र वायु पम्पको विकास र विस्तार गरिनेछ । (२)

५. सामुदायिक तथा संस्थागत बायोग्यास, फोहोरबाट ऊर्जा उत्पादन गर्न र ग्यासिफायर प्रणालीहरूको प्रवर्द्धन तथा विस्तार गरिनेछ । (२)

६. विभिन्न क्षेत्रबाट उत्पादन हुने फोहोरको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिनेछ । (२)

७ सौर्य ऊर्जा उत्पादनमा प्रयोग गरिएका ब्याट्रीको सङ्कलन गरी पुनः प्रयोग तथा उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाईनेछ । (२)

८. नवीकरणीय ऊर्जाको दिगो तथा समुचित विकासका लागि हालको ग्रामीण ऊर्जा कोषलाई केन्द्रीय नवीकरणीय ऊर्जा कोषको रूपमा विकास गरी वित्तीय संस्थाहरूलाई लगानी गर्ने वातावरण सृजना गरिनेछ । (२)

९. पेट्रोलियम पदार्थको आंशिक विकल्पका रूपमा देशभित्रै जैविक इन्धनको उत्पादन गर्न आवश्यक नीति तर्जुमा गरिनेछ । (३)

१०. ऊर्जा सङ्कटको विद्यमान अवस्थालाई सम्बोधन गर्न शहरी क्षेत्रका महत्त्वपूर्ण सार्वजनिक निकायहरूमा सौर्य ऊर्जाबाट विद्युत आपूर्तिलाई निरन्तरता दिँदै शहरी क्षेत्रमा निर्माण हुने घरहरूमा न्यूनतम रूपमा अत्यावश्यक ऊर्जाको व्यवस्था नवीकरणीय स्रोतबाटै जुटाउनु पर्ने व्यवस्था गरिनेछ । (३)

११. शहरी क्षेत्रमा घरबाट उत्पादन हुने जैविक फोहोरबाट ऊर्जा उत्पादन गरी उपयोग गर्ने कार्यक्रम प्रवर्द्धन गर्न आवश्यक अनुदानको व्यवस्था गरिनेछ । (३)

१२. सौर्य प्यानल तथा अन्य नवीकरणीय ऊर्जाका उपकरण आयात गर्दा गुणस्तर मापन गर्ने पद्धतिलाई थप सुदृढ गरिनेछ । (३)

## ८. प्रमुख कार्यक्रमहरू

- **जैविक ऊर्जा कार्यक्रम :** सन् २०१७ सम्ममा देशका सम्पूर्ण घरहरूमा स्वच्छ ऊर्जाका प्रविधिहरू पुऱ्याई घरभित्रको धुवाँमुक्त गर्ने लक्ष्य अनुरूप बायोग्यास, सुधारिएको चुलो तथा बायोब्रिकेटको व्यापक प्रवर्द्धन तथा विस्तार, न्यून आय भएका तथा पिछडिएका परिवारहरूलाई आर्थिक सहयोग उपलब्ध गराई पहुँच वृद्धि, ८० हजार घरयासी बायोग्यास प्लान्ट र ९०० वटा सामुदायिक एवम् संस्थागत बायोग्यास प्लान्ट निर्माण, १२ लाख सुधारिएको चुलो जडान गरिनेछन् । साथै २३,००० वटा फलामे सुधारिएका चुलोहरूको प्रवर्द्धन गरिने, प्रतिवर्ष २,००० मेट्रिक टनका दरले बायोब्रिकेटहरू उत्पादन तथा वितरण गर्ने, जैविक इन्धन उत्पादन गर्न यससम्बन्धी नीति तर्जुमा गरी यसको प्रबर्द्धन, सजिवन नर्सरी स्थापना, वृक्षरोपण, अध्ययन तथा अनुसन्धान, पहाड तथा तराईमा जैविक ऊर्जाबाट १०० कि.वा. बराबरको विद्युत उत्पादन, शहरी क्षेत्रमा उत्पादन हुने फोहोर, कृषि तथा वनजन्य खेर गएका पदार्थहरू प्रयोग गरी विद्युत उत्पादनको लागि नमूना आयोजनाहरूको सञ्चालन गरी क्रमशः प्रवर्द्धन तथा विस्तार र यातायात क्षेत्रमा बायो इथानोल र बायो डिजेलको प्रयोग बढाइनेछ ।

- **सौर्य ऊर्जा कार्यक्रम :** राष्ट्रिय विद्युत प्रणाली नपुगेका तथा लघु जलविद्युतको सम्भावना कम भएका ठाँउहरूमा सौर्य प्रणाली उपयोगी भएकोले ४ लाख वटा घरेलु सौर्य विद्युत प्रणाली जडान गरी विद्युत आपूर्ति गरिनेछ । शहरी क्षेत्रमा वढदो विद्युत संकटलाई न्यूनीकरण गर्न १ लाख घरपरिवारहरूलाई सौर्य ऊर्जा प्रणालीमा जडान खर्च उपलव्ध गराइने, दुर्गम पहाडी क्षेत्रमा खानेपानी तथा स–साना सिंचाइको लागि २०० वटा सौर्य विद्युत पम्प जडान गरिने, विद्युत नपुगेको क्षेत्रका सामुदायिक स्कूलमा कम्प्यूटर सञ्चालन, स्वास्थ्य केन्द्रहरूमा रेफ्रिजेरेटर सञ्चालन तथा बत्ती बाल्न, स्थानीय स्तरमा फोटोकपी तथा फ्याक्स मेसिन आदि सञ्चालन गर्न १,३०० वटा संस्थागत सौर्य विद्युत प्रणाली जडान, २,३५० वटा सौर्य ड्रायर र २,२०० कुकर जडान, विद्युत नपुगेका क्षेत्रमा ८ वटा सौर्य मिनिग्रीड मार्फत् विद्युत सेवा उपलव्ध गराइनेछ । सौर्य ऊर्जा प्रणालीमा प्रयोग गरिएका ब्याट्रीको सङ्कलन गरी पुनः प्रयोग गर्न निजी-सार्वजनिक साझेदारी अवधारणा अनुसार १२ वटा संकलन तथा प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ ।

- **लघु तथा साना जलविद्युत कार्यक्रम :** स–साना तथा मझौला उद्योग व्यवसायका लागि विद्युत पुऱ्याउन पहाडी सम्भाव्य जिल्लाहरूमा लघु तथा साना जलविद्युत आयोजनाहरू स्थापना गरी १५ हजार कि.वा. विद्युत उत्पादन गरिनेछ । पहाडी क्षेत्रमा खाद्य पदार्थ कुटानी तथा पिसानीको लागि २,९५० वटा परम्परागत पानीघट्ट सुधार तथा नयाँ पानीघट्ट जडान गरिनेछ । ग्रामीण क्षेत्रमा निर्माण भएका लघु जलविद्युत आयोजनाहरूलाई एक आपसमा जोडी ५ वटा स्थानीय ग्रीडको रूपमा र १ क्षेत्रीय ग्रीडको रूपमा विकास गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । हाल लघु तथा साना जलविद्युत आयोजना मार्फत् विद्युतीकरण भएका नगरोन्मुख क्षेत्र र पहाडी जिल्ला सदरमुकाममा विद्युत आपूर्तिको समस्या समाधान गर्न थप १० वटा लघु तथा

साना जलविद्युत निर्माण गरिनेछ । सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजना रहेका ठाँउमा राष्ट्रिय प्रसारण लाइन पुगेमा सम्भाव्यताको आधारमा उक्त आयोजनाहरूलाई राष्ट्रिय प्रसारण ग्रीडमा समेत जोड्न ९ वटा सम्भाव्यता अध्ययनहरू गरिनेछ । एकै प्रकारका नवीकरणीय ऊर्जाको संभावना नभएका २ स्थानमा विभिन्न नवीकरणीय प्रविधिको समिश्रण गरी ऊर्जा आपूर्ति गरिनेछ ।

- **वायु ऊर्जा कार्यक्रम :** नेपालका विभिन्न ठाँउहरूमा वायु ऊर्जा विकासको सम्भावना रहेको हुँदा योजना अवधिमा १,००० कि.वा.विद्युत उत्पादन गर्ने र देशभरि वायु ऊर्जा स्रोतको म्यापिङ्ग र तथ्याङ्क संकलन गरी वायु स्रोत नक्सा (एटलस) तयार गरिनेछ । साथै वायु तथ्याङ्क उपलब्ध भएका र वायु म्यापिङ्ग तयार गरिएका जिल्लाहरूमा लघु तथा साना वायु टर्बाइन जडान गरी विद्युत उत्पादन गरिनेछ । साथै प्राप्त तथ्याङ्कका आधारमा सौर्य र वायु मिश्रित प्रविधिको ३० वटा स्थानमा विस्तृत सम्भाव्यता अध्ययन गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा २० उच्च सम्भाव्य स्थानहरूमा वायु र सौर्य ऊर्जा मिश्रित प्रविधिबाट विद्युत् उत्पादन गरि निजी क्षेत्रको समेत सहभागितामा ग्रामीण विद्युतीकरण गर्ने तथा तराईका सम्भाव्य जिल्लाहरूमा सिँचाइका लागि पानी तान्न २५ वटा वायु पम्पको विकास र विस्तार गरिनेछ ।

- **नवीकरणीय ऊर्जाको उत्पादनमूलक प्रयोग कार्यक्रम :** नवीकरणीय ऊर्जालाई उत्पादनमूलक क्रियाकलापहरू सुधार जस्तै लघु, साना तथा मझौला उद्यमहरूसंग गाँसेर विपन्न तथा न्यून आय भएका जनताहरूको जीविकोपार्जन गरिनेछ । त्यसैगरी सम्भाव्य स्थाहरूमा प्राप्य नवीकरणीय ऊर्जालाई पानी तान्ने सिंचाई प्रविधिद्वारा कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न पनि उपयोग गरिनेछ । यस्ता क्रियाकलापहरूबाट रोजगारी सृजना हुन गई जनताहरूको आयमा सुधार आउनेछ । नवीकरणीय ऊर्जा तथा प्रविधिसंग गाँसिएका व्यवसायहरूद्वारा १,३०० नयाँ उद्यम सृजना तथा २,८०० हाल सञ्चालनमा रहेका उद्यमको स्तरोन्नति हुन गई थप १९,००० महिला तथा पुरुषहरूलाई रोजगारी सृजना हुनेछ । साथै १५,३०० घरधुरीमा विभिन्न आय-आर्जन क्रियाकलापहरू पनि सञ्चालन गरिनेछ ।

- **संस्थागत सुदृढीकरण कार्यक्रम :** जि.वि.स.हरूमा स्थापना गरिएका जिल्ला वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन इकाई वा शाखाहरूलाई उचित क्षमता विकास, नवीकरणीय ऊर्जासम्बन्धी २० वर्षे योजना, राष्ट्रिय नवीकरणीय ऊर्जा नीति तथा ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । नवीकरणीय ऊर्जा नीति तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र यसमा निजी क्षेत्र, गैरसरकारी तथा स्थानीय निकायहरूको भूमिका सुदृढ गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको संस्थागत संरचनामा सुधारको लागि केन्द्रको रणनीतिक तथा संस्थागत विकास योजना तर्जुमा गरी कार्यान्वयन, उक्त केन्द्रलाई नवीकरणीय ऊर्जा प्रवर्द्धन बोर्डको रूपमा रूपान्तरण गर्न आवश्यक ऐन नियमहरू तर्जुमा गरिनुको साथै जनशक्ति विकासमा जोड दिइनेछ । त्यसैगरी लैंगिक तथा सामाजिक समावेशिताको अवधारणालाई केन्द्रदेखि स्थानीय स्तरसम्म संस्थागत गर्दै लग्न आवश्यक कदम

चालिनेछ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको नेतृत्वमा नेपाल स्वच्छ चुलो सञ्जाललाई सक्रिय गराइनेछ । ऊर्जा विकास र प्रवर्द्धन गर्ने कार्यमा विभिन्न निकाय संलग्न भएकाले यी सवै निकायको क्रियाकलापमा समन्वय गरी प्रभावकारी पार्न जल तथा ऊर्जा आयोग र राष्टिय योजना आयोगले विशेष भूमिका खेल्नेछ ।

- **विविध कार्यक्रम** : नवीकरणीय ऊर्जासम्बन्धी सर्वेक्षण, सम्भाव्यता अध्ययन, अनुसन्धान तथा विकास, प्रबर्द्धन, प्रदर्शन तथा जनचेतना कार्यक्रम, उपकरण तथा सामानहरूको राष्ट्रियस्तर गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमन, नीति तथा योजना तर्जुमा, तालिम आदि कार्यक्रम सञ्चालन गरिनेछन् । नवीकरणीय ऊर्जा परीक्षण केन्द्रको क्षमता अभिवृद्धि गरी नवीकरणीय ऊर्जा प्रविधिमा प्रयोग हुने उपकरण एवं सामानहरूको राष्ट्रिय गुणस्तर निर्धारण गरी सेवा तथा गुणस्तरीयतासम्बन्धी विश्वसनीयता दिलाउने व्यवस्था गरिनेछ । नवीकरणीय ऊर्जाको एकीकृत विकासको लागि यसलाई क्षेत्रगत अवधारणामा लगिनेछ । नवीकरणीय ऊर्जा प्रविधिहरूलाई स्वच्छ विकास संयन्त्र एवं अन्य कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्न संभाव्यता अध्ययन गरी संभाव्य भएका प्रविधिहरूलाई क्रमशः कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गर्दै लगिनेछ । प्रत्येक २ वर्षमा हरेक ऊर्जा कार्यक्रमको आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

## ९. अपेक्षित उपलब्धि

नवीकरणीय एवं वैकल्पिक ऊर्जाबाट थप ८ प्रतिशत ग्रामीण जनतालाई विद्युत सेवा पुगेको हुने, सन् २०१७ सम्ममा सम्पूर्ण घरहरूमा स्वच्छ ऊर्जाका प्रविधिहरू पुऱ्याई घरलाई धुँवामुक्त बनाईएको हुने, ८० हजार घरायसी, ९०० वटा सामुदायिक तथा संस्थागत बायोग्यास प्लान्ट निर्माण भएको हुर्ने, ५० वटा व्यावसायिक बायोग्यास प्लान्ट र १० वटा नगरपालिकाहरूमा फोहोरबाट ऊर्जा उत्पादन, १२ लाखवटा सुधारिएका चुलोहरू तथा अन्य जैविक ऊर्जा प्रविधिहरू जडान भएको हुने, २३,००० वटा फलामे सुधारिएका चुलोहरू प्रवर्द्धन र प्रतिवर्ष २,००० मेट्रिक टनका दरले बायोब्रिकेटहरू उत्पादन तथा वितरण भएको हुनेछ । पहाड तथा तराईमा जैविक ऊर्जाबाट १०० कि.वा. वरावरको विद्युत उत्पादन गर्ने, ४ लाखवटा सौर्य विद्युत प्रणाली जडान, ८ वटा साना ग्रीड प्रणाली तथा १२ वटा ब्याट्री संकलन केन्द्रको स्थापना, २०० वटा सौर्य खानेपानी तथा लघु सिंचाई आयोजना सञ्चालन, दुर्गम जिल्लाका विद्यालय तथा स्वास्थ्य केन्द्रमा १,३०० वटा संस्थागत सौर्य विद्युत प्रणाली जडान, २,३५० वटा सौर्य ड्रायर र २,२०० वटा सौर्य कुकर जडान तथा शहरी क्षेत्रमा १ लाख शहरी सौर्य विद्युत प्रणाली जडान भएको हुनेछ ।

लघु तथा साना जलविद्युतबाट १५ मेगाबाट विद्युत उत्पादन, २,९५० वटा पानीघट्ट सुधार तथा जडान, वायु ऊर्जाबाट १,००० कि.वा. बराबरको विद्युत उत्पादन, वायु स्रोत नक्सा (wind energy atlas) तयार, २० उच्च सम्भाव्य स्थानहरूमा वायु र सौर्य ऊर्जा मिश्रित प्रविधिबाट विद्युत् उत्पादन तथा तराईका सम्भाव्य जिल्लाहरूमा सिँचाइका लागि पानी तान्न २५ वटा वायुपम्पको विकास भएको हुनेछ ।

## ५.२ यातायात

### ५.२.१ सडक

#### १. पृष्ठभूमि

मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील पार्न, सर्वसाधारणलाई पुऱ्याइने सेवाको सरलीकरण गर्न र आर्थिक सामाजिक एकीकरण एवं क्षेत्रीय असन्तुलन कम गरी सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्त्वपूर्ण योगदान रहन्छ । त्यसैले विगतका आवधिक योजनादेखि नै सडक यातायातलाई उच्च प्राथमिकतामा राखिएको छ । नेपालको आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्त्व भएका (क) उत्तर-दक्षिण सडक कोरिडोरहरू (ख) एसियाली राजमार्गको स्तरमा पूर्व-पश्चिम लोकमार्गको विकास (ग) जिल्ला सदरमुकाम, दुर्गम क्षेत्रहरू जोड्ने सडकहरू (घ) पूर्व-पश्चिम एवं मध्य-पहाडी लोकमार्ग र (ङ) हुलाकी मार्ग तथा उत्तर-दक्षिण तराई सडकहरूलाई विशेष जोड दिइदै आएको छ । यस योजनाले सडक क्षेत्रमा भएका विगतका प्रयासहरूलाई नै निरन्तरता दिएको छ ।

#### २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजनाको सुरु वर्षमा कूल रणनीतिक सडक १९,९६८ कि मी रहेकोमा आर्थिक वर्ष २०६९/७० सम्ममा जम्मा २५,१३३ कि.मि.को रणनीतिक सडकहरू निर्माण भएको छ । यसमध्ये ७,७९९ कि.मि. कालोपत्रे, ६,८३० कि.मि. खण्डास्मीत र १०,५०४ कि.मि. माटे सडक निर्माण भै लक्ष्य भन्दा बढी प्रगति भएको छ । त्यसैगरी १,६०९ वटा पुलहरू निर्माण भै निर्वाध रुपमा यातायात सञ्चालन भैरहेको छ । मुलुकका ७३ वटा जिल्ला सदरमुकामहरू सडक सञ्जालसंग जोडिई सकेका छन् । सडकको विकासलाई व्यवस्थापन र सञ्चालन गर्न रणनीतिक सडक सञ्जाल र स्थानीय सडक सञ्जालमा वर्गीकरण गरिएको छ । रणनीतिक सडक सञ्जालभित्र राष्ट्रिय लोकमार्गहरू, सहायक लोकमार्गहरू (फिडर रोड) तथा रणनीतिक रूपमा महत्त्वपूर्ण शहर जोड्ने सडकहरु पर्दछन्, जसको जिम्मेवारी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रहेको छ भने स्थानीय सडक सञ्जालभित्र जिल्ला, शहरी तथा ग्रामीण सडकहरू पर्दछन् र यसको जिम्मेवारी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत् स्थानीय निकायले निर्वाह गर्दै आएका छन् । सडक संरचनाको व्यवस्थित विकासका लागि १० वर्षे प्राथमिक लगानी योजना (सन् २००७-२०१६) कार्यान्वयनमा रहेको छ ।

**तालिका नं. ५.१ त्रिवर्षीय योजनाको लक्ष्य तथा प्रगति**

| विवरण | त्रिवर्षीय योजनाको लक्ष्य | ईकाई | २०६९/७० सम्मको प्रगति |
|---|---|---|---|
| नयाँ सडक निर्माण | १४९३ | कि.मि. | ३,०२४ |
| सडक मर्मत सम्भार | ९४०० | कि.मि. | ५,८०० |
| स्तरोन्नति, पुनःनिर्माण र पुनःस्थापना | ३७५२ | कि.मि. | २,००६ |
| आवधिक मर्मत | ३६०० | कि.मि. | १,६७७ |
| पुल निर्माण | २०० | संख्या | १५६ |
| जिल्ला सदरमुकाम जोड्ने (मनाङ्ग, डोल्पा, हुम्ला र मुगु) | ४ | संख्या | २ (कूल ७३ पुगेको) |

## ३. समस्या तथा चुनौतीहरु

सडक रेखांकन तथा निर्माणस्थलमा विवाद, जग्गा प्राप्तिमा कठिनाई, जग्गाको उच्च मूल्य मागका कारण मुआब्जा वितरणमा कठिनाई, संरक्षित तथा वन क्षेत्रको उपयोगमा कठिनाई, विस्तृत अध्ययन र इन्जिनियरिंग डिजाइनबिना नै सडक निर्माण हुने, संस्थागत संरचनाबाट भन्दा पनि परामर्शदाताबाट आयोजनाको अध्ययन, डिजाइन तथा सुपरिवेक्षण गरिंदा कार्यक्रमप्रति अपनत्वभाव आउन नसक्नु, लगानी प्राथमिकता योजनाभन्दा बाहिरका सडक तथा पुलहरूको निर्माण, सडक यातायातसंग संलग्न निकायहरूबीच पर्याप्त समन्वय हुन नसक्नु, आयोजना व्यवस्थापनमा विभागीय क्षमता कमजोर रहनु, सडकको गुणस्तरीयता कायम हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

निर्मित संरचनाहरूको मर्मत सम्भार र सम्पत्ति सुरक्षा गर्न नसकिनु, अत्यधिक मागका कारण स्रोत साधनको प्राथमिकीकरण गर्न नसकिनु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, बाह्रै महिना भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु, विभिन्न निकायबीच समन्वय कायम गर्नु, निजी क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

राष्ट्रिय अर्थतन्त्र एवं सामाजिक एकताका लागि स्तरीय, सुरक्षित र भरपर्दो सडक यातायात सञ्जाल विकास गर्ने ।

## ५. उद्देश्य

राष्ट्रिय एकीकरण, आर्थिक-सामाजिक विकास र प्रादेशिक सन्तुलनमा योगदान पुग्ने गरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित सडक यातायात सञ्जाल विस्तार गर्ने ।

## ६. रणनीति

१. अन्तरजिल्ला तथा जिल्ला सदरमुकाम जोड्ने गरी यातायात पहुँच बढाउन यातायात विस्तार गर्ने ।

२. कृषि, उद्योग, जलविद्युत, पर्यटन, शिक्षा तथा स्वास्थ्य आदि सेवामा पहुँच बढाई यातायात विस्तार गर्ने ।

३. सडक सञ्जालको संरक्षण गरी सुरक्षित तथा प्रभावकारी आवागमन प्रत्याभूत गर्ने गरी मर्मतसंभारलाई प्राथमिकता दिने ।

**७. कार्यनीति**

१. सडक सञ्जालसँग जोडिन बाँकी जिल्ला सदरमुकाममा सडक सञ्जाल पुर्‍याइनेछ । (१)

२. जिल्ला सदरमुकाम जोड्ने तथा अन्य राष्ट्रिय महत्त्वका सडक सञ्जाललाई क्रमागतरूपमा वर्षैभरि चल्न सक्ने गरी स्तरोन्नति गरिनेछ । (१)

३. हुलाकी सडकको स्तरोन्नति गरिनुका साथै विभिन्न सीमावर्ती व्यापार केन्द्र र प्रमुख नाकाहरूलाई लोकमार्गसँग जोड्ने गरी उत्तर दक्षिण सडकहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ । (१)

४. मध्यपहाडी लोकमार्ग र काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग निर्माण कार्यको निरन्तरताका साथै सहायक मार्ग तथा जिल्ला सडकहरूको निर्माण, विस्तार तथा स्तरोन्नति गरिनेछ । (१)

५. व्यापारिक दृष्टिकोणले महत्त्वपूर्ण सडकहरूको विकास गर्न सार्वजनिक निजी साझेदारीको अवधारणा मार्फत् लगानी आकर्षित गरिनेछ । (१)

६. महत्त्वपूर्ण जलविद्युत, सिँचाइ, पर्यटन तथा उद्योगलाई सहयोग पुर्‍याउने र कृषि, शिक्षा तथा स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्ने सडकहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ । (२)

७. सवारी साधनको चापअनुरूप सडकको विकास तथा विस्तार गरिनेछ । (२)

८. शहरीकरणको चापलाई दृष्टिगत गर्दै सुरक्षित, वातावरण मैत्री, अवरोधरहित आम यातायात (mass transportation) व्यवस्थापनमा सहयोग पुग्ने गरी सडक सञ्जालको विस्तार गरिनेछ । (२)

९. काठमाडौंलगायत प्रमुख शहरहरूमा सुरु गरिएको चक्रपथ निर्माण कार्यलाई विस्तार गरिनेछ । (२)

१०. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । (३)

११. शहरी क्षेत्रमा सडक संचरना निर्माण तथा विस्तार गर्दा पैदलयात्री तथा अपाङ्ग मैत्री बनाइनेछ । साथै, साइकल लेनको व्यवस्था पनि गरिनेछ । (३)

१२. सडक मर्मत कार्यलाई प्रभावकारी बनाई कुल यातायात सञ्चालन लागत घटाइनेछ । (३)

१३. स्थानीय सडकहरूको सञ्चालन तथा मर्मतसम्भारको जिम्मा स्थानीय निकायहरूलाई दिइनेछ । साथै सडक घनत्वको आधारमा मौजुदा जनशक्ति, मेशिन औजार, कार्यालय, आवास भवन जस्ता पूर्वाधार समेत सम्बन्धित निकायलाई हस्तान्तरण गरिनेछ । (३)

१४. ग्रामीण सडक निर्माण र मर्मत सम्भार गर्दा स्थानीय स्रोतसाधनको उपयोग र श्रममूलक प्रविधि अवलम्बन गरिनेछ । (३)

१५. सडक निर्माण कार्यलाई दिगो तथा स्तरीय बनाउन निश्चित अवधिसम्ममर्मत संभार निर्माणकर्ताले नै गर्नुपर्ने व्यवस्था गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- **मध्यपहाडी लोकमार्ग :** राष्ट्रिय गौरवको रूपमा रहेको चियोभन्ज्याङ्गदेखि झुलाघाटसम्मको मध्यपहाडी लोकमार्गको अनुमानित लम्वाई करिब १,७७६ कि. मी. ट्र्याक खुलिसकेको छ । योजना अवधिमा रेखाङ्कनमा पर्ने सबै पुलहरू निर्माण सम्पन्न हुने तथा स्तरोन्नति हुन बाँकी मध्ये थप करिव ३५० किमी सडक स्तरोन्नति हुनेछ ।

- **उत्तर दक्षिण लोकमार्ग :** उत्तर दक्षिण लोकमार्गमध्ये कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर राष्ट्रिय गौरवका आयोजनाका रूपमा सञ्चालित छन् । उक्त तीन र महाकाली र भेरी कोरिडोर गरी ५ वटा आयोजनाको ट्र्याक खोल्ने र स्तरोन्नति गर्दै लगिनेछ । यसैगरी उतर दक्षिण जोड्ने अन्य विभिन्न १० वटा सडकहरूको संभाव्यताका आधारमा ट्र्याक खोल्ने काम गरिदै लगिनेछ । थप करिब ३३३ कि.मि. सडकको ट्र्याक खोलिनेछ ।

- **हुलाकी लोकमार्ग (पुलहरु समेत) :** हुलाकी लोकमार्ग तथा उतर दक्षिण तराई सडकहरू प्रथम चरण अर्न्तगत विभिन्न २० वटा सडकहरूको कुल ६०६ कि.मि.मध्ये करिब ५०७ कि.मि. सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न गरिनेछ । साथै हुलाकी लोकमार्गमा पर्ने पुलहरू एवं सडक सीमा संरक्षण गर्ने कार्य क्रमिक रूपमा गर्दै लगिनेछ ।

- **सडक क्षेत्र विकास आयोजना :** आ व २०६४/६५ देखि सुरु भएको यस आयोजनाको प्रथम चरण सम्पन्न भइसकेको छ । दोस्रो चरण अन्तर्गत सडक स्तरोन्नति, आवधिक मर्मत संभार र संस्थागत सुदृढीकरण जस्ता कार्यहरू सम्पन्न गरिनेछन् । जसअन्तर्गत ४२६ कि.मी सडक ओटासिल स्तरमा स्तरोन्नति हुने तथा २,१०० कि.मि. सामरिक महत्त्वका सडकको आवधिक मर्मत संभार गरिनेछ ।

- **जिल्ला सदरमुकामहरु जोड्ने सडक :** सडक सञ्जालबाट जोडिन बाँकी दुई जिल्लामध्ये डोल्पाको सदरमुकाम दुनै बजार राष्ट्रिय सडक संजालमा जोडिनेछ भने हुम्ला जिल्लाको सदरमुकाम सिमीकोटमा तिब्बत क्षेत्रबाट सडक यातायात पुऱ्याइनेछ । नेपाल तर्फबाट सिमीकोटसम्म सडक पुऱ्याउन संभाव्यता अध्ययन लगायतका प्रारम्भिक कार्यहरू गरिनेछ ।

- **चक्रपथ सडक विस्तार आयोजना** : यस आयोजना अर्न्तगत काठमाडौं उपत्यका भित्रको भित्री चक्रपथको कलंकी-कोटेश्वर खण्डको १० कि.मि. सडक ८ लेनमा विस्तार भई बाँकी खण्डको विस्तार कार्य क्रमशः सुरु गरिँदै लगिनेछ।

- **पुल निर्माण (स्थानीय सडक र रणनीतिक सडक पुल निर्माण)** : प्रमुख लोकमार्गहरू, सहायक मार्गहरू एवं स्थानीय सडकमा निर्माणाधीन ३५५ वटा पुलहरूको निर्माण गरिनेछ । सामरिक महत्त्वका सडकहरू तथा सदरमुकाम जोड्ने सडक निर्माण भइसकेको तर पुल नभएको कारणबाट यातायात सञ्चालन हुन नसकेको सडकहरूमा पर्ने नदीहरूमा तत्काल यातायात सुचारु गर्न बेली ब्रिज जडान गरिनेछ । साथै रोड कनेक्टिभिटी प्रोजेक्ट अन्तर्गत सुनकोशी पुल तथा बाढीजन्य क्षति पुनः निर्माण आयोजना अर्न्तगत कोशी पुल (चतरा) निर्माण कार्य सम्पन्न गरिनेछ । पुलहरूको डिजाइन, निर्माण तथा सञ्चालनमा प्रभावकारिता ल्याउन विशेष अनुगमन गरिनेछ ।

- **नेपाल–भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजना (मुग्लिङ नारायणगढ खण्ड सडक)** : यस आयोजना अर्न्तगत मुग्लिङ नारायणगढ खण्ड सडक दुई लेनमा विस्तार गरिनेछ ।

- **सडक तथा पुल मर्मत सम्भार** : यस कार्यक्रमअर्न्तगत मुलुकभरका विभिन्न लोकमार्ग, सहायक मार्ग तथा पुलहरूको नियमित, पटके, आवधिक मर्मत सम्भार तथा पुनस्थापना गरी सडक संरचनालाई सुदृढ र व्यवस्थित गरिनेछ । यसैगरी लोकमार्ग तथा सहायक लोकमार्गलाई सुरक्षित र भरपर्दो बनाउने कार्यलाई निरन्तरता दिइनेछ । मर्मत सम्भारलाई योजनाबद्ध र नियमित बनाइनेछ ।

- **सडक सुधार आयोजना** : यस आयोजनाअन्तर्गत पहिलो चरणमा विभिन्न विकास क्षेत्रका १२ वटा सडकहरूको स्तरोन्नति सम्पन्न भइसकेको छ भने योजना अवधिमा दोस्रो चरणका कार्यक्रमअन्तर्गत विभिन्न १२ वटा सडकहरू (५५१ कि.मि) को विस्तृत सर्भेक्षण डिजाइन भई निर्माण कार्य सुरु गरिनेछ ।

- **अध्ययन, अनुसन्धान तथा संस्थागत सुदृढीकरण** : विभिन्न सडक तथा पुलहरूको सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण तथा डिजाइन, भू-वातावरणीय अध्ययन एवं सडक बिभागको संस्थागत सुदृढीकरण गरिनेछ । संस्थागत सुदृढीकरण अन्तर्गत पुल निर्माण कार्यलाई व्यवस्थित गर्न सडक विभागमा पुल महाशाखा स्थापना गरिनेछ भने निर्माण कार्यलाई प्रभावकारी बनाउन, गुणस्तर कायम गर्न र ठेक्कापट्टालाई पारदर्शी बनाउन तथा सडक सम्पत्तिको सुरक्षण, व्यवस्थापन एवं दीर्घकालीन उपयोग गर्न सडक विभागका महाशाखा तथा शाखाहरूलाई सुदृढीकरण गर्न आवश्यक कार्य गरिनेछ । साथै प्राविधिक क्षमता वृद्धि गर्न अनुसन्धान र विकास शाखा स्थापना गरी नयाँ उपयोगी प्राविधिको पहिचान र प्रयोग गरिनेछ । सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अगाडि वढाउन अनुसन्धान र विकास शाखाअर्न्तगत निजी सार्वजनिक साझेदारी इकाइ स्थापना गरिनेछ ।

- **विविधः** सडक सुरक्षा, सडक सम्पत्ति सुरक्षा, अतिक्रमण नियन्त्रण तथा सीमा सुरक्षा, मुआब्जा वितरण, ट्राफिक तथा सडक सुरक्षाका उपायहरू, यान्त्रिक उपकरण खरिद तथा मर्मत संभार लगायतका कार्यहरूलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ ।

### ९. अपेक्षित उपलब्धिहरु

योजना अवधिमा थप ३,००० कि.मि. नयाँ सडक (सबै किसिमका गरी) निर्माण भएको हुने, १,८३१ कि.मि. सडकको स्तरोन्नति (कालोपत्रे तथा ग्राभेल) भएको हुने, २,१६७ कि.मि. सडकको आवधिक मर्मत भएको हुने, थप ३५५ वटा पुल निर्माण भएको हुने, नियमित, पटके, र विशेष मर्मत सुधार भएको सडक ९,२०० कि.मि. पुगेको हुने र सम्पूर्ण जिल्ला सदरमुकामहरूमा सडक पुगेको हुनेछ ।

## ५.२.२ हवाई यातायात

### १. पृष्ठभूमि

हवाई यातायात सेवालाई सुरक्षित, नियमित, सर्वसुलभ र विश्वसनीय बनाउन आवश्यक पूर्वाधारहरू, विशेषत आधुनिक  सुविधासम्पन्न विमानस्थलहरूको विकास र विस्तारको साथै भरपर्दो हवाई यातायातको सञ्चालन र प्रभावकारी नियमन गर्नु आवश्यक छ । त्यसैगरी निजी क्षेत्रको सहभागितामा हवाई यातायातलाई पर्यटन विकाससँग आबद्ध गरी सर्वसुलभ र भरपर्दो बनाउने तथा नागरिक उड्डयन सेवालाई सक्षम र सुदृढ बनाउन आवश्यक देखिन्छ ।

हवाई यातायात सेवालाई सुरक्षित, सर्वसुलभ, स्तरीय एवं भरपर्दो बनाउन हवाई नीति, २०६३ मा भएको व्यवस्थाअनुसार आन्तरिक विमानस्थल निर्माण, सञ्चालनका साथै अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि निजी क्षेत्रको सहभागिता बढाउँदै जाने रणनीति अनुरूप निजी कम्पनीहरूलाई पनि अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालन गर्न इजाजतपत्र दिइसकिएको छ । आन्तरिक उडानतर्फ निजी कम्पनीहरूको सहभागिता वृद्धि भइरहेको छ । विमानस्थलहरूको भौतिक पूर्वाधार निर्माणमा निजी क्षेत्रको लगानीलाई आकर्षित गरी समुदाय समेतको सहभागितामा विमानस्थल निर्माण गराउने नीति लिइएको छ ।

### २. अद्यावधिक स्थिति

हाल देशमा १ अन्तर्राष्ट्रिय विमानस्थल, ४ वटा क्षेत्रीय विमानस्थल, ४४ वटा आन्तरिक विमानस्थल र ८ वटा निर्माणाधिन आन्तरिक विमानस्थल समेत गरी ५७ वटा विमानस्थलहरू रहेका छन् भने ती मध्ये ३४ वटा मात्र सञ्चालनमा रहेका छन् । नेपालले ३६ वटा मुलुकहरूसंग द्विपक्षीय हवाई सेवा सम्झौता सम्पन्न गरी समयानुकूल पुनरवलोकन गर्दै अधिकतम ट्राफिक अधिकार प्राप्त गर्ने व्यवस्था गरिएको छ । थप अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई उडानका लागि प्रोत्साहन गर्न  त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई २४ सै घण्टा सञ्चालन गर्न सुविधा विस्तार कार्य प्रारम्भ गरिएको छ । नेपाललाई अन्तराष्ट्रिय हवाई ट्रान्जिटको रूपमा विस्तार गर्न भारत, चीन, पाकिस्तान लगायतका देश र अन्तराष्ट्रिय नागरिक उड्डयन संगठनसंग समन्वय गर्ने कार्य भैरहेको

छ । विमानस्थलहरूमा भू-उपग्रहमा आधारित सञ्चार, पथप्रदर्शन, निगरानी तथा हवाई यातायात व्यवस्थापन प्रणालीलाई लागू गर्न १० वर्षे योजना (सन् २००५-१५) कार्यान्वयन भैरहेको छ । नेपालको समग्र हवाई क्षेत्रको सुदृढीकरण एवं विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने नीति अवलम्बन गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले प्रदान गरिआएको नियमनकारी कार्य र एयर नेविगेशन सेवा प्रदायकको कार्य छुट्ट्याइएर अलग अलग संस्थागत व्यवस्था गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

बाराको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि विस्तृत संभाव्यता अध्ययन सम्पन्न भै स्रोत जुटाउने प्रयास भैरहेको छ । यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि गर्ने कार्यको साथै गौतमबुद्ध विमानस्थल, भैरहवालाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ भएको छ । हवाई यातायात सुरक्षा अभिवृद्धिका लागि विमानस्थल निरीक्षण निर्देशिका, २०६८ कार्यान्वयनमा ल्याइएको छ । नेपाल वायुसेवा निगमको लागि अन्तर्राष्ट्रिय एवं आन्तरिक उडानका लागि विमान खरिद प्रक्रियालाई अगाडि बढाइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

बढ्दो हवाई ट्राफिकको आवश्यकता अनुरूप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता बढाउन नसक्नु, द्वन्दको क्रममा क्षतिग्रस्त विमानस्थलहरूको पुनर्निर्माण/पुनःस्थापना गर्न नसक्नु, विमानस्थलहरू स्तरोन्नति गर्न स्रोतको कमी, प्रमुख पर्यटन स्रोत मुलुकहरूबाट सिधा र भरपर्दो हवाई सेवा नहुनु, नयाँ तथा पुनर्स्थापित विमानस्थल सञ्चालनको व्यावसायिक योजना तर्जुमा नहुनु, नागरिक उड्यन क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको कमी, विमानस्थल निर्माण तथा सञ्चालनमा सार्वजनिक-निजी साझेदारीको लगानी प्रारूप अवलम्बन गर्न नसकिएको जस्ता समस्याहरू विद्यमान छन् ।

सम्भाव्यता अध्ययन भैरहेको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा क्षेत्रीय विमानस्थल निर्माणको लागि आवश्यक स्रोत र उपयुक्त लगानी प्रारूप तयार गर्नु, प्रस्तावित विमानस्थलको जग्गामा बसोवास गरिरहेका वासिन्दाहरूलाई पुनर्वास गराउनु, देशको भौगोलिक अवस्थितिका कारण मौसम तथा आधुनिक उपकरणको जडान र उपयोग गरी प्रभावकारी नियमन मार्फत् नागरिक उड्डयनको सुरक्षा सुनिश्चित गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ४. दीर्घकालीन सोच

मूलुकमा सुरक्षित, नियमित र विश्वसनीय हवाई यातायात सेवा उपलब्ध गराई पर्यटन प्रवर्द्धन, रोजगारी सृजना र सन्तुलित विकासमा योगदान पुऱ्याउने ।

### ५. उद्देश्य

हवाई यातायातको सुदृढीकरणबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा आवागमन र पहुँच बढाई गुणस्तरीय सेवा प्रवाह गर्दै नागरिक उड्डयन उद्योगलाई मुलुकको विकासमा महत्त्वपूर्ण योगदान गर्न सक्ने आर्थिक क्षेत्रको रूपमा विकास गर्ने ।

## ६. रणनीति

१. हवाई सेवालाई भरपर्दो, सुरक्षित, सर्वसुलभ तथा नियमित यातायातको माध्यमको रूपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहुँच स्थापित गर्ने ।

२. सरकारी, निजी, स्थानीय निकाय र समुदायको सहकार्यमा उड्डयन क्षेत्रको विकासका निम्ति आवश्यक पूर्वाधारहरूको विकास र विस्तार गर्ने ।

३. प्रभावकारी अनुगमन, नियमन र अत्याधुनिक प्रविधिको उपयोग मार्फत् नागरिक उड्डयन क्षेत्रको सुरक्षा सुनिश्चित गर्ने ।

## ७. कार्यनीति

१. विभिन्न मुलुकहरूसँग हवाई सम्झौता गर्दा पर्यटकीय प्रवर्द्धनलाई विशेष ध्यान दिइनेछ। सम्झौता भइसकेका मुलुकसँगको हवाई सम्झौतालाई समय सापेक्ष पुनरवलोकन गर्दै लगिनेछ । (१)

२. नेपाल वायुसेवा निगमको व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रतिस्पर्धी बनाउन सुदृढीकरण गरी आवश्यक विमानहरूको खरिद तथा सेवामा सुधार गरिनेछ । (१)

३. हवाई सेवासम्बन्धी गतिविधि तथा कार्यक्रमहरूलाई व्यवस्थित तथा प्रभावकारी पार्न हवाई यातायात गुरुयोजनाको तर्जुमा गरिनेछ । (१)

४. जनकपुर, रामेछाप, भैरहवा र धनगढी विमानस्थललाई उडान उद्गमस्थल बनाई त्यहँबाट हुने पहाडी स्थलमा उडान शुल्कमा छुट दिने व्यवस्था मिलाईनेछ । (१)

५. राष्ट्रिय अर्थतन्त्रमा नागरिक उड्डयन क्षेत्रको योगदान गणना गर्ने प्रणालीको विकास गर्न उड्डयन क्षेत्रको छुट्टै लेखा सम्बन्धी अध्ययन गरिनेछ । (१)

६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक तथा अन्तर्राष्ट्रिय हवाई यातायात सेवाको बढ्दो ट्राफिक चापलाई दृष्टिगत गरी आवश्यक पूर्वाधार विकास तथा विस्तार कार्य प्राथमिकता साथ अगाडि बढाई विमानस्थललाई २४ सै घण्टा सञ्चालनयोग्य बनाइनेछ । (२)

७. अन्तर्राष्ट्रिय हवाई सेवाको बढ्दो ट्राफिक तथा हवाईयात्रुको बढ्दो चाप समेतलाई दृष्टिगत गरी निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य प्रारम्भ गरिनेछ । (२)

८. विमानस्थल पूर्वाधार विकास र स्तरोन्नति, प्रविधिको विकास, वायुसेवा सञ्चालनमा निजी क्षेत्रका लगानीकर्तालाई आकर्षित गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई अघि बढाइनेछ । (२)

९. पर्यटकीय रूपले महत्त्वपूर्ण विमानस्थलहरू बाह्रै महिना सञ्चालनयोग्य हुने गरी स्तरोन्नति गरिनेछ । (२)

१०. कर्णाली अञ्चल लगायतका दुर्गम क्षेत्रहरूमा हवाई यातायातलाई नियमित र पहुँचयोग्य बनाउन ती क्षेत्रका विमानस्थलहरूमा आधुनिक प्रविधिको प्रयोग गरी स्तरोन्नति र उडानमा वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ। (२)

११. गौतमबुद्ध विमानस्थल र पोखरा विमानस्थललाई आवश्यक वित्तीय स्रोत जुटाई क्षेत्रीय स्तरको अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गरिनेछ। (२)

१२. विराटनगर, जनकपुर, भैरहवा, नेपालगञ्ज, सूर्खेत र धनगढी विमानस्थलहरूलाई हब विमानस्थलको रूपमा विकास गरी साना/मझौला क्षमताका विमानलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सट्टा यी विमानस्थलहरूबाट उडान गर्न प्रोत्साहित गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा साना विमानको चापलाई कम गरिनेछ। (२)

१३. हवाई सेवालाई सुरक्षित बनाउन विमानस्थलहरूमा आधुनिक उड्डयन सहाय उपकरणको व्यवस्थाका साथै विमानहरूको उडान सुरक्षा अनुगमन र जाँच प्रणालीलाई अन्तर्राट्रिय मापदण्ड अनुकूल बनाउने कार्य अघि बढाइनेछ। (३)

१४. नागरिक उड्यन क्षेत्रलाई सुरक्षित तथा भरपर्दो बनाउन कानुनी र संस्थागत व्यवस्था मिलाई यस क्षेत्रको प्रभावकारी अनुगमन र नियमन गरिनेछ। (३)

१५. उड्डयन सुरक्षा र स्तरीय सेवाको प्रत्याभूतिको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको क्षमता अभिवृद्धि गर्न अन्तराष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मार्गदर्शन अनुरूप प्राधिकरणको संरचनात्मक सुधार गरिनेछ। (३)

१६. प्रयोगमा नआएका विमानस्थलहरूलाई स्तरोन्नति गरी साहसिक एवं मनोरञ्जनात्मक वायूसेवा सञ्चालन हुने गरी पर्यटन प्रर्वद्धनमा उपयोग गरिनेछ। (३)

**८. प्रमुख कार्यक्रमहरु**

- हवाई यातायातलाई सुरक्षित, भरपर्दो र सर्वसुलभ बनाउन तथा नेपाललाई अन्तर्राष्ट्रिय हवाई ट्रान्जिटको रूपमा विकास र विस्तार गर्न हवाई नीतिमा समयानुकूल परिमार्जन गर्ने।
- हवाई यातायातको गुरुयोजना तयार गर्ने।
- विमानस्थल निर्माण तथा सञ्चालन नीति तर्जुमा गरी कायान्वयनमा ल्याइने।
- बारा जिल्लाको निजगढमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण तथा सञ्चालनका लागि लगानीकर्ता खोजी गरी निर्माण कार्य अघि बढाउने।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता र सुविधामा वृद्धि गर्दै लैजान विमानस्थल विस्तार सुदृढीकरणका कार्यक्रमलाई निरन्तरता दिइने।
- पोखरामा नयाँ  क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य अघि बढाइने।
- भैरहवास्थित गौतमवुद्ध विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई निरन्तरता दिईने।

- विराटनगर, जनकपुर, भैरहवा, नेपालगन्ज र सुर्खेत विमानस्थलहरूलाई क्षेत्रीय हबाइ विमानस्थलको रूपमा विकसित गर्ने ।
- दुर्गम क्षेत्रका विमानस्थलहरूको स्तरोन्नति गरिने ।
- विमानस्थलहरूमा अत्याधुनिक सुरक्षा सहायक उपकरणहरूको जडान गर्ने कार्यलाई निरन्तरता दिने ।
- उड्यन सुरक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठनलगायतका सुरक्षा सिफारिशहरू कार्यान्वयन गर्ने नीतिगत परिमार्जन, संस्थागत सुदृढीकरण र उड्यन सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

**९. अपेक्षित उपलब्धि**

बारामा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका साथै भैरहवा तथा पोखरामा १/१ वटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सुरु भएको हुने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता अभिवृद्धि हुनुका साथै २२ वटा आन्तरिक विमानस्थलको धावनमार्ग कालोपत्रे भएको हुने, सबै मौसममा सञ्चालन हुने विमानस्थलहरूको संख्या १७ बाट २० पुगेको हुने, आन्तरिक उडान गर्ने वायुसेवाहरूको संख्या १८ बाट २० पुऱ्याउने, नेपाल आउने विदेशी विमान कम्पनीको सङ्ख्या ३१ र दुईतर्फी हवाई सीटको सङ्ख्या वार्षिक ७५ लाख पुगेको हुने एवं द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको संख्या ३६ बाट ४० पुगेको हुनेछ ।

## ५.२.३ रेल तथा अन्य यातायात

**१. पृष्ठभूमि**

आर्थिक विकास, सामाजिक समायोजन र सेवाको पहुँच विस्तारका साथै देशको समग्र समुन्नतिका लागि अभिन्न अंगका रूपमा रेल्वे सेवा लगायत जल यातायात र रज्जु मार्ग जस्ता अन्य यातायातको आवश्यकता रहेको छ । विगतमा कम प्राथमिकतामा रहेको भएता पनि रेल सेवा र अन्य यातायात सेवाको महत्त्वलाई ध्यानमा राखी रेल्वे सेवा तर्फ पूर्व-पश्चिम (मेची-महाकाली), काठमाण्डौं-पोखरा-तराई, काठमाडौं मेट्रो, भारत सीमाबाट नेपालका महत्त्वपूर्ण औद्योगिक व्यापारिक क्षेत्रहरू जोड्ने, चीन (तिब्बत क्षेत्र) बाट काठमाडौँ जोड्ने रेल्वे सेवा निर्माण विस्तार गर्नुका साथै खस्कँदो अवस्थामा रहेको जनकपुर-जयनगर रेल सेवाको सुदृढीकरण गर्ने कार्यलाई आर्थिक संभाव्यता हेरी अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ । त्यस्तै अन्य यातायात सेवातर्फ रज्जु मार्ग र जलयातायात सेवा संभाव्यताको आधारमा विकास र विस्तार गर्नु पनि आवश्यकता देखिएको छ ।

## २. अद्यावधिक स्थिति

हालसम्म मुलुकमा २६ किलोमिटर मात्र रेल्वे सेवा सञ्चालनमा छ । विगत वर्षहरूमा रेल्वे सेवाको थप निर्माण र विस्तार हुन सकेन । त्रिबर्षीय योजनामा रेलमार्ग निर्माणको बारेमा प्रष्टरूपमा उद्देश्य नराखे पनि यातायातको वैकल्पिक माध्यमको विकासतर्फ संभाव्यता अध्ययन गर्ने कार्यलाई प्राथमिकतामा राखेको पाईन्छ । यस अवधिमा मेची महाकाली विद्युतीय रेलमार्ग (९४५ कि.मी) र काठमाण्डौ उपत्यका मेट्रो (७७.२६ कि.मी) रेल सञ्जालको संभाव्यता अध्ययन पूरा भएको छ । आ.ब ०६९/७० सम्म १३६ कि.मी मेची महाकाली विद्युतीय रेलमार्ग सिमरा-बर्दिबास खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ । त्यसै गरी आ.ब ०७०/७१ भित्र सिमरा तम्सरिया- बुटवल- लुम्बिनी २२३ कि.मी रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार हुनेछ । छिमेकी मुलुकहरूको अनुभव र ज्ञान समेतवाट नेपालले यस क्षेत्रमा पर्याप्त पहल गर्न नसकिराखेको यथार्थ अवस्थामा रेल यातायातको निर्माण कार्यका साथै विस्तार सुदृढीकरणका लागि रेल विभागमार्फत् कार्य अघि बढाइएको छ । जल यातायात, रज्जु मार्ग जस्ता अन्य यातायातको विकासका लागि प्रारम्भिक कार्य भैरहेको छ । साथै यसको विकासका लागि निजी क्षेत्रलाई आकर्षित गर्ने प्रयास गरिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

रेल सेवा र रज्जुमार्गको संरचना विस्तारका लागि जग्गा प्राप्ति तथा मुआब्जा वितरणमा समस्या, नियमित विद्युत आपूर्तिको सुनिश्चिचता नहुनु, आवश्यक प्राविधिक जनशक्ति तथा संस्थागत व्यवस्थाको अभाव, भएका संरचनाहरूको पनि समयमा मर्मत सम्भार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । रेल सेवा स्थापना र सञ्चालनका लागि प्रारम्भिक लागत अत्यधिक हुनु, प्रस्तावित पूर्व पश्चिम रेलमार्गको समानान्तर रूपमा पूर्व पश्चिम सडक र हुलाकी मार्गको निर्माणले लागत प्रभावकारिता कम हुने सम्भावना रहनु, रेल तथा अन्य यातायात सेवामा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्नु, रेल सेवाको प्रभावकारी व्यवस्थापन गर्नुजस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

सुरक्षित, भरपर्दो, पर्यावरण मैत्री र आर्थिक रूपले सबल राष्ट्रिय रेल संजाल तथा अन्य यातायात सेवा विकसित गर्ने ।

## ५. उद्देश्य

राष्ट्रिय आर्थिक-सामाजिक एकीकरण, प्रादेशिक सन्तुलन र विकासमा योगदान पुग्ने गरी भरपर्दो र सुरक्षित रेल तथा अन्य यातायात सञ्जाल विस्तार गर्ने ।

## ६. रणनीति

१. रेलमार्ग तथा अन्य यातायातका माध्यमहरूको पहिचान गरी विकास र विस्तार गर्ने ।

२. काठमाण्डौ, विराटनगर, पोखरा, नेपालगंजलगायतका शहर एवं शहरउन्मुख क्षेत्रहरूका लाइट रेल ट्रान्जिट, मोनोरेलजस्ता रेल यातायात विकास र विस्तार गर्ने ।

३. रेल, रज्जु मार्ग, जलमार्गजस्ता यातायातको पूर्वाधार विकास तथा सञ्चालनमा निजी-सार्वजनिक साझेदारी प्रवर्द्धन गर्ने ।

४. दिगो, सुरक्षित र भरपर्दो रेल सञ्जाल र अन्य यातायातको विकास गर्ने ।

## ७. कार्यनीति

१. पूर्व-पश्चिम विद्युतीय रेलमार्ग विकासको सम्भाव्यताका अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन तयारी कार्य अगाडि बढाइनेछ । (१)

२. काठमाडौं उपत्यकामा मेट्रो रेल सेवा सञ्चालनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाउन सार्वजनिक निजी साझेदारी अवधारणामार्फत् लगानी आकर्षित गरिनेछ । (२)

३. रज्जुमार्ग/केबलकारजस्ता वैकल्पिक यातायात प्रणालीको विकास गर्न सम्भाव्यता अध्ययनका कार्यहरू अगाडि बढाइनेछ र सम्भाव्य आयोजनाको निर्माण प्रारम्भ गरिनेछ । (३)

४. पर्यटकीय दृष्टिकोण समेतले महत्त्वपूर्ण स्थानमा रज्जुमार्ग/केबलकार, जलमार्ग जस्ता यातायात प्रणालीको विकास गर्न सार्वजनिक निजी साझेदारी अवधारणामार्फत् लगानी आकर्षित गर्न प्रोत्साहित गरिनेछ । (३)

५. निर्माणाधीन विराटनगर-कटहरी रेलमार्ग र विस्तार हुँदै गरेको जयनगर जनकपुर बर्दिबास रेलमार्गको सञ्चालन स्वायत्त निकाय वा सार्वजनिक निजी साझेदारीमार्फत् गर्ने व्यवस्था मिलाइनेछ । (४)

६. सम्भाव्यताको आधारमा जलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य सुरु गरिनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- **मेची महाकाली विद्युतीय रेलमार्गः** राष्ट्रिय गौरवको मेची-महाकाली विद्युतीय रेलमार्ग आयोजनाको निर्माणबाट नेपालको पूर्वी तराईदेखि पश्चिम तराईलाई रेलको सञ्जालबाट जोड्ने लक्ष्य राखिएको छ । यस रेलमार्गको कुल लम्बाई ९४५ कि.मी हुनेछ । यस योजना अवधिभित्र यस रेलमार्गको सम्पूर्ण खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार गरिनेछ । साथै विस्तृत आयोजना प्रतिवेदन पूरा भएका र संभाव्यता बोकेका खण्डहरू निर्माणमा लगिनेछ । जसअन्तर्गत बर्दिवास - सिमरा खण्ड (१०८ कि.मि.) को निर्माण कार्य सुरु गरिनेछ ।

- **नेपाल भारत अन्तरसिमा रेलमार्गः** नेपाल भारत सीमामा पहिचान गरिएका विभिन्न पाँच स्थानको रेलमार्ग निर्माण गर्ने कार्य अन्तरगत जयनगर-जनकपुर बर्दिबास (६९

कि.मी) र कटहरी-विराटनगर (१३.४ कि.मी) यस योजना अवधिभित्रै भारतीय सहयोगमा निर्माण पूरा गरिनेछ । बाँकी स्थानहरूमा निर्माण कार्य सुरु गरिनेछ ।

- **काठमाण्डौ उपत्यका मेट्रो रेलः** काठमाण्डौ उपत्यकाको बढ्दो यातायात समस्यालाई न्यूनीकरण गर्न काठमाडौं उपत्यकामा संभाव्यता अध्ययनमा आधारित भएर मेट्रो रेलको विकास, निर्माण तथा विस्तार गर्ने कार्यलाई यस योजना अवधिमा अघि बढाइनेछ । काठमाण्डौ उपत्यकामा चरणबद्ध रूपले करिब ७८ कि.मी मेट्रो रेलको निर्माणलाई निजी सार्वजनिक साझेदारीको ढाँचामा सुरुवात गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यलाई अघि बढाइनेछ ।
- **रज्जुमार्ग तथा जल यातायातः** सम्भाव्यताका आधारमा निजी क्षेत्रसंगको संलग्नतामा रज्जु तथा जल यातायातको विकासका कार्यक्रमहरू सञ्चालनमा ल्याइने छन् ।

### ९. अपेक्षित उपलब्धि

काठमाण्डौ उपत्यका मेट्रो रेल र मेची महाकाली रेलमार्गको ९४५ कि.मी को सम्पूर्ण खण्डको विस्तृत परियोजना प्रतिवेदन पूरा भएको हुने, सिमरा-बर्दिबास खण्डको निर्माण सुरु भएको हुने, जयनगर-बर्दिबास रेलमार्ग (६९ कि.मी) र कटहरी-विराटनगर-बथनाहा रेलमार्ग (१३.४ कि.मी) निर्माण भई सञ्चालनमा आएको हुनेछ ।

## ५.३ सूचना तथा सञ्चार

### १. पृष्ठभूमि

सूचना सञ्चारको क्षेत्रमा विश्वमा भएको द्रुततर प्रगतिले नेपालमा पनि तदनुरूप नयाँ प्रविधि ग्रहण गर्न प्रोत्साहित गरेको छ । सरकारी र निजी क्षेत्रबाट समेत यस क्षेत्रमा भएको उल्लेख्य लगानी र त्यसबाट परेको सकारात्मक प्रभावले मुलुकका विकट क्षेत्रमा समेत सूचना तथा सञ्चारको पहुँच बढेको छ । यस पृष्ठभूमिमा मुलुकको सर्वाङ्गीण विकास र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि आर्थिक विकासका समग्र पक्षहरूमा सूचना तथा सञ्चारको अधिकतम उपयोगको सम्भावना बढाउँदै लैजानु आवश्यक देखिन्छ ।

### २. अद्यावधिक स्थिति

संविधान प्रदत्त सूचनाको हकको कार्यान्वयनमा राज्यको उच्च प्रतिबद्धता रहेको छ । त्रिवर्षीय योजना अवधिमा सञ्चार क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएका छन् । यस अवधिमा ६ वटा टेलिफोन सेवा प्रदायक कम्पनीले प्रतिस्पर्धात्मक रूपमा टेलिफोन सेवा विस्तार गरिरहेका छन् । देशका सबै गाउँ विकास समितिसम्म टेलिफोन सेवा विस्तार भएको छ । यसबाट कुल २.१७ करोड टेलिफोन वितरण भइ टेलिफोन घनत्व ८१.७२ प्रतिशत पुगेको छ भने इन्टरनेट सुविधा लिनेहरूको सङख्या ७१,३७,७३० पुगेको छ । ३१ टेलिभिजन च्यानलले प्रसारण इजाजत लिएका, ७७२ केवल टेलिभिजन सेवा प्रदायक र ४८९ रेडियोहरू (एफएम समेत) सञ्चालनमा रहेका छन् । यस अवधिमा ६,६९०

पत्रपत्रिका दर्ता भएका र ४,७८८ पत्रकारले प्रेस पास लिएका छन् । पत्रकारको बीमा व्यवस्था तथा द्वन्द्वपीडित पत्रकारको सहयोगसम्बन्धी नियमावली तयार भएको छ । चलचित्र तथा विज्ञापन व्यवसायले विशिष्टता हासिल गरेका छन् भने छापा तथा विद्युतीय माध्यमका आमसञ्चारको विस्तारले गुणात्मक फड्को मारेको छ । तर सरकारको पूर्ण वा आंशिक संलग्नता रहेका सञ्चार माध्यम (हुलाक, रेडियो, टेलिभिजन, समाचार संस्था तथा पत्रपत्रिका) हरूको क्षेत्रमा सामयिक सुधारको खाँचो छ ।

### ३. समस्या तथा चुनौतीहरु

सूचना सञ्चारको क्षेत्रमा आएको परिवर्तनसंगै विभिन्न किसिमका समस्याहरू पनि देखिएका छन् । सेवाको गुणात्मक सुधार हुन नसक्नु, सेवा प्रदायकहरूबीच तीव्र प्रतिस्पर्धा रहनु, व्यावसायिक मर्यादामा ह्रास आउनु, सरकारको पूर्ण स्वामित्वमा रहेका सञ्चार गृह, हुलाक र प्रसारण संस्थाहरू व्यावसायिकता प्रवर्द्धन हुन नसक्नु, पर्याप्त तथा नियमित विद्युतको अभाव रहनु, सञ्चार संस्थाहरूबीच अन्तर आबद्धताको कमी रहनु, दूरसंचार नीतिमा समसामयिक परिवर्तन हुन नसक्नाले प्रविधिको विस्तारसंगै आएका समस्या सम्बोधन गर्न नसकिनु र सुरक्षण मुद्रणको विकास गर्न नसकिनुजस्ता समस्याहरू यस क्षेत्रले भोगिरहेको छ ।

राष्ट्रिय प्रसारणको अवधारणालाई कार्यान्वयनमा ल्याउनु, नेपाल टेलिभिजनलाई एनालगबाट डिजिटल प्रविधिमा लानु, सूचना सञ्चार क्षेत्रका पूर्वाधारको साझेदारीपूर्ण उपयोग गर्नु, व्यावसायिक मर्यादामा सुधार गर्नु, सरकारी स्वामित्वका सञ्चार निकायहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी स्वनिर्भर बनाउनु, सबै प्रकारका सञ्चार सेवाको गुणस्तरीयता वृद्धि गर्नु, हुलाक सेवाको विविधीकरण गरी आधुनिक प्रविधिमैत्री बनाउनु, सूचना सञ्चारको क्षेत्रमा आएको परिवर्तनलाई ग्रहण गर्नुजस्ता चुनौती यस क्षेत्रमा देखिएका छन् ।

### ४. दीर्घकालीन सोच

सूचना तथा सञ्चार क्षेत्रमा विकास भएका नवीन प्रविधिहरू अवलम्बन गर्दै यस क्षेत्रलाई मुलुकका आर्थिक, सामाजिक, सांस्कृतिक विकासको महत्त्वपूर्ण आधारको रूपमा स्थापित गर्ने ।

### ५. उद्देश्य

सूचना तथा सञ्चार सेवा र प्रविधिलाई समसामयिक, प्रभावकारी, गुणस्तरीय र सर्वसुलभ बनाउने ।

### ६. रणनीति

१. आफ्नै भू-उपग्रह स्थापना र ब्रोडव्याण्ड, अप्टिकल फाइबरजस्ता दूरसञ्चार क्षेत्रमा आएका नवीनतम प्रविधिहरूको सञ्जाललाई देशव्यापी बनाई सूचना तथा सञ्चार क्षेत्रलाई समयानुकूल, प्रभावकारी र गुणस्तरिय बनाउने ।

२. दूरसञ्चार क्षेत्रमा पूर्वाधारको सहप्रयोग (infrastructure sharing) को वातावरण तयार गर्ने ।

३. सञ्चारका माध्यमहरूलाई जिम्मेवार, व्यावसायिक, आधुनिक र स्वायत्त बनाउने ।

४. सुरक्षण मुद्रणसम्बन्धी सबै पूर्वाधार तयार गरी मुद्रण विभागलाई सुरक्षण मुद्रण मुद्रणालयका रूपमा विकास गर्ने ।

५. खुला स्टुडियोको अवधारणा अनुरूप अन्तर्राष्ट्रियस्तरको चलचित्र छायाङ्कन स्थल निर्माण गरी सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता प्रवर्द्धन हुने खालका मौलिक एवं आधुनिक चलचित्र निर्माण गर्न जोड दिने ।

६. हुलाकबाट आधुनिक, व्यावसायिक सेवाहरू प्रदान गर्दै हुलाक सेवालाई थप विश्वसनीय, व्यावसायिक तथा प्रतिस्पर्धी बनाउने ।

७. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि उचित वातावरण सृजना गर्ने ।

८. आमसञ्चार माध्यमलाई मर्यादित, जिम्मेवार र उत्तरदायी बनाउने ।

**७. कार्यनीति**

१. नेपाललाई अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले उपलब्ध गराएको अन्तरिक्षमा भू-उपग्रह स्थापना गर्ने स्थान अर्बिटल स्लट प्रयोगको तयारी गरी आफ्नै भू-उपग्रह स्थापना गर्नेतर्फ तयारी गरिनेछ । (१)

२. ब्रोडब्याण्ड तथा अप्टिकल फाइबरको सञ्जाललाई देशव्यापी बनाइनेछ । ब्रोडब्याण्ड तथा अप्टिकल फाइबरको पहुच कठिन हुने स्थानहरूमा ताररहित प्रविधि मार्फत् सेवा पुर्‍याइनेछ । (१)

३. ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग गरी सम्पूर्ण जिल्ला सदरमुकामसम्म अप्टिकल फाइबरको विस्तार, सामुदायिक विद्यायालयहरूमा ब्रोडब्याण्ड सेवाको पहुँचका साथै अपाङता भएका व्यक्तिहरूका लागि सूचना तथा सञ्चार प्रविधि र सेवामा पहुँच पुर्‍याउन आवश्यक कार्य गरिनेछ । (१)

४. दूरसञ्चार, प्रसारण, अनलाइन मिडिया समेतलाई नियमन गर्ने गरी Convergence Framework को नीतिगत, कानुनी र संस्थागत संरचना तयार गरिनेछ । (२)

५. दूरसञ्चार सेवाको गुणस्तर सम्बन्धमा नयाँ गुणस्तर नियमन लागू गरिनेछ । (२)

६. दूरसञ्चारको नयाँ सेवाको रूपमा पूर्वाधारको सहप्रयोग सम्बन्धी अलग्गै अनुमति प्रदान गर्ने व्यवस्था गरिनेछ । (२)

७. सञ्चार क्षेत्रमा आएका नयाँ प्रविधि र विकासलाई आत्मसात् गर्दै नयाँ मिडिया नीति बनाइनेछ । (३)

८. रेडियो नेपाल तथा नेपाल टेलिभिजनलाई डिजीटाइज्ड गरी सार्वजनिक प्रसारण संस्थामा परिणत गरिनेछ र क्षेत्रीय प्रसारण केन्द्रहरू थप गर्दै लगिनेछ। (३)

९. नेपाल सरकारबाट प्रवाह हुने सूचनाहरू सूचना विभागमार्फत् प्रवाह हुने गरी सूचना विभागलाई सूचना बैङकको रूपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ। (३)

१०. पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाइन प्रसारकहरूको वर्गीकरण गरी त्यसका आधारमा सरकारी सहुलियत प्रदान गरिनेछ। (३)

११. राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनलाई प्रतिस्पर्धी, व्यावसायिक बनाउँदै आत्मनिर्भर सञ्चारमाध्यमको रूपमा विकास गर्न नीतिगत व्यवस्था गरिनेछ। (३)

१२. राष्ट्रिय समाचार समितिलाई सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन गर्ने आधार तयार गरिनेछ। (३)

१३. स्वदेशमै सञ्चार उपकरण उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ। (३)

१४. सुरक्षण मुद्रणका लागि आधुनिक भवन निर्माणको कार्य प्रारम्भ गरिनेछ। सुरक्षण मुद्रणका सम्बन्धी आवश्यक मेशिन उपकरण खरिद गरिनेछ। (४)

१५. मुद्रण विभागको पुनसंरचना गरी यसको कार्यलाई डिजिटाइज्ड गरिनेछ। (४)

१६. खुला स्टुडियोमा आधारित आधुनिक सुविधायुक्त चलचित्र नगरी निर्माण गरिनेछ। (५)

१७. सबै जिल्ला हुलाकहरूमा काउण्टर अटोमेशनद्वारा हुलाकको वर्तमान संगठनलाई पुनसंरचना गरिने र त्यहाँका जनशक्तिलाई सूचना प्रविधि मैत्री बनाउन पूर्वाधार तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ। (६)

१८. टेलीसेन्टरलाई एकीकृत सूचना केन्द्रको रूपमा विकास गरिनेछ। (६)

१९. हुलाक बचत बैकको दायरालाई विस्तार गरिनेछ। (६)

२०. सूचनाको हक कार्यान्वयन गर्नका लागि राष्ट्रिय सूचना आयोगलाई प्रभावकारी र सक्षम बनाइनेछ। (७)

२१. प्रेस काउन्सिललाई सुदृढीकरण गरिनेछ। (८)

२२. अनलाईन सेवालाई व्यवस्थित गर्न छुट्टै ऐनको व्यवस्था गर्नुका अतिरिक्त प्रसारण तथा अनलाईन सेवाको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। (८)

**८. प्रमुख कार्यक्रमहरु**

**दूरसञ्चार क्षेत्र**

- अर्बिटल स्लटको उपयोग गरी भू-उपग्रह स्थापना गर्ने कार्यका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नेबारे परामर्श सेवा लिइने र आवश्यक कानुन तर्जुमा गर्ने ।
- ब्रोडब्याण्ड सेवा विस्तारका लागि थप सूचना महामार्गहरूको स्थापना तथा विस्तार गरी यसको अधिकतम उपयोग गर्न Application / Contents को विकास गर्ने ।
- दूरसञ्चार सेवाको विस्तार, आधुनिकीकरण र विविधीकरणका लागि आवश्यक नीतिगत तथा कानुनी आधार तयार गर्ने ।
- दूरसञ्चार सेवाको गुणस्तर सुधारका लागि अनुगमन संयन्त्रको संरचना निर्माण गरी गुणस्तर मापन स्तर निर्धारण गर्ने ।
- ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग गरी स्कूलहरू र समुदायहरू साथ साथ (connect schools and connect communities) कार्यक्रम तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सूचना तथा सञ्चार प्रविधि र सेवामा पहुँच पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने ।
- पूर्वाधारको विकास र सहप्रयोगका लागि नीतिगत तथा कानुनी व्यवस्था गर्ने ।
- दूरसञ्चार नीति, ऐन, नियम तथा प्राधिकरणबाट जारी गरिएका निर्देशिका तथा विनियमहरूमा समसामयिक सुधार गर्ने ।

**छापामाध्यम**

- गोरखापत्रको क्षेत्रीय प्रकाशनहरू क्रमशः सुरु गर्ने ।
- पत्रकारसम्बन्धी आधारभूत तालिमहरू सञ्चालन गर्ने ।
- राष्ट्रिय समाचार समितिलाई व्यावसायिक तथा विविधीकरण गरी समाचार तथा सूचनाकेन्द्रहरूको रूपमा सुदृढ गर्ने ।

**विद्युतीय प्रसारण**

- अनलाइनलगायत सबै मिडियाहरूलाई समयसापेक्ष बनाउन निर्देशिकाहरू तयार गर्ने ।
- नेपाल टेलिभिजनलाई सन् २०१७ सम्म डिजीटल प्रविधिमा रूपान्तरण गर्ने गरी पूर्वाधार तयार गर्ने ।

- नेपाल टेलिभिजनको तेस्रो च्यानल तथा क्षेत्रीय प्रसारण केन्द्रहरू सञ्चालन गर्ने ।
- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण संस्थामा रूपाान्तरण गर्ने ।
- रेडियो नेपालको आधुनिकीकरण गरी प्रसारण सेवाको पहुँच बढाउन सर्टवेभ, मिडियम वेभ तथा एफ.एम. रिलेकेन्द्रहरूको सुदृढीकरणका साथै परिवर्तित प्रविधिमा रूपान्तरण तथा थप रिलेकेन्द्रहरूको स्थापना गर्ने ।

**हुलाक सेवा**

- हुलाक बचत बैंकलाई आधुनिकीकरण गर्न ६७ स्थानमा सफ्टवेयर स्थापना गरिने तथा ABBS लागू गर्ने ।
- हुलाकमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्न हाल सञ्चालनमा ल्याएका ४०१ टेलिसेन्टरलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सम्भाव्यताका आधारमा थप स्थानमा समेत विस्तार गर्दै लैजाने र एकीकृत सूचना केन्द्रहरूको रूपमा सञ्चालन गर्ने । हुलाकमा सूचना प्रविधिको प्रयोग बढाउन थप ३५ स्थानमा काउण्टर अटोमेशन तथा थप १०० स्थानमा टेलिसेण्टर स्थापना गर्ने ।
- अन्तर्राष्ट्रिय वित्त प्रणालीको सदस्यता लिई धनादेश सेवालाई दश देशमा विस्तार गर्ने ।
- EMS लाई थप प्रभावकारी बनाउन EMS सहकारीको सदस्यता लिने ।
- हुलाक सेवालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि स्वायत्त संस्थाको रूपमा रूपान्तरण गर्न सम्भाव्यता अध्ययन गर्ने ।

**सुरक्षण मुद्रण**

- मुद्रण विभागलाई सुरक्षण मुद्रणालयको रूपमा विकास गर्न भौतिक पूर्वाधार तयार गरी आवश्यक मेशिनरी उपकरणहरू जडान गर्ने ।
- सुरक्षण मुद्रण सम्बन्धी कानुन तर्जुमा गर्ने ।
- वि.सं. २००८ देखि छपाइ भएका राजपत्रहरूलाई विद्युतीय अभिलेखीकरण गर्दै लैजाने ।

**चलचित्र**

- नयाँ राष्ट्रिय चलचित्र नीति निर्माण गरी सो को आधारमा विद्यमान चलचित्र सम्बन्धी ऐन, नियमलाई परिमार्जन गर्ने ।

- दोलखा जिल्लाको लाकुरी डाँडा गाउँ विकास समितिस्थित डाङडुङे डाँडालगायतका क्षेत्रमा सुविधायुक्त चलचित्र नगरीको निर्माण कार्य प्रारम्भ गर्ने ।
- स्वदेशी कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक, गुणस्तरीय, आधुनिक चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने ।

**विविध**

- सञ्चार प्रतिष्ठानहरूमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन र नियमावलीको कार्यान्वयनलाई सरकारबाट सञ्चार प्रतिष्ठानहरूमा प्रदान हुने सेवासुविधासंग आबद्ध गर्ने ।
- सूचनाको हक कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने ।
- विद्युतीय सञ्चारमाध्यमको अनुगमनका लागि प्रेस काउन्सिललाई जिम्मेवार बनाइने ।
- प्रेस काउन्सिल नेपालसम्बन्धी ऐन कानुनको परिमार्जन गर्ने ।

### ९. अपेक्षित उपलब्धिहरु

योजना अवधिमा टेलिफोन घनत्व १०२.८ प्रतिशत पुगेको हुने, PSTN (आधारभूत) प्रयोगकर्ताहरूको संख्या ८,७५,२७५ पुगेको हुने, मोबाइल फोन प्रयोगकर्ताहरूको संख्या २,४७,१४,०८८ पुगेको हुने, अन्य टेलिफोन प्रयोगकर्ताहरूको संख्या १६,५२,३१२ पुगेको हुने, इन्टरनेट प्रयोगकर्ताहरूको संख्या १,३२,००,७०५ पुगेको हुने तथा इन्टरनेट घनत्व ४९.८२ प्रतिशत पुगेको हुनेछ ।

# ५.४ भवन, आवास तथा शहरी विकास

## ५.४.१ भवन तथा आवास

### १. पृष्ठभूमि

मुलुकभर सार्वजनिक भवनको निर्माण, निजी क्षेत्रका लागि आवास निर्माणको मापदण्ड निर्धारण र विपन्न वर्गलाई आवासको व्यवस्थाको लागि सरकारले विगतमा विभिन्न प्रयासहरू गरिआएको छ । हाल नेपालमा सार्वजनिक भवनहरूको संख्या करिब १ लाख पचास हजार रहेको अनुमान छ । मुलुकमा कुल ४७ लाख ६७ हजार आवासीय संरचना रहेका छन्, जसमा ५४ लाख २७ हजार परिवार बसोबास गर्दछन् । तीमध्ये ८५.२६ प्रतिशत घर परिवार आफ्नै स्वामित्वको घरमा तथा १२.८१ प्रतिशत घरपरिवार भाडामा बस्दछन् । जसमा बिजुली पुगेको परिवार ६७ प्रतिशत, पानीको सुविधा पुगेको परिवार ४७ प्रतिशत, शौचालय सुविधा भएको परिवार ६२ प्रतिशत रहेका छन् ।

## २. अद्यावधिक स्थिति

भवन तथा आवास विकासको क्षेत्रमा त्रिवर्षीय योजना अवधिमा उल्लेख्य कार्यक्रमहरूको सुरुआत गरिएको छ । योजना अवधिमा सिंहदरबारभित्र तीनवटा मन्त्रालयहरूको भवन निर्माण सम्पन्न भएको छ । योजना अवधिमा ३० वटा नयाँ सरकारी कार्यालय भवन निर्माण गर्ने लक्ष्य रहेकोमा ३७ वटा भवनको निर्माण प्रारम्भ भई १३ वटाको निर्माण सम्पन्न भएको छ । १५०० सरकारी भवनको मर्मत गर्ने लक्ष्य रहेकोमा ९०० भवन मर्मत भएको छ । भवन संहिता अनुरूप ७ वटा भवनहरूको प्रबलीकरण भएको छ भने २,५०० जना कालिगढ, साना निर्माण व्यवसायी तथा प्राविधिकहरूलाई भवन संहिता तथा भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ । जनता आवास कार्यक्रम अन्तर्गत पिछडिएका तथा सीमान्तकृत वर्गका लागि न्यून लागतमा ७,००० आवास निर्माण गर्ने लक्ष्य रहेकोमा ४,८५० इकाइ आवास निर्माण सम्पन्न भएको छ । द्वन्द्वकालमा क्षति भएका भवनहरूको पुनःनिर्माण र अन्य केही सरकारी कार्यालय भवनहरूको निर्माण, काठमाडौं उपत्यकालगायत अन्य केही नगरपालिकाहरूमा जग्गा विकास कार्यक्रम कार्यान्वयन, भवन संहिता अनुरूप केही भवनको प्रबलीकरण, केही स्थानमा जग्गा एकीकरण घडेरी विकास तथा निर्मित भवन, दरबार तथा स्मारकहरूको मर्मत संभार भएका छन् । घर जग्गा तथा आवासमा लगानी उल्लेखनीय रूपले वृद्धि भएको देखिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

आवास निर्माणमा मापदण्डको कार्यान्वयन नहुनु, कृषियोग्य जमिनमा आवास निर्माण हुनु, आवासका लागि चाहिने न्यूनतम आधारभूत सुविधाको अभाव हुनु, भूकम्प प्रतिरोधी भवन संहिताको पालना नगरिनु, कम गुणस्तरका निर्माण सामग्री प्रयोग हुनु, पूराना शहरी क्षेत्रहरूमा अव्यवस्थित बसोवास हुँदा जनस्वास्थ्य र सुरक्षामा जोखिम बढ्नु, सार्वजनिक क्षेत्रमा जथाभावी अतिक्रमण गरी बसोवास गर्नु, सार्वजनिक कार्यालय भवनहरू एकीकृत रूपमा क्लस्टरिङ गर्न नसकिनु, तथा एकरूपता कायम नहुनु, कतिपय सरकारी कार्यालयहरूको आफ्नै भवन नहुँदा लागत वृद्धि र सेवाप्रवाहमा कठिनाई हुनु, कतिपय सार्वजनिक भवनहरूको मर्मत सम्भार नहुनु, पूरातात्विक महत्त्वका भवनहरूको आवश्यक संरक्षण हुन नसक्नु, सामुदायिक भवन निर्माणको माग अत्यधिक हुनु, द्वन्द्वकालमा भत्किएका संरचनाहरूको यथोचित पुनःस्थापना गर्न नसक्नुजस्ता समस्या यस क्षेत्रमा विद्यमान छन् ।

न्यून आय भएका परिवार तथा ग्रामीण क्षेत्रमा छरिएर रहेको बस्तीलाई एकीकृत गरी सुविधायोग्य स्थानमा किफायती, सुरक्षित र पहुँचयोग्य आवास व्यवस्था गर्नु, सरकारी सेवाहरूलाई एकै ठाउँमा व्यवस्थित गर्नु, छरिएर रहेको र अव्यवस्थित बसोवासलाई क्लस्टरका रूपमा स्थापित गर्नु, भवन आचारसंहिता पालना गराउनु, गुणस्तरीय निर्माणका लागि आवश्यक जनशक्ति, सीप, प्रविधि र सामग्रीको उपयोग गर्नु, निर्माण व्यवसायीहरूमा पेसागत मर्यादा कायम हुन नसक्नुजस्ता चुनौती देखिएका छन् ।

## ४. दीर्घकालीन सोच

निजी क्षेत्र समेतको सक्रियतामा सबैका लागि क्षमता अनुसारको सुरक्षित आवासको व्यवस्था गर्ने ।

## ५. उद्देश्य

१. सुरक्षित, किफायती, वातावरण मैत्री एवं भूकम्पीय जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरू निर्माण तथा विकास गर्ने ।

२. सबै आयवर्गको लागि उपयुक्त, सुरक्षित र किफायती बसोबासको प्रवर्द्धन गर्ने ।

## ६. रणनीति

१. नयाँ निर्माण हुने भवनहरू भवन संहिता अनुरूप निर्माण, नमूना भवनहरूको प्रबलीकरण, भवन संहिताको पालना तथा यससम्बन्धी जनचेतना बढाउने ।

२. सुरक्षित, किफायती, वातावरण मैत्री तथा भूकम्पीय जोखिममुक्त आवासहरूको विकास गरी समाजका कमजोर वर्गलाई आवास सुविधा उपलब्ध गराउने ।

## ७. कार्यनीति

१. सरकारी भवनहरूको निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित तथा एकरूपता कायम गर्न विभिन्न निकायहरू मार्फत् भवन निर्माण तथा मर्मतसंभार गर्ने परिपाटीलाई सुधार गर्दै भवन निर्माण तथा मर्मतमा एकल निकायलाई जिम्मेवार गराइनेछ । (१)

२. अग्ला भवन निर्माणको कार्यलाई समसामयिक तथा प्रभावकारी बनाउन नियमन गरिनेछ । (१)

३. आवश्यक पूर्वाधार तथा सुविधाहरूको समुचित व्यवस्था गरी नयाँ आवास घरहरू निर्माण तथा भइरहेका घरहरूको उचित मर्मत सम्भार गर्न सहज वातावरणको सृजना गरिनेछ । (२)

४. स्रोत र साधनको प्रभावकारी परिचालन गरी आवासको विकास र प्रवर्द्धनमा वित्तीय आत्मनिर्भरताको सिद्धान्तलाई अङ्गिकार गरी कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ । (२)

५. आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्गको निम्ति आधारभूत आवश्यकताको रूपमा घडेरी तथा आवास निर्माणमा आवश्यक स्रोत परिचालन गरिनेछ । (२)

६. सर्वसाधारणलाई उपलब्ध गराइने सेवा व्यवस्थित गर्न बस्ती विकासलाई सघनीकरण गरिनेछ । (२)

७. किफायती तथा सुरक्षित नमूना घरहरूको विकास गरी सर्वसाधारणहरूका लागि प्रदर्शन गरिनेछ । (२)

८. उब्जाउयोग्य जमीनमा आवास क्षेत्रको विकास गर्न निरुत्साहित गरिनेछ । (२)

९. सेवा प्रवाहलाई व्यवस्थित गर्न बस्ती विकासलाई सघनीकरण गरिनेछ । (२)

**८. प्रमुख कार्यक्रमहरु**

- दलित, सीमान्तकृत र विपन्न वर्गका लागि जनता आवास कार्यक्रमअन्तर्गत आवास संरचनाहरू निर्माण गर्ने ।
- अति विशिष्ट व्यक्ति र सर्वोच्च अदालतका न्यायाधीशहरूलाई आवास संरचना व्यवस्था गर्ने ।
- गणतन्त्र स्मारक र स्तम्भ निर्माण गरिने ।
- नेपाल भारत सिमाका मुख्य चार नाकाहरू (विराटनगर, वीरगंज, भैरहवा र नेपालगंज) मा एकीकृत जाँच चौकी निर्माण गर्ने ।
- भवन निर्माण संहिता र सरकारी भवन निर्माण आयोजनाअन्तर्गत सभाहल निर्माण, भवन संहिता कार्यान्वयन (भवन संहिता परिमार्जन, भवन संहिता तथा भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम तथा कार्यक्रमहरू) गर्ने ।
- विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनःस्थापन कार्यक्रम अन्तर्गत विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोपबाट विस्थापित परिवारहरूलाई पुनःस्थापना गर्न आवासहरूको मर्मत/निर्माण गर्ने र सोका लागि आवश्यक जग्गा तथा पूर्वाधार विकास गर्ने ।

**९. अपेक्षित उपलब्धि**

३० वटा सरकारी कार्यालय भवनहरूको निर्माण, ५ वटा अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरको सभाहल निर्माण, गणतन्त्र स्मारक र स्तम्भ निर्माण, प्रकोपका कारण विस्थापित १,५०० परिवारलाई आवासको व्यवस्था, ७,००० इकाई जनता आवास निर्माण, ९ जिल्लामा १३५ इकाइ कर्मचारी आवास निर्माण, अति विशिष्ट व्यक्ति र सर्वोच्च अदालतका न्यायधीशहरूलाई २५ आवास इकाइको निर्माण भएको हुनेछ । साथै योजना अवधिमा निर्माण हुने सम्पूर्ण सरकारी भवनहरू भवनसंहिता बमोजिम निर्माण भएको हुने, संयुक्त आवासको स्वामित्व हस्तान्तरण, सञ्चालन र अनुगमनको कार्यविधि र मापदण्ड तथा कानुनी आधार तयार गरी लागू भएको हुने तथा अव्यवस्थित बसोबास र प्रकोपका कारण विस्थापित परिवारलाई अस्थायी आवासको व्यवस्था गरिएको हुनेछ ।

## ५.४.२ शहरी विकास

**१. पृष्ठभूमि**

शहरीकरणको प्रक्रियाले सेवा, सुविधा र अवसरहरू विस्तार गर्ने भएकाले मानिसहरूको स्वभाविक आकर्षण शहरतर्फ हुने गर्दछ । पछिल्लो जनगणना अनुसार नेपालमा करिव १७

प्रतिशत जनसंख्या नगरपालिका क्षेत्रमा बसोवास गरिरहेको भएता पनि जनगणनामा समावेश नहुने अस्थायी जनसंख्या र नगरपालिका नभएका शहरी क्षेत्र समेत गर्दा शहरी क्षेत्रमा बसोवास गरिरहेको जनसंख्या २४ प्रतिशत रहेको अनुमान छ । सेवा, सुविधा र अवसरहरूको खोजी तथा शहरी क्षेत्रमा उपलब्ध शिक्षा र रोजगारीको अवसरको कारण शहरी क्षेत्रको जनसंख्या तीब्र वृद्धि हुँदै गएको छ । यसको परिणामस्वरूप शहरमा उपलब्ध सीमित सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ । काठमाडौंलगायत अन्य ठूला शहरहरू तथा नगरोन्मुख क्षेत्रहरूमा बढ्दै गएको जनसंख्याको चापलाई शहरी क्षेत्रको धारण क्षमता भित्र कायम राखी प्राकृतिक तथा साँस्कृतिक वातावरणमा सन्तुलन कायम गर्नु, योजनाबद्ध शहरी विकास मार्फत् स्वच्छ, सुरक्षित र समृद्ध शहरहरूको विकास गरी माग अनुसारको शहरी सेवा तथा सुविधा उपलब्ध गराइ शहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउनु आवश्यक छ ।

## २. अद्यावधिक स्थिति

शहरी विकासका क्षेत्रमा गत त्रिवर्षीय योजना अवधिमा उल्लेख्य कार्यक्रमहरूको सुरुआत गरिएको थियो । मूलतः सन्तुलित क्षेत्रीय विकासको अवधारणा अनुरूप प्रमुख विकास कोरिडरहरू वरिपरिका क्षेत्रीय, मध्यम र साना शहरहरूको विकास, नगरपालिका हुन नसकेका जिल्ला सदरमुकामको पूर्वाधारमा लगानी तथा घनाबस्ती विकास गर्ने सोचअनुरूपका कार्यक्रमहरू यस अवधिमा सञ्चालनमा ल्याइएका थिए । योजना अवधिमा काठमाडौं उपत्यका बाहिरी चक्रपथको ४० कि.मि. डि.पि. आर तयार गर्ने लक्ष्य रहेकोमा ५० कि.मि.को डि.पि.आर. तयार भएको, १२ नगरपालिकामा स्वस्थ्य शहर कार्यक्रम सञ्चालन गर्ने भनिएकोमा १३ वटामा सञ्चालन भएको, ३० नगरपालिकाको डिजिटल नक्सा तयार गर्ने लक्ष्य रहेकोमा ३४ वटा नगरपालिकाको तयार भएको तथा उपत्यकाभित्र नगरोन्मुख गाउँ विकास समिति क्षेत्रको विस्तृत डिजिटल भूउपयोग आधार नक्सा तयार गर्ने लक्ष्य रहेकोमा सो आधार नक्सा तयार भएको छ । यसैगरी ८ वटा शहरहरूको पूर्वाधार विकास तथा वातावरणीय सुधार गर्ने लक्ष्य रहेकोमा ९ वटा शहरहरूमा सो कार्य गरिएको, १२ नगरपालिकामा आवधिक योजना तर्जुमा र ३० नगरको भौतिक विकास योजना तर्जुमा गर्ने लक्ष्य पूरा भएको, २५ जिल्लाको १/१ गा वि.स.मा नमुना पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा २० वटामा सञ्चालन भएको तथा २८ नगरोन्मुख गाउँ विकास समितिको ढल तथा सडक सञ्जाल योजना तर्जुमागर्ने लक्ष्य रहेकोमा २१ वटा गाउँ विकास समितिको तयार भएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

अव्यवस्थित र बढ्दो शहरीकरणका कारण शहरी क्षेत्रमा आधारभूत सेवा पुऱ्याउन कठिनाई हुनु, नगरोन्मुख बस्तीहरूमा शहरी सेवासुविधाहरू पुऱ्याउन नसकिनु, शहरी यातायात व्यवस्थापन नहुनु, शहरी जग्गाको मूल्यवृद्धि, शहरी व्यवस्थापनमा संलग्न निकायहरूबीच समन्वय र सहकार्यको अभाव हुनु, स्थानीय निकायमा जनप्रतिनिधिहरू नहुँदा शहरी क्षेत्रको विकासमा पर्याप्त ध्यान पुग्न नसक्नु, शहरी क्षेत्रमा खानेपानी, फोहोरमैला तथा ढलनिकासको व्यवस्थापन कमजोर हुनु, बढ्दो प्रदूषणका कारण वातावरणीय असन्तुलन हुनु, शहरी क्षेत्रका नदी किनारा र सार्वजनिक क्षेत्रको अतिक्रमण

हुनु, शहरी क्षेत्रमा मनोरञ्जन स्थल, शौचालय र खुलास्थलको कमीजस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

एकीकृत शहरी व्यवस्थापन, शहरी सौन्दर्यका लागि हरियाली र वातावरण संरक्षण गर्नु, दिगो रूपमा आधारभूत सेवा सुविधा उपलब्ध गराउनु, शहरी व्यवस्थापनमा संलग्न सबै सरोकारवालाबीच सहकार्य अभिवृद्धि गर्नु र शहरलाई आर्थिक सामाजिक विकासको केन्द्रको रूपमा विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ४. दीर्घकालीन सोच

शहरीकरणलाई व्यवस्थित गरी ग्रामीण क्षेत्रसँगको अन्तर्सम्बन्ध सुदृढ गर्दै राष्ट्रिय अर्थतन्त्रको विकासमा सघाउने ।

## ५. उद्देश्य

पर्याप्त पूर्वाधार सहित सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिक रूपमा समृद्ध शहरहरूको विकास गर्ने ।

## ६. रणनीति

१. मुख्यतः ठूला तथा मझौला शहरहरूका आधारभूत सामाजिक, भौतिक पूर्वाधारहरूमा निजी क्षेत्रको लगानी आकृष्ट गर्ने ।

२. नयाँ नगरपालिका तथा शहरोन्मुख गाउँहरूको व्यवस्थित शहरी विकासको लागि शहरी पूर्वाधारको उपयुक्त कार्यक्रम तर्जुमा गर्ने ।

३. शहरी क्षेत्रको व्यवस्थित विकास गर्नका लागि आवश्यक पूर्वाधार तयार गर्दै जाने ।

## ७. कार्यनीति

१. ठूला र छानिएका साना शहरहरूको एकीकृत पूर्वाधार विकास गरिनेछ । (१)

२. शहरी आधारभूत सेवा विकास तथा विस्तारमा निजी सार्वजनिक साझेदारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

३. प्रमुख शहरी क्षेत्रहरूमा अबस्थित महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको मर्मतसंभार तथा संरक्षण कार्यहरू सञ्चालन गरिनेछ । (१)

४. प्रमुख लोकमार्ग, मध्यपहाडी मार्ग तथा आर्थिक विकासको दृष्टिकोणले महत्त्वपूर्ण अन्य मार्गहरूको निकटमा व्यवस्थित शहर तथा बस्तीहरूको विकास गरिनेछ । (२)

५. शहरोन्मुख बस्तीहरूमा फोहरमैला व्यवस्थापन लगायतका आधारभूत शहरी पूर्वाधार सेवाहरूको विकास गर्दै लगिनेछ । (२)

६. कुनै एक शहरलाई व्यवस्थित तथा पूर्वाधार सम्पन्न नमूना शहरको रूपमा विकास गरिनेछ । (३)

७. दिगो तथा व्यवस्थित शहरी विकास योजना तथा बस्ती विकास कार्यक्रम लागू गरिनेछ । (३)

८. काठमाडौं उपत्यकाका नदीहरूलाई हराभरा र स्वच्छ बनाउन नमूना परियोजनाको तर्जुमा र कार्यान्वयन गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- एकीकृत कार्यमूलक योजनाअन्तर्गत शहरी नक्शाङ्कन, आवधिक योजना तर्जुमा, विभिन्न बजार क्षेत्र, साना शहर, बस्तीहरूको भौतिक विकास योजना तर्जुमा, पहिचान भएको योजनाहरूको विस्तृत इन्जिनियरिङ्ग डिजाइन, विभिन्न आयोजनाहरूको संभाव्यता अध्ययन र सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने ।

- साना शहर विकासबाट ग्रामीण विकासअन्तर्गत साना शहरहरूको भौतिक पूर्वाधार विकास गरिनेछ । सघन शहरी विकास कार्यक्रमअन्तर्गत नगरपालिकाहरूको आवधिक तथा भौतिक विकास योजना कार्यान्वयन, कोरीडोरहरूको पूर्वाधार विकास र नयाँ शहर निर्माण सम्बन्धी कार्यहरू गर्ने ।

- मझौला शहर एकीकृत शहरी वातावरणीय सूधार आयोजनाअन्तर्गत ३ वटा नगरपालिकाहरू (विराटनगर, वीरगंज र बुटवल) मा एकीकृत पूर्वाधार (बाटो ढल तथा ढल प्रशोधनशाला, अटो भिलेज आदि) निर्माण तथा समुदाय विकाससम्बन्धी कार्यक्रमहरू र काभ्रे उपत्यकाका ३ वटा नगरपालिकाहरूमा एकीकृत खानेपानी विकास आयोजना कार्यान्वयन गर्ने ।

- नमूना एकीकृत बस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल) अन्तर्गत नगरपालिका नभएका जिल्ला सदरमूकामहरूको पूर्वाधार विकास, एकीकृत घनाबस्ती विकास र बस्तीहरूको पूर्वाधार विकास गर्ने ।

- विराटनगर चक्रपथ आयोजनाअन्तर्गत जग्गा विकासको माध्यमबाट ४२ कि.मि. विराटनगर चक्रपथको विकास गरिनेछ । शहरी शासकीय क्षमता तथा विकास कार्यक्रमअन्तर्गत ६ वटा नगरपालिकाहरू (मेचीनगर, इटहरी, धनकुटा, लेखनाथ, बाग्लुङ्ग र तानसेन) मा भौतिक पूर्वाधार विकास र नगरपालिकाहरूको क्षमता विकास गर्ने ।

- एकीकृत शहरी विकास आयोजनाअन्तर्गत ४ वटा नगरपालिकाहरू (धरान, जनकपुर, सिद्धार्थनगर र नेपालगंज) मा एकीकृत भौतिक पूर्वाधार विकास र समुदाय विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

**९. अपेक्षित उपलब्धिहरु**

१६ वटा नगरपालिकाहरूको एकीकृत भौतिक पूर्वाधार विकास गर्ने, कम्तिमा ५ लाख जनसंख्या वस्न योग्य १० वटा नयाँ शहरहरूको निर्माण प्रारम्भ गर्ने, ८ वटा मुख्य शहरी कोरीडोर र सो आसपासका क्षेत्रहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास भएको

हुने, ९५ स्थानमा साना शहर, नगरपालिका तथा नगरपालिका नभएका जिल्ला सदरमुकामहरूको भौतिक पूर्वाधार विकास गरिएको हुने र पाँचवटा नगरपालिकाहरूमा ठूला बसपार्क, मनोरञ्जन पार्क, सूचना तथा सञ्चार पार्क, तरकारी तथा फलफूल बजार जस्ता आर्थिकरूपले स्वसञ्चालन हुन सक्ने शहरी पूर्वाधारहरूको निर्माण गर्ने ।

## ५.५ स्थानीय पूर्वाधार

### १. पृष्ठभूमि

स्थानीय पूर्वाधारको विकासमा स्थानीय निकायलाई जिम्मेवार बनाउने गरी स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरेअनुरूप जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको भूमिका नेतृत्यदायी रहँदै आएको छ । स्थानीय तहमा आवश्यक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा सहजीकरण गर्न स्थानीय पूर्वाधार विकास नीति २०६१ कार्यान्यवनमा छ । यसले स्थानीय यातायात, खानेपानी, साना सिचाई तथा नदी नियन्त्रण, लघुजलविद्युत तथा वैकल्पिक ऊर्जा, आवास तथा शहरी विकास, फोहरमैला व्यवस्थापन तथा सामाजिक पूर्वाधारलाई स्थानीय पूर्वाधारका रूपमा परिभाषित गरेको छ। पूर्वाधार निर्माणका लागि स्थानीय निकायलाई प्राविधिक सहयोग गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र जिल्लास्तरमा जिल्ला प्राविधिक कार्यालयको संस्थागत व्यवस्था गरिएको छ ।

### २. अद्यावधिक स्थिति

स्थानीय पूर्वाधार अन्तर्गत स्थानीय यातायाततर्फ हालसम्म ५३ हजार कि.मि. कृषि सडक तयार भएको, स्थानीय सडक सञ्जालमध्ये कालोपत्रे सडकको लम्बाई १,६५० कि.मि पुगेको, ४९ वटा सडकपुलको निर्माण सम्पन्न भएको, हाल करिब १६,२०० कि.मि. सडकमा यातायात सञ्चालन भैरहेको, सडक यातायातको सुविधाले जोड्न नसकेका गाउँ बस्तीलाई पहुँच सहज बनाउन हालसम्म मूलकभर ५,४०० भन्दा बढी झोलुङ्गे पुलको निर्माण सम्पन्न भइसकेको, १,५०० सिंचाई योजना सम्पन्न भई थप २२,००० हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध भएको, स्थानीयस्तरका २,१०० खानेपानी योजना सम्पन्न भई १५ लाख ५० हजार ग्रामीण जनतालाई खानेपानीको सेवा उपलब्ध भएको छ। जिल्ला, नगरपालिका र गाउँ विकास समितिलाई खुला दिसामुक्त बनाउन स्थानीय निकायहरूले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका छन् ।

लद्यु जलविद्युत र वैकल्पिक ऊर्जातर्फ १० वटा आयोजनाहरू प्रारम्भ गरिएका छन् । आवास, भवन र बस्ती विकासतर्फ ग्रामीण बस्ती विकासको सम्भाव्यता अध्ययन र योजना तर्जुमा गर्ने क्रममा १३ वटा सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिएको छ । हालसम्म ८ जिल्लाको सदरमुकामको लागि फोहरमैला विसर्जन स्थलको अध्ययन सम्पन्न भई निर्माण कार्य प्रारम्भ गरिएको छ । सामाजिक पूर्वाधारतर्फ सामुदायिक भवन, स्वास्थ्य चौकी विद्यालय भवन निर्माणमा लगानी गरिएको छ । हालसम्म ६९ वटा भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

निर्मित संरचनाहरूको गुणस्तर र दिगोपना कायम हुन नसक्नु, सहभागितामूलक स्थानीयस्तरको योजना प्रक्रियाबाट आयोजनाको छनोट, निर्माण र उपयोग व्यवस्थित हुन नसक्नु, बजेटको आकार र कार्यक्रमको सङ्ख्याको अनुपातमा स्थानीय निकायहरूको जनशक्ति न्यून हुनुका साथै स्थानीय निकायहरूको क्षमता आशातीत रूपमा सुदृढ हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

सम्भाव्यता अध्ययन तथा इन्जिनियरिंग डिजाइन गरेर मात्र आयोजना कार्यान्वयन गर्नु, आयोजनाको प्राथमिकीकरण गर्नु, वातावरणीय सन्तुलनको पक्षलाई जोड दिनु, स्थानीय क्रमागत आयोजनाहरूलाई सम्पन्न गर्नु र तिनको दिगोपना सुनिश्चित गर्नु, पूर्वाधार निर्माणमा अन्तर स्थानीय निकाय र अन्तर सरकारी निकायबीच समन्वय गर्नु, स्थानीय पूर्वाधार निर्माण र मर्मत सम्भारमा स्थानीय निकायको क्षमता अभिवृद्धि गर्नुजस्ता विषय प्रमुख चुनौती रहेका छन् ।

## ४. दीर्घकालीन सोच

स्थानीय पूर्वाधार विकासको माध्यमबाट क्षेत्रीय सन्तुलन र समावेशी विकासको प्रवर्द्धन गर्ने ।

## ५. उद्देश्य

स्थानीय पूर्वाधार विकासद्वारा जनताको आधारभूत सुविधामा सहज पहुँच सुनिश्चित गरी रोजगारी र आय आर्जनका अवसरहरूको अभिवृद्धि गर्ने ।

## ६. रणनीति

१. स्थानीय पूर्वाधार क्षेत्रलाई क्षेत्रगत अवधारणा अनुरूप गुणस्तरीय, दिगो र वातावरण मैत्री रूपमा विकास गर्ने ।

२. प्राविधिक स्पेसिफिकेसन, स्ट्याण्डर्ड र नर्म्सको प्रयोगबाट स्थानीय पूर्वाधार निर्माणलाई व्यवस्थित गर्ने ।

३. स्थानीय पूर्वाधारलाई विकास सहयोगी पूर्वाधारको रूपमा उपयोग गर्ने ।

## ७. कार्यनीति

१. केन्द्रस्तर र स्थानीयस्तरका भौतिक पूर्वाधारहरूको स्पष्ट वर्गीकरण गरी स्थानीयस्तरका पूर्वाधारसम्बन्धी कार्यहरू स्थानीय निकायहरूबाट मात्र सञ्चालन गरिनेछ । (१)

२. स्थानीय पूर्वाधार विकासका कार्यहरू आवधिक तथा क्षेत्रगत योजना तथा प्राथमिकताका आधारमा मात्र छनौट, निर्माण र सञ्चालनको व्यवस्था गरिनेछ । (१)

३. स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय स्रोत, साधन र सीप परिचालन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । (१)

४. स्थानीय पूर्वाधार विकासका सात क्षेत्रहरूको कार्यक्रम बजेट तथा खर्च व्यवस्थापनलाई क्षेत्रगत अवधारणा अनुरूप सुदृढ गरिनेछ । (१)

५. सिंचाइ सुविधा विस्तारमा सहकारी तथा सिंचाइ विकास कोषको अवधारणालाई प्रवर्द्धन गरिनेछ । सम्भाव्य स्थलमा "एक गाउँ एक पोखरी निर्माण" लाई अभियानको रूपमा सञ्चालन गरिनेछ । (१)

६. नगरोन्मुख गाउँमा नदी-नाला तथा जमिन जस्ता प्राकृतिक स्रोतलाई प्रदूषणबाट बचाउने गरी फोहरजन्य पदार्थको व्यवस्थापन गरिनेछ । (१)

७. नगरपालिकाहरूमा पहुँचयुक्त यातायात गुरूयोजना चरणबद्ध रूपमा कार्यान्वयन गर्दै लगिनेछ । (१)

८. गाउँस्तरीय जलसम्पदा गुरूयोजनाहरू तयार गरी सोही अनुसार खानेपानी, सिंचाइ, साना जलविद्युत् तथा अन्य जलसम्पदामा आधारित पूर्वाधारहरूको निर्माण गरिनेछ । (१)

९. पूर्वाधार विकास निर्माणका सबै कार्यहरू प्रारम्भ भएको मितिले बढीमा दुई वर्षभित्र सम्पन्न भै सक्ने व्यवस्था मिलाईनेछ । (२)

१०. स्थानीय पूर्वाधार निर्माणका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सो को पालना गर्ने व्यवस्था गरिनेछ । (२)

११. निर्माणमा प्रयोग हुने सामाग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिनेछ । (२)

१२. आयोजनाहरूको दिगो सञ्चालनका लागि नियमित र आकस्मिक मर्मतसंभार गर्न आवश्यक कोषको व्यवस्था गरिनेछ । (२)

१३. प्रयोग भैरहेको निर्माण प्रविधिको पुनरवलोकन गरी नयाँ, श्रममूलक एवं यान्त्रिक उपकरणमा आधारित स्पेसिफिकेशन र आधार तयार गरी लागू गरिनेछ । (२)

१४. सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरण मैत्री भौतिक पूर्वाधारको निर्माण गरिनेछ । (२)

१५. गुणस्तर सुनिश्चितताको लागि आवश्यकतानुसार गुणस्तर प्रयोगशालाहरूको स्थापना तथा सञ्चालन गर्न आवश्यक प्राविधिक दस्तावेजहरू तयार गरिनेछ । (२)

१६. स्थानीय पूर्वाधार विकाससम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्दै लगिनेछ । (२)

१७. सडक निर्माणगर्दा संरचना निर्माण, स्तरोन्नति र ट्र्याक खोल्ने काममा सन्तुलन मिलाइनेछ । (३)

१८. उत्तर-दक्षिण एवं पूर्व-पश्चिम लोकमार्गहरू तथा बजार केन्द्रहरूलाई आधार बनाएर बाह्रै महिना चल्न सक्ने गरी स्थानीय सडकहरू निर्माण तथा स्तरोन्नति गरिनेछ । (३)

१९. सम्पूर्ण जिल्लास्तरीय सडक गुरूयोजनाहरू भौगोलिक सूचना प्रणालीअनुसार अद्यावधिक गर्दै नगरपालिका र गाउँस्तरीय सडक गुरूयोजनाहरू समेत क्रमशः तयार गरी कार्यान्वयन गर्दै लगिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

**यातायात**

- **स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमः** स्थानीय यातायात पूर्वाधार अन्तर्गत ७५ वटै जिल्लाहरूको जिल्ला यातायात गुरुयोजना तयार गरी उक्त गुरुयोजनामा पहिचान भएका प्रमुख सडक सञ्जाललाई बाह्रै महिना सञ्चालनमा ल्याउनसक्ने गरी मर्मत संभार र स्तरोन्नति गरिनेछ । नयाँ निर्माणको कार्यलाई आवश्यकता हेरी सीमित मात्रामा मात्र अघि बढाइनेछ ।

- **ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापना क्षेत्रगत विकास आयोजनाः** यो कार्यक्रम/आयोजना विभिन्न २० जिल्लाहरू (इलाम, पाँचथर, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, चितवन, मनाङ्ग, मुस्ताङ्ग, पर्वत, रूकुम, रोल्पा, डडेलधुरा, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र दोलखा) मा मुख्य कार्यक्रम र थप १८ जिल्लाहरूमा सहायक पूर्वाधार विकासको रूपमा सञ्चालनमा रहेकोमा वैदेशिक सहयोगतर्फका कार्यहरू आ.ब. २०६९।७० मा सम्पन्न भइसकेका छन् । तथापि वैदेशिक लगानीमा अर्को आयोजना प्रारम्भ नभएसम्म एक जिल्ला एक राष्ट्रिय कार्यक्रमको नीतिलाई निरन्तरता दिन प्रस्तुत आयोजनालाई नेपाल सरकारको स्रोतबाट सञ्चालन निरन्तरता दिइनेछ । यस अन्तर्गत यातायातमा पँहुच वृद्धि गर्ने गरी सडक निर्माण कार्य सञ्चालन गरिनेछ । बजार तथा सामाजिक सेवाको अवसरमा ग्रामीण समुदायको पँहुच स्थापित गर्ने र आर्थिक तथा रोजगारीको अवसरमा वृद्धि गर्ने क्रियाकलापहरू सञ्चालन गरिनेछन् ।

- **राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमः** यस कार्यक्रमबाट विभिन्न ३३ जिल्लाहरू (संखुवासभा, भोजपुर, तेह्रथुम, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, रसुवा, नुवाकोट, धादिङ्ग, तनहुँ, कास्की, स्याङ्जा, पाल्पा गुल्मी, अर्घाखाँची, रूपन्देही, नवलपरासी, कपिलवस्तु, प्युठान, सल्यान, दाङ्ग, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर) मा दिगो तथा सुधारिएको ग्रामीण यातायात पूर्वाधार सेवासंग सम्बन्धित सडक तथा सडक पुल निर्माण कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन कार्यक्रमः** पूर्वाधार विकासका माध्यमबाट गरिबी न्यूनीकरण गर्न १८ जिल्लाहरू (ताप्लेजुङ्ग, सोलुखुम्बु, ओखलढुङ्गा, रामेछाप गोरखा, लमजुङ्ग, बाग्लुङ्ग, म्याग्दी, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, जाजरकोट, बझाङ्ग, बाजुरा, बैतडी र दार्चुला) मा यो कार्यक्रम सञ्चालन भएको छ । यस अन्तर्गत यातायात तथा पूर्वाधार विकासको माध्यमबाट ग्रामीण क्षेत्रका बिपन्न जनताको आर्थिक तथा सामाजिक पहुँचमा वृद्धि गर्ने गरीवी न्यूनीकरणका क्रियाकलापहरू सञ्चालन गरिनेछन् ।

- **ग्रामीण पहुँच कार्यक्रम (तेस्रो चरण)**: ग्रामीण समुदायको आवागमन, आर्थिक र रोजगारीको अवसरमा अभिवृद्धि र ग्रामीण गरिब तथा उपेक्षितको बजार र सामाजिक सेवाको पहुँचमा वृद्धि गर्ने उद्देश्यले हुम्ला, जुम्ला, मुगु, कालिकोट, दैलेख, बाजुरा, अछाम र डोटी गरी ८ अति दुर्गम तथा पहाडी जिल्लाहरूमा सञ्चालित यस कार्यक्रम अन्तर्गत योजना अवधिमा २०० कि.मि. सडक स्तरोन्नति गर्ने कार्यक्रम रहेको छ ।

- **स्थानीय सडक सुधार कार्यक्रम** : ओखलढुङ्गा, रामेछाप, सिन्धुली र खोटाङ्ग गरी ४ जिल्लाहरूमा सञ्चालित कार्यक्रम अन्तर्गत योजना अवधिमा १०० कि.मि. नयाँ सडकको निर्माण ५० कि.मि. सडक स्तरोन्नति तथा पुनःस्थापना र ६० कि.मि. सडक नियमित मर्मत सम्भार गरिनेछ ।

- **सडक बोर्ड नेपाल मार्फत् सञ्चालन गरिने मर्मत सम्भार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत हाल सञ्चालनमा रहेका स्थानीय निकाय तथा उपभोक्ताको लागत साझेदारीमा स्थानीय सडकहरूको नियमित मर्मत सम्भार गरिनेछ ।

- **झोलुङ्गे पुल, क्षेत्रगत कार्यक्रमः** मुख्य मार्ग तथा स्थानीय मार्गमा मागको आधारमा झोलुङ्गे पुलहरूको निर्माण र मर्मत सम्भार गरिने यस कार्यक्रम अन्तर्गत योजना अवधिमा थप १,५०० झोलुङ्गे पुलहरूको निर्माण तथा करिब ५,००० झोलुङ्गे पुलहरूको मर्मत सम्भार गरिने कार्यक्रम रहेको छ । नदी-नाला पार गर्न प्रयोग भइरहेका तुईनहरूको लगत तयार गरी सम्भाव्य स्थानमा झोलुङ्गे पुलले प्रतिस्थापन गरिनेछ ।

- **सडकपुल तथा सामुदायिक पँहुच सुधार आयोजनाः** समुदायमा आधारित पक्की पुलको निर्माण गर्न १६ जिल्ला छनौट भई सडकपुलको निर्माण कार्य प्रारम्भ भइसकेको छ । यस कार्यक्रमवाट योजना अवधिमा छुट्टै कार्यक्रमहरूको थप स्रोत सहित कूल १५० पुलको निर्माण गर्ने लक्ष्य लिइएको छ । सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत प्रथम चरणमा बिपी राजमार्गको आसपासका ५ जिल्लाका १३ वटा ग्रामीण सडकहरूमा ३२ वटा मोटरेवल पुल निर्माण गरिनेछ ।

**साना सिंचाइ तथा नदी नियन्त्रण**

- **जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रमः** दोलखा, रामेछाप, ओलढुङ्गा, खोटाङ्ग, अछाम, दैलेख, जाजरकोट र कालिकोट गरी जम्मा ८ वटा जिल्लामा सञ्चालित यस कार्यक्रमले ग्रामीण क्षेत्रका जनताहरूको क्षमता अभिवृद्धि गर्ने, आयस्रोत वृद्धि गर्ने, खाद्यान्न पर्याप्तता तथा वाहिरी बजार र सेवासम्म जनताको पहुँच बढाई जीवनस्तर सुधार गर्ने लक्ष्य लिएकोछ । यस कार्यक्रमबाट ३ वर्षमा थप १,५०० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुनेछ ।

- **साना सिंचाइ कार्यक्रमः** ७५ वटै जिल्लामा जिल्ला विकास समितिबाट यो कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायबाट माग भै आएका साना सिंचाइ मार्फत् आयस्रोत बढाई गरिबी न्यूनीकरण गरी खाद्यान्न आत्मनिर्भरतामा टेवा दिने क्रियाकलापहरू सञ्चालन हुनेछन् । साथै साना प्रकृतिका नदी नियन्त्रण कार्यक्रम समेत सञ्चालन हुनेछ ।

- **एक गाउँ एक पोखरी निर्माण अभियान :** एक गाउँ एक पोखरी निर्माणको अभियानलाई स्थानीय समुदायको सहभागितामा सञ्चालन गरिनेछ । प्रत्येक जिल्ला, इलाका, गाउँ विकास समिति, वडा हुँदै प्रत्येक गाउँमा एक पोखरी हुने गरी यस अभियानको विस्तार गरिनेछ ।

- **सामुदायिक सिंचाइ परियोजनाः** यस आयोजनाबाट परियोजना लागू भएका जिल्लाका ग्रामीण भेगका पिछडिएका एवं गरिब समुदाय र ०.५ हे. र १ हे. भन्दा कम कृषि जमिन भएका समुदायको आयस्रोत वृद्धि गर्ने लक्ष्य रहेको छ । कार्यक्रम लागू भएका १२ जिल्लाहरू कन्चनपुर, कैलाली, दाङ्ग, कपिलवस्तु, डोटी, सल्यान, रूकुम, रोल्पा, प्यूठान, बझाङ्ग, जुम्ला र मुगुमा योजना अवधिमा ५,००० हे. क्षेत्रफलमा थप सिंचाइ सुविधा पुग्ने अनुमान गरिएको छ ।

**खानेपानी, ढल निकास तथा सरसफाइ आयोजना**

- **ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना दोस्रो चरणः** सुदूर तथा मध्य पश्चिमका १० जिल्लामा सञ्चालित यस कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाइका कार्यक्रम मार्फत् थप १ लाख २० हजार जनसंख्यालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने र एकीकृत जलस्रोत व्यवस्थापनको माध्यमबाट परियोजना लागू भएका क्षेत्रहरूमा सिंचाइ तथा साना जलविद्युत सेवा तथा सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ ।

- **खानेपानी तथा सर-सफाइ आयोजनाः** ७५ वटै जिल्लाहरूमा सञ्चालित यस कार्यक्रम अन्तर्गत हाल चालू अवस्थामा रहेका ५७४ मध्ये ३६० खानेपानी आयोजना योजना अवधिभित्र सम्पन्न गरी थप १ लाख ५० हजार जनसंख्यालाई खानेपानी तथा सर-सफाइ सुविधा उपलब्ध गराइनेछ र सम्पन्न आयोजनाको मर्मत सम्भार गरिनेछ ।

- **पश्चिम नेपाल खानेपानी तथा सर-सफाइ कार्यक्रमः** यस परियोजनाबाट योजना अवधिमा पश्चिमाञ्चलका १० जिल्लाहरू म्याग्दी, पर्वत, वाग्लुङ्ग, स्याङ्गजा, तनहुँ, नवलपरासी, रूपन्देही, कपिलवस्तु, गुल्मी र प्यूठान ७० हजार जनसंख्यालाई खानेपानी तथा २ लाख ५० हजार जनसंख्यालाई सर-सफाइ सुविधा उपलब्ध गराइनेछ ।

**लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा**

- यस कार्यक्रम अन्तर्गत ऊर्जा र लघु जलविद्यत् सम्बन्धी आयोजना सञ्चालन गरी ग्रामीण क्षेत्रमा विद्युत सुविधा पुऱ्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

**आवास भवन, शहरी विकास**

- यस कार्यक्रम अन्तर्गत उपलब्ध हुने स्रोतका आधारमा ग्रामीण बस्तीको सम्भाव्यता अध्ययन र आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

**फोहरमैला व्यवस्थापन**

- योजना अवधिमा नगरोन्मुख गाउँ विकास समिति र नगरपालिकाहरूको फोहोरमैला संकलन, ओसार पसार, कम्पोष्ट प्लाण्ट र सेनिटरी ल्याण्डफिल साईट विकास तथा सञ्चालन सम्बन्धी अध्ययन गर्नका साथै आवश्यक नीति, निर्देशिका र कार्यविधि तयार गरिनेछ । साथै पूर्वाधार विकास गरी फोहरमैला व्यवस्थापनमा वैज्ञानिक विधि अपनाइनेछ ।

**सामाजिक पूर्वाधार विकास कार्यक्रम**

- यस कार्यक्रम अन्तर्गत ग्रामीण सामुदायिक पूर्वाधारहरू सामुदायिक भवन, विद्यालय भवन तथा स्वास्थ्य चौकी लगायतका भवन निर्माणमा सहयोग पुग्नेछ ।

**९. अपेक्षित उपलब्धि**

३२५० कि.मि. नयाँ ग्रामीण सडक निर्माण भई यातायात सेवाबाट थप २५ लाख जनसंख्यालाई तराईमा १ घण्टा र पहाडमा २ घण्टा भित्र यातायात सेवा उपलब्ध हुनेछ, ४,००० कि. मि. सडकको स्तरोन्नति तथा पुनःस्थापना, ६,००० कि. मि. सडकको नियमित तथा आवधिक मर्मत सम्भार, ४५० कि. मि. सडकको कालोपत्रे, ३०० वटा नयाँ सडक पुल निर्माण, १,५०० नयाँ झोलुङ्गे पुल निर्माण, ४०० तटवन्ध नदी नियन्त्रण तथा भूसंरक्षण सम्बन्धी योजना सम्पन्न, ३०० वटा सामाजिक पूर्वाधार (भवन निर्माण) ७५ वटा जिल्लाको गुरूयोजना तर्जुमा, ८०० वटा नयाँ खानेपानी तथा सरसफाइ योजनाहरुको निर्माण, थप ५ लाख जनसंख्यालाई आधारभूत खानेपानी तथा सर-सफाइ सेवा विस्तार, थप ३५,००० हेक्टर सिंचाइयोग्य क्षेत्रमा सिंचाइ सुविधा सुविधा पुगी ५ लाख ५० हजार जनसंख्या लाभान्वित हुनेछन्, ५०० कि.वा.लघु जलविद्युतको माध्यमबाट २५ हजार जनसंख्यालाई विद्युत सेवा उपलब्ध, ३० वटा स्यानिटरी ल्याण्डफिल साईटको विकास, ५० वटा बस्ती विकासका कार्यक्रम सञ्चालन र मुलुकभरका प्रत्येक गाउँ गाउँमा एक पोखरी निर्माण हुनेछ ।

परिच्छेद : ६

# अन्तर सम्बन्धित विकास नीतिहरु

## ६.१ गरिबी निवारण

### १. पृष्ठभूमि

करिब डेढ दशकदेखि गरिबी निवारणलाई विकास प्रयासको केन्द्रमा राखी कार्यक्रमहरू सञ्चालन गरिएकाले गरिबी र मानव विकास सूचकहरूमा उल्लेखनीय सुधार आएको छ। आर्थिक वर्ष २०६९/७० को अन्त्यमा २० वर्ष अघि ४२ प्रतिशत रहेको गरिबीको रेखामुनिको जनताको प्रतिशत २३.८ मा झरेको छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउन सामाजिक क्षेत्रमा उल्लेख्य रूपमा लगानी वृद्धि भएको छ। रोजगार तथा आयमूलक कार्यक्रमहरू लागू गरिएका छन्। गरिबी निवारणका उद्देश्य तथा नीतिहरू निर्धारण गर्दा विगतका नीति तथा कार्यक्रमको समीक्षा र अनुभव समेतलाई दृष्टिगत गरी लक्षित समूह र क्षेत्रलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गरिएको भएता पनि ती कार्यक्रमहरूलाई अझ बढी नतिजामूलक र प्रभावकारी बनाउन बाँकी नै रहेको छ। महिला, दलित, अल्पसङ्ख्यक जातजाति, मधेसी, कर्णालीवासी लगायत दुर्गम तथा पिछडिएका क्षेत्रका बासिन्दा, शारीरिक रूपले अशक्त भएका व्यक्ति र शहरी क्षेत्रमा जोखिममा बसोवास गर्ने मानिसमा गरिबीको गहनता हटाउनेतर्फ थप प्रयास हुन आवश्यक छ।

### २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजनाको अन्त्यसम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्यालाई २१ प्रतिशतमा झार्ने लक्ष्य थियो। सोही अनुरूप रोजगार केन्द्रित समावेशी आर्थिक विकासका कार्यक्रमहरू कार्यान्वयन गरिएका थिए। योजना समाप्तिको अवधिसम्ममा गरिबीको रेखामुनिको जनसंख्या २५.४ प्रतिशतबाट झरेर २३.८ प्रतिशत मात्र हुनसक्यो। यद्यपि उच्च तथा दिगो आर्थिक वृद्धि प्राप्त नभइसकेकोले वर्तमान अवस्थामा गरिबीको रेखामाथि उक्लेका बहुसंख्यक समुदाय तथा व्यक्तिहरूको जीवनस्तर अझै पनि जोखिमयुक्त रहेको छ।

योजना अवधिमा गरिबी घट्नुका प्रमुख कारणहरूमध्ये तीव्र शहरीकरण, वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, कृषि ज्यालामा भएको वृद्धि, गैर कृषि क्षेत्रको रोजगारी तथा ज्यालामा भएको वृद्धि र आर्थिक रूपमा सक्रिय उमेरका जनसंख्याको हिस्सामा भएको वृद्धि मुख्य रहेका छन्। प्रतिव्यक्ति गरिबीको दरमा कमी आउनु सुखद पक्ष रहेको छ। देशमा विद्यमान असमानतालाई दर्शाउने जिनी सूचकांक[१] (Gini coefficient) घटेको छ। शहरी क्षेत्रमा ०.३५३, ग्रामीण क्षेत्रमा ०.३११ र समग्ररूपमा नेपालमा ०.३२८ पुगेको छ। यद्यपि भौगोलिक क्षेत्र तथा विभिन्न जातजातिबीचको मावन गरिबी र असमानताका अन्य

[१] उपभोगका आधारमा।

सूचकांकहरू अझै उच्च रहेका छन् । गरिबीको रेखामुनि रहेकामध्ये २४.४ प्रतिशतको मात्र प्राथमिक शिक्षामा पहुँच रहेको छ । त्यस्तै, २०.८ प्रतिशतको माध्यमिक स्तरको शिक्षामा र १७.९ प्रतिशतको उच्च शिक्षामा पहुंच रहेको छ । त्यसैगरी गरिबीको रेखामुनिका १५.६ प्रतिशत जनताले मात्र सरकारी अस्पतालको सेवामा पहुँच राख्दछन् भने १५.३ प्रतिशतको कृषि केन्द्रहरूमा पहुँच रहेको अवस्था छ ।

विगत १७ वर्षको अवधिमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या घटे तापनि शहरी तथा ग्रामीण एवं विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको भिन्नता अझ पनि निकै ठूलो रूपमा देखिएको छ । आर्थिक वर्ष २०६६/६७ मा शहरी गरिबी १५.५ प्रतिशत र ग्रामीण गरिबी २७.४ प्रतिशत रहेको छ । भौगोलिक क्षेत्रका आधारमा हिमाली क्षेत्रको गरिबी ४२.३ प्रतिशत, तराई क्षेत्रको गरिबी २३.४ प्रतिशत र पहाडी क्षेत्रको गरिबी २४.३ प्रतिशत रहेको छ । त्यसैगरी तराईमा भएको अवसरहरूको वृद्धि, तराईमा भैरहेको शहरीकरण जस्ता कारणले यस क्षेत्रको गरिबी घटाउन मद्दत पुर्‍याएको छ भने हिमाली क्षेत्रवाट क्रमिक रूपमा बढ्दै गएको आन्तरिक आप्रवास, हिमाली क्षेत्रमा पर्यटन, जडीबुटी संकलनजस्ता आर्थिक क्रियाकलापमा भएको वृद्धिले यस क्षेत्रको गरिबी घटाउन प्रमुख भूमिका खेलेका छन् । पहाडी क्षेत्रको गरिबी कम मात्र घट्नुको कारणमा आन्तरिक बसाईं सराईंको चाप बढ्नुका अतिरिक्त विगतको द्वन्द्वको सबैभन्दा ठूलो असरलाई लिन सकिन्छ ।

### ३. समस्या तथा चुनौतीहरु

समग्रमा, गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि गरिबीको रेखा भर्खरै मात्र पार गरेकाहरूको संख्या उल्लेख्य रहेको छ । यस वर्गको जीवनस्तर असाध्यै जोखिमपूर्ण छ अर्थात् नियन्त्रणबाहिरको कुनै परिस्थिति आएमा जुनसुकै समय यो वर्ग पुनः गरिबीको रेखामुनि झर्न सक्छ । गरिबी न्यूनीकरणको प्रयासलाई निरन्तरता दिंदै गरिब र धनी बीच विद्यमान असमानता घटाउनु प्रमुख चुनौती रहेको छ । अशिक्षा, गरिबी र कुपोषणको कारणले कृषि क्षेत्रमा अदृश्य बेरोजगारी व्याप्त छ । सीप, पूँजी र प्रविधिमा बहुसंख्यक जनताको आवश्यक पहुँच नभएकोले स्वरोजगार प्रवर्द्धनको संभावना सीमित छ । द्वन्द्वको अन्त्य भए पनि पूर्ण शान्तिको प्रत्याभूति नभएकोले लगानी-मैत्री वातावरण बन्न सकेको छैन । नयाँ रोजगारीका अवसरहरू सृजना नहुँदा वैदेशिक रोजगारीप्रतिको आकर्षण बढेको देखिन्छ । अनौपचारिक क्षेत्रमा अत्यधिक रूपमा केन्द्रित विद्यमान बढ्दो अदृश्य बेरोजगारी घटाउनु, कृषिमा आश्रित आवश्यकताभन्दा बढी जनसंख्यालाई क्रमिक रूपले गैर कृषि क्षेत्रमा स्थानान्तरण गराउनु, नयाँ रोजगारीको सृजना गर्नु, स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिबी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु प्रमुख चुनौती हुन् ।

## ४. दीर्घकालीन सोच

अवसरहरूको सृजना, क्षमता विकास जस्ता लक्षित कार्यक्रमहरूको माध्यमबाट सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउने ।

## ५. उद्देश्य

योजना अवधिमा गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८ प्रतिशतमा झार्ने ।

## ६. रणनीति

१. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने ।

२. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने ।

३. विभिन्न निकाय तथा संस्थाहरूबाट संचालित गरिबी न्यूनीकरण कार्यक्रमबीच समन्वय कायम गर्ने ।

४. मागमा आधारित लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ७. कार्यनीति

१. उत्पादनमूलक रोजगारीलाई केन्द्रविन्दुमा राखी राष्ट्रिय गरिबी निवारण नीति तर्जुमा गरिनेछ । (१)

२. विकास आयोजना सञ्चालन गर्दा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ । (१)

३. न्यूनतम रोजगारी प्रत्याभूत योजना र कानुन तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (१)

४. गरिबी घटाउन प्राकृतिक स्रोत साधनको सन्तुलित व्यवस्थापन तथा उपयोगमा जोड दिईनेछ । (२)

५. बेरोजगार तथा अर्द्धबेरोजगार युवाहरूलाई लक्षित गरी क्षमता विकास, आयआर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । (२)

६. गरिबी निवारणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमबीच प्रभावकारी समन्वय गरिनेछ । (३)

७. गरिबी निवारणका लागि सञ्चालित कार्यक्रमहरूको एकीकृत मूल्याङ्कन गरिनेछ । (३)

८. ग्रामीण तथा शहरी गरिबीलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिनेछन् । (४)

९. गरिब पहिचान तथा वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- गरिबी निवारण कोषका कार्यक्रमहरूलाई अध्ययनबाट प्राप्त सुझावका आधारमा परिमार्जन एवं विस्तार गर्ने ।
- शहरी गरिबी घटाउन आय आर्जन र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- गरिबीको परिचय पत्र प्राप्त गर्ने गरिव घर परिवारलाई लक्षित गरी सशक्तीकरण, क्षमता विकास तथा आय आर्जनका कार्यक्रमहरू विभिन्न विषय क्षेत्रगत कार्यक्रम भित्रै समावेश गरी कार्यान्वयन गर्ने ।
- विप्रेषणवाट प्राप्त हुने रकमलाई ग्रामिण क्षेत्रमा उत्पादनमूलक रोजगारी तथा स्वरोजगारी सृजना गर्ने आधुनिक कृषि तथा पशुपालन व्यवशाय सञ्चालन गर्न अभिप्रेरित गर्ने गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत् गरिबी निवारण नीति तथा कार्य योजना तयार गरी समुदाय तथा क्षेत्र लक्षित कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- गरिवका लागि आधारभूत कानुनी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूवाट संचालित गरिबी निवारणसंग सम्वन्धित कार्यक्रमहरूको अध्यावधिक विवरण तयार गर्ने, दोहोरोपन हटाउने र समन्वय कायम गर्ने ।
- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरूको अध्ययन अनुसन्धान र अद्यावधिक विवरण तयार गर्ने, तालिम सञ्चालन गर्ने र सूचना प्रणालीलाई व्यवस्थित गर्ने ।
- प्राकृतिक प्रकोप तथा मौसम परिवर्तनका कारण सिर्जित गरिबीको जोखिममा परेका र अति विपन्न व्यक्ति, परिवार र समुदायहरूको पहिचान गरी जोखिम न्यूनीकरण तथा तात्कालिक राहतका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- खाद्य सुरक्षा तथा जीविकोपार्जन अभिवृद्धिमा प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण कार्यक्रमलाई विस्तार गर्ने ।

## ९. अपेक्षित उपलब्धि

गरिबीको रेखामुनिको जनसङ्ख्या १८ प्रतिशतमा झरेको हुनेछ ।

## ६.२ मानव संसाधन विकास

### १. पृष्ठभूमि

नेपालमा प्रौढ साक्षरता ६५.९ प्रतिशत पुगेको र काम गर्न सक्रिय जनशक्ति (१५-५९ वर्ष) ५७ प्रतिशत रहेको छ । तर विगत केही वर्षदेखि कतिपय प्राविधिक एवं व्यवस्थापकीय सीप र क्षमता भएका जनशक्ति वैदेशिक रोजगारका लागि विदेश पलायन हुने क्रम बढ्दो छ । यसरी एकातर्फ ठूलो सङ्ख्यामा अर्द्धदक्ष एवं अदक्ष युवा जनशक्ति विदेशिनु परेको कारणले विकास निर्माण कार्यमा आवश्यक जनशक्तिको अभाव देखिएको छ भने अर्कोतर्फ देशमा उत्पादित जनशक्ति र देशमा माग भएको जनशक्तिबीचमा तालमेलको अभाव रहेको छ । सरकारले मानव संसाधनको विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता पूर्वाधारहरूको विकासको लागि प्रयास गरे तापनि उक्त प्रयास पर्याप्त हुन सकेको छैन । विशेषगरी ग्रामीण क्षेत्र, महिला, दलित तथा अन्य पिछडिएका क्षेत्र, वर्ग, समुदायमा विकासको प्रयास पुग्न नसक्दा मुलुकको मानव संसाधन विकासले अपेक्षित गति लिन सकेको छैन । यसर्थ, विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने र देशको परिवर्तित आवश्यकताबमोजिम परिस्थिति सुहाउँदो जनशक्तिको सङ्ख्यात्मक र गुणात्मक क्षमता विकास गर्ने क्षेत्रमा मानवीय विकास केन्द्रित हुनु आवश्यक रहेको छ ।

### २. अद्यावधिक स्थिति

राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ । जसमा महिला ५१.५० प्रतिशत र पुरुष ४८.५० प्रतिशत रहेका छन् । औसत जनसंख्या वृद्धि दर १.३५ प्रतिशत रहेको छ । १५ देखि ३० वर्ष उमेरको जनसंख्या २७ प्रतिशत, ६० वर्ष माथिको जनसंख्या ८ प्रतिशत र १४ वर्ष मुनिको जनसंख्या ३५ प्रतिशत रहेको छ । देशभित्र पर्याप्त रोजगारीको अवसरहरू नभएकोले दैनिक करिब १,५०० व्यक्ति रोजगारीको लागि विदेशिनु परेको, औपचारिक र अनौपचारिक समेत गरी करिब ३० लाख जनशक्ति देशबाहिर रहेको अवस्था छ । यसरी विदेशिनेमा ७४ प्रतिशत अदक्ष, २५ प्रतिशत अर्द्धदक्ष र १ प्रतिशत मात्र दक्ष जनशक्ति रहेको छ । वार्षिक ४ लाख ५० हजारभन्दा बढी व्यक्ति श्रमबजारमा प्रवेश गर्ने भए तापनि रोजगारी वृद्धि दर भने २.९ प्रतिशत मात्र रहेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

मानव संसाधन नीति तथा रणनीतिको अभावको कारणले देशभरी छरिएर रहेका उत्पादनशील जनशक्तिको उचित व्यवस्थापन गरी राष्ट्र निर्माणको अभियानमा लगाउन नसक्नु समस्याको रूपमा रहेको छ । देशमा विद्यमान सक्रिय जनसंख्याको प्रचुरताबाट जनसांख्यीय लाभ लिनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागबमोजिमको दक्ष जनशक्ति तयार गर्नु, स्वदेशमै रोजगारीको अवसर सृजना गरी वैदेशिक रोजगारीमाथिको निर्भरता कम गर्नु, देशमा उत्पादित जनशक्ति र मागबीच उचित तालमेल मिलाउनु, देशमा सञ्चालित विद्यमान तालिम केन्द्रहरूबीच उचित समन्वय कायम राख्नु, ग्रामीण क्षेत्र, महिला, दलित, पिछडिएका क्षेत्र, वर्ग, समुदायमा पुग्ने गरी विकासका गतिविधिहरू सञ्चालन गर्नु जस्ता

चुनौतीहरू रहेको यस क्षेत्रमा एक दीर्घकालीन कार्ययोजनासहितको मानव संसाधन योजनाको खाँचो रहेको छ ।

### ४. दीर्घकालीन सोच

राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने सक्षम र दक्ष जनशक्तिको विकास गर्ने ।

### ५. उद्देश्य

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम र दक्ष मानव संसाधनको विकास गरी माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने ।

### ६. रणनीति

१. रोजगारी तथा स्वरोजगारी सृजना गर्ने खालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा जोड दिने ।

२. दक्ष मानव संसाधन विकासका लागि एकीकृतरूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ७. कार्यनीति

१. प्राविधिक तथा सीपमूलक शिक्षालाई गुणस्तरीय बनाई रोजगारीसँग आबद्ध गरिनेछ । (१)

२. मानव संसाधनसँग सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ । (१)

३. मानव संसाधन विकाससम्बन्धी एकीकृत नीति तथा रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

४. युवा जनशक्तिलाई नेतृत्व विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछन् । (१)

५. मानव संसाधन विकाससम्बन्धी लगानीलाई नतिजामूलक बनाइनेछ । (१)

६. शैक्षिक संस्थाहरूबाट उत्पादित जनशक्ति र बजारमा उपलब्ध रोजगारीबीच सामञ्जस्यता कायम गरिनेछ । (२)

७. छात्रवृत्ति तथा अन्य सहयोग उपलब्ध गराई लक्षित समूहको क्षमता विकास गरिनेछ । (२)

८. विकासका साझेदारहरू समेतको संलग्नतामा स्वदेशी जनशक्तिमा सीप तथा प्रविधि हस्तान्तरण गरी मानव संसाधनको विकास गरिनेछ । (२)

९. राष्ट्र निर्माणमा अवकाश प्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको सदुपयोग गरिनेछ । (२)

### ८. प्रमुख कार्यक्रमहरु

- एकीकृत मानव संसाधनसम्बन्धी राष्ट्रिय नीति तयार गर्ने ।
- सामान्य प्रशासन मंत्रालयलाई मानव संसाधन मंत्रालयको रूपमा विकास गर्ने ।
- मानव संसाधन विकाससम्बन्धी कार्यमा संलग्न विभिन्न निकायहरूबीच समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- राष्ट्रिय क्षेत्रीय तथा स्थानीयस्तरमा मानव संसाधनसम्बन्धी अभिमुखीकरण अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने ।
- मानव संसाधनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रमहरू क्षमता विकास पश्चात् सोको सदुपयोग भएको नभएको कार्य सम्पादन निश्चित गर्ने संयन्त्रको विकास गर्ने र अन्य देशको मानव संसाधन विकाससम्बन्धी अनुभव आदान प्रदान गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ९. अपेक्षित उपलब्धि

राष्ट्र निर्माणको विविध क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उपलब्ध, परिचालन र उपयोग भएको हुनेछ ।

## ६.३ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्द्धबेरोजगार जनशक्ति रहेको अनुमान छ । वर्तमान अवस्थामा वार्षिक ४ लाख ५० हजारभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्दछन् । देशभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले दैनिक सयौं व्यक्ति रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति छ । हालको अवस्थालाई हेर्दा, वैदेशिक रोजगार विभागको पुनर्गठन र सुधार कार्ययोजनाको कार्यान्वयन, बेरोजगारहरूको लगत सङ्कलन, न्यूनतम ज्याला दर निर्धारण, वैदेशिक रोजगारको क्रममा समस्यामा परेका नेपालीहरूको उद्धार तथा आर्थिक राहतको व्यवस्था, आप्रवासन सूचना केन्द्रको स्थापना, श्रम सहचारीको व्यवस्था, विभिन्न मुलुकसँगश्रम सम्झौता, बालश्रम गुरुयोजनाको तर्जुमा, निकृष्ट प्रकृतिका श्रममा संलग्न बालश्रमिकको उद्धार, दिवा शिशु स्याहार तथा अनौपचारिक शिक्षा केन्द्रहरूको सञ्चालन हुनु आदि यस क्षेत्रका केही उपलब्धि हुन् ।

### २. अद्यावधिक स्थिति

हालसम्म अवस्थालाई हेर्दा नियमितरूपमा बालश्रम निरीक्षण गरी बालबालिकाहरूको उद्धार तथा पुनरस्थापना गर्ने गरिएको, सरकारी पक्ष र सरोकारवाला राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरूको सहकार्यमा १२,००० कमलरीहरूको उद्धार तथा पुनरस्थापना गरिसकिएको, विद्यमान बालश्रमसम्बन्धी ऐन नियम र जोखिमपूर्ण कार्यहरूको सूची परिमार्जन र बालश्रम

सम्बन्धी नीति निर्माणका लागि अध्ययन कार्य सम्पन्न गरिएको, बालश्रम निवारणसम्बन्धी सचेतनामूलक कार्यक्रम प्रसारण गरिएको, वैदेशिक रोजगारीको लागि हालसम्म १०९ मुलुक खुल्ला गरिएको, आर्थिक वर्ष २०६९/७० सम्म नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा (भारत बाहेक) जानेहरूको संख्या करिब ३० लाख पुगेको, मुख्य मुख्य गन्तव्य मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गरिएको, केही गन्तव्य मुलुकहरूमा सुरक्षित गृह स्थापना गरिएको, वैदेशिक रोजगारीमा गई फर्किएका महिला कामदारहरूलाई उद्यमशीलता तालिम प्रदान गरी स्वरोजगारका लागि प्रेरित गरिएको, अन्तर्राष्ट्रिय श्रम संगठनवाट पारित भएका अभिसन्धिहरूमध्ये नेपाल सरकारवाट अनुमोदन भएका विभिन्न ११ वटा अभिसन्धिहरूको नियमित प्रतिवेदनहरू पठाइएको, नेपाल सरकारवाट अनुमोदन नभएका अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धिहरूको सम्बन्धमा समय समयमा माग भए बमोजिमका प्रतिवेदनहरू पठाउने गरिएको, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू मार्फत् वार्षिक करिब २० हजार युवाहरूलाई विभिन्न विषयका श्रम प्रधान तालिमहरू प्रदान गर्ने गरिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

श्रमशक्तिको माग र आपूर्तिबीचको अन्तर, बढ्दो बेरोजगारी, न्यून ज्याला दर, सीप तथा उद्यमशीलता विकासका सीमित प्रयासहरू, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी स्पष्ट मापदण्ड नहुनु, शैक्षिक संस्थाबाट उपलब्ध जनशक्ति र बजारमा उपलब्ध रोजगारबीच तालमेल नहुनु, निकृष्ट प्रकृतिका बालश्रम उन्मूलन हुन नसक्नु, वैदेशिक रोजगारीमा विभिन्न प्रकारका ठगी, सामाजिक संवाद तथा सामूहिक सौदाबाजीमा राजनीतिक प्रभाव, रोजगार सूचना केन्द्रको सुदृढीकरण नहुनु आदि मुख्य समस्याका रूपमा रहेका छन् ।

श्रम तथा रोजगार मन्त्रालयवाट सञ्चालन हुने कतिपय कार्यक्रमहरू (सूचना केन्द्र, तालिम र रोजगारको सृजना) मध्ये अन्य निकायहरूवाट पनि सञ्चालन गरेकोले कार्यक्रम सञ्चालनमा दोहोरोपना देखिएको, एकीकृत रूपमा राष्ट्रको माग र आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न नसकिएको, देशका लाखौ युवा जनशक्तिलाई राष्ट्रिय स्तरमा रोजगारीको सृजना गर्न नसकि वैदेशिक रोजगारीमा पठाउन मात्र ध्यान दिईएको, वैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो र सुरक्षित बनाउन नसकिएको, वैदेशिक रोजगारीमा गएका सम्पूर्ण जनशक्तिको अद्यावधिक स्थितिको तथ्यांक अभाव रहेको, वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई उद्यमशीलतामा आकर्षित गर्न नसकिएको, विप्रेषणबाट प्राप्त अधिकांश रकम उपभोग खर्च भएको आदि चुनौतीहरू देखिएका छन् ।

## ४. दीर्घकालीन सोच

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको सृजना गर्ने र स्वरोजगारका अवसरहरू सृजना गर्ने ।

## ५. उद्देश्य

१. स्वदेशमा मर्यादित रोजगारका अवसरहरू सृजना गर्दै बेरोजगारी तथा अर्द्धबेरोजगारी न्यूनीकरण गर्ने ।

२. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्ने

## ६. रणनीति

१. निश्चित समयको अनिवार्य रोजगारी उपलब्ध गराउने गरी राष्ट्रिय रोजगार नीतिको तर्जुमा गर्ने ।

२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने ।

३. श्रमिकको हक अधिकारको संरक्षण तथा लगानी मैत्री वातावरणको सृजना गरी सुमधुर श्रम सम्बन्ध स्थापना गर्ने ।

५. सीप तथा व्यावसायिक तालिमका अवसरहरू वृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी श्रमशक्ति विकास गर्ने ।

६. सबै किसिमको बालश्रम उन्मूलन गर्ने ।

७. सामाजिक सुरक्षा कोषको प्रभावकारी परिचालन गर्ने ।

८. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।

## ७. कार्यनीति

१. निश्चित क्षेत्रमा न्यूनतम समय सम्मको रोजगारी सुनिश्चित गर्न रोजगारी प्रत्याभूति कानुन लागू गरिनेछ । (१)

२. कृषि तथा गैरकृषि क्षेत्रको लगानीमा रोजगारमूलक प्रविधिलाई प्रोत्साहन गरिनेछ । (१)

३. रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् । (१)

४. प्रभावकारी रोजगार विनिमय प्रणालीको विकास गरी सीप र योग्यता अनुसारको रोजगारीमा पहुँच अभिवृद्धि गरिनेछ। (१)

५. वैदेशिक रोजगारीको सहजीकरण गर्न संस्थागत संरचनालाई सुदृढ एवं विस्तार गरिनेछ । (२)

६. वैदेशिक गन्तव्य मुलुकहरूमा श्रम सहचारीको व्यवस्था र गैरआवासीय नेपालीहरूको संस्थालाई समेत परिचालन गरी श्रमबजारको विस्तार, प्रवर्द्धन र कामदारहरूको संरक्षण गरिनेछ । (२)

७. गन्तव्य मुलुकहरूमा कामदारहरूको सुरक्षा र सहयोग प्रणाली विकासका लागि SAARC क्षेत्रका र अन्य मुलुकहरूसँग सहकार्यको खोजी गरिनेछ । (२)

८. वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित बनाउन थप मुलुकहरूसँग श्रम सम्झौता गरिनेछ । (२)

९. औपचारिक संयन्त्रमार्फत विप्रेषणलाई भित्र्याउन र उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारीमा वृद्धि गरिनेछ । (२)

१०. महिला, विपन्न, दलित, आदिवासी जनजाति, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी रोजगारोन्मुख तालिम प्रदान गरी वैदेशिक रोजगारलाई समावेशी र विपन्नमुखी बनाइनेछ । (२)

११. सीप र सही सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई विशेष प्याकेजको व्यवस्था गरिनेछ । (२)

१२. स्वदेश वा विदेशमा रोजगारी गर्न चाहनेलाई ऋणको व्यवस्था गर्न वित्तीय संस्थाहरूसँग सहकार्य गरिनेछ । (२)

१३. वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख प्रणालीमा सुधार गरिनेछ । (२)

१४. श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । (२)

१५. वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई विदेश जानुपूर्व आवश्यक जानकारी तथा विदेशमा उसको व्यवहार, सुरक्षा र स्वास्थ्यसम्बन्धी प्रारम्भिक तालिमको व्यवस्था गरिनेछ । (२)

१६. विभिन्न किसिमका श्रम तथा व्यवसायजन्य सुरक्षासम्बन्धी मापदण्ड लागू गरिनेछ । (३)

१७. सरकार, रोजगारदाता, मजदुरबीचको त्रिपक्षीय संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत सुदृढीकरण गरिनेछ । (३)

१८. घरायसी श्रमिकहरूको अधिकारको संरक्षण गरिनेछ । (३)

१९. सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेका कामदारहरूलाईमात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाईनेछ । (४)

२०. व्यावसायिक तथा सीप विकाससम्बन्धी तालिम प्रदायक संस्थाहरूलाई एउटै छातामुनि ल्याई गुणस्तरयुक्त तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ । (५)

२१. निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरू सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ । (६)

२२. बालश्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ । (६)

२३. योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजना प्रभावकारी सञ्चालन गरी सामाजिक सुरक्षा प्रवर्द्धन गरिनेछ । (६)

२४. रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ । (८)

**८. प्रमुख कार्यक्रमहरु**

- सरोकारवाला विभिन्न पक्षहरूसँग छलफल र समन्वय गरी राष्ट्रिय रोजगार नीति तथा रोजगार प्रत्याभूत कानुन तर्जुमा गरी लागू गर्ने ।

- सीप विकास तालिम केन्द्रहरूको भौतिक अवस्था, तालिम कार्यक्रम सञ्चालन र प्रयोगशाला सुधार तथा विस्तार गरी रोजगार सम्बन्धी तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।

- वैदेशिक रोजगार नीति, २०६८ को कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने । वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ को समयानुकूल परिमार्जन र संशोधन गर्ने ।

- मन्त्रालय र अन्तरगतका निकायहरू तथा वैदेशिक रोजगार प्रर्वर्द्धन वोर्डको संरचनागत सुधार गर्ने ।

- वैदेशिक गन्तव्य मुलुकहरूमा आवश्यकता अनुसार श्रम सहचारीहरूको संख्या वृद्धि गर्ने ।

- कामदारहरूको हित अभिवृद्धि गर्न सूचनामूलक र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।

- कोलम्बो प्रक्रिया (कामदारहरू पठाउने राष्ट्रहरूको संगठन) र आवुधावी वार्तामा ( कामदारहरू पठाउने र लिने राष्ट्रहरूको संगठन) सहभागी भई कामदारहरूको साझा हकहित सम्बन्धी विषयमा सहकार्यको खोजी गर्ने ।

- थप मुलुकहरूसँग श्रम सम्झौता गर्दै जाने, गन्तव्य मुलुकहरूमा सुरक्षित गृहहरूको विस्तार गर्ने ।

- विप्रेषणलाई औपचारिक संयन्त्र मार्फत् ल्याउने नीति तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

- वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सीप तथा क्षमताको उपयोगको लागि पुनर्एकीकरण तथा स्वरोजगारी सम्बन्धी विभिन्न किसिमका तालिम लगायत सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गर्ने ।

- वैदेशिक रोजगारीलाई समावेशी र विपन्नमुखी बनाउन कानुनको तर्जुमा गरी सोही अनुसार तालिम आवश्यकताको पहिचान र सीपमूलक तालिमहरू प्रदान गर्ने ।

- सीप र सही सूचना उपलब्ध गराई वैदेशिक रोजगारमा जान चाहने महिलाहरूलाई विशेष प्याकेजको व्यवस्था गर्ने ।

- वैदेशिक रोजगारमा जान चाहने युवा तथा महिलाहरूलाई विशेष ध्यान दिई विभिन्न १८ जिल्लाका सामाजिक शिक्षाका शिक्षकहरूको लागि वैदेशिक रोजगारीसम्बन्धी सूचनामूलक तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

- वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई सरकारी तथा गैर सरकारी बैंक तथा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराउने व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने ।

- स्वदेशमा रोजगार सृजना गर्नका लागि युवा स्वरोजगार कार्यक्रम र यस्तै अन्य कार्यक्रम मार्फत् उद्यमशीलता तालिम र सुलभ बजारको व्यवस्था गरी उत्पादित वस्तुको बजार सम्मको पहुँच बढाउने काम गर्ने ।

- सूचना प्रविधिमा आधारित रोजगार सूचना प्रणालीको विकास गरि लागू गर्ने ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीति निर्माण गर्ने । विभिन्न किसिमका मापदण्ड स्वीकृत गरी लागू गर्ने । कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने, श्रम सम्बन्ध सुमधुर बनाउने, श्रम अध्ययन प्रतिष्ठानको स्थापनाको लागि अध्ययन गर्ने ।

- सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न सरकार, रोजगारदाता र ट्रेड युनियनको भूमिकालाई प्रभावकारी बनाउन स्थायी संयन्त्रको निर्माण गर्ने ।

- न्यूनतम पारिश्रमिक निर्धारण, श्रमसँग सम्बन्धित ऐन नियमलाई समयानुकुल बनाउन त्रिपक्षीय भूमिकालाई प्रभावकारी बनाउने ।

- घरेलु श्रमिकको पेसालाई मर्यादित र सुरक्षित गराउन अनुगमन प्रक्रिया अगाडि बढाउने ।

- सीप परीक्षण गर्ने संयन्त्रमार्फत् परिक्षण प्रमाण पत्र प्राप्त गरेकाहरूलाई मात्र वैदेशिक रोजगारीमा पठाउने ।

- रोजगार बजारको विश्लेषणको आधारमा व्यवसाय तथा सीप विकास तालिम प्रदान गर्ने निकायहरू बीच समन्वय कायम गर्ने संयन्त्रको निर्माण गरी माग र आपूर्तिको आधारमा तालिमहरू सञ्चालन गर्ने ।

- बालश्रम निवारणसम्बन्धी अध्ययन अनुसन्धान गर्ने, चेतना अभिवृद्धि गर्ने, श्रव्य दृश्य सामग्रीहरू तयार गर्ने, स्थानीय निकायहरू मार्फत् बालश्रम निरिक्षण गर्न सामाजिक परिचालन गर्ने, निकृष्ट प्रकृतिको बालश्रमका नयाँ क्षेत्रहरूको पहिचान गर्ने, बालश्रमिकहरूको उद्धार एवं पुनःस्थापनाको लागि केन्द्रहरूको स्थापना र अनुदानको व्यवस्था गर्ने ।

- बालश्रम निवारणको लागि नयाँ गुरुयोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइने ।

- सामाजिक सुरक्षा कोष ऐन तर्जुमा तथा कार्यान्वयन, अनौपचारिक क्षेत्रमा सामाजिक बीमा तथा लघुवित्त कार्यक्रमहरू, योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजना

कार्यक्रम, सामाजिक सुरक्षासम्बन्धी जनचेतना तथा प्रचार प्रसार कार्यक्रम, सूचना तथा सन्देशमूलक सामग्री मुद्रण तथा प्रकाशन, योगदानकर्ताको परिचय पत्र वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

- रोजगार सूचना केन्द्रलाई रोजगार विनिमय केन्द्रको रूपमा विकास गर्ने ।

**९. अपेक्षित उपलब्धिहरु**

श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी श्रमशक्ति तयार भई बेरोजगारी घटेको हुने, श्रम विवाद न्यून भएको हुने, निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन भएको हुने र वार्षिक १ लाख युवालाई कम्तीमा ३ महिनाको रोजगारमूलक सीप विकास तालिम प्रदान गरिएको हुनेछ । साथै कामको सिलसिलामा विदेशमा रहेका र जोखिममा परेका कामदार खासगरी महिलाहरूको सुरक्षा हुनेछ ।

# ६.४ सन्तुलित क्षेत्रीय विकास

## ६.४.१ सङ्घीयता, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन

**१. पृष्ठभूमि**

लोकतन्त्रलाई जनस्तरसम्म संस्थागत गर्न विगतमा विभिन्न प्रयासहरू भए । यसैक्रममा मुलुकका सबै गाउँ विकास समिति र नगरपालिकाहरूमा सामाजिक परिचालनका माध्यमबाट वडा नागरिक मञ्चको गठन गरिएको र सोवाट झण्डै १० लाख नागरिक प्रत्यक्ष रूपले आबद्ध भई उनीहरूको क्षमता विकास र योजना प्रक्रियामा सहभागिता सुनिश्चित गर्न सकिएको छ । यसैगरी निःशर्त पूँजीगत अनुदानको १५ प्रतिशत कृषिमा लगाउने नीतिगत व्यवस्थाको प्रारम्भ भएको छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कन विधिका माध्यमवाट स्थानीय निकायहरूको मूल्याङ्कन गरी प्राप्त हुने नतिजाका आधारमा अनुदान प्रदान गर्ने गरिएको छ ।

**२. अद्यावधिक स्थिति**

योजना प्रकृयामा नागरिक समुदायको सहभागिता प्रवर्द्धन गर्न मुलुकका सबै गाउँ विकास समिति र नगरपालिकाहरूमा सामाजिक परिचालनका माध्यमबाट वडा नागरिक मञ्चको गठन गरिएको छ । यसरी गठन गरिएका वडा नागरिक मञ्चमा झण्डै १० लाख नागरिकहरू प्रत्यक्ष रूपले आबद्ध भई उनीहरूको क्षमता विकास र योजना प्रक्रियामा सहभागितालाई सुनिश्चित गर्न सकिएको छ । यसबाट विकास पाउने जनताको अधिकारलाई सुनिश्चित गर्न जनता कै सहभागितामा योजना प्रक्रियालाई व्यवस्थित गरी विकास अवसरहरूको न्यायोचित वितरण गर्ने प्रयास जारी छ । बालबालिका, महिला, आदिवासी, जनजाति तथा दलितलाई लक्षित गरी स्थानीयस्तरमा जाने अनुदानको निश्चित अंश सो लक्षित समुदायको सहभागितामा छनोट हुने योजनामा उपयोग गर्ने नीति अवलम्बन गरिएको छ । यसबाट लक्षित समुदायको सशक्तीकरणमा सघाउ पुगेको छ । गाउँ घरमा आय आर्जनको मुख्य क्षेत्र कृषि भएकोले निःशर्त पूँजीगत अनुदानको १५

प्रतिशत बजेट कृषिमा लगाउने नीतिगत व्यवस्थाले आय आर्जनका क्रियाकलाप बढाउन कृषकलाई उत्प्रेरित गर्ने कार्यको प्रारम्भ भएको छ ।

स्थानीय शासनको नतिजा र प्रभावकारितामा गुणस्तर कायम गर्न न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकन विधि प्रयोगमा ल्याई स्थानीय निकायहरूको मूल्यांकन गर्ने गरिएको छ र प्राप्त हुने नतिजाका आधारमा अनुदान प्रदान गर्ने गरिएको छ । यसबाट स्थानीय निकायहरूको शासन क्षमता सुदृढ हुँदै गएको महशुस गरिएको छ । जिल्ला आवधिक योजना, नगरपालिका आवधिक योजना र गाउँ विकास आवधिक योजना बनाई वार्षिक कार्यक्रम तथा बजेटलाई आवधिक योजनासँग आबद्धित गर्ने कार्य जारी रहेको छ। यस क्रममा चालू त्रिवर्षीय योजना अवधिमा ९ वटा जिल्लाको आवधिक जिल्ला विकास योजना, ५८ वटै नगरपालिकाको आवधिक योजना तर्जुमा र १० वटा जिल्लास्तरीय सडक गुरुयोजना अद्यावधिक गरिएको छ । सबै स्थानीय निकायहरूमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता विधिहरूको प्रयोग गरी सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गरिएको छ ।

व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्ने क्रममा आगामी ५ वर्षमा जन्म दर्ता ८० प्रतिशत र अन्य दर्ता (मृत्यू, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) ५५ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ प्रयासहरू भैरहेका छन् । आ.ब. २०६९।७० मा मात्र घटना दर्ता जन्म दर्ता ७,२७,५९१, मृत्यु दर्ता ९८,६१९, विवाह दर्ता १,८५,४४९, बसाईसराई ८६,१०४ र सम्बन्ध बीचछेद ३३८ गरी कुल जम्मा १०,९८,१०१ घटना दर्ता भएका छन् । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष समाजका कमजोर, विपन्न तथा सीमान्तकृत नागरिकलाई न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सहयोग गर्ने उद्देश्यले सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएको छ । आ.ब. २०६९।७० मा यस कार्यक्रमबाट ज्येष्ठ नागरिक (अन्य) ६,८३,८७४ जना, ज्येष्ठ नागरिक (दलित) १,७५,०३८ जना, एकल महिला ३३,६१,०५५ जना विधवा २,१६,६५३ जना, पूर्ण अपाङ्ग २१,९८७ जना आंशिक अशक्त अपाङ्ग ६,७५६ जना, लोपोन्मुख आदिवासी जनजाति १८,९०६ जनालाई सामाजिक सुरक्षा भत्ता र पाँच वर्ष मुनिका बालबालिकाहरूलाई लक्षित गरी सो बाल संरक्षण अनुदान ५,४९,६८१ जनालाई गरी जम्मा २०,३३,९५० जना व्यक्तिहरूलाई भत्ता रकम वितरण गरिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

स्थानीय स्वायत्त शासन र स्थानीय विकासका विभिन्न पक्षमा सुधारात्मक प्रयासहरू जारी रहे तापनि अन्तरिम संविधानको व्यवस्था अनुसार स्थानीय निकायमा राजनीतिक पदाधिकारीको व्यवस्था हुन नसक्नु, सहभागितामूलक योजना पद्धतिको प्रभावकारी कार्यान्वयन नहुँदा योजनागत अनुशासन खस्किंदै जानु, स्थानीय सेवाको गठन हुन नसक्दा स्थानीय निकायहरूको कर्मचारीको व्यवस्थापन जटिल बन्दै जानु, स्थानीय निकायको बढ्दो स्रोत र जिम्मेवारी अनुरूपको संस्थागत क्षमता विकास हुन नसक्नु, आयोजना कार्यान्वयनमा प्राविधिक एवं दक्ष जनशक्तिको कमीले कामको गुणस्तर सन्तोषजनक नहुनु, स्थानीय निकायको आन्तरिक राजस्व तथा वित्तीय स्रोतको व्यवस्थापन कमजोर हुनु, विषयगत निक्षेपणको कार्य प्रभावकारी हुन नसक्नु र स्थानीय स्वायत्त शासन ऐन,

२०५५ सँग बाझिएका ऐनहरू संशोधन नहुँदा ऐनको कार्यान्वयन फितलो हुनु मुख्य समस्याका रूपमा देखिएका छन् । नगरपालिका तथा नगरउन्मुख गाउँ विकास समितिहरूमा ल्याण्डफिलसाइट नहुँदा फोहोरमैलाको व्यवस्थापन जटिल बन्दै गएको छ । विपद् व्यवस्थापनका लागि स्थानीय निकायको क्षमता कमजोर हुनु, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारिता र भुक्तानीको सरल तरिका अपनाउन नसक्नु, उपभोक्ता समितिलाई मापदण्डको पालना र गुणस्तर कायम गराउने कार्यमा उत्तरदायी बनाउन नसक्दा निर्मित पूर्वाधार योजनाहरू दिगो, गुणस्तरीय र वातवरण मैत्री बन्न नसक्नु र सडक निर्माणमा भएको लगानीको अनुपातमा उपयोगिता न्यून रहनु आदि समस्याहरू पनि देखिएका छन् ।

सङ्घीय प्रणालीमा रहने विभिन्न तहका सरकारबाट विकेन्द्रीकरण, निक्षेपण र स्वायत्त शासनको सर्वमान्य सिद्धान्तअनुसार स्थानीय निकायलाई स्थानीय सरकारको रूपमा रूपान्तरण गरी आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक समन्वय, सेवा प्रवाह र विकास व्यवस्थापनको दृष्टिले सक्षम इकाईको रूपमा स्थापित गर्ने कार्य चुनौतीपुर्ण हुने देखिन्छ । यस बीचमा स्थानीय निकायका काम कारवाहीलाई स्थानीय जनताप्रति उत्तरदायी बनाउने, स्थानीय सेवाको व्यवस्थापनलाई सुदृढ गर्ने, स्थानीय तहमा देखिएको वित्तीय जोखिमलाई न्यूनीकरण गरी वित्तीय सुशासन कायम गर्ने, वित्तीय आत्मनिर्भरता र प्रशासनिक स्वायत्तता प्रवर्द्धन गर्ने, समावेशी र सन्तुलित विकासको आधार तयार पार्ने, स्थानीय लोकतन्त्रको सुदृढीकरण गर्ने चुनौतीहरू पनि थपिदै गएका छन् ।

लोकतन्त्रको जग स्थानीय स्वायत्त शासनलाई प्रभावकारी बनाउन विभिन्न प्रयासहरू भए । स्थानीय निकायहरूलाई संवैधानिक मान्यता दिँदै कानुनी व्यवस्था गरिएको भए तापनि लामो समयदेखि निर्वाचित जनप्रतिनिधि नहुँदा विभिन्न समस्याहरू सृजना हुन आएका छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तोकेबमोजिम स्थानीय स्तरमा सेवाको सुनिश्चितता र गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी लामो समयदेखि प्रशासनिक पदाधिकारीहरूले गर्दै आएका छन् । जनताको अपेक्षा पूरा गर्न गराउन स्थानीय निकायको संजाल, कर्मचारी, विषयगत निकायहरूको जनशक्ति र जनसहभागितामा कार्य सम्पादन गर्नु गराउनु पर्ने अवस्था विद्यमान छ । यस सन्दर्भमा स्थानीय निकायका आवधिक योजनाका प्रावधान, सहभागितामूलक योजना पद्धति र जवाफदेही निर्वाह गर्ने व्यवस्था सुदृढ गर्दै केन्द्रीय नीति, योजना र कार्यक्रममा समन्वय गरी योजनावद्ध स्थानीय विकास प्रक्रिया अघि बढाउनुपर्ने भएको छ । यसैगरी संघीय नेपालको ढाँचा अनुरूप तोकिने जिम्मेवारी निर्वाह गर्न सक्ने गरी स्थानीय निकायहरूलाई व्यवस्थित र सक्षम बनाउनुपर्ने स्थिति छ ।

## ४. दीर्घकालीन सोच

लोकतान्त्रिक मूल्य मान्यतामा आधारित अधिकार एवं स्रोत साधनयुक्त समावेशी सहभागितामूलक, न्यायपूर्ण र उत्तरदायी स्थानीय स्वायत्त शासन स्थापित गर्ने ।

## ५. उद्देश्य

जिम्मेवार एवं उत्तरदायी स्थानीय स्वायत्त शासन पद्धतिको संस्थागत सुदृढीकरणद्वारा साधन स्रोत तथा अवसरहरूमा जनताको सहज पहुँच एवं जनताका आधारभूत सेवा सुविधाहरू सुलभ रूपमा उपलब्ध गराउने ।

## ६. रणनीति

१. सङ्घीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणा अनुरूप सरकारका विभिन्न तहबीच अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशासनिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गरी स्थानीय निकायलाई सुदृढ गर्ने ।

२. स्थानीय निकायको निर्वाचन, पुनर्संरचना, सङ्गठनात्मक सुदृढीकरण र क्षमता विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकीकरणका आधारमा सम्बोधन गर्ने व्यवस्था मिलाउने ।

३. दिगो आर्थिक-सामाजिक विकास, वातावरण मैत्री र स्तरीय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा आयआर्जनका अवसरलाई सघन बनाउँदै गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

४. समतामुखी र समावेशी विकासको अवधारणा अनुरूप विपन्न वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गर्ने ।

५. सूचनामा आधारित एवम समन्वयात्मक योजना प्रक्रियालाई संस्थागत गर्नुका साथै स्थानीय सुशासन र सेवा प्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, विकास साझेदार, गैर सरकारी संस्था तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउने ।

६. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूमा जनताको सहभागिता बढाई समन्वयात्मक रूपमा वातावरण मैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने ।

७. बाल मैत्री स्थानीय शासनको प्रवर्द्धन गर्ने ।

## ७. कार्यनीति

१. सङ्घीय संरचनामा राजनीतिक, वित्तीय, प्रशासनिक र न्यायिक अधिकार सम्पन्न, सक्षम तथा उत्तरदायी स्थानीय निकाय स्थापनाको लागि आवश्यक तयारी कार्य गरिनेछ । (१)

२. सक्षम तथा प्रभावकारी सेवा प्रवाहलाई केन्द्र विन्दुमा राख्दै प्रशासनिक तथा वित्तीय दृष्टिले उपयुक्त हुने गरी संरचनागत व्यवस्था गरिनेछ । (१)

३. स्थानीय निकायमाआवश्यक दक्ष एवं प्राविधिक जनशक्तिको व्यवस्था, कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि र कर्मचारी प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ । (१)

४. स्थानीय निकायलाई स्रोत, साधन र अधिकारको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ । (१)

५. स्थानीय निकायको वित्तीय स्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणा अनुरूप व्यवस्थित गरिनेछ । (२)

६. खर्चको विनियोजन र व्यवस्थापन कार्यमा स्थानीय प्राथमिकता, वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारितामा जोड दिई स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ । (२)

७. विकास व्यवस्थापन र सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्युतीय शासन प्रणालीको स्थापना गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी वनाइनेछ । (२)

८. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (२)

९. स्थानीय निकायको निर्वाचन गर्नुका साथै स्थानीय निकाय सेवा गठन गरी कार्यान्वयन गरिनेछ । (२)

१०. स्थानीय निकायहरूलाई सामाजिक परिचालनको माध्यमवाट उद्यमशिलता विकास गरी गरिबी न्यूनीकरणका नीति तथा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । (३)

११. स्थानीय पुर्वाधार निर्माणमा आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था र प्राविधिक मापदण्ड एवं नियमको पालना गरी गुणस्तर कायम गरिनेछ । (३)

१२. श्रममूलक, आधुनिक र वातावरण अनुकूल प्रविधिको उपयुक्त संयोजन गर्दै स्थानीय पूर्वाधार तथा सामाजिक आर्थिक विकासका कार्यहरू सञ्चालन गरिनेछ । (३)

१३. स्थानीय निकायमा भू-उपयोग नीति कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ । (३)

१४. भौगोलिक, सामाजिक एवं आर्थिक रूपमा पछाडि परेका र पारीएका विपन्न-वर्ग, क्षेत्र, जात, जाति, लिङ्ग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरी उपलब्ध स्रोत, साधन, र निर्णय प्रक्रियामा उनीहरूको पहुँच अभिवृद्धि गरिनेछ । (४)

१५. आर्थिक सामाजिक रूपले पछाडि रहेका, निश्चित उमेर समूहका, अपाङ्गताभएका नागरिक र लोपोन्मुख तथा सीमान्तीकृत समुदायलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ । (४)

१६. स्थानीय निकायहरूमा सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनमा प्रभावकारिता ल्याउन लक्षित वर्गको अभिलेख तयार गरी बैंकिङ प्रणालीमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ । (४)

१७. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा रहेका गाँउ विकास समिति र नगरपालिकामा राष्ट्रियताको सम्वर्द्धनका लागि विकास निर्माणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ । (४)

१८. विभिन्न निकायमा छरिएर रहेका सामाजिक सुरक्षा कार्यक्रमहरू लगायत हालको सामाजिक सुरक्षा प्रणालीको पुनरवलोकन गरी एकीकृत दिगो र व्यवस्थित सामाजिक सुरक्षा प्रणाली विकास गरिनेछ । (४)

१९. स्थानीय निकाय, सेवा प्रदायक, सामुदायिक संस्था र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी विकास व्यवस्थापन, योजना प्रक्रिया र सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ । (५)

२०. स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला संस्थाहरूको भूमिका स्पष्ट गर्दै तिनीहरूलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाई समन्वयात्मक रूपमा कार्य सम्पादन गरिनेछ । (५)

२१. उपभोक्ता समिति, सहकारी, गैरसरकारी संस्था तथा निर्माण व्यवसायीको काम कारबाहीलाई पारदर्शी र जवाफदेही तुल्याउन आचारसंहिता लागू गरिनेछ । (५)

२२. स्थानीय निकायलाई सूचनाको प्रारम्भिक एवं प्रामाणिक स्रोतका रूपमा संस्थागत विकास गर्न व्यक्तिगत घटना एवं अभिलेख दर्ता र प्रमाणीकरण कार्यलाई प्रभावकारी बनाईनेछ । (५)

२३. सूचनामा आधारित स्थानीय योजना प्रक्रियालाई व्यवस्थित गर्न स्थानीय निकायको सहभागितामूलक योजना पद्धतिमा सबै विकास प्रदायक निकायहरू सहभागी हुने व्यवस्था कायम गरिनेछ । (५)

२४. स्थानीय निकायबाट क्षेत्रगत र समष्टिगत सूचना एकीकरण र विश्लेषण गरी सूचना समन्वयलाई प्रभावकारी बनाइनेछ । (५)

२५. विकासका साझेदारहरूले जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन गर्दा सबै गाउँ विकास समितिलाई छनौट गरी लक्षित समुदायमा कार्यक्रम पुर्‍याउने व्यवस्था मिलाईनेछ । (५)

२६. वातावरण मैत्री स्थानीय शासनको खाका तयार गरी कार्यान्वयनमा ल्याउनुका साथै स्थानीय स्रोतको परिचालन गर्दा वातावरण मैत्री उपायहरू अवलम्बन गरिनेछ । (६)

२७. ग्रामीण तथा शहरी क्षेत्रको सरसफाई र फोहोरमैला व्यवस्थापनमा प्रत्येक घर, परिवारको सहभागिता प्रवर्द्धन गर्दै निजी तथा सामुदायिक क्षेत्रको सहभागिता अभिवृद्धि गरिनेछ । (६)

२८. स्थानीय निकायमा जलवायु परिवर्तन अनूकुलन र विपद व्यवस्थापनलाई सम्बोधन गरी कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ । (६)

२९. नगर तथा नगरोन्मुख क्षेत्रमा नयाँ निर्माण हुने भवनहरूमा भवन निर्माण सहिंता लागू गरिनेछ । (६)

३०. स्थानीय तहमा बाल मैत्री शासन राष्ट्रिय कार्य योजना कार्यान्वयन गरिनेछ । (७)

**८. प्रमुख कार्यक्रमहरु**

- **स्थानीय निकाय अनुदान कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत स्थानीय निकायहरूमा सूत्रको आधारमा अनुदान वितरण व्यवस्थापन तथा अनुगमनको कार्य गरिनेछ । यसको निमित्त कार्यविधि, निर्देशिका र सूचकहरू अद्यावधिक गरिनेछन् । स्थानीय निकायको अनुदानलाई कार्यसम्पादनमा आधारित बनाउन न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको कार्यलाई संस्थागत गर्दै नतिजामूलक बनाइनेछ ।

- **सामाजिक सुरक्षा** : नेपालको अन्तरिम संविधान २०६३ को मर्म र भावना अनुरूप समाजका ज्येष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी/जनजाति एवं अशक्त, अपाङ्गता भएका नागरिकहरूको सामाजिक सुरक्षा मजबूत गर्न सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रममा प्रभावकारिता ल्याउन बैकिङ्ग सामाजिक भत्ता वितरण प्रणाली स्थापित गरिनेछ । सामाजिक सुरक्षा कार्यक्रमको प्रभाव, दिगोपना र अन्य पक्षको वारेमा पुनरवलोकन गरी एकीकृत, दिगो र व्यवस्थित प्रणाली स्थापित गरिनेछ ।

- **समावेशी विकास तथा लक्षित समूह विकास कार्यक्रम** : यस अन्तर्गत विगतमा सञ्चालन गरिएका सामाजिक तथा विशेष लक्षित कार्यक्रमलाई निरन्तरता दिदै आवश्यकता अनुसारका थप नयाँ कार्यक्रम सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा व्यवस्था, राष्ट्रिय दलित आयोग, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, आदिवासी जनजाति उत्थान र चेपाङ्ग विकास कार्यक्रम, उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान तथा विकास कार्यक्रम, मधेशी, पिछडा वर्ग र मुस्लिम उत्थान कार्यक्रम, वादी उत्थान विकास कार्यक्रम सञ्चालन हुनेछन् ।

- **स्थानीय पूर्वाधार विकास कार्यक्रम** : निःशर्त, सशर्त र विशेष लक्षित कार्यक्रम अन्तर्गत प्रवाह हुने बजेटबाट सडक, ग्रामीण खानेपानी, झोलुङ्गे पुल, सडक पुल, साना सिंचाइ र नदी नियन्त्रण, वैकल्पिक ऊर्जा, सामाजिक पूर्वाधार फोहरमैला व्यवस्थापन, बस्ती विकास तथा अन्य पूर्वाधार विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन हुनेछन् ।

- **सुशासन प्रवर्द्धन तथा सामाजिक परिचालन कार्यक्रम** : यस अन्तर्गत सामाजिक परिचालनको माध्यमबाट नागरिकहरूको सशक्तीकरण गर्ने तथा सूचना, शिक्षा तथा संचारको माध्यमबाट स्थानीय सुशासन प्रवर्द्धन गर्नको लागि सङ्घीय मामिला तथा

स्थानीय विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, स्थानीय निकाय वित्तीय आयोग, स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र पञ्जीकरण कार्यक्रम सञ्चालन गरिनेछन् ।

- **वातावरण मैत्री स्थानीय शासन** : स्थानीय स्तरमा स्थानीय निकायको अगुवाइमा सबै घरपरिवारको संलग्नतामा अभियानकै रूपमा वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिनेछ । यसअन्तर्गत वातावरणमैत्री घरपरिवार, टोलबस्ती, वडा, गाउँ विकास समिति, नगरपालिका एवं जिल्लाका लागि छुट्टाछुट्टै न्यूनतम आधारभूत र क्रमशः उच्चस्तरका सूचकहरू निर्धारण, वातावरण मैत्री विकास र स्वच्छ वातावरण प्रवर्द्धन गर्न फोहोर व्यवस्थापन, वातावरण संरक्षण, खानेपानी तथा सरसफाइ, कृषि, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, स्वच्छ ऊर्जा र विपद् व्यवस्थापन जस्ता क्षेत्रमा कार्य गर्ने सबै निकाय एवं विकास साझेदारलाई एउटै थलोमा ल्याई समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

- **सामाजिक परिचालन** : स्थानीय निकायले सेवा प्रदान गर्दा आम नागरिकको सशक्तीकरणका लागि हाल सञ्चालनमा रहेको रूपान्तरणीय सामाजिक परिचालनलाई वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रको क्षमता अभिवृद्धि मार्फत् थप घनीभूत बनाई स्थानीय विकासको गतिविधिलाई सुदृढ गर्दै लगिनेछ । सामाजिक परिचालन गरिएका नागरिक सचेतना केन्द्रजस्ता समूहको आर्थिक संवृद्धि हासिल गर्न योगदान पुर्‍याइनेछ ।

- **बाल मैत्री स्थानीय शासन** : बाल मैत्री स्थानीय विकासका कार्यक्रमहरूलाई स्थानीय योजना प्रक्रियामा आबद्ध गर्दै बालबालिकाको बचाउ, संरक्षण, निकास र सहभागिता लगायतका आवश्यकताहरूबारे बाल मैत्री रणनीति र कार्यविधिमा उल्लेख भएका सूचक प्राप्ति गर्न स्रोत परिचालन गरिनेछ । बाल मैत्री स्थानीय शासनको लागि राष्ट्रिय तथा स्थानीय नीतिबीच सामन्जस्यता कायम गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

- **सूचना व्यवस्थापन** : सूचनामा आधारित स्थानीय योजना पद्धति स्थापित गर्न स्थानीय तहमा सृजना हुने सूचनालाई विद्युतीय माध्यमबाट संकलन, प्रशोधन र परिचालन गर्न सूचना व्यवस्थापनलाई प्रत्येक आयोजना कार्यक्रमका अभिन्न अङ्ग बनाइनेछ । जिल्ला विकास समितिहरूमा जिल्ला योजना अनुगमन तथा विश्लेषण पद्धतिलाई सुदृढ गरिनेछ ।

- **सामुदायिक मेलमिलाप कार्यक्रम** : स्थानीयस्तरका विवादबाट विकासमा नकारात्मक असर पर्न नदिन एवं सामाजिक सद्‌भाव प्रवर्द्धन गर्न सामुदायिक तहमा नै समुदायले छनौट गरेका मेलमिलापकर्ताको समन्वयमा विवाद समाधान गरी समुदायमा सौहार्द्रता कायम गरी विकासमैत्री वातावरण स्थापित गरिनेछ ।

- **स्थानीय आर्थिक समृद्धि कार्यक्रम :** यस अन्तर्गत स्थानीय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग गरी पूर्वाधार निर्माण, आय आर्जन, रोजगारी र क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यस्ता कार्यक्रम सञ्चालन गर्दा स्थानीयस्तरका वञ्चितीमा परेका वर्ग, क्षेत्र र समुदायको बढीभन्दा बढी सहभागिता गराइनेछ । यस अन्तर्गत दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम, कर्णाली रोजगार कार्यक्रम, नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम, सुनौला हजार दिन, लघु उद्यम कार्यक्रम, बगर खेती कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन हुनेछन् । नगरपालिका तथा नगरोन्मुख गाउँ विकास समितिमा सार्वजनिक निजी साझेदारीमा स्थानीय उद्योग वाणिज्य संघसंग समेत संवाद र सहकार्य गरी स्थानीय आर्थिक वृद्धिका कार्यक्रमहरू र ग्रामीण क्षेत्रमा अत्यन्त विपन्न समूहलाई लक्षित गरी आयआर्जन र आर्थिक विकाससम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ ।

- **स्थानीय वित्तीय सुशासन प्रवर्द्धन :** सार्वजनिक वित्तीय कार्य सम्पादन, प्रभावकारिता र कार्यदक्षताको निमित्त सार्वजनिक वित्त व्यवस्थापनको सुदृढीकरण गरी स्थानीय तहमा नतिजा तथा प्रक्रियामा देखिने वित्तीय सुशासन जोखिमलाई न्यूनीकरण गर्न स्थानीय निकायको वित्तीय सुशासन कार्ययोजना तयार गरी सोको कार्यान्वयनमार्फत् वित्तीय सुशासन कायम गरिनेछ ।

- **स्थानीय निकाय पुनःसंरचना :** नयाँ संविधानले निर्धारण गर्ने राज्य पुनःसंरचना र शासकीय स्वरूपलाई ध्यानमा राखी सामाजिक, प्रशासकीय तथा वित्तीय रूपमा उपयुक्त इकाइको रूपमा रूपान्तरण गर्न गाउँ विकास समिति र नगरपालिकाको पुनःसंरचना गरी व्यवस्थापन योग्य बनाउन आवश्यक तयारीका कार्यहरू गरिनेछ ।

- **वित्तीय विकेन्द्रीकरण सुदृढीकरण :** स्थानीय निकायको कार्यजिम्मेवारी, राजस्व अधिकार र अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी अध्ययन अनुसन्धान गरी सुधार गर्ने कार्य गरिनेछ । संघीय नेपालको अन्तरसरकारी वित्तीय सम्बन्ध व्यवस्थापन गर्न सक्षम हुने गरी स्थानीय निकाय वित्तीय आयोगको सुदृढीकरण गरिनेछ ।

- **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय निकायलाई उपलब्ध गराइने अनुदान लगायत सबै स्रोतबाट संचालित कार्यक्रमहरूको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गरिने, जिल्ला योजना अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गरिनेछ ।

## ९. अपेक्षित उपलब्धि

अन्तरिम संविधानको व्यवस्था अनुसार स्थानीय निकायमा राजनीतिक पदाधिकारीको व्यवस्था भएको हुनेछ, स्थानीय स्वायत्त शासन ऐन २०५५ सँग बाझिएका ऐन हरू संशोधन भई स्थानीय निकाय सम्बन्धी नीति, ऐन तथा नियमावलीमा समय सापेक्ष सुधार भएको हुनेछ, नगरपालिकाको कार्यान्वयन एवं न्यूनतम पूर्वाधार र मापदण्ड पुरा भएका नगर उन्मुख गाविसहरू समावेश गरी नयाँ नगरपालिकाहरू स्थापना भएका हुनेछन्, ७५ वटै जिल्लाको आवधिक जिल्ला विकास योजना निर्माण, ७५ वटा जिल्लाको सडक गुरु

योजनासंग समन्वय गरी नगरस्तरीय सडक गुरु योजना निर्माण हुनेछ, ३६२५ गा.वि.स मा सामाजिक परिचालन मार्फत नागरिक सचेतना केन्द्र विस्तार र सुदृढिकरण हुनेछ, ७५ वटै जिल्ला विकास समिति, सवै नगरपालिकाहरु तथा ८० प्रतिशत गा.वि.स सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता औजारहरुको प्रयोग गरी सार्वजनिक उत्तरदायित्वमा अभिवृद्धि भएको हुनेछ, सवै नगरपालिकामा राष्ट्रिय भवन निर्माण आचार संहिताको कार्यान्वयन, ६० न.पा मा एकीकृत संपत्तिकर कार्यान्वयन, ७० नगरपालिकामा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन हुनेछ, व्यक्तिगत घटना दर्ता ९० प्रतिशत पुगेको हुनेछ, निर्मित स्थानीय पूर्वाधारको उपयोगबाट स्थानीय जनताले पाउने सेवा सुविधामा पहुँच सहज हुनेछ । आय आर्जन र रोजगारीका अवसरहरू वृद्धि भई जीवनस्तरमा सुधार हुनेछ, सामाजिक सुरक्षा कार्यक्रममा प्रभावकारिता र भुक्तानीको सुनिश्चितता कायम गर्न १०० न.पा तथा १५०० गा.वि.स.मा वैङ्ककिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली स्थापित भएको हुनेछ, वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय स्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणा अनुरूप व्यवस्थित गरिएको हुनेछ, स्थानीय निकायबाट खर्च हुने समग्र वित्तीय स्रोतमा वित्तीय जवाफदेही सुनिश्चित भै वित्तीय जोखिम न्यूनिकरण भएको हुनेछ, विकास व्यवस्थापन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय निकायमा विद्युतीय शासन प्रणाली स्थापना गरी स्थानीय निकायको वित्तिय प्रशासन विद्युतीय माध्यमवाट संचालन भएको हुनेछ, उपभोक्ता समितिको काम कारवाहीलाई पारदर्शी र जवाफदेही तुल्याउन उपभोक्ता समितिको आचारसंहिता स्वीकृत गरी कार्यान्वयन भएको हुनेछ, देशभरी बालमैत्री स्थानीय शासनको अभ्यास प्रारम्भ भई स्थानीय निकायका आवधिक तथा वार्षिक योजना प्रक्रियामा बालबालिकाको सबालहरू संबोधित भएको हुनेछ, वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७० कार्यान्वयनमा आएको हुनेछ । सवै न.पा र गा.वि.स मा जिल्ला योजना अनुगमन तथा विश्लेषण पद्धति सघन प्रयोग हुनेछ ।

## ६.४.२ प्रादेशिक सन्तुलन

### १. पृष्ठभूमि

पछाडि परेका वर्ग र क्षेत्रलाई विकासको मूलधारमा समाहित गर्न विकासका प्रतिफलहरू समान रूपमा उपलब्ध गराउनु अत्यन्त खाँचो छ । देशको सर्बाङ्गिण विकास गर्न क्षेत्रीय सन्तुलनको नीति लिई विगतमा विविध कार्यक्रमहरू सञ्चालन भै आएका छन् । नेपाल संघीय संरचनामा जाने विषय अन्तरिम संविधानमा स्पष्ट भइसकेको सन्दर्भमा उपलब्ध स्रोत साधन र अवसरमा समान पहुँच, पहिचान र प्रतिनिधित्वको समन्यायिक सुनिश्चितता हुन जरुरी हुन्छ । यस परिप्रेक्ष्यमा देशको सन्तुलित विकासका लागि राष्ट्रिय अर्थतन्त्रको निर्माण एवं क्षेत्रीय विकासको विषय अत्यन्त महत्त्वपूर्ण छ ।

### २. अद्यावधिक स्थिति

चौथो आवधिक योजनादेखि क्षेत्रीय सन्तुलनको नीति लिई विभिन्न कार्यक्रमहरू सञ्चालन भई आएका हुन् । यसै सन्दर्भमा पछाडि परेको वर्ग र क्षेत्रलाई विकासको मूल धारमा समाहित गर्ने लक्ष्य प्राप्तिको लागि कर्णाली विकास आयोग, सुदूरपश्चिम विकास

आयोगको गठन गरिएको छ । यस्तै आर्थिक वर्ष २०६३/६४ देखि कर्णाली क्षेत्रको विकास र रोजगारीका लागि कर्णाली रोजगार कार्यक्रम सुरु गरिएको छ । यसका अतिरिक्त स्थानीय निकाय अनुदान कार्यक्रम, कामको लागि खाद्यान्न कार्यक्रम स्थानीय पूर्वाधार विकास कार्यक्रमहरू, पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना, कर्णाली क्षेत्र केन्द्रित विभिन्न सामाजिक सुरक्षा कार्यक्रम लगायतबाट त्यस क्षेत्रको सामाजिक विकास र गरिबी निवारणमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । सामाजिक सुरक्षा सुनिश्चित गर्न कर्णाली अञ्चलका ६० वर्ष नाघेका ज्येष्ठ नागरिक र  ५ वर्ष मुनिका वालवालिकालाई पोषणका मासिक भत्ता रकम उपलब्ध गराइएको छ । त्यसैगरी विभिन्न समुदाय वा क्षेत्रलाई लक्षित गरी तथा शसक्तीकरणका कार्यक्रमहरू समेत सञ्चालनमा रहेका छन् ।

राष्ट्रिय योजना आयेगले सन्तुलित विकास गर्न मानव विकास, गरिबी, भौतिक एवं सामाजिक पूर्वाधार विकासको सूचकांकको आधारमा पछाडि परेका विकास क्षेत्रहरूलाई प्राथमिकतामा राखी नीति निर्माणका साथै साधन स्रोत विनियोजन गर्दै आएको छ । भौगोलिक विकटता, आर्थिक विपन्नता तथा सामाजिक रूपमा पछाडि पारिएको वर्गलाई सम्वोधन गर्ने प्रयासका वावजुद पनि वान्छित रूपमा उपलब्धि हालिस गर्न सकिएको छैन । नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास भएपनि  पछाडि परेका क्षेत्रहरू पछाडि नै छन् । समग्ररूपमा गरिबी घटे तापनि क्षेत्रगत हिसावमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा ४५.६ प्रतिशत, भौगोलिक हिसावमा हिमालमा ४२.३ प्रतिशत, जातिगत आधारमा दलितमा ४३.६ प्रतिशत गरिबी रहेको छ । पछिल्ला वर्षहरूमा नेपालको समग्र मानव विकास सूचकांकमा वृद्धि भएको भए तापनि मध्यपश्चिम तथा सुदूरपश्चिम विकासक्षेत्र नै मानव विकासको दृष्टिले कमजोर देखिन्छ । यी दुई विकास क्षेत्रको पनि हिमाली र पहाडि ८ वटा जिल्ला र पूर्वी तराईका २ गरी १० वटा जिल्लाको सूचकांक न्यून छ । लैगिंक विकास सूचकांकमा पहाडी क्षेत्र (०.५१५) अगाडि रहेपनि  हिमाली क्षेत्र (०.४३०) निकै पछाडि रहेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

समुदाय एवं स्थान विशेषको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन नसक्नु, गैर सरकारी र विकासका साझेदारहरूको प्रयास मूलतः सहज पहुँच भएका सुविधायुक्त स्थानमा केन्द्रित हुनु, उनीहरूको कार्यक्रमलाई एकीकृत समन्वित ढंगमा सञ्चालन एवं अनुगमन गर्न नसक्नु, भौगोलिक विकटता र जटिलताका कारण मानव वस्तिहरू छरिएर रहेकाले विकास खर्चिलो हुनु, विकासका स्रोत साधनमा स्थानीय जनताको सहभागिता कम हुनु, स्थानीय स्रोत साधनको परिचालन र व्यवस्थापन प्रभावकारी नहुनु, लामो समय स्थानीय निकायमा जनप्रतिनिधित्व नहुँदा उत्तरदायित्व र जवाफदेहिता कमजोर रहनु, विकास कार्यक्रमको प्रतिफल समान रूपमा उपलब्ध गराउन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

स्थानीय पूर्वाधारको विकास, स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने, विभिन्न क्षेत्रमा रहेका तुलनात्मक लाभका वस्तुको उत्पादन, समुदाय परिचालन, विकासमा नागरिक संलग्नता, विभिन्न क्षेत्र, समुदाय तथा वर्ग लक्षित कार्यक्रम, स्थानीय संघ संस्था

परिचालन, विकेन्द्रीकरण विभिन्न निकाय बीचको समन्वयात्मक संयन्त्रको विकासमार्फत् क्षेत्रीय सन्तुलित विकासका गर्नु चुनौतीपूर्ण छ ।

### ४. दीर्घकालीन सोच

विभिन्न क्षेत्रका नागरिकहरूबीचको जीवनस्तरमा रहेको असमानता घटाउने ।

### ५. उद्देश्य

आर्थिक, सामाजिक तथा मानवीय दृष्टिले पछाडि परेका क्षेत्रहरूको विकासमा विशेष जोड दिई क्षेत्रीय सन्तुलन कायम  गर्ने ।

### ६. रणनीति

१. तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी ती क्षेत्रको प्राथमिकीकरणको आधारमा लगानी वृद्धि गर्ने ।

२. एकीकृत प्रादेशिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

### ७. कार्यनीति

१. स्रोतको विनियोजन गर्दा आर्थिक सामाजिक, मानवीय तथा पूर्वाधार विकासका दृष्टिले पछि परेका सुदूरपश्चिम तथा कर्णली लगायतका क्षेत्रहरूलाई विशेष प्राथमिकता दिइनेछ । (१)

२. क्षेत्रगत तुलनात्मक लाभ एवं स्थानीय प्रतिस्पर्धात्मक क्षमताको आधारमा स्थानीय साधन, स्रोत र सीप उपयोग हुने खालको उत्पादन प्रणालीको विकास गर्न जोड दिइनेछ । (१)

३. पूर्वाधार तथा मानवीय साधनको विकासमा पछी परेका क्षेत्रमा भौतिक, सामाजिक र मानव संसाधनको विकासका पूर्वाधारहरूको विकास गर्न प्राथमिकताकासाथ लगानी वृद्धि गरी कार्यक्रम सञ्चालन गरिनेछ । (१)

४. तुलनात्मक लाभ उच्च भएका प्राकृतिक सम्पदाको उपयोग गर्ने किसिमका कार्यक्रमहरू तर्जुमा गरी कार्यन्वयन गरिनेछ । (१)

५. संभाव्य उत्पादनशील क्षेत्रहरूको पहिचान गरी उच्च मूल्यका कृषि उपज, फलफूल तथा जडीबुटी उत्पादन तथा प्रशोधन गर्न निजी क्षेत्र, सहकारी तथा समुदायहरूलाई प्रोत्साहन गरिनेछ । (१)

६. सुदूरपश्चिम विकास आयोग तथा कर्णाली विकास आयोगको कार्यक्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा सम्बन्धित आयोगहरूलाई पूर्ण जिम्मेवार बनाईनेछ । (२)

७. सरकारी तथा निजी क्षेत्र, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र तथा अन्य सरोकारवालाहरूको सहभागितामा क्षेत्रीय विकास प्रक्रियालाई प्रभावकारी बनाइनेछ। (२)

८. जिल्लागत रूपमा कुल गार्हस्थ उत्पादनको योगदान निकाली साधन स्रोतको समानुपातिक बाँडफाँटबाट सन्तुलित विकास हासिल गरिनेछ। (२)

### ८. प्रमुख कार्यक्रमहरु

- **समावेशी विकासः** लक्षित क्षेत्र तथा समुदायको विकास प्रक्रियामा पहुँच सुनिश्चित गर्दै विकासको प्रतिफलमा अधिकतम लाभ प्राप्त गर्ने गरी यस कार्यक्रमलाई एकीकृत र समन्वयात्मक ढंगले सञ्चालन गरिनेछ।

- **क्षमता विकास** : विशेष क्षेत्र र समुदायलाई आर्थिक र सामाजिक अवस्था सुधारमा पहुँच वृद्धि गर्नका लागि उपयुक्त क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

- **लक्षित कार्यक्रमः** लक्षित क्षेत्र तथा समुदायका नागरिकलाई संबोधन गर्ने गरी उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातीय पहिचानका लागि विशेष अवसर र प्रतिफलमा पहुँच पुग्ने गरी कार्यहरू गरिनेछन्।

- **सामाजिक सुरक्षाः** विपन्न लोपोन्मुख एवं सामाजिक आर्थिक र साँस्कृतिक रूपमा पछि परेका र पारिएका लक्षित क्षेत्र तथा समुदायका लागि सामाजिक सुरक्षाका लागि आर्थिक तथा गैर आर्थिक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ९. अपेक्षित उपलब्धि

मुलुकका विभिन्न भौगोलिक क्षेत्रहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा मानवीय, विकासको अवस्थाको बीचमा रहेको दूरी कम भएको हुनेछ। लक्षित क्षेत्र तथा समुदायको जीवनस्तरमा सुधार भएको हुनेछ र उनीहरूको साँस्कृतिक एवं भाषिक सम्पदाहरूको संरक्षण भएको हुनेछ।

## ६.५ वातावरण तथा जलवायु परिवर्तन

### १.पृष्ठभूमि

वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव अनुकूलन गर्दै समष्टिगत विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण सवाललाई मध्यनजर गरी नेपालले यस क्षेत्रमा भएका अन्तर्राष्ट्रिय महासन्धि तथा सन्धिहरूको अनुमोदन तथा सम्मिलन गर्दै तदनुरूप राष्ट्रिय नीति, कानुन तथा संस्थागत संयन्त्रहरूको व्यवस्था गरेको छ। वातावरणीय पक्षमा पर्ने प्रभाव तथा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न हरित विकासको अवधारणालाई आत्मसात गरिएको छ। सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्था समेतको

सक्रियतामा राष्ट्रिय तथा स्थानीय अनुकूलनका लागि रणनीतिक कार्यक्रमहरू, कार्बन व्यापारको थालनी, वातावरणीय संवेदनशीलताका मुद्दाहरूको आन्तरिकीकरण र सम्बोधनका जस्ता प्रयासहरू भइरहेका छन् । साथै जलवायु परिवर्तनका क्षेत्रमा भएका सार्वजनिक खर्च एकिन गर्न पहिलोपटक नेपालमा जलवायु परिवर्तन बजेट संकेतको व्यवस्था गरिएको छ । राष्ट्रिय अनुकूलन कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय अनुकूलन कार्यक्रमलाई अघि बढाउने कार्य भैरहेको छ ।

## २. अद्यावधिक स्थिति

त्रिवर्षीय योजना अवधिमा वातावरणीय नियमावली, निर्देशिका र मापदण्डको कार्यान्वयनको अनुगमन तथा व्यवस्थापन, वातावरणीय परीक्षण, जलवायु परिवर्तन अनुकूलन तथा प्रभाव न्यूनीकरण, प्रविधि विकास तथा प्रविधि हस्तान्तरणसम्बन्धी कार्यक्रम, वातावरण सचेतना अभिवृद्धि तथा प्रवर्द्धन कार्यक्रम, वातावरण तथा जलवायु परिर्वतनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरूको कार्यान्वयन अवस्थाको अध्ययन सम्पन्न भएको छ । साथै दीर्घायु विषादीको सुरक्षित व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न भएको छ । वातावरणसम्बन्धी सन्धि/महासन्धिहरूको अनुमोदन गरी वातावरण संरक्षण र दिगो विकासलाई नेपालमा कार्यरूप दिन कार्यक्रमहरू कार्यान्वयनमा आएका छन् ।

वातावरण व्यवस्थापनलाई विकास कार्यसंग आबद्ध गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने प्रयत्न भएको छ । वायुको गुणस्तरसम्बन्धी मापदण्ड एवं नेपाल सवारी प्रदूषणसम्बन्धी मापदण्डहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ । जैविक विविधता महासन्धिको कार्यान्वयन प्रक्रिया पनि सुरु भइसकेको छ । नियमित रूपमा वातावरण र जलवायु परिवर्तनसम्बन्धी संरचना विकास गर्ने कार्यहरू भै आएका छन् । वातावरण संरक्षण प्रवर्द्धन, जनचेतना अभिवृद्धि एवं वातावरणीय सुशासन कायम गर्ने कार्यका लागि वातावरण विभागको गठन भएको छ । वातावरणीय अनुगमन, निरीक्षण र प्रतिवेदन प्रणालीलाई विभागको स्थापनापछि अझ व्यवस्थित गर्न सकिने अपेक्षा गरिएको छ ।

जलवायु परिवर्तनबाट पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न राष्ट्रिय अनुकूलन कार्ययोजना तयार भै कार्यान्वयन भैरहेको छ । राष्ट्रिय अनुकूलन कार्यक्रमको स्थानीय तहमा कार्यान्वयनमा लैजाने क्रममा मध्यपश्चिम र सुदूर पश्चिमाञ्चलका १४ जिल्लाका ६९ गाउँ विकास समिति र एक नगरपालिकामा स्थानीय अनुकूलन कार्ययोजनाहरू तर्जुमा भैरहेको छ । स्वच्छ ऊर्जाको विकासबाट क्योटो प्रोटोकल अन्तर्गत कार्बन व्यापारबाट नेपालले आम्दानी प्राप्त गर्न सुरु गरिसकेको छ । साथै हरित अर्थतन्त्रको अवधारणा अवलम्बन र न्यून कार्बन उत्सर्जन विकास रणनीति तर्जुमा कार्य समेत भैरहेको छ । जलवायु परिवर्तनका सन्दर्भमा नीतिगत पक्षमा गरेको उपलब्धिलाई मूल्यांकन गरी संयुक्त राष्ट्रसंघीय प्रणालीबाट नेपाललाई ग्लोबल लिडरशीप अवार्ड प्राप्त भएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

जलवायु परिवर्तनका कारण भएको तापमान बढोत्तरीबाट हिमालको हिउँ पग्लिने, हिमतालहरू विष्फोटन हुने खतरा बढ्नु, मौसमी प्रवृत्तिमा परिवर्तनबाट कृषि क्षेत्रमा नकारात्मक असर पर्नु, जैविक विविधतामा ह्रास आउनु, जनस्वास्थ्यमा प्रतिकूल असर पर्नु, खाद्यसुरक्षामा संकट आउनु, प्राकृतिक प्रकोपको सम्भावना बढ्नु, विकासका पूर्वाधार संरचनाहरूमा असर पर्नु तर अनुकूलनको क्षमता बढाउन नसक्नुजस्ता समस्या यस क्षेत्रमा देखिएका छन् ।

जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, वातावरणीय अनुकूलता कायम गर्नु, औद्योगिक तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने उत्सर्जनलाई न्यून गर्नु, गरिबी र अन्य कारणहरूबाट हुने वन विनासलाई रोक्नु, जलवायु वित्तमा पहुँच बढाई नतिजामूलक कार्यक्रम सञ्चालन गर्नु, जलवायु वित्तलाई राष्ट्रिय बजेट प्रणालीमा समेट्नु, वातावरण संरक्षणसम्बन्धमा जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा नै आन्तरिकीकरण गर्नु र जलवायु परिवर्तनका विषयमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालजस्ता जलवायु परिवर्तनबाट जोखिममा परेका देशहरूको साझा आवाज स्थापित गर्नु यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ४. दीर्घकालीन सोच

प्राकृतिक स्रोत एवं साधनको विवेकशील प्रयोगद्वारा स्वच्छ एवं स्वस्थ वातावरण सृजना गरी दिगो विकास हासिल गर्ने ।

### ५.उद्देश्य

हरित विकासको अवधारणाअनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई वातावरण मैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असरसंग अनुकूलित हुने ।

### ६.रणनीति

१. विकास कार्यक्रममा वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गरी विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा सञ्चालन गर्ने ।

२. प्रकोप जोखिम न्यूनीकरण, गरिबी न्यूनीकरण तथा वातावरणीय उत्प्रेरणालाई निरन्तरता दिंदै जलवायु परिवर्तनलाई अनुकूलित बनाउने र प्राकृतिक स्रोत सम्पदाको दिगो संरक्षण तथा व्यवस्थापन गर्ने ।

३. जल तथा मौसम विज्ञानसम्बन्धी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तनले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।

## ७. कार्यनीति

१. वातावरण संरक्षणसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू,वातावरणीय नीति नियम अद्यावधिक संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिनेछ । (१)

२. स्थानीय अनुकूलन कार्ययोजनामार्फत् राष्ट्रिय अनुकूलन कार्ययोजनालाई स्थानीय तहमा कार्यान्वयन गरी जनसाधारणको गरिबी निवारणमा योगदान पुऱ्याइनेछ । (१)

३. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिनेछ । (१)

४. वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यको विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट राष्ट्रिय केन्द्र विन्दुको रूपमा समन्वय गरिनेछ । (१)

५. नेपाल पक्ष भएका वातावरणसम्बन्धी सन्धि तथा महासन्धिहरूको कार्यान्वयन गरी विशेषतः क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रबाट बढीभन्दा बढी लाभ लिन सम्वन्धित निकायहरूलाई परिचालन गरिनेछ । (१)

६. वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवं अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ । (२)

७. वातावरण मैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासमा जोड दिइनेछ । (२)

८. वातावरण मैत्री योजना खाका अनुरूप योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर्निकाय समन्वयलाई सुदृढ गरिनेछ । (२)

९. हरित अर्थतन्त्रको खाका तयार गरी हरित विकाससम्बन्धी कार्यक्रम विकास गरी आर्थिक क्रियाकलापका सबै क्षेत्रमा आन्तरिकीकरण गर्ने । (२)

१०. राजधानी लगायतका ठूला शहरमा रहेका नदीहरूको प्रदूषण न्यूनीकरण गर्ने तथा जल, जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गर्ने । (२)

११. जोखिमयुक्त फोहोर व्यवस्थापनका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य अगाडि बढाइनेछ । (२)

१२. वायु प्रदूषण, जल प्रदूषण, भू-प्रदूषण, ध्वनि-प्रदूषण जस्ता वातावरणीय पक्षका थप मापदण्ड तर्जुमा एवं परिमार्जन गरी कार्यान्वयन गरिनेछ । (२)

१३. शहरी क्षेत्रको प्रदूषणलाई निश्चित सीमाभित्र ल्याउने र ग्रामीण क्षेत्रको सुन्दरतालाई बचाई राख्ने विभिन्न खालका प्रदूषण न्यूनीकरणका विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ । (२)

१४. "प्रदूषकले तिर्नुपर्छ" र "प्रदूषण हटाउँदा पनि फाइदा हुन्छ" भन्ने सिद्धान्त लागू गर्न आवश्यक संयन्त्रको विकास एवं कार्यान्वयन गर्दै वातावरण मैत्री इन्धन प्रयोग तथा कम प्रदूषण गर्ने यातायातका साधनहरूको प्रयोग बढाउन प्रोत्साहित गरिनेछ । (२)

१५. बढ्दै गएको प्रदूषण न्यूनीकरण गर्न उच्चप्रविधिको प्रयोग गरिनेछ । (२)

१६. वातावरण तथा गरिबी न्यूनीकरणलाई समायोजन गर्न गरिबी तथा वातावरणीय उत्प्रेरणा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (२)

१७. हालको मौसम पूर्वानुमान प्रणालीमा सुधार ल्याई बढी भरपर्दो र विश्वसनीय बनाइनेछ । (३)

१८. उपयुक्त प्रविधि छनौट गरी बाढी भविष्यवाणी प्रणालीको सुरुआत गरिनेछ । (३)

१९. हाल सञ्चालनमा रहेका जल तथा मौसमी केन्द्रहरूबाट तथ्याङ्क सङ्कलन गर्नको लागि टेलिमेट्री प्रणालीको विकास तथा विस्तार गरिनेछ । (३)

२०. प्राकृतिक स्रोतबाट प्राप्त आयको निश्चित प्रतिशत रकम प्राकृतिक स्रोत र साधनको संरक्षण तथा वातावरणीय अनुसन्धान र विकासमा खर्च गर्ने व्यवस्था गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- **वातावरण संरक्षण तथा प्रवर्द्धन कार्यक्रम** : यस अन्तर्गत वातावरण शिक्षा, वातावरणसँग सम्बन्धित सन्देशमूलक सामग्री उत्पादन र प्रचारप्रसार, वातावरणीय सरसफाई, वातावरण मैत्री प्रविधि प्रयोग गर्न प्रोत्साहन, वातावरणसँग सम्बन्धित लैङ्गिक मैत्री कार्यक्रम, वातावरण स्रोत पुस्तकालय स्थापना, हरित शहर निर्माणमा सचेतना र साईकल प्रयोगलाई प्रवर्द्धन र प्रोत्साहन कार्यहरू सञ्चालन गरिनेछ ।

- **जलवायु परिवर्तन न्यूनीकरण अनुकूलन तथा समानुकूलन तथा स्वच्छ विकास सम्बन्धी कार्यक्रमहरु** : यस अन्तर्गत राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेका कार्यक्रमहरू, जलवायु परिवर्तनबाट परेको प्रभाव न्यूनीकरण तथा अनुकूलन क्रियाकलाप सञ्चालन, जलवायु परिवर्तनको प्रभाव जोखिमसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने क्रियाकलाप सञ्चालन, जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने संघसंस्था एवं उक्त क्षेत्रका विशेषज्ञहरूको योग्यतासहितको विवरण तयार गरी सहयोग गर्ने कार्यक्रम, स्वच्छ विकास संयन्त्रसम्बन्धी क्षमता अभिवृद्धि गर्ने कार्यक्रम र देशका विभिन्न भौगोलिक क्षेत्रहरूमा जैविक विविधतामा आधारित वायो भिलेजहरू स्थापना गरिनेछ ।

- **वातावरणीय प्रदूषण नियन्त्रण र अनुगमन** : यस अन्तर्गत वातावरणसम्बन्धी ऐन, नियम, निर्देशिका, नीति, मापदण्ड कार्यान्वयन एवं प्रदूषण नियन्त्रण सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन, काठमाडौं उपत्यका एवं उपत्यका बाहिरका प्रमुख शहरहरूको वायु गुणस्तर मापन एवं व्यवस्थापन, सवारी साधन, विभिन्न उद्योग एवं

प्रतिष्ठानहरूबाट निष्काशन हुने धुलो धुँवाको ध्वनि प्रदूषण, फोहोर पानीसम्बन्धी अध्ययन एवं मापन र प्लाष्टिकका झोलाको नियन्त्रण एवं नियमन गरिनेछ ।

- **लामो समयसम्म असर रहने विषादी तथा हानिकारक फोहोरमैला व्यवस्थापन** : यस अन्तर्गत विद्युतीय लगायतका अन्य हानिकारक फोहरमैलाको विवरण तयारी एवं व्यवस्थापन सम्बन्धी कार्य र लामो समयसम्म असर रहने विषादीको व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

- **प्राकृतिक स्रोत साधन लगायत राष्ट्रिय सम्पदा संरक्षण कार्यक्रम** : यस अन्तर्गत प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सास्कृतिक महत्त्वका स्थलहरूको संरक्षणका कार्यहरू गरिनेछ ।

- **वातावरण प्रभाव मूल्याङ्कन तथा परीक्षण कार्यक्रम** : वातावरण प्रभाव मूल्याङ्कन परीक्षण सम्बन्धमा क्षेत्रगत निर्देशिका दिग्दर्शन तयारी, वातावरण प्रभाव मूल्याङ्कन भएका आयोजनाहरूको परीक्षण, प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कनको अनुगमन र वातावरणीय प्रभाव मूल्याङ्कन तथा यससम्बन्धी प्रतिवेदनको प्राविधिक पक्षमा अध्ययन एवं राय सुझावका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **वातावरणीय प्रयोगशाला स्थापना कार्यक्रम** : केन्द्रीय वातावरण प्रयोगशाला स्थापनाका लागि सम्भाव्यता अध्ययन, वातावरणीय प्रयोगशाला स्थापना गर्ने, प्रयोगशालाको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रदान गर्ने र क्षेत्रीय स्तरमा वातावरणीय प्रयोगशाला स्थापना गरिनेछ ।

- **संस्थागत सुदृढीकरण** : यस कार्यक्रम अन्तर्गत हरित अर्थतन्त्रको खाका तर्जुमा, वातावरण संरक्षण ऐन तथा नियमावलीमा गर्नुपर्ने संशोधनका कार्यहरू, वातावरण विभागको व्यवस्थापन सर्वेक्षण गरी संरचनात्मक सुधार र कर्मचारीको विभिन्न किसिमका सीप तथा क्षमता अभिवृद्धिजस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

- **जल तथा मौसमसम्बन्धी कार्यक्रम** : यस अन्तर्गत मौसम पूर्वानुमान प्रणालीको सुधार, बाढी भविष्यवाणी प्रणाली सुरुवात र टेलिमेट्री प्रणालीको विकास र विस्तारका कार्य गरिनेछ ।

### ९. अपेक्षित उपलब्धिहरु

सबै किसिमका प्रदूषण रोकथाम र न्यूनीकरण गर्न मापदण्ड परिपालन गर्ने अवस्थाको सृजना भएको हुने, जलवायु परिवर्तनको जोखिम न्यूनीकरण, अनुकूलन र समयानुकूलन कायम भएको हुने, केन्द्र र क्षेत्रमा गरी ६ वटा प्रयोगशालाको स्थापना हुने, २० वटा वातावरणीय प्रभाव मूल्यांकन भएका आयोजनाहरूको परीक्षण भएको हुने, राष्ट्रिय साक्षारता दरसँग समान हुने गरी वातावरणीय शिक्षा र सचेतना अभिवृद्धि भई राष्ट्रिय सम्पदाको संरक्षण हुने ।

## ६.६ विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

देशको विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, प्राकृतिक तथा जलवायु परिवर्तन एवं मानवीय क्रियाकलापवाट सिर्जित विपद्का दृष्टिले नेपाल उच्च जोखिममा रहेको मुलुक हो । विगतका विकास प्रक्रियामा जोखिम न्यूनीकरणलाई सारभूत ढङ्गले मूलप्रवाहीकरण गर्न नसक्दा ठूलो धनजनको नोक्सान र महत्त्वपूर्ण भौतिक संरचनामा क्षति पुग्न गएको देखिन्छ । नेपालमा बाढी, पहिरो, आगलागी, खडेरी, हिमताल विष्फोटन, भूकम्प, महामारी, शीतलहर, चट्याङ्ग आदि प्रमुख प्रकोपका रूपमा देखिएका छन् । यसका अतिरिक्त बर्ड फ्लु, स्वाइन फ्लु जस्ता नयाँ प्रकृतिका महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, बिषालु पदार्थसँग सम्बन्धित विपद्का घटनाहरू समेत हुने गरेका छन् । जथाभावी निर्माण गरिने घर तथा भौतिक संरचनाहरूबाट विपद् जोखिम अझ बढ्दै गएको तथा मानवीय क्रियाकलापबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूले वातावरणीय प्रकोपको जोखिमलाई बढाउँदै गएको छ । यस्ता जोखिमलाई स्वीकार्य र संभाव्य तहमा घटाउन विपद् व्यवस्थापनलाई नीतिगत, क्षेत्रगत तथा कार्यक्रमिक सवै तहमा मूलप्रवाहीकरण गर्दै लैजानु जरुरी भएको छ । विपद् व्यवस्थापनमा सरकारको एक्लो प्रयास मात्रै पर्याप्त हुन सक्दैन । यसका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज लगायत सवै क्षेत्रको एकीकृत प्रयास जरुरी हुन्छ ।

### २. अद्यावधिक स्थिति

वर्तमान अवस्थामा विपद् व्यवस्थापनको प्रमुख कानुनी दस्तावेजका रूपमा दैवी प्रकोप उद्धार ऐन, २०३९, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ रहेका छन् । त्यस्तै स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विपद् व्यवस्थापनको कार्यमा स्थानीय निकायको कार्य तथा भूमिकालाई स्पष्ट गरेको छ । भूकम्पीय जोखिमको अवस्थालाई विश्लेषण गरी निर्माण गरिने भवनलाई भूकम्प प्रतिरोधी बनाउन भवन ऐन, २०५५ तथा भवन निर्माण संहिता, २०६३ को तर्जुमा गरी नगरपालिका क्षेत्रमा कार्यान्वयनमा ल्याइएको छ । विपद् व्यवस्थापनलाई एकीकृत ढङ्गबाट सम्बोधन गर्न नयाँ संरचनात्मक तथा संस्थागत प्रवन्ध गर्ने कानुनी व्यवस्थाका लागि नयाँ विपद् व्यवस्थापन ऐनको प्रक्रिया अगाडि बढाइएको छ । भूकम्प, बाढी पहिरो, हिमपात, विष्फोट, आगलागी, सुख्खा, आँधिबेहरी, शीतलहर जस्ता सम्भाव्य सबै प्रकारका विपद्जन्य अवस्थाहरूको पूर्वसूचना संकटासन्न अवस्थामा तथा क्षेत्रहरूमा रहेका समुदाय र सरोकारवाला निकायहरूलाई उपलब्ध गराई सम्भावित विपद्बाट जोगिन र पूर्वतयारीको लागि आवश्यक प्रबन्ध गर्न सघाउन पुऱ्याउने उद्देश्यले पूर्वसूचना प्रणालीको विकासका लागि रणनीतिक कार्ययोजना तयारीको चरणमा रहेको छ। बाढी प्रभावित केही क्षेत्रहरूमा समुदायमा आधारित पूर्वसूचना प्रणालीको स्थापना गरी सञ्चालनमा ल्याइएको र जसबाट केही अपेक्षित नतिजा समेत प्राप्त गर्न सकिएको छ ।

जलवायु तथा मौसमको भविष्यवाणी गर्ने व्यवस्थालाई थप सुदृढ बनाउँदै लगिएको छ । जलवायु तथा मौसमको पूर्वानुमान गर्ने व्यवस्थालाई वैज्ञानिकीकरण गर्दै क्षेत्रगत आधारमा

समेत मौसमको पूर्वानुमान गर्ने प्रक्रियाको विकास गर्दै लगिएको छ । भूकम्पीय तरङ्गको सूचना देशभरका भूकम्पीय सञ्जाल मार्फत् राष्ट्रिय भूकम्प मापन केन्द्रबाट प्राप्त गरी तत्कालै राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र मार्फत् प्रवाह गर्ने व्यवस्था गरिएको छ । विपद्जन्य घटनाहरूको सूचना प्रभावित क्षेत्रहरूबाट तुरुन्त प्राप्त गरी व्यवस्थापन गर्ने, सूचनाको विश्लेषण र प्रवाह एवं उद्धार तथा राहत कार्यको समन्वयका लागि गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखा अन्तर्गत राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई चौबिसै घण्टा सञ्चालनमा ल्याईएको छ । जिल्लाहरूबाट सूचनाको संकलन, विश्लेषण, प्रवाह र उद्धार तथा राहत कार्यमा समन्वय गर्न सबै क्षेत्र तथा जिल्लाहरूमा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको स्थापना गरिदैं लगिएको छ । विपद्सँग सम्बन्धित सबै प्रकारका सूचना तथा विवरणहरूलाई एउटै स्थानबाट प्राप्त गरी विपद् व्यवस्थापनको कार्यलाई थप गति दिन र विपद्सम्बन्धी सूचनामा पहुँच सुनिश्चित गर्ने विद्युतीय सूचनामा आधारित पोर्टल तथा सफ्टवेयरको निर्माण गरिएको छ । काठमाडौं उपत्यकामा भूकम्पीय जोखिमलाई मध्यनजर गरी आपत्कालीन अवस्थामा सञ्चालन गर्न सकिने गरी विपद् प्रतिकार्यका लागि ८३ स्थानहरूलाई खुलाक्षेत्रहरू पहिचान गरी ती स्थानहरूमा विपद्का समयमा आश्रयस्थलका लागि खानेपानी लगायत आवश्यक व्यवस्थाको तयारी कार्य अगाडि बढाइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

आधुनिक प्रविधियुक्त पूर्वसूचना प्रणालीको विकास गर्न नसक्नु, विपद् व्यवस्थापन/जोखिम न्यूनीकरण क्रियाकलापमा समुदायको सहभागिता कम रहनु, समुदायमा सचेतनाको कमी रहनु, सूचना प्रणालीलाई चुस्त भरपर्दो बनाउन नसकिनु, विपद् जोखिम न्यूनीकरण/विपद् व्यवस्थापनको प्रक्रियामा कमजोर समन्वय रहनु, उद्धार तथा खोज कार्यमा परम्परागत ज्ञान तथा सीपको उपयोग गर्न नसकिनु, भवन संहिता प्रभावकारीरूपमा कार्यान्वयनमा नआउनु, विपद् व्यवस्थापनको कार्यमा निजी क्षेत्रको सहभागिता नहुनु, विकास आयोजनाहरूको निर्माण गर्दा विपद् जोखिमको अवस्थालाई अध्ययन र विश्लेषण नगरिनु, विकास योजनाको तर्जुमा र कार्यान्वयनको चरणमा नै विपद् जोखिम मूल्याङ्कन गर्ने पद्धतिको संस्थागत विकास गर्न नसकिनु जस्ता समस्याहरू विद्यमान छन् ।

विपद् जोखिम न्यूनीकरण र वातावरणीय तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यक्रमहरूलाई एकीकृत रूपबाट अगाडि बढाउन नसकिनु, विपद् व्यवस्थापनका सम्पूर्ण चरणहरूलाई एकीकृत रूपमा सम्बोधन नगरिनु, विपद्को घटना पश्चात् मात्र उद्धार तथा राहत विवरण कार्यमा केन्द्रित रहनु, विपद् प्रतिकार्यका लागि एकीकृत उद्धार तथा खोज टोलीको निर्माण गरी व्यावसायिकताको विकास गर्न नसक्नु, उद्धार तथा राहत कार्य पश्चात् पुनःस्थापना र पुनःनिर्माणका लागि पर्याप्त स्रोत-साधनको अभाव हुनु जस्ता चुनौती छन् ।

## ४. दीर्घकालीन सोच

नेपाललाई सबै प्रकारका प्राकृतिक तथा मानवीय प्रकोपको जोखिमबाट विपद् सहनशील (disaster resilient) बनाउने ।

## ५. उद्देश्य

प्रकोपको जोखिम तथा यसका असरहरूलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

## ६. रणनीति

१. विपद् व्यवस्थापनका सवै चक्रहरूका कार्यहरूलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनसम्बन्धी प्रभावकारी कानुनी तथा संस्थागत व्यवस्था गर्ने ।

२. विपद् व्यवस्थापन कार्यमा गैरसरकारी, निजी क्षेत्र तथा स्थानीय समुदाय समेतको साझेदारी अभिवृद्धि गर्दै सूचना प्रवाह र समन्वय कार्यलाई प्रभावकारी बनाउने ।

३. विपद्बाट उत्पन्न परिस्थितिको सामना गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ।

## ७. कार्यनीति

१. विपद् व्यवस्थापन गर्न छुट्टै आवश्यक कानुन तथा निर्देशिकाहरूको व्यवस्था गरी कार्यान्वयन गरिनेछ । (१)

२. विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ लाई समयसापेक्ष परिमार्जन गरी प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ । (१)

३. विपद् व्यवस्थापन राष्ट्रिय कार्य मञ्चलाई क्रियाशील बनाइनेछ । (२)

४. एकीकृत सूचना केन्द्र, आपत्कालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, विपद् जोखिम अल्पीकरण लगायतका कार्यहरूलाई अधिकार सम्पन्न राष्ट्रिय विपद् व्यवस्थापन निकाय मार्फत् प्रभावकारी एकद्वार प्रणालीबाट सञ्चालनमा ल्याइनेछ । (२)

५. विपद् व्यवस्थापनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्र्तराष्ट्रिय सङ्घ सस्था तथा दातृ निकायसँगको समन्वय र सहकार्यका लागि विपद् व्यवस्थापन राष्ट्रिय कार्यमञ्च मार्फत् विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

६. विपद्सम्बन्धी तथ्य, तथ्याङ्कहरूलाई व्यवस्थित् गर्न एकीकृत सूचना केन्द्रको विकास गर्दै योजना, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरूमा विपद्का कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ । (३)

७. प्रकोप व्यवस्थापनलाई किफायती बनाउन जैविक तथा स्थानीय ज्ञान/प्रविधिको समेत उपयोग गरिनेछ ।(३)

८. बृहत् प्रकृतिका विकास निर्माण तथा पूर्वाधार आयोजना तयार गर्दा विपद् जोखिम विश्लेषण तथा न्यूनीकरण योजना अनिवार्यरूपले तयार गर्नुपर्ने व्यवस्था लागू गरिनेछ । (३)

९. पाँचै विकास क्षेत्र र ७५ वटै जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन गर्ने केन्द्रसँग सञ्जाल स्थापना गरिनेछ । (३)

१०. सबै सुरक्षा निकायमा छुट्टै विशिष्टिकृत खोज र उद्धार (search and rescue) टोली गठन गरी उनीहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप क्षमता अभिवृद्धि गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- विपद् व्यवस्थापनका सबै चक्रहरूका कार्यहरूलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन ऐन जारी गर्ने ।
- विपद् व्यवस्थापनका सवै चरणका कार्यहरूलाई प्रभावकारी वनाउन छुट्टै अधिकार सम्पन्न सरकारी संयन्त्रको रूपमा राष्ट्रिय विपद् व्यवस्थापन निकाय गठन गर्ने ।
- विषयगत क्षेत्र तथा मन्त्रालयहरूको नीति तथा कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणका विषय समावेश गर्ने ।
- विकास निर्माण तथा पूर्वाधार आयोजनाहरू सञ्चालन हुनु पूर्व तथा सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गर्ने ।
- विपद् जोखिम न्यूनीकरणको विषयमा सचेतना बढाउन औपचारिक तथा अनौपचारिक शिक्षा र विभिन्न तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।
- ह्योगो संरचनामा स्वीकारिएको विषय तथा ह्योगो पश्चात्को अवधारणा अनुरूप वातावरणीय प्रतिकूल प्रभावका कारणले हुने जोखिम तथा विपद् व्यवस्थापनमा सबै वर्ग र समुदायलाई समावेश गराउने ।
- विपद् प्रतिकार्य क्षमतालाई अभिवृद्धि गर्न सुरक्षा निकायहरू भित्र मध्यम तथा सामान्यस्तरका खोज तथा उद्धार टोली गठन गर्ने ।
- हाल कार्यान्वयनमा रहेका जिल्ला विपद् प्रतिकार्य योजना, स्थानीय निकाय विपद् जोखिम व्यवस्थापन निर्देशिका तथा जिल्ला जोखिम व्यवस्थापन योजनाहरूलाई एकीकृत गरी जिल्लातहमा एकमात्र विपद् व्यवस्थापनका सवै चक्रहरू समेटिएको एकीकृत निर्देशिका बनाउने ।

- विपद्सम्बन्धी सूचनाहरू समयमै प्राप्त गरी विश्वसनीय किसिमले सूचना प्रवाह गर्न तथा समग्र विपद् व्यवस्थापन कार्यको प्रभावकारी समन्वय गर्न सबै जिल्लामा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना गर्ने ।

- काठमाडौँ उपत्यकामा पहिचान गरिएका खुला क्षेत्रहरूको प्राथमिकीकरण तथा अन्य नगर क्षेत्रहरूमा विपद्को समयमा प्रयोग गर्न सकिने गरी खुला क्षेत्रहरूको पहिचान तथा घोषणा गरी पाँचवटै विकास क्षेत्रहरूमा आपत्कालीन सामग्रीको भण्डारण गर्न गोदाम घरहरूको व्यवस्था गर्ने ।

- सरकारी तथा निजी क्षेत्रबाट संचालित अस्पताल तथा विद्यालयहरू र सम्पूर्ण सरकारी एवं सार्वजनिक भवनहरूलाई भूकम्प निरोधक वनाउन जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गर्ने ।

- विपद् व्यवस्थापन राष्ट्रिय कार्यमंचलाई प्रभावकारी बनाई विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न विभिन्न निकायसंगको समन्वय र सहकार्यका लागि नेपाल विपद् जोखिम न्यूनीकरण कार्यमञ्च मार्फत् विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

- विपद्जन्य परिस्थितिको सामना गर्न प्रकोप पूर्वसूचना प्रणालीको विकासमार्फत् सम्भाव्य सबै प्रकारका प्रकोपको पूर्वसूचना दिने ।

- विपद् व्यवस्थापनका सबै चरणहरूमा समुदाय र निजी क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्दै विपद् व्यवस्थापनको क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अवधारणा पत्र ल्याउने ।

- विपद्को तत्काल पश्चात् लेखाजोखामा एकरूपता कायम गर्नका लागि विपद् पश्चात् लेखाजोखा निर्देशिका जारी गर्ने ।

- विपद्बाट पर्ने असरहरूलाई न्यून गर्न तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई व्यवस्थित गर्नका लागि जोखिम बीमांकन प्रणाली सुरूवात गर्ने ।

### ९. अपेक्षित उपलब्धिहरु

विपद् व्यवस्थापन सवै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण भएको हुने, सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य भएको हुने र विपद्वाट हुने क्षतिलाई न्यूनीकरण गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमतामा अभिवृद्धि भएको हुनेछ ।

## ६.७ जलउत्पन्न प्रकोप नियन्त्रण

### १. पृष्ठभूमि

नेपाल बाढी, पहिरो, भू-क्षयजस्ता जलउत्पन्न प्रकोपहरूको उच्च जोखिममा रहेको छ । मनसुनी वर्षा, अति भिरालो भू-बनौट तथा कमजोर भौगर्भिक स्थिति, अवैज्ञानिक भू-

उपयोग, विश्वव्यापी रूपमा भैरहेको तापक्रम वृद्धि तथा मौसम परिर्वतनका कारण अति जटिल प्रकृतिका जलउत्पन्न प्रकोपका घटनाहरू दोहोरिइरहेका छन् । भू-क्षय, बाढी, पहिरो, गेग्रान बहाव, नदीधार परिर्वतन, नदी किनारा कटान तथा डुबानजस्ता प्रकोपले मूलतः वर्षायाममा सम्पूर्ण मुलुकवासीलाई नै आक्रान्त बनाउने गरेको छ । यस्तो प्रकोपबाट मानव बस्ती, खेतीयोग्य जमिन र निर्मित पूर्वाधारको संरक्षण गर्दै क्षति न्यूनीकरण गर्न विकसित नवीनतम प्रविधिको उपयोग गर्दै यस क्षेत्रमा कार्यरत विभिन्न निकायहरूसँगको समन्वयात्मक सहकार्यमा सीमित स्रोत तथा साधनबाट अधिकतम उपलब्धि हासिल हुने गरी परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

## २. अद्यावधिक स्थिति

मनसुनी वर्षासंगै देशभरि रहेका करिब ६,००० नदीनालाहरूमा पानीको सतह बढ्न गई बाढी, पहिरो तथा गेग्रान बहाव जस्ता प्रकोपबाट मानवबस्ती, खेतीयोग्य जमिन र निर्मित पूर्वाधारको व्यापक क्षति हुने गरेको छ । प्रकोपबाट प्रभावित व्यक्तिहरूवाट क्षति रोकथामका लागि असीमित मागहरू आउने गरेका छन् । मागहरू सम्बोधन गर्न जलउत्पन्न प्रकोप नियन्त्रण विभाग र अन्य सम्बद्ध निकायहरूबाट कार्यहरू हुँदै आएका छन् । योजना अवधिसम्म पूर्वाधार संरक्षण कार्यअन्तर्गत नारायणघाट मुग्लिङ सडक खण्डको ३० कि.मि. र सिन्धुली बर्दिवास सडक खण्डको ९ कि.मि. गरी जम्मा ३९ कि.मि. सडक पूर्वाधार संरक्षण कार्य सम्पन्न गरिएको छ र उक्त सडक खण्डमा निर्मित संरचनाहरूलाई सुरक्षित राख्न तथा सिन्धुली बर्दिवास सडकका थप जोखिम क्षेत्रमा जोखिम न्यूनीकरणका लागि थप कार्य चालू रहेको छ । साथै २९ वटा बस्तीटार संरक्षण कार्यहरू सञ्चालनमा रहेका छन् । जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम हाल तराईका १४ वटा नदीहरूमा संचालित छन् । हालसम्म नदी किनारमा करिब ७६१ कि.मि. तटबन्ध निर्माण कार्य गरिएको छ । जलाधार क्षेत्रहरूको जोखिम नक्सा तयार गर्ने क्रममा बागमती, कमला, लोथर, पूर्वी राप्ती, कन्काई, तिनाउ, आँधीखोलाको प्रकोप जोखिम नक्सा बनाउने कार्य सम्पन्न भएको छ भने बडिगाढ जलाधार क्षेत्रको काम चालू रहेको छ ।

## ३. समस्या तथा चुनौतीहरु

अत्याधिक जल उत्पन्न प्रकोप हुने वर्षातको समयमा पूरानो बजेट अनुसारको कार्य सम्पन्न हुने र नयाँ वार्षिक कार्यक्रमको तर्जुमा नभइसकेको अबस्थामा नयाँ उत्पन्न हुने प्रकोपको सम्बोधन गर्न स्रोत तथा साधानको व्यवस्था नहुनु, स्रोत तथा साधनको आवश्यकता र उपलब्धतामा ज्यादै अन्तर पर्ने कारणबाट कार्यान्वयनमा समस्या खडा हुनु, नदी किनारमा निर्मित तटबन्धहरूको उचित मर्मत सम्भार र संरक्षण हुन नसक्नु, गुरुयोजना सहित नदी जलाधार क्षेत्रको उचित व्यवस्थापन हुन नसक्दा भू-क्षय भई नदीको सतह माथि उठ्न गई नदी किनारमा निर्मित तटबन्धवाट डुबानको समस्या दिगो रूपमा हल हुन नसक्नु, डिभिजन/सब डिभिजन कार्यालयहरूको पुनर्संरचना र क्षमता अभिवृद्धि हुन नसक्नु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् ।

जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विकास व्यवस्थापनमा एकीकृत गर्नु, वन तथा

जलाधार क्षेत्रको संरक्षण गर्नु, प्रकोप पूर्व सूचनाको विकास गरी जोखिम न्यूनीकरण गर्नु, प्रकोप न्यूनीकरण गुरुयोजना तयार गरी कार्यान्वयन गर्न आवश्यक स्रोत तथा संस्थागत क्षमताको विकास गर्नु, ठूला नदी किनाराहरूमा वर्षैपिच्छे हुने क्षतिलाई दिगो रूपमा नियन्त्रण गर्नु, नदी किनारामा बसोवास गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुजस्ता चुनौती यस क्षेत्रले भोगिरहेको छ ।

## ४. दीर्घकालीन सोच

जलउत्पन्न प्रकोपबाट सृजना हुने सामाजिक तथा आर्थिक क्षति नियन्त्रण गर्ने ।

## ५. उद्देश्य

जलउत्पन्न प्रकोप न्यूनीकरण गर्दै मानव बस्ती, खेतीयोग्य भूमि तथा निर्मित विकासका पूर्वाधारको संरक्षण गर्ने ।

## ६. रणनीति

१. जलउत्पन्न प्रकोप नियन्त्रण सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने ।

२. जलउत्पन्न प्रकोप न्यूनीकरण आयोजनाहरू अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्दा वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलित र रोजगारी अभिवृद्धि हुने गरी गर्ने ।

३. जलउत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दा सरोकारवाला निकायहरू एवं अन्तर-सम्बन्धित कार्यक्रमबीच समन्वय कायम गर्ने ।

४. सम्पन्न भइसकेका नदी नियन्त्रण पूर्वाधार संरचनाहरूको नियमित तथा आवधिक मर्मत सम्भार गर्ने ।

५. जल उत्पन्न प्रकोप नियन्त्रणको कार्यको प्रभावकारिताका लागि उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तारमा जोड दिने ।

६. एकीकृत जलस्रोत विकास एवं व्यवस्थापन रणनीतिअनुरूप जलउत्पन्न प्रकोप व्यवस्थापनलाई पनि समग्र नदी बेसिनको विकास तथा व्यवस्थापन कार्यको एक अभिन्न अङ्ग मानी कार्य गर्ने ।

७. जनश्रम एवं अन्य स्रोतहरूको परिचालनमार्फत् जलउत्पन्न प्रकोप नियन्त्रण कार्य गर्ने ।

८. यस क्षेत्रमा कार्यरत निकायहरूको सांगठनिक सुधार गर्ने ।

## ७. कार्यनीति

१. नदी नियन्त्रण र जग्गा उकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्दा जनसहभागिता परिचालन गरी सञ्चालन गरिनेछ । साथै उकास भएको जग्गामा वृक्षारोपण, सजिवन

खेती लगायत जीविकोपार्जन र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

२. आयोजना छनौट गर्दा समावेशीकरणको अवधारणा अनुरूप पिछडिएका वर्गको हितलाई उच्च प्राथमिकता दिइनेछ। (१)

३. जनसहभागिताका आयोजनाहरू सञ्चालन गर्दा उपभोक्ताबाट निःशुल्क रूपमा जग्गा प्राप्त गरी आयोजना सञ्चालन गरिनेछ । (१)

४. जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रमलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ । (१)

५. तराई क्षेत्रमा नदी नियन्त्रणका लागि निर्माण गरिने तटबन्धलाई यातायात समेतमा प्रयोग गर्न मिल्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । (१)

६. देशका प्रमुख तीन नदी वेसिनलाई केन्द्रित गरी क्षेत्रगत कार्यालयको स्थापना गरिनेछ । (१)

७. देशका समग्र नदीनालाहरूको डेटाबेस तयार गरिनेछ । साथै नेपालका प्रमुख नदी प्रणालीका आधारमा नदी नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । (२)

८. नदी नियन्त्रण पूर्वाधार संरचनाहरूको नियमित तथा आवधिक मर्मतसम्भारका लागि आवश्यक स्रोतको उचित व्यवस्था गरिनेछ । (२)

९. बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोप नियन्त्रण गर्दा उपलब्ध स्थानीय एवं आधुनिक स्रोतको उत्पादनशील उपयोग गर्नका लागि संरचनागतका साथै जैविक (बायो इन्जिनियरिङ्ग) प्रविधि समेत समावेश गरी जलाधारीय नमूना कार्यक्रमलाई निरन्तरता दिइनेछ । (२)

१०. जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाहरूको डिजाइन तथा कार्यान्वयनमा स्थानीय श्रम तथा निर्माण सामग्रीको प्रयोगमा जोड दिइनेछ । (२)

११. नदी नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्दा सिंचाइ, जलवायु विज्ञान, कृषि, वातावरण, वन, निकुञ्ज, स्थानीय निकाय एवं जलाधार संरक्षणका निकायहरूसँग आवश्यक समन्वय गरिनेछ । (३)

१२. तटबन्धका लागि निर्माण गरिएका संरचना बाढीको समयमा प्रभावकारीरूपमा सञ्चालन हुन आपतकालीन स्रोत साधनको व्यवस्था गरिनेछ । (४)

१३. नमुना कार्यहरूको कार्यान्वयनबाट उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । (५)

१४. जलउत्पन्न प्रकोपसम्बन्धी तथ्याङ्क सूचना प्रणालीलाई आन्तरिक र वाह्य निकायसँग समन्वय गरी सुदृढ पारिनेछ । (६)

१५. स्थानीय समुदाय एवं योजनाविदलाई उपयोगी हुनेगरी जोखिम नक्सा तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । (६)

१६. सरकारी/गैरसरकारी निकाय तथा समुदायहरूलाई तालिम तथा भ्रमण कार्यक्रम मार्फत् प्रकोपसम्बन्धी ज्ञान प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ । (६)

१७. गुरुयोजना तर्जुमा गर्दा नदी क्षेत्रको पहिचान, निर्धारण र सीमाङ्कनमा विशेष जोड दिइनेछ । (७)

१८. जलउत्पन्न प्रकोप नियन्त्रण विभागको सङ्गठनलाई समयानुकुल पुनर्संरचना गरिनेछ । (८)

## ८. प्रमुख कार्यक्रमहरु

- **प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम :** जनचेतना अभिवृद्धि गर्ने, प्रकोप क्षेत्रको निर्धारण तथा नक्साङ्कन गर्ने, स्थानीय एवं आधुनिक प्रविधिको उपयोग गरी जलाधारीय परिप्रेक्ष्यमा प्रकोप व्यवस्थापन कार्य गर्ने, उपयुक्त प्रविधिको विकास तथा विस्तार गर्ने नीति, कानुन, नियमावली तथा दिग्दर्शनको तर्जुमा गर्ने ।

- **पहिरो तथा गेग्रान बहाव व्यवस्थापन कार्यक्रम :** पहाडी तथा हिमाली क्षेत्रमा पहिरो तथा गेग्रान बहावबाट हुने गरेको ठूलो जनधनको क्षति कम गर्न स्थानीय निकायको समन्वयमा स्थानीय एवं आधुनिक स्रोत साधन तथा जनसहभागितामा विशेष कार्यक्रम सञ्चालन गर्ने ।

- **स्थल विशेष प्रकोप नियन्त्रण कार्य :** स्थल विशेष साना/ठूला प्रकोप नियन्त्रण कार्य, संस्थागत विकास कार्य, आपत्कालीन रोकथामको कार्य तथा अध्ययन कार्य कार्यान्वयन गरिनेछ ।

- **जनताको तटबन्ध कार्यक्रम :** तराई क्षेत्रका नदीहरूबाट हुने कटान डुबान समस्यालाई सुव्यवस्थित ढंगले स्थायी समाधान गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भई हाल १४ वटा ठूला तथा मझौला नदीहरूमा पहाड फेदी देखि नेपाल भारत सीमानासम्म तटबन्ध निर्माण कार्य संचालित रहेकोमा योजना अवधिमा अन्य थप नदीहरूमा समेत यस कार्यक्रम सञ्चालन गरिनेछ ।

- **बस्तीटार बजार संरक्षण कार्य :** नदी किनारमा अवस्थित बस्ती, खेतीयोग्य टार, सार्वजनिक महत्त्वका स्थान र राष्ट्रिय महत्त्वका पूर्वाधार संरचनाहरूको संरक्षण गरिनेछ ।

- लालबकैया, कमला, बागमती तथा अन्य नदीहरूमा भारतीय सहयोगमा सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

## ९. अपेक्षित उपलब्धि

क्रमागत २९ टार बजार संरक्षण कार्यलाई सम्पन्न गरी थप क्षेत्रमा समेत कार्यक्रम विस्तार गरिएको हुने, ३५० कि.मि. नदी किनार संरक्षण कार्य गरिने, तीनवटा जलाधार

क्षेत्रभित्र गरिएका कार्यलाई निरन्तरता दिँदै थप ३ वटा जलाधार क्षेत्र भित्र कार्य सुरु गर्ने तथा त्रियुगा, पश्चिम राप्ती, सेती, बबई, भेरी, चमेलिया, बडीगाड र सुनकोशी जलाधार क्षेत्रको जोखिम नक्सा तयार गरिएको हुनेछ ।

# ६.८ विज्ञान तथा सूचना प्रविधि

## ६.८.१ विज्ञान तथा प्रविधि

### १. पृष्ठभूमि

विकसित देशहरू विज्ञान तथा प्रविधिको विकास र उपयोगबाट आर्थिक समृद्धि हासिल गर्न सक्षम भएका छन् । नेपालमा पनि यस क्षेत्रमा सीमित प्रयासहरू विगतका आवधिक योजनाहरूदेखि हुँदै आएका छन् । हाल आएर प्रविधिको क्षेत्र विस्तार भएर खासगरी परमाणु प्रविधि, अन्तरिक्ष प्रविधि तथा जैविक प्रविधिमा समेत संलग्न हुन आवश्यक देखिएको छ । अत्यावश्यकीय नीतिगत तथा कानुनी वातावरणको निर्माण र आधारभूत अनुसन्धानका लागि स्रोत व्यवस्थापन गर्दै यस क्षेत्रलाई मुख्यरूपमा जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न, मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधनको अत्युत्तम उपयोग र गरिबी निवारणमा सहयोग पुर्‍याउने महत्त्वपूर्ण औजारको रूपमा विकास गर्नु सरकारको प्राथमिक दायित्व हुन आउँछ ।

### २. अद्यावधिक स्थिति

त्रिवर्षीय योजना अवधिमा देशभित्रै आनुवंशिक (डिएनए) परीक्षणको व्यवस्था, विज्ञान सङ्ग्रहालयको स्थापना, विधि विज्ञान सेवाको विस्तार, अनुसन्धानशालाहरूको सुदृढीकरण, वृक्षचक्रको अध्ययन प्रारम्भ, स्वदेश र विदेशमा रहेका नेपाली प्रतिभा आकर्षणजस्ता महत्त्वपूर्ण कार्यहरू भएका छन् । विज्ञान तथा प्रविधि परिषद्को स्थापना, स्थानीय प्रविधिको विकासका लागि सरोकारवालाहरूको सहभागितामा जनचेतनामूलक कार्यक्रम सञ्चालन, विज्ञान संग्रहालयको स्थापना सम्बन्धी प्रारम्भिक कार्य, वेधशालाको स्थापना, विधिविज्ञान सेवाको विस्तार, तथ्याङ्क केन्द्रको पूर्वाधार निर्माण, नास्ट अन्तर्गतका अनुसन्धानशालाहरूको सुदृढीकरण र स्तरोन्नति, टेलिसेन्टरहरूको सञ्चालन, आमसञ्चारमार्फत् वैज्ञानिक जानकारीहरूको प्रसारण, प्रतिभाहरूको कदर जस्ता कार्यहरूलाई निरन्तरता दिइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

मुलुकमा रहेका अनुसंधान निकायहरूलाई एउटै छाता नीतिअन्तर्गत ल्याउन नसकिनु, विभिन्न निकायबाट भएका वैज्ञानिक अध्ययन अनुसंधानलाई उपयोगमा ल्याउन नसकिनु, यस क्षेत्रका प्रतिभालाई आकर्षित गरी देशभित्रै अड्याएर राख्न नसक्नु, विज्ञान प्रविधिको क्षेत्रले प्राथमिकता पाउन नसक्नु, आविष्कारक र अनुसंधानकर्तालाई उचित सम्मान र सुविधा दिन नसक्नु, पर्याप्त स्रोत साधनको विनियोजन गर्न नसकिनुजस्ता प्रमुख समस्या रहेका छन् ।

विश्वमा विकसित अत्याधुनिक प्रविधि ग्रहण र उपयोग गर्नु, उत्कृष्ट प्रतिभालाई मुलुकभित्रै सम्मानित र प्रोत्साहित हुने वातावरण सृजना गर्नु, विभिन्न व्यक्ति तथा निकायहरूबाट भएका अनुसंधानहरूको अभिलेखीकरण र उपयोग गर्नु, अनुसंधान र प्रविधि विकासमा संलग्न निकायहरूबीचमा समन्वय कायम गर्नु, पर्याप्त स्रोत साधनको सुनिश्चितता गर्नु, स्वदेश तथा विदेशका आविष्कारक तथा अनुसंधानकर्ताबीच साझेदारी र सहकार्यको स्थिति सृजना गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ४. दीर्घकालीन सोच

विज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र प्रयोगलाई सामाजिक, आर्थिक विकासका पक्षसँग आबद्ध गर्ने ।

### ५. उद्देश्य

विज्ञान तथा प्रविधिको विकास, विस्तार, प्रवर्द्धन र क्षमता विकासबाट राष्ट्रको समष्टिगत विकासमा योगदान पुऱ्याउने ।

### ६. रणनीति

१. वैज्ञानिक ज्ञानको अभिवृद्धि तथा नवप्रवर्तन गरी विज्ञान र प्रविधिको क्षेत्रको विकासमा योगदान पुऱ्याउने ।

२. वैज्ञानिक तथा प्राविधिज्ञहरूको क्षमता विकासमा जोड दिने ।

### ७. कार्यनीति

१. वैज्ञानिक तथा प्राविधिकहरूलाई स्वदेशमै आकर्षण गर्न विशेष अभिप्रेरणामूलक कार्यक्रम लागू गरिनेछ । (१)

२. राष्ट्रिय सुरक्षामा विज्ञान तथा प्रविधिको भूमिकालाई आत्मसात गराई योजनाहरूमा विज्ञान तथा प्रविधिलाई महत्त्व प्रदान गरिनेछ । (१)

३. प्रविधि आयात र अनुसन्धान प्रवर्द्धनलाई सहज एवं देशको हित अनुकूल बनाउन व्यवस्था गरिनेछ । (१)

४. अनुसन्धान तथा विकासमा लगानी वृद्धि गरी औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान र विकास इकाई स्थापना गरिनेछ । (१)

५. वैज्ञानिक तथा प्रविधि अनुसन्धान मार्फत् आर्थिक विकासमा टेवा पुऱ्याइनेछ । (१)

६. परमाणु प्रविधि, अन्तरिक्ष प्रविधि र जैविक प्रविधिलगायत अन्य आवश्यक प्रविधिहरूको विकास तथा उपयोगका लागि समय सापेक्ष नीतिहरू निर्माण तथा परिमार्जन गरिनेछ । (२)

७. देशमा उपलब्ध जडीबुटी र अन्य प्राकृतिक स्रोतको प्रयोगबाट लाभ उठाउन जैविक प्रविधि, अतिशूक्ष्म प्रविधि तथा रासायनिक प्रविधिको क्षमता अभिवृद्धि गरिनेछ । (२)

८. प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारणले परेका प्रभाव न्यूनीकरण गर्न अन्तरिक्ष प्रविधि समेतको प्रयोग गरी पूर्व सूचना प्रणाली संयन्त्रको विकास गरिनेछ । (२)

**८. प्रमुख कार्यक्रमहरु**

- **जैविक विविधता अध्ययन अनुसन्धान** : चुरे, मनास्लु र सगरमाथा क्षेत्रमा रहेका वनस्पतीय एवं सूक्ष्म जैविक विविधता अध्ययन गरी सदुपयोग गर्ने तर्फ उन्मुख कार्यहरू र विउ विजनहरूको संरक्षणको लागि स्थापित हिमालय बीज बैंक लाई सबलीकरण गरिनेछ ।

- **मोलेकुलर बायोटेक्नोलोजी अध्ययन/अनुसन्धान** : नेपालमा पाइने औषधिय वनस्पतिहरूको Bar Coding एवं Genetic अध्ययन गरी नेपालको स्वामित्वको निश्चित गरिनेछ । साथै Plant disease diagnostic kits र Bio preparation विकास गरी कृषि उत्पादनमा योगदान पुऱ्याउने ।

- **नेचुरल प्रोडक्ट सम्बन्धी अध्ययन/अनुसन्धान** : यस अन्तर्गत जडीबुटीहरूका साथै सूक्ष्म जीवाणुहरूबाट सक्रिय योगिकको विश्लेषण गरिने ।

- **जलवायु तथा वातावरण अध्ययन** : प्रज्ञा-प्रतिष्ठानमा स्थापना गरिएको नेपाल वातावरण परिवर्तन ज्ञान व्यवस्थापन केन्द्रलाई विकास गरी राष्ट्रिय वातावरण परिवर्तन अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने ।

- **भौतिक विज्ञान सम्बन्धी अध्ययन** : हाल प्रज्ञा-प्रतिष्ठानमा रहेको विकीरण अनुगमन प्रयोगशालालाई विकास गरी भौतिक विज्ञान अनुसन्धान प्रयोगशालाको रूपमा विकास गरिने ।

- **वस्तु विज्ञान तथा नानोटेक्नोलजी अनुसन्धान** : देशमा वस्तु विज्ञान तथा नानोटेक्टोलजी अध्ययन/अनुसन्धान गरी देशको आर्थिक विकासमा टेवा पुऱ्याउनका निमित्त राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान Material Science and Nanotechnology स्थापना गर्नेतर्फ कार्य गर्ने ।

- **सौर्य ऊर्जा प्रविधि अनुसन्धान र विकास** : सौर्य ऊर्जा राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोड्ने प्रविधिसम्बन्धी System Research Sun Simulator प्रयोग गरी सोलार मोडुलहरूको गुणस्तर अध्ययनका साथै सौर्य ऊर्जाको प्रयोगलाई व्यापक रूपमा विस्तार गर्ने ।

- **Technology Innovation and Incubation Centre** : देशका नविनतम आविष्कारकहरूलाई प्रवर्द्धन गर्नका लागि डाटा बेस सहितको आविष्कार केन्द्रको स्थापना गर्ने कार्य प्रारम्भ गर्ने ।

- **जैविक ऊर्जा प्रविधि अनुसन्धान** : सजिवन जस्ता बिरुवाबाट उत्पादित तेललाई जैविक डिजेलमा परिणत गर्ने प्रविधिको विकास गरी प्रयोगमा ल्याउने प्रविधिको विकास गर्ने ।
- **वायु ऊर्जा सम्बन्धी अनुसन्धान** : वायु ऊर्जा सम्भाव्यताको अध्ययनका लागि ३ स्थानमा जडित (३० मिटरभन्दा) अग्ला जलवायु विज्ञान सम्बन्धी टावर तथा केन्द्रहरूमा संकलित तथ्यांकहरूको अध्ययन सम्पन्न गर्ने ।
- **इन्स्ट्रुमेन्टेशन सेन्टरको विकास:** हाल विज्ञान शिक्षक उपयोगी उपकरण विकास बारे तालिम दिइने र वैज्ञानिक उपकरणहरूको मर्मत सम्भार तथा प्रमाणीकरणका लागि प्रयोगशाला स्थापनाको प्रारम्भिक कार्य गर्ने ।
- **प्राकृतिक प्रकोप व्यवस्थापन तथा न्यूनीकरण केन्द्रको स्थापना** : बाढी पहिरो आदि प्राकृतिक प्रकोप न्यूनीकरण सम्बन्धी अध्ययन केन्द्र स्थापना गर्नेतर्फ आवश्यक कार्य प्रारम्भ गर्ने ।
- **बौद्धिक सम्पत्ति अधिकार** : नेपालका वैज्ञानिक/प्राविधिकहरूलाई आफूले प्रतिपादन गरेका खोज/अन्वेषणहरू पेटेण्ट अधिकारबारे जनचेतना अभिवृद्धि गर्दै तिनको सुरक्षा गर्ने ।
- **HARCC** को स्थापना गर्ने तर्फ आवश्यक कार्य गर्ने ।
- विद्यमान विज्ञान प्रयोगशालाहरूमा आधुनिक उपकरण जडान गरी तिनीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- विज्ञान संग्राहलयको स्थापना सम्बन्धी कार्य गर्ने ।

### ९. अपेक्षित उपलब्धिहरु

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानमा आवश्यक उपकरण जडान गरी जैविक विविधता, जैविक प्रविधि, प्राकृतिक उत्पादन, भौतिक विज्ञान, Nanotechnology र वातावरण जस्ता क्षेत्रको अनुसन्धान सुदृढ भएको हुनेछ । विधिविज्ञान सम्बन्धी अनुसन्धान एवं परीक्षण प्रविधि विकास भएको हुनेछ । HARCC को स्थापना भएको हुनेछ । विज्ञान तथा प्रविधिको क्षेत्रमा भए गरेका अध्ययन अनुसन्धानलाई सहज रूपमा बुझ्न विज्ञान सङ्ग्रहालयको सञ्चालन भएको हुनेछ । अन्तरिक्ष विज्ञानमा मौलिक क्षमता विकास र प्रवर्द्धनका लागि विभिन्न विश्वविद्यालयसंग सम्बन्ध विकास भएको हुनेछ ।

## ६.८.२ सूचना प्रविधि

### १. पृष्ठभूमि

सूचना प्रविधिको द्रुततर विकासले मुलुकको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायत आर्थिक तथा सामाजिक क्षेत्रको दिगो विकास गर्ने अवसरहरू प्रदान गरेको छ । सार्वजनिक सेवाहरूको प्रवाहमा प्रभावकारिता हासिल गरी सेवाग्राहीहरूको पहुँचलाई

सहज तुल्याई सुशासनलाई सुनिश्चितता प्रदान गर्नमा सूचना प्रविधिले निकै महत्त्वपूर्ण योगदान दिदै आएको छ । सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्ने एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुने देखिन्छ । निजी क्षेत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगलाई विश्वसनीय तुल्याउन नियमनको प्रभावकारी व्यवस्था भने हुन सकेको छैन। केन्द्रदेखि स्थानीय स्तरसम्म निजी क्षेत्रअन्तर्गत सूचना प्रविधिको बढ्दो उपयोगलाई व्यवस्थित रूपले प्रवर्द्धन गरी सम्भावित अपराधको जोखिमलाई न्यूनीकरण गर्न एवं सोबाट आउन सक्ने विकृतिहरू नियन्त्रण गर्न प्रभावकारी नियमनको लागि आधिकारिक संरचनागत संयन्त्रको अभाव रहेको छ।

## २. अद्यावधिक स्थिति

गत त्रिवर्षीय योजनामा सूचना प्रविधिको समुचित विकास र प्रयोग गरी सोको माध्यमद्वारा विकास निर्माण तथा स्रोत साधनको उपयोगमा जोड दिदै गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरहरू विस्तार गरी नेपाली जनताको जीवनस्तर उकास्ने उद्देश्य परिपूति गर्न विभिन्न रणनीति तथा कार्यनीतिहरू तय गरिएको थियो । योजना अवधिमा सूचना प्रविधि शिक्षाको उल्लेख्य विकास र विस्तार हुनुकासाथै सूचना प्रविधि नीति २०६७ जारी भयो तर यसको उद्देश्य प्राप्तिका लागि नीतिको प्रभावकारी कार्यान्वयन हुन भने सकेको छैन। सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रको संलग्नता र सक्रियता संतोषजनक नै देखिन्छ। योजनाअवधिमा सूचना प्रविधि विभागको स्थापना भै सञ्चालनमा आएको छ। सूचना प्रविधि पार्कको सञ्चालन र व्यवस्थापनलाई गति दिन सकिएको छैन । सर्वसाधारणमा सूचना प्रविधिको पहुँच विस्तार गर्ने कार्य अगाडि बढेको छ । सूचना प्रविधि सम्बन्धी सूचकांक तथा तथ्यांक तयार भएको र अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइएको छ।

सरकारी एकीकृत सूचना केन्द्र सञ्चालनमा रहेको छ । तर सबै निकायहरूको तथ्याङ्कलाई एकीकृत गर्न सकिएको छैन । विद्युतीय कारोबार ऐन र नियम कार्यान्वयनमा रहेको छ । यसका अतिरिक्त ग्रामीण सूचना केन्द्रहरूको स्थापना गरी सञ्चालन गर्ने लक्ष्य भएकोमा सार्वजनिक विद्यालय र सामुदायिक संस्थाहरूमा ४०० भन्दा बढी ग्रामीण सूचना केन्द्रहरू स्थापना भएको छ। विद्युतीय शासनको स्थापना गर्ने लक्ष्य भएकोमा विद्युतीय सरकारको अवधारणा कार्यान्वयनका लागि दीर्घकालीन योजनाले पहिचान गरेका राष्ट्रिय परिचय पत्र लगायतका महत्त्वपूर्ण प्रणालीहरू विकासका क्रममा रहेका छन् । सवै सरकारी निकायका विद्युतीय प्रणालीहरूको स्तर निर्धारण तथा एक रूपता ल्याउनको लागि GEA तथा GIF तयारीको क्रममा रहेको छ। PKI को RDC को स्थापना भई कार्यान्वयनमा रहेको छ। त्यस्तै निजीक्षेत्र समेतको संलग्नतामा सूचना प्रविधि शिक्षा, सूचना प्रविधिको प्रयोग र जनशक्ति विकासको सुरुआत भएको छ।

## ३. समस्या तथा चुनौतीहरु

बौद्धिक सम्पत्ति अधिकारको संरक्षणमा कठिनाई, सूचनाको अत्यधिक भण्डारण क्षमताको अभाव, संलग्न निकायहरूबीच कार्यक्षेत्रगत स्पष्टता र समन्वयको अभाव, सूचनाको चोरी तथा सूचना अपराध कम गर्न नसकिनु, एकीकृत कानुनको अभाव, सूचना प्रविधिमा

भएको विकास अनुरूप कानुन र नियममा परिमार्जन गर्न नसकिनुजस्ता प्रमुख समस्या यस क्षेत्रले भोगिरहेको छ । सूचना प्रविधि क्षेत्रमा नेपालको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, उपलब्ध सूचना प्रविधिको पूर्वाधार समुचित उपयोग गर्नु, निजी क्षेत्र र सरकारी क्षेत्रबीच समन्वय कायम गर्नु, सूचना प्रविधि अपराधलाई नियन्त्रण गर्नु, सूचना प्रविधिलाई जनस्तरसम्म पुऱ्याई आर्थिक समृद्धि हासिल गर्न उपयोग गर्नु आदि यस क्षेत्रले सामना गर्नु परेका प्रमुख चुनौती हुन् ।

### ४. दीर्घकालीन सोच

नेपाललाई सूचना प्रविधिको विश्व मानचित्रमा स्थापित गर्दै ज्ञानमा आधारित समाजको निर्माण गर्ने ।

### ५. उद्देश्य

१. विद्युतीय शासन एवं सुशासनको अवधारणालाई कार्यान्वयन गर्दै जनतामा प्रवाहित हुने सरकारी सेवालाई सरल र पारदर्शी बनाउने तथा सूचना प्रविधिलाई ग्रामीण जनस्तरमा पुऱ्याईने ।

२. सूचना प्रविधि उद्योगको प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी क्षमता विकास गर्ने ।

### ६. रणनीति

१. विद्युतीय शासनको माध्यमबाट सुशासनलाई टेवा पुऱ्याउने ।

२. सूचना प्रविधिको प्रयोगलाई ग्रामीण तहमा पुऱ्याई सामाजिक विकासमा यसको अधिकतम उपयोग गर्ने ।

३. सूचना प्रविधिलाई उद्योगको रूपमा विकास गरी आर्थिक वृद्धि तथा रोजगारीको अवसर सृजना गर्ने ।

४. सूचना प्रविधिको प्रयोगलाई भरपर्दो र सुरक्षित बनाउने ।

### ७. कार्यनीति

१. विभिन्न सरकारी निकायबाट प्रदान गरिने सेवाहरू एउटै राष्ट्रिय पोर्टलद्वारा विद्युतीय माध्यमबाट प्रदान गर्ने व्यवस्था मिलाईनेछ । (१)

२. आकाशीय पूर्वाधार (cloud infrastructure) को स्थापना गरी सरकारी एकीकृत सूचना प्रणालीमा सम्पूर्ण सरकारी निकायहरूको विद्युतीय तथ्याङ्क स्थानान्तरण गरिनेछ । (१)

३. प्रकोप उद्धार केन्द्र निर्माण गरिनेछ । (१)

४. सरकारी, सार्वजनिक एवं निजी क्षेत्रको पहलमा पद्धति विकासलगायत सूचना प्रविधिजन्य

कार्यहरूमा एकरूपता ल्याउनका लागि GEA र GIF लाई नेपाल सरकारका सबै प्रमुख विद्युतीय प्रणालीहरूमा लागू गरिनेछ । (१)

५. विद्युतीय गुरुयोजना अद्यावधिक गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (१)

६. सूचना प्रविधिको स्थानीयकरण गरी स्थानीय भाषामा प्रयोग गर्न गराउन प्रोत्साहन गरिनेछ र स्थानीय स्तरमा  लोकल पोर्टलहरू बनाई तिनीहरूलाई राष्ट्रिय स्तरको नेशनल पोर्टलसँग आबद्ध गर्दै लगिनेछ । (२)

७. विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार गरिनेछ तथा विद्युतीय पुस्तकालय जस्ता विद्युतीय विवरणहरूको निर्माण तथा प्रयोग गर्ने एवं विद्युतीय अध्ययन कार्यक्रमको विस्तारद्वारा ग्रामीण तथा शहरी शिक्षामा समानता ल्याउन सहयोग गरिनेछ । (२)

८. सूचना प्रविधिसंग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकार संरक्षणको प्रभावकारी व्यवस्थापन गरिनेछ । (२)

९. नेपाललाई सफ्ट्वेयर आउटसोर्स गन्तव्यको रूपमा स्थापित गरिनेछ । (२)

१०. विद्युतीय अपराध न्यूनीकरण तथा अपराध अनुसन्धान गर्न TMC, CFL जस्ता संयन्त्रहरूको निर्माण गरिँदै लगिनेछ । सूचना प्रविधि क्षेत्रको आपतकालीन उद्धारका लागि आवश्यक हुने ITERC लाई आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्दै स्थापना गरिनेछ । (३)

११. सञ्चार संयन्त्रको माध्यमबाट हुने विद्युतीय व्यापारिक कारोबारलाई व्यावहारिक बनाउन EG लगायत अन्य आवश्यक विषयमा नियामक, नीतिगत, संस्थागत संरचना निर्माण गर्दै लगिनेछ । (३)

१२. सरकारी तथा जनसरोकारका निजी क्षेत्रका महत्त्वपूर्ण सूचना प्रविधि प्रणालीहरूको अनिवार्य आइ टी सेक्यूरिटी अडिट गर्नुपर्ने व्यवस्था गरिनेछ । (४)

१३. विद्यमान विद्युतीय कारोबार ऐनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप परिमार्जन गर्ने तथा अन्य आवश्यक कानुनको निर्माण गर्दै लगिनेछ । (४)

**८. प्रमुख कार्यक्रमहरु**

- सूचना प्रविधि पार्कलाई सञ्चालनमा ल्याउने ।
- विद्युतीय ग्रामको कार्यक्रम विस्तार गर्ने ।
- सरकारी आकाशिय पूर्वाधार तयार गर्ने ।
- विद्युतीय शासन सम्बन्धी गुरुयोजना तयार गर्ने ।
- TMC र सूचना प्रविधि आकश्मिक उद्धार समूहको गठन गर्ने ।
- सूचना प्रविधि सम्बन्धी छाता ऐन बनाउने ।

- विद्युतीय तयारी र परिपक्वता सर्भेक्षण गर्ने ।
- सूचना प्रविधि सम्बन्धी सेवा समुहको गठन गर्ने ।
- सूचना प्रविधि सम्बन्धी तालिम केन्द्र स्थापना गर्ने ।
- सरकारी कार्यालयहरूको सूचना प्रविधि प्रणालीको परीक्षण गर्ने ।

**९. अपेक्षित उपलब्धिहरु**

योजना अवधिमा विद्युतीय सुशासनका लागि आवश्यक पूर्वाधार तथा नीतिगत व्यवस्था भएको हुने, सूचना प्रविधि उद्योगको विकास भई रोजगारीमा वृद्धि एवं प्रतिभा पलायन न्यूनीकरण हुने, डिजिटल डिभाइड कम हुने, सूचना प्रविधि क्षेत्रका आवश्यक जनशक्तिको स्वदेशमै उपलब्धता हुने, सूचना प्रविधिमा नवीनतम तथा दिगो प्रविधिको प्रयोग भई भरपर्दो तथा सुरक्षित माध्यमको रूपमा स्थापित भएको हुनेछ ।

# ६.९ लैङ्गिक समानता, समावेशीकरण र मूलप्रवाहीकरण

## ६.९.१ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**१. पृष्ठभूमि**

महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, कार्ययोजनाका साथै सबै जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू मार्फत् लैङ्गिक समानता तथा महिला सशक्तीकरण गर्ने प्रयास भएका छन् । पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट केही सुधार देखिन थालेका छन् । राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान मानव बेचबिखन तथा ओसारपसार एवं घरेलु हिंसा नियन्त्रण गर्न कानुनहरू कार्यान्वयनमा ल्याइएको छ । मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडितहरूको तत्काल उद्धार तथा सहयोगका लागि कोषहरूको स्थापना गरी व्यवस्थापन र परिचालन गरिनुका साथै एकल महिलाहरूको हीत संरक्षणको कार्य गर्नका लागि एकल महिला सुरक्षा कोष कार्यान्वयनमा ल्याइएको छ ।

**२. अद्यावधिक स्थिति**

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, लैंगिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैंगिक सशक्तीकरण सम्बन्धी कार्ययोजना ( २०६९/७०-०७३/७४) तथा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्वर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना ( २०६७/६८-२०७१/७२) कार्यान्वयनमा रहेका छन् । घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ तथा नियमावली, २०६७ जारी भएपछि महिलामाथि हुने हिंसाको अन्त्यका लागि प्रभावकारी

कानुनी आधार तयार भएको छ । लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ कार्यान्वयनमा आई लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको छ । लैङ्गिक हिंसामा परेकाहरूकालागि तत्काल उद्धार, औषधि उपचार, कानुनी सहायता तथा पुनर्स्थापनाका कार्यहरू भैरहेका छन् । एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० कार्यान्वयनमा आएको छ । निजामती सेवा (१५.३ प्रतिशत पुगेको), नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरी, नेपाली सेना लगायतका राज्यका विभिन्न अंगहरूमा महिला सहभागिता वढ्दै गएको छ । लैङ्गिक उत्तरदायी बजेटतर्फ मुलुकको कूल बजेटको २१.७५ प्रतिशतको अनुपात र स्थानीय निकायमा जाने अनुदानको कम्तीमा १० प्रतिशत रकम महिला सशक्तीकरणतर्फ छुट्याउनुपर्ने व्यवस्था भएको छ । बिपन्न ग्रामीण महिलाका लागि वैकल्पिक अवसर सृजना गर्ने गरी सञ्चालित महिला विकास कार्यक्रम आर्थिक वर्ष २०६९/७० को अन्तसम्ममा देशका पचहत्तरै जिल्लाका ३,६३६ गाउँ विकास समितिमा विस्तार भइसकेको छ । महिला विकास कार्यक्रममा लक्षित महिलाको सहभागिता ७ लाख ८१ हजार पुगेको छ । घरेलु हिंसा र यौनजन्य दुर्व्यवहारबाट प्रभावित महिलाका लागि १५ जिल्लामा सेवा केन्द्र सञ्चालनमा आएका छन् । नेपालले सहस्राब्दि विकास लक्ष्य प्राप्तीका लागि गरेका प्रयासबाट मातृमृत्यु दरमा सुधार आई प्रति एक लाखमा १७० मा झरेको छ । महिलाहरूको कुल साक्षरता दर ५७ प्रतिशत भन्दा बढी पुगेको छ भने १५-२४ वर्षको उमेरका महिलाहरूको साक्षरता दर ८५ प्रतिशत पुगेको छ ।

### ३. समस्या तथा चुनौतीहरु

महिला तथा पुरुषबीच समानता कायम गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास हुँदाहुँदै पनि समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु, महिलालाई विकासका सबै चरणहरूमा सारभूत सहभागिता गराउन नसक्नु, महिला विकासका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु, महिला विकास कार्यक्रमहरूले लक्षित सबै क्षेत्र र बर्गलाई समेटन नसक्नु , लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलाहरूमा बढी पर्नु, महिलाका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूबीच प्रभावकारी समन्वयको कमी रहनु, महिला विकास कार्यक्रमको क्षेत्र विस्तार भएपनि सोही अनुपातमा मानवीय, आर्थिक तथा भौतिक साधनहरूको उपलब्धता नहुनु, महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसक्नु, एकीकृत लैंगिक तथ्यांक राख्ने पद्धतिको विकास हुन नसक्नु, लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु, अनुगमन तथा मूल्यांकन गर्दा लैङ्गिक दृष्टिकोणले समेत हेरिने पद्धतिको विकास हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरू विद्यमान छन् ।

### ४. दीर्घकालीन सोच

महिलाको मुलभूत तथा समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रूपले समावेशी र समतामूलक राष्ट्र निर्माण गर्ने ।

## ५. उद्देश्य

१. सबै सामाजिक समूह, वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउने ।

२. महिला भएकै कारणबाट हुने लैङ्गिकतामा आधारित हिंसा एवं विभेद र बहिष्करणको अन्त्य गर्ने ।

## ६. रणनीति

१. लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्दै शासन प्रणालीको प्रत्येक चरण र विकास प्रक्रियाको सबै चक्रमा महिलाहरूको उल्लेखनीय र सार्थक सहभागिता अभिवृद्धि गर्ने ।

२. महिलाविरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने ।

३. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि एवं जीवनस्तर सुधारका लागि लक्षित संरक्षणात्मक, सेवामूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ७. कार्यनीति

१. महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ कानुनहरूको निर्माण, विद्यमान कानुनहरूको कार्यान्वयन एवं सोको अनुगमन गरिनेछ । (१)

२. महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गरिनेछ । (१)

३. राज्यका संरचनामा महिलाको प्रतिनिधित्वलाई न्यूनतम ३३ प्रतिशत पुऱ्याइनेछ । (१)

४. आयोजनाहरूलाई बढीभन्दा बढी रोजगारीमूलक र लैङ्गिक दृष्टिले उत्तरदायी बनाउन आयोजना तर्जुमाको क्रममा लैङ्गिक पद्धतिहरूको विकास, कार्यान्वयन र अनुगमन गरिनेछ । (१)

५. लैङ्गिक बजेट प्रणालीलाई संस्थागत बनाउँदै स्थानीयस्तरसम्म विस्तार गरिनेछ । (१)

६. स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ । (१)

७. महिला बिरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयन तथा अनुगमन गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । (१)

८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा बिभेद र बहिष्करणको रोकथाम एवं नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज र सबैको लागि पहुँचयोग्य बनाइनेछ । (२)

९. लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिनेछ । (२)

१०. एकल महिलाको लागि आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ । (२)

११. अपाङ्गता भएका महिलाहरूको हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरिनेछ । (२)

१२. महिला तथा लैङ्गिक हिंसा निवारण कोषको निर्देशिका बनाउनुका साथै सोको प्रभावकारी परिचालन गरिनेछ । (२)

१३. घरेलु हिंसाबाट पीडित ब्यक्तिलाई तत्काल सुरक्षा प्रदान गर्न स्थापना भएका सेवा केन्द्रहरूको सञ्चालनमा प्रभावकारिता ल्याइनेछ र यस्ता सेवा केन्द्रहरूलाई बहुउद्देश्यीय तालिम केन्द्रको रूपमा सञ्चालन गर्ने दृष्टिकोण लिईनेछ । (२)

१४. न्याय र कानुनको क्षेत्रमा संलग्न महिला कर्मचारीहरू र महिला कानुन व्यवसायीहरूलाई महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव निर्मूल पार्ने दिशामा परिवर्तनको सम्वाहकका रूपमा कार्य गर्न सक्षम बनाउनको निमित्त महिला न्यायिक नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ । (२)

१५. संसद र स्थानीय निकायमा महिलाको प्रतिनिधित्व वृद्धि गर्ने सम्बन्धमा सरकार, राजनीतिक दलहरू, गैर सरकारी संघ संस्था, नागरिक समाज तथा आम सञ्चार माध्यमका बीच सार्वजनिक बहसको थालनी गरिनेछ । (२)

१६. महिला विकास कार्यक्रमको क्षेत्र विस्तार गर्नुका साथै प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ । (३)

१७. वञ्चितीमा परेका सबै महिलाहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै विशेषतः बादी, कमलरी, कमैया, चेपाङ् र राउटे समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

१८. महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी सृजना गर्न वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ र सहुलियतमा सेवा प्रदान गरिनेछ । (३)

१९. मुलुकको प्रशासन तथा नीति निर्माण तहमा महिलाहरूको पहुँच बढाउन लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षाहरूका लागि तयारी कक्षाहरू सञ्चालन गरिनेछन् । (३)

## ८. प्रमुख कार्यक्रमहरू

- **महिला सशक्तीकरण कार्यक्रम** : नीति निर्माण, कानुन तर्जुमा तथा सुधार कार्यक्रम (बलात्कार विरुद्धको कानुन, महिला हिंसा निवारण कोषको निर्देशिका), क्षेत्रगत निकाय तथा लैङ्गिक क्षेत्रमा कार्यरत गैरसरकारी संस्था संयोजन, लैङ्गिक सचेतना तथा अधिवाचन, लैंगिक हिंसा निवारण, एकल महिलाहरूको हित संरक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- **महिला विकास कार्यक्रम** : यस कार्यक्रममा आवद्ध कर्मचारीहरूको क्षमता अभिवृद्धि, निजामती सेवालाई समावेशी बनाउन महिला उम्मेदवारहरूलाई लक्षित गरी विशेष तयारी कक्षा सञ्चालन, लैङ्गिक मूलप्रवाहीकरण कार्ययोजना, क्षेत्रगत कार्यालयको लैङ्गिक लेखाजोखा, क्षमता विकास, स्व-रोजगारीका अवसर सृजना, महिला संस्थाको भौतिक पूर्वाधार विकास, सेवाबिमुख गाउँ विकास समितिमा कार्यक्षेत्र विस्तार जस्ता कार्यक्रम गरिनेछन् । साथै विकास आयोजनाको कार्यान्वयनलाई लैंगिक मैत्री एवं समावेशी बनाउन आवश्यक सूचकहरूको विकास गरिनेछ ।

- **लैङ्गिक हिंसा निवारणका लागि एकीकृत विकास कार्यक्रम** : वडा समितिअन्तर्गत निगरानी समूह गठन, लैङ्गिक हिंसा सम्बोधनका लागि सञ्चालनमा रहेका सेवाहरूको उपयोगमा सचेतना अभिवृद्धि, लक्षित महिलाको समूहीकरण, समूह सदस्यको अनुशिक्षण एवं अभिकार्य प्रशिक्षण, महिला संस्थाको व्यावसायिक सेवाको सुदृढीकरणका लागि बहुउपयोगी कार्यक्रम गरिनेछन् । द्वन्द्वपीडित महिलाहरूको मनोवैज्ञानिक चिकित्साका लागि सरकारी-निजी क्षेत्रको साझेदारीमा मनोविमर्श केन्द्रको स्थापना गरिनेछ ।

- **आयमूलक कार्यक्रममा सहभागिता र अनुगमन** : शिक्षा र श्रम तथा रोजगार कार्यक्रमहरूबाट सञ्चालित सबै सीपमूलक तालिम र बीउ पूँजी वितरण कार्यमा महिलाहरूको ३३ प्रतिशत सहभागिता रहे नरहेको अनुगमन गर्ने । यस्ता सीपमूलक तालिम, रोजगार र बीउ पूँजी वितरण कार्यक्रममा आदिवासी जनजाति, दलित, बादी, कमलरी, चेपाङ्ग, कमैया, राउटे, गान्धार जस्ता पिछडिएका समुदायको उचित सहभागिता सुनिश्चित गरिनेछ ।

- सबै जिल्लामा नेपाल प्रहरी अन्तर्गतका महिला सेल र सेवा केन्द्रहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

## ९. अपेक्षित उपलब्धि

राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको हुने, प्रत्यक्षरूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तीमा २५ प्रतिशत पुगेको हुने, महिला विकास कार्यक्रम सबै गाउँ विकास समितिमा विस्तार हुने र समुह सदस्य संख्या ९ लाख ५० हजार पुगेको हुने, लैंगिक हिंसा घट्ने र पीडकलाई अनिवार्य सजाय हुने संयन्त्रसमेत बनेको हुनेछ ।

## ६.९.२ समावेशीकरण

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम समुदाय, उत्पीडित समुदाय र पिछडिएका क्षेत्र र वर्गका समस्याहरूलाई सम्वोधन गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, संघीय शासन प्रणाली सहितको अग्रगामी पुन:संरचना गर्ने उल्लेख गरेको छ। नेपाल मानव अधिकारसम्बन्धी विश्व घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को साथसाथै अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको हस्ताक्षरकारी राष्ट्र भएकाले आदिवासी/जनजाति लगायतका विभिन्न समुदायहरू विरुद्ध हुने भेदभाव अन्त्य गर्नुपर्दछ र उनीहरूको सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण उपयोगका लागि आई पर्ने अवरोधहरू हटाउनु पर्दछ । विगतका आवधिक योजनामा आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, धार्मिक, भाषिक तथा भौगोलिक रूपमा वञ्चितीकरणमा परेका समुदायको संरक्षण तथा सम्वर्द्धन, नीति निर्माण प्रक्रियामा पहुँच विस्तार लगायत प्रयासहरू हुँदै आएका छन् । तथापि यी समुदायको विद्यमान अवस्थामा सुधार गरी देशको समग्र विकास प्रयासमा यिनीहरूको योगदान अर्थपूर्ण रूपमा समाहित गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

### २. अद्यावधिक स्थिति

समावेशीकरणको सवालमा विभिन्न संवैधानिक, कानुनी, नीतिगत, योजनागत, संस्थागत, कार्यक्रमगत तथा सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्य र समन्वयमार्फत् आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम समुदाय, वादी समुदाय लगायत पिछडिएको वर्गको उत्थानका लागि विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालित भएका छन् । अधिकांश कार्यक्रमहरू समुदायहरूकै प्रतिनिधिमूलक जातीय गैर सरकारी संघसंस्थाहरू मार्फत सञ्चालन हुदै आएका छन् । उनीहरूकै प्रत्यक्ष एवं सकृय सहभागितामा कार्यक्रम तथा योजना तर्जुमा कार्यान्वयन र अनुगमन कार्यक्रमहरू सञ्चालन हुनेछन् । विभिन्न सरकारी निकायहरू, स्थानीय निकाय र गैर सरकारी निकायहरूवाट समावेशी समुदायहरूका निम्ति विशेष लक्षित कार्यक्रम सञ्चालन गरिएको छ । समुदायका भाषा, धर्म, संस्कार, र संस्कृतिको संरक्षण गर्न केन्द्र तथा स्थानीय निकायहरूमार्फत् विभिन्न कार्यक्रमहरू सन्चालन गर्न रकम विनियोजन भएको छ । त्रिवर्षीय योजना अवधिमा विभिन्न समुदायहरूका लागि सामाजिक, सांस्कृतिक र आर्थिक विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखिएको भए तापनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

### ३. समस्या तथा चुनौतीहरु

गरिबी, विद्यमान सङ्कीर्ण सामाजिक मूल्य मान्यता, अशिक्षा, स्रोत र साधन तथा सेवा सुविधामा न्यून पहुँच, साथै योजना तर्जुमा र कार्यान्वयनमा समावेशी र समन्यायिक ढंगले

दृष्टिकोणको अभाव एबम् विभिन्न क्षेत्र, वर्ग, लिंग र समूहलाई उपलव्ध स्रोत साधन तथा सेवा र सुविधामा समन्यायिक पहुँच सुनिश्चित गर्ने जस्ता समस्या र चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम समुदाय, वादी समुदाय लगायत पिछडिएको वर्गलाई विकासको मूलप्रवाहमा ल्याई समतामूलक समाजको निर्माण गर्ने ।

## ५. उद्देश्य

महिला, दलित, आदिवासी/जनजाति, मुस्लिम समुदाय, मधेशी समुदाय, पिछडा वर्ग तथा समुदायहरूको राजनीतिक, आर्थिक, सामाजिक, मानवीय, सांस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्दै ति वर्गको आर्थिक, सामाजिक एवं सांस्कृतिक उत्थान गर्ने ।

## ६. रणनीति

१. महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडा वर्ग, अल्पसङ्ख्यक लोपोन्मुख जाति, कर्णाली क्षेत्र लगायतका दुर्गम पहाडी र हिमाली क्षेत्रका बासिन्दा, विपन्न वर्ग जस्ता वञ्चितिमा परेका तथा पारिएका समुदाय तथा व्यक्तिहरूका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

२. सकारात्मक विभेद र आरक्षणका माध्यमबाट राज्यका सवै क्षेत्रमा लक्षित वर्गको पहुँच तथा सार्थक सहभागिता सुनिश्चित गर्ने ।

३. सामाजिक सचेतना तथा क्षमता विकास कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरी सशक्तीकरण गर्ने ।

४. परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने ।

## ७. कार्यनीति

१. रोजगारीका अवसरहरूमा न्यायोचित पहुँचको व्यवस्था गरी राज्यका सवै निकायहरूमा वञ्चितिमा परेका समुदायहरूलाई मूल प्रवाहीकरण गरिनेछ । (१)

२. शासन प्रणालीको सबै तह र प्रक्रियामा वञ्चितिकरणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । (२)

३. खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षाजस्ता आधारभुत सेवा र उपलब्ध स्रोत साधनमा लक्षित समुदायको पहुँच बढाउनका लागि आवश्यक नीतिगत र संरचनागत सुधार गरिनेछ । (२)

४. लक्षित समुदायहरूको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवं गैरसरकारी क्षेत्रबाट कार्यक्रम सञ्चालन गरिनेछ । (२)

५. लक्षित समुदायहरूको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरू अभियानकै रूपमा सञ्चालन गरिनेछ । (३)

६. लक्षित समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्वन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । (४)

७. लक्षित समुदायको उत्थानका लागि स्थापना भएका संस्थाहरूको सुदृढीकरण गरिनेछ । (४)

८. विद्यालय तहको शिक्षामा त्रयभाषिक नीति अवलम्बन गरिनेछ । (४)

९. जलवायु परिवर्तनबाट जनजीवनमा पर्ने नकारात्मक असरका सम्बन्धमा स्थानीय समुदायलाई जागरुक गराउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

वञ्चितिमा परेका दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी समुदाय, पिछडा वर्ग तथा समुदायहरूको राजनीतिक, आर्थिक, सामाजिक, मानवीय, सांस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न देहायका प्रमुख कार्यक्रम सञ्चालन गरिनेछ ।

### राज्यको संरचना र नीतिसम्बन्धी

- विभिन्न समुदायको हीत हुने कार्यक्रमहरू सञ्चालन गर्दा सामाजिक परिचालनलाई अनिवार्य पूर्वशर्तका रूपमा लिईने र हरेक कार्यक्रमहरू सञ्चालन गर्दा सामाजिक परिचालन गरेर मात्र अगाडि बढाइने ।

- सम्बन्धित जनजातिका प्रतिनिधि संस्थाहरूलाई राज्य सञ्चालनका हरेक चरणमा सहभागिता हुने गरी संरचनागत सुधार गरिने । यसका लागि संस्थागत क्षमता विकास र प्रबर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने ।

- समावेशी समुदायको परामर्श र सहभागितामा सम्बन्धित नीति, ऐन कानुनहरूको समीक्षा, सुधार तथा नयाँ निर्माण कार्य गरिने ।

- सरकारी/गैरसरकारी क्षेत्रमा उपलब्ध हुने अवसरहरू तथा संचालित हुने कार्यक्रमहरूमा समावेशी समुदायहरूलाई प्राथमिकता दिने नीति अवलम्बन गरिने ।

- अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि १६९ सँग विरोधाभाष हुने कानुनी एवं नीतिगत प्रावधानहरू पहिचान गरी संशोधन गरिने ।

- जल, जमिन, जङ्गल र खानी जस्ता प्राकृतिक स्रोतहरूमा आदिवासी जनजातिहरूको पहुँच वृद्धि गर्न उपयुक्त व्यवस्था गर्नुका साथै प्राकृतिक स्रोत सम्पदाको संरक्षण, सम्वर्द्धन, र उपभोग गर्ने कार्यहरूमा स्थानीय समावेशी समुदायलाई प्राथमिकता दिइने ।

- मातृभाषा सहितको नेपाली भाषा जानेको स्थानीय समाबेशी समुदायबाट रिक्त शिक्षक दरबन्दीमा नियुक्ति हुन सक्ने वातावरण सृजना गर्न आवश्यक व्यवस्था मिलाइने ।

**परम्परागत तथा जातीय सङ्गठनहरुको क्षमता अभिवृद्धिसम्बन्धी**

- मानवअधिकार, आदिवासी अधिकार लगायतका समसामयिक विषयहरूमा विशेष जनजागरण अभियान कार्यक्रम सञ्चालन गरिने ।
- सञ्चार माध्यमहरूलाई लोपोन्मुख समूहको भाषाहरूमा सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- आदिवासी जनजातिसम्बन्धी स्रोत केन्द्रहरू उपयुक्त स्थानमा स्थापना गर्ने ।
- पिछडीएका समुदायका संगठनहरूको क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।

**आर्थिक विकाससम्बन्धी**

- उच्च मूल्यका बालीहरूको खेती गर्न, बजारको पहुँच पुऱ्याउन र मूल्य श्रृङखला अभिवृद्धि गर्न र सामुदायिक पशुविकास सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।
- समावेशी समुदायका जातजातिहरूमा परम्परागत सीप तथा ज्ञानहरूलाई आधुनिकीकरण र व्यावसायीकरण गर्न आवश्यक पर्ने बीउ पूंजी, तालिम तथा प्रविधिको व्यवस्था गर्ने ।
- व्यावसायिक कृषितर्फ उन्मुख गराउन लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कृषि उत्पादनसँग सम्बन्धित प्रशोधनकर्ता तथा मध्यस्थ व्यापारी वर्गको रूपमा क्षमता अभिवृध्दिका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- उद्यमशीलता (प्राविधिक तालिमसहितको) विकास कार्यक्रम सञ्चालन गर्ने ।
- आदिवासी जनजाति, दलित समुदाय, पछाडि परेका क्षेत्रका समुदाय, मधेशी एवं पिछडिएको समुदाय, मुस्लिम समुदाय, वादी लगायतका समुदायका जनजातिहरूको पहिचान तथा परिचयपत्र वितरण गर्ने नीति लिई छनौट गरिएका जिल्लाहरूमा आर्थिक विकासका लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विभिन्न समुदायको  बसोबास बढी भएका जिल्लाहरूमा साँस्कृतिक तथा पर्यटन विकास कार्यक्रम तर्जुमा र सञ्चालन गर्न राज्यले आवश्यक व्यवस्था गर्ने ।
- मुक्त कमैयाहरूको पुनः स्थापना तथा जीविकोपार्जन कार्यक्रमलाई निरन्तरता दिने ।
- आदिवासी /जनजाति, दलित समुदाय, पछाडि परेका क्षेत्रका समुदाय, मधेशी एवं पिछडिएको समुदाय, मुस्लिम समुदाय, वादी लगायतका समुदायहरूमा महिला तथा पुरूष सम्मिलित सहकारी संस्था खोल्न प्रोत्साहन गर्ने ।

- लोपोन्मुख, अति सीमान्तकृत तथा सीमान्तकृत आदिवासी जनजातिहरूलाई वैदेशिक रोजगारका लागि आवश्यक पर्ने आर्थिक सहयोग तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्न राज्यले विना धितो आर्थिक सहयोग उपलब्ध गराउने ।
- अनौपचारिक क्षेत्रमा कार्यरत आदिवासी जनजाति महिला तथा पुरूषहरूको हीत संरक्षण गर्ने आवश्यक संयन्त्र तथा काम गर्ने वातावरणको विकास गर्ने ।
- जडीबुटी तथा गैर काष्ठ वन पैदावरसम्बन्धी उद्यमहरू प्रवर्द्धन तथा उत्पादित वस्तुहरूलाई बजारसम्म पुऱ्याउन आदिवासी जनजाति समूहहरूलाई प्राथमिकता दिई आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आदिवासी जनजातिहरूको परम्परागत पेसा (हस्तकला, कुटिर उद्योग, माछा मार्ने, शिकार खेल्ने आदि) को सम्मान गर्दै ती पेसाहरूको विकास, संरक्षण र सम्बर्द्धनको लागि विशेष नीति बनाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

**सामाजिक विकाससम्बन्धी**

- विपन्न वर्ग र दुर्गम क्षेत्रका विद्यार्थीका लागि स्वदेश तथा विदेशका विश्वविद्यालयहरूमा उच्च शिक्षा (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, कानुन आदिमा समेत) मा आरक्षण तथा छात्रवृत्ति प्रदान गर्ने ।
- प्राविधिक/व्यावसायिक शिक्षा तथा सीप विकासमा युवाहरूको सहभागिता वृद्धिका लागि विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
- विभिन्न समुदायका जनसंख्या बढी भएका जिल्लाहरूमा मातृभाषी शिक्षकहरू उत्पादनका निम्ति तालिम कार्यक्रमका साथै मातृभाषाहरूमा औपचारिक–अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- लेख्य परम्परा भएका मातृभाषाहरूमा पठनपाठनको विषयको रूपमा प्राथमिक शिक्षा कार्यक्रम क्रमशः सञ्चालन गर्ने ।
- मातृभाषाहरूको माध्यमबाट शिक्षा दिने पद्धतिलाई संस्थागत गर्न औपचारिक–अनौपचारिक शिक्षा कार्यक्रम मातृ भाषामा सञ्चालन गर्ने ।
- राष्ट्रिय पाठ्यक्रम तथा पाठ्य सामग्रीहरूका साथै स्थानीय विशेष पाठहरू विकास गर्न आदिवासी तथा जनजातिका इतिहास, संस्कृति, दर्शन तथा साहित्यसम्बन्धी सूचना संकलन तथा अभिलेखीकरण गर्ने ।
- स्वास्थ्य सेवा क्षेत्रमा आदिवासी जनजाति जनशक्ति उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।
- एक लाख जनसंख्या भन्दा बढीले प्रयोग गर्ने मातृभाषाहरूमा स्वास्थ्य, सरसफाइ र वातावरणसम्बन्धी चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।

- विभिन्न समुदायको  जनसंख्या बढी भएका क्षेत्रहरूमा स्वास्थ्य सेवा तथा सुविधाहरू उपभोग गर्ने सिलसिलामा आदिवासी जनजाति महिला तथा पुरूषहरूलाई आउने सामाजिक (भाषिक, क्षेत्रीय तथा लैङ्गिक) अवरोधहरूको अभिलेखीकरण गर्ने ।
- महिलाहरूमाथि हुने विभिन्न खाले शोषण एवं ओसार-पसार, बालश्रम, घरेलु हिंसालाई अन्त्य गर्नका लागि जातीय सङ्गठनहरूको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।
- जनजातिहरूको स्वास्थ्य सेवामा पहुँच बढाउन स्वास्थ्यसम्बन्धी विशेष सेवाहरू सञ्चालन गर्ने ।

**भाषा र संस्कृतिहरुको संरक्षणसम्बन्धी**

- आदिवासी जनजाति, दलित समुदाय, पछाडि परेका क्षेत्रका समुदाय, मधेशी एवं पिछडिएको समुदाय, मुस्लिम समुदाय, वादी समुदाय लगायतका समुदायहरूको जात जातिका भाषा, संस्कृतिहरूको संरक्षण, सम्वर्द्धन र सचेतनाका निम्ति अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने ।
- भाषा, सँस्कृति तथा सम्पदाहरूको संरक्षण र सम्बर्द्धनका निम्ति सन्दर्भ सामग्री तयार गर्ने ।
- भाषा, दर्शन र संस्कृतिहरूको अध्ययन अनुसन्धानका निम्ति संस्थागत व्यवस्था गर्ने ।
- कला तथा संस्कृति ग्राम र सांस्कृतिक सँग्रहालय अन्तर्गत परम्परागत कला, संस्कृति तथा सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन गर्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ९. अपेक्षित उपलब्धि

महिला, आदिवासी जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्र, मुस्लिम, वादी लगायतका समुदायहरुले पहिचान गरेका कम्तिमा ३५ हजार वटा सामुदायिक पूर्वाधार विकास सम्बन्धी योजनाहरु सञ्चालन हुनेछन्, समुदायको सशक्तिकरण र चेतना अभिवृद्धि सम्बन्धी कम्तिमा १५ हजार वटा कार्यक्रमहरु कार्यान्वयन हुनेछन्, कम्तिमा ३ लाख ५० हजार जना आदिवासी जनजाति लगायत पछाडी परेका समुदायका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेछन्, कम्तिमा ८ लाख युवाले वैदेशिक रोजगारको अवसर पाउनेछन्, कम्तिमा २५ हजार जना महिलाले राज्यबाट उपलब्ध गराईएको सुरक्षित सुत्केरी सुविधा उपयोग गर्नेछन्, कर्णाली लगायत पछाडी परेको समुदायका लागि १० लाख श्रमदिन बराबर रोजगार सृजना भएको हुनेछ ।

## ६.१० सामुदायिक तथा गैरसरकारी संस्थाहरु

### १. पृष्ठभूमि

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई विकासको साझेदार एवं सम्वाहकको रूपमा स्थापित गरी उनीहरूको योगदानलाई लक्षित वर्ग तथा क्षेत्रसम्म पुऱ्याउने, एकद्वार

प्रणालीमार्फत् सञ्चालन एवं सहजीकरण गर्ने, आचारसंहिता निर्माण गरी गैरसरकारी संस्थाका क्रियाकलापहरू संहिताबद्ध एवं पारदर्शी गराउने तथा प्रभावकारी समन्वय कायम गरी गैरसरकारी संस्थाका कार्यक्रम स्थानीय विकासमुखी बनाउनु जरुरी छ । नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरूमा सहजीकरण सिफारिस समितिले स्वीकृति दिने गरेपनि नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतलाई लक्षित क्षेत्रमा पुऱ्याउन आवश्यक छ । गैरसरकारी संस्थाहरूको सङ्ख्या र क्रियाकलापहरूको वृद्धिसँगै तिनका क्रियाकलापहरू सामाजिक-आर्थिक विकासको कार्यमा विस्तार हुन पुगेको अवस्थामा यसको सञ्चालन र व्यवस्थापनमा प्रभावकारी नियमनका लागि उपयुक्त तथा समयसापेक्ष कानुनी, प्रशासनिक तथा संरचनागत व्यवस्थामा प्रभावकारिता ल्याई विकासका साझेदारको भूमिकालाई उपयोग गर्नु आवश्यक भएको छ ।

## २. अद्यावधिक स्थिति

विगतमा देशको सामाजिक आर्थिक जीवनमा गैर सरकारी संस्थाहरूको भूमिका एवं लगानीमा उल्लेखनीय विस्तार भएको छ । यी संस्थाहरू स्वास्थ्य, शिक्षा, सामुदायिक विकास, बाल अधिकार संरक्षण, महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण, दिगो वातावरण व्यवस्थापन, जीविका प्रबर्द्धन,सचेतना अभिवृद्धि, मानव अधिकार, शान्ति लगायतका क्षेत्रमा सक्रिय रहेका छन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहजीकरणका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत एक अन्तरमन्त्रालय सहजीकरण समिति क्रियाशील रहेको छ । यस क्रममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परियोजना सहजीकरण कार्यविधि, २०७० स्वीकृत भइसकेको छ ।

समाज कल्याण परिषद्को माध्यमबाट पनि यस क्षेत्रलाई मर्यादित, व्यवस्थित र जवाफदेही बनाउनेतर्फ प्रयास भएको छ । स्थानीय निकायमा गैर सरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गरी प्रभावकारी स्तरीय कार्य सम्पादनका लागि विभिन्न तालिमहरू प्रदान गरिएका छन् । स्थानीय निकायसँग गैरसरकारी क्षेत्रको आबद्धतालाई सहज बनाउन प्रयास गरिएको छ । संघ संस्थासम्बन्धी कानुनमा समयसापेक्ष परिमार्जनका लागि कार्य प्रारम्भ भएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

समाजकल्याण ऐन २०४९ बमोजिम गैरसरकारी संस्थाहरूले समाजकल्याण परिषद्बाट अनुमति लिनुपर्ने व्यवस्था भए तापनि परिषद्सँग आबद्ध भएका करिब ३७ हजार भन्दा वढी र स्थानीय प्रशासनमा दर्ता भई परिषदसँग आबद्ध नभएका हजारौंको सङ्ख्यामा रहेका राष्ट्रिय गैरसरकारी संस्थाहरूका साथै २५० को हाराहारीमा रहेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वय तथा अनुगमन र मूल्याङ्कनलाई संहिताबद्ध गराउने कार्यमा अपेक्षित नतिजा प्राप्त नहुनु र विभिन्न निकायहरूले आआफ्नै तरिकाबाट सम्बन्ध स्थापना गरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त स्रोत उपयोग गर्ने

अभ्यासले यसरी प्राप्त हुने स्रोतलाई अपेक्षित रूपमा एकद्वार प्रणालीबाट नियमन गर्न नसक्नु जस्ता समस्या र चुनौतीहरू रहेका छन् ।

**४. दीर्घकालीन सोच**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र नागरिक समाजको भूमिकालाई सुदृढ, मर्यादित र पारदर्शी बनाउँदै तिनीहरूलाई आर्थिक, सामाजिक रूपान्तरणको भरपर्दो साझेदारका रूपमा अघि बढाउने ।

**५. उद्देश्य**

सरकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रका कार्यक्रममा समन्वय, सहकार्य र अन्तरसम्बन्धको विकास गरी स्थानीय तहको सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाउने ।

**६. रणनीति**

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानी राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ निर्दिष्ट गरी विकासको साझेदारको रूपमा प्रवर्द्धन गर्ने ।

२. स्थानीय गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको स्थानीय निकायसँगको समन्वय र सहकार्यलाई फराकिलो र उन्नत बनाई सामाजिक- आर्थिक विकासमा योगदान पुऱ्याउने ।

३. गैरसरकारी संस्थाहरूको पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्दै सहजीकरण, परिचालन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।

**७. कार्यनीति**

१. गैर सरकारी संस्थाहरूको लगानीलाई लक्षित समूह, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तीकरण, जीविका प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा निर्दिष्ट गरिनेछ । (१)

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका कार्यक्रमहरूलाई कायम हुनेगरी मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका जिल्ला, क्षेत्र र समुदायतर्फ उन्मुख हुने व्यवस्था गरिनेछ । (१)

३. स्थानीय भौतिक स्रोत, मानवीय स्रोत तथा स्थानीय प्रविधिको प्रयोगमा प्राथमिकता दिई गरिबी न्यूनीकरणमा सहयोग गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ । यसका लागि आवश्यक कानुनी प्रक्रियामा परिवर्तन तथा निर्देशिका बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ । (१)

४. नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतका कार्यक्रमसमेत सहजीकरण सिफारिश समितिबाट स्वीकृत गर्नुपर्ने प्रावधान लागू गरिनेछ । (१)

५. नेपाली गैरसरकारी संस्थालाई वैदेशिक सहायतामा निर्भरता कम गर्न मुलुक भित्र संस्थागत पूँजी आर्जन गर्न प्रोत्साहित गरिनेछ । (१)

६. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहमा कार्यरत संस्था छनौट गर्नुपर्ने र उपलब्ध नभएमा नजिकको क्षेत्रमा कार्यरत संस्था छनौट गर्नुपर्ने प्रणाली लागू गरिनेछ । (२)

७. गैर सरकारी संस्थाका क्रियाकलापहरूमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न योजना निर्माणदेखि कार्यान्वयनसम्मका क्रियाकलापमा स्थानीय सरोकार तथा स्थानीय निकायको समन्वय र सहभागिता सुनिश्चित गरिनेछ । (२)

८. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालमा कार्यक्रम सञ्चालन गर्दा महालेखा नियन्त्रक कार्यालयबाट निर्दिष्ट गरिएको वाणिज्य बैंकमा खाता सञ्चालन गर्नु पर्ने व्यवस्था सुरु गरिनेछ । (२)

९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको खर्चको मापदण्ड निर्देशिका बनाईनेछ । कुल बजेटको २० प्रतिशत भन्दा बढी प्रशासनिक खर्च नहुने व्यवस्था गरिनेछ । (२)

१०. द्विपक्षीय, बहुपक्षीय र अन्तर सरकारी स्तरमा सम्झौता भई नेपालका लागि छुट्याइएको कोष अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले अन्य देशको लागि उपयोग गर्न नपाइने व्यवस्था गरिनेछ । (३)

११. समाज कल्याण परिषद्को संरचनालाई परिवर्तित सन्दर्भ अनुकूल गराउनुका साथै ऐनमा समयानुकूलसुधार गरिनेछ। (३)

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रम सम्झौतामा अनुमति दिँदा आधार तोकी लैङ्गिक बजेट अनुपात बढी हुने कार्यक्रमलाई प्राथमिकता दिने व्यवस्था गरिनेछ । (३)

१३. अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका कार्यक्रमकालागि जनशक्ति, प्रवेशाज्ञा, भन्सार, कर जस्ता व्यवस्थाका सम्बन्धमा कार्यक्रम सम्झौतामा समावेश गरी तदनुरूप सेवामा सरलीकरण गराइनेछ । (३)

१४. क्षेत्रीयस्तरका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा कार्यालय खोल्नु पर्दा त्यस्ता संस्थाले नेपालमा समेत कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ । (३)

१५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको जनलेखा परीक्षण तथा कार्यक्रम तथा खर्चको सार्वजनिक सुनुवाई गर्ने प्रणालीलाई लागू गर्दै लगिनेछ । (३)

१६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका विज्ञहरू राख्ने प्रणालीमा सुधार गरी नेपाली जनशक्ति प्रयोग गर्नेतर्फ प्राथमिकता दिइनेछ । (३)

१७. मन्त्रालय र समाज कल्याण परिषद्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसम्बन्धी विद्युतीय सूचना बैंक तयार गरिनेछ । (३)

१८. वित्तीय व्यवस्थापनको प्रतिवेदन गर्ने विद्युतीय प्रणालीको विकास गरी प्रतिवेदन गर्ने र त्यसको वित्तीय जोखिमका परीसूचकहरू बनाई छनौट प्रणालीका आधारमा त्यस्ता गैरसरकारी संस्थाहरूको तेस्रो पक्षबाट लेखा परीक्षण गर्ने प्रणालीको विकास गरिनेछ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा रहेको सहजीकरण समितिको क्षमता अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ । (३)

१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको अभिलेखाङ्कन, समन्वय, अनुगमन तथा मूल्याङ्कन सम्बन्धित विषयगत मन्त्रालयहरूबाट गरिनेछ । (३)

२०. गैरसरकारी संस्थाको नियमनकारी निकायलाई सशक्तीकरण गरिनेछ । (३)

२१. गैरसरकारी संस्था वा सो संस्थाले सञ्चालन गरेको आयोजनाको मूल्यांकन सोही संस्थाले उपलब्ध गराएको वित्तीय स्रोत प्रयोग गर्नुपर्ने वर्तमान व्यवस्थालाई पुनरवलोकन गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा रहेको सहजीकरण समितिको कार्य सञ्चालन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कार्यक्रमलाई प्राथमिकता प्राप्त क्षेत्रमा सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- केन्द्रीयस्तर तथा जिल्लास्तरमा गैर सरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको अनुगमन तथा मूल्यांकनको निर्देशिका/कार्यविधि तयार गर्ने र उनीहरूको वर्गीकरण एवं सुविधाको मापदण्ड तयार गरी अनुगमन तथा मूल्यांकन गर्ने ।
- गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको विवरण सहित तथ्यांक तयार गरी अभिलेख केन्द्र सञ्चालन गर्ने ।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सहकार्य गर्ने गरी गैरसरकारी संस्था छनौट गर्ने निर्देशिका तयार गर्ने ।
- समाज कल्याण ऐन परिमार्जन गरी समाज कल्याण परिषद्को संगठन संरचना परिमार्जन गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

## ९. अपेक्षित उपलब्धि

गैरसरकारी संस्थाहरूको सञ्चालनमा पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि भएको हुने, गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने वैदेशिक सहायताको कम्तीमा ८० प्रतिशत रकम कार्यक्रम लागतमा खर्च भएको हुने, वैदेशिक सहायताको एकीकृत व्यवस्थापन, अभिलेख र अनुगमन हुने, समाजकल्याण ऐन, २०४९ को समयसापेक्ष परिमार्जन र समाज कल्याण परिषदको संरचना परिमार्जन भएको हुने ।

परिच्छेद : ७

# शान्ति, सुशासन तथा मूलप्रवाहीकरण

## ७.१ शान्ति, पुनःनिर्माण तथा पुनःस्थापना

### १. पृष्ठभूमि

विस्तृत शान्ति सम्झौतापछि मुलुकमा अन्तरिम संविधान जारी हुनुका साथै सशस्त्र द्वन्द्व र ऐतिहासिक जनआन्दोलनपश्चात् सुरु गरिएको शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने प्रयत्न भइरहेको छ । आन्दोलनका क्रममा जीवन उत्सर्ग गरेका शहीदहरूको सम्मान, बेपत्ता पारिएकाहरूको खोजी, द्वन्द्व पीडितहरूका लागि राहत तथा पुनःस्थापना, पुनःएकीकरण र सङ्क्रमणकालीन न्याय प्रदान एवं द्वन्द्वका कारण पुनःनिर्माण गर्नुपर्ने संरचनाहरू अझै पनि महत्त्वपूर्ण कार्यसूचीमा रहेका छन् ।

### २. अद्यावधिक स्थिति

विगत योजना अवधिमा शान्ति प्रक्रियाको महत्त्वपूर्ण पक्षको रूपमा रहेको शिविरमा रहेका लडाकुहरूको समायोजनको कार्य सम्पन्न भएको छ । मुलुकमा द्वन्द्वरत विभिन्न समूहहरूसंग वार्ता, सम्वाद र सहमति कायम गरी बन्द हडताल तथा हिंसात्मक क्रियाकलापहरू न्यूनीकरण गर्नेतर्फ धेरै उपलब्धिहरू हासिल भएको छन् । उदाहरणका लागि द्वन्द्वका कारण मृत्यु भएका १७,८८६ व्यक्तिका परिवारहरूमध्ये १४,२०१ परिवारलाई राहत प्रदान गरिएको, ७९,५७१ व्यक्तिहरू विस्थापित भएकोमा २५,००० जनालाई पुनःस्थापनाको लागि आर्थिक सहयोग तथा पुनःएकीकरण गरिएको र १,५३० व्यक्तिहरू वेपत्ता भएकामध्ये १,५२८ जनाको परिवारलाई राहत उपलब्ध गराइएको छ । द्वन्द्वको कारणले पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेका ८,९१६ भौतिक पूर्वाधारहरूमध्ये २,९८० पूर्वाधारहरूको पुनर्निर्माण सम्पन्न भएको छ । सम्पति क्षति भएका १७,४८४ परिवारको व्यक्तिगत सम्पति क्षतिमध्ये ९,०४५ परिवारलाई राहत, अपहरणमा परेका ३,४०५ जनालाई आर्थिक सहायता र शान्ति सम्झौता पश्चात् घटेका घटनामा परी मृत्यु भएका व्यक्तिका हकदारहरूलाई राहत उपलव्ध गराइएको छ । जनआन्दोलनका शहिदका परिवारलाई जीवन निर्वाह भत्ता, अंगभंग/अपांग भएका ७,९९६ जनालाई आर्थिक सहायता, ५१ प्रतिशतभन्दा बढी अंगभंग/अपांग भएका व्यक्तिहरूलाई जीवन निर्वाहभत्ता र घाइतेका सन्ततिहरूलाई नियमित रूपमा छात्रवृति पनि उपलब्ध गराइएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी कार्यमा भएको ढिलाई, कार्यान्वयन गर्ने निकायहरूबीच समन्वयको अभाव, फितलो अनुगमन तथा मूल्यांकन, पुनर्निर्माणको व्यापक माग र स्रोत तथा साधनको अभावले गर्दा दिगो शान्तिका लागि समानता, भेदभावरहित व्यवहार, राज्यका सबै तह र क्षेत्रमा सबैलाई समान अवसर उपलब्ध गराउने कार्यहरू प्रमुख समस्याका रूपमा रहेका छन् ।

अझै पनि पुनर्निर्माण र पुनःस्थापनाका कार्यक्रमहरूलाई प्रभावकारी बनाउने, विभिन्न पक्षहरूसंग भएका वार्ता तथा सहमतिलाई व्यवहारमा कार्यान्वयन गरी शान्ति र सहमतिको संस्कृति विकास गर्ने, सशस्त्र द्वन्द्वको मनोसामाजिक असरलाई पुनःसामान्यीकरण गर्ने र राजनीतिक प्रतिवद्धता जुटाई विकासका लागि साझा अवधारणा बनाएर शान्ति प्रक्रियालाई स्थानीयस्तरसम्म संस्थागत गर्नु पर्ने चुनौती विद्यमान छ । साथै, मृतक तथा बेपत्ता परिवार, व्यक्तिगत सम्पति क्षति भएका एवं विस्थापितहरूलाई राहत, पुनःस्थापना एवं पुनःसामाजिकीकरण, स्थानीयस्तरका शान्ति समितिहरूलाई प्रभावकारी रूपमा क्रियाशिल बनाउनका लागि तयार गरिने रणनीतिक योजनाहरूको कार्यान्वयनका लागि उच्चस्तरको प्रतिवद्धता जुटाउने जस्ता कुराहरू पनि थप चुनौतीको रूपमा रहेका छन् ।

## ४. दीर्घकालीन सोच

समृद्ध, शान्त र न्यायपूर्ण नेपाल निर्माणका लागि, मेलमिलाप, आपसी सद्भाव र सहिष्णुता अभिवृद्धि गर्ने ।

## ५. उद्देश्य

१. द्वन्द्वबाट प्रभावितहरूलाई राहत उपलब्ध गराउने र द्वन्द्वका कारण क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने ।

२. द्वन्द्व प्रभावितका लागि परिपूरण, पुनःस्थापन एवं पुनःएकीकरणको व्यवस्था मिलाई मुलुकमा दिगो शान्ति स्थापना गर्ने ।

३. समाजमा दिगो शान्ति र सुव्यवस्था कायम गरिराख्ने ।

## ६. रणनीति

१. द्वन्द्व प्रभावितहरूका लागि राहत, परिपूरण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्य गर्ने ।

२. द्वन्द्वको क्रममा क्षति भएका भौतिक संरचनाको पुनःनिर्माण गर्ने ।

३. विस्तृत शान्ति सम्झौता एवं अन्य सम्झौता, सहमति र समझदारी कार्यान्वयन गर्दै राष्ट्रिय तथा स्थानीय स्तरमा शान्ति निर्माणका साथै सङ्क्रमणकालीन न्यायमा विशेष जोड दिने ।

४. द्वन्द्वपछिको अवधिमा शान्तिका लागि गरिने कार्यक्रमका लागि स्रोत परिचालनको प्रभावकारी व्यवस्था गर्ने ।

५. शान्ति कायम गर्न विभिन्न समूहरूसँगको वार्ता प्रक्रियालाई निरन्तरता दिने ।

६. समाजमा हुनसक्ने द्वन्द्वका कारक तत्त्वहरूलाई यथा समयमा पहिचान गरी दिगो शान्ति कायम गर्ने ।

## ७. कार्यनीति

१. द्वन्द्व प्रभावित व्यक्ति तथा समूहहरूलाई राहत तथा सामाजिक पुनःस्थापना एवं पुनःसामाजिकीकरण गर्ने क्रममा आवश्यक मनोसामाजिक परामर्श, रोजगारी वा स्वरोजगारीका लागि आवश्यक सीप, तालिम र अवसरको व्यवस्था मिलाइनेछ । (१)

२. पुनःनिर्माण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरूको विशेषरूपमा अनुगमन गर्नुका साथै तेस्रो पक्षद्वारा समेत अनुगमन तथा मूल्याङ्कन गराइनेछ । (१)

३. द्वन्द्व पीडित महिला, बालबालिकाहरूको राहत तथा पुनःस्थापनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजनाहरू कार्यान्वयनमा ल्याइनेछ । साथै द्वन्द्व प्रभावित ज्येष्ठ नागरिकलाई राहत र पुनः स्थापनाका निमित्त कार्य योजना बनाई कार्यान्वयन गरिनेछ । (१)

४. द्वन्द्व पीडितहरूलाई सामाजिकीकरण र पुनःएकीकरण गरिनेछ । (१)

५. शान्ति, सद्भाव र राष्ट्रिय एकताको भावना प्रवर्द्धनका लागि नमूना बस्ती, राष्ट्रिय, क्षेत्रीय एवं स्थानीयस्तरका शहीद पार्क, स्मारक, वाटिका आदि निर्माण गरिनेछ । (१)

६. पुनर्निर्माणसम्बन्धी कार्यलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । (२)

७. वेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरी पीडितलाई सङ्क्रमणकालीन न्याय दिलाउन आवश्यक व्यवस्था गरिनेछ । (३)

८. शान्तिकोषलाई शान्ति, पुनःनिर्माण, पुनःस्थापना, पुनःएकीकरण एवं सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि प्रभावकारीरूपमा परिचालन गरिनेछ । (४)

९. विस्तृत शान्ति सम्झौता र त्यसपछि शान्ति निर्माणमा भएका सहमति, सम्झौताहरूको कार्यान्वयन प्रभावकारीरूपमा गरिनेछ । (५)

१०. द्वन्द्व व्यवस्थापनका लागि विभिन्न तहमा वार्ता गर्ने क्षमताको विकास गरिनेछ । (५)

११. शान्ति र सुव्यवस्थाका चुनौतीहरूलाई बहुआयमिक कार्यक्रमका माध्यमबाट सम्बोधन गरिनेछ । (६)

१२. विभिन्न आन्दोलन र राजनीतिक द्वन्द्वको क्रममा घाइते र अङ्गभङ्ग भएका नागरिकहरूको विशेष उपचार र सामाजिक व्यवस्थापनको कार्यक्रम सञ्चालन गरिनेछ । (६)

१३. समाजमा हुनसक्ने द्वन्द्वका कारक तत्वहरूलाई पहिचान गरी स्थानीयस्तरमै समाधान गर्न सामुदायिक मध्यस्थता कार्यक्रम कार्यान्वयन गरिनेछ । (६)

१४. दिगो शान्ति प्रवर्द्धनका लागि शान्तिका लागि पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ । (६)

### ८. प्रमुख कार्यक्रमहरु

- पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाहरूको पुनर्निर्माण तथा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराइनेछ ।
- स्थानीय शान्ति समितिहरू मार्फत स्थानीयस्तरमा हुने द्वन्द्वलाई न्यूनीकरण गर्न सघाउ पुग्ने गरी मागमा आधारित क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- द्वन्द्वको समयमा बढी प्रभावित भएका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका जिल्लाहरूलाई लक्षित गरी "द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम" सञ्चालन गरिनेछ ।
- "शान्तिका लागि विकास कार्यक्रम" अन्तर्गत दिगो शान्ति हासिल गर्न सघाउ पुग्ने आयोजनाहरू सञ्चालन गरिनेछ ।
- शान्ति प्रक्रिया सहयोग आयोजना अन्तर्गत द्वन्द्व प्रभावितहरूको पुनःस्थापन एवं पुनःएकीकरणमा सघाउ पुऱ्याउन रोजगार/स्वरोजगार कार्यक्रम तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ ।
- शान्ति कोष मार्फत् दिगो शान्ति प्रवर्द्धन गरिने कार्यक्रमहरू सञ्चालन हुनेछ ।
- वेपत्ता भएका व्यक्तिको छानवीन, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन मार्फत् द्वन्द्वपीडितहरूका लागि परिपुरणसम्बन्धी कार्यक्रम सञ्चालन हुनेछ ।

### ९. अपेक्षित उपलब्धि

योजना अवधिको अन्त्यमा मृतकका नजिकका १७,८८६ र बेपत्ता पारिएका १,५३० व्यक्तिका हकदारलाई राहतस्वरूप अधिकतम रू. ५ लाख, सर्वसाधारण २०० मृतकका एकल महिला, बेपत्ता पारिएका ३८९ व्यक्तिका पत्नी, द्वन्द्वबाट व्यक्तिगत सम्पति क्षति भएका १,००० व्यक्ति तथा परिवार, अपहरणमा परेका २३७ व्यक्तिहरूलाई राहत उपलव्ध हुनेछ । त्यसैगरी १०,२३० व्यक्तिलाई पुनःस्थापना तथा पुनःएकीकरण रोजगारका अवसर र ५,००० व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा उपलव्ध हुनेछ । १९५ जना अङ्गभङ्ग तथा अपाङ्ग भएका व्यक्तिहरू र ६२० जना द्वन्द्वको क्रममा आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिकालाई आर्थिक सहायता, ८३० जना जनआन्दोलनमा अपांग र घाइते भएका व्यक्तिहरूलाई, २६ शहिद परिवारहरूलाई पारिवारिक वृत्ति र ५० जना घाइतेका सन्ततिलाई छात्रवृत्ति उपलव्ध हुनेछ । द्वन्द्वबाट क्षति भएका ५,४४९ संरचनाहरूको पुनर्निर्माण हुनेछ ।

## ७.२ प्रशासकीय सुशासन

### १. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ ले सुशासनलाई राज्यको आदर्शतम गन्तव्य हासिल गर्नेतर्फ परिचालित गर्ने प्रयास गरेको छ । नेपालले हस्ताक्षर गरेको भ्रष्टाचार विरुद्धको

संयुक्त राष्ट्रसङ्घीय सन्धिलाई व्यवस्थापिका-संसदले अनुमोदन गरेको छ । नेपाल कानुन आयोगद्वारा नेपालका प्रचलित कानुनहरूलाई विद्युतीय अभिलेख गर्ने कार्य भइरहेको छ । निर्वाचन प्रणालीलाई सुदृढीकरण गर्न मतदाता नामावली वैज्ञानिक र व्यवस्थित बनाउनका लागि फोटो र बायोमेट्रिक्स सूचना सहितको मतदाता नामावली सङ्कलन गर्ने कार्य भइरहेको छ ।

## २. अद्यावधिक स्थिति

सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा सरकारले विभिन्न प्रयासहरू गरिरहेको छ । हेलो सरकार तथा गुनासो व्यवस्थापन, सडक विस्तार तथा सुधार, भ्रष्टाचार बिरुद्धको कार्ययोजना, तत्काल राहत कार्यक्रम, २०६८, लक्षित वर्गको हीत संरक्षण, सुशासन कार्ययोजना, २०६८, राष्ट्रिय गौरबका आयोजनामा नतिजामा आधारित व्यवस्थापन प्रणाली, चार स्थानमा एकीकृत सेवा केन्द्र स्थापनाको तयारी, केन्द्रदेखि जिल्लासम्म विभिन्न अनुगमन तथा मूल्यांकन समितिहरू, राष्ट्रसेवक कर्मचारीहरूको आचार सहिंता, २०६८, मन्त्रिपरिषद्का २०२७ सालदेखिका निर्णयहरूको संरक्षण गर्ने कामको सुरुआत भएको छ ।

नेपाल सरकारका सबै केन्द्रीय निकायहरूमा रू. ५,००० भन्दा बढीको भुक्तानी गर्नुपूर्व वेबसाइटमा राख्ने कार्यको थालनी भएको छ । सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही विभागहरू र अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गरिएको, सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार, लोकसेवा आयोगको पाठ्यक्रममा सूचना प्रविधिसम्बन्धी विषय समावेश गरिएको, निश्चित अवधिभित्र सबैको लागि तालिम व्यवस्था मिलाउनका अतिरिक्त विभिन्न तालिम प्रदायक संस्थाहरूबाट प्रदान गरिने तालिमलाई समसामयिक र व्यबहारिक बनाउने प्रयासहरू भएका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

प्रशासकीय सुशासनलाइ प्रभावकारी बनाउने विभिन्न प्रयास हुँदा हुदै पनि प्रभावकारी समन्वयको अभाव, अपर्याप्त स्रोत तथा साधन, लम्बिदो संक्रमणकाल, राजनीतिक प्रतिबद्धताको कमी, जनसहभागिताको अभाव, पारदर्शिता तथा जवाफदेहिता जस्ता पक्षहरू अझै कमजोर रहेकोले प्रशासनिक सुशासनमा अपेक्षित सुधार हुन नसकेका जस्ता समस्याहरू टड्कारो रूपमा रहेका छन् ।

लामो समयसम्म स्थानीय निकायको निर्वाचन हुन नसक्नुका अतिरिक्त व्यवस्थापिका-संसदको निर्वाचन हुन समेत ढिलो भएकोले समसामयिक रूपमा परिवर्तन हुन नसकेका ऐन कानुनहरूको तर्जुमा गर्ने, निजामती सेवा अन्तरगत स्वतः पदोन्नति भएका कर्मचारीहरूको व्यवस्थापन गर्ने, समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा वढाउने र सरकारी सेवाको प्रवाहलाई सहज र प्रभावकारी वनाउनुपर्ने चुनौतीहरू अझै विद्यमान छन् ।

### ४. दीर्घकालीन सोच

राज्य पुनःसंरचना र विकास प्रक्रियालाई टेवा पुऱ्याउनका लागि सार्वजनिक प्रशासनलाई जनमुखी, परिणाममुखी, पारदर्शी, उत्तरदायी र प्रतिस्पर्धी बनाउने ।

### ५. उद्देश्य

१. राज्य संयन्त्रका राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक तथा पर्यावरणीय क्रियाकलापहरूमा पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा निष्पक्षता प्रवर्द्धन गर्ने ।

२. सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनलाई नतिजामूलक पद्धतिको माध्यमबाट प्रभावकारी बनाउने ।

### ६. रणनीति

१. राजनीतिक र प्रशासनिक क्षेत्रबीचको सम्बन्धलाई परिभाषित गरी कार्यक्षेत्रलाई थप स्पष्ट गर्ने ।

२. सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँच र प्राप्ति सुनिश्चित गर्ने ।

३. सार्वजनिक सेवालाई समावेशी बनाई स्तरीय निष्पक्ष एवं विधिसम्मत ढङ्गले समयमै सेवा पाउने अबस्था सुनिश्चित गर्ने ।

४. सबै राष्ट्रसेवकको मूल्याङ्कनलाई वस्तुगत बनाएर तिनीहरूको कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाउने ।

### ७. कार्यनीति

१. राजनीति र प्रशासन क्षेत्रको सम्बन्धलाई अझ स्पष्ट रूपमा परिभाषित गरिनेछ । (१)

२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ । (१)

३. प्रशासनिक कार्यविधिको सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ । (१)

४. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाई भोगिरहेका जनतालाई सेवा पुऱ्याउन एकीकृत सेवाकेन्द्रहरूको स्थापना र विस्तार गरिनेछ । (१)

५. सार्वजनिक प्रशासनलाई जनमुखी, नतिजामुखी तथा जवाफदेही बनाइनेछ । (२)

६. सार्वजनिकक्षेत्रलाई स्वच्छ एवं सदाचारयुक्त, प्रतिस्पर्धी, पारदर्शी, परिणाममुखी, समावेशी र जवाफदेही बनाइनेछ। (२)

७. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । (२)

८. भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिमार्फत् व्यक्त गरिएका प्रतिबद्धताअनुरूप हुने गरी भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गरी शून्य सहनशीलताको नीति अङ्गीकार गरिनेछ । (३)

९. दण्डहीनताको अन्त्य गरी कानुनी शासनको अनुभूति दिलाइनेछ । (३)

१०. नेपाल सरकारका सबै मन्त्रालयका वार्षिक कार्यक्रम र नियमित सेवा प्रवाहको नतिजामूलक परिसूचक सार्वजनिक गरी सूचकहरूको अनुगमन गरिनेछ । (४)

११. नेपाल सरकारका सबै सचिवहरूको नतिजामूलक कार्यसम्पादन सूचकसहितको कार्यसम्पादन सम्झौता गरी कार्यान्वय गर्ने प्रणालीको कार्यान्वयन गरिनेछ । (४)

१२. सेवा प्रवाहलाई जनमुखी बनाउन क्षतिपूर्तिसहितको सेवा वडापत्र क्रमशः कार्यान्वयन गरिनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- सूचनाको हकसम्बन्धी ऐन, सुशासनसम्बन्धी कानुनी प्रावधानहरूको कार्यान्वयनमा उच्च प्राथमिकता दिइनेछ ।
- निजामती कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धिका लागि कर्मचारीहरूको सामाजिक सुरक्षा कार्यक्रमहरू स्वास्थ्य तथा दुर्घटना बीमा, कर्मचारी आवास, शिशु स्याहार केन्द्र, निजामती कर्मचारी सन्तति छात्रवृत्ति, निजामती कर्मचारी सन्ततिका लागि आवासीय विद्यालय निजामती कर्मचारी अस्पताल जस्ता कार्यक्रमहरू विस्तार गर्दै लगिनेछ ।
- निजामती प्रशासनलाई राज्य पुनःसंरचना पश्चात् नागरिकहरूको चाहनाअनुरूप सेवा प्रदान गर्न सक्षम निकायको रूपमा स्थापना गरिनेछ ।
- निजामती सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई आगामी तीन वर्षभित्र सबैका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजामती सेवा ऐन (दोस्रो संशोधन), २०६९ को प्रावधानअनुरूप लागू भएको आरक्षणले सृजना गरेको प्रभाव मूल्याङ्कन गर्न अध्ययन गरिनेछ र त्यसबाट प्राप्त निष्कर्षलाई नीतिगत सुधारको मार्गदर्शकको रूपमा प्रयोग गरिनेछ ।
- सूचना प्रविधिको विकास र विस्तारद्वारा सार्वजनिक प्रशासनलाई विद्युतीय शासन प्रणालीको रूपमा अघि बढाई सबै सरकारी कार्यालयहरूमा स्वचालित कार्य प्रणालीको विस्तार गरिदै लगिनेछ ।
- निजामती सेवा ऐन, २०४९ को प्रभावकारी कार्यान्वयन गर्न तथा नियमावलीका अस्पष्ट प्रावधानलाई स्पष्ट पार्न नियमावली संशोधनसम्बन्धी कार्य अघि बढाइनेछ ।

## ९. अपेक्षित उपलब्धिहरु

निजामती कर्मचारीको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू लागू भएको हुने, नजामती कर्मचारी तथा सेवाग्राहीहरूमा सूचना प्रविधिसम्बन्धी अवधारणाको क्रमिक विकास भएको हुने, निजामती कर्मचारीहरूमा सार्वजनिक सेवा प्रवाह सम्बन्धमा नवीनतम् सीप र ज्ञान विकास भै सर्वसाधारणलाई सेवा प्रवाहमा पहुँच सहज हुने र

सार्वजनिक खरिद/भुक्तानी पारदर्शी हुनेछ । त्यसैगरी नतिजामूलक कार्यसम्पादन पद्दति लागू भै तोकिएको समय र लागत भित्र गुणस्तरीय काम सम्पन्न हुनका अतिरिक्त सरकारी कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक वडापत्र लागू भएको हुनेछ ।

## ७.३ न्याय व्यवस्था

### १. पृष्ठभूमि

देशको मूल कानुनको रूपमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै कानुनी शासनप्रति प्रतिवद्धता व्यक्त भएको छ । कानुनी शासनको अनिवार्य शर्तका रूपमा रहने स्वतन्त्र र सक्षम न्यायप्रणालीको व्यवस्था संविधानले नै आत्मसात् गरेको छ। मुलुकमा कानुनको शासनको पूर्वाधारका रूपमा नीतिगत, कानुनी र संस्थागत व्यवस्थाहरू रहेका छन् । सरकारको प्रमुख एक अंगको रूपमा रहेको समस्त न्याय प्रणालीको विकास र विस्तार विना देशको समग्र विकास हुन नसक्ने भएकोले न्याय प्रशासनलाई विकासको मेरुदण्डको रूपमा स्थापित गर्नु जरुरी देखिएको छ ।

मुलुकमा विगतदेखि नै कानुनको शासनलाई संस्थागत गर्नेतर्फ विभिन्न प्रयास हुँदै आएको छ । निरन्तर रूपमा नीतिगत, कानुनी र संस्थागत प्रयत्नहरू हुँदा हुँदै पनि कानुनको शासनलाई जीवन्त तुल्याई आमजनतामा त्यसको अपेक्षित लाभ पुऱ्याउन नसकिनु, बदलिँदो विश्व परिवेशअनुरूप कतिपय नयाँ विषयहरूमा कानुनी व्यवस्था गर्न नसकिएको सन्दर्भमा कानुनी शासनको सुनिश्चितताको लागि सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक छ ।

### २. अद्यावधिक स्थिति

सरकारको काम कारवाहीलाई थप व्यवस्थित र पारदर्शी बनाउन सुशासनसम्बन्धी छुट्टै कानुनी व्यवस्था गरिएको छ । त्यसैगरी, न्यायपालिका समक्ष आउने विवादहरूको संख्यामा क्रमशः वृद्धि हुँदै गएको अवस्था छ । त्यस्तै, फैसला कार्यान्वयनको लगत समेत बढेर गएको छ । न्यायपालिकाभित्रवाटै थालनी भएको न्यायिक सुधारको योजनावद्ध प्रयासवाट न्याय निरूपण तथा फैसला कार्यान्वयनमा सकारात्मक उपलब्धिहरू हासिल भएका छन् । दोस्रो योजना लागू हुँदाको तुलनामा उक्त योजना लागू भएपछि मुद्दा फछ्र्यौटको दरमा वृद्धि भएको छ । पूराना मुद्दाहरू उल्लेख्य रूपमा फछ्र्यौट भई त्यस्ता मुद्दाहरूको बाँकी लगत घटेर गएको छ । फैसला कार्यान्वयनमा समेत प्रगति भएको छ ।

अदालतको भौतिक पूर्वाधार निर्माण र सुधार लगायत मेसिनरी औजार, सवारी साधन, सूचना प्रविधिको क्षेत्रमा उपलब्धिहरू हासिल भएका छन् । न्याय प्रशासनसम्बन्धी विभिन्न अध्ययन, अनुसन्धानमार्फत् न्यायपालिकका सामू विद्यमान समस्या एवं चुनौतीहरूको पहिचान गर्ने आधार प्राप्त भएको छ । न्याय प्रशासन लगायत अन्य कानुनहरूको संहिताकरण, विकास र समसामयिक सुधारहरू भएका छन् । मूलतः योजनाले न्याय

प्रशासनमा योजनावद्ध विकासको आवश्यकता वा औचित्यलाई स्थापित गरेको अवस्था छ ।

### ३. समस्या तथा चुनौतीहरु

निरन्तर रूपमा नीतिगत, कानुनी र संस्थागत प्रयत्नहरू हुँदाहुँदै पनि कानुनको शासनलाई जीवन्त तुल्याई आमजनतामा त्यसको अपेक्षित लाभ पुऱ्याउन नसकिनु, बदलिँदो विश्व परिवेशअनुरूप नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिवद्धताअनुरूप कतिपय नयाँ विषयहरूमा कानुनी व्यवस्था गर्न नसकिनु र कानुनी शासनको सुनिश्चितताको लागि सम्बद्ध निकायहरूको संस्थागत क्षमता अभिवृद्धि हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन् ।

न्यायपालिका समक्ष आउने विवादहरूको संख्यामा क्रमशः वृद्धि हुदै गएको, फैसला कार्यान्वयनको लागत वढेर गएको, न्यायपालिका अन्तर्गत दरबन्दीअनुसार पदपूर्ति हुन नसकेको, आवश्यकताअनुसार भौतिक पूर्वाधारहरूको कमी रहेको आदि चुनौतीको रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

प्रभावकारी कार्यान्वयनबाट कानुनी शासनको प्रतिफल जनतामा पुऱ्याउने ।

### ५. उद्देश्य

१. स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी र जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित न्यायप्रणाली मार्फत् अधिकारको संरक्षण गर्दै कानुनको शासनको माध्यमद्धारा सवैको निम्ति न्याय सुनिश्चित गर्ने ।

२. कानुनको शासनलाई संस्थागत गरी आर्थिक, सामाजिक, राजनीतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्ने ।

३. न्याय प्रशासनलाई चुस्त, सुदृढ र उत्तरदायी वनाई न्याय प्रणालीप्रति जनआस्था अभिवृद्धि गर्ने ।

४. न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष एवं प्रभावकारी बनाई दण्डहीनताको अन्त्य गर्न भौतिक प्रमाणमुखी वैज्ञानिक अनुसन्धान र वस्तुनिष्ठ आधारयुक्त अभियोजन प्रणालीको स्थापना र विकास गर्ने ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा न्याय र कानुनका विभिन्न विषय क्षेत्रहरूमा विकसित अवधारणा तथा मान्यताहरू एवं नेपालले व्यक्त गरेका प्रतिवद्धताहरूअनुरूप कानुनको तर्जुमा गरी कानुनी राज्यको स्थापना गर्ने ।

### ६. रणनीति

१. न्यायमा आमजनताको समान पहुँच अभिवृद्धि गरी कानुनको शासन सुदृढ गर्ने ।

२. कानुनको निर्माणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने ।

३. सर्वसुलभ, छिटो छरितो न्यायसम्पादन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।

## ७. कार्यनीति

१. देवानी तथा फौज्दारी कानुनको संहिताकरणको माध्यमबाट मुलुकको कानुनी प्रणालीलाई आधुनिकीकरण गरिनेछ ।(१)

२. महिला तथा बालबालिका संलग्न मुद्दाहरूको शीघ्र सुनुवाई सुनिश्चित गर्न द्रुत अदालतको स्थापना गर्न कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ । (१)

३. विद्यमान कानुनलाई थप लैंगिक मैत्री र समावेशी बनाइनेछ । (१)

४. कानुनी शिक्षा तथा सचेतना अभिवृद्धि गरिनेछ । (१)

५. कानुनी शासनलाई संस्थागत गर्न संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । (२)

६. अधिकारमुखी दृष्टिकोणमा आधारित कानुनको निर्माण गरिनेछ । (२)

७. नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न विद्यमान कानुनको पुनरवलोकन गरी आवश्यक कानुनी सुधार गरिनेछ । (२)

८. कानुन तथा न्याय क्षेत्रमा संलग्न जनशक्तिको क्षमता वृद्धि गरिनेछ । (३)

९. न्यायपालिकाको रणनीतिक योजना क्रमशः प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । (३)

## ८. प्रमुख कार्यक्रमहरु

- न्याय प्रशासनसंग सम्वन्धित निकाय र अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- कानुनी सहायतासम्बन्धी व्यवस्थाको प्रभावकारिताको लागि कानुनी सहायतासम्बन्धी निकाय र देवानी तथा फौजदारी कार्यविधि संहितालाई परिमार्जन गर्ने ।
- मुद्दा व्यवस्थापनलाई प्रभावकारी बनाउन अध्ययन, अनुसन्धान, परिमार्जन र सचेतता अभिवृद्धि गरी वैज्ञानिक पद्धति तयार गरी लागू गर्ने ।
- मुद्दाका अभिलेखहरूको संरक्षणका लागि आवश्यक भौतिक पूर्वाधार सुधार तथा कार्यक्रमका अतिरिक्त अदालतहरूको भवन तथा न्यायाधीशहरूको लागि आवास निर्माण, सवारी साधन खरिद तथा भौतिक पूर्वाधारको सुदृढीकरण गर्ने ।
- फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन संस्थागत सुधार, क्षमता अभिवृद्धि तथा सरोकारवालाहरूको सहयोगको परिचालनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- महान्यायाधिवक्ता कार्यालयको संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधार निर्माण तथा सुधार गर्ने ।

- सरकारी वकीलहरूमा व्यावसायिकताको विकास र क्षमता अभिवृद्धि गर्ने ।
- न्यायिक काम कारवाहीहरूमाा सूचना प्रविधिको प्रयोगलाई अझ वढी संस्थागत गर्न आवश्यक भौतिक पूर्वाधारको निर्माण तथा क्षमता अभिवृद्धि गर्ने ।
- न्याय प्रणाली र न्यायिक सुधारसम्बन्धी अध्ययन अनुसन्धानलाई संस्थागत गर्नेसम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।
- न्याय क्षेत्रका सरोकारवालाहरूसंगको संस्थागत र कार्यमूलक सम्बन्धलाई सुदृढीकरण गर्न कार्यक्रम कार्यान्वयन गर्ने ।
- न्यायमा सहज पहुँच तथा जनआस्था अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

### ९. अपेक्षित उपलब्धि

कानुनको कार्यान्वयनको प्रभावकारिता अझ अभिवृद्धि भएको हुने, मानव अधिकार, लोकतान्त्रिक शासन व्यवस्था, समन्यायको आधारमा समानता, कानुनको सर्वोच्चता, स्वतन्त्र न्यायपालिकाका मूलभूत मान्यताहरूलाई आत्मसात गर्दै उचित, स्वच्छ तथा उपयुक्त कानुनमार्फत् कानुनी शासनको प्रतिफल जनतामा पुगेको हुने, दण्डहीनताको अन्त्य, अपराधको घटनाहरूको न्यूनीकरण तथा सामाजिक शान्ति कायम भएको हुने र न्याय प्रशासनको सुदृढीकरण र आधुनिकीकरण भएको हुनेछ ।

## ७.४ वित्तीय सुशासन

### १. पृष्ठभूमि

सरकारको जवाफदेहिता र पारदर्शिता कायम गर्न आधुनिक लेखा पालन, प्रतिवेदन र लेखापरीक्षण पद्धति अवलम्बन गर्दै वित्तीय कारोबारको स्वच्छता र स्तरीयता मापन गर्ने कार्य हुँदै आएको छ । अझैपनि बजेट समयमा आउन नसकी पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको तथा विशेषगरी चालू खर्च अत्यधिक बढेर जाने तर पूँजीगत खर्च कम हुने तथा वेरुजुको मात्रा प्रत्येक वर्ष वढ्न गई  सार्वजनिक खर्चको प्रभावकारिता न्यून रहेको स्थिति छ ।

### २. अद्यावधिक स्थिति

आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै वार्षिक वजेट व्यवस्थापिका संसदमा प्रस्तुत गरी स्वीकृति लिने प्रयासहरू हुँदै आएका छन् । सरकारी खर्च व्यवस्थापनलाई पारदर्शी बनाउने क्रममा वजेट सूचना व्यवस्थापन प्रणाली र विषयगत क्षेत्र/मन्त्रालयगत वजेट सूचना प्रणाली कार्यान्वयनमा ल्याइएको छ । सार्वजनिक लेखा व्यवस्था र लेखापरीक्षणलाई अन्तर्राष्ट्रियस्तरको बनाउने क्रममा मापदण्डहरू तयार गर्ने कामका अतिरिक्त एकल खाता कोष प्रणालीको कार्यान्वयनवाट सरकारी कोष तथा नगद व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

समयमा वजेटको प्रस्तुति र स्वीकृति नहुने, वजेट प्रस्तुतिसंगै वार्षिक खरिद योजना तयार नहुने, समयमा ठेक्कापट्टाको वन्दोवस्त हुन नसक्ने, सार्वजनिक खर्चको मासिक तथा वार्षिक विवरण तोकिएको समयमा तयार नहुने र आन्तरिक लेखा परीक्षण र नियन्त्रण फितलो हुन गई प्रत्येक वर्ष वेरुजुको मात्रा वढ्ने जस्ता समस्याहरू रहेका छन् ।

कानुनी रूपमा तोकिएको दिन वजेटको प्रस्तुति गर्ने व्यवस्था मिलाउने, आन्तरिक लेखापरीक्षण र नियन्त्रणलाई प्रभावकारी वनाउने, आर्थिक वर्षको अन्त्यमा वजेटको ५० प्रतिशतभन्दा वढी खर्च गर्ने प्रवृत्तिमा रोक लगाउनुपर्ने, सार्वजनिक खर्चलाई पूर्णत पारदर्शी वनाई खर्चमा मितव्ययिताका साथै दक्षता कायम गरी लगानी अनुसारको प्रतिफल (value for money) को प्रत्याभूति गराउने कार्य चुनौतीपूर्ण छ ।

### ४. दीर्घकालीन सोच

सार्वजनिक आय व्ययलाई व्यवस्थित गरी पैसाको मूल्य (value for money) को प्रत्याभूति गराउने ।

### ५. उद्देश्य

सार्वजनिक आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र प्रभावकारी तथा परिणाममुखी बनाउने ।

### ६. रणनीति

१. सार्वजनिक खर्च व्यवस्थापनका प्रक्रियाहरूलाई पारदर्शी र जवाफदेहीपूर्ण बनाउने ।

२. सरकारको वित्तीय आँकडा एवं आयव्यय वस्तुपरक, नियमित र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली सुदृढ गर्ने ।

३. कोष तथा नगद व्यवस्थापन प्रणालीमा समसामयिक सुधार गर्ने ।

### ७. कार्यनीति

१. नीति, बजेट र कार्यक्रमको अन्तरसम्बन्ध स्थापित गर्दै वस्तुगत मापदण्डका आधारमा स्रोत प्रक्षेपण प्रभावकारी बनाइनेछ । (१)

२. विषयगत तथा क्षेत्रगत नीतिहरूलाई वार्षिक बजेट तथा कार्यक्रममा प्रतिविम्बित गर्ने सम्बन्धमा सार्वजनिक वित्तीय व्यवस्थापनमा शृङ्खलाबद्ध सुधार योजना लागू गरिनेछ । (१)

३. राजस्व परिचालन अभिवृद्धि गर्ने, कर छल्नेविरुद्ध कडाईका साथ कारवाही गर्ने, गैरकानुनी पूँजीगत प्रवाह रोक्ने, कर तिर्ने संस्कार विकास गर्ने कर प्रणाली व्यवस्थित गर्ने नीति लिइनेछ । (१)

४. लेखाङ्कन प्रणालीलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने प्रणालीको स्थापना संस्थागत गर्दै आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनेछ । (२)

५. खरिद गुरु योजना र वार्षिक खरिद योजनाको आधारमा नगद प्रक्षेपण गर्ने तथा बजेट, कार्यक्रम र खरिद योजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकन प्रणाली प्रभावकारी बनाइनेछ । (२)

६. राजस्व, खर्च तथा वित्तीय वर्गीकरणसम्बन्धी सूचना तथा आँकडा प्रणाली विकास गर्न र लेखा प्रणालीअनुसार खातासूची तयार गरी कार्यान्वयन गर्ने कार्य महालेखा नियन्त्रक कार्यालय मार्फत् निरन्तर गरिनेछ । (२)

७. एकल खाता कोष प्रणालीलाई हालसम्मको अनुभवका आधारमा परिष्कृत गरी प्रभावकारी रूपमा लागू गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- वजेट सूचना व्यवस्थापन प्रणाली र विषयगत क्षेत्र/मन्त्रालयको वजेट सूचना व्यवस्थापन प्रणालीलाई पूर्ण कार्यान्वयन गर्ने ।
- सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ वनाई वस्तुगत मापदण्डका आधारमा स्रोतको प्रक्षेपण र विनियोजन गर्ने ।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना, र वार्षिक वजेट तथा गत आर्थिक वर्षको कार्य सम्पादनबीच तादाम्यता मिलाउने ।
- आन्तरिक लेखापरीक्षण र नियन्त्रणलाई सूचना प्रविधिमा आधारित बनाउनुका अतिरिक्त राजस्व, खर्च र वित्तीय सूचना तथा आँकडा प्रणालीको विकास गर्ने ।
- गैर कर र कर प्रशासन दुवैमा समसामयिक सुधार गरी कर छल्ने, अवैधानिक बाटोवाट पूँजी बाहिर लैजाने जस्ता अवैधानिक क्रियाकलापमा रोक लगाइनेछ ।

**९. अपेक्षित उपलब्धि**

वित्तीय अनुशासन कायम भई सार्वजनिक जवाफदेहिता अभिवृद्धि भएको हुनेछ ।

## ७.५ भ्रष्टाचार नियन्त्रण

**१. पृष्ठभूमि**

नेपालको अन्तरिम संविधान, २०६३ ले सुशासनलाई राज्यको दायित्वको रूपमा मनन गरी सोहीबमोजिम कानुनी, संरचनागत तथा नीतिगत व्यवस्था गरेको छ । भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरिएको, सम्पत्ति शुद्धीकरण ऐन, २०६४ संशोधन गरिएको र आंतकबादबाट प्राप्त हुने वित्तीय

लगानीसम्बन्धी महासन्धि र सङगठित अपराध विरुद्धको महासन्धि अनुमोदन गरिएको छ। भ्रष्टाचारको सम्बन्धमा शून्य सहनशीलताको नीति लागू भएको छ।

## २. अद्यावधिक स्थिति

आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य सञ्चालन निर्देशिका) तयार गराई सञ्चालनमा ल्याइएको छ। स्थानीयस्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउने उद्देश्यले भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६६ लाई प्रत्येक जिल्लामा लागू गरिएको छ। स्थानीय समन्वय समितिको गठन गरी स्थानीयस्तरबाट नै भ्रष्टाचार विरोधी अभियान सञ्चालन हुँदै आएको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो बनाउनुका साथै आयोगले निर्णय कार्यान्वयनलाई सशक्त र प्रभावकारी बनाउने सिलसिलामा आयोगबाट छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको फलस्वरूप भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा आयोगले अझ बढी प्रभावकारी, विशेषज्ञतायुक्त र दक्षता प्राप्त निकायको रूपमा आफूलाई स्थापित गर्ने प्रयासहरू भैरहेका छन्।

नेपालले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) लाई २३ फरवरी २०११ मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ। नेपाल सरकारले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ स्वीकृत गरी आयोगलाई भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवार निकायको रूपमा लिएकोले आयोगको जिम्मेवारी थपिएको छ। भ्रष्टाचार हुन नदिने प्रभावकारी अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने, भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित नीति, कानुनी व्यवस्था तथा प्रशासनिक उपायहरूको अद्यावधिक मूल्यांकन गर्ने, भ्रष्टाचार निवारण ऐन, २०५९ लगायतका ऐनहरूमा संशोधन गर्ने तथा केही नयाँ ऐनहरूको तर्जुमा गरी लागू गर्नेसम्बन्धी कार्यहरू भैरहेका छन्।

## ३. समस्या तथा चुनौतीहरु

भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि संसदबाट अनुमोदन भै नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भइसकेको वर्तमान अवस्थामा सो महासन्धिसंग मेल खाने गरी मौजुँदा कानुनहरू संशोधन एवं परिमार्जन हुन नसकेको र अदालत, सैनिक, वित्तीय तथा वैंकिङ्ग क्षेत्र, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थामा हुने भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रभित्र ल्याउन सकिएको छैन। अझै पनि आयोगको क्षेत्राधिकारभित्र भ्रष्टाचारजन्य क्रियाकलाप हुन सक्ने ४० प्रतिशत जति क्षेत्र मात्र समेटिएकोले ठूलो क्षेत्र भ्रष्टाचार विरुद्धको कानुनी दायरामा समावेश हुन नसकेको अवस्थाको अन्त्य गरी सुशासनको प्रत्याभूति गर्ने कार्य टड्कारो समस्याको रूपमा रहेको छ।

भ्रष्टाचारजन्य क्रियाकलापहरू बढ्दै जानु, सेवाग्राहीले सेवा नपाउनु, अनुशासनहीनता बढ्दै जानु, अनुगमन पद्धति प्रभावहीन रहनु, सुशासनको प्रत्याभूति नहुनु, सार्वजनिक निकायमा अनिर्णयको अवस्था विद्यमान हुनु चुनौतीपूर्ण रहेको छ। त्यसैगरी, केन्द्रीकृत संगठन संरचनालाई समयानुकूल परिमार्जन गरी सुशासन कायम गर्न प्रत्यक्ष रूपले

योगदान दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा राष्ट्रिय सर्तकता केन्द्र जस्ता निकायहरूको पहुँच विस्तार गर्ने, परम्परागत अनुसन्धान पद्दतिमा सुधार ल्याई नविनतम प्रविधिको प्रयोग गरी अनुसन्धानलाई छिटो, छरितो र तथ्यपरक बनाउने तथा स्रोत साधनको कमी लगायतका समस्याहरूको समाधान खोज्नु थप चुनौतीहरू हुन् ।

## ४. दीर्घकालीन सोच

नेपाललाई भ्रष्टाचारमुक्त बनाउन सुशासन अभिवृद्धि गर्ने ।

## ५. उद्देश्य

१. भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनमा टेवा पुऱ्याउने ।

२. सार्वजनिक जीवनका हरेक क्षेत्रमा सदाचार, इमान्दारी र जवाफदेहिता अभिवृद्धि भई भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने ।

## ६. रणनीति

१. भ्रष्टाचार नियन्त्रणको लागि चेतनामूलक, निरोधात्मक एवं दण्डात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. सार्वजनिक व्यवस्थापनमा हुने भ्रष्टाचारको नियन्त्रणको लागि वस्तुनिष्ठ र पारदर्शी मापदण्ड लागू गर्ने ।

३. निजी तथा गैरसरकारी क्षेत्रलाई समेत भ्रष्टाचार नियन्त्रणको दायराभित्र ल्याउने ।

## ७. कार्यनीति

१. इमान्दार नागरिकको निर्माणको लागि नैतिक शिक्षामा जोड दिइनेछ । (१)

२. भ्रष्टाचारसँग सम्बन्धित सूचनाको सङ्कलन, आदान प्रदान गर्न र विश्लेषण गरी त्यसको सदुपयोगको लागि आवश्यक प्रबन्ध मिलाइनेछ । (१)

३. कानुनको शासन, इमान्दारी, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सार्वजनिक सम्पत्ति र कार्यहरूको व्यवस्थापन गर्न भ्रष्टाचारविरुद्ध क्रियाशील निकायहरूको संस्थागत सुदृढीकरण गरिनेछ । (१)

४. भ्रष्टाचारविरुद्धको जनमत परिचालन गर्नको लागि नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

५. भ्रष्टाचार नियन्त्रणसँग सम्बद्ध निकायहरूको संस्थागत विस्तार तथा क्षमता अभिवृद्धि गरिनेछ । (१)

६. भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय महासन्धि अनुसार कानुन निर्माण तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ । (१)

७. सार्वजनिक क्षेत्रका विभिन्न तहमा हुने ढिलासुस्ती, प्रशासनिक तथा आर्थिक अनियमितता लगायतका भ्रष्टाचारजन्य क्रियाकलापहरूको नियन्त्रणका लागि दण्ड र पुरस्कारको संस्कृतिलाई संस्थागत गरिनेछ । (२)

८. भ्रष्टाचारविरुद्धको कारवाहीलाई जिम्मेवार निकायहरूको बीचमा समन्वय कायम गरी एकीकृत रूपमा अगाडि बढाइनेछ । (२)

९. पारदर्शिता, प्रतिस्पर्धा र वस्तुगत प्रावधानका आधारमा सार्वजनिक वित्तको व्यवस्थापन आर्थिक अनुशासन र नैतिक सदाचार अभिवृद्धि गर्नका लागि प्रभावकारी पद्धतिको निर्माण गरिनेछ । (२)

१०. कालो धनले अर्थतन्त्रमा ल्याउने विचलन र विकृतिलाई नियन्त्रण गर्न सम्पत्ति शुद्धीकरण कार्यलाई दुरुत्साहन गरी यस विरुद्धको कार्यलाई थप सशक्त बनाइनेछ । (२)

११. निजी तथा गैरसरकारी क्षेत्रबाट हुने अनियमितता तथा अवाञ्छित गतिविधिलाई नियन्त्रण गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिका प्रावधान बमोजिम राष्ट्रिय नीति र कानुनको परिमार्जन र आवश्यक कानुनको तर्जुमा गर्ने ।
- भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनहरूको परिपालना र कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय साझेदारी, समन्वय र संगठित प्रयासलाई अभिवृद्धि गर्न भ्रष्टाचार नियन्त्रणसंग सम्बन्धित अन्तर्राष्ट्रिय संघ, संस्था, दातृ निकायहरूको सहकार्य प्रवर्धनका लागि आवश्यक नीतिगत, संरचनागत र कार्यगत व्यवस्था गर्ने ।
- भ्रष्टाचारविरुद्धको नागरिक सचेतना अभिवृद्धिका लागि सरोकार पक्ष समेतको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्रको पहिचानको लागि आधारभूत सूचकको निर्धारण गरी आवश्यक अध्ययन र अनुसन्धान गर्ने ।
- भ्रष्टाचारको दृष्टिले जोखिमपूर्ण रहेका क्षेत्रको पहिचान तथा नियन्त्रणका ठोस उपायहरू समेत पहिल्याई  भ्रष्टाचार नियन्त्रण गर्न सरकारलाई ठोस सुझाव प्रदान गर्ने ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्वद्ध निकायको संस्थागत क्षमता विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग बढाउने ।
- अनुसन्धान कार्यलाई वैज्ञानिक, वस्तुपरक र नतिजामूलक बनाउन कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न स्वदेशी र वैदेशिक तालिम, अध्ययन भ्रमण, प्रशिक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

- आयोगको केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयहरू समेतका लागि आवश्यक भौतिक संरचना, सवारी साधन तथा प्राविधिक उपकरणहरूको व्यवस्था गर्ने ।

### ९. अपेक्षित उपलब्धि

भ्रष्टाचार विरुद्धका कानुनहरूको समयानुकूल परिमार्जन भई प्रभावकारी कार्यान्वयन भएको हुने भ्रष्टाचारसम्बन्धी अपराधहरूको पहिचान, अनुसन्धान र अभियोजन प्रक्रिया वैज्ञानिक र वस्तुगत भएको हुने, भ्रष्टाचारजन्य कार्यको छनौटपूर्ण र वस्तुगत अनुसन्धान भएको हुने, भ्रष्टाचार नियन्त्रणमा संलग्न अन्य सरकारी र गैरसरकारी निकायका प्रयासहरूमा सहयोग, समन्वय र अनुगमन हुने, अन्तरर्राष्ट्रियस्तरमा आयोगको भूमिका र छवि उच्च पार्न अन्तरराष्ट्रिय समन्वय र सहकार्य प्रवर्द्धन भएको हुनेछ ।

## ७.६ नागरिक सहभागिता

### १. पृष्ठभूमि

विकास प्रक्रिया तथा सेवा प्रवाहमा सर्बसाधारण जनताको स्वामित्व कायम गर्न मुलुकी शासनका विभिन्न तहमा सहभागितामूलक प्रक्रिया अपनाउन जरुरी भएकोले यसका लागि सामयिक निर्वाचन र विकास प्रक्रियाका विभिन्न चरणहरूमा नागरिकको सहभागिता अपेक्षित हुन्छ । विगतमा प्रजातान्त्रिक प्रक्रिया अपनाई केन्द्र तथा स्थानीयस्तरमा जनप्रतिनिधिमूलक संस्थाहरूको प्रभावकारितालाई संस्थागत गर्ने प्रयास भएपनि विगत १२ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन हुन पुगेको छ । सरकारी तथा गैरसरकारी निकायमार्फत् विकासका क्रियाकलापहरूमा सामाजिक परिचालनका माध्यमबाट निर्णय प्रक्रियामा जनसंलग्नता राख्ने गरी सबै वर्ग, लिङ्ग र सामाजिक समूहको प्रभावकारी सहभागिता सुनिश्चित गर्ने प्रयासको थालनी भएको छ ।

### २. अद्यावधिक स्थिति

नागरिकको आफ्नो शासन आफैले रोजेको प्रतिनिधि मार्फत् सञ्चालन गर्न, नयाँ संविधान निर्माण गर्न भर्खरै जनताको व्यापक सहभागितामा संविधानसभाको निर्वाचन सम्पन्न भएको छ । यसबाट देशमा निर्वाचित जनप्रतिनिधित्व विहीनताको अवस्थालाई अन्त्य गर्दै शासन प्रक्रियामा जनताको स्वामित्व स्थापित गर्दै लामो समयदेखिको अन्योल र अस्थिरताको अन्त्य गरेको छ । विगत ११ वर्ष देखि स्थानीय निकायको रिक्तता हुँदा स्थानीय सेवा प्रवाह र विकास निर्माणमा सिर्जित समस्याहरूलाई समाधान गर्न निर्वाचन गरी जनप्रतिनिधिहरूको बहाली गर्ने विषयमा प्रमुख राजनीतिक दलहरूको सहमति जुटेको अवस्था छ ।

### ३. समस्या तथा चुनौतीहरु

स्थानीय तहमा सञ्चालन हुने विकास निर्माण, सेवा प्रवाह र प्राप्त उपलब्धिको न्यायोचित बाँडफाँडमा उपभोक्ता समिति, टोल विकास संस्था, वडा नागरिक मञ्च, विभिन्न निकायहरूकमा गठन हुने व्यवस्थापन समिति जस्ता सहभागितात्मक पद्धतिहरू

अवलम्बन गरिएको भए तापनि स्थानीय निकायहरूको निर्वाचन नहुनाले जनप्रतिनिधिहरूको वहाली गर्ने, सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको राज्यको विभिन्न तहहरूमा सहभागिता गराउने, विभिन्न निकायहरूबाट सञ्चालन हुने विकास निर्माण र सेवा प्रवाहमा लाभग्राही वर्गको सहभागितालाई प्रतिफलदायी बनाउने तथा समसामयिक विषयमा नागरिक सचेतना बढाउने जस्ता विषय चुनौतीका रूपमा रहेको छन् ।

### ४. दीर्घकालीन सोच

शासन सञ्चालनको हरेक तह र प्रक्रियामा जनताको व्यापक सहभागिता गराई जनस्वामित्व अभिवृद्धि गर्ने ।

### ५. उद्देश्य

देशको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक विकास प्रक्रियामा नागरिकहरूको समान सहभागिता सुनिश्चित गर्ने ।

### ६. रणनीति

१. केन्द्र तथा स्थानीयस्तरका विभिन्न तहमा निष्पक्ष निर्वाचनको माध्यमबाट जनप्रतिनिधिहरूको छनौट गर्ने ।

२. विकास निर्माण कार्य र सेवा प्रवाहको व्यवस्थापनमा नागरिक सहभागिता प्रवर्द्धन गर्ने ।

### ७. कार्यनीति

१. बालिग मताधिकारको आधारमा शासनका विभिन्न तहमा स्वतन्त्र, निस्पक्ष, धाँधलीरहित निर्वाचन प्रणालीलाई सुदृढ गरिनेछ । (१)

२. लोकतान्त्रिक व्यवस्थाको प्रत्यक्ष लाभ आम जनतामा पुऱ्याउन सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण निकायहरूको प्रयास केन्द्रित गरिनेछ । (१)

३. निर्वाचन आयोग र अन्तर्गत निकायहरूको संस्थागत सुदृढीकरण तथा त्यहाँ कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ । (१)

४. नागरिक अधिकार र कर्तव्यबारेमा सचेतना अभिवृद्धि गर्दै विकास प्रक्रियाका हरेक चरणमा सहभागिता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गरिनेछ । (२)

५. विकास निर्माण कार्यमा उपभोक्ता समिति मार्फत् गुणस्तरीय तथा जवाफदेहीमूलक काम गराउन गठन गरिने उपभोक्ता समितिका कार्यसम्पादन प्रक्रियामा आवश्यक सुधार गरिनेछ । (२)

## ८. प्रमुख कार्यक्रमहरु

- यथाशीघ्र स्थानीय निकायहरूको निर्वाचन सम्पन्न गराई जनप्रतिनिधिहरूको बहाली गर्ने ।
- नागरिक सहभागिता अभिवृद्धि गर्न विद्यमान कानुनहरूमा संशोधन गर्नुका साथै विभिन्न निर्देशिकाहरू, मार्गदर्शन निर्माण गर्ने ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता विधिहरूलाई आयोजना तथा कार्यक्रमहरूको अभिन्न अङ्गको रूपमा विकास गर्ने ।
- नागरिक निगरानीलाई प्रभावकारी गराई सेवाग्राहीप्रतिको जवाफदेहिता सुनिश्चित गर्ने ।
- स्थानीय तहदेखिनै योजना प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्ने ।

## ९. अपेक्षित उपलब्धि

उत्पादकत्व, उद्यमशीलता र नवप्रवर्तनको संस्कृति विकासका लागि नीतिगत, कानुनी, र संस्थागत पूर्वाधार तयार भएको हुने, अनुसन्धान प्रणाली व्यवस्थित र अझ सुदृढ भएको हुने र विकास प्रक्रियामा जनताको स्वामित्वबोध, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन भएको हुनेछ ।

# ७.७ सुरक्षा व्यवस्था

## १. पृष्ठभूमि

मुलुकभित्र शान्ति सुव्यवस्था कायम राख्न र क्षेत्रगत कार्यक्रममा सरिक भै दिगो विकासमा योगदान पु¥याउन सुरक्षा व्यवस्था प्रभावकारी हुन जरुरी छ । सर्वसाधारणको जीउ धनको सुरक्षा गरी मुलुकभर अमनचैन कायम गर्ने कार्य राज्यको प्रमुख दायित्व हुने हुँदा समग्र सुरक्षा प्रणालीलाई प्रभावकारी वनाउन आवश्यक छ । विगतमा भएका प्रयाशहरूले सभ्य समाजको सृजनामा केही हदसम्म सहयोग पुर्‍याएको भएपनि यस क्षेत्रमा अझै धेरै गर्न वाँकी छ ।

## २. अद्यावधिक स्थिति

गृह प्रशासनको प्रभावकारितामा वृद्धि हुन गई आन्तरिक सुरक्षा सुदृढ हुनुका अतिरिक्त समाजमा अमनचैन कायम भएको छ । नागरिकता वितरण छिटो छरितो र पारदर्शी वनेको छ । प्रहरी प्रशासन जन मैत्री भएको छ । सशस्त्र प्रहरी वलको प्रभावकारिता बढ्न गई औद्योगिक सुरक्षा सुदृढ हुनुका अतिरिक्त सानातिना सामाजिक तथा राजनीतिक विद्रोहहरू साम्य भएका छन् । राजस्व चुहावट र खासगरी सीमा क्षेत्रमा हुने अवैध व्यापारिक क्रियाकलाप र चोरी निकासी तथा पैठारी नियन्त्रण भएका छन् । प्राकृतिक

विपद् र विपद्पछिको आकस्मिक व्यवस्थापनका लागि काठमाण्डौ उपत्यकाका विभिन्न स्थानहरूलाई खुल्ला क्षेत्र तोकिएको छ ।

## ३. समस्या तथा चुनौतीहरु

दक्ष तथा प्रतिभावान जनशक्तिहरू विदेशिदै जानु, उत्पादनशील उद्योगधन्दाहरू बन्द हुँदै जानु, लगानीको वातावरण प्रतिकूल हुनु जस्ता समस्याहरू असुरक्षाको कारणले सृजना भएका छन् ।  सुरक्षाको लागि जिम्मेवार निकायहरूबीचको समन्वयमा कठिनाई उत्पन्न हुनु र ती निकायहरूमा साधन स्रोतको न्यूनता रहनु प्रमुख समस्याहरू रहेका छन् । त्यसैगरी, सीमित स्रोत साधनको प्रभावकारी उपयोगगरी गृह खास गरी प्रहरी प्रशासन र राष्ट्रिय अनुसन्धानबीच तालमेल र समन्वय स्थापित गर्ने, अनुसन्धान र अपराध नियन्त्रणलाई तथ्यमा आधारित बनाउने र आधुनिक तथा नविनतम प्रविधि र सूचना प्रणालीको व्यवस्था गर्न नसकिएका जस्ता चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

नेपालको अन्तरिम संविधान, २०६३ तथा प्रचलित कानुनद्वारा प्रत्याभूत नागरिक स्वतत्रन्ताको रक्षा गर्दै विधिको शासनलाई पूर्ण रूपमा स्थापित गर्ने ।

## ५. उद्देश्य

१. मुलुकमा शान्ति, अमनचयन कायम गरी नागरिकको सुरक्षा सुनिश्चित गर्ने ।

२. नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास गर्ने ।

## ६. रणनीति

१. नागरिक तथा व्यक्तिको जीउ, धन, स्वतन्त्रता तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न सुरक्षा निकायलाई आधुनिक, व्यावसायिक तथा साधन-स्रोत सम्पन्न बनाउने ।

२. सुरक्षा प्रशासनमा विधिको शासनलाई पहिलो प्राथमिकतामा राखी जनतालाई सुशासनको प्रत्याभूति दिने ।

## ७. कार्यनीति

१. नागरिकको सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई समन्वयात्मक रूपमा परिचालन गरिनेछ । (१)

२. अति संवेदनशील एवं महत्त्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको सुरक्षा प्रबन्ध मिलाइनेछ । (१)

३. सामुदायिक प्रहरीमा विशेष जोड दिने र प्रहरीलाई जन मैत्री तथा जनतालाई प्रहरी मैत्री बनाइनेछ । (१)

४. सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आबद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमा आबद्ध गराइनेछ । (१)

५. अपराध नियन्त्रणमा सहयोग पुग्ने नयाँ नयाँ प्रविधि प्रयोगमा ल्याइनेछ । (१)

६. सुरक्षा सूचनाहरूको सङ्कलन, विश्लेषण तथा सम्प्रेषण/प्रवाहका लागि सवै सुरक्षा निकायहरूको संयुक्त सुरक्षा सूचना समन्वय संयन्त्र निर्माण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ । (१)

७. सुरक्षाका विभिन्न तहमा मानव अधिकार इकाई स्थापना र विकास गरिनेछ । (२)

८. मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ । (२)

९. लागू औषधको अवैध उत्पादन बिक्री वितरण एवं ओसार पसारलाई कडाइका साथ नियन्त्रण गरिनेछ । (२)

## ८. प्रमुख कार्यक्रमहरु

- सुरक्षा सूचनाहरूको सङ्कलन, विश्लेषण तथा सम्प्रेषण/प्रवाहका लागि सवै सुरक्षा निकायहरूको संयुक्त सुरक्षा सूचना समन्वय संयन्त्र निर्माण गर्न आवश्यक कानुनी व्यवस्था गर्नका अतिरिक्त गृह प्रशासन सुदृढीकरण योजनाको कार्यान्वयन गर्ने ।
- नागरिकता वितरणलाई व्यवस्थित वनाउनका अतिरिक्त प्रयोगात्मक रूपमा नागरिकताको प्रमाणपत्रको सट्टा बहुउद्देश्यीय राष्ट्रिय परिचय पत्र क्रमशः वितरण गर्ने ।
- अध्यागमन प्रशासनलाई सूचना प्रणालीमा आधारित वनाई नियन्त्रणमुखीभन्दा सहजकारी भूमिका निर्वाह गर्ने निकायको रूपमा विकसित गर्ने ।
- कारागार प्रशासनलाई सुदृढ गर्नका अतिरिक्त खुल्ला कारागार प्रणाली स्थापित गर्ने ।
- राष्ट्रिय अनुसन्धान व्यवस्थालाई भरपर्दो, तथ्यगत र छिटो छरितो सूचनाको संकलन गरी राष्ट्रिय अखण्डतामा आँच आउन नदिने नविनतम सोचयुक्त बनाउने ।
- महत्त्वपूर्ण प्रतिष्ठान, संरचना र औद्योगिक क्षेत्रलाई सुरक्षा प्रदान गर्ने ।
- आवश्यक उपकरण, भौतिक पूर्वाधार, सूचना प्रणाली र अनुसन्धान तथा विकास माध्यमद्धारा नेपाल प्रहरी र सशस्त्र प्रहरी सेवालाई सुदृढ वनाई आन्तरिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- हतियार तथा खरखजाना र विशेषगरी साना हतियारको विगविगीवाट आन्तरिक सुरक्षामा खलल पुग्न गई  सामाजिक वैमनश्यता वढ्ने खतरालाई पूर्णतया रोक लगाउन हतियार तथा खरखजानासम्बन्धी ऐन नियमहरूको परिमार्जन तथा संशोधन गर्ने ।
- भूकम्प, वाढी पहिरो, खडेरी, अतिवृष्टि, असिना जस्ता प्राकृतिक प्रकोप र अन्य मानवजन्य प्रकोपको सम्भावित क्षतिलाई न्यून गराउन सचेतना र सुरक्षाका

उपायसम्बन्धी चेतना जगाउने र विपद तथा प्रकोपपछिको स्थितिलाई नियन्त्रणमा लिई पुनस्थापनासम्बन्धी कार्यलाई व्यवस्थित गर्ने ।

### ९. अपेक्षित उपलब्धि

सुरक्षा निकायको क्षमता अभिवृद्धि तथा सङ्गठनात्मक सुदृढीकरण भई जनतामा सुरक्षाको अनुभूति भएको हुनेछ ।

## ७.८ यातायात व्यवस्था

### १. पृष्ठभूमि

यातायात क्षेत्रले मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । तर नेपालको यातायात क्षेत्रको इतिहास त्यति लामो छैन । त्रिभुवन राजपथको निर्माण भएपछिमात्र सवारी साधनको प्रयोग सम्भव भएको हो । आवधिक योजनाहरूले यस क्षेत्रमा दिएको प्राथमिकताको परिणामस्वरूप मुलुकका विभिन्न स्थानहरू यातायात सञ्जालमा आबद्ध भइसकेका छन् । आर्थिक वर्ष २०६९/७० को अन्त्यसम्ममा मुलुकका ७३ जिल्ला सदरमुकाम सडक मार्गबाट जोडिएका छन् भने कूल सवारी साधनको संख्या १५ लाख ५७ हजार पुगेको छ । सवारी चालक अनुमतिपत्र लिनेको सख्या २० लाख ७९ हजार पुगेको छ । सवारी साधन प्रयोग गर्नेहरूको संख्यामा क्रमशः वृद्धि भैरहेको छ ।

यातायातका पूर्वाधारहरूमा भएको विकास तथा विस्तार, मानवीय जीवनमा देखा परेको गतिशीलता, सवारी साधनको संख्यात्मक वृद्धि तथा गुणात्मक विविधता, बढ्दो सवारी दुर्घटना तथा ट्राफिक जाम र यातायात व्यवस्थापनमा प्रयोग गरिएका आधुनिक प्रविधिलाई दृष्टिगत गर्दा नेपालको यातायात क्षेत्रलाई अझ विकसित र व्यवस्थित गर्नुपर्ने स्थिति छ । समग्र यातायात क्षेत्र विशेष गरी सार्वजनिक यातायातमा सरकारको संलग्नता नभएको अवस्थामा सार्वजनिक यातायात सेवालाई सुरक्षित, भरपर्दो, सरल, सहज र पहुँचयोग्य बनाउँदै लैजानुपर्ने र यातायात क्षेत्रको व्यवस्थापन र नियमन गर्ने निकायहरूलाई पनि सक्षम र सवल बनाउनुपर्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ ।

### २. अद्यावधिक स्थिति

यातायात प्रणालीलाई व्यवस्थित गर्न त्रिवर्षीय योजना अवधिमा केही उल्लेख्य कार्यहरू भएका छन् । सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्ने कार्यलाई विद्युतीय सञ्जालमा आवद्ध गरी जुनसुकै यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा केन्द्रमा सवारी साधन कर तिर्न र सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्न सकिने व्यवस्था मिलाइएको छ । यात्रुवाहक र मालवाहक दुवै थरिका सार्वजनिक सवारी साधनहरूको भाडा निर्धारणका लागि वैज्ञानिक भाडा दर पद्धति तयार गरी ४३२ रुटहरूमा वैज्ञानिक भाडा दर कार्यान्वयनमा ल्याइएको छ । तेस्रो पक्ष बीमा व्यवस्थामा व्यापक पुनरवलोकन गरी व्यावहारिक बनाइएको छ । सवारी प्रदूषण मापदण्ड, २०६९ लागू भएको छ । सार्वजनिक सवारी साधनको जाँचपास कार्यलाई वैज्ञानिक र व्यवस्थित गर्नका लागि सवारी साधन उपयुक्तता परीक्षण केन्द्रको स्थापना भएको छ । विद्यमान सवारी नम्वर प्रणालीलाई

इम्बोस्ड नम्बर प्लेटमा परिवर्तन गर्ने सम्बन्धमा प्रारम्भिक गृहकार्य भैरहेको छ । सवारी चालक अनुमतिपत्र प्रणालीका करिव ९० प्रतिशतभन्दा बढी गतिविधिहरू विद्युतीय माध्यमवाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । साथै सवारी चालक अनुमतिपत्र पनि जुनसुकै यातायात व्यवस्था कार्यालयबाट नवीकरण गर्न सकिने व्यवस्था मिलाइएको छ । यातायात व्यवस्था कार्यालयहरूमा रहेका सवारी चालक अनुमतिपत्रको विवरणहरूलाई कम्प्यूटरमा अध्यावधिक गर्ने कार्य भैरहेको छ । सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षालाई वैज्ञानिक बनाउन आवश्यक पाठ्यक्रम तथा निर्देशिका लागू गरिएको छ ।

यातायात व्यवस्था विभाग र अन्तर्गतका कार्यालयहरूको कार्यबोझको आधारमा संगठन संरचनाको काम भैरहेको छ । विद्युतीय प्रविधिको माध्यमबाट यातायात प्रशासनको कार्य सञ्चालन गर्न र सवारी चालक अनुमतिपत्र स्मार्ट कार्डमा उपलब्ध गराउनको लागि आवश्यक कार्यहरू सुरु भएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

बढ्दो सवारी साधनको तुलनामा आवश्यक सडक सञ्जालको विस्तार हुन नसक्नु, यातायात व्यवस्था कार्यालयहरूको व्यवस्थापन सक्षमता र सेवा प्रवाहमा गुणात्मकता अभिवृद्धि हुन नसक्नु, सार्वजनिक सवारीका साधनहरू निजी क्षेत्रबाट मात्र सञ्चालन भईरहेको सन्दर्भमा यस क्षेत्रमा सरकारी उपस्थिति शून्य हुनु, यातायात क्षेत्रमा विद्यमान सिण्डिकेट प्रणालीले सार्वजनिक यातायातको क्षेत्र प्रतिस्पर्धी र गुणस्तरीय हुन नसक्नु, सार्वजनिक यातायातमा आचार संहिता र अनुशासनको पालना नगरिनु, बढ्दो सवारी साधनको तुलनामा पार्किङ्ग व्यवस्थित हुन नसक्नु, सार्वजनिक सवारीका साधनहरूको निरन्तर अनुगमन नहुँदा सवारी दुर्घटनाहरू बढ्नु आगामी दिनमा स्थापित हुने प्रादेशिक स्वरूपका आधारमा यातायात व्यवस्थाको सोच विकसित हुन नसक्नु, आम यातायातका अतिरिक्त अन्य वैकल्पिक यातायातको व्यवस्था गर्नेतर्फ पर्याप्त ध्यान पुग्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

सवारी साधनको वृद्धिसंगै यसको उचित व्यवस्थापन गर्नु, बढ्दो सवारी दुर्घटना, सवारीबाट हुने ध्वनि तथा उत्सर्जनको स्तर निर्धारण एवं नियन्त्रण र काठमाडौं उपत्यकालगायत शहरी क्षेत्रहरूमा ट्राफिक जामको समस्या समाधान गर्नु, अनियन्त्रित सवारी आयात नियन्त्रण र आयु निर्धारण गर्नु, सिण्डिकेट प्रणालीको अन्त्य गरी प्रतिस्पर्धात्मक रूपमा गुणस्तरीय यातायात सेवा सञ्चालन गर्नु, समयसापेक्ष यातायात सम्बन्धी नीति तर्जुमा गरी लागू गर्नु, बढ्दो सवारी दुर्घटना नियन्त्रण गर्नु, शहरी क्षेत्र विशेषगरी काठमाण्डौ उपत्यकामा ट्राफिक जामको समस्या समाधान गर्नु, नयाँ मापदण्डमा आधारित परीक्षा केन्द्र र सवारी साधनको उपयुक्तता परीक्षण केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनु, सवारी साधनको नम्बरप्लेटलाई आधुनिक र प्रविधियुक्त बनाउने, सार्वजनिक यातायात प्रणालीलाई वैज्ञानिक, व्यवस्थित र सेवाग्राही मैत्री बनाउनु, सार्वजनिक सवारी साधनहरूको बाटो इजाजत प्रणालीलाई व्यवस्थित र पारदर्शी गर्नु जस्ता चुनौतीहरू रहँदै आएका छन् ।

## ४. दीर्घकालीन सोच

निर्बाध रूपमा आवतजावत गर्न पाउने सर्वसाधारणको मौलिक अधिकारको संरक्षण गर्दै आधुनिक यातायात सेवा उपलब्ध गराउने ।

## ५. उद्देश्य

विद्यमान यातायात व्यवस्थापन प्रणालीमा सुधार गरी सर्वसाधारणको आवागमनलाई सुरक्षित र भरपर्दो बनाउने ।

## ६. रणनीति

१. विद्यमान सवारी चालक अनुमतिपत्र प्रणालीलाई सुधारगरी चालकहरूलाई बढी जिम्मेवारीयुक्त र दक्ष बनाउने ।

२. यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रसमेतको भूमिका अभिवृद्धि गर्दै उनीहरूबाट प्रदान हुने सेवालाई प्रभावकारी गराउने ।

३. सार्वजनिक यातायातलाई वैज्ञानिक भाडा दर निर्धारण, सहुलियत तथा छुट सुविधाहरूको माध्यमबाट उपयुक्त व्यवस्था सहित नागरिक मैत्री बनाइनेछ ।

## ७. कार्यनीति

१. यातायात प्रशासनबाट प्रदान गरिने सेवामा आधुनिक तथा विद्युतीय प्रविधिको उपयोग गरिनेछ । (१)

२. सवारीको प्रभावकारी व्यवस्थापनको लागि स्मार्ट कार्ड, इम्बोसड् नम्बर प्लेटलगायत आधुनिक प्रविधि प्रयोगमा ल्याइनेछ । (२)

३. सवारी व्यवस्थापनमा कम्प्युटर पद्धति र बैङ्क मार्फत्को भुक्तानीलाई विस्तार गर्दै इ-भुक्तानी प्रक्रिया सुरु गरिनेछ । (२)

४. सवारी चालक अनुमतिपत्रलाई व्यवसायिक र गैरव्यवसायिक अनुमतिपत्रमा विभाजन गरी गरी छुट्टा-छुट्टै पाठ्यक्रमका आधारमा अनुमतिपत्र सम्बन्धी परीक्षा सञ्चालन गरिनेछ । (२)

५. यातायात क्षेत्रको विकास र व्यवस्थापनलाई प्रभावकारी, प्रतिस्पर्धी, आकर्षित र जिम्मेवार बनाउन निजी क्षेत्रसँगको साझेदारी र सहकार्यलाई अभिवृद्धि गरिनेछ । (२)

६. सार्वजनिक यातायातका लागि प्रयोग भएका, असुरक्षित र सुविधा कम भएका सवारी साधनहरूको क्रमिक रूपमा विस्थापन गर्दै लगिनेछ । (३)

७. ज्येष्ठ नागरिकहरूलाई परिचयपत्रको आधारमा यातायात साधनको भाडा दरमा सहुलियत र सीट आरक्षण गर्ने र अपाङ्गता भएका व्यक्तिहरू र विद्यार्थीहरूले प्राप्त गर्दै आएको छुट सहुलियत, महिला तथा अपाङ्गता भएका व्यक्तिलाई प्राप्त आरक्षण सीट सहजरूपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ । (३)

८. वैज्ञानिक भाडा दर निर्धारण गरी यातायात क्षेत्रमा हुने अनियमितता तथा सिन्डिकेट नियन्त्रण गरिनेछ ।  (३)

९. यातायात व्यवस्थापनमा पैदलयात्री, साइकल यात्री तथा गैर यान्त्रिक साधनहरूको लागि उचित व्यवस्था गरिनेछ। (३)

१०. सडक यातायातमा दुर्घटना कम गर्न सडक सुरक्षा कार्ययोजना लागू गरिनेछ । (३)

**८. प्रमुख कार्यक्रमहरु**

- सार्वजनिक सवारी साधनको सञ्चालन अवधि निर्धारण गरी आयु नाघेका र भौतिक परीक्षणबाट अनुपयुक्त देखिएका पूराना सार्वजनिक सवारी साधनहरूलाई विस्थापन गर्ने ।

- सार्वजनिक सवारी साधनहरूको उपयुक्तता जाँचलाई प्रभावकारी बनाउन गरी नयाँ मापदण्ड वनाई कार्यान्वयन गर्ने

- सडक तथा ट्राफिक नियमलाई विश्वव्यापी मापदण्ड अनुरूप लागू गरिंदै लगिने ।

- यातायात नीति, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई समयानुकूल परिमार्जन गरी यातायात व्यवस्थाको संस्थागत विकास गर्ने ।

- सवारी दुर्घटना र सुरक्षित यातायात बारेका जनचेतना अभियान सञ्चालन गर्ने ।

- यातायात व्यवस्था कार्यालयहरूले प्रदान गर्ने सेवालाई प्रभावकारि र भरपर्दो वनाउन विद्युतीय प्रणालीमा आवद्ध गर्ने ।

- सवारी साधनको नम्बर प्लेटलाई वैज्ञानिक र प्रविधियुक्त बनाउने ।

**९. अपेक्षित उपलब्धि**

सार्वजनिक सवारी साधनको आयु निर्धारण भएको हुने, राष्ट्रिय लोकमार्ग तथा शहरी सडकहरूमा ट्राफिक चिन्ह तथा संकेतहरू व्यवस्थित रूपमा प्रयोगमा ल्याईने, सवारीका घनत्व अधिक भएका क्षेत्रहरूमा यातायात व्यवस्था सेवा केन्द्र स्थापना भएको हुने, सवारी जाँच प्रक्रिया भरपर्दो र विश्वसनीय हुने, यातायात व्यवस्था कार्यालयका मुख्य मुख्य काम खास गरी सवारी साधन दर्ता, बाटो इजाजतपत्र र सवारी चालक अनुमति पत्र प्रदान गर्ने कार्यलाई विद्युतीय सूचना प्रविधिद्वारा व्यवस्थित गरिने र सवारीमा इम्बोस्ड नम्वर प्लेट लागू गरी ट्राफिक व्यवस्थापनमा उपयोग गरिएको हुनेछ ।

## ७.९ स्वयंसेवक सेवा

### १. पृष्ठभूमि

राष्ट्रिय विकास स्वयंसेवक सेवाबाट स्वयंसेवाको प्रवर्द्धन र स्वयंसेवकहरूको परिचालन गर्ने क्रममा २०५६ सालदेखि आ.ब. २०६९/७० सम्म ९,२०६ व्यक्तिहरूले स्वयंसेवक भई योगदान पुऱ्याएका छन् । वितेको डेढ दशकको अवधिमा सामाजिक परिचालन, आय-आर्जन प्रवर्द्धन, पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, स्थानीय प्रविधि प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन जस्ता क्षेत्रहरूमा विभिन्न निकायहरू मार्फत् स्वयंसेवकहरू परिचालन भएका छन् ।

### २. अद्यावधिक स्थिति

२०५६ सालमा २० जिल्लावाट सुरु भएको स्वयंसेवक परिचालन कार्यक्रम हाल ७२ जिल्लामा विस्तार हुनुका अतिरिक्त २२० जनाको सुरुको संख्यावाट वृद्धि भै हालसम्म ९,२०६ जना स्वयंसेवकहरू परिचालन भएका छन् । यस अवधिमा केन्द्रीय, स्थानीय, ग्रामीण र सेवाकालीन तथा इनटर्न गरी विभिन्न चार किसिमको स्वयंसेवकहरू परिचालन भएका छन् । स्वयंसेवक परिचालनको यस  अवधिमा सार्वजनिक सेवाको वितरणमा सहजीकरण, सामाजिक परिचालन, आय-आर्जन प्रवर्द्धन, पूर्वाधार निर्माण, जनचेतना अभिवृद्धि, स्थानीय प्रविधि प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन जस्ता क्षेत्रहरूमा स्वयंसेवकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । साथै, स्वयंसेवकहरूको संलग्नतामा दलित सामाजिक विकास कार्यक्रम, आदिबासी जनजाति विकास कार्यक्रम, नमूना गाँउ विकास कार्यक्रम र स्यामुल उन्दुङ्ग गाउँ विकास अनुशरण परियोजना जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् ।

### ३. समस्या तथा चुनौतीहरु

परम्परागत मूल्य मान्यतामा अभ्यास गरिएको पृष्ठभूमि र विगत डेढ दशकदेखि स्वयंसेवा संचालित भएपनि यस क्षेत्रमा विभिन्न समस्याहरू छन् । तीमध्ये स्वयंसेवी संस्था तथा कार्यक्रमहरूबीच समन्वय र सहकार्यमा कमी हुनु, स्वयंसेवकको कार्यक्षेत्र तथा अवधि एकिन नहुनु, स्वयंसेवकको माग र आपूर्तिबीच तालमेल मिलाउन नसकिनु जस्ता मुख्य समस्याहरू रहेका छन् । स्वयंसेवाको महत्त्वलाई समाज र स्थानीयस्तरमा स्थापना गरी यसलाई अभियानकै रूपमा अगाडि बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४. दीर्घकालीन सोच

स्वयंसेवक सेवालाई सामाजिक एकता प्रवर्द्धन गर्ने माध्यमको रूपमा विकास गर्ने ।

### ५. उद्देश्य

स्वयंसेवकका रूपमा सेवा गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई परिचालन गरी विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने ।

## ६. रणनीति

१. विकास कार्य तथा सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्न विभिन्न विषय र क्षेत्रका व्यक्तिहरूलाई स्वयंसेवा गर्ने अवसर सृजना गर्ने ।

२. केन्द्र तथा स्थानीयस्तरबाट तथा विभिन्न संघ/संस्थाहरू बीच सहकार्य समेतका आधारमा विभिन्नन बिषय क्षेत्रका स्वयंसेवकहरूको परिचालन गर्ने ।

३. स्वयंसेवाको भावनालाई समुदायस्तरबाटै प्रर्वद्धन गर्ने ।

४. स्वयंसेवासम्बन्धी सूचना व्यवस्थापन एवं संजालीकरणलाई सुदृढ गर्ने ।

५. स्वयंसेवाको क्षेत्रमा गरिएका राम्रा अन्तर्राष्ट्रिय अभ्यासहरूको अनुशरण र समन्वय गर्ने ।

## ७. कार्यनीति

१. स्थानीय मागका आधारमा विकास निर्माण, सेवा प्रवाह तथा विषयगत प्रविधिको क्षेत्रमा स्वयंसेवी जनशक्तिहरूको परिचालन हुन सक्ने क्षेत्रहरूको पहिचान गरी ढाँचा तयार गरिनेछ । (१)

२. आकस्मिक अवस्थाहरूमा सहयोग पुऱ्याउन सक्ने व्यक्तिहरूको रोष्टर तयार गरी आवश्यकताअनुसार स्वयंसेवकहरू परिचालन गरिनेछ । (२)

३. स्वयंसेवालाई फराकिलो र व्यवहारिक बनाउन नीतिगत खाका तयार गरी विकासका आयामहरूमा योगदान पुऱ्याउन सक्ने व्यक्तिहरूलाई स्वयंसेवकको रूपमा परिचालन गरिनेछ । (२)

४. नेपाल सरकारबाट समय समयमा निर्दिष्ट क्षेत्रमा अभियानको रूपमा स्वयंमसेवकहरू परिचालन गरिनेछ । (२)

५. विभिन्न शैक्षिक, प्राबिधिक तथा प्राज्ञिक संस्थाहरूमा अध्ययनरत युवाहरूलाई अध्ययनकै अभिन्न अङ्गको रूपमा स्वयंसेवामा संलग्न गराइनेछ । (२)

६. स्वयंसेवक परिचालन गर्दा योग्यता र समावेशिताको सिद्धान्तलाई अनुशरण गरिनेछ । (२)

७. स्वयंसेवक परिचालन गर्दा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । (२)

८. स्वयंसेवक परिचालन गर्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संस्थाहरूसँग सञ्जाल विस्तार गरी स्वयंसेवक परिचालन तथा स्वयंसेवा प्रर्वद्धन कार्यलाई विस्तार गर्दै लगिनेछ । (३)

९. स्वयंसेवालाई सामाजिक संस्कृतिको रूपमा विकास गर्न विद्यालय तहको पाठ्यक्रममा समावेश गरिनेछ । (३)

१०. स्वयंसेवाको प्रवर्द्धनका लागि प्रचारात्मक तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । (३)

११. राष्ट्रिय विकास स्वयंसेवक सेवालाई स्वयंसेवक परिचालन गर्ने संघ/संस्थाहरूको सम्पर्क निकाय तथा स्रोत केन्द्रको रूपमा विकसित गरिनेछ । (४)

**८. प्रमुख कार्यक्रमहरु**

- स्वयंसेवक परिचालनको लागि स्वयंसेवासम्बन्धी नीति, निर्देशिका र आचार संहिता तयार गरी लागू गर्ने
- स्थानीय माग र आवश्यकताको आधारमा स्वयंसेवकहरूको परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय संघसंस्थावाट परिचालन हुने र नेपाल सरकारले परिचालन गर्ने स्वयंसेवकहरूवाट गरिने काममा रहेको दोहोरोपना हटाई समन्वयात्मकरूपमा परिचालन गर्ने ।
- राष्ट्रिय योजना आयोगको सचिवालय अन्तरगत परिचालित स्वयंसेवक सेवालाई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूले पूरा गर्नुपर्ने पाठ्यक्रमसंग समेत आबद्ध गर्ने ।

**९. अपेक्षित उपलब्धि**

योजना अवधिमा परिचालन गरिने स्वयंसेवकको संख्यामा वृद्धि हुने, स्वयंसेवक परिचालनको क्षेत्र विस्तार हुन गई स्थानीयस्तरसम्म पुग्ने र स्वयंसेवी क्रियाकलापहरूको माध्यमबाट स्वयंसेवी भावनाको प्रवर्द्धन हुनेछ ।

## ७.१० मानव अधिकार संरक्षण

### ७.१०.१ मानव अधिकार संरक्षण

**१. पृष्ठभूमि**

मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्र, महासन्धि तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष बनी अन्तर्राष्ट्रिय क्षेत्रबाट भएका मानव अधिकारको संरक्षण र सम्बर्द्धनका प्रयासहरूमा नेपालले प्रतिबद्धता जनाउँदै आएको छ । यी दस्तावेजअनुरूप राष्ट्रियस्तरमा संस्थागत, नीतिगत एवं कानुनी संरचना तयार गरिएका छन् ।

**२. अद्यावधिक स्थिति**

नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको रूपमा थप अधिकारहरूको प्रत्याभूति गरेको छ । नागरिकहरूको हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्नका अतिरिक्त महिला,

दलित तथा वालवालिकाहरूको हक अधिकारको संरक्षणका लागि थुप्रै नीतिगत तथा कानुनी व्यवस्थाहरू पनि गरिएका छन् । मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू समेत मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा संलग्न छन् । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत विभिन्न प्रतिवेदनहरू र संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा समेत नियमित प्रतिवेदनहरू प्रस्तुत गरिएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

संविधान प्रदत्त मौलिक हक र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित र मान्यताप्राप्त मानव अधिकारहरूको सहज रूपमा प्रयोग गर्ने र आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकार हनन नहुने वातावरण सृजना गर्ने कार्य प्रमुख समस्याको रूपमा रहेको छ ।

मानव अधिकारको सम्मान, उपयोग, संरक्षण र प्रवर्द्धनको संस्कृति विकास गरी देशका सबै जात, जाति, भाषा, धर्म, संस्कृति, वर्ण, सम्प्रदाय, लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै समानता र न्यायपूर्ण समाजको विकास गर्नुपर्ने चुनौती रहेको छ ।

### ४. दीर्घकालीन सोच

संविधान प्रदत्त मौलिक हक र विश्वव्यापी रूपमा अवलम्वन गरिएका मानव अधिकारहरूको प्रवर्द्धन र संरक्षण गर्ने ।

### ५. उद्देश्य

सबै प्रकारका राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको न्यूनीकरण गरी लोकतान्त्रिक अधिकारको संरक्षण गर्ने ।

### ६. रणनीति

१. मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने ।

२. मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विषय, विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने ।

### ७. कार्यनीति

१. विभिन्न समयमा भएका आन्दोलन र द्वन्द्वका क्रममा घाइते भएका, मारिएका, बेपत्ता भएका, विस्थापित भएका व्यक्ति एवं तिनका परिवारहरूलाई लक्षित गरी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । (१)

१. अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको संरक्षण, विकास र सशक्तीकरणलाई विशेष जोड दिई राज्य व्यवस्थामा ती समुदायको सहभागिता बढाइनेछ। (१)

२. मानव अधिकारसँग सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी सहकार्यलाई थप प्रवर्द्धन गरिनेछ।

३. मानव अधिकारसम्बन्धी शिक्षालाई प्रवर्द्धन गरिनेछ। (१)

४. सुरक्षाकर्मी एवं अन्य सेवा प्रदायकका लागि प्रदान गरिने प्रशिक्षण कार्यक्रममा मानव अधिकार विषयलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने व्यवस्था गरिनेछ। (१)

५. कारागार एवं हिरासतमा रहेकाहरूको मानव अधिकारको प्रत्याभूतिका लागि आवश्यक व्यवस्था गरिनेछ। (१)

६. राज्यका तर्फबाट प्रदान हुने सेवाहरूलाई विस्तार गर्दै छिटो, छरितो र स्तरीय सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गरिनेछ। (१)

७. क्षेत्रगत विकासका नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कनमा मानव अधिकारका विषयलाई समावेश गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। (२)

८. मानवअधिकार राष्ट्रिय कार्ययोजनालाई समय सापेक्ष सुधार गरी कार्यान्वयन गरिनेछ। (२)

९. दण्डहीनताको अन्त्य गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने नीति अवलम्बन गरिनेछ। (२)

१०. प्रचलित कानुनमा सुधार एवं आवश्यकतानुसार नयाँ कानुन निर्माण गरी संविधान प्रदत्त मौलिक हक तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गरिनेछ। (२)

**८. प्रमुख कार्यक्रमहरु**

- मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा संलग्न निकायहरू र त्यहाँ कार्यरत अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने।

- अन्तराष्ट्रिय मानवीय कानुनसंग सम्बन्धित जेनेभा महासन्धिलाई कार्यान्वयन गर्ने ऐनको मस्यौदा तयार गर्ने।

- मानव अधिकार र मानवीय कानुनका सम्बन्धमा शैक्षिक संस्थाहरूमा सचेता अभिवृद्धि कार्यक्रम गर्ने।

- मानव अधिकारका नवीनतम प्रवृत्तिहरू लगायतका विषयहरूमा अध्ययन, अनुसन्धान, प्रकाशन मानव अधिकार राष्ट्रिय कार्ययोजना, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन गर्नेसम्बन्धी कार्ययोजना, लैंगिक हिंसा विरुद्धको राष्ट्रिय

कार्ययोजना लगायत मानव अधिकारसंग सम्बन्धित राज्यले अंगीकार गरेका कार्ययोजनाहरूको कार्यान्वयनसम्बन्धी कार्यक्रम गर्ने ।

- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप आवधिक प्रतिवेदनसम्बन्धी कार्यक्रम गर्ने ।
- असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायतासम्बन्धी कार्यक्रम गर्ने ।
- राज्यका नीति, योजना र कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा अधिकारमा आधारित पद्धति अवलम्वन गर्ने ।
- संक्रमणकालीन न्यायसम्बन्धी कार्यक्रम गर्ने ।

### ९. अपेक्षित उपलब्धि

कानुनी शासनको प्रतिफल जनतामा पुगेको हुने, आर्थिक, सामाजिक एवं शैक्षिक रूपमा पछाडि परेका वर्ग र समुदायको संरक्षण, विकास सशक्तीकरणका लागि समावेशीताको सिद्धान्त अनुरूप नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन भएको हुने, मानव अधिकार तथा मानवीय कानुनको उल्लंघनका घटनामा नियन्त्रण भएको हुने र संस्थागत तथा नीतिगत सुधारमार्फत् आमनागरिकको आधारभूत मानवअधिकार प्रत्याभूत भएको हुनेछ ।

## ७.१०.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

### १. पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विगतमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५, मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय योजना, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ तथा पुनःर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी भएका छन् । मानव बेचबिखनमा परेका बालबालिका तथा किशोरकिशोरी, महिलाको उद्धार, पुनर्स्थापना र पुनर्एकीकरणका प्रयासहरू गरिएका छन् । साथै मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका तथा जोखिमउन्मुख समूह/समुदायको पहिचान गरी सामाजिक सुरक्षा तथा आर्थिक सशक्तीकरण गर्ने तर्फ कार्यक्रम केन्द्रित रहेका छन् ।

### २. अद्यावधिक स्थिति

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि ऐन नियममा भएका प्रावधानहरूलाई व्यवहारमा लागू गरी अपराधजन्य कार्यलाई नियन्त्रण गर्न "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय योजना, २०६८" कार्यान्वयनमा ल्याइएको छ । साथै ऐनमा व्यवस्था भए बमोजिम राष्ट्रियस्तरमा राष्ट्रिय समिति र सबै जिल्लामा जिल्ला समिति गठन भई यस

क्षेत्रमा क्रियाशील रहेका छन् । मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण तथा पुनर्स्थापनाका लागि कोषको व्यवस्था गरिएको छ । सरकारी र गैर सरकारी संस्थाको सहकार्यमा ८ वटा जिल्ला (काठमाण्डौ, सिन्धुपाल्चोक, झापा, रूपन्देही, चितवन, बाँके, कैलाली, वीरगञ्ज) मा पीडित तथा प्रभावितका लागि बढीमा ६ महिनासम्म राख्न सकिने गरी पुनर्स्थापना गृह सञ्चालनमा रहेको छ । यी पुनर्स्थापना गृहबाट आर्थिक वर्ष २०६९/७० मा जम्मा १,४५८ पीडित तथा प्रभावितलाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, कानुनी सहायता, सीप विकास तालिम, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना जस्ता सेवाहरू उपलब्ध गराएको छ ।

### ३. समस्या तथा चुनौतीहरु

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका कार्यक्रमहरूलाई एकीकृतरूपमा कार्यान्वयन गर्न नसकिनु, एकीकृत तथ्यांक तथा सूचना प्रणालीको अभाव हुनु, महिला, बालबालिका तथा किशोरकिशोरी माथि हुने यौन तथा श्रम शोषण हुनु, निकृष्ट प्रकारका बालश्रम, र दासत्वको व्यवहार कायम रहनु, मानव अधिकार, महिला र बालबालिकाको अधिकार सुनिश्चित गर्न नसकिनु, वैदेशिक रोजगारीको अवसरमा भएको वृद्धिसँगै सिर्जित मानव बेचबिखन, एच.आइ.भी. सक्रमण, श्रम तथा यौनशोषण, यस क्षेत्रमा कार्यरत विभिन्न निकायहरूबीच संस्थागत समन्वय कायम गर्न कठिनाइ हुनु जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ४. दीर्घकालीन सोच

मानव बेचबिखन तथा ओसारपसार पूर्ण नियन्त्रण गरी सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने ।

### ५. उद्देश्य

१. मानव बेचविखन तथा ओसारपसार कार्यलाई प्रभावकारी ढङ्गवाट नियन्त्रण गर्ने संयन्त्र र संरचनाहरूको सुदृढीकरण तथा दक्षता अभिवृद्धि गर्ने ।

२. दण्डहीनताको अन्त्य गरी प्रभावितहरूलाई न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

### ६. रणनीति

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यमा संलग्न संस्थाहरूको संस्थागत सुदृढीकरण गर्ने ।

२. बालबालिका तथा किशोरकिशोरीको बेचबिखन तथा ओसारपसारका दृष्टिले हुने जोखिम कम गर्ने उपाय अवलम्बन गर्ने ।

### ७. कार्यनीति

१. पीडित/प्रभावितहरूको अधिकार सुनिश्चितता र उद्धारका लागि संयन्त्रहरूको विकास तथा सुदृढीकरण गरिनेछ । (१)

२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिहरूको सुदृढीकरणमार्फत् सम्बद्ध निकायहरूको मानव बेचबिखन विरुद्धका कार्यहरूको तर्जुमा र कार्यान्वयनमा समन्वय बढाइनेछ । (१)

३. स्थानीय स्तरमा बेचबिखन तथा ओसारपसारलाई रोक्न सुरक्षित आप्रवासनसम्बन्धी सूचना केन्द्रहरूको स्थापना गरिनेछ । (१)

४. जोखिमपूर्ण समूह/समुदायहरूको पहिचान गरी समुदायमा आधारित सामाजिक तथा आर्थिक सुरक्षासम्बन्धी गतिविधिहरू सञ्चालन गरिनेछ । (२)

५. आन्तरिक बेचबिखन तथा ओसारपसारको समस्याको अन्त्यका लागि प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गरिनेछ । (२)

**८. प्रमुख कार्यक्रमहरु**

- मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले सम्वेदनशील गा.वि.स तथा नगरपालिका र सम्बेदनशील समुदायको नक्शांकन तथा बहुआयामिक वञ्चितीमा परेका समूह/समुदायको विवरण तयार गर्ने ।
- स्थानीयस्तरमा आवश्यकता अनुसार स्थानीय समितिहरूको गठन गरी मानव बेचबिखन नियन्त्रण गर्ने ।
- जोखिममा रहेका बालबालिकाहरूलाई स्थानीय बाल क्लबमा क्रमशः आबद्ध गरी सचेतना वृद्धि गर्ने ।
- अतिविपन्न, जोखिमपूर्ण र जोखिमसन्मुख समुदायका परिवारकालागि आर्थिक सुरक्षा तथा सामाजिक क्षमता अभिवृद्धि गर्न लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।
- औपचारिक तथा अनौपचारिक शिक्षामार्फत् व्यापक रूपमा मानव बेचबिखन बिरुद्धमा जनचेतना अभिवृद्धि गर्ने ।
- जानकारीमूलक सूचना सामग्रीहरूको उत्पादन र वितरण गर्ने । सूचना तथा सहायता केन्द्रहरूको स्थापना गर्ने ।
- आवश्यकतानुसार विद्यमान कानुन संशोधन तथा नयाँ कानुनको निर्माण गर्ने ।
- श्रम शोषण तथा यौन शोषणका उद्देश्यले विदेशमा बेचबिखन तथा ओसारपसारमा परेका पीडित तथा प्रभावितलाई तत्काल उद्धार, स्वदेशफिर्ती, सम्प्रेषण सेवा, पुनःर्स्थापना तथा पुनर्मिलनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउने ।
- पीडित तथा प्रभावितलाई उपलब्ध गराउने सेवाहरूलाई सुलभ तथा प्रभावकारी बनाउन सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि तथा संयन्त्रको सुदृढीकरण गर्ने ।

## ९. अपेक्षित उपलब्धि

मानवबेचबिखनको दृष्टिले सम्बेदनशील क्षेत्र, समूह र समुदायको पहिचान एवं अद्यावधिक विवरण तयार भएको हुने र अतिबिपन्न, जोखिमयुक्त समुदायमा सचेतना अभिवृद्धि भई मानव बेचबिखन तथा ओसारपसारमा न्यूनीकरण भएको  हुनेछ ।

परिच्छेद : ८

# योजना प्रक्रिया, तथ्याङ्कीय प्रणाली एवं अनुसन्धान

## ८.१ योजना तर्जुमा

### १. पृष्ठभूमि

पाँच दशकभन्दा बढी समयदेखि मुलुकले आवधिक योजनाको तर्जुमालाई प्राविधिक र व्यावहारिक दृष्टिकोणले उपयुक्त बनाउने परिपाटी अवलम्बन गर्दै आए तापनि आशातीत रूपमा योजना तर्जुमा प्रक्रियालाई यथार्थपरक र व्यावहारिक बनाउन अझै धेरै प्रयास गर्न आवश्यक भएको छ ।

### २. अद्यावधिक स्थिति

आवधिक योजनाहरूको तर्जुमाको प्रारम्भिक कार्य सुरु गर्नुअघि विगत योजनाको समीक्षा र अद्यावधिक स्थितिको विश्लेषण गरिँदै आएको छ । यस्तो विश्लेषण गर्दा समष्टिगत र क्षेत्रगत सूचना तथा तथ्यांकहरूको उपयोग गर्नुका अतिरिक्त सरकारी, निजी र गैर-सरकारी क्षेत्रबीच छलफल र समन्वय गरी राष्ट्रिय तथा क्षेत्रीय नीतिहरूको मस्यौदा तयार गरिदै आएको छ । मस्यौदा आवधिक योजनालाई भौगोलिक तथा क्षेत्रीय सन्तुलनको पक्षवाट समेत परिमार्जन गर्नका अतिरिक्त अन्तरक्षेत्रीय विकासलाई परिपूरक हुने गरी तयार भएपश्चात् राष्ट्रिय विकास परिषद्मा छलफल गरी नेपाल सरकार ( मन्त्रिपरिषद्) को निर्णयअनुसार तेहौं योजनाको (आर्थिक वर्ष २०७०/७१-२०७२/७३) आधारपत्र स्वीकृत भै कार्यान्वयनमा ल्याईएको छ । समग्रमा योजना तर्जुमा प्रक्रियालाई सूचना तथा तथ्यमूलक, यथार्थपरक र व्यावहारिक वनाउन राष्ट्रिय योजना आयोग, तथ्यांकीय प्रणाली र अनुसन्धान तथा विकास लगायत विभिन्न पक्षमा सुधार गर्ने प्रयत्नहरू भैरहेका छन् ।

### ३. समस्या तथा चुनौतीहरु

आवधिक योजनाहरूले समेट्ने अवधिमा एकरूपता छैन । कुनै वर्ष योजनाविहीन रहेका छन् । कुनै योजना पाँच वर्षे अवधिको लागि तयार हुने, कुनै तीन वर्षे र कुनै अन्तरिम अवधिको लागि तयार हुने गरेको छ । त्यसैगरी, आयोजना तर्जुमा गर्दा नविनतम सोच र प्रविधिको उपयोग गर्न सकिएको छैन । तथ्यमा आधारित विश्लेषण र त्यसको नतिजाको आधारमा होइन, विगतमा के गरिएको थियो सोही कुरालाई सीमान्तकृतरूपमा वढाई चढाई नीति प्रस्ताव गर्ने लक्ष्य निर्धारण गर्ने समस्यावाट योजना तर्जुमासम्बन्धी कार्य मुक्त हुन सकेको छैन ।

अझ प्रत्येक योजनामा उद्देश्य, रणनीति, कार्यनीति तय गर्दा र प्राथमिकता निर्धारण गर्दा पहिलेका योजनासंगको सामाञ्जस्यतालाई वेवास्ता गर्दै नयाँ नयाँ प्रयोग गर्दै जाँदा कैयौं योजना अवधि सकिंदा पनि संतोष लिने गरी उपलब्धि हासिल हुन सकेका छैनन् । यस परिप्रेक्ष्यमा, सामाजिक आर्थिक विकासको यथार्थ स्थिति निर्धारण गर्नका अतिरिक्त

निश्चित अवधिपछिको गन्तव्य एकिन गरी नीति र कार्यक्रम कार्यान्वयनको लागि स्रोत र साधनको सुनिश्चितता गरी आवधिक योजना र वार्षिक बजेटबीच सामञ्जस्य कायम गर्ने कार्य ठूलो चुनौतीको रूपमा रहेको छ । त्यसैगरी योजना तर्जुमा गर्दा विषयगत मन्त्रालयहरूको स्वःस्फूर्त सहभागिता हुन नसक्दा कार्यान्वयनमा शिथिलता आउनुका अतिरिक्त अनुगमन तथा मूल्यांकन पक्ष समेत फितलो हुने गरेको स्थिति अन्त्य गर्नु अझ कठीन चुनौतीको रूपमा रहेको छ ।

### ४. दीर्घकालीन सोच

तथ्यमा आधारित नतिजामुखी योजना पद्धतिको विकास हुने ।

### ५. उद्देश्य

आवधिक योजनालाई प्राविधिकरूपमा सबल र व्यावहारिक रूपमा कार्यान्वयनयोग्य बनाउने ।

### ६. रणनीति

१. योजनाका विभिन्न तहहरूबीच एक आपसमा कार्यमूलक सम्बन्ध स्थापित गर्दै लैजाने ।

२. योजनाका उद्देश्य, लक्ष्य, प्राथमिकता तथा कार्यनीतिहरूबीच तादात्म्यता कायम गर्ने ।

### ७. कार्यनीति

१. आवधिक योजना तर्जुमामा संलग्न विभिन्न निकायका बजेट, कार्यक्रम तथा योजना इकाइलाई सक्षम एवं सुदृढ बनाइनेछ । (१)

२. योजनालाई यथार्थतामा आधारित बनाउन आवश्यक हुने तथ्याङ्क तथा सूचनाहरूको विश्वसनीयता अभिवृद्धि गरिनेछ । (१)

३. योजनाको लक्ष्य तथा नीति निर्धारण गर्ने परिपाटीलाई बढी वैज्ञानिक र यथार्थपरक बनाइनेछ । (१)

४. योजना तर्जुमा प्रक्रियामा सरोकारवालाको सार्थक सहभागिता अझै प्रवर्द्धन गरिनेछ । (१)

५. योजनाको उद्देश्य, लक्ष्य, प्राथमिकता तथा कार्यनीतिहरूको बीच तादात्म्यता कायम गर्ने पद्धति विकास गरिनेछ । (२)

६. दीर्घकालीन योजना, आवधिक योजना, वार्षिक विकास कार्यक्रम, स्थानीयस्तरमा तर्जुमा हुने योजनाहरू र क्षेत्रगत योजनाहरूबीच सहसम्बन्धको विकास गरिनेछ । (२)

७. नतिजामुखी योजना पद्धतिको विकास गर्न हाल अभ्यासमा रहेको मध्यकालीन खर्च संरचनालाई अझै यथार्थपरक बनाइनेछ । (२)

### ८. प्रमुख कार्यक्रमहरु

- नेपाललाई "अतिकम विकसित मुलुक" बाट स्तरोन्नति गर्ने आधारपत्र तयार गर्ने ।
- १४ औं आवधिक योजना र १५ वर्षे दीर्घकालीन सोचको तयारीको प्रारम्भिक कार्यहरू गर्ने । राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागको सुदृढीकरण र यी निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।
- केन्द्रीय अनुगमन प्रणालीलाई प्रभावकारी बनाई अनुगमन तथा मूल्यांकनवाट प्राप्त पृष्ठपोषणलाई भविष्यमा तयार गर्ने योजनाको लागि आधार बनाउने ।
- नतिजामूलक प्रणाली अवलम्बन गर्ने ।

### ९. अपेक्षित उपलब्धि

योजना तर्जुमा नतिजामुखी र यथार्थपरक भएको हुनेछ ।

## ८.२ योजना कार्यान्वयन

### १. पृष्ठभूमि

संविधान निर्माण र राजनीतिक स्थायित्व कायम गर्न प्रयास भए तापनि विकास योजना प्रक्रियाले अपेक्षित गति लिन सकेको छैन । साथै, राम्रा योजना, कार्यक्रम तथा आयोजनाहरू तर्जुमा गरी कार्यान्वयनलाई प्रभावकारी बनाउनु जरुरी छ । जग्गा प्राप्तिमा सरलता, सार्वजनिक खरिद प्रक्रियामा सुधार, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितता, सेवाको निरन्तरता, अन्तर्निकाय समन्वय, समयमै कार्यान्वयन योजना, कार्यविधि, निर्देशिकाको तर्जुमा तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक विषयहरू हुन् ।

### २. अद्यावधिक स्थिति

प्रत्येक आवधिक योजनाको कार्यान्वयन वार्षिक योजनाबाट हुने गर्दछ । संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रियस्तरमा घोषणा गरिएका विभिन्न महासन्धि तथा दस्तावेजहरूका प्रावधानहरू कार्यान्वयन गर्न नेपाल सरकारले आफ्नो प्रतिवद्धता दर्शाएको छ । यस्ता प्रतिवद्धताको कार्यान्वयन व्यवस्था समेत वार्षिक योजनामा एकीकृत भएको हुन्छ । यस्ता प्रयास हुँदाहुँदै पनि आवधिक योजनाका सबै सवालहरू, नीतिहरू र कार्यक्रमहरू आवश्यकरूपमा वार्षिक योजनामा समाहित हुन नसकेकोले प्रत्येक आवधिक योजनाले लिएका लक्ष्यहरू पूरा हुन सकेको देखिँदैन ।

### ३. समस्या तथा चुनौतीहरु

राजनीतिक अस्थिरतासंगै विषयगत मन्त्रालयहरूको प्राथमिकतामा आवधिक योजनामा तय गरिएका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन प्राथमिकताको विषय वन्न नसकेको र उच्चस्तरको कार्यसम्पादनलाई उत्प्रेरणा दिने र पुरस्कृत गर्ने संस्थागत परिपाटी र संस्कारको विकास गर्न नसकिएको हुँदा योजना कार्यान्वयन पछिल्लो समयमा पनि समस्यामूलक रहेको छ ।

सार्वजनिक वित्त व्यवस्थापन, पर्याप्त तथ्य र तथ्यांकको आधारमा आर्थिक सामाजिक विश्लेषण र लाभ लागतको हिसाव गरेर मात्र आवधिक योजनाले परिकल्पना गरेका आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन जस्ता कुराहरू अझै चुनौतीपूर्ण रहेका छन् ।

### ४. दीर्घकालीन सोच

आवधिक योजना र वार्षिक योजनाबीच तालमेल भई निर्धारित लागत र समय तथा प्रमाणित गुणस्तरसहित आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन हुन गई आवधिक योजनाको कार्यान्वयन नतिजामुखी र यथार्थपरक बनाउने ।

### ५. उद्देश्य

१. विकास योजना, कार्यक्रम तथा आयोजनाहरू तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गरी योजनामा निर्दिष्ट नतिजा हासिल गर्ने ।

२. आवधिक र वार्षिक योजनाबीच जीवन्त सम्बन्ध स्थापना गरी योजनाको कार्यान्वयन सुनिश्चित गर्ने ।

### ६. रणनीति

१. नतिजामुखी योजना र मध्यावधि खर्च संरचना तयार गरी वार्षिक कार्यक्रम तथा बजेट र आवधिक योजनाबीच प्रभावकारी अन्तरसम्बन्ध स्थापित गर्ने ।

२. कार्यान्वयनका जवाफदेहिता संयन्त्रलाई सबल बनाउने ।

३. कार्यसम्पादन करारलाई वस्तुगत बनाई क्रमशः लागू गर्दै जाने ।

४. नीतिगत तथा प्रक्रियागत सुधार गरी सार्वजनिक खरिद क्षेत्रमा सुशासन कायम गर्ने ।

### ७. कार्यनीति

१. योजना तर्जुमा गर्दा नै कार्यान्वयन पक्षलाई केन्द्रमा राखी विषय क्षेत्रगत नतिजा खाका समावेश गरिनेछ । (१)

२. परिमार्जित आधारहरू लागू गरी नतिजामूलक मध्यमकालीन खर्च संरचनालाई संस्थागत गरिनेछ । (१)

३. आवधिक योजना, वार्षिक बजेट तथा कार्यान्वयनबीचको सम्बन्धको वार्षिक लेखाजोखा गरिनेछ । (१)

४. एकीकृत नतीजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ । (२)

५. सबै तहबाट हुने अनुगमन तथा मूल्याङ्कनलाई थप सुदृढ र कार्यमूलक बनाउन अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सूचना तथा जानकारीहरूलाई सार्थकरूपमा प्रयोग गर्ने पद्धति विकास गरिनेछ । (२)

६. विकास योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न समाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई प्रक्रियालाई संस्थागत गरिनेछ । (२)

७. कार्यक्रम तथा आयोजना प्रमुखसँग कार्यसम्पादन सूचकका आधारमा सम्झौता गरी ती कार्यक्रम तथा आयोजनाको उपलब्धि तथा कार्यसम्पादनस्तरका आधारमा मूल्याङ्कन गरिनेछ । (३)

८. सार्वजनिक खरिद ऐन र नियमावलीमा आवश्यक संशोधनसमेत गरी यसलाई प्रभावकारी रूपमा लागू गरिनेछ । (४)

९. जग्गा प्राप्तिलाई सरल र विकास-मैत्री बनाउन आवश्यक नीतिगत तथा कार्यगत सुधार गरिनेछ । (४)

**८. प्रमुख कार्यक्रमहरु**

- स्रोत र साधनको पर्याप्तताको व्यवस्था गर्ने ।
- अन्तर निकाय समन्वय र सहजीकरण गर्ने ।
- नतिजा खाकालाई परिमार्जन गर्ने ।
- मध्यवधि खर्च तथा वजेट संरचना तयार गर्ने ।
- कार्यसम्पादन करारलाई विस्तार गरी प्रभावकारी वनाउने ।

**९. अपेक्षित उपलब्धिहरु**

योजनाका लक्षित नतिजा र प्रतिफलहरू प्रभावकारी रूपमा हासिल भएको र कार्यान्वयन सम्बद्ध पदाधिकारी तथा निकायहरू विकास नतिजाप्रति जिम्मेवार भएका हुनेछन् ।

## ८.३ अनुगमन तथा मूल्याङ्कन

**१. पृष्ठभूमि**

अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई परिमार्जन गर्दै नियमित, भरपर्दो र नतिजामूलक, बनाई विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउनका लागि

नयाँ अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तर्जुमा गरी लागू गरिएको छ । अनुगमन तथा मूल्याङ्कनमा संलग्न जनशक्तिको क्षमता विकास, सूचकहरूको परिमार्जन, आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान समेतका लागि संस्थागत संयन्त्रलाई प्रभावकारी बनाउन प्रयासहरू भएका छन्। सञ्चालित कार्यक्रम तथा आयोजनाको मूल्याङ्कन गर्ने परिपाटीलाई पनि संस्थागत गर्ने प्रयास थालिएको छ । नतिजामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थालाई संस्थागत गर्ने र अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी गराई कार्यक्रम तथा आयोजनामा गरिएको लगानीप्रति सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न आगामी प्रयास केन्द्रित रहनुपर्ने स्थिति छ ।

## २. अद्यावधिक स्थिति

अनुगमन तथा मूल्याङ्कनलाई थप नतिजामूलक वनाउनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७० कार्यान्वयनमा ल्याईएको छ । राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिका बैठकहरू नियमित रूपमा सम्पन्न भईरहेका छन् । राष्ट्रिय प्राथमिकताका र जनस्तरमा प्रभाव पार्ने आयोजना तथा कार्यक्रमहरूको उच्चस्तरीय अनुगमन गर्ने कार्यक्रमले निरन्तता पाउनका अतिरिक्त विकास नतिजाका लागि व्यवस्थापन संस्थागत गर्ने क्रममा १६ निकायहरूको व्यावसायिक योजना तयार भै कार्यान्वयनमा आएका छन् । आयोजना कार्यसम्पादन सूचना प्रणालीको सफ्टवेयर तयार भई कार्यान्वयनमा ल्याउन आबश्यक पूर्वाधारको तयारी भैरहेको र विभिन्न निकायमा अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिको लागि तालिमहरू सञ्चालन गरिएका छन् ।

## ३. समस्या तथा चुनौतीहरु

अनुगमन र मूल्यांकन कार्यले महत्त्व नपाउनु, अनुगमन र मूल्यांकनवाट प्राप्त पृष्ठपोषणलाई नीति निर्णय प्रक्रियामा आवद्धित गर्न नसकिनु, दक्ष तालिम प्राप्त तथा नविनतम सीप र प्रविधि प्रयोग गर्नसक्ने जनशक्तिको अभाव र विषयगत मन्त्रालय तथा योजनाहरूले अनुगमन तथा मूल्यांकनलाई प्रमुख कामका रूपमा नलिने जस्ता समस्याहरू छन् ।

अनुगमन तथा मूल्यांकनलाई विभिन्न तहगत रूपमा नभई एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने, योजना तर्जुमा गर्दाको अवस्थामा अनुगमन गरिने क्रियाकलाप र मूल्यांकन गरिने उपलब्धिलाई वस्तुगत तथा मापनयोग्य रूपमा परिभाषित नगरी विषयगत रूपमा कायम गर्ने र खासगरी मूल्यांकनलाई कार्यसम्पादन र जवाफदेहीतासंग आवद्ध नगरी सामान्य पाठ सिकाईको रूपमा लिने प्रवृत्तिलाई परिवर्तन गर्नुपर्ने चुनौतीहरू रहेका छन् ।

## ४. दीर्घकालीन सोच

अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई नतिजामूलक र भरपर्दो व्यवस्थापकीय औजारको रूपमा स्थापित गर्ने ।

## ५. उद्देश्य

अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट योजना तथा नीति निर्माण प्रक्रियालाई प्रमाणमा आधारित गराउने, सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्ने र विकास नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनलाई प्रभावकारी गराउने ।

## ६. रणनीति

१. अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउन तयार गरिएको राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने ।

२. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संस्थागत सुधार गरी सम्बद्ध संस्थाहरूको भूमिकालाई सुदृढ गराउने ।

३. सम्पन्न भएका वा सञ्चालनमा रहेका विकास नीति, कार्यक्रम तथा आयोजनाहरूको मूल्याङ्कनलाई संस्थागत गराउने र प्राप्त सुझावहरूलाई नीति निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने व्यवस्था गर्ने ।

४. अनुगमन तथा मूल्यांकनमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कनका माध्यमबाट सामाजिक जवाफदेहिता प्रवर्द्धन एवं नीति निर्माण र निर्णय प्रक्रियालाई सुसूचीत गर्ने ।

## ७. कार्यनीति

१. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० लाई व्यापक रूपमा सम्प्रेषण गरिने । सोको प्रभावकारी प्रयोगका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (१)

२. सार्वजनिक सेवा प्रवेशसम्बन्धी तालिम तथा सेवाकालीन तालिममा अनुगमन तथा मूल्याङ्कनलाई समेत समावेश गर्न लगाईनेछ । (१)

३. दक्षता हासिल गरेका अनुभवी जनशक्तिलाई योजना, अनुगमन तथा मूल्याङ्कन कार्यमा लामो समय सेवारत रहने व्यवस्थाका लागि नीतिगत सुधार तथा व्यवस्था गरिनेछ । (१)

४. राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई कार्यमूलक बनाइनेछ । (२)

५. अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित एवं प्रभावकारी बनाउन हरेक निकायले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ । (२)

६. अनुगमन तथा मूल्याङ्कन कार्यमा क्षेत्रीय प्रशासन कार्यालय र क्षेत्रीय निर्देशनालयहरूलाई परिचालन गरिनेछ । (२)

७. सम्पन्न वा सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजनाहरूमध्ये हरेक वर्ष निश्चित सङ्ख्यामा तेस्रो पक्षबाट र केही आयोजनाको राष्ट्रिय योजना आयोगको तहबाट समेत मूल्याङ्कन गराइनेछ । (३)

८. विभिन्न निकायबाट गराइने मूल्याङ्कन प्रतिवेदनहरूको अभिलेख अद्यावधिक गर्ने र मूल्याङ्कनबाट प्राप्त सुझावहरूलाई नीति निर्माण तथा योजना प्रक्रियामा प्रयोग गर्ने व्यवस्था गरिनेछ । (३)

९. अनुगमन तथा मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग र सञ्जाल विस्तार गरिनेछ । (४)

१०. सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । (५)

११. अनुगमन तथा मूल्याङ्कनमार्फत् आयोजना प्रमुखहरूलाई नतिजाप्रति जवाफदेही गराइनेछ । (५)

१२. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतीजाको विश्लेषण तथा प्रयोग अभिवृद्धि गरी नीति निर्माण र निर्णय प्रक्रियालाई प्रमाणमा आधारित गराइनेछ । (५)

१३. विकास कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्दा लेखापरीक्षणको प्रतिवेदनलाई आधार मानिनेछ । (५)

१४. सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता विधिहरू प्रयोग गरी सार्वजनिक जवाफदेहीता प्रवर्द्धन गरिनेछ । (५)

**८. मुख्य कार्यक्रमहरू**

- राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन, २०७० को प्रभावकारी सम्प्रेषण तथा कार्यान्वयनको क्रममा विकास क्षेत्रहरूमा कार्यशालाहरू सञ्चालन गर्ने ।
- सार्वजनिक खर्चको अनुगमन सर्भेक्षणलाई थप वस्तुपरक वनाई संस्थागत गर्ने ।
- राष्ट्रिय गौरव लगायत विभिन्न मन्त्रालयहरूले कार्यान्वयन गरेका आयोजनाहरूको अनुगमन गर्ने ।
- सञ्चालनमा रहेका वा सम्पन्न कार्यक्रम वा आयोजनाहरूको प्रभाव मूल्यांकन र सामाजिक परीक्षण तेस्रो पक्षद्वारा गराउने ।
- अनुगमन तथा मूल्यांकनमा सूचना प्रविधिको प्रयोगलाई संस्थागत र विस्तार गरी आयोजनासंग सम्बद्ध पक्षहरूलाई पृष्ठपोषण गर्ने ।
- विश्व विद्यालय तथा विभिन्न तालिम प्रतिष्ठानहरूमा अनुगमन तथा मूल्यांकनसम्बन्धी अध्ययन, अध्यापन तथा प्रशिक्षण गर्ने व्यवस्था गर्न अभिप्रेरित गर्ने ।

- सहभागितात्मक अनुगमन तथा मूल्यांकन विधिलाई प्रयोगमा ल्याईने ।
- नतिजामूलक अनुगमन तथा मूल्यांकन र प्रशिक्षक प्रशिक्षणसम्बन्धी क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।
- अनुगमन तथा मूल्यांकनमार्फत् सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- नीति, कार्यक्रम तथा आयोजनाको मूल्यांकनको मापदण्ड तथा नर्म्स निर्धारण गर्ने ।
- आन्तरिक वा स्व-मूल्यांकनलाई संस्थागत गर्दै लगिने ।

### ९. अपेक्षित उपलब्धिहरु

नतिजामूलक अनुगमन तथा मूल्यांकन व्यवस्था संस्थागत भएको हुने र आयोजना तथा कार्यक्रमहरूको सम्पन्न दर वृद्धि भएको हुनेछ ।

## ८.४ तथ्याङ्कीय प्रणाली

### १. पृष्ठभूमि

नीति तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका हरेक पक्षहरूमा वस्तुगत लेखाजोखा गर्न सही, भरपर्दो र सामयिक तथ्याङ्कको उपलव्धता अत्यावश्यक रहेको छ । राष्ट्रिय तथ्याङ्क प्रणालीको बृहत्तर सोचअनुरूप तथ्याङ्कीय क्रियाकलापहरूलाई राष्ट्र निर्माणको बृहत् लक्ष्य तथा मागसँग तालमेल मिलाएर आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन गर्नेतर्फ यो योजना केन्द्रित छ ।

### २. अद्यावधिक स्थिति

बाह्रौं योजना अवधिभित्रमा सम्पन्न हुनुपर्ने राष्ट्रिय जनगणनाका विस्तृत नतिजाहरू सार्वजनिक भइसकेका छन् । जनगणनाका नतिजाहरूको बिश्लेषणसहितको मोनोग्राफ तयार गर्ने काम भइरहेको छ । यस्तै राष्ट्रिय कृषिगणना पनि सम्पन्न भई राष्ट्रिय तथा जिल्लास्तरको तथ्यांक समेत सार्वजनिक भइसकेको छ । सोही अवधिमा सुरु गरिएको दसौं राष्ट्रिय औद्योगिक गणनाको नतिजा सार्वजनिक गर्नका अतिरिक्त यही गणनाको तथ्यांकमा आधारित भई नेपालकै पहिलो उद्योग क्षेत्रको मोनोग्राफ तयार गर्ने कार्य पनि सुरु भएको छ । तथ्याङ्क विकासका क्षेत्रमा तथ्याङ्क विभाग लगायत विभिन्न निकायहरूको तथ्यांक व्यवस्थापनको लागि आवश्यक संस्थागत सुदृढीकरण, कानुनी सुधार, जनशक्ति विकास, राष्ट्रिय लेखा प्रणाली सुदृढीकरण, सर्वेक्षण तथा गणना व्यवस्थापन जस्ता विषयहरूको एकीकृतरूपमा कार्ययोजना तयार गर्ने कार्य भएका छन् ।

नेपालमै पहिलो पटक त्रैमासिक राष्ट्रिय लेखाको तथ्याङ्क तयार गरी सार्वजनिक समेत गरिसकिएको छ । राष्ट्रिय तथ्याङ्क अभिलेखको विकासका लागि आधारभूत कार्यहरू सम्पन्न भएका छन् । प्रथम वार्षिक घरपरिवार सर्वेक्षणको आधारभूत नतिजाहरू

सार्वजनिक गरिएका छन् भने राष्ट्रिय लेखा तथ्याङ्कको स्तरवृद्धिका लागि सञ्चालन गरिने गरिएको विभिन्न आर्थिक सर्वेक्षणहरू पनि नियमितरूपमा सञ्चालन भई राष्ट्रिय लेखामा प्रयोग गरिदैं आइएको छ। मूल्य तथ्यांकतर्फ कृषि क्षेत्रको उत्पादक मूल्य सूचकाङ्क पनि तयार गरिएको छ । सहस्राब्दी विकास लक्ष्यको अनुगमन तथा मूल्यांकनका लागि आवश्यक सामाजिक, आर्थिक तथा वातावरणसम्वद्ध तथ्याङ्कहरूको संकलन तथा प्रकाशन पनि भैरहेका छन् । नेपाल जीवनस्तर सर्वेक्षणको तेस्रो संस्करण सम्पन्न भई सोहीबमोजिम गरिबी सम्बन्धी तथ्यांक सार्वजनिक भइसकेको छ।

### ३. समस्या तथा चुनौतीहरु

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागअनुरूप तथ्याङ्क आपूर्तिका लागि अत्यावश्यक संस्थागत, संगठनात्मक, कानुनी, सूचना प्रविधि तथा जनशक्ति र यसको व्यवस्थापनमा कमी भएकोले माग र आपूर्तिबीचको बढ्दो खाडल, कतिपय क्षेत्रमा दोहोरोपन तथा अन्तर्राष्ट्रियस्तरमा स्वीकारिएका विधि, वर्गीकरण तथा मापदण्डहरूको अनभिज्ञता, निकायगत समन्वयको अभाव समेत देखिनु यस क्षेत्रको प्रमुख समस्याका रूपमा रहेको छ। त्यसैगरी राष्ट्रिय तथ्यांक प्रणालीलाई व्यापक बनाई आर्थिक सामाजिक पक्षका विभिन्न तथ्यांकहरूलाई अन्तर्राष्ट्रियस्तरमा तुलना गर्न योग्य वनाउने कार्य चुनौतीपूर्ण छ।

### ४. दीर्घकालीन सोच

राष्ट्रिय विकासका लागि आवश्यक सूचना तथा तथ्याङ्कलाई भरपर्दो, स्तरीय तथा सामयिक बनाउने ।

### ५. उद्देश्य

सूचना प्रविधिको अधिकतम प्रयोग तथा नेपालका लागि आवश्यक सूचना र तथ्याङ्कलाई भरपर्दो, स्तरीय र सामयिक वनाउने ।

### ६. रणनीति

१. तथ्यांकको विकासका लागि राष्ट्रिय रणनीति तयार गर्ने ।

२. निर्धारित तथ्याङ्क प्रणाली तथा अनुमति प्रणालीलाई संस्थागत गर्दै सूचना प्रविधिको उपयोग र विस्तार मार्फत् समन्वयात्मक राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास गर्ने ।

३. नीति तर्जुमा, योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि भरपर्दो, सामयिक तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको तथ्याङ्क उपलब्ध गराउने ।

४. तथ्याङ्क विकासमा दुईपक्षीय तथा बहुपक्षीय सहयोगलाई सुदृढ बनाउने ।

## ७. कार्यनीति

१. राज्यको सङ्घीय अवधारणा समेतलाई ध्यानमा राखी तथ्याङ्कको कानुनी संरचना तयार गरिनेछ । (१)

२. तथ्याङ्कीय क्रियाकलापमा संलग्न विभिन्न निकायको जिम्मेवारीलाई संस्थागतरूपमा किटानी गरिनेछ । (१)

३. केन्द्रीय तथ्यांक विभाग लगायत तथ्यांकीय कार्यकलाप गरिरहेका अन्य सरकारी संगठनहरूको तथ्यांक इकाईहरूको संस्थागत तथा संगठनात्मक विकास तथा पुनःसंरचना गरिनेछ । (१)

४. राष्ट्रिय तथ्याङ्क परिषद्लाई थप सक्रिय गराई अन्य सम्बन्धित निकायहरूबीच समन्वय गरिनेछ । (१)

५. सर्वेक्षण अनुमति प्रणालीलाई संस्थागत गरिनेछ । (१)

६. परिवर्तित सन्दर्भमा सङ्घीय संरचना अनकूल हुने गरी तथ्याङ्क सङ्गठनहरूको संरचना बनाइनेछ । (१)

७. तथ्याङ्क उत्पादनकर्ता, प्रयोगकर्ता, उपलब्धकर्ता तथा सञ्चार क्षेत्रलाई एकापसका परिपूरक वनाइनेछ । (१)

८. कार्यालय अभिलेखहरूलाई सुरक्षित राखी संस्थागत अभिलेख दिगो राखिनेछ । (१)

९. निर्णय प्रक्रियालाई आवश्यक पर्ने विभिन्न आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य क्षेत्रहरूका तथ्याङ्क सङ्कलन प्रशोधन तथा संप्रेषण गरिनेछ । (२)

१०. परिसूचकहरूलाई संस्थागत गर्न गणना तथा सर्वेक्षण र सूचना प्रणालीहरूको व्यवस्था गरिनेछ । (२)

११. तथ्यांक व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । (२)

१२. तथ्यांक व्यवस्थापनमा कार्यरत कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूको समेत क्षमता अभिवृद्धिका लागि केन्द्रीय तथ्यांक विभागको मातहतमा रहने गरी राष्ट्रिय तथ्यांक अनुसन्धान तथा तालिम केन्द्रको स्थापना  गरिनेछ । (२)

१३. तथ्याङ्क क्षेत्रमा संलग्न निकायहरूको संस्थागत सुदृढीकरण तथा जनशक्ति विकास गरिनेछ । (३)

१४. अन्तर्राष्ट्रियरूपमा प्रचलित मापदण्ड, विधि, तथा वर्गीकरणहरूको अनुसरण गर्ने व्यवस्था मिलाइनेछ । (३)

१५. राष्ट्रिय लेखालाई बढी समसामयिक तथा भरपर्दो बनाउन आवश्यक सुधार गरिनेछ । (३)

१६. राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध निकायहरूको तथ्याङ्कीय क्षमता अभिवृद्धि गर्न दुईपक्षीय तथा बहुपक्षीय सहयोगलाई प्राथमिकता दिइनेछ । (४)

## ८. प्रमुख कार्यक्रमहरु

- खुला तथ्यांक (open data) प्रणाली कार्यान्वयनमा ल्याइने ।
- राष्ट्रिय तथ्यांक विकास रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने ।
- त्रैमासिक राष्ट्रिय लेखा तथ्यांकको संस्थागत विकास गर्ने ।
- विभिन्न सर्वेक्षणहरूका लाीग आवश्यक पर्ने Master Sample Frame तयार गर्ने ।
- तथ्याङ्कको सेवाकालीन, अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम तथा तथ्याङ्कीय अनुसन्धानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहने गरी राष्ट्रिय तथ्याङ्क अनुसन्धान तथा तालिम केन्द्रको स्थापना गर्ने ।
- त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्कको संस्थागत विकास गर्ने ।
- अन्तर्राष्ट्रिय औद्योगिक मापन वर्गिकरणको मुख्य विभाजन अन्तर्गत पर्ने सम्पूर्ण क्रियाकलापहरूलाई समेट्ने गरी प्रमुख राष्ट्रिय आर्थिक तथा सामाजिक सूचकहरू (comprehensive socioeconomic indicators) तयार गर्ने ।
- सम्भाव्यता तथा महत्त्वका आधारमा पर्यटन, स्वास्थ्य, महिलाको राष्ट्रिय अर्थतन्त्रमा योगदान, अनौपचारिक आर्थिक क्रियाकलाप आदि क्षेत्रहरूको विस्तारित (स्याटलाईट) लेखा तयार गर्ने ।
- केन्द्रीय तथ्याङ्क विभागको पुनःसंरचना तथा तथ्यांक कार्यालयको विस्तार र सुदृढीकरण गर्ने ।
- तथ्यांकीय कार्यकलाप गरिरहेका अन्य सरकारी संगठनहरूको तथ्यांक इकाईहरूको संस्थागत तथा संगठनात्मक विकास तथा पुनःसंरचना गर्ने ।
- केन्द्रीय तथ्याङ्क विभागमा भौगोलिक सूचना प्रणालीलाई संस्थागत गर्ने ।
- श्रमशक्ति सर्वेक्षण सञ्चालन गर्ने ।
- गरिबी मापनका लागि वार्षिक घरपरिवार सर्वेक्षणलाई निरन्तरता दिने ।
- केन्द्रीय तथ्यांक विभागबाट भएका गणना तथा सर्वेक्षणसँग सम्बन्धित तथ्यांक र तिनको प्रक्रियागत अभिलेखन गर्ने कार्यक्रम (National Data Archive -NADA) लाई आधिकारिक तथ्यांकका अन्य निकायहरूमा पनि क्रमशः विस्तार गर्ने ।

### ९. अपेक्षित उपलब्धि

नयाँ तथ्यांक ऐन जारी भएको हुने, नीति तथा योजना तर्जुमा तथ्यपरक भएको, राष्ट्रिय तथ्यांक प्रणाली संस्थागत भएको, तथ्यांक व्यवस्थापनमा सक्षम जनशक्तिको व्यवस्था र आधिकारिक तथ्यांकको गुणस्तर वृद्धि भएको हुनेछ ।

## ८.५ अनुसन्धान तथा विकास

### १. पृष्ठभूमि

राष्ट्रियस्तरका तथा विभिन्न विषयगत अध्ययन र अनुसन्धानका कार्यहरू यथार्थपरक विकास प्रक्रियाका लागि आवश्यक हुन्छ । गहिरो अध्ययन अनुसन्धान बिना गरिएको कार्य दिगो हुन सक्दैन । स्रोत र साधनको अधिकतम उपयोग गर्न र लक्षित उद्देश्य हासिल गर्न अध्ययन अनुसन्धान जरुरी छ ।

### २. अद्यावधिक स्थिति

उत्पादनहरू प्रविधि सघन हुँदै गैरहेको, उपभोक्ताका चाहना र उत्पादनका स्वरूपमा तीव्र परिवर्तन भैरहेको, सामाजिक आर्थिक जीवनमा विज्ञान प्रविधिको भूमिका अपरिहार्य बन्दै गएकाले अनुसन्धान र विकासमा लगानी बढाउनै पर्ने स्थिति रहेको छ ।

### ३. समस्या र चुनौतीहरु

नीति निर्माणसँग व्यवस्थित र नियमित सम्बन्ध विकास हुन नसक्नु, प्राथमिकताहरूको पहिचान तथा व्यवस्थापन, विभिन्न क्षेत्रहरूमा छरिएका लगानीबाट प्रायः विश्वसनीयता र उपयोगको दृष्टिले सन्देहास्पद र स्तरहीन अध्ययनको प्रचुरता हुनु जस्ता समस्याहरू यस क्षेत्रमा रहेका छन् ।

विभिन्न क्षेत्रहरूमा भएको अध्ययन अनुसन्धानवाट प्राप्त नतिजाहरूलाई नीतिगत तथा कार्यगतरूपमा लैजान र अध्ययन अनुसन्धानका प्रतिवेदनहरू नीति निर्माण तहमा वस्नेहरूका लागि पृष्ठपोषणको रूपमा उपयोग गर्नुपर्ने चुनौती छ ।

### ४. दीर्घकालीन सोच

उत्पादकत्व, उद्यमशीलता र नवप्रवर्तनको संस्कृति विकास गर्न अनुसन्धान र विकासका क्षेत्रमा लगानी बढाई व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने ।

### ५. उद्देश्य

सामयिक अध्ययन र अनुसन्धानबाट प्रमाणमा आधारित, नतिजामूलक योजना, अनुगमन तथा मूल्याङ्कन पद्दतिको स्थापना गर्ने ।

## ६. रणनीति

१ बढी संभावना भएका आर्थिक, सामाजिक विकास र भौतिक पूर्वाधारका क्षेत्रहरूलाई लक्षित गरी नवप्रवर्तनशील र दक्ष जनशक्ति र प्रोत्साहन प्रणालीको विकास गर्ने ।

२ अनुसन्धान र विकासका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य र साझेदारिता विस्तार गर्ने ।

## ७. कार्यनीति

१. अनुसन्धान तथा विकाससम्बन्धी क्षमताको मूल्याङ्कन गरी विद्यमान पूर्वाधारहरूको सुदृढीकरण र वैदेशिक अवसरहरूको समेत उपयोग गरी उच्चस्तरीय जनशक्ति तयार गरिनेछ । (१)

२. अनुसन्धान तथा विकास कार्यको निरन्तरताको लागि समेत अनुसन्धानबाट प्राप्त प्रतिफलरूपी ज्ञानलाई विस्तार, उपयोग र व्यावसायीकरण गरिनेछ । (१)

३. अनुसन्धानकर्ता र प्राविधिक जनशक्तिलाई देशभित्र टिकाई राख्न र विदेश भएकालाई स्वदेशमै फर्किने वातावरण सृजना गर्न उपयुक्त नीतिगत प्रावधान र प्रोत्साहन प्रणालीको व्यवस्था मिलाइनेछ । (१)

४. अनुसन्धान कार्यहरूलाई क्रमिकरूपले विकेन्द्रित गर्दै लगिनेछ । (१)

५. सवै वर्ग र क्षेत्रका प्रतिभाशाली र सिर्जनशील विद्यार्थीहरूलाई प्राथमिकताका क्षेत्रमा विज्ञान तथा प्राविधिक शिक्षा प्राप्त गर्न प्रोत्साहन गरिनेछ । (१)

६. निजी क्षेत्रलाई प्रोत्साहनका लागि वित्तीय उत्प्रेरणा प्रणाली विकास गरी अनुसन्धान र विकास कार्यमा लगानी गर्न प्रोत्साहन गरिनेछ । (१)

७. विद्यमान उच्चशिक्षासम्बन्धी संस्थाहरू, निजी क्षेत्र एवं औद्योगिक प्रतिष्ठानहरू र सरकारका सम्बन्धित मन्त्रालय तथा विभागहरूबीचको सहकार्य र साझेदारीलाई सघन बनाइनेछ । (२)

८. अनुसन्धान र विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य र साझेदारी विस्तार गरिनेछ । (२)

९. प्रविधि हस्तान्तरण, अनुसन्धान र विकासका दृष्टिले बढी लाभदायी हुनसक्ने खालका गतिविधिहरूलाई प्रोत्साहन गरिनेछ । (२)

१०. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारको संरक्षणका लागि विद्यमान व्यवस्था पुनरवलोकन गरी आवश्यक सुधार गरिनेछ । (२)

११. अनुसन्धान र विकास कार्य प्रवर्द्धन गर्न सामाजिक विज्ञानसम्बन्धी अनुसन्धान परिषद्को स्थापना गरिनेछ । (२)

१२. सरकारी तथा गैरसरकारी संस्थावाट गरिने अनुसन्धान कार्यमा सम्बन्धित विश्वविद्यालय/प्राज्ञिक संस्थाहरूसँग सहकार्य गरिनेछ र सबै अनुसन्धान कार्यको लागत पनि सोही दस्तावेजमै समावेश गरिनेछ। (२)

**८. प्रमुख कार्यक्रमहरु**

- अध्ययन अनुसन्धान कार्यलाई व्यवस्थित तथा विकास गर्नका लागि केन्द्रीयस्तरमा संस्थागत संरचनाको व्यवस्था गर्ने।
- समष्टिगत र क्षेत्रगत अध्ययनका सवालहरू पहिचान गर्ने।
- उत्पादकत्व, उद्यमशीलता र नवप्रवर्तनको संस्कृति विकासका लागि नीतिगत र कानुनी व्यवस्था गर्ने।

**९. अपेक्षित उपलब्धिहरु**

लक्षित क्षेत्रमा विकासका संभावनाहरूको वैज्ञानिक पहिचान भएको हुने, उत्पादकत्व, उद्यमशीलता र नवप्रवर्तनको संस्कृति विकासका लागि नीतिगत, कानुनी, र संस्थागत पूर्वाधार तयार भएको हुने र अनुसन्धान र विकास क्षेत्रको लगानी र प्रणाली व्यवस्थित भई पारदर्शी तथा सुदृढ भएको हुनेछ।

अनुसूचीहरु

# अनुसूची–१

## योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया

तेह्रौं योजना दोस्रो जनआन्दोलपछिको तेस्रो योजना हो । दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न गर्ने मूल उद्देश्यका साथ सरकार गठन भएको र संविधानसभाको निर्वाचन पश्चात् उत्पन्न परिस्थितिमा राजनीतिक संक्रमणकालको अन्त्य हुन केही समय लाग्ने मान्यता राख्दै यो योजनालाई पनि त्रिवर्षीय रूपमा ल्याइएको हो । यो योजना तर्जुमाका सन्दर्भमा अन्तरिम संविधानका निर्देशक सिद्धान्त तथा नीतिहरू, राज्यको पुनःसंरचना र त्यसका लागि आवश्यक पूर्वाधारको तयारी, (इस्तानबुल कार्ययोजना-संयुक्तराष्ट्र संघको परिभाषा अनुसार नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने) जस्ता कुराहरूलाई प्रमुख आधारको रूपमा लिई योजना तर्जुमा प्रक्रिया सम्पन्न गरिएको छ ।

### दीर्घकालीन सोचको अवधारणा

गरिबी निवारणका लागि आर्थिक गतिशीलता प्रवर्द्धन गर्न नसक्नु एक समस्या रहेको छ । विगतका आवधिक योजनामा पनि गरिबी कम गर्ने मुद्दालाई प्रमुखता दिइए तापनि अझै एक चौथाई जनसंख्या गरिबीको रेखामुनि छ । साथै, अन्तर्राष्ट्रिय तहमा नेपालले गरेका विविध विकास लक्ष्यहरुप्रतिको प्रतिबद्धता पनि पूरा गर्न त्यत्तिकै आवश्यक रहेको छ । यसै सन्दर्भमा, इस्तानबुल कार्ययोजनामा नेपालको प्रतिबद्धता अनुसार सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखी समष्टिगत उद्देश्य, रणनीति, नीति र विषयक्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

### आधारपत्रको तयारी

यस योजनाको मूल दस्तावेज तयारी पूर्व यसको अवधारणा पत्र तयार गरिएको थियो । उक्त अवधारणा पत्रलाई सहभागितात्मक ढंगबाट तर्जुमा गर्न राजनीतिक दलका प्रतिनिधि, विषय विज्ञ, योजना कार्यान्वयनमा संलग्न रहेका पदाधिकारीहरूसंग केन्द्र तथा मोफसलमा विस्तृत छलफल तथा अन्तर्क्रिया गरी प्राप्त सुझावहरूलाई समावेश गरी योजनालाई वास्तविक र वस्तुनिष्ठ बनाउने प्रयास गरिएको छ ।

### केन्द्रीय स्तरमा अन्तर्क्रिया

योजनालाई वास्तविक तथा वस्तुनिष्ठ बनाएर सफलतापूर्वक कार्यान्वयन गर्न तर्जुमाको क्रमदेखि नै सहभागितामूलक प्रक्रिया अपनाउनु आवश्यक पर्दछ । यही कुरालाई मनन गरी यस योजनाको तर्जुमाको क्रमदेखि नै केन्द्रस्तरमा राजनीतिक दल, विज्ञ, नागरिक समाज, विभिन्न वर्ग, क्षेत्रलाई प्रतिनिधित्व गर्ने पेसागत समुदाय तथा विकास साझेदारहरूसंग विभिन्न चरणहरूमा विस्तृत अन्तर्क्रिया गरी सुझाव तथा प्रतिक्रिया लिइएको हो ।

## क्षेत्रीय स्तरमा अन्तर्क्रिया

आधारपत्रको मस्यौदाउपर सुझाव तथा प्रतिक्रिया संकलनका लागि क्षेत्रीयस्तरमा राजनीतिक दल, नागरिक समाज, जिल्लास्तरीय विषयगत निकायका प्रतिनिधिहरू, स्थानीय संघसंस्थाहरूका प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि, शिक्षक, पत्रकार एवं सर्वसाधारणहरूसंग समेत अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएको थियो । अन्तरक्रियाहरूमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सदस्यहरू र कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

## विज्ञ सुझाव

योजनाको आधारपत्रको मस्यौदा तथा विस्तृत योजनालाई अन्तिम रूप दिने सम्बन्धमा विभिन्न चरणमा क्षेत्रगत विज्ञहरूको सुझावहरू समेत लिइएको छ । यस्ता विज्ञहरूले सम्बन्धित विषयक्षेत्रको विगतको प्रगति समीक्षा तथा योजनाले समेट्नुपर्ने विषयको सम्बन्धमा व्यावहारिक सुझावहरू आयोगसमक्ष प्रस्तुत गरेका थिए ।

## राष्ट्रिय विकास परिषद्को निर्देशन

विभिन्न चरणमा समुदाय तथा विज्ञहरूबाट प्राप्त सुझाहरूलाई समेत समावेश गरिएको आधारपत्रको मस्यौदा स्वीकृतिका लागि राष्ट्रिय विकास परिषद्मा प्रस्तुत गरिएको थियो । राजनीतिक दल, राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान दिएका महानुभावहरू, बुद्धिजीवी, महिला, मधेसी, दलित, जनजाति, अपांग, समाजसेवी, विश्वविद्यालयका पदाधिकारीलगायत नेपाल सरकारका मन्त्री एवं सचिवहरूसमेत समावेश गरी विकास परिषद्को पुनर्गठन गरिएको थियो । पुनर्गठित राष्ट्रिय विकास परिषद्को काठमाडौंमा भएको व्यापक अन्तरक्रियात्मक छलफलले राष्ट्रिय योजना आयोगको तर्फबाट प्रस्तुत आधारपत्रको मस्यौदालाई सुझावसहित अन्तिम रूप दिन निर्देशन दिएको थियो ।

## आधारपत्रको स्वीकृति तथा प्रकाशन

राष्ट्रिय विकास परिषद्को बैठकबाट प्राप्त सुझाव तथा निर्देशनहरूलाई समावेश गरी राष्ट्रिय योजना आयोगले आधारपत्रलाई अन्तिम रूप दिई २०७० असारमा प्रकाशन गरिएको थियो ।

## मन्त्रालय, अन्य निकाय तथा संघसंस्थाहरुको संलग्नता

तेह्रौं योजनाको विस्तृत दस्तावेज तयार गरी प्रकाशन गर्ने क्रममा राष्ट्रिय योजना आयोगको सचिवालयको संलग्नतामा विभिन्न मन्त्रालय तथा अन्य सार्वजनिक निकाय, निजी क्षेत्र, संघसंस्था तथा सरोकार समूह र राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरुसँगसमेत अन्तर्क्रिया गरी राय तथा सुझावहरु प्राप्त गरिएको थियो ।

## मूल दस्तावेजको मस्यौदा तथा प्रकाशन

विभिन्न चरणमा भएको छलफलका आधारमा तयार पारिएको तेह्रौं योजनाको विस्तृत दस्तावेजलाई राष्ट्रिय योजना आयोगले भाषागत शुद्धाशुद्धि समेत सच्याई जनसमक्ष प्रस्तुत गरेको छ । अनुगमन गर्ने कार्यलाई अझ प्रभावकारी बनाउन नतीजाखाका छुट्टै तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## अनुसूची २

# त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) को सांखिकीय समीक्षा


| तालिका नं. | विषय सूची | पृष्ठ |
|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्यमा) | ३३३ |
| २ | कुल गार्हस्थ उत्पादन (२०६६/६७ को स्थिर मूल्यमा) | ३३४ |
| ३ | कुल तथा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य तथा उपलब्धि (२०६६/६७ को स्थिर मूल्यमा) | ३३५ |
| ४ | कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान | ३३६ |
| ५ | निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धि दर (प्रचलित मूल्यमा) | ३३७ |
| ६ | निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धि दर (२०६६/६७ को स्थिर मूल्यमा) | ३३८ |
| ७ | उपभोग, बचत तथा लगानी | ३३९ |
| ८ | सरकारी खर्च र स्रोतहरू (प्रचलित मूल्यमा) | ३४० |
| ९ | सरकारी खर्च र स्रोतहरू (२०६६/६७ को स्थिर मूल्यमा) | ३४१ |
| १० | राजस्वका स्रोतहरू (प्रचलित मूल्यमा) | ३४२ |
| ११ | राजस्वका स्रोतहरूको संरचना (प्रतिशतमा) | ३४३ |
| १२ | त्रिर्षीय योजनाको वित्तीय लक्ष्य र उपलब्धी (२०६६/६७ को स्थित मूल्यमा) | ३४४ |
| १३ | मौद्रिक सर्वेक्षण | ३४५ |
| १४ | राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०६६/६७ = १००) | ३४६ |
| १५ | वैदेशिक व्यापार स्थिति (प्रचलित मूल्यमा) | ३४७ |
| १६ | वैदेशिक व्यापार स्थिति (२०६६/६७ को स्थिर मूल्यमा) | ३४८ |
| १७ | शोधनान्तर स्थिति (प्रचलित मूल्यमा) | ३४९ |

# तालिका १ : कूल गार्हस्थ उत्पादन

(प्रचलित मूल्यमा) रु. करोडमा

| क्षेत्रहरु | | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० | औसत वार्षिक वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | **३९,५७५.५०** | **४७,८१४.९०** | **५०,६२८.४०** | **५३,४५१.५०** | **१०.५४** |
| १.१ | कृषि तथा वन | ३९,१५१.९० | ४७,३२७.०० | ५०,०४६.५० | ५२,७८६.९० | १०.४७ |
| १.२ | मत्स्यपालन | ४२३.६० | ४८७.९० | ५८१.९० | ६६४.६० | १६.२० |
| **२. गैरकृषि** | | **७२,२८१.५०** | **८१,१९९.२०** | **९३,११९.००** | **१०४,३५४.२०** | **१३.०२** |
| **२.१ उद्योग** | | **१६,९३८.३०** | **१९,२८४.५०** | **२१,५३८.७०** | **२३,९२७.५०** | **१२.२०** |
| २.१.१ | खानी तथा उत्खनन | ५९२.६० | ६९५.६० | ८१६.६० | ९६१.६० | १७.५१ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ७,०९२.४० | ८,०५३.१० | ९,११६.४० | १०,०३१.२० | १२.२५ |
| २.१.३ | विद्युत, ग्याँस तथा पानी | १,५२४.४० | १,६००.२० | १,७५१.८० | २,०३६.८० | १०.१४ |
| २.१.४ | निर्माण | ७,७२८.९० | ८,९३५.६० | ९,८५३.९० | १०,८९७.९० | १२.१४ |
| **२.२ सेवा** | | **५५,३४३.२०** | **६१,९१४.७०** | **७१,५८०.३०** | **८०,४२६.७०** | **१३.२७** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १६,१०६.७० | १७,९३०.६० | १९,८१६.४० | २२,८७४.७० | १२.४० |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | १,७३४.७० | २,१०५.७० | २,५३०.७० | २,९८८.६० | १९.८८ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ९,५३०.४० | १०,५८३.४० | १२,२३५.४० | १४,०५३.७० | १३.८२ |
| २.२.४ | वित्तीय मध्यस्थता | ४,६०८.३० | ५,०११.१० | ५,८५२.९० | ६,२१८.३० | १०.५० |
| २.२.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ९,३७४.७० | १०,६२३.६० | १२,३२१.३० | १३,८५८.७० | १३.९२ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | २,१६९.५० | २,४८३.०० | ३,०५४.७० | ३,२२३.६० | १४.११ |
| २.२.७ | शिक्षा | ६,१३८.४० | ६,७७३.९० | ८,१७९.७० | ९,१७३.६० | १४.३३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १,५३८.२० | १,७०८.७० | २,०४३.१० | २,२३२.७० | १३.२२ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत | ४,१४२.३० | ४,६९४.७० | ५,५४६.१० | ५,८०२.८० | ११.८९ |
| **कुल मूल्य अभिवृद्धि** | | **१११,८५७.००** | **१२९,०१४.१०** | **१४३,७४७.४०** | **१५७,८०५.७०** | **१२.१६** |
| वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | | ३,५१५.६० | ४,१६६.०० | ४,९९९.२० | ५,५२०.५० | १६.२३ |
| **कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा)** | | **१०८,३४१.४०** | **१२४,८४८.१०** | **१३८,७४८.२०** | **१५२,२८५.२०** | **१२.०२** |
| वस्तुमा अनुदान | | १०,९३५.८० | ११,८४७.२० | १३,९८६.२० | १६,९७९.०० | १५.७९ |
| **कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा)** | | **११९,२७७.२०** | **१३६,६९५.३०** | **१५२,७३४.४०** | **१६९,२६४.२०** | **१२.३७** |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

# तालिका २ : कुल गार्हस्थ उत्पादन

(२०६६/६७ **को स्थिर मूल्यमा**) **रु. करोडमा**

| क्षेत्रहरु | | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० | औसत वार्षिक वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | **३९,५७५.५०** | **४१,३५७.०९** | **४३,२६४.११** | **४३,७३५.६५** | **३.३९** |
| १.१ | कृषि तथा वन | ३९,१५१.९० | ४०,९०८.५६ | ४२,७८१.७९ | ४३,२४०.२४ | ३.३७ |
| १.२ | मत्स्यपालन | ४२३.६० | ४४८.५२ | ४८२.३२ | ४९५.४१ | ५.३६ |
| **२. गैरकृषि** | | **७२,२८१.५०** | **७४,८५२.३७** | **७८,०९०.२८** | **८१,६७९.११** | **४.१६** |
| **२.१ उद्योग** | | **१६,९३८.३०** | **१७,६७५.२७** | **१८,१२३.१७** | **१८,५९१.०७** | **३.१५** |
| २.१.१ | खानी तथा उत्खनन | ५९२.६० | ६०४.४७ | ६३४.८८ | ६५५.८२ | ३.४४ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ७,०९२.४० | ७,३७९.८१ | ७,६४७.५४ | ७,९३१.८७ | ३.८० |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | १,५२४.४० | १,५९२.२० | १,७२४.०४ | १,७२८.७८ | ४.२८ |
| २.१.४ | निर्माण | ७,७२८.९० | ८,०९८.८० | ८,११६.७१ | ८,२७४.६१ | २.३० |
| **२.२ सेवा** | | **५५,३४३.२०** | **५७,१७७.१०** | **५९,९६७.११** | **६३,०८८.०४** | **४.४६** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १६,१०६.७० | १६,३३३.७० | १६,९०४.९४ | १८,०५२.८५ | ३.८८ |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | १,७३४.७० | १,८४२.३२ | १,९७८.३६ | २,०८७.०२ | ६.३६ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ९,५३०.४० | १०,०२६.७७ | १०,८३८.६८ | ११,६४२.६४ | ६.९० |
| २.२.४ | वित्तीय मध्यस्थता | ४,६०८.३० | ४,७६०.४५ | ४,९२५.४७ | ४,८८०.८१ | १.९३ |
| २.२.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ९,३७४.७० | ९,५८५.५९ | ९,८७०.४३ | १०,१३६.९२ | २.६४ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | २,१६९.५० | २,२५३.०५ | २,३३५.७२ | २,४६४.८७ | ४.३५ |
| २.२.७ | शिक्षा | ६,१३८.४० | ६,३२२.९७ | ६,६७५.४५ | ७,०७०.६९ | ४.८३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १,५३८.२० | १,६१५.३४ | १,७१९.२१ | १,८१५.६८ | ५.६८ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ४,१४२.३० | ४,४३६.९० | ४,७१८.८५ | ४,९३६.५७ | ६.०२ |
| **कुल मूल्य अभिवृद्धि** | | **१११,८५७.००** | **११६,२०९.४६** | **१२१,३५४.३९** | **१२५,४१४.७६** | **३.८९** |
| वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | | ३,५१५.६० | ३,७३१.५० | ३,८६२.१५ | ३,८९०.१८ | ३.४३ |
| **कुल गार्हस्थ उत्पादन (आधारभूत मूल्यमा)** | | **१०८,३४१.४०** | **११२,४७७.९५** | **११७,४९२.२५** | **१२१,५२४.५८** | **३.९०** |
| वस्तुमा अनुदान | | १०,९३५.८० | १०,८०९.३९ | ११,५३१.१९ | १२,४७२.०३ | ४.४८ |
| **कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा)** | | **११९,२७७.२०** | **१२३,२८७.३४** | **१२९,०२३.४३** | **१३३,९९६.६१** | **३.९६** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

# तालिका ३ : कुल तथा क्षेत्रगत आर्थिक वृद्धि दरको लक्ष्य तथा उपलब्धि

**(२०६६/६७ को स्थिर मूल्यमा)** **प्रतिशत परिवर्तन**

| क्षेत्रहरु | | त्रिवर्षीय योजनाको लक्ष्य | २०६७/६८ | २०६८/६९ | २०६९/७० | औसत वार्षिक वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | | **४.५०** | **४.६१** | **१.०९** | **३.३९** |
| १.१ | कृषि तथा वन | ३.९० | ४.४९ | ४.५८ | १.०७ | ३.३७ |
| १.२ | मत्स्यपालन | ६.०० | ५.८८ | ७.५३ | २.७१ | ५.३६ |
| **२. गैरकृषि** | | | **३.५६** | **४.३३** | **४.६०** | **४.१६** |
| **२.१ उद्योग** | | | **४.३५** | **२.५३** | **२.५८** | **३.१५** |
| २.१.१ | खानी तथा उत्खनन | ५.०० | २.०० | ५.०३ | ३.३० | ३.४४ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ५.०० | ४.०५ | ३.६३ | ३.७२ | ३.८० |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | ९.५० | ४.४५ | ८.२८ | ०.२८ | ४.२८ |
| २.१.४ | निर्माण | ६.५० | ४.७९ | ०.२२ | १.९५ | २.३० |
| **२.२ सेवा** | | | **३.३१** | **४.८८** | **५.२०** | **४.४६** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ६.५० | १.४१ | ३.५० | ६.७९ | ३.८८ |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | ८.०० | ६.२० | ७.३८ | ५.४९ | ६.३६ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.०० | ५.२१ | ८.१० | ७.४२ | ६.९० |
| २.२.४ | वित्तीय मध्यस्थता | ५.०० | ३.३० | ३.४७ | -०.९१ | १.९३ |
| २.२.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.०० | २.२५ | २.९७ | २.७० | २.६४ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ५.०० | ३.८५ | ३.६७ | ५.५३ | ४.३५ |
| २.२.७ | शिक्षा | ८.०० | ३.०१ | ५.५७ | ५.९२ | ४.८३ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ७.५० | ५.०१ | ६.४३ | ५.६१ | ५.६८ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ९.७० | ७.११ | ६.३५ | ४.६१ | ६.०२ |
| **कुल मूल्य अभिवृद्धि** | | **५.५०** | **३.८९** | **४.४३** | **३.३५** | **३.८९** |
| **कुल गार्हस्थ उत्पादन (उत्पादक मूल्यमा)** | | **५.६०** | **३.३६** | **४.६५** | **३.८५** | **३.९६** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

# तालिका ४ : कुल गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान

**(प्रचलित मूल्यमा)** **प्रतिशतमा**

| क्षेत्रहरु | | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० | औसत (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| **१ कृषि** | | **३५.३८** | **३७.०६** | **३५.२२** | **३३.८७** | **३५.३८** |
| १.१ | कृषि तथा वन | ३५.०० | ३६.६८ | ३४.८२ | ३३.४५ | ३४.९८ |
| १.२ | मत्स्यपालन | ०.३८ | ०.३८ | ०.४० | ०.४२ | ०.४० |
| **२. गैरकृषि** | | **६४.६२** | **६२.९४** | **६४.७८** | **६६.१३** | **६४.६२** |
| **२.१ उद्योग** | | **१५.१४** | **१४.९५** | **१४.९८** | **१५.१६** | **१५.०३** |
| २.१.१ | खानी तथा उत्खनन | ०.५३ | ०.५४ | ०.५७ | ०.६१ | ०.५७ |
| २.१.२ | उत्पादनमूलक उद्योग | ६.३४ | ६.२४ | ६.३४ | ६.३६ | ६.३१ |
| २.१.३ | विद्युत, ग्यास तथा पानी | १.३६ | १.२४ | १.२२ | १.२९ | १.२५ |
| २.१.४ | निर्माण | ६.९१ | ६.९३ | ६.८६ | ६.९१ | ६.९० |
| **२.२ सेवा** | | **४९.४८** | **४७.९९** | **४९.८०** | **५०.९७** | **४९.५८** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | १४.४० | १३.९० | १३.७९ | १४.५० | १४.०६ |
| २.२.२ | होटेल तथा रेस्टुरेन्ट | १.५५ | १.६३ | १.७६ | १.८९ | १.७६ |
| २.२.३ | यातायात, भण्डारण र सञ्चार | ८.५२ | ८.२० | ८.५१ | ८.९१ | ८.५४ |
| २.२.४ | वित्तीय मध्यस्थता | ४.१२ | ३.८८ | ४.०७ | ३.९४ | ३.९७ |
| २.२.५ | घर जग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ८.३८ | ८.२३ | ८.५७ | ८.७८ | ८.५३ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १.९४ | १.९२ | २.१३ | २.०४ | २.०३ |
| २.२.७ | शिक्षा | ५.४९ | ५.२५ | ५.६९ | ५.८१ | ५.५८ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १.३८ | १.३२ | १.४२ | १.४१ | १.३९ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक व्यक्तिगत सेवाका क्रियाकलाप | ३.७० | ३.६४ | ३.८६ | ३.६८ | ३.७२ |
| **कुल मूल्य अभिवृद्धि** | | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

## तालिका ५ : निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धि दर

**(प्रचलित मूल्यमा)** **रु. करोडमा**

| आर्थिक वर्ष | निजी क्षेत्रको लगानी | सरकारी क्षेत्रको लगानी | कुल स्थिर पूँजी लगानी | मौज्दातमा परिवर्तन | कुल लगानी | वृद्धि दर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| २०६६/६७ (आधार वर्ष) | २१,१२२.३० | ५,३६६.५० | **२६,४८८.८०** | १९,१६०.२० | **४५,६४९.००** | |
| २०६७/६८ | २२,८९२.४० | ६,३८०.६० | **२९,२७३.००** | २२,६५३.८० | **५१,९२६.८०** | १३.७५ |
| २०६८/६९ | २४,५६२.९० | ७,१५५.५० | **३१,७१८.४०** | २०,९७०.४० | **५२,६८८.८०** | १.४७ |
| २०६९/७०* | ३१,१०९.९० | ७,१०५.४० | **३८,२१५.३०** | २४,२४९.२० | **६२,४६४.५०** | १८.५५ |
| **त्रिवर्षीय योजनाको जम्मा** | **७८,५६५.२०** | **२०,६४१.५०** | **९९,२०६.७०** | **६७,८७३.४०** | **१६७,०८०.१०** | |

* संशोधित अनुमान

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

# तालिका ६ : निजी तथा सरकारी क्षेत्रको कुल स्थिर पूँजी निर्माण, लगानी र वृद्धि दर

**(२०६६/६७ को स्थिर मूल्यमा)** **रु. करोडमा**

| आर्थिक वर्ष | निजी क्षेत्रको लगानी | सरकारी क्षेत्रको लगानी | कुल स्थिर पूँजी लगानी | मौज्दातमा परिवर्तन | कुल लगानी | वृद्धि दर (प्रति शतमा) |
|---|---|---|---|---|---|---|
| २०६६/६७ (आधार वर्ष) | २१,१२२.३० | ५,३६६.५० | **२६,४८८.८०** | १९,१६०.२० | **४५,६४९.००** | |
| २०६७/६८ | २०,६३०.८० | ५,७५०.२५ | **२६,३८१.०५** | २०,४१५.७८ | **४६,७९६.८३** | २.५१ |
| २०६८/६९ | २०,७७४.३० | ६,०५१.८३ | **२६,८२६.१३** | १७,७३५.९१ | **४४,५६२.०४** | -४.७८ |
| २०६९/७०* | २४,७६९.७९ | ५,६५७.३४ | **३०,४२७.१३** | १९,३०७.२८ | **४९,७३४.४२** | ११.६१ |
| **त्रिवर्षीय योजनाको जम्मा** | **६६,१७४.९०** | **१७,४५९.४२** | **८३,६३४.३१** | **५७,४५८.९७** | **१४१,०९३.२८** | |

* संशोधित अनुमान

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

# तालिका ७ : उपभोग, बचत तथा लगानी

रु. करोडमा

| विवरण | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७०* | औसत वार्षिक वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| **प्रचलित मूल्यमा** | | | | | |
| कुल उपभोग | १०५,६१९.०० | ११७,६०३.०० | १३५,९५४.०० | १५४,२३३.०० | १३.४५ |
| कुल गार्हस्थ वचत | १३,६५८.९० | १९,८९२.३० | १७,६४६.१० | १५,८८६.५० | ५.१६ |
| कुल राष्ट्रिय वचत | ४२,८३५.४० | ५१,४३३.१० | ६१,४०१.८० | ६५,३४९.९० | १५.१२ |
| कुल लगानी | ४५,६४९.०० | ५२,७२७.०० | ५३,५५५.०० | ६४,२९१.०० | १२.०९ |
| **२०६६/०६७ को स्थिर मूल्यमा** | | | | | |
| कुल उपभोग | १०५,६१९.०० | १०५,३२६.१८ | ११४,१५७.८४ | १२१,४३९.४८ | ४.७६ |
| कुल गार्हस्थ वचत | १३,६५८.९० | १७,८१५.७० | १४,८१७.०८ | १२,५०८.६६ | -२.८९ |
| कुल राष्ट्रिय वचत | ४२,८३५.४० | ४६,०६३.८९ | ५१,५५७.८६ | ५१,४५४.९९ | ६.३० |
| कुल लगानी | ४५,६४९.०० | ४७,२२२.७२ | ४४,९६९.०६ | ५०,६२१.२४ | ३.५१ |
| **कुल गार्हस्थ उत्पादनको अनुपातमा** | | | | | |
| कुल उपभोगको प्रतिशत | ८८.५५ | ८६.०३ | ८९.०१ | ९१.१२ | |
| कुल गार्हस्थ वचतको प्रतिशत | ११.४५ | १४.५५ | ११.५५ | ९.३९ | |
| कुल राष्ट्रिय वचतको प्रतिशत | ३५.९१ | ३७.६३ | ४०.२० | ३८.६१ | |
| कुल लगानीको प्रतिशतमा | ३८.२७ | ३८.५७ | ३५.०६ | ३७.९८ | |
| कुल लगानीमा कुल गार्हस्थ वचतको अंश (प्रतिशतमा) | २९.९२ | ३७.७३ | ३२.९५ | २४.७१ | |
| कुल लगानीमा कुल राष्ट्रिय वचतको अंश (प्रतिशतमा) | ९३.८४ | ९७.५५ | ११४.६५ | १०१.६५ | |

* संशोधित अनुमान

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

# तालिका ८: सरकारी खर्च र स्रोतहरु

**(प्रचलित मूल्यमा)** **रु. करोडमा**

| क्र. सं. | विवरण | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० | त्रिवर्षीय योजनाको जम्मा | औसत वार्षिक वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **कुल वजेट** | **२५,९६८.९१** | **२९,५३६.३४** | **३३,९१६.७५** | **३५,८६३.७०** | **९९,३१६.७९** | **११.३६** |
| २ | **राजस्व तथा अनुदान** | **२१,६५३.७८** | **२४,४२९.८५** | **२८,५१८.४१** | **३३,३१७.२०** | **८६,२६५.४५** | **१५.४५** |
| ३ | कुल राजस्व | १७,७९९.१९ | १९,८३७.६३ | २४,४३७.३८ | २९,७९४.२० | ७४,०६९.२१ | १८.७३ |
| ४ | वैदेशिक अनुदान | ३,८५४.६० | ४,५९२.२२ | ४,०८१.०३ | ३,५२३.०० | १२,१९६.२५ | -२.९५ |
| ५ | **कुल खर्च** | **२२,७१०.७३** | **२५,७४९.५४** | **२९,४८५.०७** | **३०,२०५.३०** | **८५,४३९.९१** | **९.९७** |
| - | चालू खर्च | १८,६५९.७६ | २१,०१६.७७ | २४,३४६.०० | २४,७४५.५० | ७०,१०८.२७ | ९.८७ |
| - | पूँजीगत खर्च | ४,०५०.९८ | ४,७३२.७७ | ५,१३९.०७ | ५,४५९.८० | १५,३३१.६४ | १०.४६ |
| ६ | **बजेट बचत (-) घाटा (+)** | **१,०५६.९५** | **१,३१९.६९** | **९६६.६७** | **-३,१११.९०** | **-८२५.५४** | |
| ७ | **वित्तीय व्यवस्था** | **-१,०५०.९६** | **-१,८१६.६१** | **-३३७.२०** | **२,४८१.७०** | **३२७.९०** | |
| ८ | **खुद ऋण लगानी** | **७४७.९३** | **९२६.१२** | **१,१८७.६७** | **१,१७९.७०** | **३,२९३.४९** | **१६.४०** |
| - | आन्तरिक ऋण लगानी | ९४३.३२ | १,०७०.३९ | १,२०६.३७ | १,२५५.२० | ३,५३१.९६ | ९.९९ |
| - | आन्तरिक ऋण फिर्ता प्राप्ती | १९५.४० | १४४.२७ | १८.७० | ७५.५० | २३८.४७ | -२७.१६ |
| ९ | **खुद लगानी** | **४७१.६२** | **९९४.३६** | **१,२०९.३८** | **८९०.२०** | **३,०९३.९४** | **२३.५८** |
| - | आन्तरिक सेयर लगानी | ४७१.६२ | ९९४.३६ | १,२०९.३८ | ५३५.७० | २,७३९.४४ | ४.३४ |
| - | वैदेशिक सेयर लगानी | ०.०० | ०.०० | ०.०० | ३५४.५० | ३५४.५० | |
| १० | **खुद वैदेशिक ऋण** | **-४८.०४** | **-८५.७५** | **२४४.९४** | **२२२.१०** | **३८१.२९** | |
| - | वैदेशिक ऋण साँवा भुक्तानी | १,०७४.३० | १,१२१.८१ | १,३५३.२४ | १,४१९.०० | ३,८९४.०६ | ९.७२ |
| - | वैदेशिक ऋण | १,१२२.३४ | १,२०७.५६ | १,१०८.३१ | १,१९६.९० | ३,५१२.७७ | २.१७ |
| ११ | **खुद आन्तरिक ऋण** | **-२,२२२.४७** | **-३,६५१.३४** | **-२,९७९.१८** | **१८९.७०** | **-६,४४०.८२** | |
| - | आन्तरिक ऋण साँवा भुक्तानी | ७६८.९३ | ६००.२४ | ६६२.६८ | २,०९४.०० | ३,३५६.९२ | ३९.६५ |
| - | आन्तरिक ऋण | २,९९१.४० | ४,२५१.५८ | ३,६४१.८७ | १,९०४.३० | ९,७९७.७४ | -१३.९८ |
| | **न्यून (-)/बचत (+)** | **५.९९** | **-४९६.९१** | **६२९.४७** | **-६३०.२०** | **-४९७.६४** | |

स्रोत : अर्थ मन्त्रालय ।

# तालिका ९: सरकारी खर्च र स्रोतहरु

(२०६९/७० को स्थिर मूल्यमा) रु. करोडमा

| क्र. सं. | विवरण | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० | त्रिवर्षीय योजनाको जम्मा | औसत वार्षिक वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | **कुल वजेट** | **२५,९६८.९१** | **२६,६१८.३८** | **२८,६८५.४०** | **२८,५५४.७८** | **८३,८५८.५६** | **३.२१** |
| २ | **राजस्व तथा अनुदान** | **२१,६५३.७८** | **२२,०१६.३७** | **२४,११९.७०** | **२६,५२७.२५** | **७२,६६३.३२** | **७.००** |
| ३ | कुल राजस्व | १७,७९९.१९ | १७,८७७.८२ | २०,६६८.१४ | २३,७२२.२३ | ६२,२६८.१९ | १०.०५ |
| ४ | वैदेशिक अनुदान | ३,८५४.६० | ४,१३८.५४ | ३,४५१.५७ | २,८०५.०२ | १०,३९५.१३ | -१०.०५ |
| ५ | **कुल खर्च** | **२२,७१०.७३** | **२३,२०५.६८** | **२४,९३७.२७** | **२४,०४९.५५** | **७२,१९२.५०** | **१.९३** |
| - | चालू खर्च | १८,६५९.७६ | १८,९४०.४७ | २०,५९०.८५ | १९,७०२.४४ | ५९,२३३.७७ | १.८३ |
| - | पूँजीगत खर्च | ४,०५०.९८ | ४,२६५.२१ | ४,३४६.४२ | ४,३४७.११ | १२,९५८.७३ | २.३८ |
| ६ | **वजेट बचत(-) घाटा (+)** | **१,०५६.९५** | **१,१८९.३२** | **८१७.५७** | **-२,४७७.७०** | **-४७०.८२** | |
| ७ | **वित्तीय व्यवस्था** | **-१,०५०.९६** | **-१,६३७.१४** | **-२८५.१९** | **१,९७५.९४** | **५३.६१** | |
| ८ | **खुद ऋण लगानी** | **७४७.९३** | **८३४.६२** | **१,००४.४८** | **९३९.२८** | **२,७७८.३९** | **७.८९** |
| - | आन्तरिक ऋण लगानी | ९४३.३२ | ९६४.६४ | १,०२०.३० | ९९९.३९ | २,९८४.३३ | १.९४ |
| - | आन्तरिक ऋण फिर्ता प्राप्ती | १९५.४० | १३०.०२ | १५.८२ | ६०.११ | २०५.९५ | -३२.४९ |
| ९ | **खुद लगानी** | **४७१.६२** | **८९६.१३** | **१,०२२.८४** | **७०८.७८** | **२,६२७.७५** | **१४.५४** |
| - | आन्तरिक सेयर लगानी | ४७१.६२ | ८९६.१३ | १,०२२.८४ | ४२६.५३ | २,३४५.५० | -३.२९ |
| - | वैदेशिक सेयर लगानी | ०.०० | ०.०० | ०.०० | २८२.२५ | २८२.२५ | |
| १० | **खुद वैदेशिक ऋण** | **-४८.०४** | **-७७.२८** | **२०७.१६** | **१७६.८४** | **३०६.७२** | |
| - | वैदेशिक ऋण साँवा भुक्तानी | १,०७४.३० | १,०१०.९९ | १,१४४.५२ | १,१२९.८१ | ३,२८५.३२ | १.६९ |
| - | वैदेशिक ऋण | १,१२२.३४ | १,०८८.२६ | ९३७.३६ | ९५२.९८ | २,९७८.६० | -५.३१ |
| ११ | **खुद आन्तरिक ऋण** | **-२,२२२.४७** | **-३,२९०.६१** | **-२,५१९.६७** | **१५१.०४** | **-५,६५९.२४** | |
| - | आन्तरिक ऋण साँवा भुक्तानी | ७६८.९३ | ५४०.९४ | ५६०.४७ | १,६६७.२५ | २,७६८.६६ | २९.४३ |
| - | आन्तरिक ऋण | २,९९१.४० | ३,८३१.५५ | ३,०८०.१४ | १,५१६.२१ | ८,४२७.९० | -२०.२७ |
| | **न्यून (+)/बचत (-)** | **५.९९** | **-४४७.८२** | **५३२.३८** | **-५०१.७७** | **-४१७.२१** | |

स्रोत : अर्थ मन्त्रालय ।

# तालिका १० : राजस्वका स्रोतहरु

**(प्रचलित मूल्यमा)** **रु.करोडमा**

| कोड नं. | स्रोत | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
|---|---|---|---|---|---|
| **११२००** | **आय, मुनाफा तथा पूंजीगत लाभमा लाग्ने कर** | **३,३८२.१३** | **४,१३५.०४** | **५,१३०.३०** | **६,४१८.६७** |
| १११२० | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ९२९.०९ | १,०९१.८९ | १,२२९.२८ | १,५५४.१५ |
| १११२० | निकायको आयमा लाग्ने कर | २,०२०.६१ | २,३९३.१२ | ३,०४९.४४ | ३,७०६.७२ |
| १११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | ४३२.४३ | ६५०.०३ | ८५१.५८ | १,१५७.८० |
| **११२००** | **पारिश्रमिकमा आधारित कर** | **०.००** | **७०.९८** | **१५५.५०** | **१८८.०६** |
| ११२१० | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ०.०० | ७०.९८ | १५५.५० | १८८.०६ |
| **११३००** | **सम्पत्ति कर** | **५५१.१०** | **३५७.२५** | **३५८.८५** | **५३४.०१** |
| ११३१० | अचल सम्पत्तिमा लाग्ने कर | ०.०० | ०.०० | २.९४ | ०.३७ |
| ११३४० | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | ५५१.१० | ३५७.२५ | ३५५.९० | ५३३.६४ |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | **८,४१७.०३** | **९,४७९.३३** | **११,०५६.११** | **१२,९२७.०५** |
| ११४१० | मूल्य अभिवृद्धि कर | ५,४९२.०९ | ६,१६६.३६ | ७,०९३.०४ | ८,३४१.८४ |
| ११४२० | अन्तः शुल्क | २,४१४.७६ | २,६३३.८५ | ३,००१.६१ | ३,६२३.४७ |
| ११४४० | विशेष सेवामा लाग्ने कर | ३२.५५ | ४०.८९ | ४९.०२ | ६५.५३ |
| ११४५० | पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | ४७७.६४ | ६३८.२४ | ९१२.४३ | ८९६.२१ |
| **११५००** | **वैदेशिक व्यापारमा आधारित कर** | **३,५२१.८९** | **३,५७१.३४** | **४,३३९.०६** | **५,६९३.१८** |
| ११५१० | आयातमा लाग्ने भंसार महसुल | ३,३५४.४५ | ३,४३१.४० | ४,०९०.५९ | ५,४३२.७९ |
| ११५२० | भंसार महसुल (निर्यात | ९१.५५ | ३५.८१ | ८६.१५ | ४३.९१ |
| ११५६० | वैदेशिक व्यापारमा आधारित अन्य कर | ७५.९० | १०४.१४ | १६२.३२ | २१६.४८ |
| **११६००** | **अन्य कर** | **१०६.३७** | **१०८.७७** | **१३२.३८** | **१६०.५२** |
| ११६१० | व्यवसायले भुक्तानी गर्ने | ३९.२२ | ४२.७० | ५२.६७ | ६२.३४ |
| ११६२० | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ६७.१५ | ६६.०७ | ७९.७१ | ९८.१८ |
| **११०००** | **कर राजस्व** | **१५,९७८.५४** | **१७,७२२.७२** | **२१,१७२.२०** | **२५,९२१.४९** |
| **१४०००** | **गैरकर राजस्व** | **१,८२०.६५** | **२,११४.९२** | **३,२६५.१२** | **३,६८०.६२** |
| | **जम्मा राजस्व** | **१७,७९९.१९** | **१९,८३७.६३** | **२४,४३७.३२** | **२९,६०२.११** |

स्रोत : अर्थ मन्त्रालय ।

## तालिका ११ : राजस्वका स्रोतहरुको संरचना

प्रतिशतमा

| कोड नं. | स्रोत | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
|---|---|---|---|---|---|
| **१११००** | **आय, मुनाफा तथा पूंजीगत लाभमा लाग्ने कर** | **१९.००** | **२०.८४** | **२०.९९** | **२१.६८** |
| १११५० | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ५.२२ | ५.५० | ५.०३ | ५.२५ |
| १११२० | निकायको आयमा लाग्ने कर | ११.३५ | १२.०६ | १२.४८ | १२.५२ |
| १११३० | लगानीको आय तथा अन्य आयमा लाग्ने कर | २.४३ | ३.२८ | ३.४८ | ३.९१ |
| **११२००** | **पारिश्रमिकमा आधारित कर** | **०.००** | **०.३६** | **०.६४** | **०.६४** |
| ११२१० | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ०.०० | ०.३६ | ०.६४ | ०.६४ |
| **११३००** | **सम्पत्ति कर** | **३.१०** | **१.८०** | **१.४७** | **१.८०** |
| ११३१० | अचल सम्पत्तिमा लाग्ने कर | ०.०० | ०.०० | ०.०१ | ०.०० |
| ११३४० | वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर | ३.१० | १.८० | १.४६ | १.८० |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | **४७.२९** | **४७.७८** | **४५.२४** | **४३.६७** |
| ११४१० | मूल्य अभिवृद्धि कर | ३०.८६ | ३१.०८ | २९.०३ | २८.१८ |
| ११४२० | अन्तः शुल्क | १३.५७ | १३.२८ | १२.२८ | १२.२४ |
| ११४४० | विशेष सेवामा लाग्ने कर | ०.१८ | ०.२१ | ०.२० | ०.२२ |
| ११४५० | पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | २.६८ | ३.२२ | ३.७३ | ३.०३ |
| **११५००** | **वैदेशिक व्यापारमा आधारित कर** | **१९.७९** | **१८.००** | **१७.७६** | **१९.२३** |
| ११५१० | आयातमा लाग्ने भंसार महसुल | १८.८५ | १७.३० | १६.७४ | १८.३५ |
| ११५२० | भंसार महसुल (निर्यात | ०.५१ | ०.१८ | ०.३५ | ०.१५ |
| ११५६० | वैदेशिक व्यापारमा आधारित अन्य कर | ०.४३ | ०.५२ | ०.६६ | ०.७३ |
| **११६००** | **अन्य कर** | **०.६०** | **०.५५** | **०.५४** | **०.५४** |
| ११६१० | व्यवसायले भुक्तानी गर्ने | ०.२२ | ०.२२ | ०.२२ | ०.२१ |
| ११६२० | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ०.३८ | ०.३३ | ०.३३ | ०.३३ |
| **११०००** | **कर राजस्व** | **८९.७७** | **८९.३४** | **८६.६४** | **८७.५७** |
| **१४०००** | **गैरकर राजस्व** | **१०.२३** | **१०.६६** | **१३.३६** | **१२.४३** |
| | **जम्मा राजस्व** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |

स्रोतः अर्थ मन्त्रालय ।

# तालिका १२ : त्रिवर्षीय (बाह्रौं) योजनाको वित्तीय लक्ष्य र उपलब्धि

**(२०६६/६७ को स्थिर मूल्यमा)** **रु. करोडमा**

| विवरण | २०६६/६७ (आधार वर्ष) | कुल खर्चको प्रतिशत | योजनाको लक्ष्य | | योजना अवधीको उपलब्धि | | लक्ष्यको तुलनामा उपलब्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | रकम | कुल खर्चको प्रतिशर्त | रकम | कुल खर्चको प्रतिशत | |
| **कुल खर्च** | **२५,९६८.९१** | **१००.००** | **१०१,९९९.००** | **१००.००** | **८३,८५८.५६** | **१००.००** | **८२.२२** |
| चालू खर्च | १८,६५९.७६ | ७१.८५ | ५८,४२०.०० | ५७.२८ | ५९,२३३.७७ | ७०.६४ | १०१.३९ |
| पूँजिगत खर्च | ४,०५०.९८ | १५.६० | ३६,४३४.०० | ३५.७२ | १२,९५८.७३ | १५.४५ | ३५.५७ |
| साँवा भूक्तानी तथा लगानी | ३,२५८.१८ | १२.५५ | ७,१४५.०० | ७.०० | ११,६६६.०६ | १३.९१ | १६३.२८ |
| | | कुल | खर्च | ब्यहोर्ने | स्रोतहरु | | |
| राजस्व | १७७९९.१९ | ६८.५४ | ६७,७९९.०० | ६६.४७ | ७७,८२७.७४ | ९२.८१ | ११४.७९ |
| विदेशी सहायता | ४,९७६.९४ | १९.१६ | २४,९२८.०० | २४.४४ | १२,५४०.१९ | १४.९५ | ५०.३१ |
| अनुदान | ३८५४.६० | १४.८४ | १७,५१८.०० | १७.१७ | १०,५९२.२२ | १२.६३ | ६०.४६ |
| ऋण | ११२२.३४ | ४.३२ | ७,४१०.०० | ७.२६ | १,९४७.९७ | २.३२ | २६.२९ |
| आन्तरिक ऋण | २९९१.४ | ११.५२ | ९,२७२.०० | ९.०९ | ३८११.१७ | ४.५४ | ४१.१० |

स्रोत : अर्थ मन्त्रालय ।

# तालिका १३ : मौद्रिक सर्वेक्षण

**रु. करोडमा**

| शीर्षक | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | २०६८/६९ | २०६९/७०* | औसत वार्षिक वृद्धि दर प्रतिशतमा |
|---|---|---|---|---|---|
| **१. खुद वैदेशिक सम्पत्ति** | **२१,३२०.५५** | **२२,१२६.५५** | **३८,३७७.२१** | **४६,८२३.८०** | **२९.९८** |
| १.१ वैदेशिक सम्पत्ति | २७,५२०.४१ | २८,४११.०२ | ४५,५९७.६८ | ५५,४०९.३५ | २६.२७ |
| १.२ वैदेशिक दायित्व | ६,१९९.८६ | ६,२८४.४७ | ७,२२०.४७ | ८,५८५.५६ | ११.४६ |
| (क) निक्षेप | ५,१२८.१३ | ५,२३३.६४ | ६,०४६.५६ | ७,४३३.२३ | १३.१७ |
| (ख) अन्य | १,०७१.७२ | १,०५०.८२ | १,१७३.९१ | १,१५२.३२ | २.४५ |
| **२. खुद आन्तरिक सम्पत्ति** | **६०,७७८.१३** | **७०,००५.४६** | **७४,६५३.०२** | **८४,७१३.८३** | **११.७०** |
| २.१ आन्तरिक कर्जा | ७९,६५९.८२ | ९१,०२२.४९ | ९९,४६९.१५ | ११५,२५२.४३ | १३.१० |
| (क) सरकारमाथिको खुद दावी | १३,६५२.२९ | १६,३४३.९४ | १६,२८८.२१ | १५,४४४.६३ | ४.२० |
| सरकारमाथिको दावी | १३,६५२.२९ | १६,३४३.९४ | १६,५२५.४८ | १६,७९७.२८ | ७.१५ |
| सरकारी बचत | ०.०० | ०.०० | २३७.२८ | १,३५२.६५ | |
| (ख) गैरवित्तीय सरकारी संस्थान माथिको दावी | ५८७.६१ | ६३७.६४ | १,००९.९४ | १,१३८.९१ | २४.६८ |
| (ग) वित्तीय संस्थामाथिको दावी | १,५६४.८८ | १,३०८.६७ | १,१८८.४२ | १,३६६.२८ | -४.४२ |
| सरकारी | २५९.६९ | २२२.६३ | १२७.६० | १३१.७४ | -२०.२५ |
| गैरसरकारी | १,३०५.१९ | १,०८६.०४ | १,०६०.८२ | १,२३४.५५ | -१.८४ |
| (घ) निजी क्षेत्रमाथिको दावी | ६३,८५५.०४ | ७२,७३२.२४ | ८०,९८२.५८ | ९७,३०२.६१ | १५.०७ |
| २.२ खुद गैरमौद्रिक दायित्व | १८,८८१.६९ | २१,०१७.०३ | २४,८१६.१३ | ३०,५३८.६० | १७.३८ |
| **३. विस्तृत मुद्रा प्रदाय (एम २)** | **८२,०९८.६८** | **९२,१३२.०१** | **११३,०३०.२३** | **१३१,५३७.६३** | **१७.०१** |
| ३.१ मुद्रा प्रदाय (एम १ं) | ५८,९९२.६१ | ६२,२३२.६० | ७८,९२६.९३ | ९२,५४६.९१ | १६.२० |
| (क) मुद्रा प्रदाय (एम १) | २१,२०९.७१ | २२,२३५.१४ | २६,३७०.५७ | ३०,१५९.०२ | १२.४५ |
| मुद्रा | १३,९२८.१३ | १४,१९३.१५ | १७,०४९.१७ | १९,५८७.४२ | १२.०४ |
| चल्ती निक्षेप | ७,२८१.५८ | ८,०४१.९९ | ९,३२१.४० | १०,५७१.५९ | १३.२३ |
| (ख) बचत तथा माग निक्षेप | ३७,७८२.९० | ३९,९९७.४५ | ५२,५५६.३६ | ६२,३८७.८९ | १८.२० |
| ३.२ समय निक्षेप | २३,१०६.०७ | २९,८९९.४२ | ३४,१०३.३० | ३८,९९०.७१ | १९.०५ |
| **४. विस्तृत मुद्रा तरलता (एम ३)** | **८७,२२६.८१** | **९७,३६५.६६** | **११९,०७६.७९** | **१३८,९७०.८६** | **१६.८०** |

* संशोधित अनुमान

स्रोत : नेपाल राष्ट्र बैंक ।

# तालिका १४ : राष्ट्रिय उपभोक्ता मूल्य सूचकांक

(आधार वर्ष २०६६/६७ = १००)

| विवरण | भार प्रतिशत | २०६६/६७ (आधार वर्ष) | योजना अवधि | | | वार्षिक परिवर्तन प्रतिशत | | | औषत वार्षिक परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०६७/६८ | २०६८/६९ | २०६९/७० | |
| | **१००.००** | **१००.००** | **१०९.५४** | **११८.६७** | **१३०.३७** | **९.५४** | **८.३३** | **९.८६** | **९.२४** |
| **१. खाद्य तथा पेय पदार्थ** | **४६.८२** | **१००.००** | **११४.६७** | **१२३.४६** | **१३५.३७** | **१४.६७** | **७.६६** | **९.६५** | **१०.६२** |
| अन्न तथा अन्नबाट बनेका परिकार | १४.८१ | १००.०० | ११३.९२ | ११४.२९ | १२४.६४ | १३.९२ | ०.३२ | ९.०६ | ७.६२ |
| गेडागुडी | २.०१ | १००.०० | ९२.४३ | ९२.३९ | १०३.९१ | -७.५७ | -०.०५ | १२.४७ | १.२९ |
| तरकारी | ५.६५ | १००.०० | १३५.०३ | १६७.७५ | १७७.३४ | ३५.०३ | २४.२३ | ५.७२ | २१.०४ |
| मासु तथा माछा | ५.७० | १००.०० | १०८.६३ | ११६.७८ | १३३.६२ | ८.६३ | ७.५१ | १४.४२ | १०.१४ |
| दुग्ध पदार्थ तथा अण्डा | ५.०१ | १००.०० | ११४.५६ | १३०.१५ | १४१.३४ | १४.५६ | १३.६१ | ८.५९ | १२.२२ |
| घ्यु तथा तेल | २.७० | १००.०० | १०२.५२ | ११७.३१ | १३३.४६ | २.५२ | १४.४३ | १३.७६ | १०.१० |
| फलफूल | २.२३ | १००.०० | ११९.३९ | १३९.६२ | १४८.३५ | १९.३९ | १६.९४ | ६.२५ | १४.०५ |
| चिनी तथा मिठाई | १.३६ | १००.०० | ११९.५४ | १३०.५९ | १४८.४९ | १९.५४ | ९.२५ | १३.७१ | १४.०९ |
| मसलाहरू | १.४६ | १००.०० | १२३.१९ | १११.९३ | ११७.५४ | २३.१९ | -९.१४ | ५.०१ | ५.५३ |
| हल्का पेयपदार्थ | ०.९६ | १००.०० | ११०.४२ | ११५.३२ | १२८.०१ | १०.४२ | ४.४४ | ११.०० | ८.५८ |
| मदिरा | १.७२ | १००.०० | १०६.४४ | १११.३४ | १२०.२१ | ६.४४ | ४.६० | ७.९७ | ६.३३ |
| सूर्तिजन्य पदार्थ | ०.८५ | १००.०० | ११३.५४ | १२५.८४ | १४३.२० | १३.५४ | १०.८३ | १३.७९ | १२.७२ |
| रेष्टुरेण्ट तथा होटल | २.३५ | १००.०० | ११५.५३ | १२९.२६ | १४४.६२ | १५.५३ | ११.८९ | ११.८८ | १३.०८ |
| **२. गैर खाद्य बस्तु तथा सेवा** | **५३.१८** | **१००.००** | **१०५.३७** | **११४.८७** | **१२६.४०** | **५.३७** | **९.०२** | **१०.०४** | **८.१२** |
| लत्ता कपडा तथा जुत्ता | ८.४९ | १००.०० | ११३.३० | १३०.०५ | १४५.८३ | १३.३० | १४.७९ | १२.१३ | १३.४० |
| घरायसी सामान तथा सेवा | १०.८७ | १००.०० | १०७.४५ | ११४.०३ | १२६.०९ | ७.४५ | ६.१२ | १०.५८ | ८.०३ |
| फर्निचर तथा घरायसी उपकरण | ४.८९ | १००.०० | १०५.६७ | ११९.८२ | १३५.७५ | ५.६७ | १३.३९ | १३.२९ | १०.७२ |
| स्वास्थ्य | ३.२५ | १००.०० | १०४.१६ | १०८.९० | ११६.३३ | ४.१६ | ४.५५ | ६.८३ | ५.१७ |
| यातायात | ६.०१ | १००.०० | ११०.११ | १२७.३० | १४१.०८ | १०.११ | १५.६१ | १०.८३ | १२.१६ |
| संचार | ३.६४ | १००.०० | ८९.४१ | ८२.१२ | ८०.४५ | -१०.५९ | -८.१६ | -२.०३ | -६.९९ |
| मनोरंजन तथा संस्कृति | ५.३९ | १००.०० | ९७.६४ | १०५.२४ | ११३.८७ | -२.३६ | ७.७८ | ८.२० | ४.४२ |
| शिक्षा | ८.४६ | १००.०० | १०५.४७ | ११५.७६ | १२९.८१ | ५.४७ | ९.७६ | १२.१४ | ९.०९ |
| अन्य वस्तु तथा सेवाहरू | २.१७ | १००.०० | १०५.९३ | ११६.४५ | १२८.१६ | ५.९३ | ९.९२ | १०.०६ | ८.६२ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

# तालिका १५ : वैदेशिक व्यापारको स्थिति

**(प्रचलित मूल्यमा)** **रु.करोडमा**

| विवरण | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | | २०६८/६९ | | २०६९/७०* | | औसत वार्षिक वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| **निर्यात (एफ.ओ.वी.)** | **६,०८२.४०** | **६,४३३.८५** | **५.७८** | **७,४२६.१०** | **१५.४२** | **७,६९१.७०** | **३.५८** | **८.१४** |
| भारत | ३,९९९.३७ | ४,३३६.०४ | ८.४२ | ४,९६१.६३ | १४.४३ | ५,०९९.९८ | २.७९ | ८.४४ |
| अन्य देशहरू | २,०८३.०३ | २,०९७.८१ | ०.७१ | २,४६४.४७ | १७.४८ | २,५९१.७२ | ५.१६ | ७.५६ |
| **आयात (सी.आई.एफ.)** | **३७,४३३.५२** | **३९,६१७.५५** | **५.८३** | **४६,१६६.७७** | **१६.५३** | **५५,६७४.०३** | **२०.५९** | **१४.१५** |
| भारत | २१,७११.४३ | २६,१९२.५२ | २०.६४ | २९,९३८.९६ | १४.३० | ३६,७०३.१३ | २२.५९ | १९.१३ |
| अन्य देशहरू | १५,७२२.०९ | १३,४२५.०३ | -१४.६१ | १६,२२७.८१ | २०.८८ | १८,९७०.९० | १६.९० | ६.४६ |
| **व्यापार स्थिति** | **-३१,३५१.१२** | **-३३,१८३.७०** | **५.८५** | **-३८,७४०.६७** | **१६.७५** | **-४७,९८२.३३** | **२३.८६** | **१५.२४** |
| भारत | -१७,७१२.०६ | -२१,८५६.४८ | २३.४० | -२४,९७७.३३ | १४.२८ | -३१,६०३.१५ | २६.५३ | २१.२९ |
| अन्य देशहरू | -१३,६३९.०६ | -११,३२७.२२ | -१६.९५ | -१३,७६३.३४ | २१.५१ | -१६,३७९.१८ | १९.०१ | ६.२९ |
| **कुल व्यापार** | **४३,५१५.९२** | **४६,०५१.४०** | **५.८३** | **५३,५९२.८७** | **१६.३८** | **६३,३६५.७२** | **१८.२४** | **१३.३४** |
| भारत | २५,७१०.८० | ३०,५२८.५६ | १८.७४ | ३४,९००.५९ | १४.३२ | ४१,८०३.११ | १९.७८ | १७.५९ |
| अन्य देशहरू | १७,८०५.१२ | १५,५२२.८४ | -१२.८२ | १८,६९२.२८ | २०.४२ | २१,५६२.६२ | १५.३६ | ६.५९ |
| **कुल व्यापारमा अंश प्रतिशतमा** | **१००.००** | **१००.००** | | **१००.००** | | **१००.००** | | |
| भारत | ५९.०८ | ६६.२९ | १२.२० | ६५.१२ | -१.७७ | ६५.९७ | १.३० | ३.७४ |
| अन्य देशहरू | ४०.९२ | ३३.७१ | -१७.६२ | ३४.९० | ३.५४ | ३४.२० | -२.०१ | -५.८० |

* संशोधित अनुमान

स्रोत : नेपाल राष्ट्र बैंक/भन्सार विभाग ।

# तालिका १६ : वैदेशिक व्यापारको स्थिति

**(२०६६/६७ को स्थिर मूल्यमा)** **रु.करोडमा**

| विवरण | २०६६/६७ (आधार वर्ष) | २०६७/६८ | | २०६८/६९ | | २०६९/७०* | | औसत वार्षिक वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | रकम | वृद्धि प्रतिशत | |
| **निर्यात (एफ.ओ.वी.)** | **६,०८२.४०** | **५,८७३.४७** | **-३.४४** | **६,२५७.८१** | **६.५४** | **५,८९९.७१** | **-५.७२** | **-१.०१** |
| भारत | ३,९९९.३७ | ३,९५८.३८ | -१.०३ | ४,१८१.०६ | ५.६३ | ३,९११.८० | -६.४४ | -०.७४ |
| अन्य देशहरू | २,०८३.०३ | १,९१५.०९ | -८.०६ | २,०७६.७५ | ८.४४ | १,९८७.९१ | -४.२८ | -१.५५ |
| **आयात (सी.आई.एफ.)** | **३७,४३३.५२** | **३६,१६६.९१** | **-३.३८** | **३८,९०३.७२** | **७.५७** | **४२,७०३.२५** | **९.७७** | **४.४९** |
| भारत | २१,७११.४३ | २३,९११.१८ | १०.१३ | २५,२२८.९० | ५.५१ | २८,१५२.१४ | ११.५९ | ९.०५ |
| अन्य देशहरू | १५,७२२.०९ | १२,२५५.७२ | -२२.०५ | १३,६७४.८२ | ११.५८ | १४,५५१.११ | ६.४१ | -२.५५ |
| **व्यापार स्थिति** | **-३१,३५१.१२** | **-३०,२९३.४४** | **-३.३७** | **-३२,६४५.९१** | **७.७७** | **-३६,८०३.५४** | **१२.७४** | **५.४९** |
| भारत | -१७,७१२.०६ | -१९,९५२.८० | १२.६५ | -२१,०४७.८५ | ५.४९ | -२४,२४०.३४ | १५.१७ | ११.०३ |
| अन्य देशहरू | -१३,६३९.०६ | -१०,३४०.६३ | -२४.१८ | -११,५९८.०६ | १२.१६ | -१२,५६३.२० | ८.३२ | -२.७० |
| **कुल व्यापार** | **४३,५१५.९२** | **४२,०४०.३७** | **-३.३९** | **४५,१६१.५३** | **७.४२** | **४८,६०२.९५** | **७.६२** | **३.७५** |
| भारत | २५,७१०.८० | २७,८६९.५६ | ८.४० | २९,४०९.९६ | ५.५३ | ३२,०६३.९४ | ९.०२ | ७.६४ |
| अन्य देशहरू | १७,८०५.१२ | १४,१७०.८२ | -२०.४१ | १५,७५१.५७ | ११.१५ | १६,५३९.०२ | ५.०० | -२.४३ |
| **कुल व्यापारमा अंश प्रतिशतमा** | **१००.००** | **१००.००** | | **१००.००** | | **१००.००** | | |
| भारत | ५९.०८ | ६६.२९ | १२.२० | ६५.१२ | -१.७७ | ६५.९७ | १.३० | ३.७४ |
| अन्य देशहरू | ४०.९२ | ३३.७१ | -१७.६२ | ३४.८८ | ३.४७ | ३४.०३ | -२.४४ | -५.९६ |

* संशोधित अनुमान

स्रोत : नेपाल राष्ट्र बैंक/भन्सार विभाग ।

# तालिका १७: शोधनान्तर स्थिति

**(प्रचलित मूल्यमा)** **रु. करोडमा**

| विवरण | २०६६/६७ (आधारवर्ष) | योजना अवधि | | | औसत वार्षिक वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | |
| **(क) चालू खाता** | **-२,८१३.५२** | **-१,२९३.६४** | **७,५९७.९२** | **५,७०६.०७** | **-६८७.३३** |
| **वस्तु निर्यात, एफ.ओ.बी.** | **६,३१७.७५** | **६,८७०.१५** | **८,१५१.१८** | **८,५९८.९८** | **१८.६५** |
| तेल | ०.०० | ०.०० | ०.०० | ०.०० | - |
| अन्य | ६,३१७.७५ | ६,८७०.१५ | ८,१५१.१८ | ८,५९८.९८ | १८.६५ |
| **वस्तु आयात, सी.आई.एफ** | **-३६,६६९.२५** | **-३८,८३७.१४** | **-४५,४६५.३१** | **-५४,७२९.४३** | **१७.०७** |
| तेल | -५,१६०.७२ | -७,५०७.६२ | -९,२२५.५६ | -१०,७१३.८९ | २२.८८ |
| अन्य | -३१,५०८.५३ | -३१,३२९.५२ | -३६,२३९.७५ | -४४,०१५.५४ | १५.६७ |
| **वस्तु व्यापारमा सन्तुलन** | **-३०,३५१.५०** | **-३१,९६६.९९** | **-३७,३१४.१३** | **-४६,१३०.४५** | **१६.७३** |
| **खुद सेवा आय** | **-१,६३८.५३** | **-८६७.४६** | **१,४०५.७०** | **७५८.५८** | **-२६२.०५** |
| सेवाः आय | ५,११२.०५ | ५,३०१.२५ | ७,२३५.१५ | ९,५१९.०८ | ३६.४८ |
| यात्रा | २,८१३.८६ | २,४६१.०७ | ३,०७०.३८ | ३,४२१.०६ | २४.७६ |
| अन्यत्र नपरेको सरकारी आय | ६६३.५६ | ५५३.४६ | १,००७.१४ | १,८३८.९७ | ८१.९७ |
| अन्य | १,६३४.६३ | २,२८६.७२ | ३,१५७.६३ | ४,२५९.०५ | ३८.०९ |
| सेवाः भुक्तानी | -६,७५०.५८ | -६,१६८.७१ | -५,८२९.४५ | -८,७६०.५० | -५.५० |
| यातायात | -२,२९६.४६ | -१,८६०.४७ | -२,२२९.२३ | -३,३२७.६७ | १९.८२ |
| यात्रा | -३,२२८.८२ | -२,७६४.२९ | -२,५७६.९७ | -३,९६१.१९ | -६.७८ |
| सरकारी सेवा | -१८७.४५ | -११५.४६ | -१५६.६४ | -११७.७९ | ३५.६७ |
| अन्य | -१,०३७.८५ | -१,४२८.४९ | -८६६.६१ | -१,३५३.८५ | -३९.३३ |
| वस्तु तथा सेवा क्षेत्रको सन्तुलन | -३१,९९०.०३ | -३२,८३४.४५ | -३५,९०८.४३ | -४५,३७१.८७ | ९.३६ |
| खुद आय | ९११.७४ | ७५४.९४ | १,२२९.१४ | १,३०७.८८ | ६२.८१ |
| आय प्राप्ति | १,४९१.७९ | १,७५०.४० | २,२५२.१३ | २,३३२.०१ | २८.६६ |
| आय भुक्तानी | -५८०.०५ | -९९५.४६ | -१,०२२.९९ | -१,०२४.१३ | २.७७ |
| व्यापार, सेवा तथा आय सन्तुलन | -३१,०७८.२९ | -३२,०७९.५१ | -३४,६७९.२९ | -४४,०६३.९९ | ८.१० |
| खुद ट्रान्सफर आय | २८,२६४.७७ | ३०,७८५.८७ | ४२,२७७.२१ | ४९,७७०.०६ | ३७.३३ |
| ट्रान्सफरः प्राप्ति | २८,७७७.०६ | ३१,११५.६७ | ४२,७८०.५७ | ५०,५०६.८२ | ३७.४९ |
| अनुदान | २,६६७.३६ | २,५७८.०० | ३,६२२.७१ | ३,४१८.०५ | ४०.५२ |
| निजी क्षेत्रको विप्रेषण | २३,१७२.५३ | २५,३५५.१६ | ३५,९५५.४४ | ४३,४५८.१७ | ४१.८१ |
| पेन्सन | २,५८५.०७ | २,८९९.३४ | २,८३४.३६ | ३,५३२.६७ | -२.२४ |
| अन्य | ३५२.१० | २८३.१७ | ३६८.०६ | ९७.९३ | २९.९८ |
| ट्रान्सफरः भुक्तानी | -५१२.२९ | -३२९.८० | -५०३.३६ | -७३६.७६ | ५२.६३ |

क्रमशः

| विवरण | २०६६/६७ (आधारवर्ष) | योजना अवधि | | | औसत वार्षिक वृद्धि दर प्रतिशत |
|---|---|---|---|---|---|
| | | २०६७/६८ | २०६८/६९ | २०६९/७० | |
| **(ख) पूँजी खाता (पूँजी ट्रान्सफर)** | **१,२५७.८३** | **१,५९०.६१** | **१,८२४.१७** | **१,०३४.८३** | **१४.६८** |
| **जम्मा (क)+(ख)** | **-१,५५५.६९** | **२९६.९७** | **९,४२२.०९** | **६,७४०.९०** | **३,०७२.७४** |
| **(ग) वित्तीय खाता समूह (ङ बाहेक)** | **७८४.६६** | **३२१.२५** | **२,८९१.२८** | **१,२४९.६३** | **८००.००** |
| प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह | २८५.२० | ६४३.७१ | ९१९.५४ | ९०८.१९ | ४२.८५ |
| पोर्टफोलियो लगानी | ०.०० | ०.०० | ०.०० | ०.०० | - |
| अन्य लगानी : सम्पत्ति | -१,८२५.३९ | -२,५७६.२२ | -१,५७१.९६ | -२,२८४.६४ | -३८.९८ |
| व्यापारिक साख | -१००.९० | -६१३.३४ | -५१३.७४ | -५१४.७४ | -१६.२४ |
| अन्य | -१,७२४.४९ | -१,९६२.८८ | -१,०५८.२२ | -१,७६९.९० | -४६.०९ |
| अन्य लगानी दायित्व | २,३२४.८५ | २,२५३.७६ | ३,५४३.७० | २,६२६.०८ | ५७.२४ |
| व्यापारिक साख | २,१९६.८९ | १,८२९.२५ | २,६४४.२३ | १,४४३.४६ | ४४.५५ |
| ऋण | -३९३.३५ | २६१.२० | १०३.६८ | -१२८.१८ | -६०.३१ |
| सरकार | -३९०.१५ | २६३.१६ | १०४.७६ | -१२१.८९ | -६०.१९ |
| ऋण प्राप्ती | ६८४.१६ | १,३८४.९२ | १,३४४.५३ | १,३७०.१० | -२.९२ |
| साँवा भुक्तानी | -१,०७४.३१ | -१,१२१.७६ | -१,२३९.७७ | -१,४९१.९९ | १०.५२ |
| अन्य क्षेत्र | -३.२० | -१.९६ | -१.०८ | -६.२९ | -४४.९० |
| करेन्सी तथा डिपोजिट | -१०३.१३ | १२३.१७ | ८४४.६२ | १,४३०.११ | ५८५.७४ |
| राष्ट्र बैंक | ४.४९ | -०.७८ | ३.७० | -१.१७ | -५७४.३६ |
| वाणिज्य बैंक | -१०७.६२ | १२३.९५ | ८४०.९२ | १,४३१.२८ | ५७८.४३ |
| अन्य दायित्व | ६२४.४४ | ४०.१४ | -४८.८३ | -११९.३१ | -२२१.६५ |
| जम्मा (क)+(ख)+(ग) | -७७१.०३ | ६१८.२२ | १२,३१३.३७ | ७,९९०.५४ | १,८९१.७३ |
| **(घ) विविध पूँजी तथा भुलचुक** | **३३५.३३** | **-८६.०८** | **१,६९३.९१** | **३३३.५४** | **-२,०६७.७४** |
| जम्मा (क+ख+ग+घ) | -४३५.७० | ५३२.१४ | १४,००७.२८ | ८,३२४.०७ | २,५३२.२५ |
| **(ङ) रिजर्भ तथा सम्बन्धित शिर्षक** | **४३५.७०** | **-५३२.१४** | **-१४,००७.२८** | **-८,३२४.०७** | **२,५३२.२५** |
| रिजर्भ सम्पत्ति | १०५.८२ | -४९१.८७ | -१३,९५८.७८ | -८,२०४.९० | २,७३७.९० |
| नेपाल राष्ट्र बैंक | ४३९.८२ | -९४३.८४ | -१३,४७८.७० | -६,५७६.३४ | १,३२८.०७ |
| वाणिज्य बैंक | -३३४.०० | ४५१.९७ | -४८०.०८ | -१,६२८.५६ | -२०६.२२ |
| आई.एम.एफ. कर्जा उपयोग | ३२९.८८ | -४०.२७ | -४८.५० | -११९.१७ | २०.४४ |
| **खुद वैदेशिक सम्पत्तिमा परिवर्तन (-वृद्धि)** | **३३२.५७** | **-४०८.९७** | **-१३,१६२.६६** | **-६,८९३.९६** | **३,११८.४९** |

स्रोत : नेपाल राष्ट्र बैंक ।